दायित्व

(साहित्यिक मासिक)

वर्ष १५ / पूर्णाङ्क-४१ / कार्तिक २०५८

शङ्कर कोइराला: समालोचना विशेषाङ्क

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन: ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
(फोन: ४८६४७६)

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
(फोन: ४८३४२६)

भाषा सम्पादन
भोला रेग्मी
बालकृष्ण पौडेल

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोग मण्डली
विष्णु ज्ञवाली/कमल ज्ञवाली/यादव भट्टराई

आवरण सज्जा
सोम सानु

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

कार्यालय:
घ-२, ३०२, बावेल-७, काठमाडौं
फोन: ४७४९८३,
पो.ब.नं. ६७६६, काठमाडौं

सहयोग:
सस्थागत रू. २००/-
व्यक्तिगत रू. ५०/-

मुद्रक: अलपिन्टिङ्ग प्रेस, लगनखेल, फोन: ५२६५१३
कम्प्यूटर: पवन रेग्मी (४८६४३३)

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

दायित्व

(शङ्कर कोइराला: समालोचना विशेषाङ्क)

रचना-क्रम:

विषय-क्रम	पृष्ठ	समीक्षक
'माथिको आदेश' तलको समीक्षा	१	अच्युतरमण अधिकारी
शङ्कर कोइरालाको उपन्यास: 'म फेला पर्दिन' मा पैरवी गर्दा	४	अर्जुन विरक्ति
शङ्कर कोइरालाको उपन्यास नदुखेको कपाल सङ्क्षिप्त चर्चा	६	डा.आनन्ददेव भट्ट
'पिशाच डाक्टर'को शल्यक्रिया	१०	इन्द्रकुमार श्रेष्ठ 'सरित्'
रातभरि उपन्यासको अवलोकन गर्दा	१२	केशव खम्बास
शङ्कर कोइराला र उनको पिठ्युँको भारी	१४	डा. केशवप्रसाद उपाध्याय
शङ्कर कोइराला लिखित 'म पिउन अघवारको	१८	प्रा. कृष्ण गौतम
'एक अंजुली श्रद्धाञ्जली'भित्र शङ्कर कोइराला र तत्कालीन परिवेशको उत्खनन्	१९	कृष्ण प्रधान
चर्चा 'नदी गीत गाउँछ' को	२२	कृष्णप्रसाद पराजुली
'हत्यारा: शान्ति र सिर्जनाका' मा कथाकार शङ्कर कोइराला	२४	प्रा. गोपीकृष्ण शर्मा
सहायता लघु-उपन्यास, पढ्दा	२७	प्रा. घटराज भट्टराई
उपन्यासकार शङ्कर कोइरालाको कलेज गर्ने उपन्यास भित्र मेरो विचारणको प्रयास	२९	ज्योती खड्का (पाण्डे)
तीनपट्ट उपन्यासको तीनपट्टको चर्चा	३८	डा. टीकाराम पन्थी
आञ्चलिकताको पक्ष र विपक्षमा 'खैरिनी घाट'को अवलोकन	४१	प्रा. ठाकुर पराजुली
शङ्कर कोइराला र उनको शीला उपन्यास	४३	ठाकुर शर्मा
'आसुँको खहरे'मा बग्ने प्रयास	४७	डा. तुलसी भट्टराई
बेवारिस लेखक उपन्यासको संक्षिप्त विवेचना	४९	डा. दुर्गाप्रसाद अर्याल
एक हुल गाउँले उपन्यासको सामाजिक पक्ष	५५	डा. दुर्गाप्रसाद भण्डारी
फेरि शीला उपन्यासमा व्यङ्ग्यचेत	५७	देवी नेपाल
शङ्कर कोइरालाको उही शीला उपन्यासका सन्दर्भमा	६३	दैवराज न्यौपाने
'खैलाबैला'को एक भिन्नु विवेचना	६८	ध.च. गोतामे

चाँजो मिलाए। यस छनौटलाई'लाटोको खुट्टा बाटोमा परेको' भन्न त मिल्दै मिल्दैन, हो 'अड्को पड्को तेलको धुप' चाहिँ भन्न सकिन्छ। गणेशमान सिंह जस्ताको विकल्प त त्यही कोटिको व्यक्ति पो हुन सक्छ। जे होस्, यस छनौटलाई एउटा संयोग चाहिँ भनिदिए बाधा पर्दैन। 'श' बाटै नाम उठेको (शङ्कर र शरद्को) साम्य मात्रै होइन उही वर्ष र उही महिना जन्मेको संयोग मात्रै पनि होइन, तृतीय अथवा कान्छो छोरा हुनाको संयोग पनि मिलेकैले पो हो कि आज शङ्करजीको सम्मान गर्ने समारोहको प्रमुख अतिथि हुने सौभाग्य मलाई जुर्न गएको थियो। सङ्गीतकार चन्द्रराज शर्माजीबारे मलाई उति धेरै कुरा थाहा थिएन, यसो हुँदा औपचारिकता पूरा गर्न भन्ने पर्ने कुरा मात्र भनें, भन्न सकें। शङ्करजी चाहिँ परिचित र अनेक कुरामा समान एवं सहधर्मी व्यक्ति हुँदा माथि उल्लिखित कुरामध्ये केही बढी नै कुरा भनें। आयोजकहरूले आफ्नो गच्छेअनुरूप व्यवस्था गरेको सामग्रीद्वारा मैले अभिनन्दन-सम्मान अर्पण गरें।

आजकै दिन साँझमा बानेश्वरस्थित अन्तर्राष्ट्रिय सभागृहको विशाल प्रेक्षालयमा 'भूपालमानसिंह काकी प्रतिष्ठान....ले आफ्नो धनी, साथै दानवीर संस्थापकको नाम सदिच्छाबाट स्थापित पारिवारिक विभिन्न नामका पुरस्कारबाट एक-दुई जनालाई मात्रै होइन, विभिन्न क्षेत्रमा योगदान दिने एघार जनालाई पुरस्कृत गऱ्यो। पुरस्कार स्वरूपको नगद भेटी मात्रै होइन, अभिनन्दनपत्र पनि आकर्षक थियो। कार्यक्रमपछि दिइएको रात्रिभोजको भव्यताको त झन कुनै नगरे हुन्छ। एकै छिन अघि मैइर्स क्लबमा भएको कार्यक्रमसँग यस समारोहको तुलना गर्न मिल्दै मिल्दैन, तुलना गर्न हुँदैन पनि। साम्मान्य खाजाको व्यस्था गर्न पनि कति धामा गर्नु पऱ्यो होला 'आख्यान समूह' लाई। यो चाहिँ सत्य वस्तुस्थिति दर्शाउन भनिएको कुरा मात्रै हो। जे होस्, अभिनन्दन, पुरस्कार भन्ने कुरा दाताको हैसियत, गच्छेअनुसार गर्ने कुरा हुन भनेर चित्त बुझाउनै पर्छ। हुनेले पशुपतिनाथलाई भेटीस्वरूप धनको थैली पनि अर्पण गर्छन् भने नहुनेले पनि श्रद्धास्वरूप बेलपत्र वा सो नभए भीमसेनपाती चढाउँछन्।

शङ्करजीलगायत चन्द्रराजजीले पाएको सम्मान भीमसेनपाती स्वरूपकै भए पनि केही सन्तोष-धन त पाउनुभयो होला नै।

शङ्करजीको निधनबारे २६।४।२०५४ मा मेरो दैनन्दिनीको पानामा निम्नानुसारको अभिव्यक्ति कोरिएको रहेछ-

६७ वर्षको उमेरमा शङ्कर कोइरालाको निधन भयो। हिजो मात्र टी.भी. मा उहाँको चिन्ताजनक अवस्था देखाइएको थियो। तीन महिनाभन्दा केही अघि मैले दोसल्ला ओढाइदिएर सम्मान जनाएको थिए। आज उहाँको देहावसानको समाचार सुन्नुपऱ्यो।

शङ्करजी जीवित छँदा मैले उहाँबारे केही लेखेर प्रकाशमा ल्याउन सकिन। यो कुरा धेरैबारे लागू हुन्छ। उहाँ आफूबारे गरिने प्रशंसा एवं निन्दाबाट टाढा भएको केही दिनपछि ज्ञानुबाकर पौडेलजीले टेलिफोनमा शङ्करजीबारे केही प्रश्न र खिर तत्काल उत्तर माग्नुभयो। तत्क्षण जेजस्तो उत्तर मैले दिएँ ५।५।२०५४ को 'नेपाल वाणी' को छैठौं पृष्ठमा 'शङ्कर कोइराला, श्रद्धाञ्जलीका केही शब्द' शीर्षकमा मलगायत मोहन कोइराला, रोचक घिमिरे, मनु ज्ञवाली, किशोर पहाडी, विष्णुविभु घिमिरे, नगेन्द्रराज शर्मा, शैलेन्द्र साकार, तेजेश्वर बाबु अनि रामप्रसाद पन्तहरूको श्रद्धाञ्जली अभिव्यक्ति प्रकाशित भएको देख्न पाएँ। मेरा अभिव्यक्ति चाहिँ निम्नानुसार थिए –

१. जहाँसम्म शङ्कर कोइरालाले सङ्ख्यात्मक रूपले धेरै लेख्नुभयो, तर गुणात्मक रूपमा त्यस्तो उल्लेखनीय केही दिनुभएन भन्ने अधिकांशको जुन आरोप छ, त्यसबारे मेरो विचारमा धेरै लेख्नु उनको अपराध थिएन। उनको लेखनमा जुन सरलता र सहजता थियो, उनका रचनाहरूमा नेपाली जनजीवनको जुन सजीव चित्रण थियो, त्यसतर्फ धेरैले ध्यान नदिएजस्तो लागिरहेछ।

२. कतैबाट जस नआए पनि निरन्तर लेखन कसरी गर्नुपर्छ त्यो शङ्कर कोइरालापछिका लेखक कविहरूले शङ्करबाट सिक्नुपर्ने देखिन्छ। शारदा युगदेखि नै उहाँले आफ्नो निरन्तरतालाई कहिल्यै मेलाउन दिनुभएन, त्यो उहाँको अनुकरणीय गुण थियो।

***

अनुसन्धानमा सहभागी हुनुहुन्थ्यो – घटराज भट्टराई पनि। त्यतिखेर शङ्करजीको सहयोगीभावप्रति हामी प्रभावित भएका थियौं।

काम विशेषले शङ्करजी म कहाँ एक-दुई बाजि आउनुभएको थियो भने म पनि उहाँको घर मा त्यस्तै एक-दुई बाजि पुगेको सम्झना छ। संवत् २०४४ सालतिर म उहाँको घरमा एकबाजि'गोर्खाली' साप्ताहिकको ९ कार्तिक १९७२ सालको अङ्क १/४ मा 'रेखा परी नीरको' भन्ने समस्याको समस्यापूर्ति गर्ने चारजना कोइराला घरका कविहरू (ईश्वरप्रसाद, दुर्गाप्रसाद, मातृकाप्रसाद एवं सम्बोदर) बारे जानकारी पाइन्छ कि भन्ने उद्देश्य राखी शङ्करजीसित सोधपुछ गरेथें। गोग्राशको ठेगाना दिने ईश्वरीप्रसाद उहाँकै पिताजी भएको र मातृकाप्रसादचाहिँ सबैबाट जानिएका, मानिएका विराटनगरका लब्धप्रतिष्ठ मातृका बाबु भएको अनि दुर्गाप्रसाद र सम्बोदरको आफूलाई केही थाहा नभएको कुरा बताउनुभयो – शङ्करजीले। ईश्वरीप्रसाद अज्ञातबाट ज्ञात हुन आउनु एउटा उपलब्धि भयो भने आज साहित्यजगत्मा नाम कमाएका मोहन कोइराला एवं शङ्कर कोइरालाले बान्धावस्था देखिनै कवि पिताको संरक्षण र साहित्यसिर्जनातर्फ अभिमुख हुने प्रेरणा पाउनुभएको रहेछ भन्ने जान्न, बुझ्न पाउनु पनि अर्को उपलब्धि भयो भन्नुपर्छ। ईश्वरीप्रसाद कोइरालाको उल्लिखित समस्यापूर्ति कस्तो थियो, हेरिहाऊँ-

रातमा बागमहाँ बिलास गरन्था बामाहरूको तहाँ
निस्की कान्ति मुहारदेखि पुगिगै आकाश भित्ती महाँ
रोकीई ताँहि बिन्दमै साजमा पैदै हरी धीरको
नैवैको पनि काम भो अँगुठिको 'रेखा परी नीरको'॥

'गोर्खाली' मा मातृकाप्रसादको नाममा समस्यापूर्ति छापिएको भए पनि सो रचना उहाँको नभएर उहाँका पिताजी कृष्णप्रसादजीको भएको कुरा पछि मातृका बाबुसितको मेरो अन्तर्वार्ताबाट स्पष्ट भयो। हुन पनि ४/५ वर्षका मातृकाप्रसादबाट १९७३ सालमा सो समस्यापूर्ति गर्न सम्भव थिएन पनि। जेहोस्, शङ्करजीसितका कुराकानी मेरा निम्ति सँधै लाभप्रद भएको अनुभव मैले गरेको छु।

२०५३ सालको मेरो दैनन्दिनी-टिपोटमा शङ्करजीको कोरिएका केही कुरा पनि प्रस्तुत गरिहालौं। ३० चैत, २०५३ मा चाबहिलका उत्साही नवयुवकहरूको 'आह्वान समूह' ले यस वर्ष नेपाल राष्ट्र बैङ्कको बैङ्कर्स क्लब, बाघाथलीमा प्रसिद्ध सङ्गीतज्ञ चन्द्रराज शर्मा एवं प्रशस्त योगदान दिएर पनि उपेक्षितकै भइरहेका साहित्यकार शङ्कर कोइरालाको अभिनन्दन-सम्मान कार्यक्रमको आयोजना गरेको थियो। त्यहाँ म पनि आमन्त्रितमध्ये थिएँ। प्रेक्षालय (हल) ठूलो भए अनुसारको उपस्थिति त्यति सघन थिएन। उही दिन, उही समयमा कार्यक्रम जुधेर पनि उपस्थिति पातलो हुने गर्छ, शायद त्यस्तै भएको होस्। फेरि कुन चाहिँ कार्यक्रममा जाँदा फाइदा हुन्छ भन्ने कुरा पनि त सोचिन्छ नै। फाइदाका सूचीमा प्रमुख रूपमा कहाँ जलपान भव्य हुन्छ, कहाँ विमोचित पुस्तक मुफ्तमा हात लाग्छ भन्ने कुरा पनि पर्दछन्। हिजो आज त झन् एफ.एम. रेडियोले 'आजका कार्यक्रम' मा प्रसारित गर्ने सूचना सुनेर पनि कहाँ जाँदा फाइदा हुन्छ भन्ने विचार सरेर आमन्त्रित, अवाञ्छित भएर पनि फाइदाकारी कार्यक्रममा लाजै नमानी लुसुक छिनै, असली आमन्त्रितले ठाउँ नपाउने गरी आसन जमाउने अनि विमोचित पुस्तक एवं खाजा बोक्न नपाउँदै तँछाडमछाड गरी हमला गर्नेहरू पनि निकै देखापर्ने थालेका छन्। सायद आजको यस कार्यक्रममा खासै फाइदा नदेख्नेहरू भएनन्। तै पनि आजको उपस्थितिलाई सानो थियो भन्न मिल्दै मिल्दैन। आज अभिनन्दन गरिने व्यक्तिहरूप्रति श्रद्धा राख्नेहरू त आएकै थिए। जे होस्, यस्ता अनेक कुरा सोच्ने अवसर दियो कार्यक्रमको प्रारम्भमा भइरहेको ढिलाइको स्थितिले। राजनीति र प्रशासन क्षेत्रका ठूलाबडालाई प्रमुख अतिथि बनाउने मोहलाई अँगाल्ने गरेपछि उनको आगमनको प्रतिक्षा गर्नु र समय खेर फाल्ने स्थिति निम्त्याउनु सामान्य कुरा जस्तै भएको छ। आजको प्रमुख अतिथि हुनुहुँदो रहेछ – हाम्रो युगमा लौहपुरुषको रूपमा मानिएका गणेशमान सिंह। धेरै बेरको प्रतिक्षापछि टेलिफोनबाट थाहा भयो ठमेलबाट पता आउने बाटो बन्द भएको कारणले गर्दा उहाँ आजको कार्यक्रममा आउन असमर्थ भएको कुरा। कार्यक्रमका आयोजनहरूले विकल्पको छनौट गर्न बाध्य हुँदा कसरी हो कुन्नि मलाई प्रमुख अतिथि बनाएर कार्यक्रम सञ्चालन गर्ने

दुर्दमनीय एक विद्रुम दृष्टि	६९	पूर्णप्रकाश नेपाल 'यात्री'
शङ्कर कोइराला र उनको बाल–उपन्यास रिसको भागी	७४	फणीन्द्रराज खेताला
भुस्याहा: एउटा अभावग्रस्त जीवनको प्रस्तुति	७७	बालकृष्ण पौडेल
शङ्कर कोइरालाको साठो उपन्यास अवलोकन गर्दा	८१	बिन्दु कोइराला
उनी ज्यूँदैमा यो उपन्यास किन पढिएन छ।	८७	भरतराज शर्मा 'मन्थलीय'
रिमा उपन्यासको औपन्यासिक मूल्य	९०	भागवत ढकाल
लघु–उपन्यास : सन्तानको खर	९४	भुवन ढुङ्गाना
'जनतालाई बकस: भीक, रोग र सकस' मा व्यङ्ग्यचेतना	९७	भोला रेग्मी
'प्रेम र सपना' भित्रका कथाकार शङ्कर कोइराला	१००	डा. महादेव अवस्थी
'उसले सम्झना' भित्र घोटिँदा	१०४	माधव घिमिरे 'टंगाल'
शङ्कर कोइरालाको दुई ड्राइवर उपन्यासबारे दुई कुरा	१०६	प्रा. मोहनराज शर्मा
भट्टिसल: एक अवलोकन	१०९	प्रा. मोहन सिटौला
शङ्कर कोइरालाको आलोपालो उपन्यास एक चर्चा	११६	रञ्जुश्री पराजुली
शङ्कर कोइरालाको 'आयो छ यो दिलभरि' अन्तरङ्ग निरीक्षणका क्रममा	१२२	डा. राजाराम सुवेदी
शङ्कर कोइरालाको श्रीमती हिरोइन र यसको विशिष्टता	१२५	प्रा. राजेन्द्र सुवेदी
दोसोध उपन्यासलाई खोतन्दा	१२९	रामप्रसाद दाहाल
'बन्द तगारो' लाई नियान्दा	१३१	रामप्रसाद पन्त
नामअनुरूपको उपन्यास एउटा परालो घर	१३६	रामप्रसाद ज्ञवाली
'हकवाला'प्रति एक दृष्टि	१४८	लक्ष्मीकुमार कोइराला
कौशीको फर्सी र त्यसको व्यवहारवादी पक्ष	१५०	विनयकुमार शर्म्मा 'नेपाल'
धार्मिक आख्यान र शङ्कर कोइराला उपाख्यान	१५४	डा. विष्णुराज आत्रेय
आँसुको घुट्को उपन्यासलाई केनाउँदा	१५७	शान्ता शाक्य 'सुभाषिता'
औपन्यासिक मूल्यका दृष्टिले उच्चाकाङ्क्षा	१६०	शिव भट्टराई
शङ्कर कोइरालाको कलाकार उपन्यासको विवेचना	१६३	शैलेन्द्रप्रकाश नेपाल
औपन्यासिकताका परिवृत्तमा तस्नी छोरी	१६९	सुधा त्रिपाठी
शङ्कर कोइरालाको उपन्यास बँध्यारोका हातहरू	१८२	डा. सुरेन्द्र के.सी.
शङ्कर कोइरालाको 'सुर्तीको पातमा झुन्डिएको जीवन'को सौन्दर्यात्मक समीक्षा	१८४	डा. हरिप्रसाद शर्मा
शङ्कर कोइरालाको सेती नाटक	१८९	डा. हिमांशु थापा

व्यक्तित्व–विशेष

कथाकार शङ्कर कोइराला	१९३	डा. दयाराम श्रेष्ठ
जाँतोमा रिडेका शङ्कर कोइराला	१९६	शरद्चन्द्र शर्मा भट्टराई

सम्पादकीय

शङ्कर कोइराला को हुन् ? के हुन् ? आज हामी तिनै शङ्कर कोइरालाको खोज/अनुसन्धानमा लागेका छौं। २००४ मा 'बूढो' कथा लिएर साहित्यिक फोटमा देखापरेका तथा ३६ वर्ष (२०१८-२०५४) को अवधिमा आधारभूत कृति लेखेर प्रकाशन गर्न समर्थ भएका अडिला र उत्साही ती साहित्यकारको नाम आज कहाँ छ ? कुन साहित्यिक नामावलीमा छ ? उनको नाम जहाँ हुनुपर्ने हो त्यहाँ छ कि स्थानापन्न भइसकेको छ ? कसले चिनेको छ ? बुझेको छ ? र कुन मर्यादामा प्रतिस्थापित गरेको छ उनलाई नेपाली साहित्य जगतले ? बुझ्नुपर्ने वेला भएको छ।

'तपाईंले शङ्कर कोइरालालाई किन छान्नुभयो ? अरू कति साहित्यभण्डारीहरू यहाँ मौजूद थिए। कि तपाईंको नाता सम्बन्ध थियो उहाँसँग ? केही पाउनु भएको पो छ कि विशेषाङ्क प्रकाशनको लागि !' साहित्यिक क्षेत्रमा सुशिष्ट स्थान प्राप्त गर्न सफलीभूत साहित्यसेवीको यस प्रश्नले म मर्माहत भएं। नेपाली साहित्य भण्डारमा चार दर्जन भन्दा बढी कृति थपिदिने शङ्कर कोइरालाको नाम लिन वा उनका कृतिहरूलाई समेटेर विशेषाङ्क प्रकाशित गर्न भाता सम्बन्धको के दरकार पऱ्यो ? महाशय ! तपाईं किन यस्तो प्रश्न गर्दै हुनुहुन्छ ? तपाईंले शङ्कर कोइरालालाई चिन्नुभएको त छ ? अनि कतिवटा कृति पढ्नु भएको छ ? 'चैरिनीघाट र यस्तै अरू २/३ वटा पढें हुँला, त्यो भन्दा बढी मलाई थाहा छैन।'

दायित्वले लिएको एउटा उद्देश्य यो पनि हो – दुई/चारवटा कविता लेखेर डङ्का पिट्ने र चोरी–चकारी गरेर कनिकुयी लेखिएका एकाध कृतिको भरमा कसैका पाउमा आफ्नो स्वाभिमान अर्पेर पुरस्कार पढ्काउनेको विरुद्ध अभियान चलाउने। त्यसैले हामीले शङ्कर कोइरालालाई छानेका हौं- तिनको आदर्श, स्वाभिमान र इमान्दारिताको कदरस्वरूप। यसभन्दा बढी हाम्रो कुनै नाता छैन- स्वार्थ छैन।

जसले पचासवटा कृति राष्ट्रलाई दिने कसरत गर्दागर्दै प्राण विसर्जन गऱ्यो–त्यसको लागि हामीले के दियौं त ? के सम्झ्यौं वा के लेख्यौं ? दिन पर्ने जति सबै दिन सकेन होला, केही त दियो ! जे–जति दियो त्यसको बदला हामीले केही त दिनसकूं पर्थ्यो ! के दियौं त खोइ हामीले उनलाई ? हो, केही दिन सम्झैनौं हामीले– बोल्न नसक्ने साटालाई र स्वाभिमान ठाउ लगाउन नसक्ने लोभीलाई।

शङ्कर कोइरालाको ७१ औं जन्मजयन्तीको अवसरमा हामीले एउटा संकल्प गऱ्यौं – शङ्कर कोइरालाका कृतिहरूको मूल्याङ्कन गरी एउटा विशेषाङ्क प्रकाशित गर्ने। यो संकल्प हाम्रो संकल्प थियो विकल्प वा अकल्प थिएन। जुन संकल्प दायित्वले गऱ्यो त्यो पुरा गरेरै छाड्छ – चाहे जुनसुकै कठिनाईको सामाना गर्न किन नपरोस्। प्रमाण हाम्रो अगाडि छ।

हुन पनि संकल्प चुनौतीपूर्ण थियो – लेखकको घरमा नभएका आधा (पच्चीसजति) कृतिको खोजतलास गर्नु र पचासजना समालोचकबाट समालोचना गराउनु। लेखेपछि छाप्न हतार हुने र छापेपछि बजारमा छरियुन्जेल अर्को कृति तयार गर्न हतार हुने लेखकलाई प्रकाशित कृतिहरूको संग्रह गर्न पनि कहाँ समय हुन्। यस्तो प्रवृत्ति भएका लेखकलाई कृतिबारे प्रोपगण्डा मच्चाउनु भनेको परैको कुरा।

'तँ आँट गर् म पुऱ्याउँछु' हाम्रो उत्थान छ। यो उत्थान होइन वास्तविकता हो। जसले आत्मालाई साथी राखेर प्रण गऱ्यो कि म यो काम गरेरै छाड्छु – त्यसको लागि यस संसारमा असम्भव कुरा केही रहन्न। यो सबै काम एकजनाबाट संभव थिएन। दायित्वको टीम सक्रिय भयो, दायित्वलाई आत्मना, माया र प्रेम गर्ने विद्वत्वर्ग क्रियाशील भयो र अन्ततः नेपाली साहित्यको स्वस्थ प्रगति र समुन्नति चाहने सबैको संकल्प पुरा भयो।

यसरी विशेषाङ्क प्रकाशन गर्न हरतरबाट सहयोग गर्ने अनिल कोइराला (सुपुत्र – शङ्कर कोइराला) लगायत कोइराला परिवार, छरिएका कृतिहरूलाई एकत्रित गर्न ठूलो परिश्रम लगानी गर्ने हरिबहादुर बोहरा, वरिष्ठ समालोचक कृष्णचन्द्रसिंह प्रधान, रूपरेखा र मधुपर्कका सङ्कलक शिव रेग्मी, यति जेकी पुस्तक पा.लि.सँग सम्बद्ध डा.हेमाङ्ग दीक्षित, 'परिवार' पत्रिकासँग सम्बद्ध राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र, 'बालक' पत्रिकासँग सम्बद्ध नेपाल बाल संगठन र रत्न पुस्तक भण्डारप्रति हामी आभारी छौं। यसैगरी विशेषाङ्क प्रकाशनार्थ दुई/दुई रीम कागज खरिद गर्न सहयोग प्रदान गर्नुहुने कमलमणि दीक्षित, विष्णुप्रसाद घिमिरे र डा.ओमबीरसिंह बस्नेतप्रति पनि कृतज्ञता ज्ञापन गर्दछौं।

अन्तमा – दायित्वको अनुबन्धित पक्ष र दायित्वको समुन्नति चाहने सम्बद्ध पक्षप्रति कृतज्ञता ज्ञापन गर्दै समस्त शुभेच्छुक वर्गमा विजया दशमी तथा दीपावलीको हार्दिक मंगलमय शुभकामना।

'बूढो' शीर्षक कथाको प्रकाशनबाट उहाँको रचना-प्रकाशन-यात्रा सुरु भएको थियो भने 'आँखा' मा २००५ सालमा 'नरनाथ' भन्ने पहेली-पूर्ति छापिएदेखि मेरा रचना प्रकाशित हुने प्रश्न चलेको हो। समयथी, धौतरी हुनाको संयोगको कुरा छाडेर सचिका कुरा गर्दा शङ्करजी र मेराबीच कति कुरा समान देखा पर्दछन् भने कति कुरा भिन्न पनि। हामी दुवैको साहित्य-लेखन-यात्राको प्रारम्भ कविता, कथा लेखनबाटै भएको थियो। उहाँमा आख्यानकारि तातर्फको निरन्तरता जीवनभर रह्यो र त्यही विधाले उहाँलाई पहिचान दियो। सो क्षेत्रको मेरो संलग्नता भने २०११ साल उपरान्त रहेन। दुई-चारलाई छोडी मेरा कविता, कथा प्रकाशित भएनन् पनि। तर २०११ सालसम्मको कलाबीधमा कथा, कविता सुन्नेसुनाउने कतिपय गोष्ठीमा शङ्करजीसँग सहभागी भएको सम्झना भने ताजै छ। हामी दुवै प्रारम्भमा लक्ष्मीप्रसाद देवकोटाबाट प्रभावित भएको र 'मुनामदन' को अनुकरणमा कविता लेख्न थालेको कुरामा पनि समानता देखापर्छ।

पुराना कुरा भएका हुँदा कति कुरा विस्मृत भइसकेका छन्। केहीचाहिँ दैनन्दिनीका पानामा लिपिबद्ध भएका हुँदा विस्मृत हुनबाट जोगिएका छन्। यस्तै विस्मृत हुन नदिने १५-७-२००९ सालको मेरो दैनन्दिनीको पातोले कि-चन्द्र कलेजकै इतिहासमा पहिलो पटक लेखनाथ पौड्यालको सभापतित्वमा एवं बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ आदि स्वनामधन्य कविहरूको समुपस्थितिमा भएको बृहत् साहित्य सम्मेलनमा सहभागिता राख्ने धेरैमध्येका शङ्कर कोइरालाले **आर्ट स्कूलको** पाले शीर्षक कथा र यस पङ्क्तिकारले **कस्तो राखौं शिखा** ! शीर्षक व्यङ्ग्यात्मक गद्य कविता सुनाएको विवरणलाई विस्तारमा प्रस्तुत गरेको छ। सो दैनन्दिनीको पातो **मेरा दुई साहित्य गुरु: देवकोटा र बराल** (२०५४) मा उद्धृत भएको छ। मैले सो कविता कतै छपाइनँ, शङ्करजीको उल्लिखित कथा कतै छापिएको,नछापिएको थाहा छैन।

यस्तै २००९ सालकै अर्को कुरा पनि शङ्कर जीको कथासित नै सम्बद्ध छ। त्यतिखेर कि-चन्द्र कलेजमा म तृतीय वर्ष कलाको र शङ्करजी द्वितीय वर्ष कलाका छात्र थियौं। त्यही वर्ष कि-चन्द्र कलेज छात्र संघको तत्त्वावधानमा कलेजकै इतिहासमा भूतपूर्व एवं वर्तमान छात्रहरूको पुनर्मिलन समारोह बृहत् साहित्य सम्मेलन र 'आह्वान' त्रैमासिक पत्रिकाको प्रकाशन-शुभारम्भ भएको थियो। सो पत्रिकाको नेपाली खण्डका सम्पादकमा केशवलाल कर्माचार्य र म थियौं। दोस्रो अङ्क दश सालमा निस्केपछि मेरो कलेजजीवन समाप्त भयो। त्यतिखेर 'आह्वान' मा प्रकाशनार्थ प्राप्त भएका सबै रचना छाप्न भ्याइएन। चन्दा उठाएर निकालिएको सो पत्रिका त्यति मोटो कलेवर को थिएन पनि। नछापिएका बाँकी रचना मसँग रहिरहेका रहेछन्। वर्षौंवर्षपछि ती फेला परे। दिवङ्गत भइसकेका पकाश देवकोटा (लक्ष्मीप्रसादजीका जेठा छोरा) एवं वासुदेव वैद्य (वासु शशी) का निबन्ध अनि शङ्कर कोइरालाको **पिरो धुँवा** शीर्षक कथा पनि सोही अमुद्रित र चनाको चाङमा फेला परेका हुन्। अघिल्ला दुई निबन्ध सम्बन्धितहरूका आफन्तलाई बुझाइसकेको छु भने २००९ सालमा लेखिएको शङ्करजीको उक्त कथा रामप्रसाद पन्तलाई सुम्पंदै छु। कतै नछापिएको भए उहाँले यस कथाको पनि प्रकाशनको बाँजो मिलाउनुहुने नै छ, आखिर शङ्करजीको निधनपछि उहाँका रचनाको खोजी प्रकाशन गर्ने एवं वहाँबारेका संस्मरण अनि उहाँका रचनाबारे लेखिएका समीक्षात्मक लेखहरूको सङ्कलन तैयार गर्ने अभिभारा पनि उहाँकै काँधमा परेको छ।

जीवनको परवर्ती भागमा अर्थात् २०३३ सालदेखिको समयमा ममा पुराना साहित्यकार र साहित्यतर्फको शोधखोजमा अभिरुचि विशेष जागेपछि खोजीनिति गर्ने सामग्री सङ्कलन गर्ने अभियानले तीव्रता पायो। यही सिलसिलामा धेरै व्यक्तिसँग भेटने, विभिन्न स्रोत स्थानमा पुग्ने क्रममा शङ्करजीको घरमा, उहाँ कार्यरत रहेको साझा प्रकाशनमा पनि पुगियो, शोधखोज गरियो। यही क्रममा साझा प्रकाशनमा उहाँको जिम्मामा त्यतिखेर रहेका दुई बोरामा खाँदीखाँदी राखिएका गो.भा.प्र.स. एवं ने.भा.प्र. समितिकासीन पुराना कागजपत्र तथा पाण्डुलिपिहरूको अवलोकन गर्ने, सूचीकरण गर्ने काम दुई दिन लगाएर गरियो। सो

✍ शरद्चन्द्र शर्मा भट्टराई

जाँतोमा रिङिका शङ्कर कोइराला

सादा, सोझा, शान्त, स्थिर, सुशील, सुरुचिपूर्ण अन्तर्मुखी स्वभावका अथक साहित्य साधकको नाम हो– शङ्कर कोइराला । भोलेबाबा शङ्करको नाम र गुण सार्थक गर्ने रूपमा हाम्रा सामु देखा पर्न भएको शङ्कर नभन्दै भोलेनाथ नै हुनुहुन्थ्यो, आफ्नै धुन र परिवेशमा रमाउने, निन्दा एवं प्रशंसादेखि निस्पृह, सीधा, शुद्धबुद्ध, प्रचारदेखि टाढा रहने गौप्राणी तुल्य, आँखामा राखे पनि नचिफाउने व्यक्तिको दृष्टान्तमा प्रयुक्त हुन सक्ने सामान्य मान्छे । यसै हुनाले पनि हुन सक्तछ, दधीचिले परोपकारका निम्ति हाड खियाएझैं आफ्नो सतसट्ठि वर्षे जीवनभोगको अवधिमा अहर्निस साहित्य साधना-जाँतोमा घोटिएर, जोतिएर झण्डै तीनसय कथा, चार दर्जन उपन्यास र दुई दर्जन एकाङ्कीका फूलहरू नेपाली वाग्देवीको मन्दिरमा चढाएर पनि सीधा-सोझाहरू पाखामा पर्ने परिवेशमा उहाँलाई प्रथम कोटिका कथाकार, उपन्यासकार अथवा एकाङ्कीकारको पङ्क्तिमा उक्लने अवसर जुर्दै जुरेन । अनि विधागत साहित्येतिहास एवं समालोचना संसारमा उपेक्षित हुन जाँदा झण्डै झण्डै ओझेलमा पर्नुपर्ने नियति नै उहाँको जीवनको प्राप्ति हुन गयो कि भनेझैं हुन गयो । उहाँका जीवनमुखी एवं सरल-सहज रचनाका हजारौं हजार पाठक नभएका होइनन् तर पनि उहाँले जीवनकालमा न त निम्नतम भौतिक सुख भोग्ने अवसर पाउनुभयो न त मानसम्मान पाईदा प्राप्त हुने सन्तोषानुभूति कै मनग्य अवसर । साहित्य साधनामा समर्पित, निमज्जित एकान्तिक एकलव्यीय प्रणयामको घोटाइले अनि परिवार पाल्न पोषणका निम्ति अथवा जीवन गुजरानका निम्ति अंगालिएको निम्न वैतनिक कर्मचारी पेसा (विशेषतः प्रुफ रिडरको) को भुक्तमानपूर्ण सङ्घारासे उहाँलाई सधैंसधैं व्यस्त अझ भनौं व्यस्ततम गराएका हुन् । तर प्रश्न उठन सक्तछ, त्यस्तो व्यस्तताबाट उहाँले के पाउनुभयो ? उहाँले पाउनु नै भयो भने गिदी सुकाउने शुष्कता अनि खियौटे शरीरको दुब्लो पातलो कङ्कालो ढाँचा; परिणामतः असमयमै स्थानान्तरजन्य दुःखद् मृत्युको पुरस्कार ! बाँचुञ्जेल उहाँलाई भैरव अर्यालको निम्न व्यङ्ग्यात्मक कविताको कटु यथार्थले गाँजिरह्यो-

'उठ, पुछ, खा, चुठ, डुगुर डुगुर, स्वाँ ! स्वाँ ॥
बस्, धस्, हस्, हजुर ! सुखुर, सुखुर स्वाँ ! स्वाँ ॥
तिहुन, तमाखु- पापाको संसार, ऐजन ऐजन
नम्पसार !'

शङ्कर कोइराला चाहे लेखक कम र कर्मचारी बढी अथवा कर्मचारी कम र लेखक बढी जे भए पनि, उहाँलाई फरक पार्ने कुरा यो हुँदै भएन । फरक पार्ने कुराचाँहि भयो उहाँको स्वाभिमान, जस्तै दुःख परे पनि नझुक्ने, नमाग्ने प्रवृत्ति । त्यही स्वाभिमानले अभाव वा निर्धनताका बीचमा पनि बिलाएर उहाँले मृत्युलाई पनि स्वाभिमानपूर्वक निडर भएर बरण गर्नुभयो । शङ्कर जी (१९८७-२०५४) को जीवनदशा देखे, बुझे र उहाँको लघु जीवनी -शङ्कर कोइराला-मेरो संक्षिप्त जीवनी र लेखनी-२०५० । पढ्नेहरूलाई थाहा भएकै कुरा हुन् या यहाँ तिनै कुरालाई दोहोऱ्याउनुको महत्त्व छैन । यसैले शङ्करजीसँगको साहचर्य-सङ्गत सम्बन्धित सम्झनाका केही प्रसङ्ग प्रस्तुत गर्ने कुरामा मात्रै यहाँ सीमित हुनु अभीष्ट बन्दछ । उहाँ र मेरो बसाईको दूरी ठाडा नभएको र रुचि एवं परिवेश पनि झण्डै झण्डै समानै रहेको हुँदा उहाँसँग मेरो चिनाजानी र बसउठ् २००७ सालको आसपासदेखि नै भएको हुन सक्तछ । जन्म साल १९८७ मात्रै होइन, महिना पनि कार्तिक नै हुनुलाई संयोग नै त भन्नुपर्छ । दिनको हकमा शङ्करजी भन्दा म १५/१६ दिनले जेठो हुँला । रचना प्रकाशनका दृष्टिले चाहिँ उहाँ मेरा अग्रज हुनुहुन्थ्यो भन्ने मान्नुपर्छ । २००३ सालमै 'शारदा' मा प्रकाशित

शङ्कर दाजुको सम्झनामा

✍ बिन्दु कोइराला

सम्झ्यो साल सतासी त्यो मन रम्ने कति-कति !
चब्ल्न सालले फोरि बढ्न हान्यो सकेजति ।
नली फुट्यो कलेजाको रक्तको तालमा पऱ्यौ,
घर औ अस्पतालको ओहोरी-दोहोरी गऱ्यौ ।

खतनाक कीरो लाग्यो कलेजामा कठै हरे !
निको पार्न कठिनै भो डाक्टर पनि पछि सरे ।
दैनिक कार्य थियो तिम्रो साहित्यिक सिर्जना हुने,
उपन्यास कथा लेख्यौ मुटुभित्र मुटु छुने ।

खैरिनीघाटमा तिम्रो आत्मलिक्ता जीवित् थियो,
यथार्थवादले तिम्रो सामाजिक् दर्पणै दियो ।
पचासौं कृतिका स्रष्टा उपेक्षित बन्यौ किन ?
सम्झँदामा मुटु दुख्छ पोल्छ भित्र छिनै-छिन ।

गरीबी साथमा तिम्रो अहोरात्र लपेटियौ,
मातृभूको गऱ्यौ सेवा त्यसैले त दपेटियौ ।
मेरा सेवाको खाएमा पाप पो लाग्छ भै गरी,
गुनको बदलामा गुन् कहाँ भेट्नु कठैबरी !

पुग्यौ दुम्जा घुम्यौ ढाँडो मातृथलो बन्यो मिठो,
खैरिनीघाटमा छोयौ डुङ्गा पनि छिटो-छिटो ।
बगेकी कौशिकी झैं स्वच्छताले निरन्तर,
त्यसैमा तैरिनी तिमी यो कस्ले भुल्न सक्छ र ?

माटो पवित्र दुम्जाको चन्दनै भो लगाउने,
शीपकी नीतिमा खोलो, भेलबाढी बगाउने
उकाली ढाँकिई बस्ने भंज्याङ्गे चौतारी पनि,
बिसेंएनी खिच्यौ फोटो अरू यस्तै अनि-अनि ।

माताको कोखका कान्छा पुत्र कान्छा तिमी थियौ,
पदवी 'आधाबाटे कान्छो' यो दुम्नाबाट नै लियौ ।
'आधाबाटे' थियो टोल दुम्बाढाँडो पुछारमा,
सार्थकता यसले पायो दाजु तिम्रो विचारमा ।

बाँच्ने आशा अझै थियो सेवा साहित्य खातिर,
निर्दयी कालले छान्यो गुणीको गुण आखिर ।
मानवीय मुटु तिम्रो मानवतावादमा अड्यो,
सम-शान्ति दुवैमा नै तिम्रो भाव सधैं गड्यो ।

स्वपरिवारले मात्र राखे सिन्दुर माथमा,
अहो ! अर्थी उठ्यो तिम्रो दश व्यक्तिका साथमा ।
भिडियो-क्यामरा आदि हस्तक्षेप कतै पनि,
नहुँदा ब्रह्मले बोल्यो अचाक्ली अति भो भनी ।

जिम्मेवार देशका बन्धु मौन ! मौन ! सबै हुँदा,
अन्याय उनीमाथि भो सहजै यो साहिँदा ।
पाप लाग्ला अझै सोच नरकको भय छ भने,
चुकत्योस् मूल्य पसीनाको चेतना यदि छ भने ।

अवश्यै जन्मने मर्छ गीताले यही भन्दछ,
तर मान्छे स्वभावै हो पीडाले मुटु दुख्दछ ।
स्थूल रूप गऱ्यो आत्मा जीवितै छ यो बुझ्नु है !
आत्मा-शान्ति सधैं पावोस् कामना छ सधैं-सधैं ।

सह-प्राध्यापक
नेपाली शिक्षण समिति
पथकन्या क्याम्पस ।

शङ्कर कोइराला: संक्षिप्त जीवनी

जन्म:
वि.सं. १९८७ साल
कार्तिक २७ गते, मङ्गलवार
घट्टेकुलो, काठमाडौं

मृत्यु:
वि.सं. २०५४ साल
साउन २६ गते, आइतवार
मैतीदेवी, काठमाडौं

पुरानाम	: शङ्करप्रसाद कोइराला
उपनाम	: माधावाटे कान्छा
न्वारनको नाम	: ढकरप्रसाद कोइराला
शिक्षा	: स्नातक
बाबु/आमा	: ईश्वरीप्रसाद कोइराला/मिचप्रिया कोइराला
धर्मपत्नी	: रमा कोइराला
शौख	: साहित्य लेखन
पहिलो प्रकाशित रचना	: बुढो (कथा) २००४ साल 'शारदा'
" " कृति	: 'चैरिनी घाट' (उपन्यास) २०१८
अन्तिम प्रकाशित रचना	: 'जसको जवाफ छैन (कथा) दायित्व मासिक पूर्णाङ्क-२९
" " कृति	: 'फेरि शीला' रत्न पुस्तक भण्डार (२०५८)
सन्तान	: २ छोरा (अनिल कोइराला, सुनिल कोइराला)
भ्रमण देश	: जापान (पुस्तक प्रकाशन सम्बन्धी ट्रेनिङको लागि २०३३) र भारतका विभिन्न प्रान्तहरू ।
लेखन अवधि	: २००३-२०५४ = ५१ वर्ष
लेखन विधा	: कथा, उपन्यास, नाटक, बाल–उपन्यास, बाल–कथा हास्यव्यंग्य, कविता, निबन्ध आदि र अन्तर्राष्ट्रिय स्तरका अंग्रेजी कृतिहरूको नेपालीमा अनुवाद/उर्दू भाषाको अध्ययन ।
काम गरेका कार्यालयहरू	: गोरखापत्र संस्थान (२०१०–२०१५) जनक शिक्षा सामग्री केन्द्र (२०१५-२०२२) साझा प्रकाशन (२०२२-२०४७) ।
सम्मान पुरस्कारहरू	: 'रत्नश्री पदक'
अभिनन्दन	: २०५१ सालमा प्रतिभा समूह बानेश्वरबाट २०५३ सालमा आह्वान समूह चाबहिलबाट
अन्तिम अधूरोचाहना	: प्रकाशित भइसकेको उपन्यास 'रिमा' हेर्न नपाउनु र जीवनको करीब अन्तिम अवस्थामा शारीरिक दुर्बलताको बावजुद पनि ध्येसम्म पुगी स्वयं प्रुफ हेरिसकिएको उपन्यास 'एउटा पुरानो घर' प्रकाशित भएको देख्न नपाउनु ।
अन्तिम भनाई	: "मैले ५० वर्षको अवधिभरी लेखिएका कृतिहरूमा आफ्नो राष्ट्रकालागि व्यर्थै कलम कुदाएँ कि भन्ने प्रश्न ठडिन्छ । किनभने प्रजातन्त्रको खुला परिवेशको कारण मलाई यस्तो भान भइरहेछ । फेरि राजनीति र साहित्यको सम्बन्ध सौता-सौताको झगडा बिलकुल होइन । तर आजको परिवेशले यस्तो सोच्न परिरहेको छ । जुनसुकै नामुद साहित्यकारहरू पनि राजनीतिको रङ्गमा रङ्गिएका र तिनका पछिटेहरू पनि त्यही रङ्गमा मुछिन लागेकाले साहित्यको रूप यस्तो देख्न लागेको छु । कुनै गार्वेजमा भोज-भतेरमा फ्याँकिएका टपरि चाटिरहेकी कुनै दुःखी दुर्गन्धी कुमारी युवती जस्तो ।

+ + + + +

मैले अहिलेसम्म मेरो जीवनकालमा जे जति कृतिहरू लेखें तपाईले जे जस्तो पढ्नु भयो-ती सब सत्य मानेर पढ्नु भएको छ भने म जस्तो सत्यान्वेषीको लागि खुशीको कुरो हुनेछ । मैले यहाँ झूट बोल्ने कुनै कारण छैन । झूट बोल्न नसक्दा म जीवनमा धेरै पछि परेको छु । नाटकीय भावभङ्गिमा मैले जानिनँ । दुनियाँ नाटकीय रङ्गमञ्च रहेछ भन्ने कुरा सुनेको मात्र थिएँ तर बुझ्न सकेको थिइनँ ।

र संस्कार (२०२९)मा भूतप्रेतजस्ता अदृश्य शक्तिका अन्धो बनी विश्वास गर्ने विचारको अस्वीकार गरिएको छ । सामाजिक वातावरणबाट मात्र प्रभावित हुनु सामाजिक यथार्थवादी कलाकारको उत्तरदायित्व होइन; ऊ समाजका मूल्यहरूलाई नयाँ दिशा दिएर समाजमा परिवर्तन पनि चाहन्छ । कथाकार कोइरालाले यस परिवर्तनको आभास दिएका छन् ।

कथाकार कोइरालाको जीवन-विषयक दृष्टि आफ्ना समकालीन यथार्थवादी कथाकारका झैं निराशावादी छ । जीवन समस्यापूर्ण छ । मानिसमा नित्य मानसिक र बाह्य द्वन्द्वको क्रम चालू छ । चाहे आर्थिक समस्याद्वारा पीडित भएर होस अथवा यौन तथा मानवीय समस्याद्वारा आक्रान्त भएर होस् । मानिस सदैव कारुणिक अन्त्यको भागी छ । कथाकार कोइरालाले जीवनका कुण्ठा र वेदनालाई मार्मिक तवरले प्रस्तुत गरेका छन् ।

सङ्ख्यात्मक दृष्टिले शङ्कर कोइरालाका कथा थोरै नै भए तापनि सफलता भने ज्यादै धारै कथामा मात्र प्राप्त भएको देखिन्छ । यस्तो हुनाका विभिन्न कारणमध्ये केही चाहिँ के हुन् भने कथाकार भीमनिधि तिवारीका झैं एकातिर यिनका कथाको संरचना निकै कमजोर प्रतीत हुन्छ भने अर्कातिर यिनमा विषयको साथै शैलीका क्षेत्रमा विविधता पाइन्छ । कथाको कथानक रचना परम्परागतदेखि अधुनातन शैलीसमेतको छ । यति भएर पनि यिनका कथामा कथात्मक दृष्टिकोणको जुन स्थिरता पाइन्छ, त्यो ज्यादै प्रशंसनीय छ । सम्पूर्ण कथाभरि सचेत रूपले एउटै कथात्मक दृष्टिकोणको निर्वाह गर्न सक्नु कथा संरचनाका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । विषय तथा शैलीका विविधताले यिनका कथामा अतिक्रमण गरे पनि दृष्टिकोणको अतिक्रमण एकदम नै नहुनु प्रशंसनीय कुरो हो । जहाँसम्म सामाजिक यथार्थवादी कथाकारका रूपमा यिनको स्थानको प्रश्न छ, यस क्षेत्र (अर्थात् यथार्थवादी नेपाली कथाधारा वा परम्परा) बाट यिनलाई पृथक् गर्न सकिँदैन । यिनका कथामा समाजबोध निकै तीव्रताका साथ व्यक्त भएको पाइन्छ ।

***

विजया दशमी तथा दीपावली
२०५८ को सुखद् उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

NECO

नेको इन्सुरेन्स लिमिटेड
परिवार
हात्तिसार, लालदरबार
फोन नं. ४२७३५४, ४२७३५५
पो.ब.नं. १२८७१, काठमाडौं

विजया दशमी तथा दीपावली २०५८
को हार्दिक मङ्गलमय शुभकामना ।
वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
परिवार

Wel-Come
For Conference, Seminar, xhibition, Film-show and any kinds of Social and Cultural Programme
For further details please contct:
BIRENDRA INTERNATIONAL CONVENTION CENTER
New Baneshwor, Kathmandu
Tel: 472460, 494409
Fax: 00977-1-471099,474912

विपन्नता एक प्रबल सामाजिक समस्या त हुँदै हो, यसका साथै यो समाजको उन्नतिको शत्रु र मानवताको दुर्नियति पनि हो । **एक पिर्खो डुंगो** (२०१२)मा गरिबीका अभिशाप र परिणाम देखाइएका छन् । **पंखे-एक स्केच** (२०२७) गरिबीका नाम्रता र तीतो अनुभवको कथा हो । कथाकार के देख्दछन् भने समाजका अन्याय र दुर्व्यवहारको भागी कमजोर गरिब वर्गले नै बन्नु परिरहेको छ । तिनीहरूको आर्त हृदय र रुग्ण मानसिकताप्रति बन्धो बनी सम्पन्नवर्गका मानिसहरू उल्टै आफ्नो स्वार्थसिद्धको पाप ती विपन्न वर्गलाई नै बनाउँदछन् । कथाकार कोइरालाले आर्थिक विषमताबाट उत्पन्न हुने समस्याको पनि विश्लेषण गरिदिएका छन् । **अशान्ति** (२०३४)मा गरिबका घरमा धनीकी छोरी पत्नी वा बुहारीका रूपमा आउँदा उत्पन्न हुने घरेलु तनाउ र विघटनको समस्या प्रस्तुत गरिएको छ । कथाकार कोइराला गरीबहरूको दयनीय स्थितिसँग सहानुभूतिशील बनेका छन् । **नयाँ शिक्षा** (२०२९) मा गरीबको उपेक्षा गर्ने सरकारप्रति व्यङ्ग्य छ । सारा गाउँ अनिकालद्वारा सताइएको हुन्छ । सरकारले अन्नपानीको प्रबन्ध गरिदेला भनेर गाउँलेहरू सरकारप्रति आशावान् हुन्छन् । यसै क्रममा एउटा स्टल विमान त्यस गाउँमा ओर्लन लाग्दछ तर अनिकालग्रस्त गाउँलेका निमित्त चामल बाँड्न होइन नयाँ शिक्षाको प्रचार गर्न त्यस विमानमा मन्त्रीज्यू आएका हुन्छन् । विपन्न गाउँलेहरूको उपेक्षापूर्ण स्थितिको सत्यतामा अन्धा बन्नेप्रति कथाकारको यो व्यङ्ग्य हो । **सवारीको दिन** (२०२८) गरिबीको आघातले निराश बनेको मानिसको कथा हो । **श्रमिक हडताल** (२०२९)मा पेटको समस्याका निम्ति सङ्घर्ष गर्ने श्रमिक वर्गका असन्तुष्टि र कुण्ठा व्यक्त छन् । कथाकार कोइरालाले समाजिक चेतनाभिभूत भएर साँइघहरूको गम्भीर विश्लेषण गरेका छन् । तिनले गरिब वर्गको सामाजिक आचरण मात्र होइन, तिनीहरूका अन्तर्मनको समेत आन्तरिक निरीक्षण गरेका छन् । यो निरीक्षण निकै हदसम्म वस्तुपरक छ, त्यसैले यथार्थवादी छ ।

शङ्कर कोइराला सामाजिक कुरीतिका विरुद्ध आवाज दिने कथाकार हुन् । तिनले आफ्नो समकालीन समाज खराब तत्त्वद्वारा शोषित भएको देखे । तिनका कथामा व्याप्त सामाजिक वृत्तमा मानिसहरू असन्तुष्ट छन् । निराश छन् र चेष्टा गर्दागर्दै पनि असफल तथा पराजित छन् । वैयक्तिक, पारिवारिक र समाजिक तनाउ तथा विघटनको स्थितिमा मानिसहरू निरन्तर रुग्ण बनिरहेको तिनले देखे । सामाजिक यथार्थको सत्य निष्ठा प्रस्तुतीकरण तिनका कथामा भएको छ । **पर्खालको फगडामा** पोखरेलनी बन्धेको खलनायकत्व, **बुढेसकालको उत्तरदायी** (२०२७) मा मुक्तिनाथको अनैतिक कार्य, **सानी छोरी** (२००५)मा आफ्नो बालक छोरी ('चिन्ता' जसको नाम हो)को विवाह गर्न चिन्तित बन्ने कोकिला र **फुर्पा तामाङ** (२०२८)मा आफ्नो छोरो ('फुर्पा' जसको नाम हो)लाई बेसरी पिट्ने र एकदिन दिउँसो अर्कोसँग पोइल जाने साहिलि यस्तैयस्तै पात्र तथा घटनाहरू सामाजिक यथार्थको रङ्गमा राखेर कथाकारले हेरेका छन् । **पर्खालको फगडामा** सामाजिक जीवनका निम्नस्तरको झलक छ । सामाजिक संस्कारको प्रतिकूल प्रभाव र सामाजिक बनोटअनुरूप मानिसमा निर्मित हुने मानसिकता र संस्कारको यथार्थ चित्र कथाकार कोइरालाका कथामा अङ्कित छ ।

कथाकार कोइरालाका कथामा पाइने सामाजिक यथार्थवादको एक महत्त्वपूर्ण पक्ष के हो भने तिनले समीक्षात्मक रूपले सामाजिक रूपको अध्ययन गरेका छन् । **जनै पूर्णिमा** (२०३५) मा सांस्कृतिक बिलम्बन (त्याग) को वास्तविकता छ । समयको परिवर्तनका साथै समाजमा देखापरेका गत्यात्मकता तिनका कथामा अङ्कित छ । तर सामाजिक वातावरणको अध्ययन गर्दा कथाकार के पाउँछन् भने समाजबाट परम्परागत सङ्कीर्ण मूल्यहरूभै लुप्त भइसकेका छैनन् । समाज संस्कार, अन्धविश्वास र सङ्कीर्ण रूढिबाट आक्रान्त छ । **कानपाला** (२०२९) मा थोरो परम्परागत विचारप्रति अस्वीकार व्यक्त गरिएको छ । **म पापिनी** (२०३५)मा पनि अन्धविश्वास र संस्कारका नग्न रूपको प्रस्तुति छ । त्यसबाट उत्पन्न हुने अकल्याणकारी गम्भीर परिणामबारे कथाकारले यथेष्ट सङ्केत गरिदिएका छन् । **सिमसमौर** (२०२९)

अच्युतरमण अधिकारी

'माथिको आदेश'तलको समीक्षा

अभ्यस्त चित्रकला र सफल मूर्तिकलाले बोल्न सकेको कुरा लेखनकलाले त्यति सफलता हासिल गर्दैन कि ! तैपनि जीवनचित्र, समाजमित्र, हेर्दै चाहाँदै र बटुल्दै ल्याएर देखाइन्छ लेखन- कलाले । शब्द संयोजन र प्रयोग सफलताले दृश्यचित्र दिनसके सामाजिक यथार्थ साहित्यबाट प्रस्तुत हुन सक्छ । सामाजिक यथार्थभित्रका सामाजिक र मनोवैज्ञानिक सत्यलाई वर्णनात्मक विवरणात्मक, व्यङ्ग्यात्मक विविध रूपशैलीका माध्यमबाट जनसमक्ष ल्याउनु साहित्यिक लेखन हो । समाजभित्रबाट सफलतासाथ जीवनचित्र प्रस्तुत गर्ने लेखक शङ्कर कोइराला पछिल्लो समाज, जीवन चित्रका आजका पाटाहरूबाट कालोकथा अगाडि सारेर यो कथा प्रस्तुत गर्दै छन् । एउटा उपन्यासभित्र आधुनिक अन्तरङ्ग कालोचित्र प्रस्तुत भएको छ । त्यसैको समीक्षा यहाँ यसरी गरिन्छ ।

चतुर्भुज पहिलेको नाउँ हो, पछि ऊ हन्वेर्नु बनेर देखा पर्छ । नाम फेऱ्यो, बदल्यो अनि उसलाई सबैले शङ्का शङ्का सूब शङ्का पनि गरे । छरछिमेकी र परिचित सबैले यस विषयमा कुराकानी टीकाटिप्पणी गरे तर्क-बितर्क पनि भए । कतिपयले उसको उद्देश्यलाई नबुझी विधर्मीसमेत भने । यसरी चतुर्भुज हन्वेर्नु भयो । त्यो भयो मात्र होइन ऊ त एक मुख्य पात्र नै थियो । ऊ कसैले प्रयोग गर्ने पात्र हो तर तातोलाई समाएर भाँडो उचालपछार सारसोर गर्ने मुख्य आधार भयो । त्यसैले ऊ हन्वेर्नु भयो । ऊ जहाँ र जसरी प्रयोग हुन्थ्यो सफलता हासिल गर्थ्यो । कालो धन्दा, कवितात्मक हल्का प्रचार, राजनीतिका सिढ न पुच्छरका भाषण, राष्ट्रिय समाजभित्र विभाजन गराउने काम, धार्मिक सन्तुलनमाथि प्रहार गर्दै क्षतविक्षत गर्ने काम आदिमा प्रयोग हुने पात्र हो हन्वेर्नु । यस्ता अनेक कर्म कुकर्म आदिमा संलग्न हन्वेर्नु शक्तिशाली र द्रव्यपतिका कालाकर्मको एक विशेष सहयोगी भएकाले उनीहरूका आन्तरिक जीवनको खेलाडी पनि भयो । यस अपूरो उपन्यास-चित्र विशेष गरी यस्तै उस्तै कुरा पाइन्छ ।

उपन्यासकार कोइरालाबाट नेपालभित्र बढेका, विशेष गरी पञ्चायतको उत्तरकाल र प्रजातन्त्र उदयपछि फेरि आएको समय यसमा साङ्केतिक प्रयोग भएको छ । देशका प्राचीनकालदेखि स्थापित र पूजित मूर्तिचोरी हुनु ठूलो दुर्भाग्य हो । विशेष गरी पञ्चायतकालमा यस्ता काम त्यादा भए यस्ता काममा खुल्लमखुल्ला महत गर्दा पनि कसैले कारवाही गरेन । कतैबाट कुनै प्रतिक्रियासम्म आएन । यो कमजोरी राष्ट्रका लागि ठूलो दुर्भाग्य हो । यस कुरामा उपन्यासकार बढी सतर्क र सचेत छन् । समाजमा विशेष गरी नेपाली समाजमा धैर्य छ तर सीमाहीन धैर्य भएकाले राष्ट्रलाई त्यसले ठूलो हानि पनि पुऱ्याएको छ । उपन्यासकार त्यस कुरामा गहिरो व्यङ्ग्य प्रहार गर्दछन् । त्यस परिस्थिति र परिवेशले मानिसको मौलिक परिचय गायब गरेको कुरा उपन्यासकारले राम्रो सङ्केत गरेका छन् ।

सामान्य मानिस पनि अनेकौं अवैध र अनैतिक कार्यव्यवहार र कारोबार गर्दै गएर उद्योग वाणिज्य र राज्यशक्तिका सञ्चालकलाई समेत हल्लाउन, चलाउन सक्तछ, यो सत्य यस उपन्यासले व्यक्त गऱ्यो । त्यसैगरी उपन्यासले नारीचरित्र, विकृत नारीचरित्र र सौत्याने आमाको व्यवहार जस्ता कुरालाई पनि यसमा व्यक्त गरेको छ । आफ्नू नारी धैर्य र चरित्रलाई प्रयोगमा ल्याइएको छ भने अर्कातिर कुनै पनि अवैध आर्जन गर्ने राष्ट्रिय अपराधीलाई चरित्रहीन, सम्ता र प्रयोशील महिलाका माध्यमबाट काम कारवाहीमा ल्याइन्छ भन्ने कुरा पनि यसमा उपन्यासकारले देखाइदिएका छन् । विशेष गरी अनैतिक कर्मका माध्यमबाट अझ नारी आकर्षण र प्रयोगबाट द्रव्य व्यवहार र शक्तिसञ्चालन गर्ने आदर्शहीन अनैतिक परम्पराको एक दृश्य यसमा पनि प्रयोग भएको

छ । संस्कारलाई अवज्ञाकारिता ठान्ने प्रवृत्ति, अनुशासनहीन विकृत चरित्रजस्ता कुरालाई उपन्यासले निकै व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरेको पाइन्छ ।

डर, धम्की, आतङ्क, हिंसा आदि कुरामा बढी चासो राखे, त्यस संस्कारलाई नै महत्त्व दिएर त्यसैअनुसारको व्यवहार गर्नु यसका नायकको मुख्य कर्तव्य नै भएको देखाएका छन् । उपन्यासकार तीव्र व्यङ्ग्यात्मक पाराले कुराहरू प्रस्तुत गर्दछन् । देशले सभ्यतालाई होइन असभ्यतालाई प्रोत्साहित गर्दै बढाएर लैजान सकेकोमा गौरव अनुभव गरेको व्यङ्ग्य यसमा पनि छ । हन्वेर्नु राष्ट्रिय तथा अन्तरराष्ट्रिय कुनाकाप्चामा जहाँ प्रयोग भए पनि उसको परिवेश सीमित छ । सीमितता हन्वेर्नु पाराका मानिसको मुख्य स्वभावै हो । यस्ता कुराबाट पनि उपन्यासकार बाफुभित्रको तीव्र आक्रोश अनि राष्ट्रप्रतिको अन्यायपूर्ण अनाचारको परम्परालाई व्यङ्ग्यात्मक सजीव शैलीमा व्यक्त गर्दछन् । अझ गजबको व्यङ्ग्य त केमा पनि छ भने नराम्रो, खराब काम गर्ने मानिस देशका लागि कालो ग्रन्था होइन राष्ट्रिय विभूति भएका छन् ।

तस्करहरू शक्ति, पैसा, पत्नी आदिको समयोचित प्रयोगबाट आफ्नू उद्देश्य पूरा गर्दछन् । आपराधिक कुकर्ममा त तस्कर मात्र होइन नेताहरू पनि प्रयोग भएका हुन्छन् । उपन्यासकार शङ्कर कोइराला यस्ता कुरामा अझ बढी सतर्क र सचेत भई ज्यादै गहन व्यङ्ग्य प्रहार गर्दछन् । वास्तवमा राष्ट्रिय नेताहरूको मुख्य उद्देश्य पनि द्रव्यआर्जन नै हो । त्यसका लागि जे पर्छ त्यही गर्छन् । यसरी राष्ट्रिय अपराधमा वृद्धि भएको यथार्थ सत्य यसमा व्यङ्ग्यात्मक पाराले व्यक्त गरेका छन् । अझ विशेष विचारणीय कुरा त के छ भने नारी अधिकारको गुञ्जन एकातिर छ भने-नारीचरित्रको यथार्थ अर्कोतिर छ । नारीहरू पुरुषको प्रयोगबाटै पुरुषलाई फसाई काम गर्ने गर्दछन्, कमाइ गर्दछन् र आफू वैयक्तिक रूपमा भौतिक सुख सुविधा आर्जन गर्ने कोशिस गर्दछन् । उपन्यासकार शङ्कर कोइरालाले समाजका यस्ता गोप्य पर्दालाई पनि खोलेर सामाजिक यथार्थ कुकर्मलाई देखाइदिएका छन् ।

समाजभित्र अझ कति आपराधिक कर्म हुन्छन् त्यस्ता कुरालाई पनि उपन्यासले देखाइदिएको छ । धार्मिक आदर्श बाहिर देखिने धर्मगुरुको हत्यासमेत हुने आपराधिक स्वभावलाई पनि खोलेर देखाइएको छ । आदर्श उपदेश आदिका साथसाथ शिक्षा दिने प्राध्यापक महोदयहरूमा पनि कतिपय त त्यस्तै कालो धन्दामा लागेका हुन्छन् भन्ने यथार्थ पनि यसले व्यक्त गरेको छ । अझ विशेष गरी के कुरामा उपन्यास सतर्क छ भने जसले समयअनुसार बदे व्यवहार र प्रयोग गर्न, गराउन जानेन, त्यसले जीवनै स्वाहा पनि पार्न सक्तछ । त्यसैले कतिपय आदर्शवादीहरू पनि आदर्श एकातिर कार्य र व्यवहार अर्कातिर गरेर बाँच्न विवश छन् भन्ने सत्य यसमा छ । आदर्शको घण्टा कानमा झुण्ड्याउनेहरू अझ विशेष गरी शिक्षक, प्राध्यापकहरू घण्टाकै आवाजमा डुबेर बसेका छन् भने कुकर्मतिर लागेकाहरू चाहिँ कुकर्म र बदनामतिर लागेका छन् । यथार्थमा हेर्दा आदर्शलाई घोडाको बग्गीमा जोतिरहेछन् र खुबसँग दौडाइरहेछन् । यस्ता यथार्थलाई व्यङ्ग्यात्मक प्रयोग गर्नु उपन्यासको मुख्य लक्ष्य नै हो ।

सम्पन्न मानिस आएको छ भन्ने थाहा पाउने बित्तिकै हमला गर्न आउने एकथरी लुटाहाहरू, तिनबाट सुरक्षा दिन नसक्ने होटलवाला र सरकार यी दुवै पक्ष यहाँ देखाए भने प्रहरीले कर्तव्य राम्ररी पूरा गर्दा कसरी काम सम्पन्न गर्दछ भन्ने अर्को पक्ष पनि देखाए । त्यस्तै जनप्रतिनिधि भएका तर भित्रभित्रै अत्यन्त कालो काम गर्ने विलासी आदिलाई पनि यस उपन्यासले प्रयोग गरेर देखाएको छ । त्यसैगरी दुनियाँको आँखा छली काम गर्ने, मौका पर्नासाथ पिठ्यूँमा छुरा हान्नेजस्तो प्रवृत्ति विशेष गरी जनप्रतिनिधिमा र अझ जिम्मेवार मा पनि छ भन्ने सत्यलाई व्यङ्ग्यात्मक पाराले उपन्यासले प्रयोग गरेको छ । अर्को सत्य कुरा छ प्रेमी र प्रेमिकाको । प्रेमीले धोखा दिएर अलपत्रिएका युवतीको यथार्थ सत्य र तिनलाई नै पनि काला धन्दावालले भेटेमा कसरी प्रयोग र उपयोग गर्दछन्, त्यसको यथार्थ दृश्य पनि यस उपन्यासले प्रयोग गरेको छ । यसरी धेरै पक्षका निकै कुरालाई म्याएर प्रयोग गर्ने यो उपन्यास यथार्थमा आधारित व्यङ्ग्य हो । समाजभित्रका काला कथाहरूको साही दृश्य हो, स्पष्ट हो अस्पष्ट हो तर साही चित्र हो । साहित्य-कलाले जस्तो चित्र प्रस्तुत गरी

✍ डा. दयाराम श्रेष्ठ

कथाकार शङ्कर कोइराला

सुरूमा **विद्यार्थी शङ्करप्रसाद** तथा **शङ्करप्रसाद** का नामबाट **शारदा** पत्रिकामा कथा छपाउने शङ्कर (प्रसाद) कोइरालाका अहिलेसम्म एक सयभन्दा बढी कथाहरू प्रकाशित भइसकेका छन् । यिनको पहिलो कथा हो **बूढो** (२००४) जुन **शारदा** (१३।३) मा छापिएको थियो । विभिन्न पत्रिका (जस्तो **उद्योग**, **प्रगति**, **धरती**, रूपरेखा, **रचना**, **रत्नश्री**, **हिमानी**, **विहान**, **मुकुट**, **बिम्ब**, **गोरखापत्र**, **प्रतीक**, **रमझम**, **मधुपर्क**, **भिभिरे**, **विदेह**, **जयन्ती** आदि) बत्तीस वर्षदेखि अटूट रूपमा यिनका कथाहरू प्रकाशित हुँदै आएका छन् । कथा-सङ्ख्याका दृष्टिले जेठादेखि मन्तरे (जम्मा १०) भागसम्म सामाजिक कहानी (सं.२००६-२०२५) लेख्ने भीमनिधि तिवारीपछि यिनकै नाम आउँदछ । यिनका प्रकाशित उपन्यासहरूको सङ्ख्या पनि एक कोरी नै पुगिसकेको छ । नाटकका क्षेत्रमा पनि यिनले हात चलाएका छन् । यिनका साहित्य-लेखनको मुख्य क्षेत्र गद्य नै हो । पुस्तकाकारमा यिनका ४ कथासङ्ग्रहहरू प्रकाशित भएका (१) **प्रेम र सपना** (२०२१), (२) **भागो छ यो दिलभरि** (२०२५), (३) **सुर्तिको पातमा अल्झिएको जिन्दगी** (२०४३) र (४) **हत्पारा शान्ति र सुचना** (२०५१) ।

कथाकार शङ्कर कोइरालामा मिश्रित प्रवृत्तिको बहुलता छ । यिनले संवेदनामूलक तथा आत्मगत कथादेखि लिएर सामाजिक र मनोवैज्ञानिक कथाहरूसमेत लेखेका छन् । यिनका केही कथा प्रकृतिवादी यथार्थवादको समेत द्वयत् प्रभाव परेको पाइन्छ । यद्यपि यिनले फेन्टेसी भने लेखेका छैनन्, तर भावुकतामूलक रोमान्सको प्रभावबाट पनि मुक्त हुन नसकेको पाइन्छ । यिनका कुनै पनि कथामा लोकेत्तर कार्यपीठिकाको संयोजन छैन । यिनले समकालीन सामाजिक विषयवस्तुकै ग्रहण प्रत्यक्ष रूपले गरेका छन्, तर ती वस्तुको विषय सम्पादन गर्दा भने यिनले कतै यथार्थवादी पद्धति त कतै इतर पद्धतिको प्रयोग गरेका छन् । यिनको कथाकारिताको विशेषता के हो भने यिनमा इतर प्रवृत्तिको समान्तर यथार्थवादी प्रवृत्तिको पनि विकास भएको पाइन्छ । त्यसैले यथार्थवाद यिनको मूल प्रवृत्ति होइन, गौण पनि होइन । वास्तवमा यिनका कथाकारिताको साही मूल्याङ्कनको आधार यथार्थवादी प्रतिमान मात्र नभएर इतर प्रतिमान पनि हो ।

सामाजिक यथार्थको व्यापक आयाम शङ्कर कोइरालाका कथामा गृहीत छैन । मुख्यतः यिनले गरिबीका अवस्थाको वेदना र दुःखात्मक अनुभूतिलाई व्यक्त गरेका छन् । **बूढो** (२००४) मा अभाव, भोक र रोगद्वारा पीडित वर्गको चित्रण छ । यस **कथाको बूढो** आर्थिक सङ्घर्षको निरन्तर प्रयासबाट सधैं पराजित हुन्छ । एकातिर ऊ मुखिया बाजेको ऋणबाट जकडिएको छ भने अर्कातिर आर्थिक शोषणको भारले ऊ किचिएको छ । मुखिया बाजेको स्वार्थपूर्ण नीतिद्वारा सताइएर अन्तमा ऊ मानसिक विघटनको स्थितिमा पुग्दछ, किनकि उसको छोरो माहिलो मर्छ । गरिबका जीवनसङ्घर्ष र मानसिक-रचनाको उदाहरण **दर्पण** (२०२७)मा पनि देखाइएको छ । श्यामचा बिरामी अवस्थामा पनि घरैमा आराम गरी बस्न नसकी खेतमा पुग्दछ । गरिब खेतीवालका मनभित्रको दर्दनाक स्थिति यस कथामा देखाइएको छ । **भागो छ यो दिलभरि** (२०२५), **आकंक्षा** (२०२८) र **छोरो बह्मा कमाइ गर्ला** (२०११) मा पनि गरिबीको मार, प्रतिकूल परिस्थितिसँग सङ्घर्ष र दुर्भाग्यपूर्ण परिणति देखाइएका छन् । समाजका ठूला-ठालुहरूद्वारा पिछ्याएको अन्यायको जालोमा फसी गरिबहरू कसरी असहाय बन्दछन्, त्यो यिनका कथामा देखाइएको छ । कथाकारका दृष्टिमा आर्थिक

बचाउ खैन कसैको ।
प्रजातन्त्र आएको
यही हो ?

पृष्ठ ९

सुरेश टिप्पणी आज पनि सान्दर्भिक समसामयिक मार्मिक छ -

यी केही होइनन् !
यी शोषक हुन् !
पिनै फेरि शासक रे !
हाहाकार मच्चाए ।
भरै उनी शासक रे !

पृष्ठ ८

जुन नेताहरू गतिला थिए
तर परिस्थितिले गर्दा
ती बिथिए
उपनेताहरू जन्मिए
मन्त्रिमण्डलमा घुसे
कति चाँडो मन्त्री भए ।
मन्त्री हुनुबाहेक
बिनले गर्मान् के !

पृष्ठ ४०

दसरी नाटककारको परिवेशजन्य पर्यवेक्षणमा आजको नेपाल र नेपाली जनमानसको अन्तर्वेदनाले मूर्तरूप लिएको छ ।

'सेती' को संवाद विन्यासमा गद्य र पद्यको सम्मिश्रण छ । पद्य संवाद अति भावात्मक र काव्यात्मक भएका छन् । अनुप्रासको अत्यधिक प्रयोग भएको छ । कल्पनामा र भावनाको प्रचुर प्रयोग तथा काव्यिक र गीति योजनाले गर्दा संवाद विन्यासमा स्वच्छन्दतावादी संचेतनाको सक्रिय भूमिका रहेको पाइन्छ । विशेषत: सुरेशको संवाद बौद्धिक र काव्यिकरूपमा प्रयुक्त भएको छ । उनमा काव्य चेतना घनीभूत रहेकाले पनि उनका संवाद प्रयोग भावप्रवण भएका छन् । ग्रामीण परिवेशमा धने विशुद्ध गद्य संवाद पाइन्छ । गद्य संवादमा सक्रियता र स्थानीयता पाइन्छ । त्यति मात्र होइन ग्रामीण परिवेशमा प्रयुक्त संवादमा गद्यात्मकता, काव्यात्मकता र यथार्थता पाइन्छ । पछि यही यथार्थिक चेतनाले **पिठ्यूँको भारी** मा विकसित र परिष्कृत रूप प्राप्त गरेको छ ।

भावशैलीमा गद्यको साथै काव्यात्मक भाषाको प्रयोग भएको छ । काव्यात्मक भाषाका लागि अनुप्रास, उपमा, रूपक अलङ्कार आदिको उपयोग गरिएको छ । ग्रामीण पात्रहरूको भाषामा कथ्यरूप पाइन्छ । उखानटुक्काको प्रयोगले गर्दा भाषिक योजनाले स्वकीय रूप प्राप्त गरेको छ । शब्द विन्यासमा केही हिन्दी शब्द घुस्न गएका छन् । आधुनिक र समसामयिक सन्दर्भमा चर्चा परिचर्चा हुँदा अंग्रेजी भाषाका शब्दहरूको प्रयोग आवश्यक रूपमा भएका पाइन्छन् ।

समग्रमा श्री शङ्कर कोइरालाले करिब दुई दशकको नाट्य यात्रामा दुईवटा नाटक पुस्तकाकार मा दिएका छन् । 'सेती' उनको नाट्य-यात्राको प्रस्थान बिन्दु हो भने 'पिठ्यूँको भारी' यात्राको अन्तिम बिन्दु हो । अर्को शब्दमा यो उनको स्वच्छन्दतावादी नाट्य-चेतनाबाट यात्रा प्रारम्भ भएर यथार्थवादी नाट्य यात्राको अन्तिम बिसौनी हो । 'सेती' मा नाटकको वस्तु र कलापक्ष दुबैमा स्वच्छन्दतावादी नाट्य-प्रवृति पाइन्छ । त्यस्तै पिठ्यूँको भारी मा यथार्थवादी संचेतना र प्रवृत्तिको सघन रूप पाइन्छ । संक्षिप्तरूपमा 'सेती' नाटकमा भावभूमिको व्यापक र विस्तृत रूप पाइन्छ । नाटकका समसामयिक र शाश्वत चिन्तनको भाव अभिव्यक्त भएको छ । **पिठ्यूँको भारी** मा तुलनात्मक रूपमा कलापक्षको सशक्त रूप पाइन्छ । कला पक्षको विन्यस्त रूप पाइने हुनाले मध्यम वर्गीय जीवनको परिस्थिति र मनस्थितिको अभिव्यक्ति र प्रस्तुति मर्मस्पर्शी रहेको छ । रामको कथन उल्लेख छ अप्रेशन गर्नेहरूको जीवन पनि मैले देखेको छु, तिनले पनि जीवनमा के पाएका छन्, दुःख र कष्टको भारी पिठ्यूँमा बोक्नुबाहेक ! सामान्यरूपमा हेर्दा उक्तिले नाटकको भावभूमिलाई अति पुऱ्याएको जस्तो देखिन्छ, तर गहिरिएर अध्ययन गर्दा प्रस्तुत उक्तिबाट असन्तोष, आक्रोश, मर्म र व्यङ्ग्य एकैसाथ प्रकट भएको छ । दसरी 'सेती' लाई भावभूमिको दृष्टिले र **पिठ्यूँको भारी**लाई कलापक्षको दृष्टिले उल्लेखनीय नाटकको रूपमा लिन सकिन्छ ।

★★★

सुधारको सङ्केत दिन्छ त्यो यथार्थ यसमा छ ।

'म विरामी भएकाले यो लघु उपन्यास अपूरै रहन गयो । पाठकहरूबाट क्षमा चाहन्छु । तर जति भूमिकामा भन्ने कुराहरू ती यसमा भनिसकेको छु भौं लाग्छ ।' यस भनाइबाट थाहा पाइन्छ-उपन्यास अधुरो अपूरो छ । तर मूल उद्देश्य जे हो त्यो करीबकरीब पूरा भएको छ । हतार, अस्वस्थता र अरू पनि केही कारणले गर्दा उपन्यासकार उपन्यासकार नभएर झन्डैझन्डै व्यङ्ग्य निबन्धकार हुन खोजेका छन् । तैपनि रचनाकार सन्तुलित संयम अपनाएरै अघि बढेका हुन्छन् । नेपाल, यहाँको परिवेश, राष्ट्रिय परिस्थिति, परिवर्तन अघिपछि देखापर्ने असन्तुलित जीवन त्यसपछि प्राप्त भएका केही सफलता आदिको सङ्केतका साथ प्रस्तुत यसमा कासो पक्षलाई जनसमक्ष प्रस्तुत गरी भावी सुन्दर, शान्त र सुस्थिर समाजनिर्माण गर्ने लक्ष्य राखेका छन् । घटी-बेसी, कमी-कमजोरी केही छन्, निकै छन् । तर यस उपन्यासले एउटा प्रष्ट इतिहास, नेपाली समाजको आन्तरिक यथार्थलाई प्रष्टसँग देखाएर अग्रिम सुधारको प्रष्ट चेतना दिएको छ ।

समष्टिमा हेर्दा उपन्यास यथार्थवादी छ । कलात्मक त्रुटि केही भए पनि बोधगम्य प्रष्टता राम्रो छ । यो एउटा इतिहास हो, सत्य हो र सुन्दर चित्र पनि हो । दृश्य प्रस्तुतिमा घटीबेसी जे भए पनि उही यथार्थ हो । उपन्यासकार कोइराला औपन्यासिक धरातलमा अत्यन्त सरल तर निकै प्रबल क्षमता भएका व्यक्ति हुन् । नेपालको यथार्थ, विशेष गरी सहरीलता, बिर्यंदा र अभिन्दा चरित्रहरू आदि यसमा छन् । खासगरी गहन व्यङ्ग्य प्रहारको माध्यमबाट व्यक्त गरिएको छ । सरलता, तीव्रता, संक्षिप्तता र गहन व्यङ्ग्य प्रहार यस उपन्यासका मुख्य विशेषताहरू हुन् । चासलाग्दो आकर्षण भएको यस उपन्यासले आजको दृश्यलाई निकै राम्रो सफलता साथ प्रस्तुत गरेको छ । माथिको आदेश ठीक प्रष्ट नहोस् तर प्रष्टसँग नै देखिने भएको छ । उपन्यास अधुरो तर चित्र प्रष्ट छ र त सफल पनि छ त ! त्यसैले शङ्कर कोइराला शारीरिक रूपमा अब नभए पनि यहाँ अमर छन् । अस्तु ।

२०५०।५।२१।१

★★★

Wishing A Very Happy and Prosperous On The Auspicious Occasion of

Bijaya Dashami & Dipawali - 2058

RAM NIRMAN SEWA

Baluwatar, Kathmandu

Our Services: Engineering, Design, Construction, Supervision, Labour Contact and Construction Materials Supplier.

Head Office:
Baluwatar, Kathmandu, Nepal
G.P.O.Box # 9284
Tel: 427627, Ph/Fax 0977-1-437627
E-mail: rampn@mail.com.np

Branch Office:
Dhumbari, Kathmandu
Tel: 437627, 410227

We are always ready for your valuable Construction, Civil works.

✍ अर्जुन विरक्ति

शङ्कर कोइरालाको उपन्यास: 'म फेला पर्दिन' मा पैरवी गर्दा

हार खान्छ सत्यले, रक्तपीपासु रमिते बन्छ । चपाउँदा चपाउँदै मान्छेलाई मपाईंले-मपाई सम्मानित हुन्छ, यो समाजमा बसैको जित छ अन्यायीकै प्रित छ ।

"दुर्दिनका कुसंस्कार कुदिनहरू उजाड लाग्दो शिशिरघाटको शुष्क शिशिरमा रगत सोसेको यथास्थितिवादको ज्वारभाटा मूर्दा सम्प्रदाय भित्र 'म' पात्रको चरित्रकलाको उपज हो यो उपन्यास 'म फेला पर्दिन' मा लेखकले अस्तित्वलाई तिलाञ्जली र चूर्ण पार्ने पापिष्ठ पिपासु समाजमा घटेका घटनाको पिपासाले अस्मिता लुटेको यथार्थतालाई प्रष्ट्याउनु भएको छ ।"

सामाजिक सुरक्षामा जकडिएको पन्चायती प्रवृत्तिमा कुसंस्कृतिले वर्चस्व जमाएको र महिला बेचबिखन र यौनिक मनोरन्जकका पात्र खडा गरी असह्य ढकैत प्रवृतिको चित्रण गरिएको र महिला जातिमाथि चेतना व्युत्पति न्याउने नदिई तिनै जातिमाथि थोपरिएको मनोरन्जनयुक्त यौनशोषण आय आर्जनको माध्यम नारी बनाइनु र पशुत्वकै लाडिदै पुरुषजातिले आफ्नो काम वासना पूरा गर्ने छोरीचेलीहरूलाई पनि यौनरन्जक विषयमा लालीपपले यौन भीसामा होम्नु र छोरीले समेत बाबुलाई स्वीकार्नु र नारीले कैन्यै त्यसबाट सुरक्षित हुने कुनै प्रक्रिया नअपनाइनु तथा उसैसँग आफू पनि मनोरन्जनमै पुरुषकै खेलौनामा ठूला सामन्त ढकैत ठालुहरूकै मनोरमको साधन बन्नै तल्लीन रहने स्त्री गरिबी र दरिद्रताले गर्दा हामी यस्तो भयौं भन्ने कुराको चेत नखुलेका र हाउभाउ सम्पतिमै आफूलाई यौनिक बनाइनुमा तल्लीन बौद्धिक चेत नखुलेका चेतना हराएकलाई खेलौना बनाइनु पनि यो उपन्यासको भौतिक मनोरन्जक विशेषता हो ।

यसरी नै अर्को पाटोमा जालीफटाहा र हत्याराहरूको आदिम वर्चस्व कायम गर्दै ठालु बनेको परिवेशमा : क्रान्तिकुमारी कि छोरी-रुक्मणी नामकी नोकनी, कृष्ण साहु, काठमाडौंका महाजन लक्ष्मीदत्त, सराफीको कोठी, सङ्गीत कलाकी किशोरी धर्मबाबु म फेला पर्दिन को म पात्रले, धर्मपुत्री किशोरीमाथि यौनिक मनोरन्जकमा पार्ने उपर सहमति स्वीकारोक्तिले चरम सिमामा बाबु लोग्ने बन्न सहमतिको यौनिक उदण्डताले साथ दिइन्, चोरी चकोरको नाइके हलुवाइको महत्त्वाकाङ्क्षा, अर्को भलुवा नामकै उदण्डको राई लिम्बु र श्रीमती सोना नामकी केटीको यौनिक लीला र विषक नामको चम्चे र राणा कालीन राईलिम्बुजस्तो बढीगार्ड र लक्ष्मीदत्तजस्ता आदिम शोषकहरूको तथाकथित उदण्डताको बर्गले हत्या हिंसालाई नै आफ्नोपन र धर्म मान्नु, सरकारी बैंक तथा अफिसका व्यक्तिहरूमा माग शान्ति नमिन्दा हत्याले प्रमुख स्थान पाउनु र म्यानेजर-नरोत्तमजस्ता मारिनु, भलुवाजस्ता तथाकथितले पेस्तोल चलाउनु, हत्या गर्नु र पेस्तोल मृतकको हातमा थमाइनु, मर्ने मान्छेलाई नै आत्महत्या गरेको हल्ला पिटाइनु, भलुवा डाँकाजस्ता र "म" पात्रले समाजमा अस्तित्व कायम गर्नु, निमुखाको सर्वस्व पारिनु र आदिम रक्तपिपासुजस्ता तत्कालीन व्यवस्थामा जिल्ला सभादेखि विभिन्न सभासदसम्मको सदस्य उठाइनु, उठनु र यौनलाई नै प्रथम दिने काम पन्चले गर्नु र जो पन्चायती व्यवस्थाको खम्बा बनाइनु र नेपालको राजधानीदेखि हामै तराई मधेस हुँदै भारतको बनारसका विभिन्न गल्ली र सहरमा यौनिक उदण्डताको रमझम गर्नु, र 'म' पात्र पुनः काठमाडौं फर्की 'म' पात्रले आफूलाई रुद्रहरिजी तथा आत्मानन्दजी बनाई तत्कालीन पन्चायती पन्चले आफ्नो सत्ता बचाउँनका लागि आफ्नै छोरी विवाह गर्न दिई 'म' पात्र जस्ताहरूलाई

मनको घाउ ।
मेरो काम यही छ
देश सेवा यही भन्छ ।

पृष्ठ ६५

आफ्नो जीवनलाई उनी कर्मठ यात्राको रूपमा लिन्छन् । उनी गतिशीलतालाई जीवनको पर्यायको रूपमा लिन्छन् -

यो नदी थकाइ माग्छ ?
निरन्तर बगिरहन्छ
मेरो जीवन पनि
हो नदी ।

पृष्ठ ६५

सुरेश सहज र उदात्त प्रेमका पक्षपाती छन् -

ऊ हिंड्यो आजदेखि जहाँ
प्रेमको अभिनय हुँदैन,
स्वांग बनावटी व्यवहार चल्दैन
जय पराजय,
युगनिर्माणको नाउँमा ।
जहाँ निष्कलुष जीवन छ,
सहलो प्रेम हरेक गाउँमा ।

पृष्ठ ८२

सुरेशले विश्वलाई एउटा घर र आफ्नो देशलाई एउटा आँगनको रूपमा लिएका छन् । यसरी उनले आफूलाई मानवताको पूजारीको रूपमा प्रस्तुत गरेका छन् ।

घर मेरो संसार
आँगन मेरो नेपाल ।

पृष्ठ ८७

म मानवताको पुजारी हुँ ।

पृष्ट ८७

यसरी देशभक्तिबाट आफ्नो जीवन-यात्राको शुभारम्भ गरेका सुरेशले आफ्नो प्रेमको धरातल पार गर्दै विश्वप्रेममा रूपान्तरित भएका छन् । उनले आफूलाई मानवतावादी भावनाका सन्देश वाहकको रूपमा प्रस्तुत गरेका छन् ।

उपर्युक्त नाटकीय वस्तु र भावभूमिको आधारमा सुरेशलाई नाटकको केन्द्रीय पात्रको रूपमा लिन सकिन्छ, सेतीलाई होइन । यसरी नाटकको आद्यन्तरूप सुरेशको सक्रिय र केन्द्रीय भूमिकामा आधारित रहेको छ । सुरेशको तुलनामा सेतीको स्थान नाटकमा सामान्य रहेको छ । नाटकमा सेतीको चारित्रिक संरचना भएको छ, तर उनको चारित्रिक विकास वाञ्छित रूपमा हुनसकेको छैन् । सेतीको चारित्रिक विश्लेषण गर्दा उनी दोहरो मानसिकताले आक्रान्त छिन् । उनको झुकाव सुरेश र कमल दुवैतिर भएको देखिन्छ । एकातिर उनी सुरेशको प्रणयप्रति पनि अभीभूत छिन् भने अर्कातिर कमलसे अध्ययन-भ्रमणको क्रममा नर्वेसी एलिजालाई गाउँमा न्याउँदा सौता न्याएको मनेर उनीप्रति सेती आक्रोश पनि व्यक्त गर्छिन् । यस दृष्टिले सेतीको चरित्रले निश्चित र परिपक्वरूप लिन सकेको पाइँदैन । जे भए पनि नाट्यवस्तु, चारित्रिक संयोजन, भावभूमि, शिल्प आदिका दृष्टिले सुरेशको नायकत्व स्पष्ट रूपमा स्थापित र विकसित भएको छ । यसै पृष्ठभूमिमा नाटकको नामकरण नै उपयुक्त हुन सकेको छैन ।

२००७ सालको परिवर्तनको क्रममा नाटककारले गरेको त्यसबेलाको समाज र देशको समसामयिक चित्रण र विश्लेषण अहिलेको सन्दर्भमा पनि जीवन्त रहेको छ । समाज र देशले प्रजातन्त्रको यात्रा शुभारम्भ गरेको आज आधा शताब्दी पार गरिसकेको छ तर पनि हाम्रो राजनीतिक अवस्था, सोच र जीवनशैलीले खास फड्को मारेको अनुभव हुँदैन । यस अवस्थामा नाटककार कोइरालाको तत्कालीन अन्तर्निरीक्षण अहिले पनि सामयिक र संवेद्य रहेको छ । कमल भन्छन्

रूप मात्र फेरियो
राजनीतिक दलको
आज उछृङ्खलता छैन भन्छौ तिमी ?
अराजकता, भोकमरी, अशान्ति
छैन, छ सर्वत्र शान्ति भन्छौ ?

पृष्ठ ११

जिम्मावालको भनाइमा आजको जनमानसको मर्म अभिव्यक्त भएको छ -

कसैको धनमाल !
ज्यान ज्यथाको !

विशृङ्खल भएको छ। समग्रमा नाट्यवस्तुको गठन र गुम्फनमा बिन्यस्तता पाइँदैन।

सेतीलाई समग्ररूपमा नाटकको रूप दिइएको छ। यसमा अङ्कको प्रयोग गरिएको छैन। केवल दृश्यहरूको उपयोग गरेर नाटकको संरचना भएको छ। नाटकमा १४ दृश्य छन्। त्यस्तै उनको अर्को नाटक पिठ्यूँको भारीलाई लघु नाटकको संज्ञा दिइएको छ। सेती र पिठ्यूँको भारी दुवै नटकको दृश्य-संयोजनमा सन्तुलनको निर्वाह गरिएको पाइँदैन। 'सेती'मा दृश्य बिन्यासमा शृङ्खलाबद्धता र सार्थकताको अभाव छ। त्यस्तै पिठ्यूँको भारी मा तीन दृश्य छन्। पहिलो र दोस्रो दृश्य ज्यादै छोटा छन् तर तेस्रो वा अन्तिम दृश्य ज्यादै लामो छ। यसरी दृश्य संयोजन नाटकीयरूपमा विकसित र सन्तुलित हुन सकेको छैन्। पहिलो दृश्यमा चामलको भारी न्याउँदा घर होची र साँघुरो छ भन्ने बुझाउँछ। दोस्रो दृश्यले घरको साँघुरो कोठा त्यसमा पनि केटाकेटीहरू सुतिरहेको ठाउँमा रामचाहिँ आफ्नो श्रीमती सफलासँग आफ्नो तीव्र इच्छा पूरा गर्न उकसमा लागेका हुन्छन्। दुवैलाई अनावश्यक दृश्यको रूपमा लिन सकिन्छ। अर्को शब्दमा उक्त दुई दृश्यका कुरालाई तेस्रो दृश्यमा सूक्ष्म रूपमा मजिलैसँग संयोजन गर्न सकिन्छ। तेस्रो दृश्य सक्रिय र संवेद्य छ। त्यसमा रामका भाइ केशव, छिमेकी मैया र सफलाकी बहिनी कमलाको प्रवेश र प्रस्थानको दृश्य गतिशील र संवेदनशील भएको छ। अर्को शब्दमा यो दृश्य तुलनात्मकरूपमा गतिमय र नाटकीय भएको छ। प्रस्तुत दृश्यलाई एउटा सफल एकाङ्कीको रूपमा विवेचना गर्न सकिन्छ अथवा यसैलाई विस्तारितरूप दिएर लघु नाटकको रूपमा विकास गर्न सकिन्छ।

दृश्य संयोजनको दृष्टिले 'सेती' नाटकको दसौं दृश्य विशिष्ट प्राप्ति हो। यसमा सपनाको आधारमा दृश्यको प्रारम्भ भएको छ। यसैबाट सुरेशको अभीष्ट उद्देश्य वा सुकार्यको विशिष्टपक्ष उद्घाटित भएको छ। यसै दृश्यको अन्त्यमा विपनाको घटना पनि समावेश गरिएको छ। यसमा सपना र विपनाको सम्मिश्रण भएको छ। यसरी नाटकमा प्रस्तुत गरिएको सपनाको प्रयोजन नेपाली नाटकको लागि विशेष प्राप्तिका रूपमा लिन सकिन्छ।

सेतीलाई नाटकमा मूल पात्रको रूपमा प्रस्तुत गरिएको नाटकको नामकरणबाट स्पष्ट हुन्छ। नाटकमा सुरेश र कमल गाउँमा पुगेपछि मात्र सेतीको उपस्थिति हुन्छ। नाटकको बीच भागमा मात्र सेती, सुरेश र कमलको बीच सामान्य परिचय र सम्बन्ध स्थापित हुन्छ। नाटकको परिसमाप्तितिर मात्र प्रणय सम्बन्धले एकैसाथ उत्कर्ष र वियोगान्तरूप प्राप्त गर्छ। यसरी प्रणयले परिपक्वरूप प्राप्त नगर्दै नाटकीय घटना अन्त्यतिर उन्मुख हुन्छ। यसरी घटना र कार्यमा सहज र स्वाभाविकरूप पाइँदैन। यसको नराम्रो असर नाटकको कथानक बिन्यासमा परेको देखिन्छ। वास्तवमा नाटकीय वस्तुमा सेतीलाई मूल पात्रको रूपमा नलिएर सुरेशलाई प्रमुख पात्रको रूपमा लिनुपर्ने स्थिति टड्कारो देखिन्छ। वास्तवमा सुरेशको स्थान नाटकमा आद्यन्त रूपमा रहेको छ। उनको देशप्रतिको उपदेश र जीवनप्रतिको चिन्तनको धरातलमा नाटकको भावभूमिको निर्णय भएको छ। साथै नाटककारको चिन्तनको मूलपात्र पनि सुरेश नै हो। सुरेशमा चिन्तन र जीवनशैलीमा नाटककारको सोच र जीवन दर्शन समाहित भएको छ। यस दृष्टिले सुरेशको पात्रत्व नै नाटककारको चिन्तनको मूर्तरूप हो। यस अर्थमा सुरेश नै नाटककार शङ्कर कोइरालाको मुखपात्र हो।

सुरेशमा देशभक्तिको आदर्श र केन्द्रीयरूप पाइन्छ -

तिमी देख्छौ म दुःखी छु
राणा सरकार उखेलिएकोमा ?
म आफ्नो प्यारो पिताजीको
हत्या पनि सह्य मान्छु
देशको आदर्शको लागि

पृष्ठ २६

मलाई लाग्छ म पार लगाउँ
त्यस्तो दुःखी पीडितको धोउँ

बचाउनु यस कथाको दोस्रो विशेषता हो - जो वर्तमान बहुदलीय प्रजातन्त्रमा पनि 'म' पात्रकै विजाइरणकै नेतृत्वमै लाग्छ, मलाई यसैले यो उपन्यासमा जीवन्त भेटिन्छ – भँडुवाहरूको।

यसरी यो उपन्यासमा महिला समानताको बागडोर कुन्निदै जागृति पहरेदार गर्ने आततायी भुँइफुट्टाहरू-फुईफुट्टाहरू बेलायतको विधेयक पास गर्ने असमान कानो कर्तुत पारधीहरूको नेतृत्वतह र त्यसैको पाइताला चाट्ने प्रवृत्तिको चित्रण छ, उपन्यासमा तर विद्रोहका धावकहरू भने कतै देखिन्नन् उपन्यासमा; यो हुनु लेखकको लेखन कमजोरी हो। यस पुस्तकमा घटनाको, महाघटनाको भयानक अपराधको कतै कुनै पात्र खडा गरी कार्यालीको लागि कथाले खोजी नगर्नु त्यतिखेरको समसामयिक विषयमा मौनता छाउनु भने उपन्यासको कमजोरी नै मान्नुपर्छ। लेखक स्वयंमा पनि छायाँ पञ्चहरूले अपराधीलाई प्रश्रय दिंदै आफ्नो हुर्मत कायम गर्नु, सुरक्षित हुनु र हुन के गर्न पछि लागेका छैनन्, मैंपाई जस्ताको गुणगान गाएर लाँदिएकोलाई महालाँदिएर पञ्चायती प्रवृत्तिमै वर्तमान प्रजातन्त्रमै – 'म फेला पर्दिन' उपन्यासमा अपराधीले सजाय कतै पाएको छैन। प्रश्रयले विभूषित छ 'दोषी'। त्यसैले यसमा लेखकले 'म फेला पर्दिन' नामाकरणको औपन्यासिक वाक्यले मपाईंलाई चोटिलो प्रहार गरेको प्रस्टै हुन्छ। यो उपन्यासमा परिच्छेद १ देखि १६ सम्मको परिच्छेद र पेज सङ्ख्या ६८ को यो कृतिलाई लघु : उपन्यास भन्दा सुपाच्य नै ठहर्छ।

- 'म फेला पर्दिन' उपन्यासको प्रकाशक : नेपाली साहित्य प्रकाशन, जङ्गमबाडी-वाराणसी। मूल्य नेरु ३/२० पैसा र भारु २/२० पैसा प्रकाशन ई.सं.१९७८ साल। पुस्तक मुद्राराक्षस प्रशस्ती छ।

यसरी यस उपन्यासका कथा प्रसङ्गहरू, चरित्र र घटनाहरू तत्कालीन मुलुकको स्थितिको बारेमा लेखकले सूक्ष्म ढङ्गले यथार्थ पैरवी गर्नुभएको छ। यसमा कथावस्तुको मर्मलाई उपन्यो गतिकै रूपमा मान्नुपर्छ र यौनिक हन्तकासी मूर्धरहरू सर्वसत्तामुखीको एकलकटि यौनशोषण उत्कण्ठाको चिड्चिड्ढ र टेण्डरैटेण्डरको आदिमवादीहरूको मपाई पात्रहरूको उपज हो यो लघु-उपन्यास – आदि अन्त समाहितम्। इति

★★★

Wishing A Very Happy and Prosperous On The
Auspicious Occasion of
Bijaya Dashami & Dipawali - 2058

Evergreen Saving & Credit Co-operative Ltd.

G.P.O.Box # 11731 / Ph: 410227, 437627, 427063
E-mail: rampn@mail.com.np / Baluwatar, Kathmandu

Deposit Scheme
* Fix deposit with attractive Interest.
* Recurring deposit scheme
* Education deposit scheme
* Provident fund/grating fund scheme.
* Ghar Dailo saving
* General saving
* Group saving deposit

Investment
Hire purchase
Housing
Business
Share and others

We offer cumulative deposit scheme or recurring deposit plan to suit your future needs.

✍ डा.आनन्ददेव भट्ट

शङ्कर कोइरालाको उपन्यास नढुखेको कपाल सङ्क्षिप्त चर्चा

उपन्यासको कथावस्तु त्यति विस्तृत छैन । 'भवनाथ र मित्रदेव एकथरी पुरुष पात्रहरू हुन् जसका धुरी बोरिपरि सम्पूर्ण कथा अवलम्बित भएको हुन्छ । अनि उनका सहायतामा 'नैनपाणि लप्टन' र 'विष्णुगोपाल जोशी' आउँछन् । अनि नारी पात्रमा नैनपाणिकी छोरी 'रुशी' र जिते गोठालाकी छोरी 'सुन्तली' मूल पात्रको रूपमा र नैनपाणिकी श्रीमती र उनकी जेठी छोरी विष्णुगोपालकी बुहारी 'सामी' सहायक पात्रको रूपमा प्रस्तुत गरिएका छन् । दुबैथरी मूल र गौण पात्र पात्राहरूलाई जेजस्तो भूमिका खेल्न उभ्याइएको छ त्यसमा न्यूनतम् रूपमा ती दुवै सफल देखिन्छन् । तर ती पात्रहरूमा जीवनको कुनै गहन अनुभव, चिन्तनको उच्चता, विश्लेषणात्मकता, चित्त बुझ्दो तार्किकता, जीवनको विविधता र व्यापकता आदि कुनै चाहक छन् र उनीहरू आँपडाँडा गाउँमा जेठा जिम्मालालाई 'गाउँका राजा' भै ठान्दछन् । त्यस्तै ती गाउँले जिम्मालको घरमा भवनाथ र मित्रदेवको स्वागत सत्कार आदिमा कुनै कमी वा त्रुटि भएको देखिन्न । जिम्माल परिवार आवश्यक सेवासत्कार पनि गर्छन् तर आफू असमर्थ हुँदा पाहुनाहरूलाई आफ्नो सहयोग आफैले गर्न पनि भन्दछन् । त्यस्ता सस्ता हिन्दी सिनेमाकै तालमा भए पनि 'रुचि' सहित गाउँले ठिटीहरूको पानी सिन आउँदा र जाँदाको बयान अनि त्यहाँको प्राकृतिक सौन्दर्यको शाब्दिक चित्र सानै भएपनि सुन्दर छ ।

यस उपन्यासको कथानकले दुई हाँगा ढाकेको छ । (१) भवनाथकें सुन्तली मित्रको यौन सम्बन्धको र अर्कोतिर उनलाई रुचीले प्रेम गरी बिहे गर्न खोजे पनि परिबन्धात्मक रूपले मित्रदेव रुचीसित बिहे गर्नेगरी अघसर भएकोले भवनाथ उनीहरूको बीचमा आफू पस्न चाहन्न । यो पहिलो गतिविध सामाजिक रूपले जति शिष्ट र समाजोपयोगी छ उससे 'सुन्तली'लाई साहजै उपभोग गर्ने घटनाको वर्णन र उसको जीवनको भविष्य र गौरबसित कुनै राम्रो सम्बन्ध राख्दैन बरु उल्टो त्यो अशिष्ट, अभद्र र गैरजिम्मेवार पनि देखिन्छ ।

त्यस्तै यस कथानकमा भवनाथ प्रधानपन्थ विष्णुप्रसाद जोशीको गाउँ तोरी खर्कमा महिनाको रु.३००० खाने शिक्षक भएर प्रा.वि.मा पढाउन जान बनेपाबाट धुलिखेल नपुग्दै मित्रदेवको अत्यन्त चर्को आग्रहमा परी बसलाई छोडी मित्रदेवसितै लप्टन नैनपाणिका आँप डाँडाको घरतिर केटी हेर्न सधाउन

✍ डा. हिमांशु थापा

शङ्कर कोइरालाको सेती नाटक

श्री शङ्कर कोइराला नेपाली साहित्य क्षेत्रमा सुप्रसिद्ध आख्यानकार हुनुहुन्छ । कथा र उपन्यास गरेर उहाँका पैंतालीस कृतिहरू प्रकाशित भएका छन् । यसैबीच उहाँका दुईवटा नाट्यकृतिहरू पनि प्रकाशित भएका छन् । पहिलो नाटक 'सेती' २०२६ सालमा र दोस्रो **पिठ्युँको भारी** २०४४ सालमा पुस्तकाकारको रूपमा प्रकाशित भएका पाइन्छन् ।

'सेती' को विषयवस्तु ग्रामीण परिवेशको पृष्ठभूमि र विशुद्ध सामाजिक विषयमा आधारित रहेको पाइन्छ । सम्पूर्ण विषयको केन्द्रीय भूमि भोटेकोशीको किनारामा रहेको गाउँ हुन्छ । विषयको एक छेउको दृष्टिले आवश्यक र सार्थक रहेको पाइँदैन । त्यस्तो त ग्रामीण परिवेशको सम्बन्ध देशको तत्कालीन राजनीतिक र ऐतिहासिक घटनासँग प्रत्यक्षरूपमा सम्बन्ध रहेको पाइन्छ । यसमा सात साल र सत्र सालको परिवर्तनले सृजना गरेको संक्रमण स्थितिको प्रत्यक्ष प्रभाव परेको घटनालाई पनि नाट्य परिवेशमा समायोजन गरिएको छ । यसरी २०२५ सालसम्मको समयावधिको उपयोग गरिएको पाइन्छ । नाटकमा नेपालको राजनीतिको करीब दुई दशकको कालखण्डलाई समाहित गरिएको छ । राजनीतिक घटनाक्रमले सिर्जना गरेको विकासको तीव्र चाहना र देशभक्तिको भावनाको धरातलबाट प्रारम्भ भएको नाटकको क्रम त्रिकोणात्मक प्रणजन्य घटना र यसको वियोगान्त परिणतिमा गएर अन्त्य हुन्छ ।

नाटकको त्रिकोणात्मक अवस्थितिको मूलपात्र सेतीलाई लिइएको देखिन्छ । सेती भोटेकोशीको किनारमा रहेको जिम्मावालको घर मा काम गर्ने एउटी केटी हुन् । सेतीमा नैसर्गिक सुन्दरता, कामकर्तव्यप्रति कर्मठ, र विशुद्ध अबोधताको समिश्रणरूप पाइन्छ । काठमाडौंबाट त्यस ठाउँमा पुगेका सुरेश र कमल सेतीबाट अत्यन्त प्रभावित हुन्छन् । कमल सेतीलाई मन पराउँछन् । त्योभन्दा बढी सुरेश सेतीलाई माया गर्छन् । यसरी सुरेश र सेतीको प्रणयसम्बन्ध सुदृढ हुँदै गइरहेको नाटकको अन्त्यावस्थामा मात्र थाहा हुन्छ । यसबीच घरधनी जिम्मावालसे सिर्जना गरेको परिस्थितिसे गर्दा सुरेश सेतीप्रति विभिन्न शङ्काको भुमरीमा पर्छन् । उनकै नियोजित षड्यन्त्रको पासोमा परेर कमल र नर्वेजी एलिजाको आगमन र उनीहरूको सम्बन्ध देखेर बिल्कुल अवस्थामा पुगेको सेतीको रूखबाट खसेर मृत्यु हुन्छ । सेतीको हृदयविदारक मृत्युले गर्दा सुरेशलाई नराम्री असर पार्छ । परिणामतः उनको मानसिक अवस्था असन्तुलित हुन पुग्छ । काठमाडौंबाट अध्ययन भ्रमणका लागि कमलका साथ गाउँ पुगेकी नर्वेजी एलिजा कमल र सुरेशको भिन्न मनोदशा देखेर हतप्रभ हुन्छिन् । उनी कमलप्रति आशान्वित हुँदै निराश हुन पुग्छिन् भने फेरि सुरेशप्रति आशामुखी हुँदै झन् भग्नमनस्थितिमा प्राप्त हुन्छिन् ।

कथानकको गठनमा गुङ्गलात्मक र कलात्मकता पाइँदैन । नाटकले सृजना गरेको परिवेश व्यापक र विस्तृत छ, तर कथानकको विकास र अन्त्य सामान्य वियोगान्तमा रूपान्तरित भएको छ । यसरी नाटकका सम्पूर्ण घटना र कार्यको प्रारम्भमा समष्टि रूप पाइन्छ । अन्त्यमा समष्टिको रूप र स्थिति व्यष्टिमा गएर सीमित र केन्द्रित भएको छ । यसरी नाटकले प्रदान गर्ने मूल्यको अप्रत्यक्ष रूपमा अवमूल्यन भएको छ । नाटकीय कथ्य र कार्यको पूर्णतः सामञ्जस्य स्थापित हुन सकेको छैन । यसको परिणामस्वरूप कथानकको संरचना शिथिल र

दृष्टिबिन्दुप्रति यिनको झुकाउ रहेको छ । कोइरालाले बाह्य र वस्तुगत दृष्टिबिन्दुलाई भने महत्त्व दिएका छैनन् ।

कथाकार शङ्कर कोइराला उर्वर साहित्यकार भएर पनि कुशलशिल्पी भने होइनन् । यिनका कथामा पाइने गति पद्धति अर्थात् संरचनात्मक एकाइहरूको प्रयोग र दृश्ययोजनाको निर्माण तथा समायोजनले यस तथ्यलाई प्रमाणित गरेको छ । यिनी आफ्ना कथामा संक्षेप गतिपद्धति र दृश्यात्मक गतिपद्धतिको समानुपातिक प्रयोगमा विश्वास गर्दछन् तापनि यिनका कथाको आकारविस्तार सीमित रहेकाले पनि हुन सक्छ, दृश्यविधानले समुचित सङ्गठन र कुशलता प्राप्त गर्न सकेको देखिंदैन । यिनले सङ्गठन र कुशलता प्राप्त गर्न सकेको देखिंदैन ।

कथाकार शङ्कर कोइराला आदर्शवादी-यथार्थवादी होइनन् भने सुधारवादी-यथार्थवादी पनि होइनन् । यिनका कथाले सामाजिक यथास्थितिको चित्रण गरेका छन् । सामाजिक जीवनयापन गर्दा मानिसले भोग्नुपरेका सामाजिक तथा मनोवैज्ञानिक समस्याहरू यिनका कथाले सरल, कथात्मकता प्रदान गरेका छन् । त्यसैले कथाकार कोइरालाले आफ्नो कथालेखनमा सामाजिक, आर्थिक र मनोवैज्ञानिक परम्परागत वा समकालिक समस्याहरू विषयबद्ध गरेका छन् र त्यसकै यथार्थचित्रणलाई महत्त्व दिएका छन् । आर्थिक दृष्टिले सम्पन्न जीवनयथार्थप्रति भन्दा विपन्न जीवनयथार्थप्रतिको रुचि नै यिनको कथालेखन देखिन्छ (कोइराला,२०४२:२०२-२०६) । यिनले प्रसङ्गविषयक र विश्वजनिक अनुभूतिहरूको यथार्थ अभिव्यक्तिलाई कथामा महत्त्व दिएका छन् ।

कथाकार कोइराला सरलतामा विश्वास गर्दछन् । त्यसैले यिनले जटिल रूपविन्यासलाई महत्त्व दिएनन् । सरल शब्दचयन, सरल वाक्य-योजना, सरल अनुच्छेद रचना र संक्षिप्त-संवादात्मक प्रस्तुति यिनका विशेषताहरू हुन् । यिनले अन्योक्तिमूलक अर्थसापेक्षमा विश्वास गरेनन् । त्यसैले प्रत्यक्ष अर्थसापेक्षमै यिनको कथाशैली गतिशील देखिन्छ । पात्रको मनोवैज्ञानिक र सामान्यतः वैचारिक जीवनको चित्रणका सन्दर्भमा पनि कोइरालाले भावात्मक, आलङ्कारिक, प्रतीकात्मक र क्लिष्ट प्रस्तुतिलाई महत्त्व दिएनन् । अभिधात्मक अर्थसापेक्षमा प्रस्तुत यिनको शैली कतैकतै वर्णनात्मक छ भने कतै कतै यसले निबन्धात्मक र पत्रात्मक विशेषतालाई पनि समाहित गरेको छ (कोइराला,२०४२:७८-८४) । यिनले आफ्नो कथासंरचनाअनुरूप रूपाख्यानको चयन गरेका छन् । यिनको कथाशैली प्रधानवादी र अकलात्मक पनि होइन र यसले गम्भीर कलात्मक उचाइ पनि प्राप्त गर्न सकेको देखिंदैन । यिनको संवृत रूपविन्यास सरल र संवादात्मक रूपमा गतिशील छ ।

यसरी शङ्कर कोइरालाको कथाकृति सुर्तीको पातमा झुन्डिएको जीवनको सौन्दर्यात्मक अध्ययनको निष्कर्षको रूपमा के भन्न सकिन्छ भने यिनी परम्परावादी सामाजिक यथार्थवादी कथाकार हुन् । आफ्ना कथामा ग्रामसरी उपत्यका र उपत्यका पूर्वको पहाडको परिवेशलाई महत्त्व दिए पनि यिनी घटनाप्रधान कथाकार नभएर पात्रको चरित्रलाई कथाको जीवन्त आधार स्वीकार्ने कथाकार मानिन्छन् । यस कथाकृतिका कथाहरूको सौन्दर्यपरक अध्ययनबाट कुन तथ्यको आभास पाउन सजिलो पर्छ भने यसमा कथाकारले कलाकार र कलाको सम्मान प्रकट गरेका छन्; सामाजिक-आर्थिक असङ्गतिहरूको चित्रण गरेका छन् र नेपालीको तत्कालिक जीवनयथार्थलाई यथावत् रूपमा रूपायित गर्ने सफलता पाएका छन् र, यस कृतिका कथाहरूले शङ्कर कोइरालालाई बैरिनी घाट उपन्यासका उपन्यासकारका रूपमा स्मरण गराएका छन् । बैरिनी घाट को सामाजिक यथार्थ र आन्चलिकताको आभास यस कृतिका कथाहरूमा पनि पाइन्छ । यसर्थ साहित्यकार कोइरालालाई उर्वर आख्यानकार बनाउन सफल कथाकृतिको रूपमा यसको मूल्याङ्कन गर्न सकिन्छ ।

मुख्य सन्दर्भ ग्रन्थहरू

- शङ्कर कोइराला,सुर्तीको पातमा झुन्डिएको जीवन ।
- शङ्कर कोइराला, बैरिनी घाट ।
- दयाराम श्रेष्ठ, पञ्चीस वर्षका नेपाली कथा ।
- हरिप्रसाद शर्मा, विश्वेश्वरप्रसाद कोइरालाका कथा
- हरिप्रसाद शर्मा, कथाको सिद्धान्त र विवेचना ।

***

जान्छ । यस्तो अवस्था कहिले काँहि मानव जीवनमा आउन पनि सक्छ तर उनीहरूले राति नैनपानिको घरमा भोजनसम्म नगरी औंयारोमा धुलिखेल बजार तिरै आउनु र लप्टन्नी, रुशी आदिलाई भेटी बनेपाबाट काठमाडौं पुग्नुलाई अत्यन्त भावुकतापूर्ण र अपत्यारिलो भन्नुपर्दछ । कतिपए भारतीय सस्ता सिनेमा र उपन्यासको जस्तो कथावस्तुलाई शङ्कर कोइरालाजस्तो २०१८ मै बैरिनी घाट जस्तो उपन्यासको स्तुत्य यथार्थवादी प्रतिभा देखाइ सक्नुभएका प्रतिष्ठित लेखकलाई यस्तो सस्ता र महाजपत्यारिलो कथावस्तुमा आफ्नो औपन्यासिक ऊर्जा खर्च गरेको कति पनि सुहाइएको अनुभव हुन्न । त्यसैले पनि होला 'राँको' ले जतिधेरै उपन्यास, कथा र नाटकको सिर्जना गर्नुभो र त्यसमा पनि उपन्यासका क्षेत्रमा उहाँले जतिधेरै सङ्ख्यात्मक परीक्षणहरू गर्नुभयो त्यसको अनुपातमा उहाँले समीक्षक/आलोचक/समालोचक/र पाठकजगत्-बाट समुचित वास्ता मात्र नपाउनुभएको होइन कैयन किसिमबाट उपेक्षासमेत पाएको देखिन्छ । हुन पनि भनौं हामीलाई एउटा साहित्यिक रचनाको मीठा स्वाद चटाइ/चखाइ सकेपछि पाठकले अवश्य पनि पछिपछि त्यसभन्दा पनि अझ गुणात्मक स्वादको अपेक्षा गरिन्छ । कथं त्यसो हुन नसके तापनि कमसेकम स्वादको पूर्वस्तर घटाइनु हुन्न भन्ने त अवश्यै ठान्छन् । 'राँको'ले यस पक्षमा समुचित ध्यान नपुऱ्याउनु हुँदा धेरै ठूलो नोक्सानी र कुण्ठासमेत पाउनु परेको हुन सक्छ ।

यस उपन्यासका सम्पूर्ण घटनाका कार्यस्थलहरू तीन छन् - (१) बनेपा बजार, त्यहाँका यात्रुहरू र बजारको चहलपहल र साटा सोझा यात्रुलाई पर्ने समस्या, (२) नैनपानि लप्टनको गाउँ, आँप डाँडा र त्यहाँका जिम्मालदेखि जितेजस्ता गरिब कमैया किसिमका कृषकहरूको जीवन अवस्था र (३) काठमाडौं, जहाँ गाउँबाट आउने मान्छे मात्रलाई होइन त्यहीं घर डेरा गरी बस्ने मान्छेको जीवन कति जटिल र महँगो छ सो पनि देखाइएको छ । जस्तो डा.ताना शर्माले एक ठाउँमा भन्नुभएको छ –"ग्रामीण जीवनको माथि प्रस्तुत गर्नु शङ्कर कोइरालाको विशेषता हो ।" (पृ.२०६/नेपाली साहित्यकोइतिहास २०२७/२०३९) यसरी 'राँको' को यस उपन्यासमा पनि मुख्य कार्यथलो काठमाडौं, बनेपा र धुलिखेलसमेत भए पनि मूलमा त काभ्रे पलान्चोकको प्राकृतिक पर्यावरणले झलमलाएको र अत्यन्त श्रमशील ग्रामीण जनजीवनले गतिशीलता प्राप्त गरेको ग्रामीण जीवन नै हो ।

यस उपन्यासको कथानकको एउटा महत्त्वपूर्ण र अन्तिम अंश भवनाथले 'आँपडाँडा' गाउँमै बसी नाटक मञ्चन गर्ने योजना गर्नु र त्यसलाई सफल पार्नु हो । यसको सम्पूर्ण तैयारी त्यसको वर्णन, त्यसमा सामान्यभन्दा सामान्य गाउँलेलाई पनि तालिम दिई पात्रपात्रा बनाउन सक्नु प्रशंसनीय छ र साथै त्यस नाटक मञ्चन, जसको नाम 'गाउँको राजा' राखिएको छ । तर गाउँका राजालाई जति आदर्श र सर्वसाधारण जनताले धेरै मन पराउने भनिएको छ त्यो कतिसम्म यथार्थवादी छ सो छलफलकै विषय छ । तैपनि त्यस गाउँका जिम्मालले पहिले आफूले सामन्ती शोषण विविध रूपले गरे पनि २००७ सालको प्रजातन्त्र आइसकेपछि त्यसमा आमूल सुधार चेतना ल्याई गाउँका गरिबहरूलाई जग्गा बाँडने तम्सुक मिनाञ्जा गरिदिने आदि सुधारवादी बाटोमा हिँडेको देखाइएकाले र त्यस्तो नाटक देखाउँदा पनि जिल्ला बडाहाकिमले पक्रन पठाई नाटक बन्द गरिदिएकाले लेखकले तत्कालीन पञ्चायती व्यवस्थालाई र त्यसका सिपाहीहरूलाई 'यमदूत' को संज्ञा दिनुभएको छ । (पृष्ठ १०३) अनि सरकार र प्रशासनको पनि पृ.१०४ मा आलोचना गर्नुभएको छ । यसै अंशले उपन्यासकारको भित्र हृदयमा विराजमान प्रजातन्त्रवादी जन उन्मुख व्यवस्थाको पक्षमा उभिने प्रष्ट सङ्केत गर्दछ । तसर्थ यसको खुला हृदयले प्रशंसा गरिनुपर्छ, विशेष गरी २०२७ साल अघि र पछिको नेपालमा निर्दलीय निरङ्कुशतावादी राजनैतिक पर्यावरणलाई दृष्टिगत गर्दा त्यहीं सन्दर्भमा उक्त वातावरणले गर्दा पञ्चायत व्यवस्थाप्रति बुद्धिजीवीहरूको निराशा छ भन्ने कुरा पनि उहाँले खुलारूपमै भन्न (पृ.१०९) पछि पर्नुभएको छैन । यसले लेखकको गुप्त साहसलाई समेत देखाउँछ ।

'शङ्कर'लाई यस उपन्यासमा आफ्नो विषयवस्तुबारे गम्भीर रूपमा सोच्ने, बरोबरअडिँदै दायाँबायाँ हेर्दै, अनेक मीठामीठा कल्पना गर्दै

शब्दहरूलाई कुँदने र बीचबीचमा पात्रका गहिरा अनुभूतिहरूलाई उछिन्ने आदि कुरामा विशेष चासो देखिन्न र उहाँलाई आफ्नो निरिचत प्लटका आधारमा आफ्ना पात्रपात्राहरूलाई जतिसक्यो छिटोछिटो दगुराउने मात्र ज्यादा व्यग्रता देखिन्छ, बाखा चराउने गोठालाले तिनलाई आफ्नै अनन्दमा रामारामा हरियालीमा बिस्तारोबिस्तारो चर्न दिनुको सट्टा जतिसक्यो छिटो चराई घर फर्काउनुजस्तो । यस हतारोले उहाँको कृतिलाई चाउरिएको र निचोरिएको देखाउँछ। यहाँनिर लेखकको सबभन्दा ठूलो असावधानीले एउटा गम्भीर आदत नै बनाएको अनुभव हुन्छ । तर उहाँले सावधान बनी लेखन गर्दा कैयन राम्रा शब्द चयन पनि हुने गर्दछन् भन्ने पनि प्रष्ट हुन्छ । जस्तै 'कलीलो घामको ततोरातो सर्वत' (पृ.७८) 'टाउको तकियाको' (पृ.८४) इत्यादि ।

अब हामी चर्चा गर्न थाल्ने उहाँमा यस किसिमका कमजोरी आउनमा केके वा कुनकुन आधारभूत कारण बने होलान् । यो मेरो सामान्य अनुमान हो । यसमा पाठकवर्गको फरक मतमतान्तर पनि हुन सक्छ । ती कुराबारे जब उहाँको विराट् जीवनी लेखिने छ तब मेरा अनुमानहरू कति वस्तुगत रहेछन् र कतिचाहिँ आत्मगत वा मनोगत मात्र रहेछन् भन्ने प्रष्ट हुनेछ । यस उपन्यासमा लेखकले एउटा कथावस्तुभित्र दुइटा कथाको कल्पना हालेर दुई भिन्नाभिन्नै कुरा देखाउन खोजेको देखिन्छ र दुबैमा यथार्थताको भन्दा भावुकता र अत्यन्त अयथार्थ सन्योगका कथा हालेर कथाको अन्त गरिएको छ। अनि अज्ञान र अनिर्णयबस् मुख्यपात्रले 'नदुखेको कपाल' दुखाएको देखाइएको छ । यसरी यसमा वस्तुगतताको निकै ठूलो अभाव रहन गएको छ भन्न सकिन्छ ।

लेखकलाई क्रमिकरूपले खाँदै लैजान कुनै पनि लेखकले लेखनभन्दा अध्ययन धेरै गर्न नसके पनि कम्तिमा बराबर समय अध्ययनलाई दिने गर्नुपर्दछ । त्यसरी उत्तिउत्ति समय दिन सकिएन भने पनि उसले आफ्नो लेखन समयको ३/५ चौ भाग समय त पक्कै पनि दिन सक्नुपर्ने हो तर शङ्करजीको यस सूत्रप्रति गम्भीर ध्यान नपुगेको देखिन्छ। त्यस्तै कुनै पनि लेखकले आफूलाई चिन्न, सच्याउन, परिष्कृत पार्न र प्रतिभाको ज्योति उद्घाटित गर्न कम्तीमा पनि आफूभन्दा धेरै जान्ने, नभए पनि बराबरका समझदार विद्वान्हरूसित बरोबर विचार विमर्श गर्नुपर्छ र लेखनकार्यबारे आदानप्रदान गर्दै रहनुपर्ने हुन्छ । यसमा पनि शङ्करजीबाट धेरै उपेक्षा भएको वा जानीजानी मतलब नराखेजस्तो अनुभव हुन्छ ।

तेश्रोकुरा, प्रत्येक लेखकले आफूलाई अन्दाज गर्न आफ्ना पाठक, शुभचिन्तक, र जतिसुकै गैरजिम्मेवार समीक्षक भए पनि उसको समेत टिप्पणी, सुझाव, र मार्गदर्शनमाथि गम्भीर र गहनरूपले आत्मचिन्तन गर्दै उचित सागेका कुरामा सुधार गर्न थालिहाल्नु अत्यन्त लाभप्रद मानिन्छ। यस क्षेत्रमा पनि उहाँले त्यति धेरै ध्यान दिनुभयो होलाजस्तो लाग्दैन । चौथो कुरा, प्रत्येक मानिस चाहे त्यो जस्तोसुकै असाधारण, क्षमता, योग्यता, प्रतिभा र शक्ति सम्पन्न नै किन नहोस्, उसले पनि समाजसित बढो समता, मर्यादा, र विनम्रतापूर्वक आदानप्रदान गर्नैपर्छ। त्यसरी सम्बन्ध राख्ने गरेमा उसका कमी, कमजोरी, दुःख, पीडा र दुर्भाग्यहरूमै पनि बढी हतुहो हुँदै जान्छन् । तर सम्भवतः शङ्कर कोइरालाले यस सूत्रलाई पनि धेरै अंशमा ख्याल राख्न सक्नुभएन होला र उहाँ आजीवन चाहिनेभन्दा धेरै प्रताडित हुनुभयो होला भन्ने लाग्छ। तसर्थ, यस घडीमा म साहित्यक्षेत्रका सम्पूर्ण प्रतिभा सम्पन्न, उदीयमान, नारी एवम् पुरुष साहित्यकारहरूलाई अनुरोध गर्छु : शङ्कर कोइराला र उहाँजस्तै जीवनमा साहैसाहै ठगिनु भएका तर मानौं कसैप्रति पटकै गुनासो नगरी साहित्य साधनाको आफ्नो महान् लक्ष्यमा अनवर तरूपले सतप्रतिसत समर्पित हुनु आजका निष्ठावान् नारी तथा पुरुष साहित्यकारको जतिसक्यो छिटो, सुरूमा सानोसानै भए पनि अनुसन्धानमूलक, अत्यन्त यथार्थवादी एवम् विश्लेषणात्मक जीवनी लेख्ने अभियानै चलाउनोस् ।

त्यस्तै अझ म विशेष अनुरोध ती 'प्रगतिवादी/ वा प्रगतिशील/ वा जनमुखी, देशभक्त, प्रजातन्त्रप्रेमी, स्वाभिमानी प्रत्येक साहित्यकारलाई करजोरी बिन्ती गर्दछु : हामीहरू पुराना र आजका नयाँ शङ्कर कोइरालाजस्तो वास्तविक श्रमशील कठोर जीवनसङ्घर्ष गर्दै अत्यन्त कर्तव्यपरायण

अङ्गीकार गरे पनि यिनले चरित्रप्रधान र व्यङ्ग्यात्मक शीर्षकचयनमा कमै रूचि लिएका छन् । व्यक्ति, वस्तु, पदार्थ, स्थान, भाव आदिलाई शीर्षकको रूपमा प्रयोग गर्ने कथाकार कोइरालाले **स्वभाव गएन** र **हुरीकै ऊ भाई, हुरीकै ऊ गई** दुई वाक्यात्मक कथा शीर्षकमाहेक पद र पदावलीलाई शीर्षकमा प्राथमिकता दिएका छन्। शीर्षकचयनमा कलात्मक सौन्दर्य र आकर्षण नभए पनि सरलता र अभिधात्मक अर्थसापेक्ष कोइरालाका कथाशीर्षकका विशेषता मानिन्छन्। यिनले आफ्ना कथामा सार्थक शीर्षकको प्रयोग गरेर कथासंरचनाको सरलतामा जोड दिएका छन् ।

कोइरालाका कथाको कथानकमा रैखिक ढाँचाको अवलम्बन पाइन्छ तापनि त्यहाँ आदि मध्य अन्तको युक्तियुक्त निर्वाह पाइँदैन । यिनका कथानकले आदर्श कथानकका निमित्त आवश्यक प्रारम्भिक पृष्ठभूमि, द्वन्द्व-विश्लेषण, चरमोत्कर्ष र परिसमाप्ति अर्थात् ग्रन्थि विनियोजनजस्ता धर्महरूको निर्वाहलाई समायोजन गर्न सकेको देखिँदैन । घटनाको सरलता, संक्षिप्तता, वर्णनात्मक तथा मनोवैज्ञानिक समायोजन र स्थानीयताको प्रतिबिम्ब यिनको कथानक योजनाका मूलभूत विशेषताहरू हुन् ।

कोइरालाका कथापात्रहरू राष्ट्रिय परिवेशमा निर्मित छन् । धेरै बाहिरी (तराइ-अन्तर्राष्ट्रिय) परिवेशलाई महत्त्व दिए पनि यिनका कथापात्रले विशेष गरी उपत्यका र पहाडी क्षेत्रको प्रतिबिम्ब दिएका छन्। आर्थिक, सामाजिक, शैक्षिक तथा बौद्धिक दृष्टिले तल्लो वर्गको प्रतिनिधित्व गर्ने नेपालीलाई कथाकार शङ्कर कोइरालाले आफ्ना कथामा पात्रको रूपमा उपस्थापन गरेका छन् । यिनका कथापात्रहरू गतिशीलतामा भन्दा यथास्थितिमा बढी विश्वास गर्दछन्। यिनले आफ्ना कथामा पात्रको चरित्रचित्रण गर्दा प्रत्यक्ष तथा नाटकीय दुवै विधिको प्रयोग गरेका छन् र यसमा तद्रूपताको समायोजन गर्न एकरूपता र अभिप्रेरणालाई महत्त्व दिने काम पनि भएको छ। त्यतिमात्र होइन, सामाजिक, मानसिक र मानवीय अनुभूतिको विकास गरी पात्रको चरित्रलाई यथार्थ र सजीव बनाउने प्रयत्न भएको छ तापनि यिनको चरित्रचित्रण अन्य सामाजिक कथाकारहरू मैनाली, सम, पुष्कर र रमेश विकलको जस्तो सौन्दर्यमय र सजीव बन्न सकेको छैन। स्थानीय र समस्यामूलक चारित्रिक विशेषताहरूले कोइरालाका कथामा स्वभाविक स्थान प्राप्त गरेका छन् । यिनका कथापात्रहरू गतिशील हुनमा भन्दा स्थिर वा यथास्थितिवादी रहिरहनुमा विश्वास गर्दछन् ।

कोइरालाका कथामा दृष्टिबिन्दुका आन्तरिक र बाह्य दुवै पद्धतिको समानुपातिक प्रयोग पाइन्छ (कोइराला,:२०४२:२१-२६)। यिनका कुनै कथामा आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ (कोइराला, २०४२ :५४-५७) भने कुनै कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ (कोइराला,:२०४२:५८-७१) । आन्तरिक र बाह्य दृष्टिबिन्दु पात्रलाई छुट्टाछुट्टै कथामा समान महत्त्व दिए पनि दृष्टिबिन्दुको समान प्रयोग भएका कथाहरू बढी सफल देखिन्छन् । (कोइराला,:२०४२:५८-६७) । **सुर्तीको पात, उसको विराम, डा.सुरेश, उन्मुखि, स्वास्नीको भाग, मुढेसकामको उत्तरदायी, एउटा हास्य कथा, मौना, आडम्बर, अकारण, विचित्र अनुभव, पोइल** आदि कथामा बाह्य (तृतीय पुरुष) दृष्टिबिन्दु पात्रको प्रयोग गरिएको छ भने यिनका म **आफै एउटा कथा, विश्वासघात, पम्बतत्त्वको बुराक, ह्माङ्गो, एउटा कलाकारको आत्मकथा, आकाङ्क्षा** आदि कथा आन्तरिक (प्रथम पुरुष) दृष्टिबिन्दुमा लेखिएका छन् । कोइरालाका **विश्वासघात, सुधार, भानेमुन्नो, खुला दिल, अशान्ति, दृष्टिदोष, प्रेम र जीवन, दृष्टिको भिन्नता, स्वभाव गएन, हुरीकै ऊ भाई, हुरीकै ऊ गई, काम र नाम, म पापिनी, मितिनी मछिनी** आदि कथाहरूमा आन्तरिक तथा बाह्य दृष्टिबिन्दु पात्रको समानुपातिक प्रयोग पाइन्छ (कोइराला, :२०४२:२०२-२०५)। तसर्थ कोइरालाका कथाको दृष्टिबिन्दु प्रयोग सीमित नभएर व्यापक रहेको छ। यिनले आफ्नो दृष्टिबिन्दु प्रयोगमा बाह्य र सीमित दृष्टिबिन्दुलाई भन्दा बाह्य र सर्वदर्शी दृष्टिबिन्दुलाई महत्त्व दिएका छन् भने आन्तरिक र परिधीय दृष्टिबिन्दुलाई भन्दा आन्तरिक र केन्द्रीय

पाण्डुलिपिका प्रतिहरू बाहेर आगो सन्काउँछे । यस कथामा कथाकारले लेखकले बेहोर्नुपर्ने दयनीय आर्थिक समस्यालाई स्वभाविक रूपमा उद्घाटन गरेका छन् । कोइरालाका **बतासलाई छरो, घेराउ, दृष्टिदोष, अशान्ति** जस्ता कथाहरू पनि आर्थिक समस्याबाट जन्मिएका असङ्गत वृत्तिहरूका उदाहरण हुन् (कोइराला, २०४२ : १२९-१३६) । यिनका धेरैजसो कथाहरूले कथानकभित्र आर्थिक समस्या र तत्जनित पीडा तथा त्यसबाट हुने परिणामलाई विषयवद्ध गरेका छन् ।

कथाकार राइर कोइरालाका कथा पात्रहरू आर्थिक सामाजिक र शैक्षिक दृष्टिले पिछडिएका छन् । यिनका सबैजसो कथामा गरिब, अशिक्षित, अपहेलित, तल्लो तहका जागिरे व्यक्तिहरूले महत्त्व पाएका छन् । विशेष गरी पहाड र उपत्यकाको भौगोलिक परिवेशमा जीवनयापन गर्ने पात्रहरूले कोइरालाका कथामा क्रियाशील, परिवर्तनशील र सङ्घर्षशील चरित्र प्रदर्शनलाई भन्दा परिस्थिति र यथास्थितिसँग पराजीत हुनुलाई स्वगुण ठानेका छन् र यिनका पात्रहरू कम विवर्त र बढी तटस्थ छन् । यस दृष्टिले कोइरालाको **'सुर्तीको पात'** कथासङ्ग्रहका सबैजसो कथा उदाहरणीय छन् ।

सुर्तीको पात कथाको सानुराजा आफूलाई गाँजासुर्तीको नशाले अशक्त बनाउँदा पनि पछुतोबाहेक कुनै अर्को सोचमा लाग्दैन । छोरीको भविष्य बिग्रिएकोमा आफैंलाई जिम्मेवार ठान्नु मात्रै यसको प्रायश्चित देखिन्छ । **बिराम** कथाको जनक यस्तै शोषण, अन्याय र परिस्थितिबाट बिवश बनेर घर पर्किन्छ । **डा.सुरेश**को डाक्टर आफू डाक्टर भएर पनि परिस्थितिकै दास बनेको छ । **पम्बतल्लको बुराक** कथामा गरिबीले आक्रान्त कर्मचारी कथापात्र परिस्थितिको असह्य पीडामा परेर श्रीमती गुमाउनु पर्ने अवस्थामा पुग्दा पनि परिस्थितिलाई सहनुबाहेक नयाँ सोच लिन सक्दैन । **उन्नुसिं राउत** कथाको उन्नुसिं त गरिबीसँग परास्त भएर आत्महत्या नै गर्न पुग्छ । **स्वासनीको लाज** कथामा आर्थिक दयनीयताका कारण स्वासनीबाटै लाजमर्दो खाँपर हेर्ने उमेशनाथ आफ्नै अकर्मण्यता र लाचारीलाई घृणा गर्दछ र लाचारीमै पनि प्राप्त पत्नीको प्रेमलाई सर्वस्व ठानी यथास्थितिको जीवन जिउन विवश हुन्छ । कोइरालाका **आकाङ्क्षा** र **अतीत** र **वर्तमान** कथा पनि यथास्थितिको पीडादार्क परिणामहरू छन् । यिनका प्रायः पुरुष कथापात्र स्थिर छन्, यथास्थितिका सिकार छन् । यिनका कथामा केही नारी पात्रहरूले भने परिवर्तनशीलता, विद्रोह र जीवनसङ्घर्षलाई **स्व र परबको रूपमा** स्वीकारेका छन् । यस दृष्टिले यिनका 'म आफै एउटा कथा', स्वासनीको लाज', कथा बढी उदाहरणीय छन् । यी कथाहरूमा नारी पात्रहरू विमला र प्रवीना लोग्नेमानिसको अकर्मण्यता र यथास्थितिवादका विरुद्ध सङ्घर्ष गर्छन् । परिस्थितिसँग जुझेर जीवन जिउन सफल हुन्छन् । विमला सङ्घर्ष गरेर छोरीलाई सफल बनाउँछे भने प्रवीना नोकरी गरेर जिउन सफल हुन्छे ।

'सुर्तीको पात' सङ्ग्रहमा सङ्कलित धेरैजसो कथामा कथाकारले तात्कालिक सामाजिक-आर्थिक जीवन सङ्घर्ष, र समस्यालाई महत्त्व दिए पनि ती कथाहरूमे पात्रको संवेदनशील मानसिक स्थितिको अध्ययनलाई पनि कथावद्ध गरेका छन् । यस सन्दर्भमा यिनका कथामा प्रेमप्रसङ्गले बढी महत्त्व पाएको छ । **आडम्बर, मौना, एउटा कलाकारको आत्मकथा, पोइल, पूर्ण व्यक्ति, प्रेम र जीवन, हरीकै ऊ आई, हरीकै ऊ गई, उराठिलो यौवन, निम्ताजस्ता** कथामा कथाकारले प्रेमको मर्मलाई कथामूल्य दिन खोजेको देखिन्छ भने **मितिनी बहिनी, अतीत र वर्तमान, हर्षुशेको घाउ, अनुभव, वासना** आदि कथामा जीवनको वासनात्मक पक्षले पनि महत्त्व पाएको छ । (कोइराला,२०४२:१९१-१९२) । कथाकारले आफ्ना कथामा प्रेमका आदर्श पक्ष र वासनात्मक पक्ष दुबैलाई विषयवद्ध गरेका छन् ।

'सुर्तीको पात' रचनामा सङ्कलित कथाहरू सौन्दर्यको उचाइका दृष्टिले सामान्य छन् तापनि कथाकारले कथा संरचा र रूपाधानमा समन्वय कायम गर्ने प्रयत्न गरेका छन् यिनले आफ्ना कथामा शीर्षकचयनको सरलता र विविधतामा विश्वास गरेका छन् । कोइरालाका कथा शीर्षकहरू विशेष गरी प्रत्यक्ष अर्थसापेक्षमा प्रयुक्त छन् भने सरल पनि छन् । शीर्षकचयनको परम्परागत विधिलाई

साहित्यिक जीवन बिताउँदै आएका साहित्यकारहरूको जीवन र साहित्य पढ्दै र तीबारे प्रमाणमा आफ्ना खुला विचार र भावनाहरू व्यक्त गर्ने कसिमा पनि ५ वर्षे अभियान सञ्चालन गरी किनभने हामी प्रगतिवादीहरू नै पनि, अपवाद केही सीमित व्यक्तित्वहरूलाई छोडी, धेरै जसो भाषण र लेखन जति गर्छौं, त्यस अनुपातमा राइर कोइरालाजस्ता जीवन सङ्घर्षको अग्निपरीक्षामा खरिएका अत्यन्त पवित्र र महानतातिर उन्मुख व्यक्तित्वलाई व्यक्तिगतरूपदेखि साहित्यिकरूपसम्म गहनरूपमा अध्ययन गरी तिनका कमजोर र गलतपक्षबाट सचेत सजग हुने र प्रबल र सही पक्षबाट आफू र आफ्ना वैचारिक संसारलाई प्रेरित गर्ने कममा धेरै पछाडि नै छौं । हामी खाली आफूसित भिन्दा विचारकालाई उनको जीवन जतिसुकै सामान्य र अनेक त्रुटि कमजोरीले भरिएको भए पनि सहाना गर्न गाह्रो मान्दैनौं तर आफ्नो विचारसित नमिल्नेको जीवन जतिसुकै सङ्घर्षशील र तप्त भए पनि कम महत्त्व दिई उपेक्षा गर्छौं । यस सङ्कीर्णताबाट हामीले माथि उठ्नै पर्छ र म ठान्छु सबभन्दा पहिले कुनैपनि लेखकको महान् सङ्घर्षरूपी जीवनलाई आदर, सम्मान र सकेसम्म धेरै मर्यादा गरौं । त्यसपछि उनका विचारपक्षबारे पनि लायक, गहन, सहानुभूतिपूर्ण, समभावले अध्ययन, चिन्तनमनन गर्दै विचार विमर्श गरौं । नेपालका कुनै पनि भाषामा लेख्ने साहित्यकारबारे हामीले यो मापदण्ड अँगाल्यौं भने अझ धेरैधेरै जनमुखी साहित्यकार भेट्ने छौं र खाली वैचारिक समानता राख्ने तर असाधारण जीवन सङ्घर्षको कीर्तिमान कायम गर्ने बाँकी साहित्यकारहरूलाई पनि अझ ठूलो अस्तित्व र जीवन सङ्घर्षको अग्निपरीक्षामा दिन हामी प्रोत्साहित गर्न सक्ने छौं ।

वैचारिकरूपले राइर कोइराला अवश्य पनि कैयन अंशमा सुधारमूलक सामन्तवादी एवम् पूँजीवादी दृष्टिकोणका साहित्यकार हुनुहुन्छ तर उहाँले आफ्नो जीवन सङ्घर्षमा जति ठूलो तपस्या गर्नुभएको छ त्यसले उहाँमा धेरै ठूलो र व्यापक जनमुखी चिन्तन र आक्रोस पालेको हुनुपर्छ भन्ने मेरो सामान्य अनुमान छ । हेरौं, उहाँजस्ता साहित्यकारहरूको जीवनले मोलिको अध्ययनमा के के नयाँ कुराहरू स्थापित गर्दा रहेछ ।

त्यस्तै राइर कोइरालाको अर्को ठूलो कमजोरी मलाई के हो जस्तो लाग्छ भने उहाँले झण्डै सुरुदेखि अन्तसम्म जे मनमा आयो त्यही लेख्ने तर त्यो आफ्नो विचारबारे नै अध्ययन, चिन्तन, मनन गर्ने र सो विचारलाई कसरी बढी सौन्दर्यमूलक र सुन्दर बनाउनुपर्ला भनी मनन नगर्ने गर्नुभएको छ । अनि उहाँले त्यसरी सरासर जे मनमा आयो त्यही लेख्नुको सट्टा आफ्नो सामाजिक, दार्शनिक, राजनैतिक दृष्टिकोण पनि बनाउँदै लैजानुपर्छ, आफ्नो दृष्टिकोणमा एकदम सुस्पष्ट, सुदृढता, व्यापकता, गहनतम, र अनुभवजन्य मार्मिकता पनि ल्याउने पर्छ भन्ने कुरामा ध्यान दृष्टि दिनुभएको भए उहाँ एउटा कोरा व्यवहारवादी कृषकजस्तो जसलाई जीवनको सैद्धान्तिक र वैचारिक अनुभवसित कुनै मतलबै हुँदैन, हुनुहुने थिएन । त्यसैले उहाँको विचार र कसामासमेत सन्तुलन भएन । जुन लेखक २०१८ सालमै **बैरिनी** घाटजस्तो उन्नत उपन्यास लेख्न सक्छ उसले दर्जनौं उपन्यास लेख्या पनि यी आलोचक र गम्भीर पाठकहरूबाट उपेक्षा पाउने गर्छ ? तसर्थ विशेष गरी उदयीमान साहित्यकारहरूले र अझ साहित्य लेखनको इतिहासमा पाउ टेकिसक्नुभएका ती साहित्यकार हरूले पनि गम्भीररूपले विचार गर्नुपर्छ । किन उहाँजस्ता साहित्यकारहरूमा सङ्ख्यात्मकताको मात्रै बढी विकास हुँदै आएको छ तर त्यस अनुपातमा गुणत्मकताको विकास भएको छैन ? जीवन ज्यादैज्यादै महँगो भएकाले हामीले नसोची, नविचारी काम मात्रै गर्नु पर्याप्त हुँदोरहेनछ र जीवनको अन्तिम खुडकिलोमा समेत सिक्ने, आफूलाई बदल्ने, उन्नत पार्ने र वैज्ञानिक विचार र सीप सौन्दर्यले सैरा पार्ने केही न केही गुन्जाइस अवश्य हुने हुनाले त्यसतिर सघनरूपले ध्यान दिनु आवश्यक रहेछ भन्ने कुरा म निवेदन गर्न चाहन्छु । साथै मानव मात्रको जीवनमा सच्चरित्रता, निष्ठा, कर्तव्यपरायणता, सत्य र न्यायप्रतिको सङ्घर्षशीलता र देखकोटाको भाषामा भन्दा 'आफू मेटाई अरूलाई दिनुजस्तो सुख' केही नहुने हुनाले त्यस्ता साहित्यकारलाई हामीले साह्रै श्रद्धा, आदर र सम्मान गर्नुपर्छ चाहे हाम्रो र उनका कैयन विचार आकाश पाताल्कै फरक किन नहोस् ।

२०५८।२।२१।, *कालिकास्थान,*

-काठमाडौं

***

✍ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

'पिशाच डाक्टर'को शल्यक्रिया

नेपाली साहित्यको गद्यविधामा पनि विशेषतः उपन्यासकारका रूपमा परिचित स्व. शङ्कर कोइरालाले नेपाली साहित्यलाई कथासङ्ग्रह र उपन्यास गरेर ४२ वटा र २ वटा नाट्यकृति छाडेर गएका छन् । बैरिनीघाट आन्चलिक उपन्यासका लेखकका रूपमा बहुचर्चित उपन्यासकार शङ्कर कोइरालाका भुस्याहा, म पिउन अघवारको जस्ता कृतिहरू पनि पाठकीय दृष्टिले कम मूल्य र महत्ताका होइनन् । तर उपन्यासकार कोइरालाको बैरिनीघाट उपन्यासबाहेक अन्य कृतिहरूको आजपर्यन्त साङ्गोपाङ्ग मूल्याङ्कन हुन सकेको छैन ।

वि.सं.२००३ सालमा 'शारदा' मा **बुढो** शीर्षकको कथा छपाएर नेपाली साहित्यमा प्रवेश गरेका कोइरालाका रचनाहरू विशेषतः कथाहरू उद्योग, प्रगति, धरती, रूपरेखा, रत्नश्री, मधुपर्क, गोरखापत्र, गरिमा आदिमा यथेष्ट छपिएका छन् । तिनै उपन्यासकार कोइरालाले आफ्नो नामबाहेक उपनामले पनि रचनाहरूको सृजना गर्ने भन्ने कुरा साहित्यका कमै पाठकहरूलाई जानकारी होला । **आङ्गाबाटे कान्छो** उपनामले कथा एवं उपन्यास लेख्ने स्व. कोइरालाले सोही उपनामबाट सृजना गरेको औपन्यासिक कृतिको नाम हो **पिशाच डाक्टर**। उपन्यासको आवरणमा उपन्यासको शीर्षक **पिशाच डाक्टर** लेखिएको भए तापनि भित्री पृष्ठहरूमा उपन्यासको शीर्षक **पिशाच डाक्टर** या **रहस्यमय क्लिनिक** भनेर उल्लेख गरिएको छ । यसरी आवरणमा अधुरो र भित्री पृष्ठहरूमा सानो शीर्षक दिइनुको कारण कृतिमा कहीं कतै उल्लेख गरिएको पाइन्न । त्यसका साथै नवीन प्रकाशन, वाराणसीद्वारा प्रकाशन गरिएको यो पुस्तकमा प्रकाशनको तिथिमिति कतै उल्लेख गरिएको छैन ।

कथावस्तुका दृष्टिले औपन्यासिक साहित्यमा केही गौलोपन दिने प्रयत्न भए तापनि त्यो विश्वसनीय, पठनीय वा यथार्थपरक बनेर प्रस्तुत हुन सकेको छैन । कथानकको प्रस्तुतिले प्रकाश कोविदको शैली र सस्ता किन्दी उपन्यासमा पाइने यौन र समागमको विषयगत एवं भाषागत घेरालाई अँगालेको पाइन्छ । उपन्यासको मुख्य पात्र दिनेश आफू जवान पछि भएर पनि घरमा बैसले हुरहुर सन्किरहेकी अँगालोभरिकी बैसानु स्वास्नीलाई छाडेर एउटा कृत्रिम भग भाँडोमा आफ्नो उत्तेजना फान्छ र डाक्टर किशोरबाट सय डेढसय रकम बुझेर यौवनको तिर्खालाई सही ठाउँमा पोखेको मतिभ्रम पान्छ । उता उसकी श्रीमती लतिकामा स्वाभाविक यौनउत्तेजनाका भाव ताउरमाउर गरिरहेका हुन्छन् । लोग्नेसँगको सहबासबाट मैचाको जस्तै, मजुरीको जस्तै एउटा धुतुमुने छोरो जन्माएर काखभरि खेलाउने लतिकाको रहर छ तर नारीसुलभ लज्जालाई त्यागेर कृत्रिम भगमा रमाउने लोग्नेलाई ऊ बसैले अँगालोमा बेरेर बिछ्यौनासम्म न्याउन सक्दिन । त्यसैले नागिएर र छिन्लिएर मजुरी र मैचाले गरेका रतिराग र समागमका आवरणहीन संवादहरूबाट चाहेरै नचाहेरै ऊ तृप्त हुन खोज्दै अझ बढी छटपटिन्छे । यही रतिराग र सम्भोगलम्पटहरूकै कहानी उपन्यासको प्रत्येक अधिन्नो मोडमा देखापर्छ चाहे त्यो सविता होस् वा मैचाको पोइको प्रसङ्ग नै किन नहोस् । यसरी रागप्रधान रहेको उपन्यास **पिशाच डाक्टर** ले सम्भोगको समाधि तोड्न र छोड्न चाहेको पनि छैन र सकेको पनि छैन ।

तर ढुङ्गलन्ठक र पुरुष वेश्या भन्न सुहाउने दिनेश समागमका लागि आफ्नी श्रीमतीलाई तड्पाएर आफ्नो पुरुषत्व शरीरका भोका आइमाईहरूलाई बेचेर त्यसैमा शारीरिक सन्तुष्टि अनुभव गर्दै चार पैसा स्वास्नीको हातमा फालेर

कथाहरूमा सामाजिक पारिवारिक समस्याले महत्त्व पाए पनि पात्रको मानसिक जीवन र इन्द्रलाई सरलता र सफलताका साथ अभिव्यक्त गरिएको छ (कोइराला, २०४२: २३३-२३४) ।

उसको बिराम कथामा जनक मालिकको इमानदार र आज्ञाकारी नोकर हुन्छ । यसैमा सन्तोष गर्दा ऊ हृष्टपुष्ट हुन्छ । यही सन्तुष्टि तरुनी छोरीको बाबु बूढो मालिकलाई सहिनसक्नु हुन्छ र तलब काटेर्न नपाइने नोकरीबाट पनि अप्रत्यासित रूपमा जनक निकालिन्छ । उक्त कथामा यस सामाजिक समस्यालाई अत्यन्त सरल ढङ्गमा नाटकीकरण गरिएको छ । कथापात्रका तर्फबाट कथाकार प्रश्नार्थक निष्कर्ष दिन्छन्-'उसले बुझ्यो - सन्तोषी र सोझो हुनु नै उसको बिराम थियो । मीठो खान र राम्रो जङ्घाउरी लाउन पाएर मोटोघाटो गुन्डो भएको देखिनु नै उसको बिराम थियो- तरुनी छोरीहरू भएको घरमा ?'(कोइराला, २०४२: ८) ।

कोइरालाका कथाले कथानक चयनमा दैनिक जीवनमा आइपर्ने पारिवारिक सङ्घर्ष र समस्याहरूलाई बढी महत्त्व दिएका छन् । यिनका कथाको घटनामा सामाजिक शोषण, सहरी विकृति, परम्परागत संस्कार, राजनीतिक सन्दर्भ, विपत्ति, कर्मचारीको समस्या आदिले आवश्यक ठाउँ पाएका छन् तापनि आर्थिक समस्याले सर्वोपरि महत्त्व पाएको छ । यिनका कथा विशेष गरी विपन्न जीवनको स्वाभाविक चित्रणमा सफल देखिन्छन् । यिनको पहिलो कथा **सुर्तीको पातमै** पनि कथापात्र सानुराजाको उत्तरार्धको जीवन आर्थिक दृष्टिले दयनीय देखिन्छ भने यसले सामाजिक समस्या पनि खडा गरेको छ । आर्थिक विपन्नता र गाँजा-सुर्ती सेवनले अशक्त जीवनकै परिणामस्वरूप अविवाहित छोरी सम्राको जीवन र आफ्नै जीवनप्रति पनि सानुराजा पछुतो गर्न पुग्छ । **सुर्तीको पात** कथामा समाको चाहना, सानुराजाको अवस्था र पत्नीको अप्रत्यासित निधनले उसमा आइपरेको पारिवारिक समस्यालाई सहज रूपमा अभिव्यक्त गरिएको छ । यस सन्दर्भमा सानुराजा र समाको आर्थिक दयनीयताको यथार्थ पनि स्वाभाविक रूपमा प्रस्तुत छ (कोइराला, २०४२ :४) ।

कोइरालाको **उसको बिराम**, **डा.सुरेश**, **म आफै एउटा कथा**, **पन्चतत्त्वको बुराक**, **बाँच्नु परेको छ**, **काम र नाम**, **बतासलाई छारो**, **आकङ्क्षा**, आदि कथाहरूमा पनि घटनाको विषयका रूपमा आर्थिक समस्यालाई महत्त्व दिइएको छ । **उसको बिराम** कथामा जनक आर्थिक समस्याले गर्दा स्वास्नी नक्कलीलाई छोडेर जागिर खान जान्छ । मालिकले उसलाई बिनाबिराम निकालिदिन्छ । थप जटिल आर्थिक समस्या बोकेर ऊ घर फर्किन बाध्य हुन्छ भने आफू डाक्टर भएर पनि **डा.सुरेश** कथाको घर व्यवहार आर्थिक दृष्टिले अथालिइ भएको छ । **म आफै एउटा कथा** की विमला स्वतन्त्रता, प्रेम र खासगरी आर्थिक अनियमितताकै कारण कारावासको दण्ड बेहोर्न पुग्छ । **पन्चतत्त्वको बुराक** कथाको जागिरे आर्थिक दृष्टिले विपन्न छ । उसले सानो घरको चुहुने छानोसम्म टाल्न सकेको थिएन । उसकी श्रीमती भक्तिन लागेको घर, चुहुने थोरी छानो र भोको पेटको चिन्ताले बेचैन थिई । यस्तै विक्षिप्त अवस्थामा घर भक्तिएर उसलाई किच्यो । उसले कुनै सहारा पाइन । गरिबीलाई भन्दा मृत्युलाई नै उसले प्रिय ठानी (कोइराला, २०४२ : ३२) । कथाकारले यस कथामा आर्थिक विपन्नताको दयनीय स्थितिलाई समुपस्थापित गरेका छन् ।

स्वास्नीको लाज कथामा उमेशनाथलाई आर्थिक समस्याकै कारणले प्रवीनादेखि लाज लाग्छ । आर्थिक समस्या समाधान गरेर लाज बचाउन नसक्ता उमेश आफै र आफ्नै जीवनलाई घृणा गर्न बाध्य भएको छ । (कोइराला, २०४२ : ८९) भने **बाँच्नु परेको छ** कथाको अजय र उसको परिवार भोकभोकै बस्न विवश देखिन्छ । यसैगरी **उन्मुक्ति राउत** कथाको पात्र उन्मुक्ति आर्थिक समस्याबाट उत्पन्न घरपतिको अपमान सहन नसकी एकाबिहानै डेराबाट भागेर रानीपोखरीमा आत्महत्या गर्न विवश हुन्छ भने **आकङ्क्षा** कथाको जागिरे लेखकको गरिबीको कथा अझ दयनीय छ । लेखक स्वास्नीको दबावले उपन्यास लेख्छ- आर्थिक समस्या समाधान गर्न तर स्वास्नी दाउरा नसल्किएर लोग्नेले लेखेको उपन्यासका

✍ डा. हरिप्रसाद शर्मा

शङ्कर कोइरालाको 'सुर्तीको पातमा झुन्डिएको जीवन'को सौन्दर्यात्मक समीक्षा

साहित्यकार शङ्कर कोइराला (१९८७-२०५४) सामाजिक यथार्थवादी आख्यानकारका रूपमा परिचित छन् । यिनको आख्यानकारिता सरल, सरस र नेपाली जीवनसापेक्ष छ । यिनी कथाकार र उपन्यासकारका रूपमा सक्रिय प्रतिभा हुन् । दर्जनौं सङ्ख्यामा यिनका आख्यानात्मक कृतिहरू प्रकाशित छन् ।

सुर्तीको पातमा झुन्डिएको जीवन कोइरालाको कथासङ्ग्रह हो । यस कथाकृतिमा सरदर चार पृष्ठका १६ कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहको पहिलो कथा **सुर्तीको पात** हो भने अन्तिम कथा **अतीत र वर्तमान** हो । पहिलो कथाकै शीर्षकमा सामान्य थप गरेर यस कृतिको नामकरण गरिएको छ । यो सङ्ग्रह नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको ग्रन्थमालाको रूपमा सर्वप्रथम २०४२ मा प्रकाशित भएको हो । यस संक्षिप्त समीक्षामा उक्त कथाकृतिको कलासौन्दर्यपरक अध्ययन गरिएको छ ।

यस कथाकृतिले सामाजिक कथानकलाई महत्त्व दिएको छ । कथाकार मैनाली पनि सामाजिक-पारिवारिक जीवनमा आधारित कथानकलाई महत्त्व दिन्छन् तापनि यिनका कथाले जात, वर्ग र परम्पराको आडमा जीवित सामाजिक समस्यालाई समुद्घाटन गर्दै आदर्शको प्रतिष्ठापनमा बढी जोड दिएका छन् भने शङ्कर कोइरालाका कथाले ग्रामीण नेपाली समाजको चित्रण गरे पनि त्यहाँ वर्गीय द्वन्द्व र आदर्शको प्रतिष्ठापनको कथात्मक उद्देश्य पाइँदैन । यिनी व्यक्ति वा समुदायका समस्यालाई यथार्थ ढङ्गमा कथामा अभिव्यक्ति गर्दछन् । यिनको कथानक रैखिक ढाँचामा विकसित देखिए पनि मैनालीका कथाको कथानकमा पाइने विस्तार यिनमा पाइँदैन । सामाजिक समस्यालाई कथाको कथानकमा महत्त्व दिए पनि कथाकार शङ्कर कोइरालाले त्यसको विस्तारमा भन्दा संक्षिप्तामा र घटना प्रधानतामा भन्दा मनोवैज्ञानिकतामा बढी जोड दिएका छन् । यस दृष्टिले कोइरालाका **सुर्तीको पात** **उसको विराम**, **डा.सुरेश**, **बुढेसकालको उत्तरदायी**, **म आफै एउटा कथा**, **पन्थतत्त्वको बुराक**, **मीना**, **उन्मुर्सि राउत**, **अतीत र वर्तमान** आदि कथा बढी उदाहरणीय छन् ।

सुर्तीको पात कथाको पात्र सानुराजा आफूलाई छोडेर जीवनदेखि टाढा गइसकेकी प्रियतमा पत्नीको सम्झना र पूर्वस्मृतिले असामान्य बनेको छ । ऊ अतीतको सम्झनाले पागल भएको छ, गँजडी छ । अहिले उसले गाँजासुर्ती बेचेर जीवनसँगै जीवनको नियति र पीडा बेहोर्न बाध्य भएकी छे । **सुर्तीको पात** कथाले तत्कालीन सामाजिक यथार्थलाई नाटकीकरण गर्न सफलता पाए पनि यसमा पात्रको चरित्रलाई सजीवता प्रदान गर्न मनोवैज्ञानिक पक्षको उपस्थापनलाई बढी महत्त्व दिइएको छ (कोइराला, २०४२: ३-५) । कथाकार कोइराला सामाजिक समस्यालाई महत्त्व दिंदादिंदै पनि पात्रको जीवनमा मानसिक अनुभूतिले पार्ने प्रभावलाई पनि सफलताका साथ अभिव्यक्त गर्दछन् ।

कोइरालाका **उसको विराम**, **डा.सुरेश**, **बुढेसकालको उत्तरदायी**, **अतीत र वर्तमान** आदि

आफू मीठो निद्रा सुत्छ किनभने उसले जीवनमा जानेको नै यति हो; यसको सोच नै यति हो । लिङ्गको उत्तेजना, वीर्यपतन र गोढाचारेक रुपैयाँका लागि आफू बेचिनु अर्थात् पुरुष बेश्या बन्नुभन्दा उसको अर्को संसार छैन । यी सबै काममा यसलाई डोऱ्याउने वा निष्पात बनाउने व्यक्ति हुन् - डाक्टर किशोर । तर यिनले दिनेश र दिनेशजस्ता अरू युवाहरूलाई आफ्नो विचार लाद्न बल प्रयोग गरेको प्रसङ्गहीं उपन्यासमा कतै उल्लेख छैन जेजस्ता यौनजन्य घटनाहरू उपन्यासमा घटेका छन् ती आआफ्नो स्वीकृतिअनुसार नै घटेका छन् तैपनि किन डाक्टर किशोरलाई **पिशाच**को उपाधि दिएर उपन्यासको शीर्षक नै **पिशाच डाक्टर** राखियो जुन अलिकति पनि तर्कसङ्गत देखिन्न । यसरी घटनाक्रममा वा कथानकमा कुनै मोडो वा अप्रत्यासित मोड आयो कि भनेर पाठकले सोचिरहेकै बेलामा डाक्टर किशोरको मृत्यु हुन्छ र उपन्यास सकिन्छ ।

यसरी उपन्यासले के भन्न खोजेको हो प्रष्ट हुँदैन । उपन्यासमार्फत उपन्यासकार शङ्कर कोइरालाले के सन्देश दिन खोजेका हुन् त्यो पनि स्पष्ट हुन्न । जासुसी उपन्यासको झल्को दिने कुनै विशिष्टताबिहीन उपन्यास **पिशाच डाक्टर** कथानकका दृष्टिले अलिकति पनि सम्प्रेषणीय वा प्रभावोत्पादक छैनन् । नढाँटी भन्नुपर्दा यसले शङ्कर कोइरालाको लेखकीय प्रसिद्धिलाई आफ्नो काँधमा बोक्न सकेको छैन । यस दृष्टिले चर्चित उपन्यास **बैरिनी घाट** का लेखक शङ्कर कोइरालाको यस्तो स्तरहीन उपन्यास प्रकाशनमा नआएको भए तापनि शङ्कर कोइरालाले **बैरिनी घाट** मार्फत आर्जन गरेको ख्याति र सफलतामा कुनै प्रतिकूल असर पर्ने थिएन ।

यस दृष्टिले **पिशाच डाक्टर**लाई साहित्यिक कृतिको सहरमा राख्न पनि त्यति सजिलो छैन । उपन्यासले अत्यन्तै झिनो कथावस्तु बोकेको छ; अत्यन्त सामान्य घटनाक्रमहरूबाट उपन्यास अगाडि बढ्छ । चारित्रिक दृष्टिले पनि सम्झिन लायकका पात्रहरू उपन्यासमा देखा पर्दैनन् । उपन्यासका पात्रहरू आफ्नो विवेकले भन्दा पनि उपन्यासकारको कलमको कठपुतलीको रूपमा सञ्चालित भएकै लाग्छन् । उपन्यासको अन्त्य पनि झस्काउने वा अप्रत्यासित खालको छैन र यसले पाठकहरूको मनमस्तिकमा कुनै सकारात्मक र दीर्घकालीन प्रभाव पनि पार्दैन । समग्रमा भन्नुपर्दा स्वैरकल्पनाको प्राधान्य रहेको उपन्यास **पिशाच डाक्टर** यथार्थबाट टाढा अलिकति रुमानी आवरणताभन्दा अलि बढी नै रतिरागजन्य सम्मोहमय भाव बोकेको र भाषा, शैली र प्रस्तुतिका दृष्टिले अत्यन्त सामान्य र फितलो स्वैरकाल्पनिक जासुसी उपन्यास हो भन्दा बेठीक नहोला । त्यसैले स्तरीयताका दृष्टिले **पिशाच डाक्टर** उपन्यासकार शङ्कर कोइरालाको उपन्यास **बैरिनी घाट**को छेउछाउ कहीं कतै छैन भनेर ठोकुवा गर्न सकिन्छ ।

- काठमाडौं

***

विजयादशमी २०५८ को सुबह उपलक्ष्यमा समस्त ग्राहकवर्ग
तथा शुभेच्छकहरूमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं
समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नमस्ते ट्राभल्स प्रा.लि
वर्ल्ड कार्गो एण्ड एयर बुकिङ्ग प्रा.लि
An Associate of BAX GLOBAL
पो.ब नं. २५६६, माइतिघर, रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. २२५४०५, २२६९८४, २२७०९३, २२७४८४, २१२९१८

✍ केशव खब्वास

रातभरि उपन्यासको अवलोकन गर्दा

नेपाली साहित्यको क्षेत्रमा आफूलाई समर्पित गराएर प्रतिष्ठा कमाउन सफल भएका शङ्कर कोइरालाको प्रस्तुत उपन्यासले २०१७ सालभन्दा अघिको राजनैतिक परिवेशलाई यथार्थरूपमा देखाउन खोजेको छ। कोइरालाको साहित्य यात्राको तेस्रो चरण देखापरेको उक्त उपन्यास दार्जिलिङबाट २०३३ सालमा प्रकाशित भरेको हो । प्रस्तुत उपन्यासलाई ११ परिच्छेदमा संरचित गरेर विषयवस्तु तय गरिएको छ। उक्त उपन्यासलाई संक्षिप्त अध्ययन गरिएको छ।

तत्कालीन २०१७ सालमा नेपाली कांग्रेसले देशमा प्रजातन्त्र ल्याएपछि सरकारमा बसेर गरेको अनैतिक कार्यहरूलाई उपन्यासले प्रमुख विषयवस्तु बनाएको छ। सरकारको फितलोपनाको वर्णन गर्नुको साथै युवायुवतीबीचको प्रेम प्रसङ्गसमेत उपन्यासमा विषयवस्तु भएर आएको छ।

उपन्यासमा सानाठूला गरेर यत्रतत्र कथावस्तु छरिएको पाइए पनि राजनैतिक विषयवस्तुमा सबै कुरा केन्द्रित रहेको देखिन्छ। प्रेमप्रसंगको कुराकानी उपन्यासमा आए पनि मूल राजनैतिक प्रवाहमा आएर त्यस्ता कुरा बिलीन भएको छ। शम्भु, नीता, रूपा र चण्डीप्रसादसँग सम्बन्धित घटना नै उपन्यासको सेरोफेरो कथावस्तु भएर आएको छ। शम्भुले जेलमा बसेर सम्झिएको विचारबाट उपन्यासमा कथावस्तु सुरु भएको छ। रूपासित चण्डिप्रसादले प्रेम गर्न खोज्नु, नीता, रूपाकोमा आउने जाने क्रममा शम्भुसँग प्रेम सम्पर्क रहनु, सुन्दरीजलमा घुम्न जाँदा चण्डीप्रसाद र प्रतिमाको प्रेम हुनु साथै गाउँभरि हल्ला फैलनु तर चण्डीप्रसादले विवाह गर्न इन्कार गर्नु चण्डीप्रसाद प्रतिमालाई छाडेर रूपालाई पाउन सपनामा तल्लीन रहनु तर रूपाले चण्डीप्रसादलाई अस्वीकार गर्नु चण्डीप्रसाद नेता हो, जो प्रेम विफल भए पछि भविष्यमा मन्त्री भएर बदला लिने तरखरमा लाग्नु केही समयपछि, सरकारको अदल बदलले चण्डीप्रसाद गृहमन्त्री बन्नु, मन्त्री बनेपछि आफूलाई दुष्ट व्यवहार गरे बापत जो सुकैलाई पकन लगाई सजाय दिनु, राजनीतिको नाममा उच्च पदस्थापनामा बसेर देशलाई अधोगतितिर धकेल्नु, प्रशासनिक कार्यको नाममा अनैतिक कार्य गरेबापत सरकार डुब्नु मन्त्री भएको बखत भ्रष्टाचार गरेको हुनाले चण्डीप्रसादलाई जेलमा घुम्न लैजानु अन्तिममा चण्डीप्रसादले रूपा र शम्भुसँग माफी माग्नु, शम्भु र नीताको सम्बन्ध अटुट रहोस् भनी चण्डीप्रसादले आर्शीवाद दिनु निर्दोष साबित भई शम्भु जेलबाट मुक्त रहनुबाट कथावस्तु समाप्त हुन्छ। मुख्य यही कथास्तुलाई जीवन्त प्रदान गर्न अन्य सानातिना घटनासमेत कथावस्तु भएर उपन्यासमा देखिएको छ।

उपन्यासमा पात्रहरूको समायोजन सन्तुलित ढङ्गबाट भएको पाइन्छ। पात्रहरू सबै निम्नस्तरका देखिन्छन्। साथै तिनीहरूले प्रयोग गर्ने भाषासमेत पात्र अनुकूल भएको पाइन्छ। उपन्यासमा मुख्य पात्रका रूपमा शम्भु, रूपा, नीता, र चण्डीप्रसाद देखिन्छन्। पात्रहरू महिलाभन्दा पुरुषको बाहुल्य रहेको देखिन्छ। यिनै मुख्य पात्रहरूको चरित्रलाई विशेष चर्चा गर्दै अन्य सहायक पात्रहरूको सामान्य चिनारी मात्र प्रस्तुत गरिने छ। शम्भु आफू निर्दोष छँदाछँदै बिनाकारण तत्कालीन शासकहरूले यातना दिएर अतबिक्षेत भएर छटपटिएको चरित्र शम्भु हो। जेलमा परे पनि एक दिन सत्यको विजय हुने छ र यो आफ्नी प्रेमी नीतालाई समेत सम्झने कर्मठ देशभक्त भावना भएको व्यक्तिको रूपमा शम्भुको चरित्र झल्कन्छ।

थालेका छन्। निश्चय नै यो क्रम अघि बढ्दा उक्त मनस्थितिले भने नाटकीय मोड लिंदो हो तर उपन्यासको कथावस्तु त्यति पर घुम्न सकेन। निश्चय नै यसले उपन्यासको औचित्यलाई खुम्याएको देखाउँछ।

उपन्यासकारले फाट्टफुट्ट बालविवाह र नारी उन्मुक्तिका प्रसङ्गहरू पनि उठाउन चाहेका छन् तर त्यसको विस्तृत सामाजिक धरातल र औपन्यासिक विवरण पनि उपन्यासमा प्रस्तुत हुन सकेको छैन । अनुपमा, रविकान्त र आनन्दप्रसादबाहेक कन्याणी, तेजकुमारी, सुलोचना, पं.सुदर्शन शास्त्री, सरला, जानकी, रघुवीर, हरि कृष्ण, लता र विभा जस्ता अनेकौं पात्रहरूको उपस्थिति त्यहाँ देखिए तापनि एउटा ढाइभर हरिकृष्णबाहेक अन्यको उपस्थिति एउटा प्रसङ्गबाटको चित्रणमात्र हुन सकेको छ। तिनले एउटा चरित्रको प्रतीकलाई इङ्गित गरे तापनि सामाजिक विकृति र उपर्युक्त पात्रको माध्यमबाट जेजति कुरा व्यक्त गर्न लेखकका साथि सम्भव हुन्थ्यो त्यसबाट हामी पाठकहरू बञ्चित भएको महसुस हुन्छ।

सामन्यतया नेपाली उपन्यासभित्र घटना प्रवृत्ति र विवरण प्रस्तुतिको मात्र नै प्रसव रहने गरेको पाइन्छ। नेपाली उपन्यासहरूले चिन्तन पक्षबाट समाजको चिन्तनमनन गर्ने गरेका छैनन्। फलतः हाम्रो देशमा अहिलेसम्म कुनै महान् र चिन्तनमूलक उपन्यास वा साहित्यको रचना हुन सकेन। घटनाको विवरण वा क्रन्तिका उद्घोष र चर्का नारा कुनै कुरा होइनन् तिनले समाज विकासको क्रम र त्यसलाई परिचालन गर्ने तत्त्व मात्र होइन स्वयंले प्रस्तावित गर्न खोजेको मूल्यवत्ताले सम्म पनि निदान पाउन सकेको छैन। वास्तवमा प्रस्तुत उपन्यास पनि यस आम रोगबाट मुक्त रहन सकेको छैन। यसले एउटा प्रतिष्ठित अधिकारी कसरी यौनजन्य अपराध गर्नमा लिप्त रहन्छ भन्ने विवरण देखाउन खोजेको भए तापनि त्यस्तो प्रवृत्तिलाई कलात्मकता र परिणामसम्म पुऱ्याउने शिल्पको रचना गर्न नसकेको अनुभूत हुन्छ। सँगसँगै पीडित नारी पात्र अनुपमाभित्रको छटपटाइलाई जसरी उनीभित्रको कुण्ठामै सीमित पारियो सोसमेत बुझी नसक्ने गुत्थी बन्यो। त्यसरी समाजको अपराध प्रवृत्तिलाई कुण्ठित पारी राख्ने हो भने भोलि त्यस प्रवृत्तिका विरुद्ध कसले लड्ने ? हाम्रा स्रष्टाहरूले त्यतातिर विचार पुऱ्याउनु राम्रो हुनेछ।

★★★

विजयादशमी तथा शुभ-दीपावली २०५८ को
पावन अवसरमा सम्पूर्ण देशवासी बन्धुबान्धवहरूमा सुख, शान्ति
तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

गङ्गाबहादुर कुँवर (अध्यक्ष) तथा बटुकलाल चौधरी (उपाध्यक्ष)

टीकापुर विकास समिति परिवार
टीकापुर, कैलाली
फोन नं. ०९१-६०२४३

✍ डा. सुरेन्द्र के.सी.

शङ्कर कोइरालाको उपन्यास अँध्यारोका हातहरू

शङ्कर कोइरालाको लघुउपन्यास **अँध्यारोका हातहरू** २०४० सालमा प्रकाशमा आएको हो। पकेट आकारमा ६४ पृष्ठमा लेखिएको यो सामाजिक उपन्यासमा झण्डै १३ पात्रपात्री उभ्याइएका छन्। उपन्यास एउटी विवाहिता महिलामाथि पेशेवर यौन अपराधीहरूको समूहद्वारा बलात् गरिएको यौनअत्याचारबाट पीडित पात्राको मनोविज्ञानमा केन्द्रित सानो समस्याको सेरोफेरोमा केन्द्रित रहेको छ। घटनाअनुसार उपन्यासकी नायिका अनुपमा एक साँझ आफ्नो माइती बानेश्वरबाट फर्कंने क्रममा चढेको ट्याक्सीबाटै अपहरित भई पशुपतिको बनकासी पुऱ्याइपीन जहाँ उनीमाथि तीनजना नरपशुहरूले बलात्कार गरी सो ट्याक्सीबाट घर पुऱ्याइयो। स्वभाविक थियो यसले अनुपमाको व्यक्तित्व र मनस्थितिमा अकल्पनीय धक्का दियो। उनी आफूमाथि भएको यस्तो जघन्य अत्याचार प्रकट गर्न असमर्थ रहे तापनि त्यसले उनको व्यक्तित्वमा भिन्नता ल्याउनु र उनको दिमागी सन्तुलनमा प्रहार भइरहनु पनि अस्वाभाविक हुँदैनथ्यो। तदनुरूप उनका व्यवहार हाव भाव र आनीबानीमा ठूलो असन्तुलन तथा अस्थिरता ल्याइदियो। अनुपमा एक अस्थिर र असामाजिक गृहिणीका रूपमा प्रकट हुन थालिन्।

संयोगवस, त्यो बलात्कारी अनुपको आफ्नै पति रविकान्तको हाकिम परेछ। यो तथ्य उनलाई निकैपछि मात्र थाहा भयो। यो तथ्य खुलेपछि अनुपमालाई झन् असाध्यै र भत्भती पोल्न थाल्यो। एकदिन आनन्दप्रसाद उनकै सोग्नेसँग लागेर आफ्नो घर आएपछि नै यो रहस्य खुलेको थियो। आनन्दप्रसाद रविकान्तकै हाकिम रहेछ। यो तथ्य खुलेपछि एकातिर आनन्दप्रसाद र रविकान्तबीचको मित्रमिलन अरू प्रगाढ बन्यो भने अर्कातिर अनुपमा यो व्यवहारमा असंतुलनता पनि सोही अनुपातमा बढेर गयो। आनन्दप्रसादको सन्दर्भमा अनुपमाले सामान्य शिष्टाचारसम्म नदेखाएकोमा रविकान्त आफ्नी पत्नीसँग केही असन्तुष्ट पनि रहे तर अनुपमाको मनभित्र अर्कै इन्द्रले आँधीमेहरी ल्याइदिएको थियो। उपन्यासमा उनको मनभित्रका ती इन्द्रहरू खुल्नम खुल्ला प्रकट हुने वा उनको त्यस मानसिक इन्द्रले पार्ने गम्भीर पारिवारिक असरको स्वाभाविक परिकल्पना र सम्भावनाले त्यहाँ फर्किने मौका पाएको छैन किनभने उपन्यासको आकार ज्यादै सङ्कुचित छ।

लघु र सीमित मुख्यवस्तुको दायराभित्रबाट एउटा सङ्कीर्ण घटना उठाई नाटकीय ढङ्गमा उपन्यासको कथावस्तु निर्धारण गरिएको भए तापनि कोइरालाले यस उपन्यासका माध्यमबाट नारीजातिका मनका वेग, कुण्ठा र सामाजिक विभेदहरूलाई फाइफुट्ट समेट्न खोजेको देखिए तापनि यसले विषयको गाम्भीर्यता र गहनतालाई समेट्न खोजेको महसुस हुन सक्दैन। उपन्यास पढ्दा सीमित घटना र प्रसङ्गहरू माथि सन्दर्भबस मात्र कतिपय प्रसङ्गहरू कोट्याइएको अनभूति हुन्छ। उपन्यासले लक्षित गरेको समस्याको धुरो र भेदनसमेत खुट्टिन सकेको छैन र यस उपन्यासका माध्यमबाट उपन्यासकार कुन प्रवृत्ति विरुद्ध कलमी के गर्न चाहिरहेका छन् भन्ने तथ्य पनि ठीकसँग उद्घाटित हुन सक्दैन। एकातिर उनको मुख्यपात्र अनुपमा उनीमाथि आनन्दप्रसादद्वारा गरिएको यौन दुर्व्यवहारको कुण्ठा र त्यसले पारेको दुष्प्रभावको बोझ बहिरहनुपरेको छ भने अर्कातिर त्यस दुष्परिणामको कारक बनेको आनन्दप्रसादसँग रिस रउस र खानपानमा उनका पति संलग्न हुन रूपाः शम्भुको बहिनी रूपा हुन्। खराब चरित्र र सज्जन व्यक्तित्व प्रष्ट रूपमा भिन्न सके व्यक्तित्व भएको हुनाले चण्डीप्रसादको प्रेमलाई अस्वीकार गरेर दाजुले देखाएको नेतृत्वमा छिट्टन सफल भएकी असल चरित्र रूपा हुन्।

नीताः चण्डीप्रसादकी बहिनी हुन्। दाजुको खराब चरित्रबाट आतङ्कित भएकी नीता शम्भुसँग प्रेममा डुब्छे। दाजुको खराब चरित्रको कारण रूपालाई सतर्क गराई चण्डीप्रसादलाई एकलो बनाउन सफल भएकी नीता शम्भुसँग वैवाहिक जीवनमा बाँधिई आनन्दको सपनामा भुल्ने असल चरित्रको रूपमा नीतालाई लिन सकिन्छ।

चण्डीप्रसादः खराब विचारधारबाट प्रभावित नेताको रूपमा चण्डीप्रसाद देखिएको छ। कामवृत्ति भावनाले ग्रसित चण्डीप्रसाद रूपासँगको प्रेममा असफल भएपछि तत्कालीन प्रशासनिक सरकारको मन्त्री पदमा रहेर आफ्ना विरोधीलाइ पकेर सजायँ दिने दुष्ट व्यवहारको व्यक्ति चण्डीप्रसाद हो। तर मन्त्री भएको केही समयपछि पुन सरकारबाट ढलेपछि भ्रष्टाचारमा परेर जेल बस्नुपर्ने बाध्यता परेको चण्डीप्रसाद भ्रष्ट तथा अत्याचारी व्यक्तिको रूपमा परिचित देखिन्छ।

अन्य सहायक पात्रहरूमा प्रतिभा गाउँकी सोभी केटी हो जो चण्डीप्रसादको प्रेममा फँसेकी छे। सरदार सरदानी शम्भूका बुबा आमा हुन्। धनबहादुर शम्भुको नोकर हो। कृष्णप्रसाद सचिव हो। सविता कृष्णनाथकी छोरी हो। अमृतबहादुर कृष्णनाथको नोकर हो। नीरा राम्रा परिवारको सदस्य हुन्। सुशील, संजय, राधवीर साम्यवादी पार्टीका नेता हुन्। प्रोफेसर जगत्मान नीतासँग केटाकेटी उमेरमा विवाह गर्ने व्यक्ति हो। यिनै सहायक पात्रहरूको सशक्त भूमिकाले उपन्यासलाई गन्तव्य स्थानसम्म पुऱ्याउन महत गरेका छन्।

परिवेश चित्रणको रूपमा उपन्यासले काठमाडौं उपत्यकाको विभिन्न ठाउँहरूलाई समेटेको छ। काठमाडौं उपत्यकामा पर्ने ठाउँहरू बुढानीलकण्ठ, सुन्दरीजल, बानेश्वर, बौद्ध, जोरपाटी, वसपार्कलस्ता ठाउँहरू आएका छन्। तत्कालीन समयमा यी माथिका ठाउँहरूमा भएका खोलानाला, वनजङ्गल, रहनसहन, राजनैतिक स्थितिजस्ता कुराहरूलाई उपन्यासले परिवेशको रूपमा लिएको देखिन्छ।

संवाद पक्षबाट उपन्यास मजबुत देखिन्छ। छोटा तथा प्रश्नात्मक सम्वादहरूको प्रयोगले भनाइको तात्पर्य स्पष्ट भएको छ। राजनैतिक विषयवस्तुमा आएका संवादले तत्कालीन राजनैतिक स्थितिलाई स्पष्ट पारेको छ। युवायुवतीको प्रेम प्रसङ्गलाई सम्वादले अझ मार्मिकता र कलात्मक बनाएको छ। सामान्य वर्गका मानिस र तत्कालीन प्रशासनको समयमा उच्च पदस्थानमा रहेर बसेका मानिसहरू बीचमा भएको संवाद अति मिठासपूर्ण ढङ्गले आएको देखिन्छ। जो होस् संवादपक्षले प्रस्तुत उपन्यासलाई प्रशस्त मार्ग दर्शन प्रदान गरेको छ।

उपन्यासमा भाषाशैली सरल सहज ढङ्गले आएको छ। कम्य भाषा तथा उखानटुक्काको प्रयोगले ग्रामीण परिवेशलाई उतार्न खोजेको देखिन्छ। प्रेम तथा राजनैतिक परिप्रेक्षमा आएका भाषा मार्मिक तथा समय सापेक्षतालाई झुँकाउने किसिमको पाइन्छ। लेखकले पात्रहरूको माध्यमबाट सकेसम्म भाषिक शक्तिको प्रयोग सान्दर्भिक रूपले गरेको छन्। अलङ्कारिक तथा शब्द योजनाबाट भाषालाई मिठासपूर्ण तथा सुखद बनाइएको छ। उपन्यास पढ्दा मनोरञ्जन तथा उत्सुकता प्रदान गराउन लेखकले सक्दो जेजस्तो बोल्छन् त्यस्ता कुरालाई यथार्थरूपमा भाषाले टिप्न खोजेको छ। जे होस् लेखकले भाषिक शक्तिको राम्रो प्रयोजन गर्नुका साथै रोचकता प्रदान गरेका छन्।

समग्रमा उपन्यासले तत्कालीन राजनैतिक परिवेशलाई सहजरूपमा देखाउन खोजेको छ। युवायुवती सच्चा प्रेमको पछि लागेर देशमा चल्दै आउको नराम्रो वातावरणलाई पन्छाउने कसरतमा जुटेका छन् भाषाशैली, कथावस्तु तथा संवादपक्षबाट उपन्यास निकै सक्षम देखिन्छ। सङ्घर्ष र बलिदानपश्चात् काँग्रेसले सरकारमा बसेर गरेको कार्यलाई यथार्थरूपमा देखाउने कोशिश गरिएको छ। युवायुवतीले सही व्यक्तिलाई छनोट गरी प्रेमको वास्तविकतालाई झल्काउन पुगेका छन्। बसरी वास्तविकताको पछि लाग्ने मानिस पक्कै पनि सफल बन्न सक्छ भन्ने कुरालाई उपन्यासले देखाउन खोजेको छ।

★★★

डा. केशवप्रसाद उपाध्याय

शङ्कर कोइराला र उनको पिठ्यूँको भारी

शङ्कर कोइराला (सं.१९८७-२०५४) लाई नचिन्ने समकालीन साहित्यकार को होला र उनलाई नदेखे पनि उनको कृतित्वसँग अपरिचित साहित्यकार पनि को होला र ? म आफू भने त्यस्तो साहित्यकार हुँ जसले शङ्कर कोइरालालाई देखेको र चिनेको थियो भने जो उनको कृतित्वसित पनि परिचित र हेको छ। शङ्कर कोइराला लेखकमात्र भएका भए सम्भवतः मैले उनलाई देख्ने थिइनँ, देखे पनि चिन्ने थिइनँ तर उनी साझा प्रकाशनमा लामो समयावधिसम्म एक लेखक कर्मचारीका रूपमा कार्यरत थिए र त्यसले मैले उनलाई देख्नेजान्ने मौका पाएँ। उनलाई मैले जहिले पनि शान्त सौम्य, गम्भीर र आत्मकेन्द्रित व्यक्तिका रूपमा देखें, जानें। उनी एक शिष्ट, शालीन र मौन साहित्यसाधक थिए र आजीवन आफ्ना साधनामा संलग्न रहे।

शङ्कर कोइराला मूलतः आख्यानकार थिए। उनका दुई कथासङ्ग्रह र दुई दर्जन जति उपन्यासहरूबाट यो स्पष्ट हुन्छ। **बैरिनी घाट** (सं २०१८) बाट आख्यानिक उपन्यासकारका रूपमा चर्चामा आएका कोइरालाले उपन्यासविधामा आफ्नो विशिष्ट छवि देखाएका छन र सम्मानजनक स्थान ओगटेका छन्। उनका उपन्यास छोटाछोटा छन् र एक सानो पृष्ठभूमिका समाजको खास गरी अशिक्षा, गरिबी, कुरीति र कुसंस्कारग्रस्त निम्नवर्गीय समाजको मलिन, त्रासद, दुःखद, वीभत्स र विसङ्गत जीवनचित्र प्रस्तुत गर्नु अनि कुनै समस्याको उठान गरेपछि त्यसलाई आफ्ना अग्रज वा अनुज उपन्यासकारहरूले झैं एक निश्चित परिणतिमा नपुऱ्याई विभिन्न सम्भावनाहरूका दोबाटो वा चौबाटोमा पुऱ्याएर छाडिदिनु उनको उपन्यासकलाको खास वैशिष्ट्य हो। उनले आफ्ना कृतिहरूमा कौतूहल उत्पन्न गर्न पर्याप्त अभिरुचि लिएको देखिन्छ तर त्यस कौतुहललाई सम्भावित अन्त्य वा उपसंहार दिनाको साटो अनपेक्षित अन्त्य वा उपसंहार दिएर पाठकलाई एक अनपेक्षित मानसिक आघात दिने एक अनौठो प्रवृत्ति उनले देखाएको पाइन्छ। यसबाट उनी जीवनलाई व्यङ्ग्यात्मक दृष्टिले हेर्दथे भन्ने बुझिन्छ भने निरर्थकता र निःसारताका दृष्टिले हेर्दथे भन्ने पनि बुझिन्छ र उनी जीवनदेखि निराश थिए र त्यसलाई निराशावादी दृष्टिले हेर्दथे भन्ने पनि बुझिन्छ।

आख्यानकार कोइरालाको नाट्यविधामा पनि अभिरुचि थियो। उनको **सेती शीर्षक** नाटक (सं.२०२५) प्रकाशित छ भने **पिठ्यूँको भारी** शीर्षक एकाङ्की (सं.२०४४) पनि प्रकाशमा आएको छ। कोइरालाले आफ्ना केही औपन्यासिक कृति मलाई उपहारस्वरूप प्रदान गरेका थिए भने यो नाट्यकृति पनि सं. २०४४।७।२०।३ का दिन उनले हस्ताक्षर सहित मलाई दिएका थिए र त्यो मसँग यथावत् रूपमा छँदै छ। मैले यहाँ अघि उपन्यासकार कोइरालाका कतिपय प्रमुख उपन्यासहरूलाई आधार तुल्याएर उनको उपन्यासकलाका विषयमा विशेषणात्मक अध्ययन प्रस्तुत गरेको थिएँ र त्यो 'मधुपर्क' मा प्रकाशित भएको थियो। त्यो केही आवश्यक संशोधन-परिमार्जनसहित 'मन्थन' शीर्षक सङ्ग्रह अन्तर्गत समाविष्ट भएको छ र त्यो ग्रन्थ साझा प्रकाशनबाट प्रकाशित हुँदै छ। संयोग भनूँ कि अज्ञात तारतम्य भनूँ, मलाई अग्रज जीवित र दिवङ्गत साहित्यकारहरूको सम्मान गर्न गराउन सदासर्वदा उत्साहका साथ लागि पर्ने युवा साहित्यिक (सम्पादक, दायित्व, साहित्यिक मासिक) रामप्रसाद पन्तका तर्फबाट स्वर्गीय शङ्कर कोइरालाका स्मृतिमा प्रकाशनार्थ तयार पारिँदै गरेको स्मृतिग्रन्थमा समावेश गर्नका लागि कोइरालाबाट मलाई उपहारमा दिइएको **पिठ्यूँको भारी** का विषयमा एक समीक्षात्मक लेख तयार पारिदिने आग्रह गरिएको छ। म त्यसै आग्रहको परिपूर्तिका निम्ति यो लेख लेख्दै छु।

शङ्कर कोइरालाद्वारा लिखित पिठ्यूँको

लिएर आएको वर्गीय पात्र हो जसलाई उपन्यासकारले यथोचित स्याङ्गार-सम्भार गर्न सकेका भए उपन्यासको स्तरमा नै धेरै भिन्नता अनुभूत हुनसक्ने थियो।

३.३. यस उपन्यासले वस्तु, पात्र, तिनको बोलीचाली, प्रस्तुतिको चित्रात्मकता आदि अनेक सन्दर्भले आफूलाई आख्यानिक उपन्यासका पङ्क्तिमा उभ्याउन सफल भएको छ।

३.४ लघुआयामको प्रस्तुत उपन्यास प्राकृतिक शैलीशिल्पले सजिएको छ तर भाषिक सन्दर्भले भने उनको उपन्यासकारितालाई सीमाङ्कित गरिदिएको छ।

३.५ धेरै लेखेर पनि सफलता नपाउने शङ्करको यो उपन्यास लेखकीय सम्भाषण, व्याख्या, लामा-लामा संवाद, एउटै सन्दर्भको लामो दिक्क लाग्दो प्रस्तुति, अनपेक्षित पात्र र सन्दर्भको उपस्थितिजस्ता औपन्यासिक दुर्गुणबाट मुक्त छ।

३.६ तरुनी छोरीका सङ्ग बौलाहा छोरीका केन्द्रीयतामा उपन्यास रचिएर बुकीको कथालाई जोगीरामको कथाभित्र अन्तर्भूत गरी प्रस्तुत गरिएको भए उपन्यासको स्तर नै बेग्लै हुने थियो। **तरुनी छोरी** का केन्द्रीयतामा जोगीको कथालाई प्रस्तुत गर्नु सायद लेखकको तत्कालीन राजनीतिक विवशता थियो। यति हुँदाहुँदै पनि जोगीको सन्दर्भले उपन्यासमा प्राणसञ्चार गराएको छ अन्यथा यो उपन्यास नेपाली साहित्यको इतिहासमा लागेको एउटा निसोसिबाय केही हुने थिएन।

पादटिप्पणी

१. शङ्कर कोइराला, **तरुनी छोरी**, मधुपर्क वर्ष ५ अङ्क ४, (काठमाडौं : २०२९), पृ. १।
२. डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास (ने.सं), नवीन प्रकाशन (काठमाडौं), पृ.२२०।
३. पूर्ववत्, पृ.२१६-२१७।
४. शङ्कर कोइराला, **तरुनी छोरी**, मधुपर्क वर्ष ५ अङ्क ८, (काठमाडौं : २०२९), पृ. ४३।
५. कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, तेस्रो संस्करण, (काठमाडौं: साझा प्रकाशन, २०५२), पृ. ३०९।
६. शङ्कर कोइराला, पूर्ववत्, पृ. ६५।
७. पूर्ववत्, पृ. ४०। ८. पूर्ववत्, पृ. ५।
९. पूर्ववत्, पृ. ७। १०. पूर्ववत्, पृ. ८।
११. पूर्ववत्, पृ. ३३। १२. पूर्ववत्, पृ. ३५।
१३. पूर्ववत्, पृ. ३८।
१४. कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ३१४।
१५. इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू, प्र.सं. (दार्जिलिङ्ग २०३१), पृ. १७५।
१६. शङ्कर कोइराला, पूर्ववत्, पृ. ५६।
१७. पूर्ववत्, पृ. ५१। १८. पूर्ववत्, पृ. ७०।
१९. पूर्ववत्, पृ. २। २०. पूर्ववत्, पृ. ११।
२१. पूर्ववत्, पृ. ५४। २२. पूर्ववत्, पृ. ५६।
२३. पूर्ववत्, पृ. २४।
२४. रमेशप्रसाद भट्टराई, उपन्यासकार ध.च.गोतामे र उनका उपन्यास अप्रकाशित शोधप्रबन्ध, (नेपाली केन्द्रीय विभाग २०४६) पृ. ७५।
२५. डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, ने.सं. (काठमाडौं : नवीन प्रकाशन २०५१), पृ. २२०

सन्दर्भग्रन्थसूची

इन्द्रबहादुर राई–नेपाली उपन्यासका आधारहरू, प्र.सं. (दार्जिलिङ्ग : नेपाली साहित्य परिषद, २०३१)
कृष्णचन्द्रसिंह प्रधान–नेपाली उपन्यास र उपन्यासकार, ते.सं., (काठमाडौं : साझा प्रकाशन, २०५२)
गोपीकृष्ण शर्मा – अवलोकन र विवेचन, प्र.सं. २०४४, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०४४)
डा. तारानाथ शर्मा–नेपाली साहित्यको इतिहास, ते.सं. (काठमाडौं : नवीन प्रकाशन २०५१)
रमेशप्रसाद भट्टराई – उपन्यासकार ध.च.गोतामे र उनका उपन्यास, अप्रकाशित शोधप्रबन्ध (नेपाली केन्द्रीय विभाग २०४६)।
राजेन्द्र सुवेदी–नेपाली उपन्यास परम्परा र प्रवृत्ति, प्र.सं.। (वाराणसी : भूमिका प्रकाशन, २०५३)।
शङ्कर कोइराला– तरुनी छोरी, मधुपर्क, वर्ष ५ अङ्क ४, ५, ६, ७, ८, । ९-१०, ११ र वर्ष ६ अङ्क २ (काठमाडौं : गो.प.संस्थान, २०२९-२०३०)।

***

निर्धारण गर्दछ । कुनै पात्र सुशिक्षित छ भने ऊ मानक भाषाकै प्रयोग गर्दछ तर अशिक्षित पात्र छ भने ऊ मानक भाषाको प्रयोग गर्न सक्षम हुँदैन, ऊ कथ्यभाषाकै प्रयोग गर्दछ । यस उपन्यासमा सहरबाट आएकाहरूले लगभग मानक स्तरकै भाषाको प्रयोग गरेका छन् तर गाउँका स्थानीय व्यक्तिहरूले भने कथ्यभाषाकै प्रयोग गरेका छन् । स्थानीय व्यक्तिमा गजकेशर र उसकी श्रीमती श्यामा मात्रै शिक्षित छन् । ग्रामीण परिवेशको आञ्चलिक उपन्यासमा कथ्य भाषा नै उपयुक्त हुन्छ भन्ने कुरा ठम्याउन उपन्यासकारले गल्ती गरेका छैनन् । भाषाको प्रयोगलाई पात्रको तत्कालको मनस्थितिअनुरूप बनाउनेतर्फ पनि लेखक सचेत देखिएका छन् । कानी रिसाएको मनस्थितिमा भन्छे 'यै त ? अझै सिध्याएन मोराले ? कस्तो काट्ने बेला भा' को दमाई रे'छ !'

कथ्यभाषाको प्रयोग भएको हुनाले यसमा तत्सम शब्द पाइँदैनन् । बरु मानक भाषामा प्रयोग नगरिने ठेट ग्रामीण शब्दहरू पाइन्छन् । खासगरी संवादका क्रममा बस्ता शब्दहरू परेका छन् जस्तो- बिन्नीबाठ, बजिनी, राँड, मोरा, हन्तकाली, गाँसे, किजात, भरङ्ग, औंतारी, लछ्छनु, रन्को, नकच्चरी, लबटा, बजरु, भरस्ट, आसर्जे, बारना, कुँचिनु, हगेको, तखता, गिलास, डागढर, औरेशन आदि । यी शब्दका अतिरिक्त बीचका अगर हराउने भाषिक चलनको प्रतिनिधित्व पनि गराएका छन् । जस्तो- कर्ँ, बोटाँ, त्यै, भनिरन्थ्यौ आदि ।

केही ठाउँमा शब्दको प्रयोगमा गल्ती पनि देखिएको छ । चौथो पृष्ठको दोस्रो परिच्छेदमा 'सादृश्यता' भन्ने शब्द दुइचोटि प्रयोग गरिएको छ र दुवै चोटिलो प्रयोग गलत छ । त्यस्तै भुँडे साहूकी बुहारीले सासूलाई 'सासुज्यू' भनेर सम्बोधन गर्छे ग्रामीण परिवेशमा जसको कुनै सम्भावना नै छैन । बरु त्यस शब्दका ठाउँमा 'बज्यै' लेखिएको भए स्वभाविक हुन्थ्यो । त्यस्तै 'गाउँलेनी' भन्ने शब्दको प्रयोग पनि ठीक छैन । यो उनको नयाँ प्रयोग हो । श्रीमान्का हैसियतले मात्र प्राप्त कुराले चाहिँ कुनै महिलाका पछाडि 'नी' को प्रयोग गरिन्छ । जस्तो-खरेलकी श्रीमती खरेल्नी, ढकालकी श्रीमती ढकाल्नी, माष्टरकी श्रीमती मास्टर्नी आदि तर ती ग्रामीण महिलाहरू श्रीमान्का नाताले होइन जन्मकै नाताले गाउँले भएका हुन् । यसैले तिनलाई गाउँलेनी भनेर सम्बोधन गरिनु उपयुक्त हुँदैन । बरु श्यामालाई गाउँलेनी भन्नु एक हदसम्म स्वाभाविक मानिन सक्छ किनभने ऊ श्रीमान्का नाताले मात्र गाउँले भएकी हो, जन्मका नाताले त सहरिया नै हो । त्यस्तै 'गठरो लोग्ने' भन्ने शब्द जिउडालको व्याख्या गर्ने सन्दर्भमा मात्र उपयुक्त हुन्छ, बानीबेहोरको व्याख्या गर्ने सन्दर्भमा होइन । यसैले यो प्रयोग पनि गलत हुन पुगेको छ ।

यिनका अतिरिक्त वाक्यगत विचलन पनि यिनका उपन्यासमा, प्रशस्त भेटिन्छ, जसलाई हेर्दा यिनलाई भाषिक प्रयोगमा असचेत नै मान्नुपर्ने हुन्छ । वाक्यमा पदपर्यायको विचलन आलङ्कारिकताका सन्दर्भमा मात्र स्वीकार्य हुन्छ तर यस उपन्यासमा देखिएका पदगत विचलनहरू आलङ्कारिकताका सन्दर्भमा आएका हुँदै होइनन् । विभिन्न शब्दहरूलाई उनले जसोतसो वाक्यमा सङ्गठितसम्म त गरेका छन् तर तिनको सङ्गतितर्फ भने ध्यानै दिएका छैनन् । यस पक्षले उनको औपन्यासिक सफलतामा आघात पुऱ्याएको छ । यँस उपन्यासमा पाइने पदगत सङ्गतिहीनताका अनेक स्थितिमध्ये केहीलाई यहाँ उदाहरणका रूपमा अवतरण गरिन्छ । किन बुझ्न उसले चाहिन (३), उनी फतफत गरिरहेकी उसलाई लाग्यो सबैले सुनुन् भन्ने मनसायले (४), धरबाट निस्कनै उनले हुँदैन भनेर (२६) आदि ।

३ निष्कर्ष:

शङ्कर कोइरालाको **तरुनी छोरी** उपन्यासको अध्ययन गर्दा निस्किएका निष्कर्षलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिन्छ-

३.१. नेपालको पूर्वीपहाडी भेकको ग्रामीण जनजीवनमा आधारित सामाजिक यथार्थमूलक विषयवस्तुको झिनो आख्यानमा आधारित प्रस्तुत उपन्यासले जीवनको समग्रता दिन र विडोहको सही गति समाल्न नसके तापनि लेखकको तत्कालीन व्यवस्थाविरोधी आफ्ना भावलाई भने प्रकट गरेको छ ।

३.२ वर्गीय पात्रहरू प्रयोग गरिएको उनको यस उपन्यासमा जोगीराम सर्वाधिक उच्च सम्भावना

भारी डिमाइ साइजको १६ पृष्ठको एकाङ्की नाटक हो र यसलाई लेखकले लघुनाटकको संज्ञा दिएका छन् । एउटै अङ्कको नाटक भए पनि यसको सिरानमा 'अङ्क एक' अङ्कित छ र यसलाई तीन दृश्यहरूमा अन्तर्विभाजित गरेर प्रस्तुत गरिएको छ । दृश्ययोजना सन्तुलित नभएकोले यसको कायिक संरचना सुगठित छैन । यसका अघिल्ला दुई दृश्य साढै छोटा छन् भने पछिल्लो दृश्य साढै लामो छ । अघिल्लो दृश्य प्रस्तावना भागका रूपमा छ, यो दृश्य नाटको मुख्यपात्र रामस्वरूप भुर्तेलको घरमा साँझका समयमा आयोजित छ र यसमा रामस्वरूपले एउटा भरियालाई एक बोरा चामल बोकाएर घरमा ल्याएको कार्य व्यापार प्रस्तुत छ । यस दृश्यमा रामस्वरूप, उनकी श्रीमती सफला र भरिया छन् । तीन पात्रको उपस्थिति र संवाद प्रस्तुत छन् । यसमा रामस्वरूपले दुई पटक बोलेका छन् : पहिला संवादमा उनले तीन शब्द र दोस्रा संवादमा दुई शब्द (एउटै शब्द दुई पटक) बोलेका छन् । उनकी श्रीमती सफलाले पनि बतिखेर दुई पटक बोलेकी छिन् : पहिला संवादमा उनले तीन शब्द र दोस्रा संवादमा दुई शब्द खर्च गरेकी छन् । यहाँ चामल बोकेर ल्याउने भरियाले एकपटक बोलेको छ र सात शब्द खर्च गरेको छ । नाट्यवस्तुका दृष्टिले यो दृश्य अनावश्यक देखिन्छ । दोस्रो दृश्य पनि रामस्वरूपकै घरको छ । यो त्यसै रातको सुत्ने बेलाको दृश्य हो र यो शयनकक्षमा आयोजित छ । यसमा रामस्वरूपले र तिकियाका चाहनाले आफू र श्रीमतीका बीच सुताइएको बालकन्याई एकातिर पन्छाएर श्रीमतीसँग डोस्सिन खोजेको र उनको मनसाय बुझेर श्रीमतीले आफ्नो अनिच्छा प्रकट गरेको प्रसङ्ग प्रस्तुत छ । यस दृश्यमा रामस्वरूप र सफला यी दुई पात्रका संवाद छन् । रामस्वरूप र सफला दुवैले पाँचपाँच पटक बोलेका छन् । सफलाले ६२-६३ शब्द र रामस्वरूपले यसै १३ शब्द बोलेको सुनिन्छ । आरम्भिक दुई दृश्य दुई पृष्ठमा अटाएका छन् ।

यस एकाङ्की नाटकको तेस्रो दृश्य विहानको छ र यो पनि रामस्वरूपकै घरमा आयोजित छ । यसको कार्यव्यापार चौथ पृष्ठहरूमा फैलिएको छ । यसमा मुख्य पात्र र सफलाका साथै रामस्वरूपका भाइ केशव र छोरा छोरी-सुन्दर, अन्जु, सन्जु, रन्जु-, छिमेकी मैचा सफलाकी बहिनी कमला र तिनका छोराछोरी-रानु, विजय, नीता-, अनि उद्यवे साटो र जनगणना गर्ने दुईजना र नेख्ने मान्छे एकजनाको उपस्थिति छ, तिनका वार्तालाप र क्रियाकलाप छन् । एउटा एकाङ्कीमा उसमाथि पनि त्यसको एक दृश्यमा यत्रो विशाल जनसङ्ख्या नियोजनबिनाको छाडा जनसङ्ख्याका रूपमा देखिन्छ । यस दृश्यमा रामस्वरूपले १८ पटक, सफलाले ७१ पटक, केशवले १४ पटक, अन्जुले १५ पटक, रन्जुले १२ पटक, मैचाले १४ पटक, कमलाले १४ पटक, जनगणना गर्ने एउटा ठिटाले २ पटक, पहिलोले १ पटक, अर्कोले १ पटक, दोस्राले २ पटक अनि लेख्ने मान्छेले ४ पटक बोलेको छ । यिनले बोलेका संवाद एक वाक्यदेखि लिएर १० वाक्यसम्मका छन् र छोटाछोटा छन् । तिनमा प्रयुक्त भाषा सरल छ र व्यङ्ग्यात्मक पनि छ । यसमा पनि दोस्रा दृश्यमा भौं सबभन्दा बढी बोल्ने काम सफलाबाट भएको छ र यसरी नाटककी केन्द्रीय पात्र उनी नै भएकी छन् । यसर्थ उनको पीडा नै नाटकले प्रस्तुत गर्न खोजेको मुख्य समस्या हो । बर्षैनी एकएकका दरले लगातार चार सन्तान जन्माएर धाकेकी, गनेकी र घरखर्च चलाउने आर्थिक चिन्ताले सताइएकी सफलाकै पिठ्यूँमा समस्याको भारी बोकाइएको हुँदा उनी नै केन्द्रीय पात्र देखिनु स्वभाविक हो र यस सन्दर्भले नाटककारले नारीको पीडालाई राम्री बुझेको र उसप्रति उनी सहानुभूतिशील रहेको दर्शाउँछ ।

तेस्रो दृश्यलाई नाटककारले एक दृश्यका रूपमा प्रस्तुत गरेका भए पनि यसमा विहानदेखि लिएर बेलुकी परसम्मका अनेक उपदृश्य देखिन्छन्, विभिन्न समयमा विभिन्न पात्रहरूले प्रवेश गरेको प्रसङ्गलाई आधार बनाएर हेर्दा यसका उपदृश्य १ (पृ.२-४), उपदृश्य २ (पृ.४-६),उपदृश्य ३ (पृ.६-८),उपदृश्य ४ (पृ.८-१०), उपदृश्य ५ (पृ.११-१३),उपदृश्य ६ (पृ.१३-१४), उपदृश्य ७ (पृ.१४-१६) । साना-साना प्रसङ्गहरूलाई भिन्न-भिन्न एक-एक दृश्यमा प्रस्तुत गर्नु र अनेकानेक प्रसङ्गहरूलाई एउटै दृश्यमा प्रस्तुत गर्नाबाट लेखकमा नाट्यवस्तुलाई यथोचित विनियोजित गर्ने कौशल नभएको देखिन्छ । वास्तवमा यस एकाङ्कीलाई एक दृश्यात्मकताअन्तर्गत विभिन्न उपदृश्यहरूमा प्रस्तुत गर्न सकिन्थ्यो र त्यसो नगर्नाले नै यो संरचनात्मक दृष्टिले दुर्बल हुन पुगेको हो ।

यस एकाङ्गीले अल्प वा अपर्याप्त आय हुनेहरूले परिवार नियोजन नगरेकाले तिनको पारिवारिक जीवन दुःखपूर्ण बनेको विषय अघि सारेको छ । यसले विषय प्रस्तुतिका लागि तीनधरी दम्पतीलाई माध्यम बनाएको छ - १.रामस्वरूप र सफला, २. कमला र उनका पति, ३. केशव र उनकी पत्नी । रामस्वरूप र सफला केन्द्रीय पात्र भएकाले उनीहरू दुईजनाका साथै आफ्ना बालबच्चाहरूका साथ उपस्थित छन् र उनीहरूकै घरमा समस्त घटनाव्यापार सञ्चालित छ । केशव एकै उपस्थित छन् र उनकी पत्नी अदृश्य छन् र केशव र सफलाको वार्तालापबाट केशवको दाम्पत्य जीवन छ र सन्तान नजन्माएकाले आर्थिक भार नबढेको हुँदा उनीहरूको जीवन सुखमय छ भन्ने थाहा पाइन्छ । कमला एकै देखिएकी भए पनि छोरा-छोरीहरूका साथ उपस्थित छिन् । यसबाट उनको पनि दाम्पत्य जीवन छ भन्ने थाहा हुन्छ र उनको र सफलाको वार्तालापबाट उनी धेरै सन्तान जन्माएर दुःखी छन् भन्ने बुझिन्छ । यी तीन परिवारहरूमा केशवमा परिवार नियोजनको चेतना भएकाले उनको दाम्पत्य वा पारिवारिक जीवन सुखी र रामस्वरूप र कमलाका पतिमा त्यो चेतना नभएकासे यिनीहरूको दाम्पत्य वा पारिवारिक जीवन दुःखी छ भन्ने देखिन्छ भने कमला र सफला यी दिदी बहिनीहरूमा कमलाको भन्दा पनि सफलाको दाम्पत्य वा पारिवारिक जीवन दुःखी छ भन्ने बुझिन्छ ।

रामस्वरूपको जागिर छ, हाकिमको कृपादृष्टिले उनलाई ओभर टाइम गरेर अतिरिक्त आय प्राप्त गर्ने सुविधा पनि छ । तैपनि उनलाई घरखर्च पुऱ्याउन सदैव पुगेस् पुगेस् छ । उनले सञ्चयकोषबाट सापटी लिएकाले आधा तलब पाउँछन् । उनीहरूको खर्च ऐँचोपैँचो गरेर चलेको देखिन्छ । उनले केशवसँग लिएको पैँचो तिरेका छैनन् तर पैँचो फिर्ता माग्न आउने केशवसँग लाजै नमानी फेरि सापटी मागेका छन् । सफलाले पनि घर खर्चका लागि कमलासँग पैँचो मागेको र कमलाले असमर्थता देखाएपछि परिस्थितिले लाचार परेकासे जोसँग पनि पैँचो माग्न अघि सर्न बानी नै परेको कुरो गरी आत्मनिन्दा भाव प्रकट गरेकी छन् । सीमित आयमा ६ जनाका निम्ति भोजन, वस्त्रको व्यवस्था गर्नाका साथै छोरा छोरीहरूको स्कूलको शुल्क तथा घरको धारा र बिजुलीको शुल्क तिर्नु सम्भव नभएकाले दुवै लोग्ने-स्वास्नी हाडछाला भएका छन् । यस स्थितिमा सफला चिन्तित छिन् उनी पनि आफूले सिकेको सीपको उपयोग गरी केही आय आर्जन गर्न चाहन्छिन् र संयै परिवार नियोजन पनि चाहन्छिन् । तर बिडम्बना के छ भने रामस्वरूप आफ्नो दायित्वप्रति पत्नी जति गम्भीर छैनन् । त्यसैले परिवारमा जुन समस्या छ, त्यो यथावत् छ । रामस्वरूप र सफला दुवै जवान छन् र दुवै ओछ्यानमा सुत्छन् र रामस्वरूप निद्रा नलागेको बहानामा स्वास्नीसँग टाँसिन खोज्छन् र उनको मनसाय बुझेर सफला विरोध गर्छिन्–'कस्तरी डेस्सिएर सुत्नु परेको । आफूलाई सन्चो नभाको बेला पनि । अलि पर जानुस् । .....तपाई सधैं यस्तै । अर्काको जीउको त क्यै बास्तै नगर्ने ! चारओटा छोराछोरी पाएर पनि । बर्सेनी छोराछोरी कोरलेर पनि ।' - (दृश्य २ : ५.२)

नाटकमा देखाइएको यस प्रसङ्गले नारीले सन्तानोत्पादनका भयले पतिसँग यौनसहभागिताका लागि तत्परता देखाउनाको साटो यौन संयम देखाउको कुरो त छर्लङ्ग पारेकै छ, साथै जीवनप्रतिको उत्तरदायित्वप्रति पुरुषभन्दा नारी बढी संवेदनशील हुन्छे भन्ने पनि सङ्केत गरेको छ । फेरि यसले हाम्रा समाजमा नारी आज पनि पुरुषको इच्छाको दासी भएर रहन विवश छन् भन्ने पनि देखाएको छ । परिवार नियोजन नगर्नाले जीवन दुखमय बनेको देखाउने यस नाटकमा परिवार नियोजनप्रति सचेत केशवबाट मात्र नभएर जनगणना गर्न आउनेहरूबाट समेत परिवार नियोजन नगर्ने सफला र कमला दुवैप्रति सचेत गराइएको छ ।

यस नाटकको उत्कर्षबिन्दु त्यो हो, जसमा रामस्वरूप अप्रेसन (पुरुष बन्ध्याकरण) गरेको अभिनयका साथ घर आउँछ र यो देखेर खुसी भएकी सफलालाई 'सबै झूठ, मैले केही गरेको छैन । अप्रेशन गरे पनि दुःख जाने होइन, बुझ्यौ ? म त एक्टिङ गरिरहेको-एक्टिङ' भनेर भरङ्ग पार्दछन् । रामस्वरूपको परिस्थितिले परिवार नियोजन आवश्यक देखाएको छ, जनगणना गर्न आउनेहरूले पनि सफला, कमलालाई त्यो आवश्यकता देखाएका छन् र अन्त्यमा नेपथ्यबाट रेडियोले 'चौटा छोरा चौटी छोरी, आमा-बाबु घरभरि सुखी जीवन भविष्यको हाम्रो उद्देश्य' भनेर विज्ञापन गरेको छ, यति मात्र नभई दुईजना आएर

त्यस्तै यस उपन्यासको एक ठाउँमा जोगीरामको अभिव्यक्तिमा व्यङ्ग्योक्ति परेको छ । जोगीराम अछूत कुवाको किनारमा बसेर गाडी माझिरहेकी साहिँली सर्किनीलाई भन्छ-'हैन, तिमी यो बाहुन क्षेत्रीका कुवामा बसेर के गरिराखी नि ?' यो सन्दर्भ कालीका निरीह आमाछोरीलाई ३४ जना साठेले समेत उखेल्न नसक्ने गणेशको मूर्ति चोरेको आरोप लगाउने भुँडे साहुसँग जोडिएको छ । हाम्रो समाजमा अछूत जातिलाई निचताको संज्ञा दिइन्छ तर उनीहरूभन्दा नीच त धनी, ब्राह्मण छन् भन्ने व्यङ्ग्यार्थ ध्वनित गराएको छ जोगीको उक्त कथनले । अर्थात् उपल्ला जातिकाहरू आफ्नो दुर्जनताले अछूत जातिमा स्थानापन्न भइसके, बरु अछूतहरूचाहिँ आफ्नो सरलताले निचतालाई नाप्न थालिरहेछन् ।

घटनाहरूलाई सर्वत्र वर्णन गरेर मात्र प्रस्तुत गरिएको छैन । थोरै घटना वर्णनका माध्यमले प्रस्तुत भएका छन् भने धेरै घटना चाहिँ संवादका माध्यमले प्रकट भएका छन् । यस उपन्यासका संवादहरू सबै ग्रामीण सरलता र सहजतामा प्रकट भएका छन् । दैनिक ग्रामीण जीवनमा हुने गरेका संवादलाई टपकक टिपेर उपन्यासमा राखिएको जस्तो लाग्छ । संवादमा सहरियापन होइन ग्रामीणता नै झल्कन्छ, जुन आन्चलिक उपन्यासको वैशिष्ट्य नै हो । एउटा उदाहरण-

ऊ बुकीलाई खुशी पार्न नियतले पनेनीहरूसित कुराकानी गर्न लाग्यो– 'तपाईहरू त्यहीं कुवाको पानी लगेर खानुहुन्छ । भ्यागुताले हगेको पानीले गाँड निस्कन्छ । यहाँ जति जनाको गाँड देखें मैले । त्यहीं कुवाको ढिलमा लुगा धुने, भाँडाबर्तन माझ्ने पनि गर्नुहुन्छ ।'

पनेनीहरूले उसित ठट्टा गरे । 'लौ न त सहारा जस्तो एउटा कलधारा हालिदिनुस् बाबु । कुरा गर्नु मात्रै त हामीले पनि जानेका थियौं । खाली हाम्रो हाँसो गर्छन् सहरियाहरू ।'

'हरे हरे ! मैले कहाँ हाँसो गरें । त्यसै दोष लाउनुहुन्छ दिदीहरू त ।' पुष्पनाथले भन्यो ।

'ठट्टा भनेको कस्तो हुन्छ कुन्नि ।' एउटी ठिटीको स्वर सुनियो ।

संवादमा होस् वा वर्णनमा होस्, त्यस अवस्थाको चित्र सर्सक्क पाठकका आँखामा उठिन सक्नु शहर कोइरालाको उपन्यासगत वैशिष्ट्य नै हो । यस वैशिष्ट्यलाई आन्चलिक उपन्यासको स्वभाव नै मान्नुपर्दछ । एउटा सीमित ठाउँको विषयवस्तुलाई प्रस्तुत गर्दा पनि त्यस स्थानको चित्र अभिव्यक्तिमा उठिन नसक्नु भनेको आन्चलिकताको असफलता नै हो जुन असफलता शहरका यस उपन्यासमा देखिएको छैन । तल्ली छोरी उपन्यासमा पाइने अभिव्यक्तिको चित्रात्मक शैलीको एउटा उदाहरण-'आवागमन बन्द भएको राजपथ सुनसान थियो । कतैकतै कमिलाझैं दुई चारजना मूलबाटोमा हिँडेका होलान् । कोही घाँसको ढोको बोकी धरतिर उकाली लागिरहेका जसको पटुकामा घुसारेका हँसिया वा कचिया घाममा चम्केका देखिन्छन् । कोही गाइगोरु बाछा-पाठाहरू खेद्दै पछि लागेका छन् पनेरातिर जाने बाटोतिर । कोही टाढासम्म पुग्ने स्वरमा गीत गाइरहेछन । फँडीर पाकेछन् । बुकीले त्यस रूखतिर आँखा उठाई र मनमनै भनी ।'

जम्माजम्मीमा भन्दा यस उपन्यासको शैलीशिल्पले ग्रामीण सरलता बोकेको छ । यसमा जेजति बिम्ब-प्रतीक परेका छन् ती प्रस्तुतिका कृत्रिम आयोजन हुँदै होइनन् । ग्रामीण बोलीचालीमा यस्ता बिम्ब-प्रतीकहरू प्राकृतिक रूपमा अनगिन्ती सङ्ख्यामा प्रयोग भइराखेका हुन्छन् जसको यथासम्भव बढी अवतरण नेपाली साहित्य हुनसक्यो भने नेपाली साहित्य मौलिक सौन्दर्यले सुसज्जित हुन सक्तछ ।

२.३ भाषिक-प्रयोग:

भाषा साहित्य अभिव्यक्तिको एकमात्र माध्यम हो । लेखकको भाषिक क्षमताले अभिव्यक्तिको सफलताको मात्रा निर्धारण गर्दछ । कथानक जति नै महत्वपूर्ण भए तापनि असफल भाषा-प्रयोगले कथानकगत महत्तालाई धराशायी गराइदिन्छ र भाषिक कमजोरीले अभिव्यक्तिमा तीव्रता पनि नआउने हुनाले भाव-सम्प्रेषण दुरूह हुन जान्छ । यसैले भाषाज्ञान एउटा साहित्यकारका निम्ति आधारभूत कुरा हो ।

उपन्यासमा मानक वा कथ्यमध्ये कुन खालको भाषा प्रयोग गर्ने भन्ने कुरा पात्रको स्थितिले

सम्बन्ध गाँसिएका घटनाक्रमलाई माथ बोकेको छ । रामकृष्णसँग सम्बन्धित कथाको पूरै अंश, बीरुको कथाको आधा अंश, कालीको जीवनको छोटो अंश पूर्वस्मृतिमा आएझैंके अरू सम्पूर्ण कथानक वर्तमानको सोझो गोरेटोमा अगाडि बढेको छ । वस्तुविस्तारको निरसतागत दुर्घटना यस उपन्यासले बेहोर्नुपरेको छैन ।

यस उपन्यासका घटना गुह्यसाहरू अधिकांशतः दृश्यात्मक पद्धतिमा आएका छन् तापनि त्यसको विस्तार भने अनपेक्षित रूपमा भएको छैन । यो घटना वा प्रसङ्ग अधिक विस्तृत भयो भनेर पाठकले झर्की मान्नुपर्ने अवस्था कतै पनि भेटिँदैन । शङ्करले बरुण गरेको दृश्यात्मक पद्धतिले पनि पर्याप्त सङ्क्षिप्तता नै अँगालेका छन् । दुई शब्दमा संरचित शीर्षक **तरुनी छोरी** ले उपन्यासको विषयवस्तुको सारवस्तुलाई बहन गरेको छ ।

२.२ **शैलीशिल्प**

आख्यानलाई महत्त्व दिने लेखकका उपन्यासमा प्रस्तुतिलाई महत्त्व दिने लेखकको उपन्यासमा जस्तो शैलीशिल्पगत चमत्कार पाइन्न । शङ्करको यस उपन्यासमा पनि प्रस्तुतिमा, चमत्कार होइन सरलता/सहजता पाइन्छ । शैलीशिल्पमा चमत्कार सिर्जना गर्दा, सहज अभिव्यक्तिको सट्टा आलङ्कारिताको बरण गर्दा भाव अमूर्त बन्नसक्ने सम्भावनालाई उनी रुचाउँदैनन् । यसैले उनको उपन्यासमा शैलीशिल्प आख्यानको सुकुमार-मनमोजी भरिया बनेको छ जो कृत्रिम होइन प्राकृतिक सौन्दर्यले युक्त छ । यो प्राकृतिकताभित्र सहज बिम्बप्रतीक, व्यङ्ग्यात्मकता अटाउनुका साथै यथार्थको सङ्क्षिप्त पद्धति पनि समेटिएको छ । घटना वर्णन र संवाद दुवै ढङ्गले प्रस्तुत भएका छन् । शङ्करको प्रस्तुतिगत शैलीशिल्पमा चित्रात्मकता बढी आधारभूत हुन्छ ।

असाध्यै खराब स्वभाव भएकी कालीलाई रामकृष्णले विवाह गर्नुको अर्थलाई लेखकले रूपकात्मक ढङ्गबाट यसरी व्यक्त गरेका छन्- 'आँखा चिम्लेर तीतो औषधि पिएका थिए ।' प्रस्तुतिको यस रूपकात्मक शैलीले सङ्क्षेपमा धेरै जिज्ञासाहरूको समाधान दिएको छ, त्यस्तै कालीको स्वभावलाई पाठकसँग परिचित गराउन उनी कालीको निहुँ खोज्ने बानीलाई 'माझाले घाउ खोजेजस्तो' भन्ने क्षुद्र बिम्बका सहयोगले उपस्थित तुल्याउँदछन् । बुकी खाँचोमा बेरिएको प्रसङ्गलाई उनी 'सर्प' को बिम्ब यति सुमधुराका साथ प्रयोग गर्छन् कि त्यस बिम्बमा बुकीप्रतिको कालीको रीस, झर्की सबै प्रकट भएको छ, 'सर्प' का ठाउँमा 'लहरो' लाई बिम्बका रूपमा प्रयोग गरिएको भए कथानकले दर्शाउन खोजेको भाव प्रकट हुन सक्तैनथ्यो ।

पहिरोले बिगारेको बाटो बनाउन लागेको ठाउँमा निरीक्षण गर्न झण्डाबाल गाडी लिएर आइपुगेको मन्त्रीलाई देख्दा बुकी सोच्छ '....तर बादललाई फटाएर घाम झलमल्ल लगाउन किन सक्तैनन् अझिले ? त्यस घाममा आमा मर्कै सुकाउन पाउँथिन् ।' यहाँ 'घाम' तत्कालीन राजनीतिक व्यवस्थाका सन्दर्भमा 'जनताको सुख शान्ति' का अर्थमा प्रयोग भएको प्रतीक हो । पञ्चायतकालीन मन्त्रीहरूको जनताको कोणबाट हेर्दा कुनै औचित्य नै छैन जो जनतालाई 'मर्कै सुकाउने घाम' प्रदान गर्न सक्तैनथे । झण्डाबाल मोटरमा कुद्यो, जनताले तिरेको करलाई डकारमा अनुवाद गऱ्यो, बस् ।

त्यसैगरी गौडा डुबेर सीधासादा युवतीका पछि लाग्ने युवकलाई 'चितुवा' को बिम्बद्वारा प्रस्तुत गरेका छन् भने बीरुका पाखुरा र छातीलाई क्रमशः 'मुङ्गरो' र 'पहरो' को बिम्ब प्रदान गरेका छन् । त्यस्तै भात सेलाएको कुरालाई व्यक्त गर्न 'सिङ्जुरो उमेको' बिम्ब प्रयोग गरिएको छ ।

उपन्यासको एकठाउँमा लाक्षणिक बिम्ब पनि प्रयोग भएको भेटिन्छ । बुकीले साँझमा आफ्नो घरबाट जान लागेका सहरिया युवकलाई सारै सोझो भावमा अभिव्यक्त गर्दा नै 'बाटो बिराउनु होला कि ?' भनेर सोध्छ तर छटटु पुष्पनाथ त्यस भनाइलाई टपक्क टिपेर हाँस्दै अर्थ सम्प्रेषण गर्छ- 'अँ, बाटो बिराउँला जस्तै छ' । बाटो बिराउने सम्भावनामा हाँसिदैन बरु सहयोग माग्नुपर्छ तर आजसम्म सीधा हिँडिएको बाटो बुकीलाई भेटेपछि दायाँबायाँ लाग्न सक्छ...' भनेर बाटो बिराइन सकिने त्यस सम्भावनालाई ऊ आफ्नो अभिव्यक्तिमा प्रकट गरिरहेछ । यहाँनिर लेखकद्वारा लाक्षणिक अर्थको प्रयोग गरिएको छ ।

रामस्वरूपको घरको ढोकाको दायाँ र बायाँ दुवैतिर 'सुखी भविष्यको लागि परिवार नियोजन' लेखिएको पर्चा टाँसिदिन्छन् । यो सारा आयोजना जसप्रति सहित छ ती रामस्वरूप अप्रभावित रहन्छन्, उनलाई अप्रेसनले आफ्नो दुःख निवारण हुन्छ भन्ने लाग्दैन र उनलाई त्यसप्रति चाख जाग्दैन । उनको भनाइ छ-'अप्रेशन गर्नेहरूको जीवन पनि मैले देखेको छु । तिनले पनि जीवनमा के पाएका छन् दुःख र कष्टको भारी पिठ्यूँमा बोक्नुबाहेक ।' (दृश्य ३ : पृ.१६) रामस्वरूपको यसै भनाइका साथ नाटक टुङ्गिन्छ । नाटकको यस्तो अन्त्यले परिवार नियोजन प्रति नायकको नकारात्मक दृष्टि रहेको स्पष्ट हुन्छ र ऊ उन्टो सोचाइको आत्मकेन्द्रित र आत्मरतिमा निमग्न यथास्थितिवादी रहेछ भन्ने पनि स्पष्ट हुन्छ । यसरी नाटकले परिवार नियोजनप्रति सकारात्मक नभएर नकारात्मक सन्देश दिन खोजेको जस्तो लाग्न सक्छ । किनभने आदर्शवादी हो वा यथार्थवादी होस कुनै न कुनै असल पात्रलाई माध्यम बनाएर आफ्नो विचार प्रकट गर्ने गर्दछन् । यस सन्दर्भमा उसले नायक वा कुनै प्रमुख पात्रलाई उपयोग गरेको हुन्छ । तर यस नाटकको नायक वास्तवमा नायक नभएर उपहास र तिरस्कारयोग्य किँनायक भएकाले उसको भनाइलाई लेखकको विचारका रूपमा ग्रहण गर्नु उचित हुँदैन तापनि के भन्न सकिन्छ भने नाटककार जीवनसँग असन्तुष्ट छन् र त्यसप्रति व्यङ्ग्यात्मक हाँसो हाँस्न चाहन्छन् । उनको यो प्रवृत्ति विसङ्गतिवादको अनुरूप देखिन्छ ।

यो नाटक जुन बिन्दुबाट आरम्भ भएको छ, त्यसै बिन्दुमा समाप्त भएको छ । यसमा जुन समस्या प्रस्तुत छ, त्यसको समाधानको बाटो देखाइए पनि त्यसलाई अस्वीकार गरिएको छ र यथास्थिति प्रस्तुत गरिएको छ । जीवन समस्याग्रस्त छ, यो यस्तै रहन्छ, जीवन सङ्घर्षमय (द्वन्द्वात्मक) छ र यो सदैव यस्तै रहन्छ भन्ने फलागम यसको अभीष्ट छ, पोखिन्छ । *सरस्वतीनगर, चाबहिल ७*
न. २०५८।३।२६

***

विजया दशमी तथा दीपावलीको शुभकामना !

हाम्रो प्रकाशनबाट प्रकाशित नवीनतम केही ग्रन्थहरू:

जडीबुटीद्वारा कीटनियन्त्रण – प्रा.डा. फणीन्द्रप्रसाद नेउपाने
रासायनिक विषहीको प्रयोगले न्याएको विकरबाट चिन्तित मानवसमाज र यसबाट पशुपंछीमा समेत परेको दुष्प्रभावको नियन्त्रणमा उपयोगीसिद्ध वनस्पतिजन्य कीटनाशक पदार्थहरू, यिनको स्रोत र प्रयोगविधि आदिबारे विद्वान् लेखकको प्रस्तुत ग्रन्थ कृषकवर्गसमेत सम्बद्ध क्षेत्रका विद्यार्थी, विशेषज्ञ, अनुसन्धाताका साथै जनस्वास्थ्य र वातावरणसँग सम्बद्ध अध्येताहरूलाई अत्यन्त उपयोगी । (पृष्ठ: २४, मूल्य: रु. १२२/-)

धुपी शेरचनका कविता – सम्पादक शिव रेग्मी
नेपाली कविताका अत्यन्त चर्चित कवि धुपी शेरचनको 'घुम्ने मेचमाथि बस्ती मानवी' कवितासङ्ग्रहमा नपरेका तथा त्यसपछि प्रकाशित कवितासङ्ग्रहका साथै गीत, मुक्तकसमेतको सङ्कलन र संवेद शिर्षकको सङ्ग्रह ।
(पृष्ठ: ११०, मूल्य: रु. ६१/-)

समकालीन नेपाली नाटक – सम्पादक अशोक मल्ल
नेपाली नाटकमा विभिन्न प्रयोग, प्रवृत्ति, गति र धारालाई अङ्कित नाटककारले आत्मसात् गरेको विधि, प्रस्तुति र विषयका साथ त्यसको इमानदार प्रस्तुतिका लागि तयार गरिएको सङ्ग्रह । (पृष्ठ:२०८, मूल्य: रु. ८२/-)

नेपाल-चीन सम्बन्ध – निरञ्जन गुरुङ
नेपाल र विश्वशक्ति चीनबीचको महत्वपूर्ण ऐतिहासिक सम्बन्धका विषयमा गहन अध्ययन र लेखकको लामो समयसम्म त्यहाँ रहँदाको अनुभवले प्रस्तुत ग्रन्थलाई आमपाठकका साथै अध्येता, अध्यापक र अनुसन्धाताका लागि सङ्ग्रहणीय बनाएको छ । (पृष्ठ: २७६, मूल्य: रु. १६७/-)

नेपालमा विकासका प्रयासहरू – हरिहर थिमिरे
त्रिभुवन विश्वविद्यालयअन्तर्गत मानविकी स्नातक तहको छैटौं पत्र समाजशास्त्र विषयको पाठ्यक्रमका आधारमा तयार भएको प्रस्तुत पुस्तक विद्यार्थीहरूका अतिरिक्त सम्बद्ध क्षेत्रका सबैलाई उपयोगी हुने किसिमको छ ।
(पृष्ठ: २३४, मूल्य: रु. ८०/-)

साझा प्रकाशन
पुल्चोक, ललितपुर

✍ कृष्ण गौतम

शङ्कर कोइराला लिखित म पिउन अखबारको

शङ्कर कोइराला (१९८७-२०५४) द्वारा लिखित **म पिउन अखबारको** (२०२५) नामक उपन्यास ठिमीले कुनै गाउँलाई परिवेश बनाएर एक निम्नवर्गीय घर र त्यसका जोईपोइहरू चित्रण गरि सार्दछ । त्यस घरको अपूतो, लोतिसरे जैसी ठाउँठाउँमा अखबार पुऱ्याउने पियनको काम गरेर जीविका चलाउँछ । ऊ गरिब छ, कठिन जीवनका विभिन्न अनुकूल र प्रतिकूल टिप्पणीहरूलाई सुन्दै र सहँदै बाँच्तछ । ऊ एकदिन पुस्मुनि फालिएको जीवित शिशु देख्छ र त्यसलाई घरमा ल्याई पान्दछ । सुमती-राजीवद्वारा फालिएको बच्चालाई पाल्न धौधौ परिरहेको बखत छिपेर आउँदै राजीव उसलाई पैसा दिने गर्दछ । जैसी दम्पती मोटाउँदै जान्छन्, साथी कर्मबहादुर सराइ बन्छ, उसकी स्वास्नी ईर्ष्या गर्न थाल्छे । जैसी जुन अखबारमा काम गर्छ त्यसकै म्यानेजर ग्राहक बनाउन नसक्ने कर्मचारीलाई कार्यालयबाट बर्खास्त गर्ने सूचना दिन्छ । राजीव जैसीलाई त्यस सङ्टबाट पनि मुक्त गर्छ र बचाउँछ । केही समयपछि बच्चा फिर्ताइन्छ, राजीवलाई उसकै भगाडिया सीतारामले छुरी हान्छ । सुमती सोझो पोइलाई छोडर सीताराम कहाँ पोइल आएकी थिई, उसकहाँबाट सुमतीलाई उठिट्याउन सफल भएको राजीव उसकै प्रहारले घाइते हुन्छ ।

पियन जइली फूल नामले सस्ता कथासग्रह पनि लेख्ने गर्दछ । सुमतीमा लोभिएर उसले जुत्ता पनि खायो । सुमती घुम्दैघुम्दै राजीवकहाँ पुग्छे, बिचरो पियन सुमतीमा मुग्ध मिठ्याउँदै उसले फालेको बालक पाल्न पुग्छ र जीवनको एउटा ठूलो विडम्बनाको चित्र कोर्छ ।

कृतिमा जैसीको घर र गाउँलेहरूबिच सर सम्पर्कको विषय, सिकार खेल्ने परिवेश केही मात्रामा राम्रैसित आएका छन् । सन्तानको चाहना राख्ने मान्छेलाई फालिएको बच्चा पाउँदा पनि खुसी लाग्छ । नेपालमा फालिने बालकको सम्बन्धमा समाज र सरकार-दुवै अनुदार छन् । नरनारीलाई जैव आकाङ्क्षाले तान्छ र तिनीहरू यौन समागममा जुट्छन् । नचाही नचाहीकन जन्मेको बालकलाई न समाज स्वीकार्छ, न त कानुन नै । यसैले फालिएका बालकको नियति दुर्भाग्यपूर्ण हुन्छ । अपूतो जैसी आफै फालिएर फेला परेको थियो, अब आफ्ने त्यसै बालकलाई पाएर घर ल्याउँछ । कानुन र समाजमा उदारता नआएसम्म बालक फालिने घटना टुक्किएर जाला भन्न सकिँदैन ।

पैसावालहरू सिकार खेल्छन्, मोजमज्जा गर्छन्, अर्काकी स्वास्नी उठिट्याउँछन्, गरिबलाई हेप्छन्, पैसा नहुनेहरूको जीवन निरीह बन्दै गइरहेछ । ईर्ष्या, द्वेष र घृणाहरू गाउँमेमा छाइँछन्, तिनीहरूको आर्थिक स्तर उठ्न सकिरहेको छैन । गाउँमा एउटा राम्रो सुगा लगाएको मान्छे आइपुग्यो भने सब थियो गर्न थाल्छन्, केके न हुन काँट्यो भनेर जिज्ञासा राख्छन् । घर-परिवार राम्रो हुनाका लागि स्त्री र पुरुष दुवैले आ-आफ्नो कर्तव्य बुझ्नुपर्दछ । आफ्नो लोग्नेलाई छोडेर अर्को पुरुषकहाँ जाने आइमाई, अर्काकी स्वास्नीलाई फकाएर आफ्नो घरमा ल्याउने पुरुष-दुवैका कारणले समाजमा स्वस्थता भङ्ग हुँदै जान सागेको छ ।

प्रस्तुत कृति केही मात्रामा अ-उपन्यास जस्तो छ त जैसी अनायक जस्तो । कमसेकम यसलाई उपन्यास र अउपन्यासको बीचको कृति मान्दा ठीक होला । गाउँले भए पनि जैसी एकतिर साहै निरीहजस्तो देखिन्छ भने अर्कोतिर उसमा केही गर्ने उत्साह पनि छ । शिथिलता र उत्साहले उसलाई अनायक र नायकको दोसाँधमा फालिदिन्छन् त त्यस व्यक्तिका कारण कृति पनि अउपन्यास र उपन्यासको बीचको जस्तो प्रतीत हुन्छ । कृति आफै एकातिर जैसीजस्तै निरीह छ, अर्कोतिर कतैकतै तेजस्वी भिन्काको आभास पनि दिन्छ, मानौं कृतिले लेखककै निरीहता र जोशलाई आफूमा ल्याएको छ ।

★★★

थिए । यसरी प्रस्तुत उपन्यासमा राजनीतिक परिवेश पनि स्पष्ट रूपमा उठिएको छ ।

नेपालको मौलिक संस्कृतिको स्पष्ट चित्र भेट्न सकिने थलो भनेको पहाडी गाउँ नै हो, जहाँ सहरमा जति संस्कृति बिटुलिएको हुँदैन । नेपालका सांस्कृतिक सन्दर्भहरू कतै मानवीय ढङ्का छन् त कतै अमानवीय ढङ्का पनि छन् । गाउँमा अझै पनि पाहुनालाई सत्कार गरिन्छ, चाडबाडहरू उत्साहसाथ मनाइन्छन्, मान्छेको मृत्युसंस्कार पनि आफ्नै ढङ्गले गरिन्छन् । यिनका अतिरिक्त एउटा मानवलाई अर्को मानवभन्दा नीच देखाउने संस्कृति पनि हाम्रा गाउँघरमा जीवितै छ । प्राचीनकालमा कामका आधारमा जातीय विभाजन मात्र भएन, त्यसै आधारमा मानिसलाई छुत र अछुत भनेर अलग्याउने काम पनि भयो । एउटा मानिसले अर्को मानिसहरूलाई छुन नहुने भयो, एउटाले छोएको अर्कोले खानु नहुने भयो । यतिसम्म कि अछुत जातिका लागि छुट्टै कुवा र धाराको व्यवस्था भयो । यस किसिमको सांस्कृतिक परिवेशलाई पनि प्रस्तुत उपन्यासले सलंकै उतारिदिएको छ ।

उपर्युक्त सबै पक्षका अतिरिक्त सामाजिक परिवेशको सग्लो चित्र प्रस्तुत गर्नु यस्ता आञ्चलिक उपन्यासको टड्कारो उद्देश्य रहेको हुन्छ । त्यही उद्देश्यअनुरूप शङ्करले यस उपन्यासमा समाजका दुई वर्गको माध्यमले ढुङ्गेपाटी र धुम्की गाउँको सामाजिक परिवेशलाई आर्थिक सन्दर्भका धागामा उनेर अगाडि ल्याएका छन् । यसै पनि पहाडी गाउँ भौगोलिक स्थितिले तराईको गाउँजस्तो सम्पन्न हुन सक्तैन । त्यसमाथि पनि ठूलाठालुहरूको शोषणले गाउँले समाजलाई गरीबीको पहाड बनेर थिचिराखेको हुन्छ । यही सामाजिक असन्तुललाई लेखकले यसरी व्यक्त गरेका छन्-धरमा अन्न हुनेहरूका लागि नुवागी खाने बेला अझै आइपुगेको थिएन, यसैले त ती खेतका बालीहरू लहलहाइरहेका थिए बाढी र कटाइबाट निर्विघ्न तर सँगै खेत हुने कसैको लागि त्यही धान काटी, कुटी दसै मनाउनु परेको थियो । नुवागी खाने साइतलाई पर्खनु भौकै बस्नु जतिको थियो । यस उपन्यासको समाज यति धेरै असन्तुलित थियो कि 'उसले कान्छा बा र कान्छी आमाको नमुनाबमोजिमकी कपडा काटी र नमुनालाई न्याएको चोली र कमिज फिर्ता दिई किनभने उनीहरूले जीउमा लगाएको लुगा फुकालेर दिइपठाएका थिए । त्यसैले तिनको लगाउने अर्को लुगा थिएन ।'

यस उपन्यासको सामाजिक जीवनको आधार भनेको कृषि नै हो जुन बाढी-पहिरो र साहूबाट बच्यो भने मात्र आम जनतामा पुग्दछ । घाँसदाउरा, मेलापात र परम्पराको संरक्षण नै हो यस उपन्यासको सामाजिक परिवेश भनेको । अन्धविश्वासले पनि ग्रस्त छ यहाँको समाज जसले गर्दा ऊ बीरसित भागेकी बुकीलाई भूतले खाएको सम्झन्छ । अछुत भनिने जातले लुगा सिउने मेसिन घरमा ल्याउँदा असहिष्णु बनिदिन्छ । गाउँमा शिक्षा र इलम सिकाइहिँड्ने सहरिया बुद्धरी श्यामा ढुङ्गेपाटी गाउँका लागि 'पढू महिला' ठहरिन्छे । यी सम्पूर्ण सन्दर्भले उपन्यासमा गाउँले समाजको यथार्थ तस्वीर प्रस्तुत गरेका छन्, जुन आञ्चलिक उपन्यासको लक्षण नै हो ।

२. प्रस्तुति:

आख्यान र प्रस्तुतिको सन्तुलनमा नै उपन्यासको सफलता निर्भर गर्दछ । प्रस्तुति भनेको कलात्मक संपुट पनि हो, जसले आख्यानलाई सफलता प्रदान गर्दछ तर शङ्करको प्राथमिकताभित्र प्रस्तुति पक्ष पर्दैन । स्पष्ट आख्यानचेतलाई एउटा सहज-स्वाभाविक-सरल प्रस्तुति दिन रुचाउँछन् उनी । उनले उपन्यास लेख्नेको समयताका प्रयोगवादी साहित्यको बाढी आएको थियो । उनी उक्त प्रयोगवादी अमूर्तताको विरोध गर्छन् । उनी किरिङमिरिङ लेख्नेर अमूर्त कलावादी हुने आजको ट्रेण्डसँग सम्झौता गर्न अनिच्छुक छन् । यसैले उनको प्रस्तुति मूर्त हुन्छ ।

२.१ संरचना:

तरुनी छोरी लघुसंरचनामा प्रस्तुत लघुउपन्यास हो । यस उपन्यासको आख्यान एउटा सोझो सरल संरचनामा प्रस्तुत भएको छ । कथानकको हाँगाबिंगा छरिन नपाएकाले पनि यस उपन्यासको संरचना लघु आयाममा सीमित बनेको छ । जम्माजम्मी ७४ पृष्ठ र ८ खण्डमा प्रस्तुत भएको यो उपन्यासले बुकीको जीवनसँग घनिष्ठ

सम्भव कुरो होइन । आञ्चलिक उपन्यासका लेखकको मनप्राणमा भिजेको स्थान मात्र उपन्यासको आधार बन्न सक्छ । त्यसमाथि पनि बाल्यकालदेखि अटुट सम्बन्ध रहिआएको स्थान नै आञ्चलिक परिवेश प्रदान गर्न सक्षम हुन्छ । यसैले शङ्करले पनि उपन्यासमा प्रस्तुत आञ्चलिकताका लागि काठमाडौं निकटको काभ्रे जिल्लालाई रोजेका छन्, जुन उनको पुर्खौली जिल्ला पनि हो । उनले कतै पनि जिल्लाको नाम उल्लेख गरेका छैनन् तापनि केही विशेषताहरूले त्यसलाई चिनाएका छन् । 'पँधेरा' लाई 'पनेरा' भन्नु त्यहाँको भाषिक वैशिष्ट्य हो । त्यस्तै 'फँडीर' त्यहाँको एक विशेष खालको फल हो जुन ठूलो वृक्षमा फल्दछ । त्यो फल अन्यत्र पनि हुनसक्छ तर त्यो नाम त्यसै काभ्रे जिल्लामा मात्र प्रचलित छ । यस उपन्यासको गाउँ दुइपाटी दुम्जाकै सेरोफेरोको कुनै गाउँ हुनसक्छ ।

आञ्चलिक उपन्यासले कुनै अञ्चल वा क्षेत्र, जिल्ला, गाविस आदिको व्यापक परिवेशलाई आफ्नो आधार बनाएको पनि हुनसक्छ । स्थानका विस्तार विषयवस्तुको विस्तारमा आधारित हुने कुरा हो । कयौं आञ्चलिक आयाम प्रदान गर्ने भन्ने कुरा उपन्यासको उद्देश्यले पनि निर्धारित गर्दछ । यस उपन्यासमा आञ्चलिकता मूलतः एउटै गाउँमा सीमित बनेको छ तर जति स्थानलाई औंगटेको छ त्यसलाई त्यसको विविध आयाममा प्रस्तुत गर्न सफल बनेको छ ।

उपन्यासमा ग्रामीण परिवेश भएकाले त्यहाँ स्वभाविक रूपमा प्रकृतिको मनोहारी रूपको पनि चित्रण हुनुपर्ने हो तर लेखक प्रकृतिको चित्रणतर्फ नै छैनन् । प्रकृतिको विशिष्ट पहिचान यस उपन्यासले प्रदान गर्न सकेको छैन । वस्तुको सघन प्रक्षेपणभन्दा स्थानीयताको सघन प्रस्तुतिलाई यसले महत्त्व दिएको छ र यो स्थानीयता भाषिक, सामाजिक, सांस्कृतिक, धार्मिक आधारमा प्रकट भएको छ ।

आञ्चलिकता प्रकट हुने पहिलो माध्यम भाषा नै हो । भाषाको स्वरूप डाँडैपिच्छे फरक हुन्छ, डाँडाबारिकै बोलीमा पनि केही अन्तर भेटिन्छ । तपाईंको समथर मैदानमा भन्दा पनि पहाडका डाँडाकाँडामा भाषिक स्वरूपको विविधता अधिक पाइन्छ । भाषाको खास स्वरूपले खास स्थानको परिचय दिइराखेको हुन्छ । जस्तो-'पनेरा' भन्ने शब्दले पूर्व १ नम्बरको परिचय दिन्छ । नेपाली भाषा प्रयोग हुने ग्रामीण परिवेशका केही शब्दलाई उपन्यासभित्र यसरी हेर्न र छुन सकिन्छ- कपालको जर्बुटो, भरप्ट, भ्वाँकिभ्वाँके, मतान, सिङ्गुरो उभिनु, सिरीकृष्ण, आसर्जे, तीन मुका, चिनापर्चो, साइची, डागडर, गिलास, जन्तर आदि ।

शिक्षा र चेतनाको प्रकाश पुग्न नसकेका नेपालका दुर्गम पहाडी बस्तीहरूमा धर्मले गहिरो जरा गाडिराखेको हुन्छ । त्यहाँ धर्ममाथिको तर्कको कुनै गुञ्जायस नै हुँदैन । त्यस्ता गाउँमा शोषक वर्गका लागि भए पनि नभए पनि शोषितवर्गका लागि भने धर्म नै एक मात्र निर्विकल्प सत्य हो । उनीहरू धर्मकै नाममा सबैथोक सहिराखेका हुन्छन् र शोषकहरू चाहिँ धर्मका आडमा निमुखा जनतामाथि शोषण गरिराखेका हुन्छन् । मन्दिर बनाएर मूर्ति स्थापना गर्नु, तुलसी र पीपलको पूजा गर्नु, चोखो पानी न्याउनुजस्ता कुरा गाउँको धार्मिक परिवेशलाई चिनाउने माध्यम हुन् । यस्ता कुरा दुइपाटी गाउँका विशेषता बनेका छन् ।

उपन्यास एउटा सानो गाउँको परिवेशमा आधारित रहे तापनि यसले ग्रामीण राजनीतिको लहराले तानेर राष्ट्रिय राजनीतिको गुम्फ पनि खोलिदिएको छ । भन्न त पञ्चायतलाई पनि प्रजातन्त्र नै भनिन्थ्यो तर त्यो विशुद्ध पञ्चहरूको तन्त्र बनेको थियो । जनताका लागि सरकार अत्यन्त अमूर्त र अगोचर कुरा थियो भन्ने कुरा साहिली सर्किनीको 'सरकारको खुट्टे भए हामी ढाँडिन्थे छाँट हान्थ्यौं' भन्ने कथनबाट पुष्ट हुन्छ । पञ्चहरूले पद र पैसाका आडमा गाउँघरमा गरेको ज्यादतीको नमुना नै बनेको छ भुँडे साहूको व्यवहार । त्यति मात्र होइन, पञ्चहरूको रौस देखेर साम्यवादीहरू र प्रजातन्त्रवादीहरू गाउँफर्कका नाममा गाउँगाउँमा गएर साम्यवादी र प्रजातन्त्रवादी खेमाका जनतालाई प्रभावित गरिराखेका थिए । वीरु र जोगीराम साम्यवादी आदर्शबाट प्रेरित थिए र गाउँको भूमिगत राजनीतिक शैलीको प्रतिनिधित्व तिनैले गरेका

✍ कृष्ण प्रधान

एक अँजुली श्रद्धाञ्जलीभित्र शङ्कर कोइराला र तत्कालीन परिवेशको उत्खनन्

१. नेपाली औपन्यासिक जगत्मा शङ्कर कोइरालालाई दुईप्रकारले चिनाइने गरिन्छ :

क. **बैरिनी घाटका महान् स्रष्टा** र

ख. धेरै उपन्यासहरू लेखे पनि एउटै उपन्यासभन्दा माथि उठ्न नसकेका उपन्यासकार, नेपालका गुलसन नन्दा ।

२. माथिका दुवै तर्कहरू उचित लाग्छन् । वास्तवमा कुनै स्रष्टाको गतिलो, चर्चाको शिखर पुग्ने कृति आइसकेपछि कालान्तरसम्म पनि त्यस कृतिलाई उछिन्ने अरू कृतिहरू आएनन् भन्ने हो, लेखकलाई माथिको दोस्रो तर्कले च्याप्छ नै । शङ्कर कोइरालामा पनि यति कुरा लागू भयो, भइरहेकै छ मरणोपरान्त पनि । के उनका अरू कृति **बैरिनी घाट**सम्म पुग्न सकेनन् ? **बैरिनी घाट** जुन समय आयो, त्यो समयमा त्यसले कोइरालालाई एकै फड्को माथि पुऱ्याएको र पछि तल झार्नै मानेन उनको उपन्यासकारलाई । उनले लेख्दै रहे । हिसाबै गर्ने हो भने पचासौं उपन्यास लेखे । वर्षको २।४ पनि लेखे । जसतसले लेख्न सक्छन् त्यसरी, तर उनले लेखे । सायद यसरी नलेखेका भए पनि त शङ्कर कोइराला 'शङ्कर कोइराला' नरहने थिएनन् । के उनले धेरै लेख्नु 'कोइराला' कै अधोगति थियो ? के उनले नलेखेका भए पनि धेरै लेखिसकेर पछि गरिने तुलनाका आधारमा जस्तै उनलाई **बैरिनी घाट** को मानमर्यादा थाम्न नसक्ने गरी लगाइने आरोप लगाउन सकिन्थ्यो ? यी यस्ता प्रश्नहरू आज गरेर फाइदा छैन पनि । तर एउटा यथार्थ के हो भने शङ्कर कोइरालालाई अरू कृतिको मूल्याङ्कन नै नभए पनि नेपाली साहित्यमा बचाएर राख्ने कृति **बैरिनी घाट** नै हो । एउटै कृतिले कुनै साहित्यकारलाई सदासर्वदा बचाएर राख्छ भने त्यसमा हामी सबैले गर्व गर्नै पर्छ । शङ्कर कोइरालाका विषयमा लेख्नेले यस विषयको मेसो राख्नै पर्छ ।

३. प्रस्तुत कृति **एक अँजुली श्रद्धाञ्जली** कोइरालाका धुपै प्रकाशित उपन्यासमध्यकै एक उपन्यास हो, जुन पञ्चायतकालीन सामाजिक, आर्थिक, राजनैतिक परिवेश बरिपरि बसेर लेखिएको छ । प्रकाशनकाल कतै उल्लेख नभए पनि पञ्चायतकालीन 'गाउँ फर्क' अभियानको प्रसङ्ग उल्लेख भएकाले यो उपन्यास २०२०-२०२५ तिर लेखिएको अनुमान गर्न सकिन्छ । खोइ किन हो, न लेखकले न त प्रकाशकले नै प्रकाशन सालका बारे कतै उल्लेख गर्न रुचाएनन् । लेखकले आफ्नो भूमिकामा समेत यस कुराको सङ्केत गरेका छैनन् । **श्याम ब्रदर्स** राजीनिकबाट बनारसमा मुद्रित भै प्रकाशित भए पनि प्रकाशन साल उल्लेखित हुन सकेन । जे होस्, यो कुरा उति महत्त्वको नभए पनि लेखकीय विकासका लागि भने महत्त्व राख्ने विषय भएको हुँदा यस्ता तथ्य भेटिएको भए तत्कालीन परिस्थितिउपर समीक्षा गर्न अझ सजिलो पर्थ्यो । लेखकले भूमिकामा भने जस्तै लेखकीय स्वतन्त्रता ('दुई शब्द'बाट) जलाततै उपयोग गरिएको र देशमा आएको परिवर्तनको सानो झलक प्रस्तुत गरिएको भन्ने भनाइसमेतलाई पृष्ठभूमिमा राखेर प्रस्तुत उपन्यास (पृष्ठ सङ्ख्या १३८) अध्ययन गर्दा साँच्चै लेखकले तिनको प्रयोग गरेको आभास हुन्छ ।

४. पञ्चायतकालीन परिस्थितिबीच लेखक-कविको स्थितिप्रति उपन्यासकार निकै सचेत देखिन्छन् भने तत्कालीन अञ्चलाधीशको जीवनशैली 'गाउँफर्क' को उपस्थिति, सामाजिक जागरण बसोबासको

व्यवस्था, विकासका लागि चालिएका कतिपय कदमहरूसमेतको थोरबहुत चर्चापरिचर्चाले उपन्यास रहिएको छ भने यसमा पाइने केही प्रेम कथाका प्रसङ्गहरू, यौनलीला र रक्सी-आदिका विषयहरूले उपन्यास केही रहीन-रोमाञ्चक पनि देखिन्छ। जगधर उपन्यासको मूल पात्र भए पनि यस उपन्यासभित्र धेरै प्रकथाहरू जन्माउने पात्रहरू प्रशस्तै छन्। शरद् होस् वा नर्मदा, गङ्गा होस् वा बिन्दु, शशिधर होस् वा कमल, सलोनी होस् वा विक्रमध्वज, सतीस होस् वा शान्त शमशेर जे.टी.ए हुन् सबैका प्र-कथाहरू छन्। उपन्यास 'आदर्श ग्राम' पछि 'महेन्द्र ग्राम' वरिपरि केन्द्रित छ भने विकासको एउटा परिकल्पना पनि त्यहाँ छ। पञ्चायतकालीन जागिरे मनोवृत्तिका केही झलक र झाँकी पनि यहाँ देखिन्छन्। कथाहरू छिट्टिटो बगेका पनि छन्। बीचबीचमा फिल्मीशैलीका झट्काले उपन्यासलाई हानेका पनि छन् भने उपन्यासकारले खासगरी कृतिको शीर्षक साध्य हुने किसिमको कथाको टुङ्ग्याउनी दिन सकेका छैनन्। वास्तवमा रक्सी र केही यौनलीलाका प्रसङ्गहरू पाइन्छन् र जगधरजस्तो चरित्रको मान्छेलाई खासै उच्च चरित्रको भन्ने अवस्था पनि यहाँ देखिँदैन। उपन्यासको अन्तिमअन्तिमतिर खासगरी जगधर (विधुर) सित बिन्दु (विधवा) को वैवाहिक बन्धन सामाजिक महान् क्रान्ति नै देखिएजस्तो लागे पनि र उसको भत्कनभत्कन लागेको घर बिन्दुको आगमनपश्चात् सुधन लागेको देखिए पनि अन्त्यमा आफ्नी छोरी शशिधर (पहिलेकी स्वास्नीपट्टिका)ले मातृतुल्य 'सलोनी'लाई भगाएर लगेको खबरले आहत हुन पुगी अन्त्यमा गङ्गाकै रक्सी भट्टी पसलमा शरण लिन पुगेको दृश्यबाट अन्त्य गराइएको हुँदा एक अन्धुली श्रद्धान्जली शीर्षक साध्यतिर उति गम्भीर नभएर हलुका हुन पुगेको भान पनि हुन्छ। 'सलोनी'लाई जगधर पनि चाहन्थ्यो भने 'गङ्गा' लाई हृदय देखिनै प्रेम गर्थ्यो। 'गङ्गा' वास्तवमा प्रेमको एउटा ठूला छाती नै भएकी र कुनै कुण्ठा नपालेकी एक उदार स्वतन्त्र भोग्यजस्ती चरित्र देखापरेकी छ। त्यही 'गङ्गा' शरद्को रखौटी पनि थिई र उसलाई दुवै जनाले चाहन्थे पनि। जगधरलाई एउटा अतृप्त यौनको पात्रका रूपमा पनि चिनाइएको छ भने उसको एउटै राम्रो पक्ष देखापरेको छ त्यो हो मरणोपरान्त 'आदर्श ग्राम' मा कवि शरद्को सालिक स्थापना गर्नु। पञ्चायतकालीन समयमा गाउँ फर्क अभियानको जगजगी भएको समयमा आफ्नै खर्चले भाइ शरद्को सालिक स्थापना गरी सोको अनावरण गर्नु कम क्रान्तिकारी कदम थिएन। यसमा पनि कवि शरद्, जो पञ्चायतको विरोधीसमेत थियो, जसको अन्त्य पलायनबोधक थियो, उसले अचानक आत्महत्या गरेको थियो, जसको प्रेम-कथा निकै पीडादायक पनि रहेको छ र त्यसले यसमा गति पाउन सकेको छैन पनि, को उपस्थिति गराएर उपन्यासकार शङ्कर कोइरालाले तत्कालीन परिस्थितिबीच नेखक-कविहरूको मनोदशालाई प्रत्यक्ष/परोक्ष प्रतीकात्मक रूपमा उतारेका मात्र छैनन्, जगधरजस्तो पात्रबाट समेत एउटा कविको सालिक उभ्याउन लगाएर नेखक-कविप्रति गर्नुपर्ने कर्तव्यबोध पनि गराएका छन्। पञ्चायतकालमा, जुनबेला शरद्का सम्पूर्ण कविताहरू नै प्रहरीका पञ्जामा थिए, एउटा पञ्चायत विरोधी कविको सालिक उभ्याउन सक्नु एकातिर चुनौतीपूर्ण कार्य त छँदै थियो, अर्कोतिर त्यसबेलाको उदारताको उदाहरण देखाउने एउटा राम्रो व्यङ्ग्य पनि थियो। यस कुराको पुष्टि सालिक अनावरणका समयमा अन्चलाधीश विक्रमध्वजको उद्घाटन भाषण (पृष्ठ ७१) बाट पनि प्रष्ट हुन्छ। उपन्यासकार शङ्कर कोइरालाको कवि र कविताप्रतिको चेतना शरद्रूपी पात्रबाट यस उपन्यासमा यत्रतत्र उठिएको छ। नेखकीय चेतनाले निकै जरा गाडेको छ। वास्तवमा एक अन्धुली श्रद्धान्जली कवि शरद्को सालिक स्थापना गर्नुले प्रष्ट भएको छ भन्न सकिन्छ। नत्र जगधरजस्तो पात्र आफ्नी छोरी र श्रीमती मीनाको मृत्युबाट पनि उपन्यासमा उति बेचैन भएको कतै नदेखिँदा र स्वास्नी मात्र बढुली हिँड्दै जाने उसको मनोविज्ञान हेर्दा उसको चरित्रलाई यथा विश्वास गर्न सकिँदैन। तर उसको सुधारवादी चरित्र र विकासवादी चरित्रलाई पाठकहरूले केही स्वाबासी दिए पनि उपन्यासको अन्त्य रक्सी र भट्टी गई टुङ्गिएको देख्दा उसको बढुन चरित्र नाश्रिएको

'म ता यी चोर नुच्चाहरूलाई सखाप नपारी दौरा सुरुवाल लाउँदिन', जुत्ता लाउँदिन। बहुलाएर हिँड्छु। बौलाहा हुनबाहेक यो देशमा के उपाय छ? व्यक्तित्व नभएर बोँचुसिवाय के छ? मलाई बौलाएर हिँड्न पनि फुरका छैन त बुबी?' यसरी जोगीले बौलाहापनमा आफ्नो व्यक्तित्व सुरक्षित गरेको छ।

यस उपन्यासको सबैभन्दा गाढिको पात्र जोगी नै हो, जसले अर्थपूर्ण चारित्रिकता बहन गरेको छ। यो उपन्यासकारको मुखपात्र हो जसको बौलाहापनको ओड्नेले छोपेर उनले तत्कालीन व्यवस्थाविरोधी आफ्ना धारणाहरू व्यक्त गरेका छन्। जोगीको बौलाहापन नेखकको अभिव्यक्ति कुण्ठाको उकुसमुकुस र बिखराता हो। सदै रहेर तत्कालीन सामाजिक व्यवस्थाको विरोध गर्दा हुने परिणतिलाई उपन्यासकारले कालीका माध्यमले व्यक्त गरेका छन्।

जोगीले सामाजिक अव्यवस्थाको पहिचान पनि गरेका छ र समस्या निवारणका लागि पहल पनि गरेको छ तर माथि-माथि सतहमा देखिएका एउटा एउटा समस्याको समाधान गर्नेतिर लाग्यो भने कहिल्यै सफलता मिल्दैन, सफलता मिल्नका लागि समस्यालाई समूल नष्ट गर्ने मात्र होइन फेरि-फेरि त्यस्ता समस्या उमिन सक्ने सम्भावनालाई पनि नामेट पारिदिनुपर्छ। यसका लागि एकजो व्यक्तिको प्रयासभन्दा सङ्गठित रूपमा गरिएको प्रयास नै फलदायी हुन्छ। यसैले नै हो समाजमा आमूल परिवर्तनको आवश्यकता छ भनिएको। यस तथ्यलाई उपन्यासकारले पहिल्याउन र पछ्याउन नसकेकाले नै प्रस्तुत उपन्यासको सर्वाधिक गरिमामय चरित्र जोगीको चारित्रिक स्थिति लड्खडाउन पुगेको हो। बीरुको चरित्र पनि यसै कारणले कमजोर बन्नपुगेको हो।

बुबी, बिरु, कानी र जोगीराम-४ बटा पात्रहरूमध्ये सर्वाधिक बलियो पात्र हो जोगीराम। यति हुँदाहुँदै पनि उ यस उपन्यासको नायक बन्न नसक्नु तत्कालीन राजनीतिक व्यवस्थाको उपहार हो। यिनका अतिरिक्त अन्य सहायक र गौण चरित्रहरूले उपन्यासको कथानकमा सस्ताना भूमिकाको निर्वाह गरेका छन्, जसले कथानकलाई सतत गतिशील तुल्याउन मद्दत गरेका छन्।

मनोवैज्ञानिक उपन्यासमा व्यक्ति चरित्रको उपस्थित हुन्छ भने सामाजिक यथार्थवादी उपन्यासमा वर्ग चरित्रको उपस्थिति हुन्छ। उनको प्रथम बैरिनी बाट सामाजिक यथार्थवादी हो र यो उपन्यास पनि त्यसै प्रवृत्तिअनुरूप रचिएको छ। यसैले यसमा वर्गीय चरित्र नै निर्णायक छन्। नायिका बुबीको चरित्रमा व्यक्तिगत आभासित भए तापनि ऊ पनि नेपाली ग्रामीण सामाजिक परिवेशका असङ्ख्य युवतीहरूकी प्रतिनिधि हो। त्यसैगरी बिरु, कानी, जोगीराम, रामकृष्ण, भुँडे साहु, श्यामा आदि सम्पूर्ण पात्रहरू पनि आ-आफ्ना व्यक्तिगत चरित्रमा नभई वर्गीय प्रतिनिधि चरित्रका रूपमा आएका छन्। यस उपन्यासका प्रत्येक पात्रहरूले आफूजस्ताहरूको एक-एकवटा सिङ्गासिङ्गै वर्गको प्रतिनिधि अनुहार बोकेका छन् र ती प्रत्येकका सुखदुःखमा अनेकौं नेपालीहरूको सुखदुःख प्रतिबिम्बित भएको छ। यसैले यस उपन्यासका सम्पूर्ण पात्रको चारित्रिक स्थिति सम्प्रेषणीय छ। सामाजिक जीवनको बाह्य पर्यवेक्षणमा आधारित यस उपन्यासका पात्रहरूले पाठकलाई आफ्नो चारित्रिक जटिलताभित्र अन्मल्याउँदैनन्।

१.३ परिवेश-योजना:

नेपालको पूर्वी भेगको एउटा ग्रामीण परिवेशमा रचित र त्यहींको परिवेशमा मात्र सीमित उपन्यास हो – **तरुनी छोरी**। यसले त्यस समाजका विविध यथार्थताहरूलाई आफ्नो विषयवस्तु र पात्रका माध्यमले समेटेको छ। विशुद्ध ग्रामीण सामाजिक यथार्थस्थितिमा आधारित भएकाले र एउटा निश्चित गाउँको पर्यावरणलाई प्रकट गर्ने लक्ष्य राखेकाले यो एउटा आञ्चलिक उपन्यास हो। यसैले यसमा विषयवस्तु र चरित्रचित्रणको विशिष्टता कायम हुन पाएको छैन। आञ्चलिकता नेखन यथार्थवादी बाटैको भइनो हो। यसैले यस उपन्यासमा उपन्यासकारले सम्बद्ध गाउँका यथार्थहरूलाई स्वाभाविक रूपमा उतार्न आफ्नो क्षमता खर्चिएका छन्।

कुनै पनि नेखकले सामान्य रूपमा चिनेको स्थानमा आधारित आञ्चलिक उपन्यास नेखन्

अभिशाप हुन् जसको प्रस्तुति नमुनालायक बन्न पुगेको छ। उपन्यासकारले पात्रगत चरित्रचित्रणको सर्वाधिक सफलता कालीकै चित्रणमा प्राप्त गरेका छन् ।

घ. जोगीराम:

जोगीराम प्रधानपञ्च रामकृष्णको जेठी पत्नीपट्टिको एक मात्र सन्तान हो जो कान्छी आमा त्यस घरमा भित्रिंदा १६-१७ वर्षको थियो । सौतेनी आमाको खराब स्वभावले गर्दा सबैका आँखामा बहुलाहाजस्तो बनेको थियो । एकातिर त कान्छीआमाले सधैं बहुला-बहुलाभन्दा साँच्चिकै बहुलाजस्तै देखिन थालेको थियो भने अर्कातिर समाजमा विद्यमान अनेकौं विकृति र विसङ्गतिले पनि उसलाई विक्षिप्त जस्तो बनाएका थिए ।

कान्छीआमालगायत अरू केहीले पनि उसलाई बहुलाहाकै रूपमा हेरेका छन् । उसले आफ्नो स्वरूप पनि त्यस्तै बनाएको छ । फाटेका झुत्रा-मैला सुगा लगाएर ऊ फोहोरी भएर हिंड्न, घरमा आउने र बेपत्ता हुने पनि कुनै टुङ्गो हुँदैन ।

जोगीरामलाई छोटकरीमा जोगी मात्रै पनि भन्छन् सौतेनी बहिनी बुकीलाई असाध्यै माया गर्छ-आफ्नी आमाले भन्दा धेरै बढी । ऊ बुकीको मनको पीर बुझ्छ र ऊ बीरसित बुकीको बिहे गरिदिने कुरा गर्छ। ऊ हरतरहले बुकीलाई सहयोग गर्छ - कुवाबाट पानी ल्याउने, घाँसदाउरा गरिदिनेदेखि लिएर बीरु र बुकीका बीचमा सम्पर्क स्थापना गरिदिनेसम्मको काम ऊ खुशीसाथ गर्दछ। यस्तो दाजुलाई ऊ कसरी बौलाहा मानोस् जसले पिताको कर्तव्य पुरा गरेको छ। 'बुकीलाई लाग्यो-दाजु बौलाहा हुँदै होइन । उसको बोलीवचनमा मात्रै बहुन्छी झल्किन्छ।'

सामाजिक भेदभाव र अन्याय नसहने र समाजमा परिवर्तन ल्याउनेजस्तो चाहनाको अभिव्यक्ति दिनसक्ने सामाजिक वातावरण नै थिएन; त्यतिखेर । पन्चायती व्यवस्थाको कसोपनले समाजलाई यसरी गाँजेको थियो कि त्यसको विरोध गर्ने क्षमता सहे व्यक्तिमा हुँदैनथ्यो। त्यस्तो अभिव्यक्ति दिएपछि त्यस्तो मान्छे पीरले या त आफै बहुलाउँथ्यो या त बहुला भएको अभिनय गरेर त्यस्ता कुरा भन्ने हिम्मत जुटाउन सक्थ्यो। अन्याय खप्न नसक्ने व्यक्तिहरू आफूलाई सन्तुलनमा राख्न सक्नैनथे जसलाई बहुलाएको ठान्थ्यो समाजले । उपन्यासमा जोगीको बौलाहापनलाई ऊ आफैले यसरी परिभाषित गरेको छ-'हेर कान्छी आमै, एकपन्टको बौलाहा सधैंको बौलाहा हुन्छ । म सहे भएर बौलाहा कामकुरो गर्न मलाई मन लाग्दैन बरु बौलाहा भएर सहे काम गर्न मन लाग्छ । मलाई चिन्नेले बौलाहा भनेको मैले सुनेको छैन । नचिन्नेले मात्र मलाई बौलाहा भनेको सुनेको छु ।'

आमाले बाबुको दौरा सुरुवाल झिकेर दिंदा ऊ रिसाउँछ-'मलाई सुथरी बनाएर किन दुःख दिन खोजेकी ? मलाई सुखसित आफ्नो लहडमा हिंड्न दिन्नी तिमी ?' यस सन्दर्भले पन्चायतकालमा यसरी थाहनेमाइले भएर बहुलाजस्तो भएर हिंड्नुमा भन्दा सहे भएर बस्न दुःख थियो कितभने अभिव्यक्ति कुण्ठित हुन जति दुःख अरू हुँदैन र बहुला बन्दा अभिव्यक्ति कुण्ठित हुँदैन । यसैले बहुला जोगीले भनेका यी कुरा अत्यन्त मर्मस्पर्शी छन् ।

ऊ सहे हो भन्ने कुरा उसले कुनै अपशब्द नबोलेबाट पनि प्रमाणित हुन्छ। छिनैमा हाँस्ने र छिनैमा रुने त गर्छ ऊ तर कसैलाई पनि कुट्ने-पिटने र दुःखले हान्ने गर्दैन। त्यतिखेर मुलुकी ऐन आएकै भए तापनि जातीय विभेदको विरोध गर्नु कठिन कुरा थियो । आफ्नो भावना व्यक्त गर्न उसले बहुलाएकै अभिनय गर्नुपर्थ्यो । भगवान् बुद्ध मूर्तिमा होइन मानिसमा हुन्छ भन्नलाई बहुलाइकै हुनुपर्थ्यो । त्यति भन्दासम्म नबहुलाएको भए सामाजिक व्यवहारले गर्दा त्यसपछि चाहिँ उ निश्चित रूपले बहुलाउँथ्यो नै ।

जोगी समाजमा परिवर्तन ल्याउनका लागि प्रतिबद्ध व्यक्ति थियो । समाजमा परिवर्तन नभएसम्म उसले बहुलाजस्तै भएर हिंड्ने प्रतिज्ञा गरेको थियो । उसले आफ्नो भावना विनिमय गर्ने र सहयोग लिने व्यक्ति भनेको बीरु एकजना मात्र थियो । कि त ऊ बुकीलाई आफ्ना भावनाको साझेदार बनाउन सक्थ्यो । समाजका गोठाहरू ताछेर ऊ शिनिल-सुसुक्क बनाउन चाहन्थ्यो समाजलाई । ऊ बहुला हुँदै होइन भन्ने कुरा यसरी उसकै अभिव्यक्तिद्वारा प्रमाणित भएको छ-

अनुभव हुन्छ। यसैले प्रस्तुत उपन्यासको उल्लेख्य पक्ष भनेको कवि शरद्को श्रद्धाञ्जली स्वरूप उसको सालिक स्थापना हुनु नै हो । 'गङ्गा' र उसपट्टिकी शरद्की छोरी 'कान्छी' को स्थिति भने उपन्यासमा साँच्चिकै एउटा अर्को नसेखिएको कथानकझैं देखापरेको छ। आखिर 'गङ्गा' गङ्गाझैं भएकी अनुभव पाठक गर्छन् जहाँ शरद् होस् या जगधर आफ्ना बिसाउनु बिसाउँछन्। तिनको उपन्यासचाहिँ अरू कोरिनुपर्थ्यो । त्यो नबीन हुन्थ्यो ।

५. अन्तमा, प्रस्तुत उपन्यासभित्र उपन्यासकार कोइरालाको काव्यिक चेतनालाई समेत उजागर गर्ने कवि शरद्को कलमबाट केही वाक्यांश उल्लेख गर्नु अन्यथा हुँदैन । उपन्यासभित्र, नाटकभित्र, निबन्धभित्र स्रष्टाहरूले पात्रका माध्यमबाट कथ्य-कथानकताका माध्यमबाट यस्ता कविताहरू-कविताशहरू उल्लेख गर्न रुचाएका छन् पहिले र अहिले पनि । शङ्कर कोइरालामा काव्यिक चेतनाको उजागर भएको कुरा यसबाट पनि पुष्टि भिन्छ । उपन्यासकारले कवि शरद् र उनको काव्यचेतना र चहलपहलमार्फत् तत्कालीन परिवेशमा कवि लेखकले बाँच्नुपरेको परिस्थिति र भोगाइलाई राम्रोसित उठाएका छन्। यसबाट शङ्कर कोइराला कवि र कवि चेतनाबाट टाढा रहेनन् भन्न पनि सकिन्छ ।

'गाउँ गाउँमा भूकम्पको गीत गाऊँ'
नब्बे सालको होइन सन्तानब्बेको
फाँसी र झुण्ड्याउने काण्डको
अनि सात सालको क्रान्तिको
म गीतले गाउँ गुञ्जाऊँ
मेरो क्रान्तदर्शी आँखामा
छारो-हाल, नभए धमिन्याऊ
बिहानीको हुस्सेमे
तर म देख्तैछु शीत एउटा
चम्किलो तारा बनिरहेछ
टलपल गर्दै लक्ष्यको दूर शाखामा

-पृष्ठ ६५ बाट ।

६. शङ्कर कोइरालालाई यसैमार्फत् हार्दिक श्रद्धासुमन ।

घट्टेकुलो, काठमाडौं-२

***

With best compliments
on the Happy Occasions of
Vijaya Dashami
&
Deepawali 2058.

UNIVERSAL TOURS AND TRAVELS (P.) LTD.

KOREAN AIR

P.O.Box # 939
Tel: 252048, 252049, 252050
Kantipath, Kathmandu

✍ कृष्णप्रसाद पराजुली

चर्चा 'नदी गीत गाउँछ' को

शहर कोइराला मभन्दा पाँच वर्ष जेठा थिए। उनी सिन्धुलीमाढीको दुम्जाका हुन्। उनीसँग मेरो पहिलो परिचयचाहिँ साझा प्रकाशन, पुल्चोकमा भएजस्तो लाग्छ।

शहर कोइराला कम बोल्ने, नरम, मिजासिला र शालीन थिए। साझा प्रकाशनमा प्रकाशनसम्बन्धी काममा जाँदा-आउँदा उनीसँग बराबर भेट भइरहन्थ्यो। अहिले म उनको सम्झना गर्दै नदी गीत गाउँछ को बारेमा केही कोर्न लागेको छु।

सरकारी उच्च ओहदामा रहेका ललितबहादुरका घर काठमाडौं र भक्तपुर दुवै ठाउँमा थिए। फुर्सद, बिदा र चाडबाडका समयमा उनी परिवारका साथ आफ्नो गृहजिल्ला भक्तपुरमा जान्थे, बस्थे र चाड मनाउँथे। उनकी एउटै मात्र सन्तानमध्ये सीमा दस वर्षकी थिइन् पढ्न लेख्नका अतिरिक्त साथीसँगीका साथ घोडा चढ्नु, चउरमा दौड्नु र पाइरा आदि खेल्नु उनको सोख थियो। यसै क्रममा भक्तपुरको सूर्यविनायकस्थित चौरमा घोडा दौडाउँदा गइ नामको एउटा असहाय मान्ने केटासँग उनको अचानक भेट हुन्छ। गइ मान्ने थियो, तर मान्न घरघर चाहँदैनथ्यो, परन्तु विदेशी पर्यटक र सूर्यविनायक मन्दिरमा आउने यात्रुसँग भने हात पसार्न पछि पर्दैनथ्यो। यही नै उसको जीविकाको माध्यम थियो। न बास थियो, न अड्ने आधार। उसले कमिला, बारुला र माकुरा साम्ने पाटीमा बसेर बर्पैका धामपानी छेकेको थियो।

एकपटक गइले सीमालाई सङ्कटको अवस्थामा घोडाबाट उतारिदिएको थियो। त्यसै बेलादेखि अबोध बालिका सीमालाई गइ र उसको गरिबीप्रति सहानुभूति जाग्यो। कुनै दिन घोडा चढ्दै सूर्यविनायक चउरमा पुगेमा उनी गइलाई खोज्थिन् र आफूसँग लेजाँति भएका पैसा दिने गर्थिन्।

गइको एउटा साथी थियो-नोर्बु। नोर्बु तिब्बती थियो, तर आफूलाई हेलम्बूबाट आएको भन्थ्यो। गइ र नोर्बु दुवैमा साँचै प्रेम मित्रता थियो। उनीहरू परस्पर आफ्नो भावना बाँड्थे, जे भेइएको मिसीजुली बाँड्चुँड गरेर खान्थे, सँगै बस्थे, सँगै सुत्थे र सँगै हिँड्थे।

दसैंको थाममा सपरिवार शोभाभगवती जाने क्रममा ललितबहादुरको निजी कारले भक्तपुर निवासी बयसट्ठी वर्षे धनबहादुरलाई किच्छ र उनको देहान्त हुन्छ। गरिबै भए पनि ऋषपान गरेर आफ्ना सन्तानको इच्छाअनुसार आफ्नो गच्छेले ब्याएसम्म दसैं मनाउने क्रममा बोको किनेर फर्कंदा भएको दुर्दान्त घटनाले त्यस परिवारको बिल्लीबाट हुन्छ। रोगी आमाको सेवा गरेर बसेकी धनबहादुरकी छोरी बरुनीमाथि दुःखको सागर थपिन्छ। ललितबहादुरले उनीहरूका निम्ति दिएको रकमले पति दिन धान्थ्यो र बरुनीको भाइ चेते पनि नाबालक थियो। हैजा लागेर अस्पतालमा चेतेको मृत्यु हुन्छ। बरुनीको जवानी देखेर ललितबहादुर आकर्षित हुन्छन्। काठमाडौं नै बसेका बखत पनि परिवारको आँखा छलीछली बरुनीको घर भक्तपुर धाउन थान्छन्। उनको स्वभाव परिवर्तन भएको अनुभव हुन्छ परिवारलाई।

ललितबहादुरका भाइ जोगेन्द्रबहादुरको छोरो प्रकाश खराब लतमा परेर उच्छृङ्खल बन्छ। ऊ छरछिमेकका घरमा बिगो गर्ने, नपढ्ने, तास-जुवा खेल्ने गर्दछ। बाबुले उसलाई सुधारेर पढाउन लाख कोसिस गर्छन्, केही लाग्दैन। उसको रुचि चित्रकारितातर्फ हुन्छ। यसै चिन्ताले बाबुको परलोक हुन्छ।

धनबहादुरको भाइ रामबहादुर प्रतिमहिना डेढ सयमा काठमाडौंको क्युरियो पसलमा काम गर्थ्यो। एकपटक उसले एउटा चाँदीको ढलौटे मूर्ति चार हजारमा बेचेर एक हजार मात्र साहूलाई दिई आफ्नो घरबारी बन्धकीबाट छुटाउन जागिरै छाडेको थियो तर घरको दुरावस्थामा यतिले केही हुन सकेन। रामबहादुर घरमा बसेदेखि बरुनीलाई भेट्ने निहुँमा ललितबहादुरको त्यस घरमा जाने-आउने क्रम भने रोकिएको थियो।

छ र ऊ गाडी दुर्घटनामा मरेको खबर गाउँमा फैलिएदेखि उसका सम्पूर्ण क्रियाकलाप भूमिगत बनेका छन्। ऊ जेलबाट भागेको कैदी हो यसैले गणेशको मूर्ति विस्थापित गर्न, बुकीलाई भगाउनेजस्ता कार्य भूमिगत ढङ्गबाट नै सञ्चालन गर्दछ।

बीरु बुकीको शोषण गर्न चाहँदैन। ऊ बुकीसित बिहे गरेर जीवन बिताउन चाहन्छ। दुर्घटना हुनुभन्दा अघि पनि उसले बुकीलाई बिहेको प्रस्ताव राखेको हो तर बुकीले नै हिम्मत गर्न सकिन। बीरु सत्पात्र हुँदाहुँदै पनि ऊ चोरी र हत्याको अभियोगमा जेल परेको छ। उसमाथि लागेको अभियोग सत्य हो तर ऊ भने गल्ती गरेको भनिठान्दैन। जे गरें ठीक गरें भनिठान्छ र परचाताप्ले नगलेकाले ऊ जेलबाट भाग्न सफल हुन्छ। यसरी हेर्दा बीरु एउटा स्पष्ट दृष्टिकोण बोकेको नवयुवक देखिन्छ जसलाई साहसको कमी छैन।

बीरु विद्रोही त छ तर उसको विद्रोह भने उपन्यास लेखिएकै समयतिरको झापा किसान विद्रोहजस्तो छ जुन विद्रोह पछि गएर अत्यन्त अपरिपक्व र असफल सिद्ध भयो। ऊ बुकीसित भन्छ-तिमीलाई थाहै होला-म धनीहरूको कट्टर विरुद्ध छु।' ऊ आफूमा निहित पूर्वाग्रहपीडित भावनाले ग्रस्त भएर आफूसँगैको सिटमा बसेको महाजनसँग निहुँ खोज्न र बहस गर्न थाल्छ जुन बिल्कुल केटाकेटीपन थियो किनभने विरोध धनीहरूको होइन सीमित व्यक्तिलाई मात्र धनी बनाउने व्यवस्थाको गर्नुपर्ने हो। तर यो व्यक्ति बीरुको नभएर उसको अशिक्षा र अन्धारे उमेरकै दोष हो जसले आफूमा निहित संस्कारको गोडमेल गर्न सकेन।

ऊ शरीरको निकै बलियो छ जसले एकातिर त अन्धो बनाइदिएको छ र ऊ लुटमा पनि अग्रसर हुन्छ र अर्कातिर ऊ एक्लै अरू ४ जनाले गरेको खेतीको काम एक्लै सहजै भ्याइदिन्छ। उसको यही बलियोपन, मेहनत आदिले बुकीलाई उसतर्फ आकर्षित तुल्याएको थियो।

(ग) कान्छी:

कानी प्रधानपन्थ रामकृष्णकी कान्छी पत्नी, बुकीकी आमा र जोगीरामकी सौतेनी आमा हुन् जसलाई यस उपन्यासमा असत् पात्रका रूपमा उभ्याइएको छ। कानी एक्लो वैधव्यका विसङ्गतिले असत् बनेकी नभई माइतैदेखि खराब चरित्रकी व्यक्ति हुन्। आफ्नै आमाको तिलहरी चोरेर हिँडेदेखि नै उनी माइतबाट टाडिएकी छन्। माइतीले भान्जी बुकीलाई त माया गर्छन् र ऊ मावल जाने बस्ने गर्छ तर कानीलाई चाहिँ उनीहरू पनि बास्ता गर्दैनन् र उनी पनि फर्केर जान्तन्।

कानीले मीठोसँग बोल्न भने जानकै थिएन। उनी 'जसलाई पनि सराप्ने र गाली गरिरान्ने' गर्थिन्। उनका गालीमा 'रोंडी, मोरी बाँजिनी'जस्ता शब्द अधिकांशतः प्रयुक्त हुन्थे। पतिको किरियामा बस्दा 'उनी सन्धिन् पोइको मायाले होइन आफूले मीठो भुनिलो पीरो खान नपाएकीले' रामकृष्णले कानीसँग बिहे गरेको भनेको 'आँखा चिम्लेर तीतो औषधि पिएको' मात्र थियो। कान्छीआमाको खराब स्वभावले गर्दा नै 'जोगीराम जोगीजस्तै भयो। पछि औलाहाजस्तो भयो कलिलै उमेरमा बिचरो।'

कानीलाई चोखीनीति खुब गर्नुपर्थ्यो। उनी यति धेरै कर्कशा थिइन् कि अर्काका छोरीबुहारीको कामकारबाहीले पनि उनी रुष्ट हुन्थिन् र तिनलाई तथानाम गाली गर्थिन्। आफ्नै छोरीले पनि पढेको र इलम सिकेको कुरालाई अत्यन्त नकारात्मक किसिमले लिन्थिन्। यही कारणले गर्दा बुकीले पिताको निधनपश्चात् आफ्नो पढाइलाई अघि बढाउन सकिन। कानी बाहिरी स्वरूपकी मात्र होइन आन्तरिक स्वरूपकी पनि कुरूप नै थिइन्। उनको यही स्वभावले गर्दा नै भुँडे साहूसँग दुश्मनी पर्किएको थियो र गणेशको मूर्ति चोरेको आरोप सहनुपरेको थियो। कुनै कुरालाई पनि उनी मनभित्र जमाएर विश्लेषण गर्न जान्दैनथिन्। उनी यतिसम्म सतिर्मुखी थिइन् कि उनी केके फलाक्थिन् ती सबै कुरा उनका मनैदेखि उठिएका नहुन पनि सक्थे।

वास्तवमा कानी ग्रामीण जनजीवनको सभ्यताको त्यस्तो कच्चापदार्थ हुन् जसले स्वरूपमा त पूर्ण मानव हुनुको स्थिति प्राप्त गरेकी छन् तर चरित्रमा भने काँचोपनबाट कट्मेरोपनसम्म पनि आउन सकेको छैन। कानी ग्रामीण जीवनको एक

श्रीमती कालीकी एकमात्र सन्तान हो बुकी । उपन्यासको नाम **तरुनी छोरी** से सङ्केत गरेको प्रमुख पात्रका रूपमा अर्थात्-तरुनी छोरीका रूपमा उपस्थित छ बुकी यस उपन्यासमा । उपन्यासले सामान्यतः माग गर्ने 'जीवनको पूर्णताको चित्रण' बुकीको चरित्रले पाएको छैन । वीरसँगको प्रेमको संस्मरणका क्रममा मात्र उसको जीवनको बिगतको एउटा साधारण झल्को प्राप्त भएको छ । उसको जीवनको मोटामोटी ३ महिना अवधिको झल्को नै यस उपन्यासकी नायिकाको उपन्यासगत पूर्णता हो ।

बुकी आफ्ना पिताको व्यवहारसँग सन्तुष्ट देखिन्छे किनभने उसका पिता छोरीलाई यथोचित शिक्षा र स्वतन्त्रता दिनुपर्छ, इलम सिक्नका लागि जातले केही फरक पार्दैन भन्ने जस्ता प्रगतिशील विचार राख्दथे तर बुकी आफ्नी आमासँग सन्तुष्ट देखिन्न किनभने ऊ महिलाको जीवनलाई साँघुरो दृष्टिकोणले मात्र निचान्दथी ।

बुकी शिक्षाको उज्यालाले प्रदीप्त बन्ने चाहना राख्ने र सिउने, बुन्ने, पकाउनेजस्ता इलम सिक्न प्रवृत्त युवती हो । यति भएर पनि उसले महिलाका जीवनको लक्ष्य भने ठम्याउन नसकेका कुरा ऊ खुसुक्क भान्नुबाट छर्लङ्ग हुन्छ । गाउँमा ऊ विद्रोह गरेर दमाईले मात्र गर्नु उपयुक्त हुन्छ भनिएको मेसिन चलाएर लुगा सिउने कामतर्फ प्रवृत्त हुन्छ । त्यति मात्र होइन, वीरु र जोशीले गरेका विद्रोही काममा नैतिक समर्थन जनाउने पनि गर्छे । 'रुवामा पुष्पनाथसँग पोइल गइ' भन्ने भनाइको प्रतिवाद पनि गर्छे । यति हुँदाहुँदै पनि नायिका बुकीको चारित्रिक स्थिति गरिमापूर्ण बन्न सकेको छैन । उसले सिलाई सिक्ने काम वीरसँगको बिछोडका घडीमा मात्र गरेकी छ, त्यो पनि वीरु अब मरिसक्यो, यसको साथ कहिल्यै मिल्ने छैन भन्ने भावना बोके पछि मात्र । अन्यथा उसले जीवनका अन्य पक्षका बारेमा सोच्न सकेकी छैन् । वीरुसँगको मिलनलाई नै उसले जीवनको सम्पूर्णता सम्झेकी छ, जुन उसको अल्लारे उमेर को दोष पनि हो । गाउँघरका शिक्षा र चेतनाले पिछडिएका सामान्य महिलाले आफ्नो अबोधताको परिणामस्वरूप गर्न पुग्ने साहसिक बौलीको केही मात्रा बुकीका चरित्रमा झल्किए पनि त्यस्ता कार्य भने उसका तर्फबाट हुन सकेको छैन । राति जोगी र रामुका सहायताले वीरमित भाग्नु कुनै साहसिक कार्य नभई गैरजिम्मेवार कार्य मात्र हो ।

धेरै कुरा मनमनमा खेलाइराखेले, थोरै कुरा मात्र शब्दले व्यक्त गर्ने अन्तर्मुखी प्रवृत्तिको बुकीका चरित्रमा नेपाली नारीको सामाजिक उत्पीडनको झल्को भेटिन्छ । त्यसमाथि एकली विधवाकी पूर्णयौवना पुत्रीले खन्नुपर्ने सामाजिक उत्पीडन उसले पर्याप्त भोगेकी छ । ऊ कुनै पनि तल्लेरी पुरुषबाट शोषित हुनुपरेको छ । पुरुषहरू ऊसँग नजिकिने भनेको यौनका दृष्टिले मात्र हो भन्ने कुरा उसको आजसम्मको अनुभवले पुष्टि गरिसकेको छ । पुष्पनाथले ऊसँग नजिकको व्यवहार गर्दा उसले त्यही अर्थ लगाएकी छ जुन उसका ठाउँबाट सोच्दा उपयुक्त देखिन्छ । ऊ पुष्पनाथले गरेको 'बैनी' भन्ने सम्बोधनलाई पचाउन सक्तिन र प्रतिवादस्वरूप प्रश्न गर्छे 'तपाई मलाई किन बैनी भन्नुहुन्छ ?' किनभने 'साहरियाहरू बहिनी, बौनी भन्दाभन्दै स्वास्नी बनाउन बेर लाउँदैनन्' भन्ने लोभ उम्रिएको छ उसको मस्तिष्कमा । बुकीले **तरुनी छोरी** हुनुका नाताले आफ्नो जीवनका परिधिमा समेट्न म्याएको कुरा भनेको पुरुषप्रतिको अविश्वास र शङ्का नै हो जसमा उसको व्यक्तिगतभन्दा पनि सामाजिक संस्कारगत कमजोरी बढी झल्कन्छ किनभने हामीजस्ता पितृसत्तात्मक समाजमा नारीलाई केवल 'यौन परिवृत्ता'मा लौनले गरिन्छ । अधिकांशतः पुरुषहरू मात्र होइन नारी स्वयं पनि पूर्णयौवना नारीमा केवल 'यौवन' मात्र देख्ने गर्छन् । यसैले त उमेरदार पुरुष र नारीको मित्रतामा कहिल्यै भरोसा गरिन्न ।

(ख) वीरु

वीरु यस उपन्यासको एउटा भूमिगत पात्र हो, जसको घर बुकीको छिमेकी गाउँमा पर्दछ । त्यहाँ पहिरोको प्रकोपले उसका बाबुआमा आफ्नी छोरीको घर (वीरगञ्ज) मा आश्रित बनेका छन् । वीरु बुकीका गाउँमा जीविकोपार्जनको मेलोमेसो गर्छ । बुकीसितको बालककालदेखिको निकटता पछि गएर मायाप्रीतिका भाकामा प्रशस्त भयाइएको

गइको साथी नोर्बुले बौद्धमा दाबा लामाको घरमा काम गर्न थाल्यो । त्यो काम गर्न पाएदेखि ऊ हङ्गकङ्ग भएको थियो, तर गइसँगको मित्रताले उसलाई टाढा राख्न सकेन । ऊ काम छोडेर पनि भक्तपुर पुग्यो पैदनै । गइ, चङ्गे र कान्छीसित चिसो ठन्डीमा सूर्यविनायक भक्तपुर चौरको एउटा छाप्रोमा बस्न थालेको थियो । प्रकाश पनि घोडा चढेर त्यहीं आइपुग्यो । यस पटक उसलाई ती असहाय केटाप्रति करुणा जागेर आयो । उसले तिनलाई घोडा चढ्न सिकायो । एक दिन आमाको एक सयको नोट चोरेर जाउलाखेल पनि सग्यो-ट्याक्सीमा हुईंक्याएर । उसले तिनको उत्थान गर्ने कार्यक्रम सोचेको थियो । त्यसमा सफल नभएपछि सम्पत्ति कमाएर न्याई उनीहरूको उद्धार गर्ने विचार गर्दै ऊ घर छोडेर भारततर्फ लाग्यो ।

धनबहादुरको भाइ रामबहादुर खेतीपाती गर्न जग्गा पाउने आशामा पुनर्वास गर्ने मानिससित मिली तराईतर्फ लाग्यो । त्यसपछि बरुनी र उसकी आमा एक्लाएकै परे । ललितबहादुरले उनीहरूलाई आफ्नो घर लान नखोजेका होइनन् तर खास गरी बरुनीको स्वाभिमानले रोक्यो ।

अन्तमा, ललितबहादुर आफ्ना परिवार सहित तातोपानी स्नान गर्न जान्छन् । तातोपानी धारामा नुवाइधुवाइ गरी खान चौरमा बस्दा अचानक केटी बगेको हल्ला चल्छ । हेर्दा सीमा नै भोटेकोसीमा बगेकी देखिन्छिन् । ललितबहादुर हतार-हतार ग्राम फर्कन्छन् । सीमालाई किनारतर्फ धकेलेपछि उनी स्वयं बग्छन् । किनारमा झाँडा माझेर बसेकी एउटी केटीले उनको टाई समाएर बचाउँछिन् । बचाउने त्यो केटी धनबहादुरकै छोरी बरुनी हुन्छे ।

भक्तपुरको आफ्नो घर नगरकोट जाने सडकमा परेपछि बरुनी र उसकी आमा सुकम्बासी भएका हुन्छन् र उनी आमासहित आफ्नो मामाघर आएर बसेकी हुन्छिन् । अहिले तातोपानी नजिकको एउटा झुप्रामा बसेर झाँडा माझी गुजारा चलेको हुन्छ । ललितबहादुरले आमासहित बरुनीलाई आफ्नो घर काठमाडौंमा ल्याएर पाल्ने कुरा गर्छन् । मामालाई जागिर दिने वचन दिन्छन् । परिवारले पनि स्वीकृति जनाउँछन् । कथा यत्तिमै टुङ्गिन्छ ।

प्रस्तुत उपन्यासमा ललितबहादुर र उनकी छोरी सीमाको जिन्दगी भोटेकोसीको छाप्रासँगै झन्डै-

झन्डै सम्पाप हुन खोज्छ । उनीहरू त्यस दुर्घटनाबाट बचेर किनारमा आउँदा नदीको कलकलाहट गीतझैं गुन्जन भएको अनुभव हुन्छ । त्यसैले उपन्यासको शीर्षक नदी गीत गाउँछ एक किसिमले सान्दर्भिक नै देखिन्छ ।

समाजका अपहेलित पक्ष मान्ने केटाकेटीको जीवनलाई चित्रण गर्न खोजिएको भए पनि उपन्यासले ललितबहादुरको पारिवारिक जीवनलाई बढी दर्साएको भान हुन्छ । ललितबहादुरबाट दरिद्र केटाकेटीको जीवनसुधारका निम्ति कुनै प्रयत्न भएको पाइँदैन । उपन्यासले उनलाई तिनको निकटतामा न्याउँदैन । जवानीको रूप वा छोराको चाहनाले उनलाई बरुनीको नजिक पुऱ्याउँछ र उनीप्रति मोह जगाउँछ । खाते जीवनबाट मुक्ति दिलाउन उत्सुक प्रकाश पनि आफ्नो भावना पूरा गर्ने सङ्कल्प विदेशिन बाध्य हुन्छ । खाते जीवनबाट आरम्भ भएको यस उपन्यासले अन्तसम्म पनि उनीहरूको जीवनमा कुनै सकारात्मक एवं सन्तोषप्रद स्थिति हुने लक्षण आएको देखाएको छैन । उपन्यासले उनीहरूको शिक्षादीक्षा र समाजप्रेमप्रति आकर्षित हुने वातावरण पनि देखाउन सकेको छैन-खाली तिनको स्थितिमा छोएको छ ।

साहित्य मनको वह पोख्ने माध्यम हो भन्ने धारणा राख्छन् शङ्कर कोइराला । खाते बालकको जीवनचरित्रलाई टिप्न खोज्ने उनको प्रस्तुत उपन्यास बाल-घटनामा मात्र आधारित छैन । यस उपन्यासमा ललितबहादुरको उपस्थितिले कथालाई अर्कतिर मोडेको छ । अन्तमा पनि खातेलाई होइन, ललितबहादुरकी छोरी बालिका सीमा र ऊ आफैंलाई मात्र नदीबाट बचाउने घटना न्याइएको छ । उनीहरूलाई बचाएको क्षणमा नदी गीत गाउँछ, तर यता खातेहरूको जीवनमा मने खडेरी नै परेको छ । त्यसैले यो उपन्यास पूरै बालउपन्यास नभएर अंशतः बालमनोविज्ञानमा आधारित उपन्यास मात्र बन्न पुगेको देखिन्छ । जे होस् लेखकले खाते बालजीवनलाई अलिकति कोट्याएका छन्, अतिकति छोएका छन् र तिनको जीवनको उद्धार र सुधार हुनुपर्छ भन्ने सङ्केत पनि दिएका छन् । यही नै उपन्यासको सकारात्मक पक्ष पनि हो ।

***

✍ प्रा. गोपीकृष्ण शर्मा

'हत्यारा: शान्ति र सिर्जनाका' मा कथाकार शङ्कर कोइराला

शङ्कर कोइराला (१९८७-२०५४) नेपाली आख्यान-क्षेत्रका विशिष्ट साहित्यकार हुन्। दर्जनौं उपन्यास र कथा लेखेर नेपाली साहित्यमा आफ्नो अलग पहिचान कायम राख्ने कोइरालाका साहित्यिक कृतिहरू २०१८ सालदेखि नै प्रकाशित हुन थालेको देखिन्छ। यिनको पहिलो उपन्यास **'बैरिनी घाट'** (२०१८) आञ्चलिक उपन्यासका रूपमा चर्चित छ र यसपछि पनि शङ्कर कोइरालाका **दुई ढाइभर, नाछे, नयाँ गीत गाउँछ, तीन पात्र, आँसुको बहरे, घुस्याहा, बन्द तगारो** आदि दर्जनौं उपन्यासहरू प्रकाशित भएका छन्। कथालेखनमा पनि शङ्कर कोइरालाको विशिष्ट पहिचान छ। कथातर्फ यिनका **प्रेम र सपना** (२०१८), **आगो छ यो दिन भरि** (२०२५), **सुर्तीको पातमा झुन्डिएको जीवन** (२०४२) र **हत्यारा शान्ति र सिर्जनाका** (२०५१) आदि पुगै कथासङ्ग्रहहरू प्रकाशित छन्।

आफ्नै युगको सामाजिक परिवेशबाट आख्यानको विषय छनोट गर्ने शङ्कर कोइराला यथार्थवादी कथाकार हुन्। **खेती**(२०२५) र **पिठ्यूँको भारी** (२०४४) जस्ता केही नाटक देखिए पनि शङ्कर कोइरालाको मूल साधनाक्षेत्र आख्यानसिर्जना नै हो। यिनका उपन्यासहरू लघु आयामका हुन्छन् र तत्कालन समसामयिक युगको एक पक्षको चित्रण गरेर यथार्थताको बोध गराउँछन्। नेपाली साहित्यका **एक पालुवा बनेकैं घाम, आगत** र **माधवी** जस्ता बृहत्काय उपन्यासका सापेक्षतामा कोइरालाका उपन्यासहरू फुच्चे प्रतीत हुन्छन् र लघु उपन्यासको यति धेरै सङ्ख्या (जासूसी उपन्यासहरूलाई छाडेर) नेपाली साहित्यमा पाइएको पनि छैन। कथा-क्षेत्रमा भने शङ्कर कोइरालाले लामा-छोटा दुवैथरि आयामका कथाहरूको सिर्जना गरेका छन्। उदाहरणार्थ ५६ पृष्ठको 'हत्यारा शान्ति र सिर्जना' मा सङ्गृहीत तीन कथाहरूमध्ये पहिलो र दोस्रो कथा बृहत् आयामका (२४।२४ पृष्ठ ओगटेका) छन् भने अन्तिम कथामा चाहिँ लघु आयाम (८ पृष्ठको) रहेको छ।

'हत्यारा शान्ति र सिर्जनाका' शीर्षक कथासङ्ग्रहचाहिँ लेखक स्वयंको प्रकाशनमा २०५१ सालमा प्रकाशित नेपाली कथासङ्ग्रह हो। यसमा जम्मा तीन कथामात्र सङ्कलित छन् (१) हत्यारा शान्ति र सिर्जनाका, (२) दुई खुट्टा र ३)प्रजातन्त्रको रिहर्सल। कथाकारकै आत्मस्वीकृति अनुसार यी तीनवटै कथाहरू प्रजातन्त्रोत्तरकालका कृतिहरू हुन् र यिनले आधुनिक कथा-साहित्यको यथार्थवादी धारा र शैलीको प्रतिनिधित्व गर्ने प्रयास गरेका छन्। २०४६ सालको प्रजातन्त्रको पुनर्बहालीपछि रचिएका यी कथाहरू यथार्थ-भोगाइका प्रतीकात्मक विवरण हुन्। वर्तमान सन्दर्भबाट विगत संस्मरणलाई समेत छुँदै रचिएका यी कथाहरूमा प्रमुख पात्रहरूको मात्र प्रत्यक्ष उपस्थिति देखिन्छ र अन्य धेरैजसो पात्रहरू उसकै अतीतको गर्भबाट प्रायः तरङ्गायित रूपमा सम्कनाकै माध्यमबाट सिर्जना गरिएका छन्। यसरी वर्तमानमा टेकेर अतीतको पर्यवेक्षण गर्दै समाजमा निहित विकृत र घृणित पक्षको उद्घाटन गर्ने चासो यी कथाहरूमा पाइन्छ। यो शङ्कर कोइरालाको कथाकारिताको निजी पहिचान पनि हो।

पहिलो कथा 'हत्यारा शान्ति र सिर्जनाका' शीर्षकमा रहेको छ। जङ्गबीर यस कथाको नायक हो र ऊ व्यक्तिहत्याको अभियोगमा १२ वर्ष कैदको सजाय भोग्दै रहेको छ। हत्यारा जङ्गबीर स्वयं 'म' पात्रका रूपमा उपस्थित हुन्छ र उसले आफू जेलमा पर्नुभन्दा पूर्वको घटना-विवरण एक-एक गरी भन्दै जान्छ। जङ्गबीर धनी र विलासी मालिक कहाँ नोकरी गर्ने युवक पनि हो। नयाँ-नयाँ-किशोरीहरूलाई फँसाएर मालिकछेउ पुऱ्याउने र आवश्यक परे तिनीहरूको हत्या पनि गरिदिने उसको बानी छ। मालिकलाई रिझाउन ऊ जे उनीहरूका निम्ति अरूले गरिदिएको सङ्घर्ष फलीभूत हुन सक्तैन भन्ने सन्देश प्रवाहित भएको छ।

हाम्रो नेपाली समाजमा यस्ता अनेकौं मूल्य र मान्यताहरू छन्, जसलाई एउटा समूह समयको बदलिंदो परिवेशमा नसुहाउँदो ठान्छ तर यही समाजभित्रका केही सीमित व्यक्तिहरू भने आफ्नो व्यक्तिगत स्वार्थका निम्ति ती मूल्यमान्यता अत्यन्त सहयोगी सिद्ध भएकाले तिनलाई हरतरहले सुरक्षित गर्न प्रयत्नरत रहन्छन्। शोषक र शोषितका बीचको द्वन्द्व प्रकट हुने माध्यमा बन्न जाने कुराको सन्दर्भलाई यस उपन्यासमा एक रात अचानक गणेशको मूर्ति हराउनुका उदाहरणले पुष्टि गरेको छ। त्यो मूर्ति कुनै तस्करले बेपत्ता पारेको थिएन। त्यो मूर्तिलाई भुँडे साहूले आफ्नो चरित्रको कालोपन छोप्ने माध्यम बनाएको थियो, जुन कुरा वीरु र जोगीरामलाई सम्य हुन सकेन। यहाँनिर भुँडे साहूले नेपालीहरूका धार्मिक मूल्यमान्यताको दुरुपयोग गर्ने प्रयत्न गरेको थियो, जुन सफल हुन सकेन।

संसारमा त्यस्तो कुनै कुरा हुँदैन, जसभित्र विविधता नहोस्। विविधताको अर्थ हो – द्वन्द्व र प्रतिक्रिया। दुईथरिको द्वन्द्वमा शक्तिशाली पक्ष जीवित रहन्छ र शक्तिहीन पक्षको विलय हुन्छ। पञ्चायतव्यवस्थाभित्र पनि यस्ता कुरा विद्यमान थिए। पञ्चायतका अनुयायीहरू पनि सबै एकै खालका थिएनन्। सत् र असत् दुवै पक्ष त्यहाँ विद्यमान थिए। यस उपन्यासमा सत् पक्षको प्रतिनिधित्व गराएर रामकृष्ण (बुकीका पिता) लाई उपस्थित गराइएको छ भने असत् पक्षको प्रतिनिधिका रूपमा भुँडे साहूलाई अघि सारिएको छ। रामकृष्ण प्रधानपञ्च नै भए पनि जनहितकारी थिए, उनले गाउँमा विद्यालय खोल्नका लागि आफ्नै घर र जग्गा प्रदान गरेका थिए तर भुँडे साहू उनको विपरीत थियो र उनको अपफटको मृत्युले उसले आफ्नो बाटो खाली भएको ठानेको थियो। रामकृष्णको मृत्युमा जनहितकारी पक्षको विलय भएको थियो र जनहितविरोधी पक्ष आफ्नो पूर्णतामा प्रकट भएको थियो।

सारै मसिनो वस्तुविन्यासका जगमा उभिएको छ प्रस्तुत उपन्यास। यसैले यो वस्तुप्रधान उपन्यास होइन। यति हुँदाहुँदै पनि यसले नेपालको ३ दशक पुरानो सामाजिक-राजनैतिक झल्को भने राम्रैसँग दिएको छ, वस्तु प्रस्तुति सघन नरहे तापनि यसले सार रूपमै भए पनि तत्कालीन ग्रामीण समाजलाई चिनाउन सक्ने सामर्थ्य भने बोकेको छ। वस्तुविन्यासमा रहेको विस्तारको सम्भावनालाई उपन्यासकारले महत्त्व दिएका छैनन्, जसले गर्दा उपन्यासले जीवनका बहुआयामलाई समेट्नबाट वञ्चित हुनुपरेको छ। सानो कथा एवं जीवनको छोटो आयाम समेटेको र त्यसका परिवृत्तमा घुमेको केही यथार्थमूलक घटनाशृङ्खला नै हो प्रस्तुत उपन्यासको वस्तुविन्यास। उपन्यासकार कोइराला कथाको साङ्गोपाङ्ग वर्णन वा विवरण प्रस्तुत गर्ने सम्पूर्णताको कथात्मक संसार रचना गर्ने पक्षमा भएको देखिँदैन।

१.२ पात्र र तिनको चारित्रिक स्थिति:

उपन्यास सारै झिनो विषयवस्तुमा आधारित छ र यस्तो स्थितिमा उपन्यास प्रायः चरित्रप्रधान बन्ने सम्भावना रहन्छ तापनि यो चरित्रप्रधान उपन्यास होइन। यस उपन्यासले जीवनको अन्तःलोकभन्दा पनि बाह्यलोकको यथार्थ प्रस्तुतिमाथि ध्यान दिएकाले स्वभाविक रूपमा यस लघुउपन्यासमा पनि अपेक्षाकृत बढी नै पात्रहरूको उपस्थिति रहेको छ र एकाध्याहेक (रामकृष्ण, गाडी दुर्घटनामा परेको दश हजार रुपियाँको मालिक, बसचालक) सबै पात्र उपन्यासका वर्तमानकालिक पात्र हुन्। महिला र पुरुष पात्रको उपस्थिति पनि प्रायः समानुपातिक नै छ। बरु बाल पात्रको उपस्थिति भने साह्रै न्यून छ अर्थात्-बुकीका ककाका छोराछोरी मात्र हुन् – यस उपन्यासका बाल पात्र, जसको कुनै सक्रिय भूमिका छैन। यस उपन्यासमा बुकी, वीरु, कासी र जोगीराम प्रमुख चरित्र हुन् भने भुँडे साहू, रामकृष्ण, श्यामा, पुष्पनाथ, मुहुली सहायक चरित्र हुन्। बाँकी अरू दमिनी, रामु, भाषण गर्ने पञ्चभलाचीहरू, श्यामाको श्रीमान् र सासूससुरा, गाउँका महिला तथा पुरुषहरू आदि गौण चरित्र हुन्।

(क) बुकी:

भूतपूर्व प्रधानपञ्च रामकृष्णकी कान्छी

लोकप्रियताका लागि राखिएको देखिन्छ ।

यस उपन्यासमा मूल कथा बुकीको छ । यस उपन्यासकी तरुनी छोरी बुकीको कथाबाट लगभग तीन महिना समयावधिका विविध घटना शृङ्खलामा उनिएको छ । बुकीको प्रेमी वीरु गाडी दुर्घटनामा मरेको खबरले पीडित बनेकी बुकीको स्थिति-चित्रणकी घटनाबाट सुरु भएको उपन्यास बुकी एकरात दानु जोगीरामका सहायताले वीरुसँग भागेको घटनामा पुगेर टुङ्गिएको छ । यी दुई प्रमुख घटनाका बीचमा अरू साना-ठूला घटनाहरू पनि घटित भएका छन् । बुकी दमाईकहाँ चोलो लिन जानु, बाटामा रामुसँग भेट हुनु, दमाईकहाँबाट फर्केपछि श्यामाहरूसँग भेट हुनु, बाटैमा बुकीको भुँडे साहूसँग झगडा हुनु, चोलो बाटैमा हराउनु, बुकीकी आमा काली भुँडे साहूकहाँ गएर फेरि झगडा गर्नु, साझिसी सर्किनीले चोलो ल्याएर दिनु, मन्दिरको मूर्ति हराउनु र पञ्चायत बस्नु अनि चोरदोष बुकीका आमाछोरीमाथि लाग्नु, वीरु र जोगीरामले उक्त मूर्ति चोरेको हुनु, एकरात जोगीरामले अछूत जातले पानी खाने कुवा सुटुक्क भत्काइदिनु, श्यामाले लुगा सिउने मेसिन एक महिनाका लागि बुकीलाई दिनु र ऊ पुष्पनाथका साथ लागेर भाइत जानु, आफूले सिलाइदिएका काका र भाइबहिनीका लुगा बोकेर ऊ दशैंको नवमीका दिनमा काकाका घरमा जानु तर त्यसदिन मासुभात खान बस्दा दिन धकिन् र त्यहीं बास पर्नु आदि यस उपन्यासका घटनासन्दर्भ हुन् र पूर्वदीप्तिका रूपमा बुकीका पिताको सन्दर्भ र वीरुको गाडी दुर्घटनाको सन्दर्भ आएको छ ।

विधवा कालीकी एक मात्र सन्तान, तरुनी छोरी बुकी एकरात आफ्नो प्रेमी वीरुसित भागी । बस्, यति नै हो कथा । बुकीले भाग्नै पर्थ्यो, सामाजिक परम्परानुसारको विवाह सम्भव थिएन, किनभने ज्यानमाराको अभियोगमा जेल परेको वीरु जेलबाट भागेर राति कसैले नदेख्ने गरेर आएको थियो । अन्यथा ऊ फेरि धुनिन सक्थ्यो । बुकी वीरुसित भागी किनभने उसमा सहरी जीवनप्रतिको आकर्षण थियो र वीरुलाई बुकीलाई लिएर सहरमै जानुपर्ने बाध्यता थियो । वीरु कर्मशील व्यक्ति थियो जसलाई बुकीले स्वाभाविक रूपमा मन पराएकी थिई । बुकी अबोध उमेरमै वीरुप्रति आकर्षित भएकी थिई र त्यो आकर्षण उनीहरूको निकटताले प्रगाढ बनेको थियो जसलाई मेटाउन कठिन थियो । उनीहरूका बीचमा वर्गीय प्रेम थियो, उनीहरू एउटै वर्गका व्यक्ति थिए । अन्यायप्रतिको विद्रोहमा उनीहरूको आस्था थियो । विरोधको निशाना एउटै थियो र त्यसका केन्द्रमा गाउँका भुँडे साहूलगायत अरू केही व्यक्ति पर्दथे । वीरुका साहसिक कार्यहरूको ऊ मौन समर्थन गर्दथी । यसैले उनीहरू एकअर्काका लागि उपयुक्त व्यक्ति थिए-नवजीवन आरम्भ गर्नका निम्ति ।

प्रस्तुत उपन्यासमा आन्तरिक द्वन्द्वको सुदृढ आभाष मात्र छ । पुष्पनाथको उपस्थितिले बुकीमा सामान्य आन्तरिक द्वन्द्व झल्कन सोच्छ तर विकसित हुन सक्तैन । यसमा मूलरूपमा बाह्य द्वन्द्व नै देखिन्छ । यस उपन्यासको मूल द्वन्द्व भनेको सम्पन्न र विपन्नका बीचको द्वन्द्व नै हो जसलाई शोषक र शोषितका बीचको द्वन्द्वका रूपमा पनि अर्थ्याउन सकिन्छ । भुँडे साहू र समाजका टाँठाबाठाहरूले सम्पन्न वर्गको र कालीका आमाछोरीले विपन्न वर्गको प्रतिनिधित्व गरेका छन् ।

छुत र अछुतका बीचमा एउटा अघोषित द्वन्द्व छ । छुतहरूले अछुतमाथि पानीका धाराकुवा छुन नदिने, केही सेनदेन गर्दा पनि नछोइकन अलग्गै गर्नुपर्नेजस्ता अमानवीय व्यवहार देखाएका छन् तर अछुतहरूले भने त्यसलाई भित्रभित्रै मन नपराए पनि र कहिलेकाहीं शब्दमा प्रकटै गरे पनि विद्रोह सङ्गठितरूपमा प्रस्तुत नहुनाले अर्थहीन बनेको छ । बरु अछुतका विषलाई लिएर छुतहरूकै बीचमा चाहिँ जोगीरामले द्वन्द्व उपस्थित गराएको छ । ऊ मान्छेहरूलाई देखाइ-देखाइकन अछुतका कुवाबाट पानी भरेर लैजान्छ र उनीहरूलाई भोलिदेखि ठूलो कुवाबाट पानी भरेर लैजानू भन्छ । अनि राति आएर सानो कुवा भत्काइदिन्छ । ऊ त्यस्तो भेदभावलाई सहन सक्तैन । कुवा भत्काउनु सङ्घर्षको घोषणा हो । यसको द्वन्द्व असङ्गठित र एक्लो थियो त्यसैले भत्केको कुवा फेरि तिनै अछुतहरूबाटै बनाइयो र विभेद कायमै भयो । यहाँनिर पीडित स्वयं सङ्घर्षमा नउत्रिन्जेल

पनि गर्न सक्छ । मालिकको निर्देशन अनुसार उसले शान्ति र सिर्जना नामका दुई किशोरीहरूको हत्या आफ्नै मान्छे मानबीरबाट गराएको हो । तर अभियुक्तका रूपमा भने जङ्गबीरले जेलजीवन बिताइरहेको हुन्छ । जेलमा नै तन्द्रा अवस्थामा उही मृत नारी सिर्जना आइपुग्छे र जङ्गबीरसँग भन्छे-'तपाईको दुःख देख्न नसकेर आँकी दाइ, शान्ति पनि मसँगै आँकी छ ।'

जङ्गबीरले सपनामा यथार्थ सत्यको अनुभूति गर्न थालेको हुन्छ । सिर्जनाले बीच-बीचमा रोकिँदै वास्तविक दोषी जङ्गबीर नभएको जनाउ दिन्छे । शान्तिले पनि आफ्नो परिचय दिएकी हुन्छे । यसरी स्वप्नसंसारबाट दुवै मृत नारीहरू आएर जङ्गबीरलाई आश्वस्त तुल्याउँछन् । नयाँ-नयाँ केटीको चक्करमा लागेर जङ्गेद्वारा धरनिकासा गरिएकी जेठी पत्नी पनि तन्द्रामै आएकी हुन्छे । यी सबै घटना स्वप्नवत् घटेका हुन्छन् । यसैमा चौकीदारले थाममा ल्याएको दालभात र गिलासको पानी जङ्गबीरको अगाडि त्यसै परेको हुन्छ । पानी पोखिन्छ । उसलाई खाने काममा चासो रहँदैन । ऊ त तन्द्रामा भुलेको छ । आफ्नो समयमा नेता जन्माउने भन्सुनको भरमा जागिर लगाइदिने पहुँचवाला व्यक्ति जङ्गबीर नै थियो । मालिकबाट उसले प्रशस्त इनाम पनि पाएको थियो । तर अब ऊ शान्ति र सिर्जनाको हत्यारा भएर अनि तस्कर का रूपमा समेत अभियुक्त भएर जन्मकैदको जेलजीवन (घटेर १२ वर्ष गराइएको) बिताउँदै छ । यसैमा प्रजातन्त्रकै परिणाम स्वरूप जङ्गबीर तारिखमा जेलबाट छुट्छ र कथाको पनि अन्त्य हुन्छ ।

'हत्यारा शान्ति र सिर्जनाका' कथाको प्रतीकात्मक अर्थ अरू तद्भवरी रूपमा देखिन्छ । जङ्गबीर व्यक्तिपात्र नभएर समाजका घृणित र भ्रष्टाचारी नेताहरूको प्रतिनिधि हो । उसभित्र शैरै व्यक्तित्व समावेश भएका छन् र ऊ धनको लोभले स्वामीभक्तिको नाममा मान्छेको हत्या समेत गर्न-गराउन सक्ने हत्यारा हो । अवैध सामान ओसार-पसार गर्ने तस्कर हो । जनतालाई झुक्याउने र आफ्नो र आफ्ना परिवारको मात्र स्वार्थ पूरा गर्ने धूर्त नेता हो । यी सबै विकृतिहरू एउटै जङ्गबीरमा रहेका छन् । त्यसैले ऊ अन्याय, शोषण र अनैतिक व्यवहारको प्रतिमूर्ति हो । समाजका यस्ता क्रूर व्यक्तिहरूले शान्तिको वातावरण कायम राख्न दिँदैनन् । सिर्जना र निर्माणको गतिविधि पनि अगाडि बढ्दैन । यही भावगत आधारमा जङ्गबीर यहाँ शान्ति र सिर्जना जस्ता गुण र विशेषतालाई कुन्ने व्यक्तिका रूपमा आएको छ । यसका साथै प्रजातन्त्र-आगमन पछि नेपालमा देखिएका विसङ्गति र विकृतिहरूको प्रतिबिम्बन यस कथामा भएको छ । यसरी प्रथम पुरुष दृष्टिबिन्दुबाट जटिल ढाँचामा रचिएको प्रस्तुत 'हत्यारा शान्ति र सिर्जनाका' कथा प्रजातन्त्रपछिको कालखण्डमा देखिएको प्रजातान्त्रिक विकृतिको यथार्थ विवरण हो भन्न सकिन्छ ।

दुई खुट्टा शीर्षक कथा हत्यारा शान्ति र सिर्जनाका शीर्षक कथासङ्ग्रहमा सङ्कलित दोस्रो कथा हो । यस कथामा कथाकार शङ्कर कोइरालाले पुल भत्किनाले खोला बढेर आउजाउ गर्न नसकेका लोग्ने-स्वास्नीका एकल संवादका माध्यमबाट समाजको राजनैतिक, प्रशासनिक र सामाजिक आडम्बरप्रति आक्रोश व्यक्त गरेका छन् । तृतीयपुरुष दृष्टिबिन्दुमा रचिएको यस कथामा नेताको जनता झुक्याउने प्रवृत्ति, कर्मचारीहरूको कामचोर र भ्रष्टाचार गर्ने आचरण अनि स्थानीय बुद्धुहरूको गाउँलेलाई छक्याउने बानी जस्ता सामाजिक कुसंस्कारको यथार्थ विवरण पाइन्छ । यथार्थवादी कथ्य वस्तुलाई अँगाल्ने 'दुई खुट्टा' कथाले नेपालको विगत एक दशकको यथार्थ चित्र प्रस्तुत गरेको छ ।

अनन्त र उन्मुक्ता यस कथाका प्रमुख पात्रहरू छन् । सन्तानका नाममा एउटा छोरी गङ्गा जन्मेकी हुन्छे । यी तीनजनाको परिवारले आरम्भमा सुखपूर्ण जीवन बिताएको देखिन्छ । बिहे भएको चार-पाँच वर्षपछि बर्खामा उन्मुक्ता माइत जान्छे । खोलाको पुल भत्केको हुनाले उन्मुक्तालाई धेरैजसो माइत (खोलापारि) जाने साइत जुर्दैन । एक दिन बर्खायाममा उन्मुक्ता खोला तरेर माइत जान्छे । छोरी गङ्गालाई खोलामा पारि तार्ने काम उसकै बाबु अनन्तले गरेको हुन्छ । पुल बनेपछि उन्मुक्ताले घर आउने कुरा गरेकी छ । तर पुल सरकारी योजनामा परे पनि बन्न सकेको छैन । अनन्तले बेला-बेलामा भत्केको पुलको बीचमा गएर उन्मुक्तालाई चिच्याउँदै बोलाउँछ । बर्खाको समय, अरू मान्छेको खोलाबाटै तरेर आवतजावत, तर पुल बनेर आउँछु भनेकी उन्मुक्ता भने पुल नबन्नाले आउन सकेकी छैन । यही परिवेशमा अनन्तले खोलाको छेउमा भत्केको पुलमाथि पुगेर उन्मुक्तालाई सम्बोधन गर्दै विगतका घटनाहरू एक-एक गरी एकल संवादमा भनिरहेको हुन्छ । उसको पुकार सुन्ने त्यहाँ खोलो बाहेक अरू कोही हुँदैन । धेरैजसो अनन्त नै बोलिरहेको हुन्छ । कतैकतै

अनन्तकै तन्त्राबाट उन्मुक्त भोलेको भान हुन्छ। अनन्तले उन्मुक्तालाई सम्बोधन गरेर एक्लै फतफताइरहेका कुरामा, गङ्गालाई पीष्टिक खाना नपुगेको गुनासो, बर्खे मेलमे बगाएका पहाडी फुग्राहरूको अवस्था, पहिरोमा परेका घाइतेहरूलाई हेलिकोप्टरले अस्पताल पुऱ्याएको विवरण, बाढीपीडितहरूलाई खाद्यान्न र लत्ताकपडा बाँडिको बखत स्वयम् अनन्तले पाउन नसकेको स्थिति, गाउँको विकासका लागि प्राप्त भएको आर्थिक अनुदान, प्राविधिक कर्मचारीसँगको मिलोमतोमा गाउँकै स्थानीय प्रतिनिधिहरूले हडप्ने काम, दाजुले भोजभन्डामा आफूलाई ठगेको गुनासो आदि युगै वर्तमानयुगीन सामाजिक गतिविधिलाई अगाडि ल्याएको हुन्छ। तन्द्रामा नै उन्मुक्ताले म्युम पाइपभित्र ओत लाग्नु परेको र मागेर खानुपरेको गुनासो गरेकी हुन्छे। यसैमा खोलाको तीरमा पुगेको अनन्त चिप्लेर खोलामा बस्छ र खोलाले बगाउँछ। उसको देवे खुट्टा भाचिन्छ। डाक्टरले झुक्यानमा दाहिने खुट्टा काटछ। उजुरबाजुर केही हुँदैन। देवे खुट्टा त काटेपछि यसरी दुवै खुट्टा गुमाएको अपाङ्ग अनन्त उभिने शक्ति पनि हराएर अपाङ्गहरूका बीच पन्किरहन्छ। अब त उन्मुक्तालाई बोलाउने शक्ति पनि रहँदैन। यही पुगेर 'दुई खुट्टा' कथा टुङ्गिएको छ। दुवै खुट्टा गुमाउने अनन्तको कथा हुनाले शीर्षक पनि 'दुई खुट्टा' नै राखिएको छ।

'प्रजातन्त्रको रिहर्सल' भन्ने कथा यस सङ्ग्रहको तेस्रो तथा अन्तिम कथा हो। कथाकार शङ्कर कोइरालाले यस कथामा छयालीस सालको आन्दोलनपछि प्राप्त भएको प्रजातन्त्र खास कसका लागि आएको हो भनी प्रश्नचिन्ह लगाएका छन्। प्रथम-पुरुष दृष्टिबिन्दुमा रचित यस कथामा 'म' पात्रले द्रष्टा र भोक्ता भएर प्रजातन्त्रको रिहर्सलमा भाग लिइरहेको छ। 'म' पात्र एउटा कङ्गाल र दलित वर्गको मान्छे हो। उसलाई पनि प्रजातन्त्रको पुनर्बहाली सँगै खुला वातावरणले छोएको छ। तीसवर्ष पञ्चायत कालमा त्यस बखतका नेताहरूले भत्काएको बहुदलको बाटो अब राजमार्ग बन्न पुगेको देखिन्छ। नयाँ समाजवादको नारा लिएर केही व्यक्तिहरू समूहगत रूपमा आउँदै गरेका छन्। पञ्चायती नेताहरू पनि बहुदलीय व्यवस्था अनुरूप नयाँ पार्टी खोलेर राष्ट्रवादको नारा लगाउँदै छन् भने अर्कोपट्टि मानिसहरू तिनलाई इतिहास दोहोऱ्याउन थालेको आरोप लगाउँदै छन्। यस्तै स्थितिमा 'म' पात्रले टिप्पणी गरेको छ -'प्रजातन्त्रले दिएको पखेटा अब आफैलाई भारी भाथि घोंडो भइरहेछ यस गुटबन्दीले गर्दा' यसरी प्रस्तुत कथाले एक दशक जतिको प्रजातान्त्रिक उपलब्धिलाई दोषपूर्ण रूपमा चित्रण गरेको छ।

कथाकार शङ्कर कोइरालाको यो 'हत्पारा शान्ति र सिर्जनाका' शीर्षक कथासङ्ग्रह छयालीस सालपछि समसामयिक राष्ट्रिय गतिविधिलाई आत्मसात् गरेर लेखिएको कृति हो। यसमा सङ्कलित तीनओटै कथाहरूले नेपालको प्रजातन्त्र-पद्धति अनुकूलको शासन-व्यवस्थामा देखिएका विकृति, अव्यवस्था, गुटबन्दी, व्यक्तिगत स्वार्थ, दलगत पक्षपात र भ्रष्टाचारका विवरणहरूलाई घुमाउरो पाराले व्यक्त गरेका छन्। तीनओटै कथाहरूको प्रस्तुति तीन प्रकारबाट भएको छ। 'हत्पारा शान्ति र सिर्जनाका' कथामा कुनै अरू नै व्यक्तिलाई बलिको बोको बनाएर आर्थिक फाइदा तथा सामाजिक प्रतिष्ठा कमाउन चाहने तथाकथित नेता-बुद्धुकहरूको स्वार्थलिप्त विवरण छ। 'दुई खुट्टा' मा बाढी-पहिरोमा परेका मृतक र घाइतेहरू माथि रजाई गरेर विदेशी पैसा असुल्ने र त्यही नाउँमा ऐस-आराम गर्ने प्रजातन्त्री नेताहरूको चरित्र छ। यसै गरी 'प्रजातन्त्रको रिहर्सल' कथामा प्रजातन्त्रका नाममा हुने गरेको भाँडभैलो र अराजकताको वर्णन छ। तीनओटै कथाका मूल पात्रहरू तल्लो वर्गबाट उठेका छन् र यिनलाई प्रजातन्त्रप्राप्ति भएपछि पनि शान्ति र सन्तोष प्राप्त भएको छैन। यस प्रकार विभिन्न परिवेशमा यी कथाहरू रचिएका छन्।

जटिल कथावस्तु, अव्यवस्थित वर्णन-विवरण, कौतूहल वृत्तिको अभाव, कथातन्तुको अशृङ्खलित प्रबन्धन आदि पक्ष कायमै भएकाले यी कथाहरू कमजोर प्रतीत हुन्छन्। कथा पढ्दै जाँदा वस्तुसंयोजनको आस्वाद पाइँदैन। कतिपय स्थलमा निबन्ध पढेको भान हुन्छ। आयामको सन्तुलन पाइँदैन। त्यसो हुनाले नै शङ्कर कोइरालाका कथाहरू कलजयी भएका छैनन्। उपन्यासकार शङ्करको प्रसिद्धि कथाकार शङ्करले पाएको प्रतीत हुँदैन। यति भएर पनि विषयको प्रतीकात्मक प्रस्तुति गरेर कथाकार शङ्करले नेपाली कथाको नौलो बान्की प्रस्तुत गरेका छन्। यस दृष्टिले भने शङ्कर कोइरालाको कथाकारिताको विशिष्ट पहिचान कायम भएको छ।

★★★

✍ सुधा त्रिपाठी

औपन्यासिकताका परिवृत्तमा तरुनी छोरी

नाटक विधामा पनि कलम चलाइसकेका र कथा विधामा दुईवटा सङ्ग्रह प्रकाशित गराइसकेका शङ्कर कोइरालाको परिचय भने नेपाली साहित्यको इतिहासमा उपन्यासकारकै रूपमा टङ्कारो बनेको छ। वि.सं.१९८७ मा जन्मेका र वि.सं.२०५४ मा दिवंगत भनेका शङ्करको पुस्यौंली थलो पूर्व १ न. दुम्जा हो। उपन्यास लेख्न कहिल्यै नथाक्ने शङ्कर कोइरालाका दुई दर्जन जति उपन्यासहरू प्रकाशित भइसकेका छन्। **बैरिनी बाट** (२०१८) बाट प्रारम्भ भएको उनको औपन्यासिक यात्रामा **कैसीको फर्सी,कलाकार, नाठो, कलेज गर्ल, श्रीमती हिरोइन, आँसुको बाढ़ो, भुस्याहा** आदि उपन्यासहरू देखापरेका छन्।

शङ्करका लगभग दुई दर्जन उपन्यासमध्येकै एउटा उपन्यास हो – **तरुनी छोरी**, जसको प्रकाशन २०२९ सालका **मधुपर्क** का विभिन्न आठ अङ्कमा धारावाहिक रूपमा भएको देखिन्छ। यस उपन्यासमा वर्णित विषय, घटनाक्रम, समयसन्दर्भ आदि हेर्दा यो उपन्यास छापिएकै समय अर्थात् २०२९ सालमा रचिएको कुराको पुष्टि मिल्दैन। 'गाउँ फर्क राष्ट्रिय अभियान' को विशेष चहलपहल, पञ्चायती व्यवस्थाका विकृतिको पीबनारम्भका उर्वर दिनहरू, भाद्र महिनामा श्री ५ को जन्मोत्सवको व्यस्तता (श्री ५ महेन्द्र राजा हुँदा तत्कालीन बडामहारानी रत्नको जन्मोत्सव भाद्र ४ गते मनाइन्थ्यो। श्री ५ वीरेन्द्रको गद्दी आरोहणपश्चात् यस दिनलाई बालदिवसमा रूपान्तरित गरियो) आदि कुराले प्रस्तुत उपन्यास २०२६।२७ सालतिर लेखिएको प्रमाणित हुन्छ।

प्रस्तुत उपन्यासलाई मूलरूपमा आख्यान र प्रस्तुतीकरण गरी दुई भागमा विभाजन गरी अध्ययन गरिनेछ तथा यी मूल दुई भागलाई पनि अनेक कोणका माध्यमबाट पर्गेलिनेछ। आख्यानभित्र वस्तु, पात्र र परिवेशलाई तथा प्रस्तुतीकरणभित्र संरचना, भाषाशैली, प्रतीक, बिम्बलाई समावेश गरी उनको प्रस्तुत उपन्यासका विविध पक्षलाई समग्रतामा समेटिनेछ।

१. आख्यान:

प्रस्तुतिको सानो आयाममा नअटेको विषयवस्तुको यथार्थपरक आख्यानात्मक आयाम नै हो उपन्यास, जुन विविध पात्र र विविध परिवेशमा प्रस्तुत भएको हुन्छ। मुख्य पात्रको जीवनको क्षणिक नभई विस्तृत आयामको आख्यानात्मक प्रस्तुति नै एक अर्थमा उपन्यास हो।

१.१ वस्तुविन्यास:

शङ्कर कोइरालाको **तरुनी छोरी** उपन्यासको वस्तुको चयन रागात्मक सौन्दर्यपरक र यथार्थमूलक अनुभवको सम्मिश्रित स्वरूपबाट गरिएको छ। शङ्करले आफू बाँचेको र आफ्नो शैशव बितेको सामाजिक परिवेशबाट अनुभव र अवलोकनका माध्यमले विषयवस्तुको ग्रहण गरेका छन् र जो यथार्थमूलक अनुभव रागात्मक छ।

प्रस्तुत उपन्यासको शीर्षकले उपन्यासको आकर्षणलाई घटाइदिएको छ र यसको स्तरको मापन पनि गरिदिएको छ। उनका अरू १।२ वटा उपन्यास पढ्नसकेको बौद्धिक पाठकले उनको यो उपन्यास शीर्षक हेरेर नै पन्छाइदिन्छ किनभने शङ्करको कलमले यो र यस्तै शीर्षकमा लेख्ने भनेको रतिरागात्मकता नै हो जुन जीवनको महत्तर र महत्तम पक्ष हुँदै होइन। यदि खगेन्द्र सङ्ग्रौलाले यही शीर्षकमा उपन्यास लेखेका भए त्यसको मूल्यवत्ता नै पृथक् हुने थियो तर शङ्करले यस शीर्षकका माध्यमले कुनै विशिष्टता प्रदर्शन गर्न नसकेको मात्र होइन उनको उपन्यासकारिता नै क्षतिग्रस्त हुन पुगेको छ। प्रस्तुत शीर्षक दीर्घगामी प्रभावलाई बेवास्ता गरी तत्कालीन सस्तो

हिन्दी-उर्दूका कापी, शराब, बेफाइ, एराद्दा, भुहा, इन्तिजाम, चकमाजस्ता शब्दहरूको प्रयोगले दतिमा कुइने लागको अनुभव हुन्छ ।

जीवनको जटिलता देखाउने उद्देश्य राखेर राँचिएको प्रस्तुत उपन्यासमा मानिस वास्तविकताको धरातलमा नटेकी शङ्का, उपशङ्का, ईर्ष्या र प्रतिशोधमा जलेर अरूलाई दुःख दिने प्रयास गर्छ भन्ने पुष्टि गरिएको छ । मानवीय आकाङ्क्षाको हार देखाई अप्ठेरो परिस्थितिलाई अगि सार्ने प्रयत्न भएको छ । मानवीय प्रेम, सौहार्दता, सद्भावलाई दोषी आँखाले हेर्ने प्रवृत्तिको विकास भएको कुरातर्फ सङ्केत गर्दै भौतिकवादको जतिमुकै विकास भए पनि मानिस आफ्नो निश्चित आदर्शका कारण माँचेको हुन्छ, त्यसैले भौतिक सुखमात्र सम्पूर्णता होइन, सबैस्व होइन, मान्छेका लागि आत्मिक सुख चाहिन्छ भन्ने ध्वनित गरिएको छ । शङ्का र ईर्ष्याका कारणले परिवारमा विखण्डन निम्त्याउँछ भन्ने सन्देश दिंदै सत्कर्म वा सिर्जनात्मकताको अभिवृद्धिका लागि यथाशक्य पैरकतत्त्वको आवश्यकता रहन्छ अथवा आदर्श र अभिप्रेरणा सिर्जनात्मक प्रतिभाका लागि अपरिहार्य भएतर्फ उपन्यासको भावभूमि लक्षित छ । प्रेमविवाह सदैव सुखकारी नहुन सक्छ, तर प्रेम शाश्वत र सार्वभौम हुन्छ भन्दै नारी स्वतन्त्रताका पक्षमा समाज संवेदनशील बन्नुपर्ने आग्रह पनि प्रस्तुत गरिएको छ । मानिस सधैं भौतिकवादी तथा यथार्थवादी मात्र बनेर बाँच्न सक्तैन, त्यसैले आदर्श र यथार्थको समन्वय हुनु आवश्यक छ भन्ने सन्देश ध्वनिका रूपमा अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा सूक्तिहरू पनि पर्याप्त मात्रामा रहेका छन् । उदाहरणका लागि केही सूक्तिहरूलाई प्रस्तुत गर्न सकिन्छ -

(१) कर्म नगरी रहस्यको गहनताको आभास हुँदैन ।
(२) हाम्रो समाजमा कलाकारहरू मगज बिग्रेको भनी गनिन्छन् ।
(३) चोरी ठगी गरेर पनि सम्पन्नशाली भयो भने मगज खुस्केको भए पनि उसलाई सम्मान प्राप्त हुन्छ ।
(४) जीवनमा खराब कुराको पनि अनुभव गर्नुपर्छ ।
(५) सधैं असलको पीछा लाग्यो भने जीवनले साथ दैन ।
(६) हाम्रो वरिपरि कटु यथार्थहरू छन् जहाँ हामीले बाँच्नुपर्छ ।
(७) जसले जीवन कलासाधनामा लगाएको छ उसलाई यस जीवनको के माया मोह ?
(८) कलाकारहरू अरूको दिल बहलाउन आफूलाई उत्सर्ग गर्छन् तर उनीहरूको मन बहलाउने समाज पाउँदैनन् ।

विदेशी शब्दको आधिक्य, सुमनाले रामलाई 'जेठाजु' सम्बोधन गरिहन्, समाजमा बुहारीले जेठाजुलाई 'दाजु' नै भन्ने चलन छ , रामको विवाहबारे उसराउँतर्फ चर्चा नहुनु, रामका बाबुको अन्त्यावस्थाबारे उपन्यास मौन रहनु, पढ्नमा कमजोर जीवन डाक्टरी पढ्न छात्रवृत्ति पाएर बेलायत पुग्नु, घटना-प्रवाहको तीव्रताले उपन्यासको वैचारिक धरातललाई अस्थिर तुल्याउनु तथा परिच्छेद विभाजन नगरिनाले घटनाक्रम वा मोडबारे पाठकमा भ्रम उत्पन्न हुने सम्भावना देखिनु यस उपन्यासका कमजोर पक्ष हुन् । यिनै कमजोरीका कारण उपन्यासले कलात्मक उच्चतालाई सहज रूपमा आत्मसात् गर्न सकेको देखिँदैन । उपन्यासकारले प्रस्तुत उपन्यासमा हतार मा नलेखेको दावी गरे तापनि खरावी दौडलंग यसको रचना प्रक्रिया तुलनीय देखिन्छ ।

यति हुँदाहुँदै पनि कथावस्तुगत रोचकता, समसामयिकता, चरित्रगत विविधता, भाषाशैलीगत सरलता-सहजता, संवादात्मकता, उद्देश्यगत सुस्पष्टता एवं जीवनवादिता, संदेश मूलकता जस्ता वैशिष्ट्यका कारण **कलाकार** उपन्यास उत्कृष्टतातर्फ उन्मुख औपन्यासिक कृति देखापर्छ ।

सन्दर्भसूची:

१. घटराज भट्टराई, **प्रतिभैप्रतिभा र नेपाली साहित्य**,काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स, २०५१) पृष्ठ ४१३ ।
२. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास** (काठमाडौं : नवीन प्रकाशन, २०५१) पृष्ठ २२० ।
३.,४. कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार** (ललितपुर: साझा प्रकाशन, २०४३) पृष्ठ २९४,३०४ ।
५. बालमुकुन्ददेव पाण्डे र उत्तम कुँवर (सम्पादक), **रूपरेखा** -मासिक, वर्ष ७, अङ्क ९, पूर्णाङ्क ६९, माघ २०२३)
६. शङ्कर कोइराला, **कलाकार**, पृष्ठ ३३ ।
७.८.९ ऐजन (भूमिका खण्ड) पृष्ठ ८,७,८ । भोजपुरे कन्दरा

- वसुन्धरा, काठमाडौं ।

★★★

✍ प्रा. घटराज भट्टराई

सहायता लघु-उपन्यास, पढ्दा

शङ्कर कोइराला नेपाली साहित्यका अध्ययनशील परिश्रमी साधक हुन् । उनले कथा लेखे, नाटक लेखे, उपन्यास लेखे र अरू पनि केके कति लेखे, सबैको हिसाबकिताब एउटा सानो लेखमा सम्भव छैन । त्यसका लागि बृहत् शोध नै गर्नुपर्ने हुन्छ । धेरै लेखेर पनि, निरन्तर परिश्रम गरेर पनि शिखरहरूमा चढ्न नपाएका शङ्कर कोइरालाको व्यक्तित्व र कृतित्वलाई मूल्याङ्कन गरी प्रकाशन गर्ने दायित्व **दायित्व परिवारले** लिएछ । दायित्वको सहृदयी प्रध्यर्थाइले सचेत भएर अहिले म शङ्कर कोइरालालाई सम्झँदै छु । हुनत **प्रतिभैप्रतिभा र नेपाली साहित्य** २०४० **नेपाली साहित्यकार परिचय कोश** २०५३, **नेपाली लेखक कोश** २०५७ मा मैले शङ्करलाई चिनेको थिएँ । यथोचित चर्चा गरेकै थिएँ । आज पन्तले शङ्करको **सहायता**, लघु-उपन्यास पढाउनु भएछ पढेर समीक्षा गर्न, त्यसैले म त्यसकै सेरोफेरोमा केही लेख्दै छु ।

सहायता जेमी पुस्तक आकारमा ४८ पृष्ठमा आबद्ध छ । यसलाई लेखक स्वयंले लघुउपन्यास मानेका छन् । यसको प्रकाशन नवीन प्रकाशन एस् १७/२४० नदेखर वाराणसी कैन्टबाट २०४५ सालमा भएको देखिन्छ । यसको मूल्य ने.रु. ६/- राखिएको छ प्रकाशकीयधारि शिवशङ्कर प्रसादले लेखेका छन्-प्रकाशकीयमा भनिएको छ- प्रस्तुत लघु-उपन्यास 'सहायता' पाठकको समक्ष छ, यसमा उपन्यासकार शङ्कर कोइरालाको अन्य अनेकौं उपन्यासहरूको शैलीभन्दा बिलकुल नयाँ र नौलो विषय पाइनेछ । साधारण कुरालाई अरू साधारणीकरण गर्दा जुन अमूर्तताको सृजना हुन्छ, थाह पाएकै कुरो अपरिचित र बिरानो लाग्ने हुन्छ । त्यस्तै किसिमको अनुभूति पाठकहरूले यसलाई पढ्दा गर्नुहुनेछ, यस उपन्यासले के दिन खोजेको छ, कस्तो छ, यी प्रश्नको उत्तर प्रकाशकीयको एक अंशबाट स्पष्ट भएको छ ।

सात दिने झरीले बाढी आई धनजनको क्षति भएको छ । जनता गाँसबास हीन बनेका छन् । अनेक रोगले पनि हमला गर्न थालेका छन्, मानिसले खाने अन्न बाली सुनकोशीले खाइदिएको छ । बाँचेका मानिसहरू पानी नपर्दा प्रसन्न भएर रमाउँछन्, पानी नपरीकन पानी हुँदैन, पर्दा पनि आत्तिनु पर्ने स्थिति छ । गाउँ हराउँछ, घर हराउँछ, बाढीले सताउँछ, निकै ठूलो समस्याले पिरोलिन्छन् पीडितहरू अनि बाढीपीडितलाई सहयोग गर्ने सहायता उपलब्ध गर्ने हल्लाखल्ला पनि हुन्छ, रेडियोले धन्काउँछ । उपन्यासकी नायिकामा चेतना छ, बाढी लागे पनि, पहिरोले सताए पनि, ग्रामीण तथा पारिवारिक जीवनमा समस्या भोग्नुपरे पनि ऊ त्यहीं बस्छे, साथीको सहायताले पनि उसलाई बचाउन सक्दैन, केही गर्दैन ऊ आखिर बाढीकै शिकार बन्छे, प्रहरी, अधिकृत, हेलिकोप्टरले पनि केही गर्न सक्तैन, सहायता एउटा होहल्लाको विषय मात्र हो भन्ने निचोड यसले दिन्छ ।

नेपाली पहाडैपहाडले युक्त देश, गाउँमा भलबाढीको प्रकोप बढी हुन्छ, त्यसको बचाउका लागि खास प्रयास भएको पाइँदैन । राष्ट्रिय अन्तर्राष्ट्रिय सहयोगको प्रश्न उठे पनि आखिर निरीह जनताका लागि यसले केही गर्दैन, हुने कुरा भइहाल्छ भन्ने यथार्थ नै यस उपन्यासले देखाउन खोजेको छ ।

आञ्चलिक उपन्यास लेखनमा ख्याति कमाएका कोइरालाको यो उपन्यास पनि आञ्चलिक नै हो । आकार प्रकारले लघु भए पनि ग्रामीण जीवनका संवेदनशील पक्षलाई सजीव रूपमा उतार्ने प्रयास यसमा भएको छ । २०४०-४५ सालतिरको पूर्वीपहाडमा अवस्थित सुनकोशी आसपासको स्थितिलाई कारुणिक, मार्मिक र यथार्थमूलक रूपले

चित्रण गरेको छ - यस लघुउपन्यासले । अभिव्यक्तिकला चित्रण प्रभावकारी छ । दर्जनौं उपन्यास लेखेर आफ्नो प्रतिष्ठा कायम गरिसकेका कोइरालाको लेखनशैलीको परीक्षण नगरे पनि हुने हो तैपनि प्रस्तुत लघुउपन्यासमा उनको प्रस्तुतिकलाको पहिचानका लागि केही गर्दा हेरौं -

– गाईगुई सुनिन थाल्यो-यो बाढीपीडित गाउँमा, यो वर्ष र अनिकालग्रस्त क्षेत्रमा जहाँ बाली मानिसको सट्टा सुनकोशीले खाइदिएको छ। अझै थाह छैन कुन दिन कुन क्षण दर्केफरी पर्ने हो त्यसै गरी । (पृष्ठ ५ बाट)

– म आफ्नो कुमारित्व गुमाउन सक्छु तर बाकसलाई सुनकोशीमा बगाउन सक्तिन । हाम्रा कति सञ्जीवनी बुटीहरू बगेर गइरहेका छन् । हाम्रो माटोसँग हामी खिइँदै घिप्पँदै गएका छौं । चेतनालाई यसप्रकारको आत्मसंस्मरण भएर कसैले बाटो देखाइरहेको हुन्थ्यो । (पृष्ठ २८ बाट)

– पानी परिरहे पनि गाउँलेहरू घर भत्केको थाह पाएर चेतनाको खोजीमा घरभित्र आए । जतातते छाना, निवास र खाँबो चेतनाको खोजतलास गरे । मरेको देखिए पनि छातीमा कान थापे, बुकुकी बाँकी थियो, उसलाई खाटमा उठाएर छाता ओढाउँदै एक कोश पर स्वास्थ चौकीतर्फ लगे । (पृष्ठ ४८ बाट)

माथिका तीन अनुच्छेदहरूबाट उपन्यासको शैली प्रस्तुति र चित्रणकलाको बोध हुन्छ ।

उपन्यासकार शङ्कर कोइरालामा प्रगतिवाद, अस्तित्ववाद, प्रकृतवाद, स्वच्छन्दतावाद-जस्तै परिचमी हावाले न्याएका वादहरूको विवाद गर्नु नपर्ला । बरु उनका उपन्यासमा नेपाली गाउँघरका आञ्चलिक सुस्केराहरू कथा र व्यथाहरू अत्यन्त मार्मिक रूपमा चित्रण गरिएका हुन्छन् । सहायता उपन्यास आकारप्रकारले लघु भए पनि नेपाली जीवनको मार्मिक, संवेदनशील र कारुणिक पक्षलाई साहित्यिक र कलात्मक रूपले अभिव्यक्ति दिन सफल छ। २/४ सय पृष्ठमा भन्न लम्याउन सकिने विषयलाई चौरै पृष्ठमा पनि कलापूर्ण रूपमा भन्न सक्नु यस उपन्यासको वथार्थ हो, वास्तविकता हो, विशेषता हो ।

***

विजयादशमी तथा शुभ-दीपावली २०५८ को पावन अवसरमा हाम्रा समस्त ग्राहक तथा शुभेच्छुक महानुभावहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

सोमानि इण्डष्ट्रिज नेपाल प्रा.लि.

छातापिपरा, बारा

हेर्दिनन्। उनको स्वभाव हठी खालको छ। जीवनको उत्तरार्द्धमा धर्मकर्ममा उनले विशेष ध्यान दिएको पाइन्छ। रामकी आमा र जीवनकी आमाको स्वभाव वा चरित्रमा आकाश-पातालको अन्तर भेटिन्छ। आमाहरूका चारित्रिक विशेषताहरू नै छोराहरूमा केही हदसम्म सरेको अनुभव हुन्छ।

उपन्यासमा उपस्थित अन्य चरित्रहरू पनि आआफ्ना भूमिकामा धेरैथोर अग्रसर देखिन्छन्। सोफिया बेलापती युवती हो। ऊ जीवनसँग सम्बन्ध गाँस्न आइपुगेकी रसिली चरित्र हो। जीवनले बेलायत बसुन्जेल सोफियासँग रंगरौस मनाएको कुरालाई चिठीमार्फत सेखिपठाएको हुन्छ। आकर्षक व्यक्तित्व, सुन्दर अनुहार भएकी चञ्चल युवतीका रूपमा ऊ उपस्थित छे। एकपटक नेपाल घुम्न आएका बखत सोफियाको भेट रामसँग पनि भएको र रामले उसको एउटा चित्र बनाएको प्रसङ्ग पनि प्रस्तुत गरिएको छ। जीवनसँग प्रेम रचे अकी चरित्र हो – सुरा। ऊ जीवनसँगै काम गर्ने अस्पतालकी एउटी नर्स हो। उसले जीवनसँग सम्बन्ध बढाएर सुमनाको हृदयमा चोट पुऱ्याउने काम गरेकी छ। साथै राम र सुमनाको सम्बन्धबारेमा उदार एवं बेपर्वाह रहेको जीवनलाई उक्साएर भएनभएका कुरा लगाई विखण्डनका बाटातर्फ अग्रसर तुल्याउने दुष्टता उसले गरेको पाइन्छ। त्यसकारण सुमनाको पारिवारिक परिस्थिति धमिल्याउने सूत्रधारको काम सुराले गरेकी छ। जीवनसँग बसउठ गर्ने तथा चलचित्र हेर्नमा ऊ सक्रिय छे। सुरा सम्पूर्णतः नकारात्मक चरित्रका रूपमा उपस्थित भएकी छ। अर्को पात्र निरज सुमनाको भाइ हो। बर्दियाबाट सासू (जीवनकी आमा) का आग्रहअनुसार दिदीलाई बर्दिया लिएर जाने काम गरेको छ। एउटा सरल र आज्ञाकारी युवकका रूपमा उसको परिचय पाइन्छ। रामको विद्यार्थीका रूपमा प्रस्तुत हेम एउटा जिज्ञासु व्यक्ति देखिन्छ। उसमा कला सृजनाबारे तीव्र कौतूहल पाइन्छ। तोर्पू जीवन र सुमनाका घरको जाँगरिलो नोकर हो। ऊ आज्ञाकारी एवं औसी छरितो छ। सोफो प्रकृतिको रोर्पाको छोरो तोर्पू सोखुम्बुको बासिन्दा हो। तोर्पूकी भाउजू सुनगाभा पनि सोसार पर्वमा देवरलाई घर सैजान भनेर काठमाडौं आएकी छ। ऊ मीठो र शिष्ट ढङ्गले बोल्छे। देवरलाई असाध्य माया गर्छे। उसले आफ्ना गाउँघरको बेसिस्तार राम र सुमनलाई लगाएकी छ।

कलाकार उपन्यासमा प्रस्तुत सम्पूर्ण सहायक पात्रहरू मूल पात्रहरूकै परिधिमा घुमेका छन्। मूल पात्र राम, सुमना र जीवन भने त्रिकोणात्मक रूपमा रहेका छन्। त्यस त्रिकोणात्मकताको केन्द्रबिन्दु भने सुमना हो। जीवनमा उच्च आदर्श लिएकी सुमनाले आदर्शलाई पूर्णतः परित्याग गरेर वथार्थ धरातलमा पाइला टेक्नु परेको विवशता, बाध्यता एवं पीडा नै प्रस्तुत उपन्यासको मार्मिक सन्दर्भ हो। आफ्नो आस्थालाई खण्डित तुल्याउनु कसैगरी सहज हुँदैन, त्यही असहजताको परिणाम नै यथार्थमा कलाकारको हत्या हो, गौरवको हिंसा हो। राम र सुमनाको क्षतविक्षत मनोविज्ञानलाई सङ्केतात्मक रूपमा प्रस्तुत गर्ने जमर्कोसमेत भएको पाइन्छ।

प्रस्तुत उपन्यास सहरिया परिवेशमा आधारित छ। यसको केन्द्रबिन्दु काठमाडौंलाई बनाइएको छ। काठमाडौंमा रहेको एउटा परिवार टुकिएर बर्दिया पुग्छ। बर्दियाबाट बनारससम्म यात्रा गरेको देखाइएको छ। पढाइका सन्दर्भमा उपन्यासको पात्र बेलायत गएको, त्यहाँको रहँचहँ र विकसित दुनियाँबाट प्रभावित भएको सन्दर्भ पनि छ। चर्चाका क्रममा सोलुखुम्बु पनि आएको छ। प्रसङ्गवश बर्दिया र सोलुखुम्बुजस्ता तराई र पहाडका ग्रामीण सन्दर्भको चर्चा गरिए तापनि व्यापकता भने देखाइएको छैन। उपन्यासमा परिवेश चित्रणलाई मुख्य ध्येय बनाइएको भने पाइँदैन। चरित्रचित्रण नै आफ्नो मुख्य अभीष्ट रहेको सङ्केत उपन्यासकारले गरेका छन्। मान्यावस्थाका राम र जीवनको चित्रणबाट प्रारम्भ गरिएको औपन्यासिक कथानक उनीहरू प्रौढ हुनु पूर्व नै समाप्त भएकाले खासगरी तीस-पैंतीस वर्षको कालावधि उपन्यासमा समेटिएको स्वीकार गर्न सकिन्छ। यसले वर्तमान नेपाली सहरिया समाजको प्रतिनिधित्व गरेको छ।

उपन्यासको भाषाशैली सरल र प्रभावकारी देखिन्छ। सूत्रात्मक रूपमा विवरणप्रधान बनाएर लेखिएको प्रस्तुत उपन्यास संवादात्मक शैलीमा रचिएको छ। सुरुदेखि अन्त्यसम्म नै स्वभाविक संवादहरू प्रस्तुत गरिएका छन्। घटनाक्रमलाई अगि बढाउन होस् वा चारित्रिक वैशिष्ट्य प्रदर्शन गर्न होस् उपन्यासमा प्रयुक्त संवादले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। यस उपन्यासमा खटकने कुरा भनेको विदेशी शब्दको अत्यधिक प्रयोग हो। इन्लेगल, फ्रस्टेसन, सरियलिज्म, लाइफ, फिनिसिंग टच, सर्भिस, आइडिया, स्कलरसिप, रिलेसनजस्ता अङ्ग्रेजी तथा

सहनशील पनि छे । जीवनले आफूप्रति गरेको बेवास्ता एवं अप्रिय व्यहारलाई दृष्टिगत गरेर उसले नारी स्वतन्त्रताको बकालत पनि गरेको पाइन्छ । तर उसको विद्रोह सशक्त एवं विखण्डनकारी नभई सुधारात्मक देखापर्छ । उसले जेठाजु राम समक्ष आफ्ना असन्तुष्टिहरू निर्धक्क भएर प्रस्तुत गरेकी छ । शिष्ट र सचेत नारी सुमनाले उपन्यासमा आदर्श र यथार्थको सेतुको काम गरेको पाइन्छ । यद्यपि ऊ मानवीय आदर्शतर्फ तीव्र झुकाव राख्दछे तथापि यथार्थको पीढादायी दण्ड अर्थात् रामसँगको विछोड तथा कलाप्रतिको अनुराग त्याग्न बाध्य बनेकी छ । उपन्यासका अन्त्यमा राम र सुमना दुवै चरित्रहरू कुण्ठित बन्न पुगेका छन् । दुवैका आकाङ्क्षाहरूले पराजय भोग्नुपरेको छ ।

जीवन उपन्यासको सहनायक हो । उसकी पत्नी भएकीले सुमनालाई पनि सहनायिका मान्नुपर्ने देखिन्छ । जीवन रामको सौतेनी भाइ हो । ऊ साहै उताउलो स्वभावको छ । भोगविलासमा हुर्केकाले पढाइमा कमजोर छ । बाबुआमाको लाडप्यारले उसलाई बिगारेको पाइन्छ । बन्धतन्त्र प्रवेशिका उत्तीर्ण गरेपछि बाबुकै पहुँचका आधारमा सरकारी छात्रवृत्ति पाएर डाक्टरी पढन ऊ बेलायत जान पाउँछ । उहाँ सोफियासँग प्रेम गर्छ । यता प्रेमविवाह गरेकी पत्नी सुमनालाई छोडेर गएको हुन्छ । गहुँगोरो, चश्मा लगाउने, कपाल घुँघुरिएको, ठूला आँखा भएको, सुटटाई लगाउने व्यक्तिका रूपमा उसलाई चिनाइएको छ । ऊ धर्मकर्ममा अनास्था राख्छ । ऊ कसा र ईश्वरलाई मिथ्या कुरा सम्झने तथा भोगविलासमा रमाउने भौतिकवादी व्यक्ति हो । ऊ बहिर्मुखी स्वभावको छ । आफ्नो स्वार्थलाई विशेष महत्त्व दिन्छ । युवतिहरूलाई धोका दिनमा ऊ किञ्चित् अप्ठेरो मान्दैन । सौतेनी दाजु रामलाई समेत यथार्थवादी बन्न उक्साएर उसले जूवा र रक्सीको लत बसाइदिएको छ । बेलायतबाट पढाइ सकेर फर्केपछि उसले राम र सुमनको सम्बन्धलाई उदारतापूर्वक सकारात्मक रूपले लिएको छ । परन्तु पछि सुरा नामकी नर्ससँगको सम्बन्ध र उसैको उत्साहटमा लागेर उपर्युक्त सम्बन्धप्रति नाकारात्मक दृष्टि राख्छ र पत्नी सुमनलाई उक्त सम्बन्ध त्याग्न चेतावनी दिन्छ । उसले सुमनाप्रति पतिका रूपमा गर्नुपर्ने सम्पूर्ण सद्व्यवहार तथा राख्नुपर्ने चासो राख्नेको पाइँदैन । त्यसैले सुरा र सुन्दरीप्रति उसमा तीव्र लिप्सा देखिन्छ । ऊ नितान्त भोगवादी चरित्र हो । आफ्नी आमाका धर्मकार्यलाई ऊ अन्धविश्वासको संज्ञा दिन्छ । सामाजिक दुर्भावको प्रतिनिधित्व गरेकाले उसको चरित्र खलनायकको जस्तो छ, परन्तु उपन्यासकी सशक्त पात्र सुमनाको पति भएका कारणले उसलाई खलनायक नभनी सहनायक मान्नुपर्ने देखिन्छ । औपन्यासिक घटनाक्रमलाई द्वन्द्वमय बनाउने एवं अन्त्यमा विखण्डनका दिशातर्फ अग्रसर तुल्याउने व्यक्ति नै जीवन हो । उसको स्वार्थ राम र सुमनालाई असम्याउनु मात्र रहेको देखिन्छ, सुमनालाई अपेक्षित सुख र शान्ति दिने कुरामा भने उसले कुनै प्रतिबद्धता जाहेर गरेको देखिँदैन । जीवन यस उपन्यासको विलासी, गतिशील तर विभाजक चरित्र हो । उपन्यासको अन्त्यमा राम र सुमनालाई छुटाउने उसको उद्देश्य पूरा भएको हुनाले ऊ विजयी चरित्रका रूपमा प्रस्तुत हुन पुगेको छ । यसर्थ यस उपन्यासमा असत् पक्षको विजय र सत् पक्षको पराजय देखाएर समाजमा मानवीय भावना, सभ्यता र गौरव गौण बन्दै गएतर्फ सङ्केत गरिएको पाइन्छ ।

रामका बाबु पहिले बहुविवाह गरेर गल्ती गर्ने तथा पछि कुण्ठाग्रस्त बन्ने पात्रका रूपमा उपस्थित छन् । चाहेर पनि जेठो छोरो रामलाई अँगाल्न नसक्ने लाचारी उनले देखाएका छन् । जेठी पत्नीलाई थोरै जग्गाजमिन तथा कान्छीलाई प्रशस्त जग्गाजमीन दिएबाट उनी पक्षपाती देखिन्छन् । कान्छी पत्नीका इसारामा चल्ने हुनाले उनको स्वभाव जोइटिङ्गे खालको छ । बेलामौकामा जेठो छोराको पढाइ र प्रतिभाको प्रशंसा गर्ने तर उसका लागि आवश्यक वातावरण जुटाउन प्रयत्न नगर्ने लापर्वाह एवं हृतिद्वारा चरित्रलाई उनले वहन गरेका छन् । रामकी आमा सोभी, सद्भावयुक्त चरित्र हुन् । उनी पतिद्वारा परित्यक्ता नारी हुन् । आफ्नो छोरो रामलाई सुखदुःख बेहोरेर हुर्काउँछिन्, पढाउँछिन् । लोग्नेले दिएको थोरै जेथोमा जीवन गुजारा गर्ने उनी विवश छिन् । सौतासँग कुनै प्रतिवाद नगर्ने नरम स्वभावकी सहनशील नारीका रूपमा उनी उभिएकी छिन् । उनी राम, जीवन र सुमनालाई समान स्नेह प्रदान गर्छिन् । जीवनकी आमाको स्वभाव अपेक्षाकृत रुखो खालको छ । उनी लोग्नेलाई आफ्नो काबुमा राख्न सक्षम देखिन्छिन् । मोटीघाटी थसुन्नी स्वरूपकी उनी छोराको पढाइप्रति विशेष चासो राख्तछिन् । सौताको छोरा राम पढाइमा तेज भएको तथा आफ्नो छोरो जीवन कमजोर भएकामा उनलाई ईर्ष्या छ, चिन्ता छ । उनी राम र जीवनलाई समान दृष्टिले

ज्योती खड्का (पाण्डे)

उपन्यासकार शङ्कर कोइरालाको कलेज गर्ल उपन्यासभित्र मेरो विचरणको प्रयास

सामाजिक एवं व्यावहारिक क्षेत्रमा उच्च आदर्शसँग मेल राख्ने यस्तो भनाइ र गराइ छ-'वैगुनीलाई समेत गुनले व्यवहार गर्नुपर्छ' । यसर्थ गुनै-गुनको भारी बिसाइ जानेहरूप्रति कस्तो व्यवहारका अपेक्षा गर्नुपर्ने हो त ? प्रश्न र व्यवहारणीय असङ्गत वा असामान्यस्य हुन जाने तथ्यहरू साहित्यजस्तो गहन क्षेत्रमा घट्ने गरेका छन् । सभ्य र असभ्य हुन नसक्ने यस्तो कामलाई साहित्यिक अनुदारता वा अन्याय भन्न सकिन्छ । योगदान छँदाछँदै पनि कसैप्रति यस्तो व्यवहार गरिएको छ भने वा परिबन्द वा प्रतिकूल वातावरण भनिदिने कि ? साधक, साहित्यिकका लागि आफ्ना असङ्ख्य कृतिहरू बलियाँलो पूरा गर्न पढिदिने पाठक जमातले मात्र पुग्दैन । यसका असंख्य कृतिहरूबाट गुणदोष औंल्याइदिने निस्वार्थ र सहृदयी समालोचकहरू पनि चाहिन्छ । पुग्ना कृतिहरू उधिनी विश्लेषण गरिँदैनन् उसै अलपत्रिन्छन् भने एकप्रकार विडम्बना भनौं । यस्तै प्रकारले दुर्दमनीय, बिभ्याई, प्रतिकूलताभित्र निस्सासिएका तर साधनाहरूलाई नित्य निरन्तरता दिँदै गतिशील बढ्न कसको महानता हो । लेखकले साहित्यकार शङ्कर कोइरालाको व्यक्तित्व र कृतित्वलाई लगभग यस्तै ठम्याउन पुगेको छ । आजसम्म नेपाली वाङ्मयको उच्च गरिमा भनेकै निरन्तर अध्ययन, लेखन र प्रकाशनको साथै भाषासाहित्यको साधनामा संलग्न प्रतिभाहरूका कुशल कर्महरू हुन् । साहित्यलाई नित्य नवीन गौरेटो हुँदै हिँडाएर युगानुकूल र परिवर्तित बनाउनु साधकहरूकै योगदानको सुशोभन हो । कृतित्वबाटै सम्मान-प्रतिष्ठा पाइन कति सफल ? कति असफल ! जस्ता चर्चामित्र अटाउने साहित्यिक शङ्कर कोइरालाका अवदानमा अवमूल्यनका बुङ्गा लाग्ने घटनाहरू सुनिएका छन् । कृतिहरूलाई समीक्षागत मूल्यमा पार्न खोजेर साथद पाठक समीक्षकहरूको बौद्धिकताले नठम्याएर हो वा तिनका बौद्धिकताभन्दा न्यून भएर हो कतै-कुनै आधुनिक, अमूर्त, सूक्ष्म मनोविश्लेषण, रोचक, गम्भीर, प्रकृतिमय र बौद्धिक खुराक प्राप्त हुने नसक्ने भएरै हो- यी साधकलाई आफ्नो परिचय आफै दिनुपर्ने टीठलाग्दो, आश्चर्यजनित परिवेश खडा गर्नुपर्‍यो । आफैले यसो भनेका छन् 'भावुक, कातर, आफैमा सीमित र उच्चाकाङ्क्षाले हीन व्यक्ति हूँ' । भनेर दर्जनौभन्दा पनि थोरै हुने लगभग ५० सङ्ख्यामा उपन्यासहरू लेख्ने र छप्ने काम ऐतिहासिक महत्त्वको हुन्छ । मूलतः यस्ता कृतित्वभित्रबाट सामाजिक जीवन, यथार्थवादी र समस्यामूलक कथावस्तुलाई विशेष महत्त्व दिँदै प्रकाशमय गर्ने चिनका उपन्यासहरूले सामाजिक जीवनबाटै कथानक, पात्र, परिवेश, घटना चयन गर्ने काम गरेका छन् भने तिनको महत्त्व कहिल्यै कम हुन सक्तैन । सामाजिक सुख-दुःख, विविध मानवीय प्रवृत्ति, तत्त्व र मूल्यलाई ठम्याउने काम, मानसिक द्वन्द्वलाई प्रस्तुत गर्ने प्रयास, सामाजिक यथार्थको प्रयोग, शिक्षा, स्वतन्त्रता, देशप्रेम, प्रेम, पाश्चात्यीपनको भर्त्सना, सामाजिक आदर्श, नैतिकताको पालन, कौतुहलको सिर्जनाजस्ता प्रमुख पक्षहरूले औपन्यासिक कलेवरलाई सजाएर पनि साधक कोइरालाले बुझेका विषयलाई आफूमा पार्न सक्ने प्रभाव जनाउने बौद्धिक समीक्षकहरू नपाएका कुराको अनुभव तीतो लाग्छ । 'आफैमा अन्मलिएका उपन्यासकार' भनिने उनका प्रकृति विपरीत दोष लगाउने पाठकहरू भने मनग्गे पाइएका छन्- 'गुणको वैरी मानुष जाति, शुष्क गराई गुणीको छाती.. कवि शिरोमणिको पंक्तीप्रतिको सहानुभूति-

तर मान्छेले, मान्छेलाई गर्न सक्ने व्यवहारमा सम्भाव्यतर भाव। मनमगे प्रभाव जमाउन असमर्थ, उठने उठाउने कोही नभएर परिबन्द र वातावरणले समेत साथ नदिएरै पनि 'कलैको बिगार हुने काम नगरूँ' शान्तिसँग जीवन बिताऊँ' लेखक स्वयं दुनियाँलाई जीवनसँग तदाकार बनाउने उपदेश छोडेर जान सक्ने भइदिए। यिनका प्रकाशित प्रायः उपन्यासहरूमा दृष्टि दिनु समयोचित, न्यायोचित हुँदाहुँदै पनि असमर्थ यस संक्षिप्त लेखले सं. २०२७ मा प्रकाशित **कलेज गर्ल** उपन्यासलाई समीक्षात्मक मर्यादा दिने प्रयास गरिएको छ भन्ने सङ्केत गर्छु।

प्रायः धेरथोर कविताबाहेक कथा, उपन्यास र नाटक (एकाङ्कीलगायत) विधाहरूमा यिनको साहित्यिक व्यक्तित्व जीवन्त देखिए पनि उपन्यास लेखनमा यी मूर्धन्य छन्। कथाको माध्यमले औपचारिक साहित्य यात्रा सुरु भएको तथ्य सं.२००३ सालतिर **शारदा**मा प्रकाशित **बूढो** शीर्षक कथाबाट भएको छ, यिनका कथाहरूले नेपाली सामाजिक जीवनका विविध प्रसङ्गहरूलाई अघि ल्याउने अभीष्ट राखेका छन्। यहाँनेर उपन्यास विधाको स्वरूपबारे लेख्ने धृष्टता गर्छु किनकि **कलेज गर्ल** उपन्यासले आजका झैं प्रयोगशील उपन्यास नबनेर परम्परावादी शैलीमा कथावस्तु, चरित्र, भाषाशैली संवाद, विचारतत्त्व वा उद्देश्यजस्ता सूक्ष्म तत्त्वहरूको प्रयोगको सफल योजना गरेको छ। जीवनको व्यापक तस्वीरलाई समेटने चित्रावलीका रूपमा जीवनका अनेकौं दुःखसुखलाई टङ्कारो रूपले उतार्ने लघुकथाभन्दा लामो, जीवनका सम्पूर्णतालाई हेर्ने प्रयासमा निर्मित गद्यात्मक आख्यान उपन्यास हो। यसैले औपन्यासिक स्वरूपभित्र रहेर **कलेज गर्ल**को संरचनात्मक धरातलमा समाजको विविध परिवेशमा बाँधिएका चरित्र र तिनका अनुभूतिलाई टिपेर सरस, गद्यात्मक एवं प्रभावकारी भाषामा हाम्रै जीवनका सुनिश्चित सेरोफेरोका सामाजिक मूल आख्यान, केन्द्रीय पात्रहरूको चरित्र, घटनाहरूको विन्यासद्वारा चरित्राङ्कनमा पार्ने प्रभाव, समय र परिस्थिति चित्रा खडा गरेको छ। कथावस्तुले कार्यकारणलाई यस उपन्यासमा शृङ्खलता प्रदान गर्दा लेखक स्वयंले सामाजिक भनेझैं यो सामाजिक यथार्थप्रधान उपन्यास हो। सर्सती पढ्दा जन्मा जम्मी ६९ पृष्ठमा समाप्त भएको यस उपन्यासलाई हेर्दा घटना प्रधानताको छनक पाइन्छ। कथाको सारमा विषय वा सन्दर्भ प्रस्तुत भएको हिसाबले कथानक निर्माणमा भनौं सामाजिक सामग्रीहरू छन्। चरित्र र घटनाको सुसङ्गठित विन्यासमा सामाजिक यथार्थवादी सामग्रीहरू छन्। अनुराग वा विशेष कुनै वैराग्य भावनालाई पनि यस उपन्यासको कथानकगत सामग्री बनाएको बुझिन्छ। आख्यानतत्त्वकै प्रबलता, सङ्गत, विसङ्गतपूर्ण भावना सम्बद्ध विषयको प्रस्तुति, कल्पनाको प्रयोगमा कमी, यथार्थ जीवनमा पाइने घटना, कथानक, पात्र र परिवेश एवं तथ्य सत्य वा वस्तुगत कथानकमा यो उपन्यास निर्मित छ।

कलेज गर्ल उपन्यासका प्रमुख विशेषताहरू

विषयवस्तुका प्रकृतिका आधारमा वा जीवनमा घट्ने घटनाहरूको सङ्गठित रूपमा **कलेज गर्ल** उपन्यासलाई सामाजिक मानिन्छ। सामाजिक हुनाले नै यो यथार्थवादी सामग्रीहरू लिएर, विशेष कुनै अनुराग (भावना)लाई समेत प्रमुखता दिने प्रकारको छ। कथावस्तु घट्ने समय, स्थान र पात्रहरूले गर्ने कार्य अनुसारको मानिने परिवेशभित्र काठमाडौं सहर, बाह्रबीसे, बनेपा, कलैया, सहर भित्रैका ललितपुर जिन्नामा पर्ने मुकुटेश्वर महादेवको मन्दिर र धर्मशाला, एक दुई सम्पादकका अफिस, पुलिस गोरबारा अस्पताल र होटल आदि स्थानहरू परेका छन्। यिनै स्थान विशेषलाई घटना र पात्रबाट सम्पादित कार्यव्यापारका रूपमा महत्त्व दिएर उपन्यासकारले दृश्यात्मक बनाएका हुनाले यस उपन्यासलाई स्थानीय रङ्गसिर्जना भएको आञ्चलिक नै मान्नुपर्ला। अतः यसको कथानकभित्र पात्रहरूले गरेका कार्य, घट्न गएका घटनाहरूको स्थान र समय, वेशभूषा, सोचाइ, अनुभव र रहनसहन आदि परेका छन्। कथानकीय घटनाहरूको विन्यासः समयक्रमानुसार प्रस्तुत भएका छन्। त्यसैले उपन्यासको कथासूत्र परम्परित वा तत्थानिक छ। कथानकको विकासका क्रममा पृष्ठभूमि, प्रारम्भ, मध्य र अन्त्य हुँदै घटनाहरूको गृङ्खलालाई प्रस्तुत गरिएको छ। कथानकको प्रारम्भ नभनी पृष्ठभूमिमा–काठमाडौंमा विशाल घर, सम्पन्नता भएका साहु मनोजकुमार (६६-६७ वर्षीय) आफ्ना नातिनी र तिनका सङ्गिनीका साथ बाह्रबीसेको भ्रमणको उद्देश्यमा त्यहाँ पुगेका छन्। उपन्यासको कार्यव्यापारमा प्रमुख भूमिका भएका चरित्रहरूको संक्षिप्त

युवती सुमना आएकी हुन्छे। पढाइका सिलसिलामा बर्दियाबाट माबल काठमाडौंमा आएकी सुमनाको साहचर्य एवं प्रोत्साहन पाएर राम उत्साहित बन्दै जान्छ। सुमना बर्दिया फर्केपछि रामकै सौतेनी भाइ जीवनसँग उसको प्रेम-विवाह भएको हुन्छ। पछि भाइबुहारी भई काठमाडौं आउँदा राम र सुमना दुवै आश्चर्यचकित हुन पुग्छन्। सुमनामा कलाप्रति तीव्र मोह भएका कारण ऊ जेठाजुलाई पूर्ववत् उस्ताउँछे। उनीहरूको स्वच्छ सम्बन्ध गाढा हुँदै जान्छ। त्यस सम्बन्धलाई लिएर रामका वेलामीकामा अन्तर्द्वन्द्व मच्चिन्छ। बुहारीलाई प्रेम गर्नु ठीक होइन भन्ने लागेपछि ऊ रक्सीको सहारा लिएर चित्त बुझाउँछ। ऊ अन्तर्मुखी स्वभावको व्यक्ति हो। सुमनाप्रतिको उसको अनुराग अचेतनमा दमित भएको हुन्छ। त्यसर्थ चेतन र अचेतन मनको द्वन्द्व अनायास चल्छ नै। सुमनाको श्रद्धा भनौं पवित्र प्रेमबाट उसले सिर्जनात्मक अभिप्रेरणा प्राप्त गरेको हुन्छ। जीवन स्वयंले उदारतापूर्वक 'उनी (सुमना) तपाईलाई प्रेम गर्छिन्' भनेकाले राममा सुमनाप्रति तीव्र आकर्षण एवं अनुराग बढ्नु स्वाभाविक देखिन्छ। परन्तु राम र सुमनाको सम्बन्धबारे जीवनले गयत अवधारणा सँगालेर उनीहरूलाई विखण्डनका दिशातर्फ उन्मुख गराउने अभिप्राययुक्त अभिव्यक्ति प्रकट गरेपछि राम लाचारीबस कुण्ठा सँगालेर बस्न बाध्य हुन्छ। उसको आर्थिक विपन्नतालाई मूल कारक बनाएर उसभित्रको कलाकारलाई शून्यसँग तुलना गर्ने समाजको प्रतिनिधि पात्र जीवनका कारण राम र सुमनाको बियोगले सुन्दर कलाको सृष्टिमा लगातारो हान्ने र विनास निम्त्याउने प्रयत्न गरेको पाइन्छ। समष्टिमा राम गरिब भइकन पनि प्रतिभाशाली, उच्चशिक्षा हासिल गर्न नपाए तापनि विशिष्ट कलाकार, अभावयुक्त जीवन भोग्नु परे तापनि आदर्शवादी, प्रेरणाको प्रतीकका रूपमा बुहारी सुमनालाई प्राप्त गरे पनि लाचार र निरीह बन्न विवश पात्रका रूपमा देखापर्छ। आदर्शवादी भएर पनि यथाप्रसङ्ग उसभित्रको यथार्थ मानव जागृत हुन खोजिरहेकै छ। राम उपन्यासको नायक चरित्र हो। उसले मानवीय आदर्शको, प्रतिभाको तथा सिर्जनशील मस्तिष्कको स्वभावको प्रतिनिधित्व गरेको छ। उसको चरित्र अपेक्षाकृत स्थिर देखिन्छ।

सुमना प्रस्तुत उपन्यासकी गतिशील केन्द्रीय चरित्र हो। ऊ धनी परिवारकी छोरी हो। बर्दियाबाट काठमाडौं आएर उच्च शिक्षा प्राप्त गरेकी तथा सुखसयलमा हुर्की तापनि समाजसेवातर्फ उन्मुख शिष्ट व्यक्ति हो। उसमा कलासाधनाप्रति तीव्र सम्मानको भावना पाइन्छ। मानवीय सभ्यतालाई गौरवपूर्ण बनाउने तत्त्व नै प्रतिभाशाली व्यक्तिहरू हुन् भन्ने उसको धारणा छ। त्यसैले काठमाडौंमा कलाकार सङ्घसँग आबद्ध बनेर ऊ कलाकारहरूको प्रोत्साहनका लागि कलाप्रदर्शनीको आयोजना गर्न खटिएकै प्रसङ्गमा उसको भेट रामसँग हुनपुग्छ। ऊ रामलाई श्रद्धासाथ पर्याप्त हौसला प्रदान गर्छ। यही सन्दर्भबाट उनीहरू एक आपसमा स्वभाविक ढङ्गमा नजिकिन पुग्छन्। आई.ए. उत्तीर्ण गरेपछि सुमनाको विवाह जीवनसँग हुन्छ। उनीहरूले प्रेमविवाह गरेका हुन्छन्। सुमना र जीवनको विद्यालयीय अवस्थादेखि नै प्रेम रहेको हुन्छ। पछि आफूले श्रद्धा र सम्मान गरेको कलाकार रामलाई जेठाजुकै रूपमा पाएर सुमना आत्मविभोर हुनपुग्छे। ऊ पुनः सेलाउन लागेको रामको सक्रियतालाई जगाएर कला सृजनामा तन्मय बनाउँछे। कलाप्रदर्शनी आयोजना गर्छे। यसर्थ रामका लागि सुमनाको सहयोग, श्रद्धा, सम्मान र प्रोत्साहन भनेको सुमनाका हृदयमा रहेको कलाप्रतिको अर्थात् मानवीय स्वस्थ, उच्च सभ्यताप्रतिको अनुराग, आस्था र सम्मान हो। त्यसैले सुमना महत्त्वाकाङ्क्षा पर्याप्त भएकी विशिष्ट नारी चरित्रका रूपमा उपस्थित छे। उसले आफ्नो पति जीवनलाई भौतिक प्रेम दिएकी छ भने कलाकार रामलाई आत्मीय सद्भाव प्रकट गरेकी छ। रामलाई उसले जेठाजुभन्दा बढता कलाकारका रूपमा श्रद्धा प्रकट गरेको पाइन्छ। परन्तु उसको पति जीवन, जो शङ्कालु, ईर्ष्यालु एवं कलाकारि ताप्रति वितृष्णा समाजको प्रतिनिधि बनेर उभिएको छ, उसको विरोध र उपेक्षा हुँदाहुँदै पनि सुमना निरन्तर रामप्रति भनौं कलाप्रति सम्मान अभिव्यक्ति गरिरहन्छे। त्यसको परिणाम दुःखदायी बन्न पुग्छ। रामसँगको सुमनाको घनिष्ठतालाई जीवनले सहन नसकेपछि उनीहरू टाढिन बाध्य हुन्छन्। यसर्थ पारिवारिक सुमधुर सम्बन्धमा आँच आउन पुग्छ। कला-साहित्य सङ्गीततर्फ अभिरुचि राख्ने एवं तत्सम्बन्धी साधनामा लीन व्यक्ति वा प्रतिभालाई टाढा भए मात्र परिवारभित्रै भए तापनि हाम्रो समाजले सहन एवं त्यस पक्षमा सकारात्मक रूपले सोच्न नसकिरहेको वर्तमान (उपन्यासको वर्तमान) लाई मार्मिक ढङ्गले उद्घाटन गरिएको छ। सुमना पतिव्रता नारी हो। लाग्नेकी प्रेमिकासमेतलाई ऊ सद्व्यवहार गर्छ। ऊ

छोरालाई माया गर्न चाहन्छन्। तर कान्छी पत्नीको रोपका कारण अग्रसर हुन सक्तैनन्। रामको पढाइ राम्रो हुन्छ, जीवन राम्रोसँग पढ्न सक्तैन। उसकी आमा छोरालाई धेरै पढाउन अनेक प्रयत्न गर्छिन्। उनी छोरालाई बनारससमेत लिएर जान्छिन् परन्तु रामले अर्थाभावका कारण उच्चशिक्षा हासिल गर्न सक्तैन, जीवन भने मरितरी प्रवेशिका उत्तीर्ण गर्छ।

रामको चित्रकलातर्फ विशेष आकर्षण हुन्छ। बर्दियाकै जीवनकी प्रेमिका सुमना उच्च शिक्षाका लागि काठमाडौं आएका समयमा समाजसेवातर्फ विशेष आकर्षण भएका कारण कलाकार सङ्घमा सहभागी भएकीले रामसँग उसको परिचय हुन्छ। सुमना रामलाई प्रोत्साहन र प्रशंसा प्रदान गरेर उत्साहित तुल्याउन प्रयत्न गर्छे। पछि सुमनाको जीवनसँग विवाह हुन्छ र राम र सुमना जेठाजु-बुहारी बने पनि उनीहरूमा परस्परको सद्भाव र श्रद्धा टुकिँदैन, झन् गाढा बन्न पुग्छ। बीचमा झन्नै विरक्तावस्थामा पुगेको राममा पुनः जीवन सञ्चार हुन्छ। भाइ जीवनले भने रामलाई यथार्थवादी बन्न आग्रह गर्दै जुवाघर तर्फ लैजाने तथा रक्सी पिउने लत बसालिदिन्छ। सुमना रामको कलाकार व्यक्तित्वलाई उचाल्न अनेक प्रयत्न गर्दछे।

जीवन सरकारी छात्रवृत्ति पाएर डाक्टरी पढ्न बेलायत जान्छ। उहाँ सोफियासँग रङ्गरौसमा भुल्छ। सुमना केही समय रामकै घरमा बसेर पछि जीवन तथा सासूकै आग्रहमा बर्दिया जान्छे। रामले कला महाविद्यालयमा पढाउने अवसर पाउँछ। चर्चा, प्रतिष्ठा र लोकप्रियता प्राप्त गर्दागर्दै पनि पढाउन छाड्छ। सुमनाले चिठी पठाएर उसलाई सतर्क बनाउने प्रयत्न गर्छे। जीवन पढाइ सकेर फर्कन्छ र काठमाडौंमा घर किन्छ। अस्पतालमा नोकरी गर्छ। सुमना पनि आउँछे। जीवन र सुमना सँगै बस्न थाल्छन्। राम र सुमनाको आवतजावत चलिरहन्छ। सुमना जेठाजुलाई औधी श्रद्धा र प्रशंसा व्यक्त गर्दछे। राम भने अन्तर्द्वन्द्वमा परिरहन्छ। उसको मानसिकता विचलित हुनथाल्छ। बुहारीलाई के ठान्ने ? भन्ने दुविधा उसमा उत्पन्न हुन्छ। सुरुमा जीवनले उदारता प्रकट गर्दछ तर पछि सुरा भन्ने आफ्नी प्रेमिकाका चलामानामा लागेर ऊ राम र सुमनाको सम्बन्धलाई नकारात्मक दृष्टिले हेर्न थाल्छ। सुमना र जीवनमा अन्तर्कलह उत्पन्न हुन्छ। अन्त्यमा जीवनले फोनमार्फत् सुमनालाई रामसँगको सम्बन्ध त्याग्न आग्रह गरेको स्वयं रामले थाहा पाएपछि औपन्यासिक कथावस्तु टुङ्गिन्छ। यसर्थ यस उपन्यासको कथावस्तु राम, सुमन र जीवनसँग केन्द्रित रहेर त्रिकोणात्मक बन्न पुगेको छ। मूलतः सहरिया समाजका पारिवारिक जीवनका भद्रता, कटुता, समस्या एवं आरोह-अवरोहलाई सरल, सहज ढङ्गले प्रस्तुत गर्न कथावस्तु सक्षम देखिन्छ। शिक्षित परिवारभित्रका अन्तरकलहलाई, राग, द्वेष, इर्ष्या, प्रेम, घृणा र सद्भावलाई उपयुक्त कथावस्तु छानेर त्यसका माध्यमले उपन्यासकारले प्रस्तुत गरेका छन्। तसर्थ औपन्यासिक कथानक रोचक, प्रभावकारी एवं समसामयिक देखा पर्छ।

औपन्यासिक पात्रविधान विविधतायुक्त छ। प्रस्तुत उपन्यासमा लगभग तेह्रजना पात्रहरू उपस्थित छन्। भूमिकाका आधारमा हेर्दा राम, सुमना र जीवन यस उपन्यासका मुख्य पात्र हुन् भने सहायक पात्रका रूपमा रामका बाबु, रामकी आमा, कान्छी आमा, सोफिया, सुरा, निरज, हेम, गोर्पु, सुनगाभा र धोबी रहेका छन्। धोबीचाहिँ नेपथ्य पात्रका रूपमा रहेको छ। लिङ्गगत आधार मा सातजना पुरुष पात्र छन् भने ६ जना स्त्री पात्र छन्।

राम अर्थात् रामकुमार उपन्यासको केन्द्रीय चरित्र हो। ऊ एउटा कलाकार अर्थात् चित्रकार हो। उपन्यासको शीर्षकसमेत उसकै आधारमा राखिएकले उपन्यासमा उसको भूमिका महत्त्वपूर्ण र सशक्त रहेको स्पष्ट हुन्छ। राम बाबुको माया र साहचर्य पर्याप्त प्राप्त नगरेको आमाको संरक्षणमा हुर्केको व्यक्ति हो। ऊ यथार्थमा धनी बाबुको गरिब छोरो हो। यसै कारण ऊ सङ्कोची स्वभावको बन्न पुगेको छ। भौतिक वा आर्थिक अपर्याप्तताका वा अभावका कारण पढ्नमा तेज भए पनि उसले उच्च शिक्षा हासिल गर्न सकेको छैन। प्रवेशिका भने प्रथम श्रेणीमा उत्तीर्ण गरेको छ। बाबु जोइटिई भएका कारण उसलाई उनले चाहेर पनि माया गर्न नसकेको देखिन्छ। कान्छीआमाको खप्की उसले धेरैपटक खाएको छ। ऊ समझदार, आदर्शोन्मुख चरित्रका रूपमा प्रकट भएको छ। उसको प्रतिभा चित्रकारितातर्फ आकर्षित भएको हुनाले उसले आफ्ना सम्पूर्ण भौतिक आकाङ्क्षाहरूलाई कलासाधनामा परिणत गरेको पाइन्छ। समाजले कलाकारलाई टेढो आँखाले हेर्ने भएकाले तथा आर्थिक विपन्नताका कारण उसको विवाहसमेत हुन सकेको छैन। ऊ आदर्शवादी पात्र हो। उसलाई कलासाधनामा पर्याप्त हौसला दिने व्यक्तिका रूपमा

परिचय, चारित्रिक विशेषता, घटना र चरित्रबीचको सम्बन्धलाई सङ्केत गरिने प्रयास देखिन्छ। उपन्यासको सजीव सञ्चालकका रूपमा मानिने, प्रवृत्तिका हिसाबले पनि अनुकूल, प्रतिकूल, स्वभावले गतिशील र स्थिर, सामाजिक सम्बन्धको आधारमा, उच्च मध्यम, जीवन चेतनाका आधारमा वर्गगत र जुनसुकै क्षेत्र र समयमा देखिए पनि मानवीय धरातलमै देखिने दुई नारी, उर्मिला र शान्तिका शैक्षिक योग्यता, महत्त्वाकाङ्क्षा र मुख्य पुरुष पात्र विक्रमको संक्षिप्त परिचय छ। विक्रम, भर्खर सैनिक तालिम प्राप्त, २५-२६ को चरित्रले सुरूमै शान्तिबाट रुखो र उर्मिलाबाट सहानुभूति बटुल्न समर्थ छ। बाइबीसेको सामान्य होटलको खाना, त्यहाँ उपस्थित खासै भूमिका नभए तापनि कथानकमा समेटिएर आउने केही गौण पात्रहरूमा होटल मालिक र शिष्ट व्यवहार दर्शाउने गुन्डाहरू रहेका छन्। रक्सी पिएर अभद्र व्यवहार देखाउने गुन्डाहरूसँग लडेर घाइते बन्न पुगेको विक्रमको गुण र व्यवहारबाट साहु मनोजकुमार र दुवै नातिनी उर्मिला र शान्ति कृतज्ञ बन्न पुगेका छन्। पृष्ठभूमिको रूपको यस घटनाकै पुष्टि केही पछि फर्कने क्रममा उपन्यासको प्रारम्भमै गुन्डाहरूसँग लडेर खुट्टो लंगडो बनाउन पुगेका विक्रमलाई बीर अस्पतालको बेडमा भेटी उसको मानवीय व्यवहार प्रति कृतज्ञता पोख्ने काम तीनै पात्रहरूले गरेका छन्। कथानकको यस्तो, तारतम्यमा साहु मनोजकुमारका परिवारिक संरचना, उच्चमध्यम-वर्गीय जीवनशैली, मोटर ड्राइभर र मर्मत गर्ने व्यावसायिक सम्पन्नता, छोरा, नाति नातिनीहरूलाई बोर्डिङ, कलेज र घरैमा समेत ट्युसन राखी दिइएको शिक्षाले सङ्केत गर्छ। कथानकको विकासमा निश्चित कालक्रमानुसार घटित घटनाहरूमा लिङ्गतत्रुपले थुप्रै स्त्री तथा पुरुष, कार्यले प्रमुख सहायक र गौण, अनुकूल प्रतिकूल, नायक, नायिका र खलनायक र घटनाक्रमलाई अघि सार्ने सहायक पात्रहरू यसमा छन्। खासै भूमिका नभएको, मुख्यपात्रहरूकै कार्यव्यापारमा प्रकाश पार्न, घटनाक्रमलाई अघि सार्न आउने पात्रहरू पनि यहाँ छन्। मनोजकुमारका जेठा छोरा हरिकुमार को शैक्षिक योग्यता एम्.ए. (अर्थशास्त्र) बाबुकै सरसल्लाहमा व्यवसायमा अघि बढ्ने भए पनि मनोवृत्तिमा धनलाई महत्त्व दिने गरेको बुझिन्छ। उनले मित्र नीरमानका भा.रू. को अवमूल्यन ताका धेरै सुन, सस्ताकपडा किनेर नाफामा बेची मालामाल बन्न पुगेका धनसँग सम्बन्ध राखी जेठी छोरी उर्मिलाको वैवाहिक सम्बन्ध छोरो सत्यनारायणसँग जोड्ने मन्सायमा उपन्यासमा दुःखद् परिवेश वा परिणति सिर्जना गर्न पुगेका छन्। मनोजकुमारका माझिला छोरा गोरखकुमार पनि व्यापारशास्त्रमा एम्.ए.सम्मका शिक्षित छन्। व्यापार उद्योग मन्त्रालयमा सचिव, यिनी पैतृक व्यवसायमा पिता र दाजुमा आस्थावान् छन् र दाजु जतिकै 'धनको महिमा' मा हुरुक्क हुने प्रकारले देखिएका छैनन्। बी.ए.परिक्षा दिने तयारीमा कलेज प्रवेश, दर्शन विषयमा विशेष चासो राख्ने उर्मिलाको प्रकृतिमा केही भावुकता र कुनै अनुराग (वैराग्य भाव) को प्रबलता छ। आई.ए.उत्तीर्ण (र बी.ए.को परिक्षामा सम्मिलित) योग्यताले रहेकी शान्ति उर्मिलाभन्दा बेला-बेला रुखो, निडर पनि देखिने भिन्न स्वभावमा चरित्रको उद्घाटन गर्न सफल रहेकी छ। दुवै शिक्षित, महत्त्वाकाङ्क्षी छन्। आत्मनिर्भरता, स्वतन्त्रतामा विश्वास राख्छन्। जीवनको परीक्षामा पारिवारिक, सामाजिक हस्तक्षेप सह्य ठान्दैनन्। धनको प्रभाव र तुजुकमा करकापले गराइने 'बिहे' जस्तो निर्णयमा असामयिक र अनमेलमा दुवै विरोधी देखिएका छन्। सामाजिक सम्बन्धमा उच्चमध्यमवर्गीय यी दुई नारी चरित्र जीवनचेतना, महत्त्वाकाङ्क्षा, आत्मीय इच्छा र स्वतन्त्रतामा व्यक्तिगत छैनन्। उर्मिलाको स्वभावमा ज्ञानभाव (वैराग्यता) ले महत्त्वाकाङ्क्षा बढाएको छ। शान्तिका महत्त्वाकाङ्क्षामा स्थापित कथाकार बन्ने उद्देश्य छ। उपन्यासको सामाजिक एवम् भौतिक परिवेशले यिनको मानसिकतामा पर्न गएको प्रभाव, मानसिकता परिवर्तित हुँदा हुने पात्रहरूको गतिशीलता देखापरेको छ।

नीरमान (व्यापारी, सरकारी ठेकेदार पनि) र उनका छोरा सत्यनारायण सहायक चरित्रका रूपमा देखिएका छन्। सादगी, वैराग्यतालाई मन पराउने उर्मिलालाई केही पत्तो नदिई, आमा धनसुन्दरीसित नीरमानको जन्मोत्सवमा पठाई सत्यनारायणसँग हेलमेल बढाउन पुग्ने हरिमानको प्रयासले उपन्यासमा द्वन्द्वको सिर्जना गरी अर्कै मोड लिन पुग्छ। एक्लो कोठामा तताजु कमलाको बलले पस्नी हात समाती तिमी नै हौ उर्मिला ? भन्ने सत्नारायणको कुचेष्टा, उलिखेरै उर्मिलामा देखिएको आवेग, विरक्ति, हान्निई सहपाठी

स्वदेशी पहिरनप्रतिको आस्था, राष्ट्रवादी भाव, विदेशी छायावृत्तिलाई आधुनिक फेसनका कारण त्याग्ने सज्जा, शालीन बाध्येय स्वभाव र पिनै पाउने नाजकस विद्रेका लागि हत्पताउने आमाबाबुप्रति गरेका विरोध र प्राप्त शिक्षा अपूर्ण र अनर्थ हुनजाने सङ्केतस्वरूप वास्तविकताको प्रकाशमा उर्मिलाबारे छापिएका 'दैनिक' पत्रिकाको भ्रामक समाचारलाई सम्पादक अनिरुद्ध र साहु नीरमानको करतुतका परिणाम मनाउनसमेत उपन्यासमा पुरुष सहायक तर गतिशील पात्रका भूमिकमाथि हेर्न सकिन्छ । पैसाको आडमा झुठो सम्पादताता र झुठो सम्पादक बन्नसमेत नहिचकिनाएर तथाकथित 'पाइम' लुकएर बुझुकताको पगरी गुथ्ने अनिरुद्ध र नीरमानका खलनायकीपन उपन्यासमा सुन्न र छिन सकेका छैनन् । पुलिसकर्मी रिपोर्ट पर्न नसकेस् भन्ने निश्चय प्रो. खरीको सोधनीलाई 'सच्चा संवाददाता खडा गर्नेछु' भन्ने अनिरुद्धजस्ता कच्चा सम्पादक र पुनः बर्कै सम्वाददातालाई पैसाले किनेर साबितीका रूपमा उभ्याउने नीरमानका करतुतले गरीबहरू कसरी अवाञ्छित शोषणमा फस्ने गर्दछन् ? र किन विश्वाताले बसाय बर्गलाई आफ्नो पन्जामा पार्दछ भन्ने उदाहरणमा उपन्यासको पृष्ठभूमिमा सज्जनताको परिचय दिने विक्रम जस्तो पात्र पर्नुमा केही विडम्बना हुन गए पनि नारीजातिको सम्मान खातिर अभद्रहरूसँग लडेर लड्दो बन्न पुगेका सिपाही पेसाबाट अवकाश पाएका र थेरथोर पेन्सनबाट जीवन गुजारिरहेका बाहिरफेर घुम्ने संवाददाता बनेर हिंडेका विक्रमको कार्यशैली मानवीय धरातलबाट उड्न खोजेको छ । रु.२०० मा झुठो पहुन्चका लागि किनिएर, ठीक पारिएको रिपोर्टले प्रो.खरीलाई विश्वस्त पार्न सफल, किन्तु संवाददाता विक्रमले 'प्रतिकूल र अनुकूल, दुवै नायक वा खलनायक (सामाजिक परिपाटी सुहाउँने) भूमिका निभाएको छ । धनीहरूका स्वार्थमा आफू साझेदार पै रहेछ ? उर्मिलाका लागि जे पनि गर्नुपर्दछ भनी पुलिस गोरबारामा डेड पुलिस इन्सपेक्टरलाई रहस्यको पोल खोल्नु, सत्यको छानबिन हुनैपर्छ भन्नु विक्रमको प्रयास मानवीय धरातलकै गतिबान्धतीय काम हो ।

सत्यनारायणसँग बिछे गराएर आफ्नो स्वार्थ पूरा गर्न नसक्या पनि शान्तिलाई बाहिर निस्कन गरिएको प्रतिबन्ध, कलेज स्टुडेन्ट न्यागाञ्चिनका एडिटर चिरन्तन (नाम ? उपनाम ?) सँग सहयोग गरी समाचार समीक्षाहरू छाप्ने शान्ति र चिरन्तनबीचको हेलमेलको कडा रोक लगाउने प्रयास गरी बनेपामा मामाकहाँ शान्तिलाई पुऱ्याइएको घटनाक्रमले उपन्यासमा कथानकको विकासमा महत पुऱ्याइने चरित्रगत प्रवृत्तिको पर्दाफास भएको छ । उता ललितपुर स्थित जीर्णोद्धार अवस्थामा रहेको मुकुटेश्वर मन्दिर (महादेवको) जो ब्रम्स्टोलका कनकबहादुर श्रेष्ठको खर्चले चलेको देवालयमा छँदै शान्तिको बिहे कुरा भुल्ने, प्रो.खरीले आफ्नो बेपत्ता भएको र अपहरण गरी मरेकी खबरबारे छानबिन गरेको तथ्य पाउने, गुरुमाकै सत्संगमा रहँदा दर्शनका पुस्तकहरू पढ्ने, बैसालुमै जोगिनी बन्न प्रेरित र विषय वासनाबाट पूर्णतः निग्रह राख्ने प्रयासले सहपाठी मीरालाई प्रभावित पार्ने उर्मिलाको चरित्रले एकाएक सपनामा मुर्दा र मसानीहरूको लस्कर देख्नु, मुर्दा स्वयं विक्रम हुनु, आतिएर बिउँझनु, सपनामा आँखा सजल पार्ने कुराले सहज मानवीय प्रवृत्तिकै उद्घाटन गरेका छन् । यद्यपि अनुकूल भई महत्त्वाकाङ्क्षाको होस् राखी एकदिन 'शिवरात्रि' पर्व पारेर फुची, मैली, जुरो बाँधिकी, कण्ठमा रुद्राक्ष लाएकी, दुब्ली-उदासी, गढिएको आँखा र तरुणावस्थाकी सौम्य हराएजस्ती तथापि ताजा दृष्टि र शान्त स्वभावकी उर्मिलालाई गुरुमा रामेश्वरी र यात्रीका हुलसँग अश्रुपूर्ण नयनले बिदा गर्ने मीराबाट उपन्यासमा कथानक र मूल घटनाको प्रवाह सोझै आबद्ध गर्ने प्रत्यक्षीकरणको काम भएको छ । सत्यनारायणलाई वास्तविकताको पर्याफाससे छक्क बनायो । स्वयं साहु मनोजकुमार नातिनीहरूको मनशायले छक्क परे चिरन्तन र शान्तिले पनि तथ्य थाहा पाए । चिरन्तनले तथ्य थाहा पाएर बनेपामा पुगी शान्तिलाई खबर दिन भेटेको समय, शान्तिले चिरन्तनसँग जान चाहेकी कुरा पुनः विक्रमको प्रवेश, आफू झुटो संवाददाता भएको कुराको वर्णन जीवन संग्राममा कहिले सिपाही, कहिले पुष्टसँग भिड्ने, कहिले विश्वाताससँग लड्ने संवाददाता भिन्न-भिन्न कार्यशैलीमा चिनिनु जटिल सामाजिक संरचनामा जटिल र परिवर्तित मनस्थितिको बन्नुपर्ने भएरै कथानकलाई जीवन्त पारेका छन् ।बिछे भनेको आमाबाबुले खोजेका केटा र केटीसँग मात्र हुन सकौन, केटाकेटीको मन भिन्नैपर्छ' भन्दै कथानकको उत्तरार्द्ध तिर शान्तिका निधारमा टीका साइदिँदै बनेपाबाट चिरन्तनसँग

शैलेन्दुप्रकाश नेपाल

शङ्कर कोइरालाको कलाकार उपन्यासको विवेचना

शङ्कर कोइराला (१९८७-२०५४) नेपाली भाषाका क्षेत्रमा अनवरत लागिपर्ने साहित्यकार हुन् । नेपाली उपन्यास, कथा एवं नाट्यसाहित्यलाई आफ्नो प्रतिभा र सक्रियताले समृद्ध तुल्याउने पक्षमा उनी सशक्त देखापर्छन् । उनको साहित्यिक व्यक्तित्व नाटकार, कथाकार तथा उपन्यासकारका परिधिमा घुमेको पाइन्छ । नाटककारभन्दा कथाकार बढी प्रभावकारी तथा कथाकारभन्दा उपन्यासकार व्यक्तित्व अझ सशक्त र उल्लेखनीय रहेकाले शङ्कर कोइराला नेपाली साहित्यमा मूलतः उपन्यासकार कै रूपमा बढी परिचित, चर्चित एवं उपलब्धिमूलक बनेर अविस्मरणीय छन् । उनी सर्वाधिक उपन्यास लेख्ने लेखकका रूपमा पनि चिनिन्छन् । उनले नेपाली भाषामा दुई दर्जनभन्दा बढी उपन्यास लेखन-प्रकाशन गरेका सन्दर्भलाई ऐतिहासिक घटना नै मानिएको छ । उनी अथक उपन्यास लेखक हुन् । सामाजिक एवं जासुसी विषयवस्तुमा उपन्यास लेख्न रुचि राख्ने सहरिया जीवनका सङ्गत-असङ्गत पक्षमा आफ्नो कलमलाई अग्रसर तुल्याए तापनि कोइराला मूलतः ग्रामीण जीवनको छवि एवम् माया प्रस्तुत गर्ने उपन्यासकार हुन् । उनी आन्चलिक उपन्यासकार पनि हुन् । सरलता, सहजतासाथ वर्णनधर्मितालाई अँगालेर सामाजिक जीवनको चित्र सशक्त ढङ्गमा उतार्न सक्षम हुनु उनको वैशिष्ट्य हो । उनका उपन्यासहरू अपेक्षाकृत लघु आयामका हुने गर्दछन् । यसबाट उनी औपन्यासिक वस्तुविस्तारका पक्षमा नरहेका देखिन्छन् । एकातिर भने अर्कातिर उनले संक्षिप्ततालाई नै आफ्नो औपन्यासिक शैलीका रूपमा स्थिर गराउन चाहेको स्पष्ट हुन्छ । गाउँ होस् वा सहर, समाज होस् वा परिवार मानिस सर्वत्र समस्या ग्रस्त छ । समस्याबाट मुक्तिको चाहना हुँदाहुँदै पनि प्रतिकूल परिस्थितिका कारण भुक्तभान भोग्न बाध्य नेपाली समाज र समाजका निरीह सदस्यप्रति सहानुभूति दर्शाउँदै उपन्यास लेख्नु उपन्यासकार शङ्कर कोइरालाको पहिचान हो । उनका उपन्यासका निरीह पात्रहरूले यसै वस्तु तथ्यलाई पुष्टि गरेका छन् । यसै मूल अवधारणालाई समातेर प्रस्तुत प्रसङ्गमा उनको **कलाकार** उपन्यासको विवेचना गर्ने जमर्को गरिएको छ ।

शङ्कर कोइरालाको **कलाकार** उपन्यासको प्रथम प्रकाशन **रूपरेखा** मासिक (वर्ष ७, अङ्क ९, पूर्णाङ्क ६९, माघ २०२३०) मा भएका देखिन्छ । यसमा उपन्यासकारले तीन पृष्ठको भूमिकासमेत लेखेर उपन्यासबारे जानकारी दिने प्रयास गरेका छन् । मूल उपन्यास भने डिमाइ आकारका जम्मा सन्ताउन्न पृष्ठमा आबद्ध छ । यसर्थ यसको संरचनात्मक स्वरूप वा आयाम लघु आकारको देखापर्छ । संक्षिप्ततालाई नै आफ्नो मूल शैली वा मौलिकता ठान्ने उपन्यासकारको मान्यतालाई **कलाकार** उपन्यासले पनि वहन गरेकै मान्नुपर्छ । यसमा औपचारिक परिच्छेद विभाजन गरिएको पाइँदैन । औपन्यासिक वस्तु शृङ्खला प्रारम्भ भएपछि एकैचोटि अन्त्यमा टुङ्गिएको छ । बीचमा विश्राम वा मोडको कुनै सङ्केत गरिएको छैन । तसर्थ यसको आन्तरिक संरचना चलचित्रात्मक ढाँचाको रहेको छ, जहाँ सन्दर्भ-परिवर्तनको सूचना दिने काम गरिँदैन, एकोहोरो प्रवाह मात्र रहेको हुन्छ ।

कलाकार उपन्यासको कथावस्तु सहरिया जनजीवन, बहुविवाहबाट उत्पन्न समस्या एवं पारिवारिक स्नेह र कटुताका सन्दर्भहरूमा केन्द्रित रहेको छ । काठमाडौंको एउटा धनाढ्य व्यक्तिले दुइबटा विवाह गरेको हुन्छ । घरमा सौता-सौताबीच तीव्र सङ्घर्ष हुन थालेपछि जेठी पत्नी रामकी आमालाई केही मात्र जग्गा दिएर कान्छी पत्नीलाई लिएर ऊ बर्दिया जान्छ, जहाँ अकूत सम्पत्ति रहेको हुन्छ । त्यहीँ जीवन जन्मन्छ । यता राम दुःखसाथ हुर्कन्छ भने उता जीवन मोजमज्जामा हुर्कन्छ । बीचमा काठमाडौं आएका बेला कान्छी पत्नीले राम र जीवनमा भेदभावपूर्ण व्यवहार गरेको कुरा रामको बाबुलाई मन पर्दैन । उनी

अतिरिक्त बनवारीलालले मोहितलाल मैनालीलाई न्याएर पनि सोही व्यवहार दोहऱ्याउने प्रयास गरे पनि यसमा 'म' पात्रले त्यस्तो व्यवहार नगरेकामा बनवारीलाल खिन्न हुन्छ र चलअचल सम्पत्ति 'म' पात्रका नामा रजिष्ट्रेसन गरिदिएर 'म' पात्र रहेका घरमा 'टाइम बम' जडान गरी मार्ने कुचेष्टासम्म गरेको छ।

घरका जेठाजुजेठानी र माइतका दाजुभाउजूको वचन सहन नसकी 'अप्टेरो परे असर्फीलाल साहूकामा जानु' भन्ने आमाको अन्तिम वचन मानेर सुखपूर्वक बाँच्ने उद्देश्यले घरबाट बिलासपुर पुगेकी 'म' पात्र जयमोहनको बलात्कार बाट जोगिन भागेपछि उपन्यासका घटनाको सुरुआत हुन्छ र उसको जीवनको दुःखद परिस्थितिको पनि प्रारम्भ भएको छ। 'म' पात्रलाई गुण्डाले समातु, असर्फीलालका ढोकामा गोली लागु, मालिकका घरबाट माधवको फोटो राखेको आरोपमा आश्रममा पठाइनु तर जयमोहनका गाडीमा ईंटाले हानेका कारण त्यहाँबाट भागु, जगदीशकामा हुँदा दाजु आएर बिवाद गर्नु अनि पत्रिका पसलमा जयमोहन र रोशनलालले बेइज्जत गर्नु दुःखद घटनाको विकास हो र यिनै घटनाले 'म' पात्रको जीवनमा दुःखद परिस्थितिको सिर्जना गरेका छन भनें 'म' पात्र पर सरेका तीन दिनका रात जगदीशको हत्या र 'म' पात्र बलात्कृत भएर अचेत अवस्थामा रेलको सिगमाथि फालिनु उसको जीवनको सबभन्दा दर्दनाक घटना र उपन्यासका घटनाको उत्कर्ष अवस्था हो। यसै घटनाले 'म' पात्रको जीवनलाई अर्कैतिर मोडिदिएको छ र 'म' पात्रको बिवाह, सासूको मृत्यु, घरमा बम बिस्फोट, सीतारा र 'म' पात्रको भेट अनि माधवको 'खून' भन्ने सङ्केत दिएर यो उपन्यास दुःखान्तमा सकिएको छ।

'म' पात्रको सुरूमा सुखपूर्वक रहने उद्देश्य भए पनि पछि कुनै उद्देश्य छैन। ऊ तन्तो वर्गकी भएर पनि उसका तर्क वा विचारमा बौद्धिकता छ। ऊ जस्तोकुनै परिस्थितिको पनि सहज ढङ्ले सामना गर्ने सङ्घर्षशील, भएर पनि कसैको सहारा नलिइकन महिला बाँच्न वा जिउन सक्तैनन् भन्ने मनुको आदर्शलाई 'म' पात्रले देखाएकी छे। 'म' पात्र ज्यादै शङ्कालु स्वभावकी छे। कुनैकुनै ठाउँमा त उसले अचेतन मनको समेत प्रयोग गरेकी छे। ऊ कहिले पहिलाका घटनालाई सम्झेर चिन्तित हुन्छे भने कहिले कपालको प्रसङ्ग निकालेर मिथुनी हुने विचार आए पनि कपाल काटेर सौन्दर्य नष्ट नगरेको भाव पोख्छे। बालविधवाले बिवाह गर्नु कुनै पाप होइन भनेर विधवा बिवाहको पक्षमा जान्छे तर बिवाहमा चुरापोते भने लगाउँदिन। समाजमा भूमिपतिले किसानप्रति गरेको व्यवहार को विरोध गरेर निम्नवर्गका श्रमिक किसानको पक्ष लिन्छे यद्यपि पछि गएर गरिब किसानले काम गरेको जमिन किसानबाट छुटाएर महिला विश्वविद्यालयलाई दिई आफू अभिनन्दित हुन्छे। 'म' पात्र यस्ता विरोधाभासपूर्ण कार्यमा संलग्न भए पनि उसले गरिब र धनीका बीचको भेद, धनीले गरिबप्रति गर्ने दुर्व्यवहार, समाजका उच्च वर्गको गिर्दो सामाजिक स्थिति, सामाजिक संस्थाको कार्य, पत्रकार, समाजसेवी र राजनीतिज्ञको आन्तरिक तथा बाह्य चरित्रको चर्चा गर्दै ती सबैमा परिवर्तन हुनु अर्थात् कुरो अनुसारको काम हुनुपर्छ भन्ने सशक्त आवाज उठाएकी छे। साथै एउटी विधवाको जीवन जिउन कति कठिन हुन्छ र समाजका प्रतिष्ठित व्यक्तिले पनि अबलानारीप्रति कतिसम्म नीच व्यवहार गर्छन् भन्ने कुरा देखाउँदै समाजले त्यस्ता व्यक्तिलाई सम्मानपूर्वक रहन दिनुपर्छ भन्ने सन्देश पनि 'म' पात्रको व्यवहारले देखाएको छ।

सन्दर्भ सामग्री

१. कोइराला, शङ्कर, कलेज गर्ल, काठमाडौं: रत्नपुस्तक भण्डार, २०५५।

२. पराजुली, ठाकुर, 'नेपाली उपन्यासको ऐतिहासिक विवेचना,' ज्ञानविज्ञानको दिशा, (सं) डिल्लीराम तिम्सिना, बाराणसी, श्रीमती दुर्गा तिम्सिना, २०३३।

३. बराल, कृष्णहरि र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, काठमाडौं: साझा प्रकाशन, २०५६।

***

काठमाडौं राखी विवाहस्थल बनाउनुभन्दा 'बुधबारी' मौजातर्फ बिदा गरी पठाउने मनोजकुमार उपन्यासका उद्देश्यतर्फ केन्द्रित छन्। बनेपाको एउटा होटलमा बिक्रम र चिरन्तनबीचको कुरा, शान्तिको मावसी गाउँको बुढिराजको आतिथ्य सत्कार, काठमाडौंबाट बनेपातर्फ आएका शान्तिका सपरिवार र मनोजकुमारले चिरन्तनलाई 'ज्वाई' सम्बोधन गरी गरेका बिदाइ, उनको प्रेस र प्रकाशनको जिम्मा बूढा मनोजकुमारले आफ्नै हातमा लिएका कुराले सामाजिक बन्धनभित्र वयस्क शिक्षित युवा-युवतिलाई सुम्चन नदिने, अभिभावकका फोको रवाफले छोरा-छोरीका जीवन आहुति गर्न नहुने बोध गरी विषम परिस्थितिलाई सम्हालेर हेर्ने महत्वपूर्ण काम गरेका छन्। एउटा घटनाले अर्को नयाँघटनाको अन्तिपूर्ण सिर्जना गर्दै गएको, कथानकको विस्तारमा क्रमिकता हुँदै पात्रका आन्तरिक बाह्य क्रियाकलापमा प्रभाव पर्न गएको, जीवनबोध-संघर्ष एवं कौतूहल जस्ता तत्वहरू सिर्जना भएका अवस्थाहरू उपन्यासभरि छन्। जति-जति घटना, त्यति त्यति नयाँ स्थान, पात्र र कार्यादिको वर्णनले यो उपन्यास भरिए पनि उद्देश्यको निर्यौलमा पुग्ने घटारोले उपन्यासकारको जीवनजगत्प्रतिको यथार्थ दृष्टि प्रस्तुत गर्ने उद्देश्यलाई सङ्केत गर्छ।

बुधबारीको मौजामा शान्तिहरूको प्रवेश, पुराना बूढा पटवारीको ठाउँमा नयाँ पटवारी मङ्गलचन्दले पुऱ्याएको सेवा, मङ्गलचन्दको पारिवारिक स्थिति, नौकरचाकर, गाईवस्तु र धनसम्पत्तिले सुधिएको जीवन आफैले उठाएका शङ्का, मोहीहरूलाई मुठ्ठीमा राख्न सकेको खु भन्ने उसको फुँड सबले शान्तिको महत्वाकाङ्क्षामा स्वतन्त्रताको चुनाउको कामको लागि सहयोग गरेका छन्। धनी बनेका मङ्गलचन्दलाई देखेर शान्तिलाई मौजाको देखरेख आफैले गरेर कृषकहरूको अवस्था सुधार्न आफ्नो पैतृक खेतीबारी, बासीनालीको निजत्व जोगाऊँ भन्ने विचार पनि आयो। इलाहाबाद विश्वविद्यालयबाट एम्.ए.उत्तीर्ण २३-२४ वर्षीय नवनियुक्त ग्राम पञ्चायतका अध्यक्ष नालमानसिंग शान्तिको परिचय, ग्राम समस्या र सुधारबारेका सन्तोषप्रद ग्रामीण समूहले जीवनशैलीमा भिडिन शान्तिलाई सहयोग पुऱ्याउन सक्ने मोडको सिर्जना गरेको छ। दुईमा आइपरेको दाम्पत्य दायित्व, काठमाडौंमा सहजतापूर्वक बस्न नसकिने स्थिति, बाजे मनोजकुमारसँग 'मौजा' दाइजोका रूपमा लेखिदिनु भनी व्यक्त गरेको इच्छा, शान्तिलाई गै दिने इच्छा, लिखितरूपले भने लिखित नभइसकेको कुरा, उर्मिलासँगै भएकी भए दुबैलाई बराबरी बाँडेर भोग गरून् भन्ने बूढाको इच्छा आदिले पुरानो पुस्ताको उदारता र सामाजिक परिपाटी सङ्केत भएको छ।

शान्तिले पूर्व परिवेशप्रति सोची। आफ्नो कर्मलाई कोसी। यदि भागेर हिँडेकी भए हण्डर खानुपर्थ्यो। सहज स्वभाव नयाँ ठाउँ र मानछेहरूसँगको चिनजान र मनोरञ्जनबाट आनन्द लिने स्वभाव, सुन्दर रूप, पढ्नुलाग्दो काममा पनि दिलचस्पी लिने स्वभाव, आदिले शान्तिको जीवनमा कोन्टो फेऱ्यो। अवस्था र वर्गीय समस्याले मानछेलाई सामाजिक रहनसहनमा भिन्न बनाउने कुरा स्वभाविक छ। चिरन्तनको घर त्यहाँबाट एक बिहानको बाटो पर्ने हुँदा पनि शान्तिलाई नपुऱ्याउनु, विपन्न झुप्रो, छुट्टिसकेका दाजुभाइ, बिरसिला छिमेकी, आमालाई कसैले नसहने दुष्ट्याई आदिबाट चिरन्तन दुखित थियो। जन्मभूमि (हैबार) प्रति ऊ निस्साहिएको बुझियो। गाउँमा एउटै गोरेटो पनि हिँड्न नहुने अवस्थाको दाजुभाइको बेवास्ता, माइततर्फका एक-दुई स्वास्नीमान्छेका रेखदेखमा गुजारा गरिरहेकी आमा, दुच्छर छिमेकीले आफ्नो नयाँ सम्बन्धलाई पनि फाटो गराइदिन सक्ने कुरा चिरन्तनले गर्नुबाट तुच्छ मानवीय प्रवृत्ति र सामाजिक यथार्थ सङ्केत छ। शान्तिले सबै बुझी। चिरन्तनले थाहा नपाउने गरी मङ्गलचन्दमार्फत् सासूलाई बोलाउने अठोट गरी। सबै कुरा बुझेर मङ्गलचन्द फर्केपछि थाहा भयो कि उनी घरमा दुइटी जोगिनी आएर बसेकाले बुधबारीमा आउन नमिल्ने रे। दुइटी जोगिनीमा एउटी उर्मिलाजस्ती चिरन्तनको भावलबाट आएका भन्दै थिए। मङ्गलचन्दले उर्मिलालाई चिनेको भएर फुक्किएर 'उर्मिला नानी' भनी बोलाएको कुराको वर्णन गर्दा जीवन यात्राको सन्दर्भमा विविध घटनाले विभक्त हुन गएको संरचनालाई केही समयसम्म मात्र कायम राखी प्रतिकूल बन्न नदिने शृङ्खलाको काम उपन्यासमा भएको छ। शान्ति र उर्मिलाका बीचमा अप्रत्याशित मिलन र खुशीको नाटकीय संयोग गराउनुपूर्व सङ्केतका कामहरू भएका छन्। शान्तिले चिरन्तनलाई कर गरी हौवा जाने प्रस्ताव

राखी । चिरन्तन आश्चर्यमा पर्दापर्दै घोडामा चढी साँफपख जङ्गलको बाटो काटेर खोला तर्नुपर्ने ठाउँमा पुग्छन् । कसैले 'राति खोला तर्नु ठीक छैन', पुर्लतिरको छोटो बाटो गयो भने गोहीको आक्रमणबाट बच्न सकिन्छ भनेर ती दुई आदर्श ग्राम' भन्ने नयाँ बस्तीमा माइलको धूनमा निस्किएको गीतको वातावरण, सफासुग्घर बाटा घाटा, प्रवेशद्वारको निर्माण गरिने काममा व्यस्त जनसमूहमा पुगे । त्यो ठाउँमा भोलिपन्ट भूमिसुधार मन्त्रीको आगमनको तयारी भैरहेको थियो । पञ्चायतकालीन व्यवस्थामा भूमिसुधार र मुलुकी ऐनजस्ता देशव्यापी कार्यक्रमको झल्को पनि उपन्यासले दिन्छ । शान्तिको सवाइमा बेकी अनेपानी र स्वतन्त्रपनको वर्णन पनि गरिएको छ । चिरन्तनकी आमा घरमा सँगै जोडिएको घरको अर्को कोठामा जोगिनीका साथमा हरिभजनमा मग्न थिइन् । गुरुमाकै स्वरमा स्वर मिलाउँदै उर्मिलासमेत एकाग्र थिइन् । त्यहाँ भगवान्हरूको पूजा हुँदै थियो । भजन सकेर जलप्रसाद बाँड्न उठेकी गुरुमा र उर्मिलाका हेराइले वास्तविकताको सम्मुख शान्तिको कौतूहलताको अन्त भयो । जोगिनीमध्ये एउटी उर्मिला नै थिइ । सबै रहस्यात्मक घटनाहरू एकै ठाउँमा गुजुमुज्ज गाँठा पर्न लागेका स्थिति र समस्याहरूको समाधानले आउने भविष्यको सुन्दर सन्तुलनमा पूर्वसङ्केतको काम गरेको छ ।

गुरुमा रामेश्वरीको कौतूहल, शान्तिको निश्चिन्तता, यथार्थको पर्दाफास, अखबारमा मरिसकेकी भनेकी उर्मिलाको बिनाखोजखबर, शान्तिको बिहे गराउने षडयन्त्र आदि सबै वस्तुसत्यको स्थूल तर शृंखलित विनियोजन भएको छ । के तिमी दिदीलाई नैजान आएकी ? रामेश्वरीको प्रश्न, 'होइन' जवर्जस्ती सत्यनारायणसँग बिहे गराउने षड्यन्त्र बुझेर, समाजमा बस्न नसकी, चिरन्तनका साथ भागेकी हुँदा' भन्ने शान्तिको जवाफ 'यो संसार भवसागर छ यहाँबाट कोही उम्कन वा भाग्न सक्तैन ।' उर्मिलालाई थाहा दिएरै यहाँसम्म ल्याइएको हो । आफ्नो देश छोडेर जाने कसको कठोर मन होला ? हामी जे र जति गर्छौं देशमै गरौं, धर्म, कर्म, सेवा । भगवान् सर्वत्र व्याप्त छन् । समाज, परिवार र दायित्व सबलाई त्यागेर पलायनको बाटो समाल्ने क्षुद्र मानव जातिलाई तारतम्यपूर्वक मिलाउने अद्भुत शक्ति कोही छ भनी नाटकीय शैलीमा ईश्वरको सर्वत्रता, मानवमात्रमा हुने सामाजिक दायित्व र त्यसबाट पन्छेर पलायनको बाटो लिन नहुने, सत्यको अभिषेक गर्ने काम गुरुमा स्त्रीपात्रबाट भएको छ । यस्तै मौकाको ताकमा गुरुमा रहेकी शिवरात्रिको पावनपर्व पारेर हरिभजन गर्दै यात्रामा हिंडेर हिंडै हैबार आएका हामी भोलि हरिद्वारतर्फ हिंडने भएका थियौं । ईश्वरीय लीला विचित्र छ । वियोग-विछोड नहुने कुरा हुँदै हुँदैन । जीवनरूपी नाटकीय रङ्गमञ्चमा उत्रेर हामी आफ्ना कर्तव्यमा आइपरेको काम पूरा गर्न कटिबद्ध छौं । हामीलाई अवाञ्छित, अहित, अजिम्मेवारीभित्रका काम गर्न नदिन पनि नियतिले बचाएको हुन्छ भन्ने गुरुमाका कुराहरूले सामाजिक स्वरूपभित्रै विविध घटनाहरूलाई समयाक्रमानुसार शृङ्खलित रूपले घटित गराएर, तिनको वर्णन, तिनबाट पार्ने प्रभावको विश्लेषण, पात्रका चरित्रगत प्रवृत्तिद्वारा सम्बद्ध गराउँदै यो उपन्यास प्रवाहित छ । कलेजसम्म (उच्चशिक्षा) अध्ययन गर्ने उर्मिला र शान्तिका कथालाई शीर्षक र विषयवस्तुबीच सङ्गत गराउँदै विश्लेषणात्मक कथनपद्धतिद्वारा जीवनका अस्तित्ववादी-विसङ्गतिवादी भावनामा विस्तृत कथावस्तु, धेरै पात्रस्थित घटना र व्यापक आयाम अघि सारिएको छ ।

उपन्यासमा लगभग डेढ दुई वर्षका सम्मका घटनाहरू प्रस्तुत छन् । मूलतः उर्मिला, शान्ति, प्रो. चिरन्तन, विक्रम, गुरुआमा (रामेश्वरी) बूढा पात्र साहु मनोजकुमारका भौतिक र स्थूल नै भए पनि मानसिक संसारको वर्णनसँगै विभिन्न परिस्थिति, सहरी वातावरणमा सम्भ्रान्त विलासपूर्ण वर्गीय पात्रहरू र अकोतिर सामाजिक आर्थिक स्थितिको पर्दाफास गरिएको छन् । मानवीय प्रवृत्ति, इर्ष्या, यात्रा गृह्यनाका बीचमा उर्मिला र शान्तिका पूर्वस्मृतिमा अनेक घटना सन्दर्भका विवरण परेका छन् ।

उपन्यासको अन्त्यमा हैबारस्थित गाउँको कोठामा उर्मिला र शान्तिको अप्रत्याशित भेट, गुरुमाका मानसिकतामा उम्लेका भावनाहरू, समाजका गतिविधिबारे मानिसले इच्छाइएका कुराहरू, जीवन लक्ष्यबारे हुने विविध जिम्मेवारी मूल्य मान्यता आदि व्यक्त भएका छन् ।

दिदीबहिनी र दाजुबहिनीको संज्ञा दिएकी छे र यहाँ 'म' पात्र, जगदीश र सीता कलेज गर्ल का उर्मिला, मीरा र योगिनीका प्रतिछायाका रूपमा आएका छन् भने माधवलाई ज्यादै स्नेह गर्नाका साथै उसको सहयोगलाई निस्वार्थ सहयोग भनेकी छे ।

'म' पात्रलाई सहयोग गर्ने र अगाडि बढ्न प्रेरणा दिने पात्रहरूभन्दा उसलाई पीडा दिने पात्रहरू बढी छन् । 'म' पात्र घरबाट हिंडेर आउँदा सम्पादक जयमोहनले भेटेपछि अभला देखी सहयोग गर्ने प्रलोभनमा छिडीभित्रको कोठामा लगेर कुमारीत्व नष्ट गर्ने प्रयास गरेको, रोशनलाल साहूका घरमा आएर पनि 'म' पात्रलाई साहूका घरमा बस्न नदिई आश्रम पठाउने षड्यन्त्र गरेको र 'म' पात्र त्यहाँबाट भागेर हिंड्नुपरेको, जगदीशका घरमा बसेका बेला पनि नक्कली प्रहरी पठाएर, पक्राउने प्रयास गरेको, 'म' पात्र पत्रिका पसलमा काम गर्नथालेपछि त्यहीं गएर बेश्याको आरोप लगाउँदै बेइज्जत गरेको छ । जयमोहनले नै जगदीशको हत्या र 'म' पात्रलाई बलात्कार गरी अचेत अवस्थामा रेलको लिगमा राखेको सङ्केत पाइन्छ । त्यसपछि बनवारीलाल अर्थात् जयमोहनको जेठुसँग 'म' पात्रको विवाह भएपछि जेठुकै घरमा बसेर 'म' पात्रको यौनशोषण गरेको र अन्त्यमा छोरो र पैसा लिएर जाँडासमेत जेठुसँग मिलेर 'म' पात्र बस्ने घरमा 'टाइम बम' राखेर गएको छ । यस पात्रले नै 'म' पात्रलाई सबैभन्दा बढी सताएकी छ । उसले एउटी अबला तथा गरिब विधवा नारीको जीवनलाई सङ्कटग्रस्त, सन्त्रासयुक्त, मानसिक चिन्ता भयभित र असहाय बनाएर अन्ततः यौनशोषण अर्थात् आमा समान ताताकी महिलासँग भोगविलास गरेर जीवनको सार्थकतालाई नै निरर्थक बनाएको छ । त्यसैले यो शोषक र सामन्ती प्रवृत्तिको पर्दा पीडक पात्र हो जसले उपन्यासका प्रत्येक मोडमा असत् पात्रका रूपमा उपस्थित हुँदै ठूलो घटना घटाएर भाग्ने गरेको हुँदा 'म' पात्रलाई प्रतिकूल परिस्थितिको सिकार बनाएर आफू उम्केको छ । उपन्यासकारले पनि यस पात्रलाई उचित दण्ड सजाय नदिई प्रत्येक घटनामा बँचाएका छन् । बेश्या र बहुलाहीको सान्निध्य लाउनुका साथै 'म' पात्रका जीवनका प्रतिकूल घटनाको सिर्जना गर्ने कुटिल जयमोहनलाई उचित दण्ड सजाय नदिइनु तत्कालीन नेपाली समाजको यथार्थ चित्रण हो भन्न सकिन्छ ।

'म' पात्र पर सरेका तीन दिनका राति जगदीशका घरमा भएको घटनामा सुरुमै बेहोस भएकी र उसमा चेतना आउँदा 'लाइन म्यान'ले रेलको लिगबाट तानेर रेल दुर्घटनाबाट बँचाएपछि 'म' पात्रलाई प्रहरीसमक्ष बुझाउन चाहन्छ तर 'म' पात्र त्यहाँबाट भागेर निर्माणकार्य भएका ठाउँमा पुग्छे र त्यो दिन काम गरेर रु.४।- पाउँछे । निर्माणकार्यको नाइकेले उसलाई त्यसदिन होटलमा बुझाएर राख्छ । समाजसेवी महेन्द्र बाबुले महिला सङ्घको कार्यालयमा बुझाउने र 'म' पात्रलाई सहयोग गर्ने कुरा गर्छन् । दुबैजनाले 'म' पात्रका बारे सोध्छन् र 'म' पात्रले पनि पूर्वघटना बताउँदै गएको रातको घटनामा आफ्नो कुमारीत्व गुमाएको दुःखद् चित्कार व्यक्त गर्छे । उसलाई अर्कोदिन नाइके अर्थात् हरिप्रसादका घरमा राखेर कुनै विदुरसँग विवाह गर्ने प्रस्ताव राख्दछन् । 'म' पात्र परसरेका तीन दिनका दिन बलात्कृत भएका कारण सो प्रस्ताव स्वीकार्छे अनि बनवारीलाल जोशीसँग चुराघोले ललगाउने तर भोज खाने सर्तमा विवाह पनि गर्छे । यसबेला पाठकका मनमा 'म' पात्र गर्भवती भएको कौतूहल जाग्छ तर घटना त्यतातिर मोडिँदैन । न 'म' पात्र गर्भवती हुन्छे न त हरिप्रसाद र महेन्द्र बाबुले सहायविहीनको सहयोग नै गरेका हुन्छन् । उनीहरूले त समाजसेवाका नाममा अवसरको फाइदा लिई 'म' पात्रलाई रु. २।६ सय लिएर बेचेका छन् । बनवारीले झिकेको वा विवाह नगरेको भए 'म' पात्रलाई विदेशमा बिक्री गर्ने योजनासमेत बनाएका । उता भने बनवारीलालसे पनि 'म' पात्रलाई विवाह गरेर लगेपछि पत्नीका रूपमा स्वीकार नगरी विभिन्न प्रकारका मानसिक पीडा दिएको छ । 'म' पात्रलाई बेश्याको व्यवहार गर्नु, जयमोहनलाई ल्याएर 'म' पात्रसँग लसपस गर्न लगाउनु र 'म' पात्रले पनि पूर्वप्रतिशोधको भावनाबाट प्रेरित भएर पतिकै अगाडि जयमोहनसँग लसपस गर्नु बनवारीले दिएका मानसिक पीडाका प्रत्यक्ष उदाहरण हुन् । यसका

✍ शिव भट्टराई

औपन्यासिक मूल्यका दृष्टिले उच्चाकाङ्क्षा

शङ्कर कोइराला (१९८७-२०५४) का उपन्यासहरूमध्ये उच्चाकाङ्क्षा (वि.सं.२०४६) सामाजिक उपन्यास हो। प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर रचिएको यस उपन्यासलाई २३ भागमा विभाजन गरिएको छ। उपन्यासले समाजको पनि चित्रण गर्ने हुँदा यस उपन्यासमा पनि समाजका विभिन्न वर्गका वर्गीय पात्रहरूको प्रयोग गरिएको छ र समाजका असल तथा खराब पात्रहरूको संयोजन गरी एउटी अबला नारी, त्यसमा पनि बालविधवा 'म' पात्र (सुलोचनी) ले आफ्नो जीवन व्यतीत गर्ने क्रममा भोगेका दुःख पीडा, वेदना, अभावजस्ता जीवनका सूक्ष्म पक्षमा आधारित छ। 'म' पात्रकै पूर्वदीप्तिमा निर्मित यस उपन्यासमा घटेका सम्पूर्ण घटनाहरूमा सहभागी भएकी हुँदा ऊ यस उपन्यासकी केन्द्रीय पात्र वा नायिका हो। वास्तवमा भन्ने हो भने यो नारीप्रधान उपन्यास हो र 'म' पात्र समाजकी हेलित, शोषित र तिरस्कृत चारित्रका रूपमा स्थापित भएर बालविधवालाई समाजले गर्ने घृणा, शोषण र हेला अनि विधवाप्रति समाजका उच्चवर्गले गर्ने आन्तरिक तथा बाह्य क्रियाकलापको पर्दाफास गर्ने वर्गीय सङ्घर्षशील पात्र पनि हो।

यस उपन्यासका निम्नवर्गीय र असल चरित्रका पात्रहरू 'म' पात्र, माधव, जगदीश सामिछाने, सीता, नर्स, पुलिस, दाने, जसबीर, राधा, बेला राई, कल्पना, बिहारी र धनलक्ष्मी आदि हुन् भने पत्रकार जयमोहन, महेन्द्र बाबु (मोटे), हरिप्रसाद (नाइके), असर्फीलाल, प्रेम श्रीवास्तव, बनवारीलाल जोशी, तहसिलदार, सुलोचनाकी दाजु, रोशनलाल (माहिलो साहु) र उसकी श्रीमती, मोहितलाल मैनाली, विश्वनाथ, माहिलो देवर (मन्नी) चपेटे जस्तापात्रहरू असत् वा खल पात्रका रूपमा आएका छन् र यी प्रत्येक पात्रले 'म' पात्रलाई अवस्था र अवसर मुताबिक कि सक्रिय भएर सहयोग गरेका छन् कि त षड्यन्त्र नै गरेका छन्। सहयोगीले उसलाई सङ्घर्षशील बनाउँदै अगाडि बढ्ने प्रेरणा दिएका छन् भने शोषण गर्नेले त झनै ईर्ष्यालु र विद्रोही बनाउन सहयोग गरेका छन्।

प्रमुख पात्रका रूपमा रहेकी 'म' पात्रलाई सहयोग गर्ने पात्रहरूमध्ये माधव प्रमुख पात्रका रूपमा देखापरेको छ। ऊ प्रमुख पुरुष पात्र हो जसले 'म' पात्रलाई गुण्डाहरूदेखि छुटाएर निस्वार्थ भावले असर्फीलालका ढोकासम्म पुऱ्याएर फर्किएको, रोशनलाल र जयमोहनले पाँचका पसलमा गाली बेइज्जेत र कुटपिट गरेका अवस्थामा ती दुवैलाई बेसरी पिटेर 'म' पात्रलाई जोगाएको, 'म' पात्रकी सासू अन्तिम अवस्थामा पुगेका बेला आएर सान्त्वना दिएको, 'म' पात्रका नाममा रहेको जमिन महिला विश्वविद्यालयलाई दिने प्रेरणासमेत दिएको र 'म' पात्रले पनि उसको भरोसा राखेकी छे। 'म' पात्रलाई सहयोग गर्ने अर्की पात्र सीता हो, जसले रेलमा यात्रा गर्दा उसको भाडा तिरिदिएर आफ्नै घरमा आश्रय पनि दिएकी छे। उसको पति जगदीशले प्रहरीले खोज्दा बचाएर पसल थापी रोजगारी पनि दिएको र उसैका बचावमा आफ्नो इहलीला अन्त गरेको छ। त्यस्तै नर्स, पुलिस, जसबीर, कल्पना, बेला राई, दाने, राधा, सासू आदि पात्रहरूले पनि सानाठूला सहयोग गर्नका साथै कल्पना र बेला राई आदिले त 'म' पात्रलाई सार्वजनिकरूपमा अभिनन्दन पनि गरेका छन्। तीमध्ये सीता र जगदीशलाई त 'म' पात्रले क्रमशः पूर्वजन्मका

खातिरदारी गर्नेहरूको पक्षमा भने उपन्यासले विरोध नै गरेको छ।

वर्गीकरण र भाषाशैली:

उपन्यासलाई विषयवस्तु प्रवृत्ति र दृष्टिकोणमा विभाजन गरिने कामले प्रकारहरू बुझिन्छन्। यस अर्थमा **कलेज गर्ल** के कस्तो विषयवस्तु लिएको छ भन्दा सामाजिक यथार्थवादी, तत्त्वका आधारमा वर्गीकृत गर्दा घटनाप्रधान, 'सन्देश' ले सामाजिक समस्याप्रधान र त्यसको समाधान मानवीय समझदारिता हो भन्ने कुरा प्रष्ट हुन आउँछ।

उपन्यासमा पनि अनिवार्य तत्त्वले रहने भाषा पक्षबारे यस उपन्यासलाई कस्तो भन्नुपर्दा दुरूह नभएर सहज, स्वाभाविक बोलीचालीको भाषा प्रयोगको विशेषतामा केसाउन सकिन्छ। पात्रका स्तर र पृष्ठभूमिअनुकूल भाषाको प्रभावकारिता छ। सहजता, ठाउँठाउँ उखानटुक्काको निपातको प्रयोगको स्वाभाविकता पनि छ। सारसंक्षेपमा भन्नुपर्दा यस उपन्यासका भाषिक रूप, स्थान, वर्ग, उमेर, लिङ्ग र क्षेत्र आदिकै समानुपातिक छ। उपन्यासकारको भाव वा कथनलाई प्रभावकारी, विशिष्ट बनाउने कुरा शैली नै हुँदाहुँदै पनि सबैतिर अलङ्कृत वा विशिष्ट भाषाप्रयोगमा रचना भएको शैली नपाइएमा। सामाजिक यथार्थवादी उपन्यासको झैं वर्णनात्मकतामा सरल वाक्यविन्यास चलनचल्तीकै प्रयोग गरी यो उपन्यासको शैलीलाई सरल वर्णनात्मक वर्गीकरणमा पार्न सकिन्छ। कुनै खास भाव-वैराग्य (ज्ञान) को प्रवेश, सङ्केत, ठाउँठाउँमा पात्रहरूबाट वर्णित ईश्वर-सत्य र दर्शन विषयक वार्तालापले विश्लेषणात्मक शैलीको उपभोग पनि गरेको छ। 'साहित्य' शिक्षा विद्वान्हरूको वर्णन गर्ने सन्दर्भमा पनि वर्णनात्मकताकै प्रयोग छ। प्राकृतिक दृश्यहरूको वर्णन गर्ने परम्परित शैली वा परिवेश वर्णनमा उपन्यासकारको प्रयास राम्रै मानिन्छ।

शीर्षकप्रयोग:

लेखकले सुरूमै आफ्नो अपठ्यारोपन पोखिदिएका छन्। 'आजको चडदो, चडदो सभ्ययुगमा' 'वैरागिनी' शीर्षक राखे के आकर्षक होला ? कस्ले पढ्ला ? समयोचित पाठकहरूका स्वादमा परिवर्तन ल्याइदिने वा कौतूहलतावश केही छ भनेर पढिदिनेहरूले स्थापित गर्ने खोजेको कुरा सार्थक होलान् भन्दैनन्। अंग्रेजी रहनसहन, भाषाको प्रभाव पर्दै आएको समयमा **कलेज गर्ल** शीर्षक दिनु अनुपयुक्त पनि होइन। नेपाली भाषाको समृद्ध र विकसित शब्दभण्डारमा चलनचल्तीका रूपमा प्रशस्त अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरूको विस्तार भएको कुराले पनि शीर्षकलाई प्रयोजन असान्दर्भिक छैन। नेपालीपनकै आस्थातर्फ झुक्का शीर्षकलाई अनुवाद गरेर सामो र अनाकर्षक हुन दिन पनि लेखक रुचाएजस्तो बुझिएन। अर्को कुरा 'कलेज' सम्मको उच्च अध्ययन गर्ने उर्मिला र शान्तिको रहन-सहन, सोचाइ, स्वतन्त्रता, शिक्षाले माथिएर सामाजिक, सांस्कृतिक र व्यक्तिगत परिस्थिति र व्यवहारमा पार्ने प्रभावको अध्ययनले पनि शीर्षक चयनमा स्वाभाविकताको निर्वाह गरेको छ। वास्तवमा यो उपन्यास पाठक वा समिक्षकहरूका निमित्त हो। आधुनिक साहित्यको उन्नत विधामध्ये पर्ने यस उपन्यासले घटना र सन्दर्भकै कोणबाट यदि 'लेखकको भन्नु' मा पाठकहरूको पठनपश्चात्को अनुभवको आशा वा अभीष्ट खोजिन्छ भने शीर्षक पनि समय, रहर सुहाउँदो आकर्षक हुनैपर्छ, त्यो काम पनि शीर्षकले पूरा गरेको छ।

अन्तमा विशिष्ट अत्यन्त विशिष्ट सन्दर्भ माथिका मार्मिक व्याख्या-विश्लेषण अभिमुख **कलेज गर्ल** उपन्यास नदरिएला परन्तु परम्परित उपन्यास ढाँचा, कथानक विकासको स्वाभाविक विन्यास, शिक्षित नारीजातिप्रति सम्मानभाव सरल, सहज शैलीमा प्रकट गर्ने शङ्कर कोइरालाको नेपाली जनजीवनका सामाजिक यथार्थलाई केसाउने चेष्टामा यो उपन्यास सार्थक छ। समग्रमा ६९ पृष्ठको संरचनात्मक आयामभित्र कतिपय पृष्ठहरू सामान्य र कतिपय सम्प्रेषणीय बनेका छन्। पैस र प्रकारानतर्फका त्रुटिहरू भनेका छापाइसम्बन्धी अशुद्धि पनि नपाइएका छैनन्। यस्तै त्रुटिभित्र विरलै ठाउँमा वाक्यगठन, उपयुक्त शब्द शब्दको पुनरुक्ति र वर्णहरूको उल्टोपाल्टोको संरचना पनि देखापरेको छ। निष्कर्षमा यो उपन्यास सुखद् संयोगान्त, सामाजिक यथार्थवादी, घटनाप्रधान, नारीचरित्र अभिमुख स्वाभाविक वर्णनभित्र पर्ने साहित्यिक विधा हो।

***

✍ डा. टीकाराम पन्थी

तीनपल्ट उपन्यासको तीनपल्टको चर्चा

वि.सं.१९८७ को कार्तिकमा दुम्जा सिन्धुलीमाढीमा जन्मेका शङ्कर कोइराला नेपाली आख्यान साहित्यका देदीप्यमान तारा हुन्। 'चौरिगी घाट' भन्ने उपन्यास (२०१८) देखि सुरु गरेर नेपाली समाजलाई दिएका उनका अनेकौं उपन्यासहरूमध्ये 'तीन पल्ट' (२०३२) एउटा लघु कलेवर उपन्यास हो र 'सागरमा सागर' भने झैं सामाजिक जीवनको एउटा समग्र पक्षलाई प्रस्तुत गरेको छ। वर्तमान नेपाली सामाजिक जीवनअन्तर्गत सहरिया विलासमुखी जीवनमा केन्द्रित यस उपन्यासले पूर्णयौवनारूढ दम्पतिका क्रिया-संस्क्रिया-विक्रियालाई उपस्थापित गरेको छ। यस उपन्यासका दुई पक्ष छन्- १. माझिरी पक्ष, जसमा उपन्यास सुनाउने र सुन्ने धीरेश र नीला छन्। २. भित्री पक्ष, जसमा उपन्यासको मूल कथानक छ, नायक सनत र नायिका सुचरिता छन्। यिनै सनत-सुचरिताको दाम्पत्य-जीवन-शैलीसँग आफू दम्पतिको जीवनशैली ठ्याम्मै मिल्ने हुँदा यो उपन्यास निकै चाखसँग धीरेशले पढ्ने र नीलाले सुन्ने गरेका छन्। तरुण-तरुणी सनत-सुचरिताका यौनसुखसम्बद्ध अरति-संरति-अतिरतिका तीन विभाग प्रस्तुत गर्दै अन्तमा विरति र वीभत्सतामा टुङ्गयाएर उपन्यासलाई दुःखान्त बनाइएको छ। यहाँ यौवनोन्मत सनत-सुचरिताका अरति, संरति र अतिरति उत्कट रूपमा अभिव्यक्त छन्। तीन पल्ट का तीन अवधिको संक्षिप्त स्वरूप यस्तो छ।

१. सांयोगिक अवधिः

यो तीन पल्ट को प्रथम सोपान हो, सनत-सुचरिताको संयमी जीवन हो, अरतिक अवधि हो २२/२३ वर्षे युवक सनतले १८ वर्षे युवती सुचरितालाई विवाह गरेको छ। सनतका बाबु राणाकालीन सुब्बा हुन्, जो भद्र छन्, धनीमानी छन्। सनतले बाबुकै आज्ञाले विवाह गरेका छन्। सुचरिता छ्याकटी छ तापनि सनतलाई पूर्णतया मन परेकी अत्यन्त प्यारी पत्नी छ, दुवै घनिष्ठ प्रेमसूत्रमा बाँधिएका छन्, प्रत्येक रात सँगसँगै टाँसिएर सुत्छन्, निरोगी छन्, सबल छन्, उत्कट यौनपिपासा छ, पतिपत्नीले एक-अर्काका नुगा फुकाँदिएर नाङ्गै बनाउँछन्, दुवैका नाङ्गा शरीर टाँसिएर एकाकार बन्छन्, आपसमा चुम्बन गर्छन्। तर रतिक्रिडा हुँदैन, दुवै संयमी छन्, अरतिक जीवनमा छन्। त्यस अवस्थामा रतिक्रीडा नहुनु, उत्कट यौनपिपासालाई रोकेर सांयोगिक, अरतिक जीवन चलाउनु अमानवीय र आश्चर्यजनक प्रवृत्ति हो। यस्तो आश्चर्यान्वित कुरा उपन्यासकारले अगाडि ल्याएका छन्। १८ वर्षे उमेरमा विवाहित भई घर आएकी सुचरिताले चार वर्षसम्म (२२ वर्षकी हुँदासम्म) प्रत्येक रात पतिसँग टाँसिएर सुत्दा पनि यौनपिपासा-शमन गर्न पाइन, किन सनतले रतिक्रीडा गर्दैन ? भन्ने जानकारी नपाउँदा म विस्मित छु। ऊ सम्भोग चाहन्छे, सन्तान चाहन्छे, आफूसँगै विवाहित अरू युवतीहरूका छोराछोरी जन्मे, टुकुटुकु हिँडून थाले, तर ऊ विरहिणीजस्ती छ, उदास छ, खिन्न छ, नारीसुलभ शालीनताले गर्दा चुपचाप छ। अन्ततः रतिक्रीडाको लागि सुचरिताको साग्रह अनुरोध भइरहेपछि सनतले एक रात रहस्य खोल्छ-'हाम्रो वंशमा नाति जन्मेको वर्षदिनभित्र बाजे-बज्यै मर्छन्, म जन्मेको ६ महिनामा बाजेको मृत्यु भयो। म छोरो जन्माएर ६६ वर्षे बाबु र ६० वर्षे आमालाई कसरी मारुँ ? यो थाहा हुँदाहुँदै पनि मेरा बाबुआमा नातिको मुख देखेर मर्न चाहनुहुन्छ।' अब सुचरिता साहै खिन्न हुन्छे, किनकि छोरो जन्माएर सासू-ससुरा मार्न त भएन। ऊ अत्यन्त पीडा र उद्विग्नता सहेर विवशतापूर्वक यौनसुखबाट वञ्चित भई संयमी बन्न बाध्य हुन्छे। यसरी ५ वर्षसम्म दम्पतिसँगै अँगालो मारेर सुत्ने टाँसिएर एकाकार बन्ने गरेरै रतिक्रीडा नगरीकन संयमी बन्दछन्। यस्तो प्रवृत्ति कहीं पनि मानवजातिमा हुन सक्दैन। यस्तो आश्चयजनक नसुहाउँदो नारी चरित्रका रूपमा मीरा देखापर्छे।

२. शीर्षक सार्थकताः

बिहेपूर्वको नारीको सुन्दर सपना बिहेपछि चकनाचुर भएको देखाइएको प्रस्तुत उपन्यासमा नारीको असह्य व्यथा र कथालाई प्रस्तुत गरिएको छ। नायिका अलकाको जीवन बिहेपछि निरस र एकाकी हुन्छ। अनुप सुन्दर, धनवान र शिक्षित छन् भनिएको तर बिहे गरेपछि व्यवहारमा ठीक उल्टो चरित्रको सामना गर्नुपर्छ अलकालाई। कुनै पनि नारी पतिप्रति तन, मन, धनले समर्पित हुन खोज्छे किनभने उसको लागि सर्वस्व धन नै लोग्ने बनेको हुन्छ। पति नै शृङ्गार, पति नै धन सम्झिने, कर्तव्यपराण, पतिभक्त नारीको आफ्नो लोग्नेबाट चोखो प्रेम र व्यवहारको आशा गर्दछे, व्यवहारमा त्यो हुनु पनि पर्छ, तबमात्र उनीहरूको पारिवारिक जीवन सुखमय हुन सक्छ, पति इमान्दार भएन भने पत्नीको लागि त्यो सबभन्दा ठूलो सजाय र पीडा हुनजान्छ भने पतिप्रेम नै उसको लागि सबभन्दा ठूलो धन बन्नपुग्छ तर प्रस्तुत उपन्यासमा शिक्षित पति भएर पनि प्रेमको अन्धा धुनमा लागेर पत्नीलाई अवहेलना गर्छ। पत्नीको अस्तित्व र महत्वको पहिचान गर्न सक्दैन। सुहागरातदेखि नै आफ्नो इमान्दारितामा कलङ्क लगाउँछ। लोग्नेको तीतो व्यवहारको बढ नयाँ दुलही हुँदाखेरिनै खप्नुपर्छ। लोग्नेको मन जित्न हरतरहले प्रयास गरे तापनि सफल हुन सक्दिन। पतिप्रेमको आशै-आशामा अन्ततः लोग्नेको कार दुर्घटनामा मृत्यु भएपछि 'आँसुको घुट्को' पिएर जिन्दगी गुजार्नुपर्ने परिस्थितिको जन्म हुन जान्छ।

निष्कर्षः

सरल भाषा, उपयुक्त उखान र टुक्काको प्रयोग आगन्तुक शब्दको प्रयोग, सरल संवाद, आलङ्कारिक, वर्णनात्मक शैली आदि भाषाशैलीगत विशेषता भएको प्रस्तुत उपन्यासमा आफ्नै स्वतन्त्र विचारमा विचरण गर्ने मानिस यदि समाज विरोधी ठाउँमा परेको छ भने अन्ततः उसले धोका पाउँछ भन्ने कुरा देखाइएको छ। आफ्नै विचारधारालाई सर्वश्रेष्ठ ठान्ने पत्नीको सद्व्यवहारलाई तिरस्कार गरी पत्नीप्रेमलाई लत्याउने व्यक्तिको वैवाहिक जीवन सफल हुन सक्दैन, मानिस सैद्धान्तिक मात्र होइन व्यवहारिक पनि बन्न सक्नुपर्छ र नारीको महत्तालाई कदर गर्ने व्यक्तिको जीवन सफल हुन्छ भन्ने सङ्केत गरिएको प्रस्तुत उपन्यासमा पाठकको सहानुभूति नायिका अलकामा केन्द्रित रहेको छ। आन्तरिक द्वन्द्वमा सशक्तता नदेखिए तापनि कौतूहलता जगाउने पक्षमा उपन्यास सफल रहेको देखिन्छ।

***

विजयादशमी तथा
शुभ-दीपावली २०५८ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण
देशवासीहरूमा हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं।

उपेक्षित, उत्पीडित र
दलितवर्ग विकास समिति
बानेश्वर, काठमाडौं

विजयादशमी तथा
शुभ-दीपावली २०५८ को
सुखद् उपलक्ष्यमा हाम्रा समस्त
ग्राहकवर्गहरूमा हार्दिक
मङ्गलमय शुभकामना।

नेपाल आवास विकास वित्त कं.लि.
नयाँ बानेश्वर, काठमाडौं

समाजसँग मिइन नसक्ने, उन्टै अभिभावकको आज्ञा पालना गरी प्रेमिकालाई धोका दिई बिहे गर्ने र एउटा लोग्नेले पत्नीप्रति गर्नुपर्ने कर्तव्य नभिनाउने, फेरि बिहेपछि पत्नीलाई तिरस्कार गरेर पूर्व प्रेमिकासित तनमनले सम्बन्ध कायम राख्नेजस्ता चरित्रबाट ऊ असभ्य पति र प्रेमीका रूपमा उपन्यासमा देखापर्छ । प्रेममा त्याग र बलिदान हुन्छ तर यहाँ मीराप्रतिको प्रेममा नायकले आदर्श प्रेमको परिभाषा दिए तापनि व्यवहारमा अव्यवहारिक ठहरिन गएको छ । नायकको चरित्र स्थिर देखापर्छ । समय र परिस्थितिसँग हातेमालो गर्न नजान्ने, अस्पष्टवादी, कठोर हृदयी, रुखो, नारीको कोमल हृदयमा आघात पुऱ्याउने, प्रेमिकाप्रतिको प्रेम पत्नीमा हस्तान्तरण हुन सक्दैन भन्ने नारीलाई निम्नस्थान दिनेजस्ता चरित्रको उद्घाटन उपन्यासमा भएको छ ।

अलका:- नायिका अलका बौद्धिक पात्र भए पनि परम्परागत नारीका प्रतिनिधि पात्र हुन् । आमाबाबुको शोपछि ठूलीदिदी कान्ताको उचित रेखदेख र सुसंस्कारमा हुर्केकी सुशील, कर्तव्य परायण, सहनशील तर लोग्नेका मायाबाट बन्चित नारी हुन् । अन्ध पतिभक्तिले गर्दा दुःखद परिस्थितिको सामना गर्नुपरेको र आफू हरकोणबाट अन्यायमा परेको भए तापनि विद्रोह गरेर न्याय पाउन नखोज्ने नारी चरित्रका रूपमा देखा पर्छिन् । पत्नी र बुहारीले गर्नुपर्ने कर्तव्य निभाउँदै आएकी अलकाले सुहागरातकै क्षणमा लोग्नेबाट तीतो व्यवहारको प्रहार पाउँछिन् । प्रेमिकासँग समय बिताएर भ्यालबाट चोरभै पस्नु, बिहे भएको ४-५ महिनासम्म स्वास्नीसँग नबोल्नु, प्रेमपूर्ण दृष्टिले कहिल्यै नहेर्नु, अन्ततः काशीमा आमाबाबुलाई बिन जाँदा कार दुर्घटनामा मर्नुजस्ता अप्रिय घटनाले अलकाको जीवनमा घटेका एक पछिको अर्को दुःखद घटनाले उसको जीवनमा आँसु नै आँसुको भण्डार भरिन जान्छ । जिन्दगीभर आँसुको घुटको पिएर बाँच्नुपर्छ । बौद्धिक पात्र भए तापनि पुरुष हैकमवादलाई स्वीकार्दै जाने तर विद्रोह नगर्ने नारी चरित्रका रूपमा अलका देखा पर्छिन् ।

कान्ता- नायिका अलकाकी दिदी, अभिभावक कनककी पूर्वप्रेमिका अनि प्रभा र शोभाकी दिदी हुन् कान्ता । आफ्नो व्यक्तिगत जीवनलाई त्यागेर पारिवारिक जिम्मेवारी वहन गर्ने उदारहृदयी नारीचरित्रको उद्घाटन कान्ताको चरित्रबाट लेखकले गरेका छन् । आमाको मृत्यु हुनुपूर्वको वचनलाई पूर्णतः पालना गर्ने आज्ञाकारी छोरी बनिदिएकी छन् उनी । प्रेमी कनकको बिहे प्रस्तावलाई पन्छाएर घरको जिम्मेवारीलाई प्राथमिकता दिने त्यागमय जीवनको परिचायक उनी बनिदिएकी छन् । बहिनीहरूलाई सुशिक्षित गराइदिएर बिहे गरिदिने क्रममा अलका त्यसपछि प्रभाको जिम्मेवारी पूरा गर्छिन् । परनिर्भरतामा बाँच्न नचाहने बौद्धिक व्यक्तित्व, जागिरे र जिम्मेवारी बोध गर्ने र त्यागमय जीवन बिताउने नारी चरित्रको उद्घाटन कान्ताको जीवनबाट उपन्यासकारले गरेका छन् । बहिनी अलकाको दुर्घटित पारिवारिक जीवनबाट आहत बनेकी कान्ताको सरसल्लाहबाट कनकले ज्वाई अनुपलाई प्रेमिका मीराबाट छुटाउने काम सफल हुन्छ । आफ्नो बौद्धिकता सुशीलता बाकपटुताले ज्वाईलाई प्रभावित पारे तापनि बहिनीप्रति ज्वाईको मन फर्काउन सफल हुँदिनन् । सदा आफ्ना सन्तान वा परिवारप्रति चिन्तित हुने नारीको आदर्शमय चरित्रको उद्घाटन लेखकले गरेका छन् ।

मीरा- नायक अनुपकी प्रेमिका र कुसुमदेवीकी छोरी मीरा उपन्यासकी सहनायिका हुन् । आफ्नो बालप्रेमीसँग बिछोड गराउने मुख्य समाज र कानुन नै हुन् भनी दोष लगाउने तर समाजसँग विद्रोह गर्न नसक्ने नारी चरित्रका रूपमा देखापर्छ । बिहेको लागि प्रेमीलाई स्वीकृति दिने प्रेमीको बिहेपछि पनि सम्बन्ध झन् गाढा बनाई राख्ने हुनाले उसमा पनि आदर्शप्रेमको अभाव देखापर्छ । बिहे भइसकेको परपुरुषलाई एउटा अविवाहित नारीले पूर्णरूपमा त्यागेको खण्डमा मात्र उक्त नारीको समाजमा इज्जत रहन्छ तर यहाँ कढाइका साथ आफूकहाँ आउन नदिने उपाय भने गरेको देखिँदैन । मुटुरोगी, विधवा आमालाई पाल्ने जिम्मेवारीले गर्दा अलसित बिहे नगरी जागिरे बन्छे, प्रेमीबाट उपहार पनि लिइरहन्छे । स्वास्नीमान्छेलाई आधार चाहिन्छ भन्ने विचारधारा राख्ने मीरा अन्ततः कनकको सक्रिय षड्यन्त्रमा परी अनुपबाट सदाका लागि अन्तै जागिरे भएर बस्नुपर्छ । उपन्यासमा गतिशील

विस्तृत कथानक शङ्कर कोइरालाले प्रस्तुत गरेका छन् । त्यस अवधिभर बाबुआमा नमार्न सनतले आफ्नी पत्नीसँग संयमको व्याख्या गरिरहेको छ ।

२. संरतिक (नियोजनात्मक) अवधि:

तीन पन्ट उपन्यासको दोस्रो सोपान हो – परिवार नियोजक प्रक्रिया अपनाएर यथेष्ट र तिक्रीडा गरेको संरतिक अवधि । बाबुआमा मार्न सन्तान जन्माउन नहुने हुनाले दुवैजनाले सेक्ससम्बन्धी तथा परिवार नियोजनका पुस्तक पढ्छन्, सुचरिताले गर्भनिरोधक पिन्स खान थान्दछे, रतिक्रीडा सुरु हुन्छ । बिवाहको ५ वर्ष अवधि संयममा बिताएपछि सुरु भएको रतिक्रीडाले दुवैको यौनपिपासा शान्त हुन्छ, प्रत्येक रात सुत्ने बेलामा लोग्नेको देखादेखीमा नै सुचरिताले पिन्स खान्छे । अब दुवै बिलासमुखी जीवनमा मस्त हुन्छन्, सुचरिता वासनाकी साधन, बिलासपात्र, एक यन्त्रमयी पात्र, यौनपिपासा सभनकी आधार बन्दछे । ऊ सन्तान जन्माउन उत्सुक छ, तर लाग्नेकै सामु पिन्स नखाई सुत्न पाउन्न । कुनै रात पिन्स नखाइकन सुतेर पेट बोक्ने हो कि भनेर सनत डराउँछ र स्वास्नीले पिन्स खाएको हेरेर मात्र सुत्छ । छोराबुहारीको रतिक्रीडा हुन थालेको थाहै हुन्न, उनीहरू मतिमात्र जान्दछन् सनतले बुहारीलाई हेला गरेको छ, कहिल्यै सम्भोग गर्दैन, स्वास्नीलाई छुन्न । एकरात सासूका गोडा मिचेर सुचरिता बाहिर निस्केपछि ढोकाबाहिर उभिएर सासूससुराको कुराकानी सुन्छे-बिवाह हुनुभन्दा पहिले सनतको लेखकुमारी भन्ने केटीसँग प्रेम थियो । यस्तो नयाँ कुरा थाहा पाउँदा ऊ उत्पीडित, अन्यमनस्क र केही उत्ताउली हुन्छे । आधारातितिर पोइको काखमा सुटपुटिन्छे, एकाएक जागेको सनतले रतिक्रीडा गर्छ, अनि झन्झँस्स हुन्छ- हतेरी, आज यसले पिन्स नखाइकन मलाई झुक्याएर समागम गराई । ऊ साहै रिसाउँछ, मनमा कुरा खेलाउँछ- सुचरिताले सन्तान जन्माएर मेरा बाबुआमा मार्न खोजी ! उसले आफ्नी स्वास्नी गर्भिणी भएको, छोरो पाएको, ६ महिना पुग्दा बाबु मरेको, वर्षदिन पुग्दा आमा मरेको आदि कुरा सपनामा देख्छ । तर सुचरिताले पेट बोकिन । फेरि रजस्वला भई, अनि ऊ शान्त भयो । यसप्रकार दोस्रो सोपान संरतिक अवधि सकिन्छ । गर्भ निरोधक औषधि प्रतिरात खुवाएर पत्नीलाई बिलासयन्त्र बनाउने यो शैली आधुनिक बिलासमुखी जीवनको परिदृश्य हो, यो विकृति बीभत्स सभ्यताअन्तर्गत पर्दछ ।

३. अतिरतिक अवधि:

त्यसपछि तेस्रो सोपान आउँछ, उपन्यासकारले सन्तान जन्माउने उद्देश्यले सनत अतिरतिक अवस्थामा प्रवृत्त भएको, पिन्स प्रयोग बन्द गराएको, अस्वाभाविक चौबीसघण्टे रतिक्रीडामा संलग्न भएको देखाएका छन्, उनले पुरेतलाई बोलाएर एउटा पुष्टेष्टि यज्ञ गरे । सनत-सुचरिता पनि अब सन्तान पाउन उत्सुक छन्, पुष्टेष्टि यज्ञको दिन साँझ सनत-सुचरिताले प्रसाद स्वरूप दिइएको सिकर्नी खान्छन्, सुचरिता रजस्वला भएको त्यो पाँचौं रात छ, दुवैमा कामोत्तेजना जागरित हुन्छ, फलतः परस्पर अँगालो मारेर दुई शरीरलाई एकाकार बनाउँछन्, तीनपन्ट रतिक्रीडा गर्छन् । उपन्यासकारले यस 'तीन पन्ट' लाई पनि शीर्षकको एक अङ्ग मानेका छन् । उपन्यासकारले अब सनतलाई अस्वाभाविक उन्माद जागेको अतिरतिक बिलासी देखाएका छन् । ऊ रात दिन, चौबीसै घण्टा (खाने समयबाहेक) छोरो पाउनका लागि बिलासोन्मुख बन्छ, सुचरिता सँगसँगै कोठामा सुतिरहन्छ । यस्तो चौबीस घण्टे बिलासी र तिक्रीडाबाट सनत दुर्बल, मरन्ध्यांसे, ब्याउटे, निजागरे देखिन्छ । यसै अवसरमा एक दिन घर आएको आफ्नो साथी मेघबहादुरसँग सनतले आफू सन्तान जन्माउन चौबीसै घण्टा भोगबिलासमा लागेर बेफुर्सदी भएकोले मेघबहादुरका घर आउन नपाउने, स्वास्नी गर्भिणी भएपछि मात्र शुभसमाचार लिएर आउने कुरा गर्छ । यसरी पारिवारिक गोप्य कुरा मेघबहादुरसँग गरेकोमा सुचरिता अत्यन्त रिसाउँछे, सनतप्रति उसका हृदयमा घृणा जाग्दछ । आफू १८ वर्ष उमेरमा उसका काखमा परेपछि ५ वर्षसम्म रतिक्रीडा नगर्ने, फेरि लामो समयसम्म पिन्स खुवाएर बिलासयन्त्र बनाउने, फेरि चौबीसघण्टे बिलासी भन्ने र गोपनीय कुरा अवसित गर्ने सनतलाई पथभ्रष्ट ठानेर उसप्रति साहै घृणा जागेपछि उसकी बिलासयन्त्र बन्न छोडेर सुचरिता माइत जान्छे । ऊ त्यहीं बिरामी भई थला पर्छे । सनतकी पूर्वप्रेमिका डा.लेखकुमारी-द्वारा सुचरिताको अपरेशन हुँदा धेरै पिन्स खाएकोले पाठेघरमा क्यान्सर देखिन्छ, अपरेशन असफल हुँदा उसको मृत्यु हुन्छ । अब सनत बौलाहाजस्तो भयो,

एकसुरे भयो । यस प्रकार उपन्यासकारले अरतिक, संरतिक अतिरतिक गरी यौनका तीन अवस्था नायक-नायिकामा देखाएका हुँदा कथाको बुनोटकै आधारमा'तीन पन्ट' शीर्षक सार्थक भएको छ ।

अन्तमा-उपन्यासकारले **तीन पन्ट** उपन्यासलाई दृःखान्त तुल्याउँदा आफैले 'तीनपन्ट' भन्ने वाक्यांश राखी शीर्षकको आधार बनाएका छन् । सनतकी बहिनी कृष्णा माइत आउँछे र बहुलाहाजस्तो बनेको दाजुलाई बिहे गर्न अनुरोध गर्दछे, बाबुआमाले पनि आग्रह गर्छन्, तर सनतले मान्दैन, अब कृष्णाले बाबुआमासँग आफ्नो सात वर्षे छोरो आनन्दलाई देखाउँछे र उसैलाई (छोरीका छोरालाई) नाति मान्न र सम्पत्ति दिन अनुरोध गर्छे, बूढाबूढीको हृदयमा चोट पर्छ । छोरो जीवित छँदाछँदै छोरीको छोरालाई आफ्नो सन्तान नमान्ने भन्ने बाबुको आशय बुझेपछि कृष्णा घर जान्छे, लोग्ने स्वास्नीको सरसल्लाह हुन्छ (सनतलाई मारेर सुम्पाको सम्पत्ति खाने भन्ने राय हुन्छ) कृष्णाको लोग्ने आउँछ र सुतिरहेको सनतलाई छुरीले प्रहार गर्छ-एकपन्ट, दुई पन्ट, तीन पन्ट । यसरी उपन्यासकारले सनत मारिएको देखाएर उपन्यास दृःखान्त बनाए, 'तीन पन्ट' शीर्षक राखे । पुलिसले जाँचबुझ गर्दा कृष्णाको लोग्ने भेटिन्न । कृष्णा मात्र न्याइन्छे, उसमाँग पुलिसले भन्दछ- 'तपाईको लोग्ने जुवाडे जँड्याहा तीन पन्ट बाहुमासेमा भ्यालखान परेर छुटेकोको मानिस हो ।' यही पनि 'तीन पन्ट' शब्द प्रयुक्त भएको छ । उपन्यासको अन्तमा 'के तीन पन्ट ?' भन्ने प्रश्नसहित पनि उपन्यासकारले तीन पन्टको आशय खोज्न पाठकलाई जिम्मा दिएका छन् । तीन पन्ट सनतलाई उसका जुवाईले छुरी प्रहार गरेको कुरा शीर्षकको प्रत्यक्ष आधार भएको छ र उपन्यासका नायक सनतको तारुण्यावस्थाका तीन सोपानहरु- १ अरतिक (संयममा रहेको अवस्था) २. संरतिक (गर्भनिरोधक औषधि प्रयोग गरेर व्यवस्थित रतिक्रीडा गरेको अवस्था) र ३. अतिरतिक (सन्तान जन्माउने उद्देश्यमा भएको अव्यवस्थित रतिक्रीडाको अवस्था) नै **तीन पन्ट** उपन्यासका तीन पन्ट हुन् ।

★★★

Wishing A Very Happy and Prosperous
On The Auspicious Occasion of
Bijaya Dashami & Dipawali - 2058

FEWA TOURS & TRAVELS (P.) LTD.

P.O.Box # 2949, Shiva Arcade, Basantapur
Kathmandu, Nepal

Tel : (Off.) 243976/247476/247627,
Fax : 977-1-222976/ 430098
E-mail : fewa#mos.com.np
Website : www.fewatours.com

✍ शान्ता शाक्य 'सुभाषिता'

आँसुको घुट्को उपन्यासलाई केलाउँदा

मूलतः उपन्यास विधामा कलम चलाएका, सङ्गोत्मक एवम् गुणात्मक दुवै हिसाबले यस क्षेत्रमा योगदान पुऱ्याएका शङ्कर कोइराला चिन्तनशील, मननशील एवम् लगनशील साहित्यकार हुन् । आञ्चलिक तथा सामाजिक उपन्यासकारका रूपमा प्रसिद्धि पाएका कोइरालाको 'आँसुको घुट्को' २०४० मा लिखित असफल प्रेम तथा पतिपत्नीबीचको कटु वैवाहिक जीवनलाई विषयवस्तु बनाइएको र विविध चरित्रहरुसमेत गरिएको लघु आकारको सामाजिक उपन्यास हो । प्रेमलाई आफ्नै एकोहोरो दृष्टिबाट परिभाषित गर्ने व्यक्ति, समाज वा व्यवहारमा अत्यन्त अव्यवहारिक ठहरिने कुरा देखाइएको प्रस्तुत उपन्यासमा विवाह पश्चात् पत्नीलाई प्रेमको उपहार नदिई सदा आँसुको घुट्को पिउन विवश गराउने असफल पति र प्रेमीको पुरुष हैकमवादी चरित्रको उद्घाटन पनि गरिएको छ । समयाभावले गर्दा प्रस्तुत उपन्यासभित्र पाइएका केही कुराहरूलाई छोटकरीमा मात्र निम्न बुँदाका आधारमा प्रस्तुत गर्न जमर्को गरिएको छ ।

१. दुर्घटित पारिवारिक जीवनः

प्रेमलाई एउटै दृष्टिबाट परिभाषा दिन सकिँदैन, यसका असीमित परिभाषाहरू हुनसक्छन् । सुखमय जीवनको आशा सबै प्रेमी-प्रेमिकामा हुन्छ नै तर कसैको प्रेम सुखमय परिणतिमा पुगेर टुङ्गिन्छ भने कसैको दुःखमय परिणतिमा ।

प्रस्तुत उपन्यासमा मूल नायक अनुप जसले समाज र परिवारको भनाइ काट्न नसकेर बालककालदेखिको प्रेमिकालाई छोडेर अकँसित बिहे गरेको हुन्छ । बिहे नाम मात्रको हुन्छ अर्थात् वैदिक विधिअनुसार पतिपत्नीको नाता गाँसिए पनि मन गाँसिन सक्दैन । पत्नीले पतिप्रेम पाउनुपर्ने अधिकार भए तापनि व्यवहारमा पतिप्रेम प्रायः शून्य नै हुन्छ । प्रेमलाई विवाहबन्धनले तोड्न सक्दैन र बिहेपछि पत्नीलाई प्रेम दिन सकिँदैन भन्ने कुरामा अडिग रहने अनुपको वैवाहिक जीवन असफल हुन्छ । त्यस्तै बिहेपछि पत्नीको लागि सर्वप्रिय उसको लोग्ने हुन्छ, पतिप्रेम पाउने उसको अधिकार हुन्छ तर ती कुराबाट बञ्चित भए पनि नारीको जीवन श्रीहीन र अन्धकारमय हुनजान्छ । नारीले घरपरिवारको जतिनै माया पाए तापनि त्यो लोग्नेको प्रेमको अगाडि गौण हुन जान्छ भन्ने कुरा नायिका अलकाले घरपरिवारलाई जति नै रिझाए पनि लोग्ने रिझिन सकेको हुँदैन । प्रेम नपाए तापनि आफूले गर्नुपर्ने कर्तव्य निभाएकै हुन्छे तापनि लोग्नेको मन अकँसित जोडिसकेको हुनाले जतिनै प्रयासरत भए पनि अन्ततः ऊ असफल हुन्छे । दुर्घटनाबाट लोग्नेको मृत्युपछि उसको जीवन मरुभूमितुल्य हुनजान्छ ।

२. विविध चारित्रिक उद्घाटनः

प्रस्तुत उपन्यासमा मूल नायक चरित्र अनुप, नायिका अलका, सहनायिका मीरा छन् भने सहायक पात्रहरूमा देवराज, जया, अनुपका आमाबाबु, कुसुमदेवी विष्णुमान, कान्ता, कनक, प्रभा, आदि र गौण पात्रहरूमा रत्नमाया, पुरेतमाजे, निर्मला, बृन्दा, शिवकुमार, सुकेशी, नोकर-नोकर्नी, डाक्टर आदि छन् । उपन्यासमा बहुल पात्रको समावेश छ ।

अनुपः-मुख्य चरित्र अनुपको छ, उसकै चरित्रका आधारमा कथावस्तुको विकास भएको छ । बौद्धिक पात्रका रूपमा उभिएको अनुप, स्वतन्त्र विचरण गर्न रुचाउने, पुरुषप्रधान समाजको प्रतिनिधित्व गर्ने, नारीलाई बेसहारा, निरीह र कमजोर सम्झने, आफ्नो प्रेमलाई सार्थक बनाउन

रोएर जीवन बिताउन बाध्य हुन्छन् भन्ने कुरा देखाइएको छ। बुद्ध धर्मको यस कथामा भगवान्ले दुष्ट र कञ्जुस दुवैका इच्छा पूर्ण गर्नुहुन्छ। तर दुष्टले तत्काल आफ्नो इच्छापूर्ण गरे पनि त्यसको परिणाम भने घातक नै हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ। भगवान् बुद्धले आफ्नी पूर्वपत्नी काशीकी रानीले आफूलाई मार्न सिकारी पठाएको जान्दाजान्दै उसलाई केही नगरी आफैले आफ्ना छ वटै दाह्रा करौंतीले काटेर दिई पठाए।

शङ्कर कोइरालाका विश्वका धार्मिक कथाहरूको अन्तिम कथा चिनिया धर्मका हुन्। त्यसमध्ये पहिलो कथा ठूलो घण्टा हो र अन्तिम कथा हो अलाउद्दिनको पानस। पहिलो कथाअनुसार चीनको युङ्लो मिङ्ग वंशका तेस्रा बादशाहले आफ्नो राजधानी नानकिंगबाट पेकिङ्ग ल्याए। त्यहाँ दुइटा ठूलाघर एउटा ढोल घर र अर्को घण्टाघर बनाइए। ढोल घरमा राखिएको ढोल यति ठूलो थियो कि त्यसको आवाज कोसौं पर पुग्थ्यो। राजालाई यस्तैगरी एउटा ठूलो घण्टा बनाउने विचार आयो, कारिगर बोलाए। एउटा कारिगरले काम थाले। घण्टा ढालियो तर त्यसलाई हेर्दा त त्यसमा माउरीको चाकाजस्तो प्वालैप्वाल देखियो। परिश्रम व्यर्थ गयो। कारिगरको दोस्रोपल्टको प्रयास पनि असफल भयो। तेस्रो प्रयासको पल्ट उसकी एक मात्र छोरीको आईले ज्योतिषी देखाई। ज्योतिषीले कुमारीको रगत घण्टा ढाल्ने पदार्थमा मिल्यो भने त्यो घण्टा तयार हुन्छ भन्ने भविष्यवाणी गरे। तदनुसार की-आईले कसैका आरनमा गई आफ्नो शरीर होमी दिई। उसलाई एउटा कर्मचारीले निकाल्न खोज्यो तर जुता माथ हात लाग्यो। अन्ततः घण्टा तयार भयो। त्यसबाट कहिलेकाहीँ अनौठो स्वर सुनिन्थ्यो। त्यसलाई उसले जुत्ताजुत्ता भनेको स्वर हो भन्ने गर्दथे मानिसहरू। आफ्नो बाबुलाई मदत गर्न छोरी र प्रत्येक पल्ट प्रयास विफल हुँदा हरेस नखाने कालीगढको उत्साहको सन्देश यो कथाले दिन्छ।

पेकिङ्गमा आफ्नी विधवा आमासँग बसेको अलाउद्दिन नामक एउटा सूचीकारको छोरा थियो। एउटा भारतीय जादुगरले उसलाई सहयोगीको रूपमा साथ लग्यो। घरैपटक गएपछि आगोमा धुलो छर्केर एउटा औंठी निकाल्यो र उसको औंलामा लगाइदियो। उसलाई एउटा गुफाभित्र तेलवत्ती बलेको पानस बत्ति लिएर आउन पठायो। अलाउद्दिन गयो। पानस लिएर आएपछि उसले गुफाभित्रैबाट सो पानस माग्यो, अलाउद्दिनले निस्केर दिन्छु भन्यो, जादुगरले मन्त्र पढेर पुनः त्यो दुइले गुफाको मुख ढाकी छाडेर आफ्नो बाटो लियो।

अलाउद्दिनको औंठी दुइमा घसियो, त्यसबाट एउटा राक्षस प्रकट भयो। उसद्वारा गुफाको दुइ पल्टाएर ऊ बाहिर आयो। उसले जे भन्यो त्यै गरी दिन्थ्यो। अलाउद्दिन धनी भयो र उसले राजाकी छोरीसँग बिहा गऱ्यो। एकदिन घरमा बल्काएको पानस माझेर बेचे पछि पैसा पाइने उद्देश्यले पानस माझ्दा उसकी आमाको अगाडि एउटा भूत प्रकट भयो। उसको सहारालै अलाउद्दिनले भनेको त्यही मिल्ने भयो। एक दिन उसले चीनकी राजकुमारीसँग बिहे गऱ्यो।

पूर्वीय लक्षणशास्त्रीहरूले काव्यको उद्देश्य र परिभाषा गर्दा रमणीयार्थ प्रतिपादक र कान्तासम्मित उपदेशको रूपमा चर्चा गरेका छन्। **-कान्ता सम्मिततयोपदेश युजे।** यस अर्थमा काव्य समाजको नीति आचार, संस्कार, आदर्शको उपदेशका लागि हुने कुरा स्पष्ट हुन आउँछ। यसको पूर्णतया प्रतिपालन आख्यान बाह्मयद्वारा नै भएको छ। धर्मनीति आचारसंस्कार आदिको शिक्षा उपदेश दिने तथा व्यक्तिको चरित्रनिर्माण गर्ने कथाहरूलाई हामी धार्मिक कथा पनि भन्न सक्तछौं। शङ्कर कोइरालाका विश्वका धार्मिक कथाहरू यिनै उद्देश्यले तयार पारिएको कृति हो। को देवः सर्वभूतेषु भन्ने सिद्धान्त प्रतिपादन गर्न सबै धर्मका व्यक्ति समानरूपमा एउटै परमेश्वरका सन्तान भएर बस्नु भन्ने पवित्र भावनाले रचना गरेको यो कृति हो जस्तो यस पङ्क्तिकारलाई लागेको छ।

उपसंहार

कृतिको आकार सानो र विषयवस्तुलाई संक्षेपमा प्रस्तुत गरे पनि शङ्करजीका यी कथा निकै प्रभावकारी छन्। विश्वप्रसिद्ध यी कथाहरू झट्ट हेर्दा मौलिक नलागे पनि कथाकारको शैली शब्दप्रयोग आदिले गर्दा यसमा मौलिकताको आभास पनि यत्किञ्चित् नपाइने होइन। कथालाई अझ अलङ्कृत पार्न, अझ सिंगार्न र सम्याउने प्रसस्त अवसर थियो तथापि थोरैमा धेरै कुरा आफ्ना पाठकलाई दिने उद्देश्य भएर होला यसलाई धेरै सिङ्गारपटार गर्न पट्टि कथाकार लागेनन् भन्न सकिन्छ।

दायित्व पत्रिकाले शङ्कर कोइरालाबारे यस सानो कृतिको माध्यमद्वारा केही लेख्ने अवसर दिएकोमा अनुगृहित हुँदै यिनै शब्द सुमनहरूलाई शङ्करप्रति आफ्नो श्रद्धाञ्जली ठान्दै आफ्नो लेखनीबाट विश्राम लिन्छु।

***

✍ प्रा. ठाकुर पराजुली

आञ्चलिकताको पक्ष र विपक्षमा 'खैरिनी घाट'को अवलोकन

खैरिनी घाट शङ्कर कोइरालाको विशिष्ट कृति हो। उनका दर्जनौं उपन्यास, कथा र नाटकमा शङ्कर कोइरालालाई खोज्नु पर्दा खैरिनी घाट नै अगाडि आउँछ। नेपाली उपन्यासको परम्परामा पनि यसले स्थापित गरेको ग्रामीण परिवेशलाई एउटा मापदण्ड कै रूपमा लिने गरिन्छ। संक्षेपमा खैरिनी घाट शङ्कर कोइरालाकै पर्यायवाचीकै रूपमा लिन सकिने कृति हो।

यो उपन्यास आञ्चलिक उपन्यासको रूपमा पनि चर्चित छ। नगर संस्कृति र रहन-सहनको एकरसताको प्रतिक्रिया स्वरूप आञ्चलिक उपन्यासको प्रादुर्भाव भएको हो। मैरिया एजवर्थलाई आञ्चलिक उपन्यासकी जननी मानिन्छ। थमस हार्डि र अर्नोल्ड बैनटले आञ्चलिक उपन्यासका आदर्श नमूना स्थापित गरेपछि अङ्गिलेसम्म पनि यस धाराका उपन्यास लेखिँदै आएका छन्। त्यही धारामा खैरिनी घाटलाई उभ्याउँदा त्यसका केही पक्ष र विपक्ष टड्कारै देखिन्छन्। आञ्चलिकताको वैशिष्ट्य ग्रामीण परिवेश माथै होइन, विशिष्ट जनपद या भूभागको त्यस्तो विशिष्ट स्वरूप हो जुन अन्य जनपद या भूभागमा देख्न सकिन्न। नगर जीवनबाट अलग्गिएको बोली, धर्म, जाती, पर्व, उत्सव, सभ्यता र संस्कृति बिना त्यस्तो विशिष्ट स्वरूप देख्न सकिन्न। यस दृष्टिले खैरिनी घाटको चीरफार गर्दा यहाँ नगर जीवनबाट अलग्गिएको ग्रामीण परिवेश र माझीहरूको आफ्नै प्राकृतिक जीवनपद्धतिमा निर्भर रहेको सामाजिक जीवनलाई भने अवश्यनै आत्मसात् गर्न सकिन्छ। मुख्यतः यस उपन्यासले त्यसबेला (२०१८ साल पूर्व) को पूर्व २ नं. भित्र पर्ने कोशी किनाराको खैरिनी घाटलाई केन्द्र बनाएर त्यसको दायाँ-बायाँ पर्ने रोसी खोला, रातमाटे, नेपालघोक, बेथपे र कुसेश्वर स्थानजस्ता पूर्वी पहाडका ग्रामीण जन-जीवनका प्राकृतिक दृष्य र प्रमुखरूपमा माझी जातिका दिनचर्या एवं उनीहरूका सामाजिक जीवन पद्धतिलाई यसले सजीव रूपमा चित्रण गरेको छ। तर बोली, धर्म, संस्कृति र सभ्यताको विशिष्ट स्वरूपलाई भने यस उपन्यासले आत्मसात् गर्न सकेको छैन। उनीहरूको जे-जस्तो जीवनस्तर छ तदनुकूलको भाषा यस उपन्यासले पाउन सकेको छैन। संस्कृति वा सभ्यता जो अन्य भागमा दुर्लभ होस् यसले अगाडि सार्न सकेको छैन।

आञ्चलिक उपन्यासले ग्रामीण लोकजीवनको आकर्षक, मनोरम र जीवन्त चित्रणको अपेक्षा गर्दछ। खैरिनी घाटले आफ्नो आकार अनुसार मन फुकाएर त्यस्तो लोक जीवनलाई बधि सार्न सकेको छैन तापनि केही मात्रामा यसको आभास छर्न भने पछि परेको छैन। स्थानीय जनजीवनको तस्वीर खिच्न उभ्याइएका भक्तबीरे, राममान बुढो, धिर्जबीर, नैरिते, लालबीरे, फुर्के, बीरपर्सात्, सन्माने, जनमसिङ्गे, हलधोके, सुंगेनी, जगते, फेन्टेसार्की, ठुटे, रामेङ्गु, बीरमाने, सीताराम, हर्के, हरिबोले, नाराने, धनसिङ्गे, अबिरे, ठूले, जिम्माबाल, रामप्रसाद अधिकारी, वैद्य, महन्त बाबा, खोपी खेल्ने ठिटाहरू आदि पुरुष पात्रहरूले खैरिनी घाटको जनजीवनको विभिन्नताको प्रतिनिधित्व गर्दै नेपाली लोकजीवनलाई केही मात्रामा भए पनि प्रस्तुत गर्ने जमर्को यहाँ गरेका छन्। माझीहरूको बहुलता रहे पनि माझीका अतिरिक्त तामाङ, बाहुन, मगर, सार्की, दमाइ र नेवारहरूको सहजीवन यहाँ रहेको र मिजार (मुखिया) डिट्ठा, जिम्माबाल घाटे, पुरेत, वैद्य, जोगी, पुजारी, धामीझाक्री, व्यापारी, महीपसले, झाके र गोठालाजस्ता व्यवसायीहरूको

पेशालाई पनि समानान्तर चित्रण गरेको हुँदा यस उपन्यासले नेपाली लोक जीवनको जातीय सहिष्णुता र एकताको पहिचान त गराएको छ तर यहाँका माझी जाती र उनीहरूको विशिष्ट संस्कृतिलाई भने कोट्याउने काम गर्न सकेन । यो आन्चलिक अभिधर्मको अभाव हो । उपन्यासकारको मूल उद्देश्य आन्चलिक अभिधर्मलाई भन्दा नेपाली ग्रामीण जीवनको पछौटे पनलाई चीरफार गर्नु र ००७ साल र त्यसपछिका राजधानी काठमाडौंका राजनीतिक हलचललाई कुना-कन्दराका गाउँलेहरूले के-कस्तो रूपमा ग्रहण गर्न थालेका थिए त्यसको अभिलेख राख्नु रहेको देखिन्छ । त्यसैले आन्चलिकताको सर्वाङ्गीणता यहाँ त्यति खुल्न सकेन ।

आन्चलिक उपन्यास न घटनाप्रधान हुनसक्छ न चरित्रप्रधान । यस्ता उपन्यासमा मनोविश्लेषणको पनि सम्भावना रहँदैन । यसमा बैरिनी घाट खरो उतिएको छ । घटना वा कथानक निकासको कुनै सूत्र उन्ने प्रयत्न यहाँ गरिएको छैन । यहाँको कथावस्तु छरिएको छ । यो यसको सकारात्मक पक्ष हो । चरित्रचित्रणका दृष्टिले प्रायः सबै पात्रहरूका कुनै न कुनै वैशिष्ट्य त यहाँ देखापर्छन् तर तिनको कुनै पनि सिङ्गो चरित्र यहाँ प्रस्तुत हुन सकेको छैन । केही मात्रामा कलकत्तामा १० वर्ष गुजारेर आफ्नो गाउँ फर्केको भक्तवीरले उपन्यासका घटनावलीलाई एउटा सूत्रमा उन्ने प्रयत्न गरेको देखिन्छ तर उसको भूमिकामा उपन्यासलाई निश्चित लक्ष्यमा पुऱ्याउने खास उद्देश्य रहेको छैन । यस दृष्टिले त्यहाँका पात्रहरूमा पाइने चारित्रिक विशेषता उनीहरूका व्यक्तिगत गुणभन्दा त्यस ठाउँ विशेषका चरित्र नै बढी देखिन पुगेका छन् । यो यस उपन्यासको आन्चलिकतालाई पोषण गर्ने सकारात्मक अभिलक्षण हो भने कोचपे, दुम्जा, नेपालगोक आदि स्थान विशेषलाई समेटेको बैरिनी घाट क्षेत्रको कुनै ऐतिहासिक, सांस्कृतिक वा राजनैतिक घटना प्रवाह र उथलपुथलको प्रसङ्ग सम्म उल्लेख नहुनु यसको ऋणात्मक पक्ष हो । स्थान विशेषको छाप त यस उपन्यासले छोडेको छ । तर समय विशेषको छाप भने खुलेर लगाउन सकेको छैन । केवल नेपालमा लडाई हुँदैछ र अहिले राजाको शासन छ भन्ने धुसीझेले व्यापारीहरूको हल्लाबाट अप्रत्यक्षरूपमा सातसाल पछिको समयलाई सङ्केत गर्ने प्रयत्न यसले गरेको छ ।

आन्चलिकता उपन्यासको आधारभूत सिद्धान्त होइन, यो एउटा शैली विशेष हो – जो यथार्थको परिवेशमा तयार गरिन्छ र स्थानीय बोली वा भाषाद्वारा, सम्वादद्वारा, भेषभूषाद्वारा, उनीहरूको चाडपर्व, रीतिरिवाज र जीवनशैलीद्वारा त्यस अञ्चल वा जनपदको विशिष्ट स्वरूपलाई आकार दिइन्छ । यस दृष्टिले कथानक छरिएको हुनु नायकत्व व्यक्ति वा पात्रको भन्दा त्यस स्थान वा अञ्चल विशेषको रहनु भएसम्म त्यसका ऐतिहासिक वा सांस्कृतिक स्वरूप, तिनको उथलपुथल, मोड र परम्पराको समाञ्जान गरिनु, यथार्थको परिवेशले सजाउनु र स्थानीय बोली वा भाषाद्वारा स्थानीय जाती र विशेषतालाई जीवन्त पार्नु आन्चलिकताका प्रमुख अभिलक्षण देखिन्छन् । यस आलोकमा बैरिनी घाटलाई पूर्ण आन्चलिक भन्न त नसकिएला तर आन्चलिकताका आंशिक विशेषताद्वारा प्रभावित सम्म भन्न सकिन्छ । हाल यस कोटीको उल्लेख गर्न सकिने अन्य उपन्यासहरूमा विनोदप्रसाद घितानको 'उज्यालो हुनु अघि', ध्रुवचन्द्र गौतमको 'अलिखित' आदिलाई लिन सकिन्छ । वास्तवमा आन्चलिक उपन्यासकारीताले त्यस क्षेत्रको शोध वा अनुसन्धानको पनि अपेक्षा गरेको हुन्छ । शिर्जनशीलता र पाठ्यिक शोध-खोजको सहप्रयत्नबाट मात्र यसप्रकारका उपन्यास लेखिने हुँदा विद्वहरूले यसको मर्म बुझेर मात्र आन्चलिकताको चर्चा गर्नु उचित हुन्छ । यस दृष्टिले बैरिनी घाटलाई आन्चलिकताको आंशिक प्रभावका रूपमा मात्र लिन सकिन्छ । वस्तुतः यो उपन्यास त्यस्तो लोकगाथा हो – जसमा नेपाली ग्रामीण शोषण, अशिक्षा, बेरोजगारी र अन्धविश्वासले न्याएको पछौटेपनको जीवन्त चित्रण पाइन्छ ।

***

मानेन र उसलाई सत्कार, सम्मानबाट निकाला गरिदिए । परमेश्वरको सृष्टि कथामा 'अदन' भन्ने मीठामीठा फलफूलयुक्त स्वर्गीय बगैंचा पनि थियो । त्यसमा एउटा फलको रूख नखानू भन्ने परमेश्वरको आदमलाई आज्ञा थियो । आदमलाई सबै कुराको सुख थियो तर उ एक्लो थियो त्यसै कारण एउटी स्त्री सृष्टि गरेर उसलाई आदमले जीवनसाथी दिए । उसको नाउँ हव्वा राखियो । सैतान दुष्टमति थियो । उसलाई आदम र हव्वाको सुख सह्य भएन उसले फकाईफुम्याई आदम र हव्वालाई त्यो अभक्ष फल खान प्रेरित गऱ्यो । आज्ञा उलङ्घनको फलस्वरूप परमेश्वरले ती दुवैलाई स्वर्गबाट निकालेर पृथ्वीमा बस्ने आज्ञा दिए । धुलोबाट जन्मिएको हुँदा तिमीहरूले एकदिन धुलो हुनुपर्छ । इस्लाम धर्मको यसकथाले केही महत्त्वपूर्ण कुरा सिकाएको छ- १. मनुष्य संसारको सर्वोत्तम सृष्टि हो । स्त्री उसको जीवनसाथी हो । ईश्वरको आज्ञाको पालन गरेमा स्वर्ग पाइन्छ, आज्ञा उलङ्घन गरेमा दुःख पाइन्छ । आदमले ईश्वरको आज्ञाको उल्लङ्घन गरेको भएर उसले मर्त्य लोकमा झर्नुपऱ्यो । पुण्यकार्य गरेको खण्डमा मानिस पुनः स्वर्गको राज्य प्राप्त गर्न सकछ ।

राइर कोइरालाको यस कथाले 'श्रीले पुण्ये मर्त्यलोके विशन्ति' को गीताको शाश्वत सन्देशलाई नै अनूदित गरेको छ । हिन्दू कथामा मनुबाट मानव भएको छ भने यस इस्लामिक कथामा आदमबाट आदमी यसरी दुवै धर्मबाट सृष्टि प्रसङ्गको उल्लेख भएको पाइन्छ । किस्तान धर्मको कथामा क्राइष्टको जन्म र बालक क्राइष्ट दुई भागमा विभक्त छ । बेथिह सहरमा भेडालाई दाना खुवाउने ठाउँमा क्राइष्ट जन्मेको खबर थाहा पाएर भेडा गोठालाहरू बेथेलिहममतिर गए । नभन्दै त्यहाँ त्यस्तै बच्चा जन्मेको रहेछ । क्राइष्ट जन्मेपछि त्यहा सर्वत्र मनोरम सुगन्धित वातावरण छाएको । अङ्गुरको बगैंचा फाकियो । हेरोडले क्राइष्ट जन्मेको थाहा पाएर बेथेलिहमका सबैजनालाई शिशुलाई मार्ने आदेश दियो । तर त्यसको अघिल्लो रात नै क्राइष्टका जोजेफ र मेरी बलकलाई लिएर देवदूतको आदेशअनुसार मिश्रको मरुभूमितिर भागे । जोजेफ रथ लिएर अजगरको अगाडि तिमीहरूले कसैलाई दुःख नदेउ भने । अजगरले क्राइष्टको पूजा गरे । जोजेफ जिसस र मेरी अगाडि बढे तर कुनै हिंस्रक जन्तुले उनलाई केही गरेन बरु सबै जन्तु उनका पछि लागे । बाटामा मेरीलाई ताडको फल खान मन लाग्यो ताडको अग्लो वृक्ष सुक्यो । ताडको जराबाट पानी निस्कियो, त्यहाँ पानीले तिनीहरूले तिर्सना मेटे । जिससले ताडको एउटा हाँगा स्वर्गमा लगाउने आदेश देवदूतलाई दिए । महापुरुषले जन्म लिने बेला वातावरण सुखद हुन्छ भन्ने कुरामा पूर्वीय र पश्चात्य दुवैको आस्था विश्वास भएको कुरा यस कथाबाट देखिन्छ । परोपकारी दयालु व्यक्तिले कस्तै व्यक्तिलाई पनि झुकाई दिन्छ भन्ने कुराको उदाहरण जीससले आफ्नी आमाको तिर्खा मेटन अग्लो ताडको वृक्षलाई नुवाइदिए ।

राइर कोइरालाको विश्वका धार्मिक कथाहरूमध्ये बौद्धधर्मको कथाअन्तर्गत भगवान् बुद्ध हस्तिपुत्रको रूपमा अवतीर्ण भएपछिको एउटा प्रसङ्गलाई लिएका छन् । यसको सङ्क्षिप्त कथा यस्तो छ -

एकपन्ट भगवान् बुद्धले छ ओटा सुन्दर दाङ्ग भएका हस्तिपुत्रका रूपमा अवतार लिन्छन् । एकदिन आफ्ना दुई हस्तिनी पत्नी चुल्ल सुभद्रा र महासुभद्राका साथ बसेको बेला एउटा हातीले सात फोहोरा भएको एउटा कमल आफ्ना मालिक बुद्धलाई चढायो । उक्त कमल उनले महासुभद्रालाई दिए । यो देखेर चुल्ल सुभद्रा पतिको विरुद्ध दुर्भावना जाग्यो । एकदिन बुद्धको पूजा गरेर उनले अर्को जन्ममा आफू राजकुमारीको रूपमा जन्म लिई विवाह गरेपछि काशीका राजाकी महारानी भै त्यस हातीलाई मार्न पाउने प्रार्थना गरिन् । केही समयपछि चुल्ल सुभद्राको मनोरथ पूर्ण भयो । काशी नरेशकी महारानीका रूपमा साठी हजार सिकारीलाई आफ्ना पूर्वपति हस्तिपुत्रका ६ ओटा दाङ्ग लिएर आउनु भनेर आदेश गरिन् । सात वर्ष सात महिना दिनमा शिकारीले हस्तिपुत्रलाई पत्ता लायो र बाणले उसलाई हानेर घायल पाऱ्यो । शिकारीसँग हस्तिपुत्रले आफूलाई मार्ने कारण सोढा उसले बेलीविस्तार लायो । हस्तिपुत्रले सबै कुरा पाहा पाए । आफैले आफ्ना दाङ्ग काटेर शिकारीलाई दिए । सात वर्षको बाटो सातै दिनमा हिँडिसक्ने शक्ति उसलाई प्रदान गरेर स्वयंले देहत्याग गरे । अर्को जन्ममा उनी सबाल्थी महान्तिनी भएर जन्मिन् । बुद्धको उपदेश सुन्न जान थालिन् । उपदेश सुन्दासुन्दा उनलाई पूर्वजन्मको स्मरण भयो । उपदेश सुन्दासुन्दै उनी रुन थालिन् तर बुद्ध हाँसे । शिष्यले महान्तिनी रुने र बुद्ध हाँसेको देखेर आश्चर्य चकित भए, यस रुनु र हाँस्नुको कारण सोधे, बुद्धले त्यसको वर्णन गरे ।

यस कथाले सीताने डाह, नारी हठ र पश्चाताप्को सजीव चित्रण प्रस्तुत गर्नाका साथै भगवान् बुद्धको करुणा र परोपकारिताको पनि दिग्दर्शन गराएको छ । नारीहरू साना कुरालाई तीलको ताड पार्दछन् । आफ्नो पतिको हत्या गर्नेसम्मको क्रूर कर्म गर्न उनी पछि पर्दैनन् । अन्त्यमा धिनीहरू आफ्नू कार्यमा पछुतो मात्र गर्छन्,

✍ डा. विष्णुराज आत्रेय

धार्मिक आख्यान र शङ्कर कोइराला उपाख्यान

शङ्कर कोइरालाको यस कृतिको पहिलो कथा हिन्दूधर्मको कथा हो। यसको मूलस्रोत पुराण हो। पौराणिक उपाख्यानलाई अत्यन्त सरल र संक्षिप्त शैलीमा आफ्नोपनमा प्रस्तुत गर्न सफल भएका छन् कथाकार शङ्कर कोइराला।

विश्वका पाँच धर्मका कथा लेखक शङ्करको पहिलो कथा हिन्दू कथा हुनुले उनको दृष्टिमा सबै धर्ममा समभाव भए पनि उनले हिन्दूधर्मलाई विशेष र पहिलो मान्यता दिएको विषय स्वतः स्पष्ट छ। व्यक्तिलाई आफ्नो भाषा, धर्म र संस्कृति बढी प्यारो हुन्छ र त्यसलाई उसले पहिलो प्राथमिकता दिएको हुन्छ भन्ने कुरा यसबाट छर्लङ्ग हुन्छ त्स्वधर्मे निधनं श्रेयः। कोइरालाका हिन्दू धार्मिक कथाको शीर्षक हो-'संसारको उत्पत्ति'। यो विश्व ईश्वरको अनौठो संरचना हो र यसबारे जानकारी हुनु हाम्रो कर्तव्य हो। सृष्टि र सृष्टिकर्ताको सम्बन्ध र सृष्टि प्रक्रियाको ज्ञान भए पछि हामीले जीवनको वास्तविक उद्देश्य बुझ्न सक्तछौं। संसारको उत्पत्तिको कथा यस्तो छ –

उहिले एकपन्ट राजा मनुले ठूलो तपस्या गरे। त्यसबीच उनको अगाडि एउटा सानो माछोले उनीसँग शरणागत हुँदै आत्मरक्षाको लागि प्रार्थना गऱ्यो। मनुले त्यसलाई शरण दिए। माछोलाई उनले सर्वप्रथम एउटा घडामा राखे। समय बित्दै जाँदा उसको शरीरमा परिवर्तन आउँदै जान थाल्यो। त्यसलाई उनले घडाबाट झिकेर कुण्डामा राखे। त्यो केही समयपछि त्यहाँ पनि त्यो माछा अटाएन। उनले त्यसलाई गङ्गामा सारे। गङ्गा पनि केही समयपछि उसलाई साँघुरो भयो अनि उसलाई मनुले महासमुद्रमा सारे। माछोले मनुबाट भएको उपकारको बदला कुनै दिन अवश्य चुकाउने प्रतिज्ञा गरेको थियो। सृष्टिको प्रलय हुने बेला आयो। त्यस माछोले मनुलाई यसबाट सुरक्षित हुन एउटा डुँगा बनाएर सप्तऋषिका साथ आफू पनि त्यसमा बस्न र एउटा काठको बाकस बनाई त्यसमा सृष्टि बीजहरू जम्मा गरेर राख्न सल्लाह दियो। मनुले त्यसै गरे अनि माछोलाई त्यसै डुँगामा बाँधी दिए। प्रलयकालभरि डुँगा पानीमा ढलपलढलपल गरिरह्यो। अन्त्यमा त्यो हिमालयमा टक्कर खाई अड्डियो। सृष्टिबीज सप्तऋषि मनुसहितको बाकस समेत माछाको सल्लाहअनुसार हिमालयमा उत्रे। माछो सृष्टिकर्ता ब्रह्मा थिए। यिनै सृष्टि बीजबाट संसारको उत्पत्ति भयो।

सृष्टिको उत्पत्ति नामक कथामा सानो माछालाई ठूलो माछोले खाने कुराको उल्लेख भएको छ। यसलाई पूर्वीय भाकामा मत्स्यन्याय भनिन्छ। यसलाई नै अराजकता भनिन्छ। जहिलेजहिले राष्ट्रमा अराजकताको स्थिति आउँछ, राजाले पीडित पक्षको सहायता गर्छन् रक्षा गर्छन्। त्यही कुरा माछोले राजा मनुलाई निवेदन गर्दछ। राजाको उत्पत्तिबारे पद्य यहाँ उदाहरणीय छ -

अराजकेहि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्
रक्षार्थमस्य सर्वस्य नजानमसृजत्प्रभुः।

यस संसारको उत्पत्ति कथामा प्रलयकालमा सबै पानीले डुबाएपछि सप्तऋषि सृष्टि बीजसमेत राजा मनुले चढेको डुङ्गा पहाडमा ठक्कर खाएको र डुङ्गा त्यसै पहाडमा बाँधी सबै पहाडमा ओर्लेको कुरा उल्लेख गरिएको छ। त्यो पहाड विश्वको सर्वोच्च शिर सगरमाथा नै हो भन्ने ज्ञानिफकारको विश्वास छ। यसरी यस कथाले राजा लोककल्याणकारी जनताको अनन्य सम्बन्ध उल्लेख भएको पाइन्छ।

शङ्कर कोइरालाको दोस्रो धार्मिक कथा हो इस्लाम धर्मको कथा। यसमा उनले सृष्टि र मनुष्यको पतनको कथा लेखेका छन्। यो कथा इस्लामिक कुराननँग सम्बन्ध छ। परमेश्वरले सुन्दर संसारको सृष्टि गर्ने इच्छानुसार प्रकाश, देवदूत र सूर्य, चन्द्र, पृथ्वी आदिको सृष्टि गरे। त्यसपछि अँलकर्ति माटो लिएर एउटा मूर्ति बनाए त्यसमा प्राण हाली उसलाई आदम नाउँ दिए। उसलाई आदमको सृष्टि सर्वोत्कृष्ट लाग्यो। सृष्टिका सबै विषयवस्तुको नाउँ उसलाई बताए। देवदूतहरूलाई पनि त्यस सुन्दर सृष्टि आदमको सत्कारसम्मान गर्न आदेश दिए। परमेश्वरको आदेश एउटा सैतानले

✍ ठाकुर शर्मा

शङ्कर कोइराला र उनको शीला उपन्यास

विक्रम संवत् १९८७ कार्तिक २७ गते मङ्गलवार बाबु ईश्वरीप्रसाद र आमा मित्रप्रियाका सुपुत्रको रूपमा जन्मेका ठकारप्रसाद कोइराला नेपाली साहित्याकाशमा शङ्कर कोइरालाको नामबाट प्रसिद्ध भए। आमाबाटै कान्छा उपनामबाट पनि साहित्यक्षेत्रमा चिनिने शङ्कर कोइरालाले स्नातकसम्मको शिक्षा हासिल गरेका थिए। उनको मृत्यु विक्रम संवत् २०५४ साल साउन २६ गते, आइतबार भएको थियो। निरन्तर रूपमा कलम चलाई जीवनयापन गर्ने शङ्कर कोइरालाले जाँगिरे पेशा पनि अँगालेका थिए। २००४ सालमा उनको पहिलो कथा 'शारदा' पत्रिकामा प्रकाशित भएपछि साहित्यलेखनप्रति आकृष्ट भएको अनुमान गर्न सकिन्छ भने अन्तिम रचना कथामा **जसको जवाफ छैन** शीर्षकको कथा हो। यो कथा 'दायित्व' मासिकको पूर्णाङ्क २९ (कथाविशेषाङ्क) मा प्रकाशित भएको थियो। 'माथिको आदेश' शीर्षकको हास्यव्यङ्ग्य उपन्यास लेख्नालेखै पूरा गर्न नसकेको प्रस्तुत उपन्यासको पाण्डुलिपिको अन्त्यमा लेखिएको 'अस्वस्थताका कारणले पूरा गर्न सकिनँ' ले स्पष्ट पारेको छ। यो अधुरो उपन्यास पनि दायित्वको 'शङ्कर कोइराला विशेषाङ्क ३०' मा प्रकाशित भएको छ। त्यही पूरा गर्न नसकेको भन्ने अन्तिम वाक्यलाई शङ्कर कोइरालाकै हस्ताक्षरमा राखिएको छ। जीवनको अन्तिम अवस्थासम्म कलम चलाइरहेको उदाहरण हो - यो। पाँच दशकभन्दा बढी समय नेपाली साहित्यका विभिन्न विधामा छरिए पनि शङ्कर कोइराला मूलतः गद्यविधाका कथा र उपन्यासमा कलम चलाउने वरिष्ठ साहित्यकार हुन्।

धेरै सेसेर पनि खासै चर्चामा आउन नसकेका लेखकले करीब चालीसभन्दा बढी उपन्यास नेपाली साहित्यमा दिएको देखिन्छ। तीमध्ये २०१८ सालमा प्रकाशित **बैरिनी घाट** उपन्यास नै सर्वाधिक चर्चित उपन्यास हो तर ४० वटा उपन्यास लेख्ने साहित्यकार भने नेपाली साहित्यमा छैन कि जस्तो लाग्दछ। यिनका कतिपय उपन्यास व्यावसायिकजस्तै देखिए पनि समसामयिक युगको चित्रण गर्नमा बेजोड देखिन्छन्। सामाजिक धरातलमा उभिएर नै उनी उपन्यास लेख्छन्। उनका विभिन्न सामाजिक उपन्यासमध्ये **शीला** उपन्यास पनि एक हो २०४६ सालको जनआन्दोलन पश्चात् अर्थात् २०४७ मा प्रकाशित भएको **शीला** उपन्यास लघु आकारको भए पनि समसामयिक घटनालाई समेट्न सकेको छ। यो सरल प्रकृतिको एवं जनआन्दोलनको भुमरीमा पनि प्रेमकथालाई सफल तुल्याउन सकेको र समाजमा रहेका स-साना कुराहरूलाई प्रष्ट्याउन खोजेको उपन्यास हो। यसमा धेरै पात्र छैनन्। क्याम्पसमा पढ्ने छात्रछात्राहरूमा रमेश, अतुल, दिवाकर, खगनाथ (क्याम्पसमा भाषण गरीगरी हिँड्ने विद्यार्थी नेता), रूपा, शीला आदि हुन् भने मन्त्री पञ्चबहादुर निर्भीक दुर्गादेवी, प्रीति, रवीन्द्र आदि क्याम्पस बाहिर का पात्रहरू देखिन्छन्। यिनै पात्रहरूको सेरोफेरोमा उपन्यास घुमेको छ। १८ अनुच्छेदमा विभाजित यस उपन्यासमा शुरूदेखि अन्त्यसम्म जनआन्दोलनकै कुरा गरिएको अनुभव भए तापनि शीला र रवीन्द्रको प्रेमप्रसङ्ग मुख्य कथावस्तुको साथसाथै दोस्रो कथावस्तुको रूपमा प्रेमकथा पनि आफ्नै ढङ्गबाट रोचकतापूर्वक अगाडि बढेको छ। १८ अनुच्छेदमा आबद्ध यस उपन्यासमा भाषाशैलीको दृष्टिकोणबाट सरल अवश्य छ तर प्रेमप्रसङ्ग समावेश गरिए पनि त्यतातिर पाठकको मन जानुभन्दा जनआन्दोलन र देशको विग्रँदो परिस्थितितिर बढी आकृष्ट भएको छ। यसमा समय, परिस्थितिको प्रभाव बढी परेको हुन सक्छ। बढी मात्रामा क्याम्पसको स्थिति, राजाको सवारी, व्यवस्थापनपक्षको कमजोरी, जनताको

मनस्थितितिर नै बढी केन्द्रित रहेको देखिनु नै यस उपन्यासको कथ्य हुन पुगेको छ। स्वयं उपन्यासकार ले नै लेख्न आवश्यक ठानेको प्रसङ्ग भनेका छन् –'जनआन्दोलनको पृष्ठभूमिमा, आदर्शको बलिवेदीमा प्रेमी-प्रेमिकाहरू ज्यूज्यान अनि जीवन चढाउन समेत बाध्य थिए.....।'

यसर्थ प्रेमप्रसङ्ग गौण बन्न पुगेको छ। देशप्रतिको सोचाइ नै मुख्य रहेको स्पष्ट देखिन्छ। यसैको पुष्टिको लागि परिच्छेद १ देखि १८ परिच्छेदसम्म कथावस्तुलाई कसरी लगिएको छ र टुङ्ग्याइएको छ संक्षेपमा हेरौं –

(१) सि.के.क्याम्पसमा १५/२० जना छात्र/छात्राको पढाइ भइरहेको अवस्थामा यस उपन्यासकी नायिका शीलाको कक्षाकोठामा प्रवेश हुन्छ। ऊ क्याम्पसमा अध्ययनार्थ आएकी छात्रा हो। ऊ राखी छ, सबैका जिज्ञासु आँखाहरू उसैतिर तानिन्छन्।

(२) शीलाको परिचय रमेशले सुनाउँदा ऊ स्वयं अचम्मित हुन्छे। बन राज्यमन्त्रीकी कान्छी छोरी शीला, चायप्रिसको कृष्णकुटीमा बस्ने, भैरहवामा स-भिन्न भएको समेत रमेशले सुनाउँछ। उसका साथीहरू रूपा, सुप्रिया, सावित्री, विजया आदिसँग भेट गराउँछ। यसैमा कृष्णहरि शर्मा नेपाली विषयका प्राध्यापक, कवि, लेखक, साहित्यमा रुचि राख्ने एउटा हातमा चुरोट लिएर अर्को हातमा कपी-किताबसहित कक्षा कोठामा पस्छन्। वर्तमान व्यवस्थाको समर्थक बन्न उच्च ओहदामा रहेका व्यक्तिहरूको ढोकाढोकामा पुगे काम गर्न समेत उनी पछि पर्दैनन्। विद्यार्थीहरूलाई पढाउँदा अनावश्यक कुराहरू बढी गर्ने, बढी साहित्य छाँट्ने बानी कृष्णहरिको छ। यसले तत्कालीन अवस्थाका शिक्षकहरूको प्रतिनिधित्व गरेको छ।

(३) वि.सं.२०३६ को जनआन्दोलनको प्रसङ्गसहित पुनः प्रजातन्त्रको लागि क्याम्पस/क्याम्पसमा आवाज उठाइएको प्रसङ्ग व्यक्त भएकं छ। यहाँ विद्यार्थी नेता खगनाथले भाषण गरेको प्रसङ्ग न्याएर क्याम्पसको गतिविधिलाई देखाइएको छ।

(४) देशको स्थिति बिग्रेको, जनताहरू झन् गरीब हुँदै गएको आदि कारणले आन्दोलनको स्थिति सिर्जना भएको छ। जसले गर्दा पढाइमा व्यवधान आएको छ। बन राज्यमन्त्री पन्चबहादुर निर्भीकको पारिवारिक वातावरणमा उनका तीन छोरीमध्ये जेठी रञ्जना इन्जिनियरीङ्गमा, माझिली छोरी डाक्टरी पढ्न विदेश गएकी र कान्छी छोरी शान्ती चाहिँ बाबुकी प्यारी छोरी भएकी हुनाले नेपालमै बसी पढिरहेकी छ। बाबु-छोरीको बीचमा आन्दोलन सम्बन्धी कुराहरू हुन्छन्। यसमा क्याम्पसमा भएका आन्दोलन सम्बन्धी गतिविधिको चर्चा गरिएको छ।

(५) शीला क्याम्पसबाट घर फर्कंदा अतुल पौडेलले ट्याक्सी रोकाएर सहयोग गर्नु, अतुलको शीलाप्रतिको आकर्षण हो शीलाकी आमा दुर्गासँग कुराकानी, घरमा दिदीहरूको पत्र आएको छ। विदेश गएका मन्त्रीका छोरीहरूले ब्वायफ्रेण्ड खोजेको प्रसङ्ग र जथाभावी फोनमा खर्च गरेर सरकारी पैसा सिध्याउने गरेका कुराहरूलाई यसमा समेटिएको छ।

(६) क्याम्पसमा उच्छृङ्खल केटाहरूको गतिविधि देख्दा शीलाको पढ्न मन मरेको छ। आज मने दिदीहरूजस्तै विदेश पढ्न गएको भए ठीक हुन्थ्योजस्तो शीलालाई अनुभव भयो। रवीन्द्रसँग फोनमा कुराकानी हुन्छ। बाबुले शीलालाई ब्वायफ्रेण्डसँग कुरा गरेको भनेर जिस्क्याउँछन्। मन्त्रीसँग भेट्न आउने मानिस विशेषरूपमा देखाउनुको साथै व्यवस्थामा देखिएका कमी कमजोरीहरूलाई पनि देखाइएको छ।

(७) आन्दालनको क्रममा बिना मुद्दा विभिन्न क्षेत्रका मानिसहरू धुनिनु, त्यस सम्बन्धमा बाबुसँग प्रश्न गर्नु तर त्यसको कुनै समाधान नभएको, मन्त्री घरबाट निस्कँदा भेट्ने मानिसहरूको भीडलाई पन्चउँदै मोटरसम्म पुग्नुपरेको र शीलाले रवीन्द्रसँग कुरा गरेको प्रसङ्ग देखाइएको छ।

(८) तत्कालीन व्यवस्थासम्बन्धी कुराकानीका साथै यसमा केही प्रेमप्रसङ्ग पनि उभ्याइएको छ। रवीन्द्र र शीलाको सानैदेखि चिनजान, रवीन्द्रसँग शीलाको अव्यक्त प्रेम, उसँग भान्नसमेत केही नमान्ने मनस्थिति प्रसङ्ग आमालाई थाहा भएको तर बाबुलाई भने थाहा नभएको प्रसङ्ग, एस्.एस्.सी.पास गरेपछि रवीन्द्र पढ्नको लागि इलाहाबाद लागेको प्रसङ्गहरू यसमा समेटिएका छन्।

(९) क्याम्पसमा राजनैतिक आन्दोलनको कारण

पनि घरबार बन्धक राखेर घर परिवार र पत्नी गौरीसम्म छाडेर भान्न तम्मेको भीमेको आफ्नै पीडा झल्कन्छ। जगते र मालती बालककालदेखि साथसाथ हुर्केर प्रेमभावमा बाँधिए पनि जगतेको प्रेम-कल्पना र मालतीको निष्क्रियतालाई अन्ततः चिरेर दुवै भिन्न सफल हुन्छन्। कुनै पनि प्रेम पक्षमा उपन्यास सरलीकरणतिर बढेको देखिन्छ। प्रेममा शान्ति, धैर्य र प्रतीक्षाले ठूलो भूमिका खेलेको छ, न उच्छृङ्खलता छ, न उद्वेग, न हतार, न अशान्ति। उपन्यासमा कथ्य जुन सरलता स्वाभाविकतामा बगेर गति लिइरहेको हुन्छ पात्रका स्वभाव, मनोभाव, विचार र प्रेमले पनि स्वभावगत सरलतासाथ त्यही गतिमा मात्र बगाउन सक्नु शङ्कर कोइरालाको नै बशको कुरो ठान्नुपर्छ। उपन्यासले एक मात्र ठाउँमा प्रेमलाई सामान्य परिधिभन्दा माथि लगेर उड्डिन पार्ने प्रयास गरेको छ। उत्तेजना सम्म जगाउने र जगतेमा मात्र देखिएको गुम्फित प्रेमलाई मालतीको पनि स्वीकारोक्ति छ भन्ने सङ्केत छरेको छ।

'जगतेले उसको हात समात्यो अनि उसको मारा शरीरलाई च्याप्यो। उसले माथा प्रेमको भाव दर्साउन नै यस्तो गरेको थियो। अनि यसभन्दा बढी माया दर्साउन पनि ऊ असमर्थ थियो। उसको मुटु ढुकढुक गरिरह्यो। मालतीको मुटुको ढुकढुकीसित निलेर। उसको आँखासित आँखा, गालासित गाला, सासंसित सास। कति तातेका दुवैका शरीर! उसको शरीरमा मालतीको शरीर फति गल्थाकगुलुक लत्थाकसुतुक मानौं! निद्रामग्न-दुवैजना एक छिनसम्म आफ्नो मौन भावनामा एक अर्का माथि निद्राए स्वप्न संसार सजाएर।' अब मालती उसको हात खुस्काएर उम्किन लागी-जगतेलाई होस भयो। प्रेम यही होला।

चरित्रचित्रण र विशेषता:

प्रस्तुत कौशीको फसीले चरित्रवर्णन वा कथ्यप्रस्तुति अनुरूप निश्चय नै सबै पात्रमा यो कुरो लागू गर्न सकेको छैन तापनि सन्तबहादुरको पाठकले नबुझ्ने चरित्र रहस्यपूर्ण छन् र अन्तमा नाटकीय ढंगले समाधान पाउँछन्। सन्तबहादुरकी कान्छी नबीन तरुनी पत्नी क्रान्तिकारी हो वा अतिनै चतुर, यो रहस्य रहस्यनै रहन्छ। भागेकी दोश्री पत्नीको सम्बन्धमा पनि यस्तै शङ्का गर्न सकिन्छ। पहिली पत्नी सरल, सोझी र पतिले छोडेकोमा पीडित रहेर पनि उसको पतिप्रतिको भाव खुन्दैन मानौं उसलाई कुनै कुरोको रत्तीभर परवाह छैन, जस्तो चलेको छ जीवनशैली चन्द्र भने झैं। जानकीको अतीत पाठकभित्र कौतुहल मात्रै छाड्छ, निराकरण पाउन्न। जगतेमा उकुसमुकुस रहेका यस्ता अनेक गुम्फन, पीडाहरू थोरै मात्र निस्कन्छन्, ऊ आफै शङ्का राख्छ र समाधान सोच्छ। या त लेखक पाठकलाई नेपथ्यमा बसेर जानकारी दिन्छन्। कथ्यभित्र पात्रमा उठेका शङ्का वा रहस्य पात्रबाटै खोलिनु उत्कृष्ट पक्ष हुन्, यसलाई कौशीको फसीले अपनाउन सकेको छैन। जगतेभित्र उठिरहेको शान्त, भित्र भित्रै उकुसमुकुसिएका र यदाकदा देखिने क्रान्तिकारी छवि उपन्यासको सबैभन्दा कौतूहलपूर्ण चरित्र-वर्णन हो। मालतीको सामान्य र निष्कलंक छवि, चन्द्रप्रसादको बाहिर सोझो भित्र चतुर छवि, डेमरामसेरको कुर चरित्र-वर्णन, गौरी, भीमे, कान्छ, रामबहादुरको गाउँले सरलपन र एकासी देखिने अन्याय-विरुद्धको गुम्फन उपन्यासको चरित्र-विश्लेषण हुन्। धेरै चरित्र वर्णनमा नेपथ्य नायक लेखक र पाठहरू बीचमै असमलिन्छन्, चरित्र-चर्चा, सोचाइ निस्कर्षमा पुग्दैन। सायद यसै कारण यदा कदा शङ्करलाई 'असमलिएको उपन्यासकार'को आरोप पनि लागेको होला। तर चरित्रगत निष्कर्ष नदिनु र पाठकमै छाडिदिनुलाई पनि शङ्करको प्रवृत्ति वा शैली ठान्न सकिन्छ। उनको शैली र विचार पाठकलाई कुतूहलतामै र राख्ने हुनसक्छ। जे भने पनि शङ्करले पाठकलाई चिन्न, स्पष्ट अभिव्यञ्जना दिएका छन्।

समसामयिक जनचेतना, जनभावना, जनसमस्या जस्ता विषय लिएर त्यसमै कलम चलाउने उपन्यासकार शङ्कर कोइराला आज हामी बीचबाट अस्ताए पनि कृतित्वको अमरताले बाँचिरहनेछन्। ती जस्ता छन् त्यस्तै रहने छन्। त्यसलाई हेर्ने हाम्रो र युगको आँखा भने युगअनुसार परिवर्तन भइ नै रहने छन् र अति परिवर्तन भए पनि इतिहास इतिहास हो र त्यो रहनेछ।

-चाबेल-७, काठमाडौं

***

पाइन्छ र अन्तमा सन्तबहादुर सबैलाई जगाउन सफल हुन्छ । चन्द्रप्रसादको कौशीमा राखेको फर्सीलाई जगतबहादुर तोपको गोला देख्छ, बम देख्छ । सन्त र गाउँलेसँग भएको चन्द्रप्रसादको संघर्षमा फर्सीले चन्द्रप्रसाद परिवारको लड्ने साधन बन्छ । अन्ततः कौशीको फर्सी सकिएपछि सन्त र गाउँलेहरू चन्द्रप्रसादको घर नष्ट पार्छन् । सन्तबहादुरको छवि आरंभदेखि संकेत-रूपमा क्रान्तिसमर्थक देखिन्छ तर प्रयोग अन्तमा मात्र हुन्छ । यता देशभरी राणाविरोधी क्रान्ति भइरहेको र क्रान्ति दबाउन, सैनिक बनेको जगतेलाई वीरगन्जमा पठाइएको र ऊ त्यहीं मरे पनि उसकै मालतीको कोखमा रहेको बच्चालाई 'जगते जन्मिरहेछ' भन्नु जति ठूलो क्रान्ति भए पनि, जसको अन्तभए पनि अन्याय, अत्याचार मर्दैन, र तिनका नेतृत्व गर्ने शक्ति र लड्ने शक्ति पनि जन्मिरहन्छन् भन्ने संकेत देखिन्छ । उपन्यास मानव, समाज र देशप्रति चिन्तनशील छ । संपूर्ण अन्याय, अत्याचार, शोषण, दुराचार, विसंगति हटाएर मानवीय हितको लागि देश र समाज सुधार्ने संकेत गर्दछ ।

गाउँले र शहरी जनजीवनः

प्रस्तुत कौशीको फर्सीले शहरी वातावरणलाई समेट्ने प्रयास गरे पनि जनजीवनलाई छोएको छैन । उपन्यास पूर्णतः गाउँमुखी बनेर रहेको छ । आरंभमा देखा परेको थोरै शहरी वातावरणले पनि अप्रत्यक्ष रूपमा भए पनि शहरी जीवनको संकेत चाहिं अवश्य गर्दछ । भाषिक प्रयोगले पनि गाउँ समेटेको देखिन्छ । गाउँले जनजीवनलाई नजीकबाट भोगिसकेका शहर कोइरालाको लागि यो कठिन कुरो रहेन । गाउँले जनजीवनका सानाभन्दा साना व्यावहारिक पक्षलाई उपन्यासकारले पाठकलाई सजिलै गाउँसम्म पुऱ्याइदिन्छन् । गाई ब्याउनु, गुईंठा पार्नु, दाउरा काट्नु, गाईको लागि कुँडो पकाउनु, मान्छेको बाहिरी वा भित्री चित्रण, उनीहरूको सोच्ने तरीकासम्म पनि सरल गाउँमुखी स्वाभाविक भएको पाइन्छ ।

'बसीको मन्द उज्यालोमा गाई गोबर गहुँत बीच बसिरहेको देखिन्थ्यो । देखादेखै गाईले एउटा बाच्छो जन्मायो र परालको बुजोसहित बाच्छोलाई चाट्न थाल्यो । माइजूले बाच्छोको पुच्छर उचाल्दै हेरिन्-'बाच्छो' भनिन् ।'

यस उपन्यासले दिएको मानवीय जन-जीवनको स्वाभाविकता र सरलता नै यसको सबैभन्दा सफल र उत्कृष्ट पक्ष हो । आरंभदेखि अन्तसम्म स्वाभाविकता झल्किरहन्छ गाउँलेपनको भावना र स्वभाव झल्कि हेरौं :-

जगते घरभित्र गयो । दलिनको एउटा भाँचिएको काठमा अड्काएको टोपी लगायो र जुत्ता नलगाई बाहिर निस्क्यो । फेरि के सम्झेर भित्र पस्यो, जुत्ता लगायो । उसले काठमाडौं जाँदा यो जुत्ता १५ रुपियाँमा किनेको थियो ।.... उसलाई गाउँमा बसरी हिंड्नु गुण्डो जस्तो पनि लाग्दथ्यो । मालती पनि उसलाई जिस्काउँथी-'बा पड्ढा' ।

बसरी गाउँले-जीवनको सजीव चित्रण कौशीको फर्सीमा आखाँले सामुन्ने देखेझैं उतारिएको छ । कृतिको सफलता र असफलताको एउटा सिंगै पाटो सजीवता हो । यस अर्थमा यस उपन्यासको वातावरण, जनजीवन, मानवीय चित्रण र पात्रहरू गतिशील छन्, स्वाभाविक छन् र सजीव र जीवन्त देखिन्छन् ।

प्रेमः

सन्तबहादुर र उसकी पहिली पत्नीको कुन कारण र किन बेमेल भयो, यसलाई उपन्यासले मौन नै राखे पनि उसकी पत्नीको भित्र गुम्सिएको प्रेमभावलाई समेत उपन्यास सङ्केत गर्न सक्तैन । सन्तबहादुर र उसकी माहिली पत्नीको प्रेम एउटा आवेगमा भए झैं वा पात्र-चुनावमा सन्तले गलत गरेझैं देखिने र उसले सन्तको संपूर्ण सम्पत्ति चोरेर लानुले प्रेमको अर्को पाटोको पनि संकेत उपन्यासले गर्न खोजेको अनुभव गर्न सकिन्छ । भने तेस्री पत्नीको जगतेसँगको वार्तालाप र जगतेको विरलेपछले समेत निस्कर्ष दिन नसकेको उसकी सन्तकी एउटी पत्नी गाउँमा रहेकी र एउटी भागेकी कुन्दा सुन्दै सन्तसँग रमाइरहेको स्वभाव यी दुई बीचको प्रेमलाई अन्यौलमै छाडिदिन्छ उपन्यासले ।

राजाको केवल तरुनी भोग्ने र पेट बोकाउने प्रवृत्तिमा फसेकी जानकी र उसको पछिसम्मको राणा डेमसँगको साङ्केतिक भेट र जानकीको प्रेम गुम्फन एकातिर छ भने अर्कोतिर ऋण लिएर भए

घरपकड शुरु भएको र विद्यार्थी नेता बगनाथलाई पुलिसले समतेको, शिक्षा मन्त्रीले क्याम्पस निरीक्षण गरे रे भन्ने हल्ला चलाएको कुराहरू यसमा समावेश गरिएको छ ।

(१०) शीलाले रवीन्द्रलाई सम्झिरहने कुराबाट क्याम्पसमा छात्रछात्राहरू बीच जनआन्दोलनको विषयलाई झल्क तीव्र पार्ने कुरामा विद्यार्थी लागेको, विद्यार्थी नेता बगनाथलाई कहाँ लगेका छन् ? बिना मुद्दा जेलमा सड्नलाई बाध्य बनाइएको छ ? यस्तै कुराहरूबाट विद्यार्थी आक्रोशित भएको प्रसङ्ग न्याइएको छ ।

(११) रवीन्द्रसँग शीलाले प्रेमका कुरा गरेकी छ, रवीन्द्रले बिहेको कुरा गर्दा झल्टान गर्छ । आमा दुर्गादेवीले थाहा पाउँछिन्, रवीन्द्रलाई लफङ्गाको संज्ञा दिन्छिन् र छोरीलाई क्याम्पस जान बन्द गर्छिन् । यसमा आन्दोलनको प्रसङ्ग पनि छ - 'मुनिर्याँका शोषित, पीडित जनतालाई अगाडि धकेल्दै पुराना चालचलनलाई भिन्काउँदै गएको छ जसरी मानिस आफूले लगाएको कपडा झुको मैलो हुँदै कसिने र फाटने भए पछि नभिन्काई धरै पाइँदैन ।' यसरी व्यवस्थामा लागेको मैलो हटाउने कुरा प्रस्तुत गरिएको छ ।

(१२) रवीन्द्रसँग कुराकानी भयो भनेर शीलाकी आमाले आफ्नै घरमा शीलालाई थुन्छिन्, मानसिक पीडाले शीला आत्महत्या गर्ने कुरा सोच्दासोच्दै मूर्छा पर्छे ।

(१३) बिहान आमा कोठामा मूर्छित भएकी शीलालाई देखिन्छ, डाक्टर बोलाएर घरमै उपचार थालिन्छ, डाक्टरले खास केही होइन मानसिक तनावले बेहोस भएको हो आतिनु पर्दैन भन्ने जानकारी दिन्छन् । बाबु घरमा छैनन् राजाको सवारीमा पोखरा गएका छन् । फोनमा कुराकानी हुँदा फुर्सद नभएको डाक्टर लाई नै झिम्मा लगाऊ भन्छन्, घर आउने कुरा गर्दैनन् । मन्त्रीलाई घरको भन्दा पनि व्यवस्था जोगाउने र आफूलाई बचाउनेतिर मात्र सोच हुन्छ । राजा गाउँगाउँ घुमेको, पोखरामा बसेको, राजासँग पञ्चबहादुर निर्भीक संगसँगै रहेको, राज्यमन्त्रीबाट मन्त्री बन्ने हल्ला चलेको पसङ्गलाई देखाइएको छ ।

(१४) पोखरामा राजारानी सवारी भएको अवस्थामा आन्दोलनले तीव्रगति लिएको हुन्छ । क्रमाक्रम क्याम्पसहरू वि.वि.बि.ले बन्द गर्न थालेको छ । विद्यार्थी, प्राध्यापक पकाउ परेका छन् , विरोध सभा हुन्छ । यहाँसम्म कि पञ्चायती व्यवस्था मुर्दाबाद भन्ने नारा पनि लाग्छ । राजसिंहासन नै हलिन थाल्यो । रवीन्द्रको बाबु लुद्रनाथ सि.डि.ओ. भएकोले सरकारको मानो खाएको हुनाले छोराबाट हाँकी खानु परेको कुरा र मन्त्री पञ्चबहादुरकी प्यारी भएकी छोरी शीलालाई समेत बशमा राख्न नसकी जिउँदो लासजस्ती मन्त्री भएको कुरा देखाइएको छ ।

(१५) रवीन्द्रको रूपासँग बिवाह गर्ने विचार बाबुआमाको हुन्छ । त्यहाँ रूपासँग बसेकी शीलालाई फोटोमा देखेर मन बदलिन्छ । 'मैले रूपासँग बिहे गरें' भने विश्वासघाती ठहरिनेछु' भन्ने ठान्छ । पहिले बसउठ गरेका घटनाहरू सम्झन पुग्छ । पञ्चबहादुरले आफ्नो सम्पत्ति लुटिने डरले बगैंचामा गाड्छन् । यो शीलाले देख्छे र रवीन्द्रलाई फोनमा बताउँछे । रवीन्द्रले पनि आफ्ना भावनाहरू शीलासँग पोख्छ । भेट्ने वाचागर्दै फोन राखिदिन्छ ।

(१६) रातीको समय छ, शीला भाग्ने नियतले घरबाट निस्की । डाकहरूको धम्कीले पञ्चबहादुर दम्पती भयाल ढोका थुनेर बसेका छन् । अचानक 'बत्ती निभा' भन्ने आवाज आयो, कसैले भयालको ऐना फुटाली दियो, बासको वातावरण सृजना भयो । अरू कुनै घटना घट्न पाएन । शीला आफ्नो कोठामा नभएको कुरा नोकर रामबाट पञ्चबहादुरले थाहा पाए ।

(१७) बाहिर कर्फ्यू लागेको छ । राज्यमन्त्री छँदा हथ्कीदफ्की भएका पञ्चबहादुर नोकर रामसँग बसेर रक्सी पिउन लागे र भन्न थाले 'आज खुशियाली मनाउने प्रजातन्त्रको खुशियाली' । रक्सीको सुरमा अब आउने व्यवस्थालाई स्वीकार्ने कुरा बताए रामेलाई । त्रसित वातावरणमा त्यो रात बित्यो ।

(१८) टोलटोलमा मानिसहरू व्यवस्थाप्रति घृणा जनाउँदै पुतला जलाउने कार्य गरिरहेका थिए । त्यस अवस्थामा घरबाट शीला निस्केकी थिई । रवीन्द्रले फोनमा भेट्ने वाचा गरे मुताबिक होटल हिन्दू अगाडि गएर रोकिई, धेरै समय रोकिई । त्यसरी पौंटी पुग्दा हिंड्दा डराइरहेकी थिई, मनमा

राङ्गा लाग्न थाल्यो, त्यसैकैमा कसैले समात्यो, मुखबन्द गरिदियो र घिसार्दै अँध्यारो कोठामा लगेर अर्द्धमूर्च्छित अवस्थामा लडायो। रवीन्द्र पनि शीला भेट्न हिन्दू होटलमा आएको थियो । कर्फ्यू लागिरहेको बेला शीलाको प्रतीक्षामा बसिरहेको थियो। सैनिकको 'ड्रन्ट' को आवाजले डराएर भाग्यो, शीला लगेकै ठाउँमा पुग्यो । जसले शीलालाई लगेका थिए त्यहीं पुगेर बास माग्यो। शीला त्यहाँ भएको थाहा थिएन । ती गुण्डाहरू रहेछन् पैसा भएपछि जे दिन पनि तयार । एकघण्टाको २० रुपियाँले शीला भएकै कोठामा पठाए। रवीन्द्रलाई केही थाहा थिएन अर्द्धमूर्च्छित युवती देख्दा अचम्मित भयो कस्तो अचम्म जसको प्रतीक्षामा थियो ऊ यहीं छ । दुवैले अचम्मित हुँदै अकस्मात् नाम साटासाट गरे ।

'भगवान्‌ले हामो चाहना पूरा गरे शीला' ? 'ती जो सुकै बदमाश हून् तर हाम्रा लागि देवता हून् हैन त शीला ? हर्षाश्रु झार्दै रवीन्द्रले भन्यो। यसरी उपन्यासलाई मिलनमा टुङ्ग्याइएको छ। यसरी गरिएको टुङ्ग्याइबाट उपन्यास संयोगान्त बन्न पुगेका छ ।

समष्टिमा अवलोकन गर्दा यस उपन्यासले २०४६ को आन्दोलनलाई नै प्रष्ट्याउन खोजेको छ। शीला र रवीन्द्रको प्रेमभावना उपन्यासको अन्यको घटनाले प्रष्ट्याएको छ। प्रारम्भदेखि भने कतै पनि प्रेमको कुरालाई उद्देश्य बनाएको भन्ने अनुभूति हुँदैन। प्रमुख पात्रको रूपमा रहेकी शीला क्याम्पस प्रवेश गर्दा रमाइलो अनुभवबाट उपन्यास प्रारम्भ हुन्छ। उपन्यासकारले उपन्यास लेख्न बस्दा जनआन्दोलनको बेला सबै लागेका थिए, प्रेमी प्रेमिकाहरू पनि यसमा ज्यूज्यान दिन तयार भए भन्ने देखाउन खोजेको भए तापनि समय वातावरणले पाठकलाई कलुषित राजनीतिप्रति रुष्ट विद्यार्थी, जनता, देशभक्त आन्दोलित भएको कुरालाई बढी प्राथमिकता दिएको हुनाले नै आन्दोलनप्रति आकृष्ट गर्छ। प्रेमीप्रेमिकाको भेट हुँदा पनि देवसंयोगजस्तो किसिमबाट अन्य गर्नाले उपन्यासकारको दैवीशक्तिप्रति विश्वास गर्नुलाई जनाउँछ तर जीवन कसैको हातमा अवश्य छैन। कर्म गर्दै जानुपर्छ, कर्मको फल जस्तो रोपेको छ त्यस्तै पाइन्छ। दुवैले एक-अर्कालाई सानैदेखि चाहन्थे त्यो अवश्य पूरा भएको छ।

अन्य पात्रमा पनि त्यस्तै देखाउन खोज्नुको उदाहरण-पञ्चबहादुर निर्भीक उसको जनताप्रति आस्था-विश्वास थिएन ऊ केवल स्वार्थमा लिप्त थियो। तसर्थ समयले साथ दिएन। यी सम्पूर्ण कुराहरूलाई हेर्दा २०४६ सालको आन्दोलन आउनुको कारण, त्यसभित्र रहेका विकृति, विसङ्गति देखाउन **शीला** उपन्यास सफल नै भएको छ भन्दा अतिशयोक्ति नहोला, अस्तु ।

लिफन, काठमाडौं
२०५८ भाद्र २५

★★★

बडा दशैं तथा शुभ दीपावली २०५८ को सुखद् उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

पानीको धारा वरिपरि सधैं सफा गरौं
खेर जाने पानी करेसाबारीमा लगाऔं

खानेपानी तथा ढल निकास विभाग
(वातावरणीय सर-सफाई शाखा)
पानीपोखरी, काठमाडौं

शुभ रही, स्वस्थ बनी

मनभित्रका उकुसमुकुसलाई सांकेतिक रूपमा प्रस्तुत गरिरहेको र वातावरण र स्थान, परिवेशहरू वर्णन भइरहेको पाइन्छ । नेपथ्यका पात्र बनेका कोइराला पात्रहरूको अनेक उत्कंठा द्वन्द्वमै छाडिदिन्छन् भने अनेक विषय सांकेतिक भाषामा धेरै कुरा बुझाउन सफल छन् । संवाद कतै खुल्ला खहरेको वेग झैं स्पष्ट कुँदेको पाइन्छ त कतै मानवीय भावनाका गुम्फनभित्र उकुसमुकुस भएको र दबेको उपन्यासकार कोइरालाको शब्द-चित्रबाट बुझिन्छ । उपन्यासको मूल उद्देश्य अन्याय-अत्याचार, सामाजिक कुरीति विरुद्ध पात्रहरूलाई धैर्य र शान्तिसाथ संघर्ष गर्न सिकाउँछ। मानव-चरित्रगत विस्तृत चर्चा पनि उपन्यासले दिइरहेको हुन्छ। जानकी, सन्ता, जगतेको संपूर्ण जीवन-गति यसले प्रष्ट्याएको देखिन्छ। पात्रहरू कथा-बनोटको दृष्टिमा जानकी, जगत, मामती, चन्द्रप्रसाद सशक्त छन् । जगतेको सेरोफेरोमा घुमेको कौशीको फर्सीमा सबै पात्र उतिकै सशक्त अवश्य नहोलान् तर व्यर्थ र बेकारको पात्र कोही पनि लाग्दैन ।

१० परिच्छेदमा ९६ पृष्ठमा ५×७ इन्च साइजमा बिन्दु प्रकाशन आसामबाट प्रकाशित प्रस्तुत उपन्यासको कथावस्तु जगतेको मानवीय मनका भावनासाथ उसका पारिवारिक, सामाजिक सेरोफेरोलाई समेट्दै विस्तृतता सिंदै एउटा बच्चो गर्भे टुहुरो मालतीको पेटमा छाडेर वियोगान्त सकिन्छ ।

कौशीको फर्सी उपन्यासमा घटनाक्रम स्वाभाविक र सहज बगेर गएको पाइन्छ । नारकीय पनबाट यसको कथावस्तु टाढा देखिन्छ। घटनाक्रम सरल ढंगले एकपछि अर्को हतारो नगरी प्रस्तुत भएको पाइन्छ। घटनाहरूमा गति र संगति दुवै स्पष्ट झल्कन्छ, पात्रका क्रियाकलापहरू प्रभावात्मक भेटिन्छन् । मानवीय उद्वेग, विषमता, अन्तर्द्वन्द्व र घात-प्रतिघातहरूलाई उपन्यासले कथा-बनोटभित्र हुलेको छ । अभिव्यक्तिमा भावगत शब्दविन्यास र शैलीगत कारणले ठाउँ ठाउँमा केही अस्पष्टताको अनुभव गराइरहन्छ । स्वाभाविकताप्रति उपन्यासकार सचेत देखिन्छन् र कथावस्तुले पुरानै शृङ्खलाको कडी समाते पनि आकर्षण छाड्दैन। कौतुहलको जन्म भइरहन्छ। वर्णनात्मक र कथात्मक रूपमा विषयवस्तुलाई प्रस्तुत गर्ने कोइरालाको प्रस्तुत उपन्यासले व्यक्तिप्रधान चरित्रलाई प्रधानता दिए पनि सन्ता र बेलामौकामा जगतेको चरित्रमा वर्गप्रधान चरित्रले छाँट हाल्न खोजेको अनुभव गराउँछ। पात्रहरूका चरित्र-चित्रण गर्ने आधार उपन्यासले वर्णनात्मक र विश्लेषणात्मक अपनाएको छ।

वर्णनात्मक शैली र सहजता:

उपन्यासको सफल पक्ष भन्नु नै विषयवस्तुको नवीनता वा त्यसप्रतिको कौतुहललाई सरल र सहजता साथ अंगाली मधुरतासाथ कथावस्तुलाई सिंगार्नु वा स्पष्ट बुझिने अभिव्यक्ति दिनुमा निर्भर रहन्छ । उपन्यास वर्णनात्मक होस् वा संवादमा होस्, भावस्पष्टता, विषयबोध, द्वन्द्वलाई सरल शब्दले पाठकलाई बुझाउन सक्नु र कुतुहलता जगाइरहनु पर्छ। यस अर्थमा प्रस्तुत कृति वर्णन र संवाद पक्षमा लेखक सफल देखिन्छन् ।

यसर्थ: परिस्कार र प्रुफ संशोधनको पटकै ख्याल नगरिंदा नगरिंदै पनि कौशीको फर्सी सरल, सहज र सरस लाग्छ, यसको सबैभन्दा सफलपक्ष सरल प्रस्तुति र स्वाभाविक वर्णन हो, घटनाक्रम र कथावस्तुको विस्तृतता अति नै सामान्य मानवी जीवनमा आइरहने, आश्चर्य नलाग्ने, संभावित छन् । कथा कहीं कतै मोडिने र फडको मार्ने नगरी एकरूपता साथ बगेको भेटिन्छ ।

अन्याय-अत्याचारप्रतिको विरोध र क्रान्ति:

२००७ साल अगाडिको राणायुग र तिनीहरूको हुकुमी शासनको स्मरण गर्दै राणाहरूको विलासिता, उनीहरूले नारी जातिलाई रखेल राख्ने र स्वार्थसिद्ध गरेपछि निकाल्ने प्रचलन, उनीहरूको भण्डारमा सम्म हेर्न नहुने ज्यादती, उनीहरूका भाटहरू गाउँको सुब्बाको नरम बोली र व्यवहार ले सोझा गाउँले जनतालाई मूर्ख बनाई ठग्ने प्रवृत्ति, कर्मचारीहरूको चाकडीबाज प्रवृत्ति, बोल्न नपाइने मानवताको हरण, जस्ता अनेक अन्याय, अत्याचार र नारीले पुरुषसँग बोले शंका गर्ने प्रवृत्ति, सामाजिक कुरीति र विसंगतिहरू, खोन्दै कौशीको फर्सीले सरल र शिष्ट शैलीमा त्यसको विरोधको आवाज उठाएको पाइन्छ । सन्तबहादुर, जगते, गाउँको रामबहादुर, भीमे, कान्छा, अन्यायमा गुम्सन्छन् । पछाडि विरोध गर्छन् तर शक्तिसामु सत्रिन्छन् । एक-दुईपल्ट जगतेमा यो क्रान्तिको गन्ध झल्केको

✍ विनयकुमार शर्म्मा 'नेपाल'

कौशीको फर्सी र त्यसको व्यवहारवादी पक्ष

विक्रम संवत् १९८७ मा ईश्वरीप्रसाद र मिश्र प्रियाको कोखबाट काठमाडौंमा जन्मेर जुद्धोदय हाइस्कूलमा प्रारंभिक शिक्षा लिने शङ्कर कोइरालाले २०२९ सालमा स्नातकसम्म गरे । सानै उमेरदेखि शारदा, प्रगति, उद्योग, रूपरेखा, धरती, बगैंचा, कल्पना जस्ता तिनताकका पत्रिकाहरूमा कथा र उपन्यास लेखेर उनी देखा पर्दै गए । २००४ सालमा १७ वर्षको उमेरमा 'बुढो' नामक कथा शारदामा छपाएर नेपाली साहित्यमा पदार्पण गर्ने शङ्करको नाटक, कथासंग्रह र उपन्यासहरू धुपै छन् । धुपै कृतिबाट समेत प्रसिद्धि पाउन किमाई हुने व्यक्तित्वमा उनी पर्दछन् । कसैले पढोस्-नपढोस, लेखोस् नलेखोस् उनका कृतिको बारेमा, तर उनी निरन्तर साने र साग्नि नै रहे । कथाबाट प्रवेश गरेपछि मूलतः उपन्यासकारमै हराएका र छाएका शङ्करका कृतिहरूमा शहरी र गाउँले जनजीवनको यथार्थ अविस्मरणीय छाप पाइन्छ । लगभग दुई दर्जन उपन्यास नेपाली वाङ्मयमा दिइसकेका शङ्करको पहिलो प्रकाशित उपन्यास दुर्दमनीय २०१७, रूपरेखामा धारावाहिक छापिएको देखिन्छ, पछि यसको प्रकाशन २०२५ मा भयो । कृतिगत रूपमा पहिलो उपन्यास बैरीघाट २०१८ (ने.रा.प्र.प्र.) नै शङ्करको सबैभन्दा स्मरणयोग्य उपन्यास रह्यो । यस सन्दर्भमा प्रस्तुत कौशीको फर्सी शङ्कर कोइरालाको दोस्रो उपन्यास देखिन्छ ।

शहरको गनाउने वातावरणमा गाउँको पत्नी-घरबार छाडेर बसेका क्रान्तिकारी सन्तबहादुरको गरीबी हालत उसकी गाउँकी पत्नीको जीवन-यापन । सन्तबहादुरकी सात वर्षमै राणा डेमकर्हा सुसारे भई बसेकी जानकी बहिनी र पेट बोकेपछि फर्केर पाएकी, छोरा जगतेको जवानी र उसको मालतीसँगको प्रेम-प्रसंग । राणाको मिचिनी छोरो हुनु पर्दाको जगतेको मनको उथलपुथल । राणा खानदानको हुकुमी शासन, साहूकार र पदीय व्यक्तित्वहरूको सोझा-साझा जनताप्रतिको धिचाइ, अन्याय, अत्याचार । गाउँलेहरूको जनजीवन र शहरी पत्नीले सन्तबहादुरको भिटी चोरेर लग्ने प्रसंग अनि अर्की तेस्रीको नबुझिंदो भाव र स्वभाव । जगतेको डेम राणासँग स्पष्ट 'तेरो छोरो' भन्ने क्रान्तिकारी साहस । मालती जगतेसँग डिंडेको देखेर 'घर नआइज' भनी दाजुबाट गरिएकोउपेक्षाभाव । जगतेको सैनिक जागीर र बीरगंजमा क्रान्तिकारीसँग भिड्दाको मृत्यु, जगतेभित्र देखा परेको प्रजातान्त्रिक भावना र राणा खानदानी सूक्ष्म संकेतका भावहरू । मालतीले पेटमा बोकेकी जगतेको बच्चाबाट राणापनको अन्त नहुने र जन्म भइरहने संकेत । लगभग विस्तृत मानवीय भावना र वर्णन छाडेर यी नै कथाबनोट भित्र रुमन्लेको छ– कौशीको फर्सी ।

सरल र शान्त सरर बगेको शैलीमा बढ्दै गएको प्रस्तुत उपन्यास कतै कतै एकाकी जुरमुराउँदै झर्रो र ठर्रो शैली लिएर उभेको भेटिन्छ । कुर अनैतिक राणाको चरित्र-चित्रण, अनि जनता ठगेर शोषण गर्ने छद्म सुब्बा चन्द्रप्रसाद जस्ताको चरित्र-वर्णनमा पनि कोइराला अति नै सहज र शान्त शैली लिएर देखापरेको पाइन्छ । सुब्बाको घुसाइमा कुरता, उच्चता, घमण्ड, दबाब पटक्कै फल्कन्न । उपन्यासमा शैली शान्त र विशिष्ट छ । भाषागत दृष्टिमा उपन्यास कतिपय ठाउँमा इन्द्र खड्ग गर्छ । ठाउँ ठाउँमा नखारिएको भाषा र शैलीले पछ्याउन छाडेको छैन । पूरा गल्तीले पनि अनेक ठाउँमा असजिलो पारिदिन्छ । अस्पष्ट अभिव्यंजनाहरू यत्रतत्र छरिएर रहेको छ । शङ्कर कोइरालाको भाषा-शैलीले प्रस्तुत उपन्यास माझिन सकी रहेको स्पष्ट झल्कदैछ । एक वाक्यको प्रसंग बीचैमा अर्को प्रसंगको वाक्यले थोढा चढेको भेटिन्छ । कतिपय स्थानमा '....' भित्रको वाक्य कसको हो भनी सोध्न बाध्य पार्छ । उपन्यास पूर्ण संवादमुखी मात्र छैन,

✍ डा. तुलसी भट्टराई

'आसुँको खहरे'मा बग्ने प्रयास

'साहित्य मेरा लागि अन्याय र उत्पीडनमा बाँच्नेहरूमध्ये म आफू पनि एउटा भएको नाताले-आफ्नो मनको वह पोख्ने माध्यम हो । साहित्यमा गुटबन्दी गर्नु र आफ्ना विचार अरूलाई थोपर्नु मलाई हाँसो गर्नु र गाइजात्राको पात्र बन्नुजस्तो लाग्छ ।' उपन्यास, कथा र नाटक-लेखनका त्रिवेणी-शङ्कर कोइरालाको प्रस्तुत विचार-वाक्यले धेरै अर्थ खुलाउँछ । उनका रचनाहरूको उद्देश्य प्रष्ट हुन्छ । उनी किन लेख्थे । लेखन केका निम्ति थियो ! कसका लागि लेख्थे ! **बैरीगी बाट**-उपन्यासबाट चर्चामा आएका शङ्कर कोइरालाले सबै मिलाएर पचास-आधासय-कृति रचेका छन् । अझै केही रचनाहरू पाण्डुलिपिकै रूपमा छन् ।

सहरमा जन्मे-हुर्केका र बसोबास गरेका भए पनि उनका कृतिहरूले ग्रामीण जनजीवनको प्रतिनिधित्व गरेको पाइन्छ । केही कृतिबाहेक प्रायः अधिकांशमा गाउँघर, रीतिरिवाज, साहु, महाजन र साधारण जनजीवनका बीचको द्वन्द्व र खाडल, महिलाहरूको नियति, ठूलाबडा र प्रशासनिक शोषण आदि बारे विशेष वर्णन हुने गर्छ । कथाहरू पनि रोचक, घोचक र दयनीय-जनजीवनको चित्रणको सेरोफेरोमा छन् । नाटक-एकङ्कीहरूले पनि सामान्य जीवनकै पक्षमा बहस गरेको देखिन्छ ।

कौसीको फर्सी हेरेर सन्तानको रहर गर्ने श्री शङ्करको **कन्याकार र तरुनी छोरीको** प्रसङ्ग पनि छेढौं । श्रीमती हिरोइनको दुर्दमनीय इच्छा बोकेर नदुखेको कपाल किन दुखाउने ? शङ्करका कृतिहरूको चर्चा गरिसाध्य छैन । केही क्षण 'आँसुको खहरे' तिर फाल हान्ने होइन रमिता हेर्ने सोच बनाएको छु । आँसु-त्यो पनि खहरे बनेको..! यो निकै जटिल सोच हो । कृतिकारले किन यस्तो नाम जुराएका होलान् । शङ्का समाधान गर्न खहरे नै भए पनि डुबुल्की मार्ने प्रयास गर्नै पर्छ ।

आँसुको खहरे शङ्करजीको सानो उपन्यास कृति हो, सानो आकारका दृष्टिले मात्र । गहनतामा ठूलो मान्न सकिन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट २०३५ सालमा छापिएको यो **आँसुको खहरे** साठी पृष्ठको छ । लघु उपन्यास भनेर कोष्ठकभित्र राखिएको छ । सामो कथा भने पनि हुन्छ । कतिपय पुराना कथाहरू चालीस-पचास पृष्ठका भेटिन्छन् । उपन्यास आधुनिक युगको उपज मानिन्छ । हुनत उपन्यासको चर्चा प्राचीन संस्कृतजगत्मा पनि पाइन्छ । तर पनि उपन्यास अंग्रेजी जगत्मा फैलिएको सिद्धान्त र विचारका आधारमा नै व्यापक भएको हो-भनिन्छ - चर्चा यति नै । **आँसुको खहरे**- उपन्यासको कुन श्रेणीमा पर्छ भन्नेतिर अन्मलिनु उपयुक्त हुने छैन । लेखकले-'लघुउपन्यास' भनेर ठोकुवा गरिदिएका छन् । किन कसरी-भनेर सोध्न अब सम्भव छैन । आँसुको खहरे-'मास्टरको हातमा सतीबेरको काँधो हाँगो देखेर केटाहरू सामसुम भए । उनीहरू आफ्नो अधिन्तिर खोसेको बर्णमालामाथि निहुरिए ।'-वाक्यबाट प्रारम्भ भएर 'यसैगरी खहरेहरू खसिरहन्छन् जबजब मास्टरको सम्झना आउँछ त्यो खहरेले गाउँलेहरूलाई सम्झाइरहनेछ, आँसुको खहरे भनेर ।' वाक्यमा उपन्यास टुंगिन्छ । मास्टर यदुकान्त- को सेरोफेरोमा अन्य पात्रहरूको वर्णन र चरित्रचित्रण पाइन्छ । सिन्धुपान्थोकको-अनकन्टार-दुर्गमक्षेत्रको एउटा गाउँ भोर्न्याङ खोंच । शिक्षा, स्वास्थ्य, यातायात र अन्य विकास निर्माणबाट अलग्गै अछुतो रहेको भोर्न्याङ गाउँ । कथावर्णनअनुसार-नयाँ शिक्षा नीति लागु भएपछि-२०२८ पछिको पञ्चायती शासनका बेलाको एउटा दयनीय नमुना गाउँ- भोर्न्याङ । प्रवेशिकासम्म पढेको यदुकान्त-त्यहाँ घुम्दै पुग्छन् । गाउँलेहरूको अनुरोधमा गाउँमा बसेर केटाकेटी पढाउन थाल्छन् । प्रधानपञ्च इन्द्रनाथका घरमा बसेर केही केटाकेटी भेला पारेपछि उनी पढाउन थाल्छन् । कुनै पाठ्यपुस्तक र निर्देशिका हुँदैन । आफ्नै मनलागी आफ्नेबुझेको पढाउने गर्छन् । पढाउने तरिका र विद्यार्थीहरूबारे सजीव वर्णन छ । गाउँको गरीबी । छोराछोरीले गाई-बाख्रा चराउनुपर्ने, खेतीमा सघाउनुपर्ने र अन्य धेरै काम गर्नुपर्ने अवस्था छ । स्कूलमा पढ्न पठाउन सक्ने स्थिति छैन । पढ्न गए पनि बिहान-बेलुकाको घरधन्दाले गर्दा पाठ घोक्न-सिक्न सकैनन् ।

-बन्दरे, टाउके, पुन्टे। पुतली, न्याउसी, मनमाया, सिरीकुमारी हीरा-जस्ता नामधारी विद्यार्थीहरूमा गाउँ प्रष्ट झल्किन्छ। जिम्मान-को रवाफ र धाकधक्कुभिन्न गाउँलेको शोषण हुने गरेको चित्रण छ।

-गाउँका साहिंला बूढा-निकै उत्साहित छन्। असी वर्ष छेउ पुगेका बूढा पनि मास्टरसँग पढ्न सिकेर पढ्न लेख्न सक्ने हुन्छन्। यी बूढाको प्रेरणाले पौढशिक्षा पाठशाला पनि चलाइन्छ। शिक्षाप्रचारको राम्रो वर्णन छ। एकप्रकार यो कृति शिक्षा-प्रचारका निम्ति लेखिएझैं लाग्छ। प्रारम्भदेखि अन्त्यसम्म नै गाउँलाई-गाउँलेलाई कसरी साक्षर बनाउने भन्ने उद्देश्यमा दौडिएको छ।

'भानुभक्ते रामायण पढ्ने छोको छ' भनेर कृष्णराज पनि अक्षर चिन्छन्। तमसुक आफै पढ्न सके जिम्मान र अरू ठूलाबडाले अन्याय गर्न पाउने थिएनन्।-साहिंला बूढाको छोरो मेघबहादुर-सेनामा छ। उसले चिठी पठाउँछ। आफू पढ्न नसक्ता उसलाई पीर लागेको हुन्छ। अनि बूढाले पढेर आफै चिठी हेर्ने-बुझ्ने भएको-चर्चा रोचक छ।

मास्टर यदुकान्तले पुस्तकघर (पुस्तकालय) पनि खोल्ने प्रस्ताव राखेको हुन्छ। यस गाउँमा केन्द्र वा जिल्लाबाट कोही पुग्दैन। कसैलाई थाहा छैन, गाउँ र गाउँलेको स्थिति कस्तो छ।-प्रायः सबथ नेपाली दुर्गम गाउँको उदाहरण हो-यो भोर्न्याड खोंच। गाउँमा-महिपसल पनि छ। पसल्नी तरुनी मैनाको पनि वर्णन छ। 'बले'जस्ता दुष्ट अन्तारेहरू पनि छन्। अरूले लेखापढी जानेर थाठ हुन्छन् र आफ्नो नियन्त्रण गुम्सा भन्ने पीर मान्नेहरू पनि छन्। शिक्षाको विरोध गर्दै हिंड्ने गर्छन् यस्ताहरू। 'युवती-सोहोटाले भाँडा पखालेर जस्कोलोभित्रबाट भाँडा राखेर ढोकामा देखा परी। उसको काम पनि निहुँ, ढोकामा उभिएर हेर्नु पनि निहुँ। उसको चोलीमा कसिएको तरुनी छाती, एउटै चुल्ठो बाटेको रातो फुर्के धागो पनि...।' युवती सुनपत्रीको वर्णन हो यो। लेखकले यसरी रोचकता पनि भरेका छन्। मास्टर यदुकान्त-सुनपत्रीलाई मन पराउँछ। तर दुवै प्रकट भने हुन नसक्ने-सुनपत्री गाउँबाट हराउँछे। मास्टर खहरेको खोचमा लडेर परमधाम हुन्छ। यसरी दुखान्त बन्न पुगेको छ। आँसुको खहरे-साँच्चै दुखद बनेको छ। उपन्यास-लचिलो, बन्धनहीन, लामो-छोटो घटनैघटना अथवा एउटै घटनामा पनि बिम्ब अटाउने-विषयवस्तुले भरिएको हुन्छ। बहुपात्र वा एउटै पात्रको सेरोफेरोमा पनि सकिन्छ अथवा भनौं-'उपन्यास' बारे कुनै एउटा निश्चित परिभाषा मापदण्डको आधार बनाउन सकिँदैन। जान्नेहरू यसो भन्ने गर्छन्।

त्यसकारण-यो आँसुको खहरे-आकारमा सानो भए पनि निकै गहकिलो उपन्यास-उपन्यासिका-कृति हो भन्न सकिन्छ। भय र प्रेम मानवीय भाव आधारमा साहसिक वा प्रेमकथामा आधारित उपन्यास लेख्न सकिन्छ। घटना प्रधान वा चरित्रप्रधानमा वर्गीकरण गरेर पनि लेखिन्छ। सामाजिक वा मनोवैज्ञानिक अथवा आत्मकथ्य शैलीमा पनि लेखिन्छ। व्यक्तिप्रधान, परिवार, समाज वा भावप्रधानका आधारमा पनि उपन्यास रचना हुने गर्छ।

उपन्यासलाई-कथासूत्र, कथानक, अन्तर्कथा, उपकथा आदिका माध्यमद्वारा एउटा समग्र कथावस्तुले जेलेको हुन्छ। आदि यी सबै कुरा उपन्यासबारे-जान्नेबुझ्नेहरूले भन्ने गरेका कुरा हुन्। आँसुको खहरे-साई जसरी जुन रूपमा हेरेरे पनि हुन्छ। एउटै गाउँको जनजीवनको सेरोफेरोमा सकिएको-आञ्चलिक उपन्यास, शिक्षाको ज्योति फैलाउने प्रयासमा लागेका मास्टर यदुकान्त, बूढा साहिंला र प्रधानपञ्च इन्द्रनाथबाट राम्रो चरित्रको विस्तार गरिएको चरित्रप्रधान, गाउँको सजीव चित्रणद्वारा सामाजिकता, यदुकान्त र सुनपत्रीबीच प्रेमको झल्को, स-साना घुप्रे कथा, उपकथा र घटनाले भरिएको घटनाप्रधान।...यस्तै धेरै....।

पुनः प्रकाशन-गरेर प्रचारप्रसारमा ल्याउनुपर्ने उपन्यास **आँसुको खहरे** आजका नयाँ पुस्ताका निम्ति उदाहरणीय र तत्कालीन सामाजिक परिवेश र वास्तविकताको बोधक बन्नेछ। आजको परिस्थितिमा माथ रमेको नयाँ पुस्ताले हाम्रो हिजो-हाम्रो अतीत कस्तो पीडादायी थियो अथवा आज पनि हाम्रा दुर्गम गाउँहरूमा-त्यो विगत पीडा बाँकी रहेकै छ। जनजीवन आज पनि उत्तिकै उत्पीडित र शोषित छ। परिवर्तन खासै भएको छैन। ...जस्ता कुराहरूबारे-तुलनीय अध्ययन गर्न-यस **आँसुको खहरे** - को विषयवस्तुले सघाउ पुऱ्याउने छ। आशासय कृतिका रचयिता, अमरत्व प्राप्त राइर कोइरालाबारे अध्ययन, अनुसन्धान र उचित मूल्याङ्कन हुनेछ। यसतर्फ सबैतिरबाट प्रयत्न हुनुपर्नेछ। दायित्व परिवारले थामनी गरेको यस अभियानमा हार्दिकता थप्ने-'आँसुको खहरे' सँगै लेखक राइर कोइरालाप्रति श्रद्धाञ्जली.....।

***

पनि कलात्मक पाराले रहस्योद्घाटन गरेको छ। देश, काल, र वातावरण पनि उपन्यासको विषयवस्तु, कथावस्तु, पात्रविधान र उद्देश्य अनुकूल देखिन्छ। त्यस्तै पाँचौं तत्त्वका रूपमा रहेको भाषाशैली पनि यस उपन्यासमा निकै सरल, स्पष्ट, सम्प्रेषणीय, रोचक, कलात्मक र नाटकीय रहेको पाइन्छ। साथै नेपाली जनजीवनका लागि आवश्यक, यथार्थतामा आधारित, उपयोगी किसिमको जीवनदृष्टि यस उपन्यासमा रहेको छ। अत : औपन्यासिक तत्त्वहरूको समायोजनका दृष्टिले पनि यो **हकवाला** उपन्यास निकै सफल र कलात्मक देखिन्छ।

उपन्यासको नायकको रूपमा देशबहादुर रहेको छ भने मुख्य नायिकाको रूपमा निर्मला। उपन्यासको अन्तसम्म नै नायक नायिकाको प्रेमालाप, विवाह-प्रसङ्ग र व्यवहारिक कुराहरू चलिरहन्छन् तापनि ती दुईबीच औपचारिक रूपमा वैवाहिक सम्बन्ध गाँसिन सकेको हुँदैन। यस्तैमा उपन्यासको लगभग अन्ततिर पुगेर उपन्यासका पात्रहरू: नायकनायिका लगायत धेरैको रहस्योद्घाटन हुन्छ। जसअनुसार उनीहरूको बालककालदेखि त्यतिबेरसम्मको सारा अभिनय केवल रङ्गमञ्चमा पात्रहरूद्वारा गरिने क्षणिक, कलात्मक र वास्तविकताको दृष्टिले झुटमुट ठहरिन्छ। नायकको ठाउँमा वास्तविक हकवाला अर्कै निस्कन्छ-देवबहादुर। यो वास्तविक रहस्य खुलेपछि नायिकाले समेत वर्षौंसम्म अभिनय गरेको प्रेमी देशबहादुरलाई त्यागिदिन्छे। त्यस्तै गरी वास्तविक रहस्य खुलेपछि नायक देश बहादुर पनि नायिका लगायत तत्कालसम्मका सारा नातासम्बन्ध, घरसम्पत्ति र परिवेश तथा आफ्नो नाम, थर र गोत्रसमेत फुट्टा भएको ठहर गरी सबैलाई परित्याग गरेर स्वतन्त्र भई कसैलाई नभनी घरबाट निस्केर टाढा पुगी रेलमा बसेर अज्ञात दिशातिर लाग्दछ र उपन्यास पनि टुङ्गिन्छ।

यसप्रकार आदिदेखि अन्तसम्म नै रोचक रहस्यैरहस्यहरू भरिएको र आलङ्कारिक नाटकीय शैलीमा लेखिएको उक्त **हकवाला** उपन्यास निकै सफल, मनोरञ्जनात्मक र प्रभावकारी देखिन्छ। प्रारम्भदेखि **हकवाला** उपन्यासको लेखनसम्म आइपुग्दा उपन्यासकार राइर कोइरालाको लेखनीले निकै परिस्कार पाइसकेको पाइन्छ। अत: कलात्मक सफलता, परिस्कार, परिमार्जनको दृष्टिले **हकवाला** एक सफल उपन्यासको रूपमा उभिएको छ र उपन्यासकार राइर कोइराला धन्यवादका पात्र हुन पुगेका छन्।

***

विजयादशमी तथा
शुभ-दीपावली २०५८ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण
देशवासीहरूमा हार्दिक
मङ्गलमय शुभकामना ।

नगर विकास कोष
नयाँ बानेश्वर, काठमाडौं

विजयादशमी तथा शुभ-दीपावली
२०५८ को सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा हार्दिक
मङ्गलमय शुभकामना ।

मेरिनोल नेपाल 'आशादीप'
(मानसिक विरामीहरूको पुन:स्थापना केन्द्र)
नयाँपाटी, सुन्दरीजल, काठमाडौं

✍ लक्ष्मीकुमार कोइराला

'हकवाला' प्रति एक दृष्टि

आधाबाटे कान्छद्वारा रचित, पती जेबी पुस्तक, डिल्लीबजारद्वारा प्रकाशित **हकवाला** नामक उपन्यासको फोटोकपी खामबन्दी गरेर मेरो कार्यालयको हाजिरीमा मेरै नाउँमा राखिएको अवस्थामा मैले पाएँ । तर आश्चर्य ! खामको बाहिर मेरो नाममात्र थियो, पठाउने वा दिनेको नामै थिएन र खामभित्र केवल उपन्यासको फोटोकपी मात्र थियो तर पत्र वा चिट्को कहीं थिएन । मेरोलागि लेखक 'आधा बाटे कान्छ' र 'हकवाला' उपन्यास दुवै अपरिचित थिए । यहाँ कसरी, कस्ले ल्याएर किन छोडेको भन्ने कुराले मलाई बढा अन्योलमा पार्‍यो । 'जे होस्, पछि थाहा होला !' भन्दै घर लगियो, आद्योपान्त ससंती हेरियो र थन्काइयो ।

धेरै दिनपछि मित्र श्री रामप्रसाद पन्तज्यूसित सम्पर्क र कुराकानी गर्ने मौका पर्‍यो । त्यसपछि मात्र थाहा भयो-'हकवाला' को फोटोकपी पन्तजीको सौजन्यले त्यहाँ पुगेको रहेछ र त्यसका लेखक आधाबाटे कान्छ त मेरो धीर परिचित 'शङ्कर दाइ' अर्थात् शङ्कर कोइरालाको उपनाउँ पो रहेछ । यो रहस्य खुलेपछि आफ्नो छद्म नाम राखेर मलाई अन्योलमा पारेकोमा शङ्कर दाइदेखि निक्कै रिस उठेर आयो । तर रिसाएर पो के गर्नु ? 'शङ्कर दाइ यहाँ भए त...!' अकस्मात् कुनै सनकी बालकको झैं मेरो मुट्ठी बटारियो र दृष्टि आकाशतिर पर्‍यो । यसो गढेर हेर्छु त के देख्छु भने बादलभन्दा निक्कैमाथि स्वर्गमा बसेर एउटा मानिस मतिरै हेरिरहेको र त्यसरी म रिसाएकोमा मलाई नै मानौं, गिज्याउँदै रहस्य खोली हाँसिरहेको छ । म लाटोले पापा देखेझैं टोलाएर हेरिरहें । यसो हेर्दैजाँदा त्यो मानिस शान्त स्वभावको, गम्भीर, दुब्लो-पातलो, गहुँगोरो, न अग्लो न होचो, ठिक्क मध्यम आकारको र चिसोचिसो भएकाले तन्दुरुस्त शङ्कर दाइजस्तै देखियो । अब मलाई अनुमान लगाउन समस्या भएन । म त्यसरी टोलाएको देखेर ती मानिसले मन्द मुस्कान छोड्दै भने-'केटा, तिम्रो शङ्करलाई खोज्ने, चिन्ने र भेट्ने हो भने उसका उपन्यासहरूभित्रै पस्नु, हेर्नु, खोज्नु, र भेट्नु । ऊ त्यहीँ छ र त्यहीँ नै भेटिनेछ, बुझ्यौ ?' यसो भन्दै उनी हेर्दाहेर्दै त्यहीँ आकाशमा बिलाए । मलाई अचम्म लाग्यो । अनि म निन्द्राबाट ब्यूँझेझैं झस्क्याँस्स भएँ र पुस्तकका पानाहरू पल्टाउन थालें ।

जम्मा ११४ पृष्ठहरू रहेको 'हकवाला' उपन्यास विषयवस्तुका दृष्टिले निकै गहन र सघन छ । वि.स.२०२८ मा प्रथम संस्करणका रूपमा छापिएको यो पुस्तक निक्कै रोचक, आकर्षक, पाठकहरूको मन लोभ्याउने र मनोरञ्जन पनि प्रशस्तै दिने खालको छ । यसको प्रारम्भदेखि नै 'अनि के होला ?' भन्ने उत्सुकताले बारम्बार पाठकहरूलाई अन्तसम्म नै एकैछिन पनि नछोडी होऱ्याउँदै लैजान्छ । त्यसो हुँदा उपन्यास पल्टाएपछि नसिध्याइकन पाठकले बीचमा छोड्न सक्तैन । अतः एकै बसाइमा यो उपन्यास पढिसकिन्छ । उराठ लाग्दा र निरस एवम् पट्यारिला प्रसङ्गहरू यसमा खोजेर पनि पाइँदैन । तसर्थ **बैरिनी घाट** उपन्यास पढेर बिरसिलो र उराठिलो अनुभव गर्ने पाठकहरू पनि उही लेखकद्वारा रचित **हकवाला** उपन्यास पढेपछि लेखकलाई साधुवाद नदिई रहन सक्तैनन् ।

औपन्यासिक मूल तत्त्वहरूको प्रयोग तथा विषयवस्तुको समुचित समायोजनका दृष्टिले पनि **हकवाला** उपन्यास निकै सफल देखिन्छ । यसमा कथावस्तु आदिदेखि अन्तसम्म नै सलल्ल बगेर गएको छ । पात्र र चरित्र, पात्र अनुकूल स्वाभाविक देखिन्छ । कथोपकथन अर्थात् पात्रहरूको आपसी संवादले ठाउँठाउँमा उपन्यासलाई रोचक बनाउनुका साथै पात्रहरूको गुप्त मनस्थिति र गोपनीयताको

✍ डा. दुर्गाप्रसाद अर्याल

बेवारिस लेखक उपन्यासको संक्षिप्त विवेचना

१. उपक्रमः

शङ्कर कोइराला (१९८७-२९५४) सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनको साहित्यिक यात्रा कथा, नाटकतिर बढाकदा सम्के पनि उपन्यासका सृजनलेखनमा नै त्यो अत्यधिक गतिशील देखिन्छ । उपन्यास विधामा जुन प्रकारको सृजनात्मक बहुलता दर्सिएको छ, त्यसबाट शङ्कर कोइरालाको आशुलेखन शक्ति र सामर्थ्यको समेत पुष्टि हुन्छ । छोटा-छरिता आकारका दर्जनौं उपन्यास लेखेर जीवनकेन्द्री विशेषतः दृष्ट-भुक्त आत्मजीवनकेन्द्री आख्यान साहित्यका माध्यमबाट आधुनिक नेपाली उपन्यासलाई विस्तार गर्ने क्रममा कोइराला सदैव स्मरण लायक बनेका छन् । मूलतः उपन्यास सर्जक कोइरालामा सघन आख्यानतत्त्वलाई उपयोग गर्ने प्रविधिमन्दा आफ्ना भुक्तमान परिस्थितिलाई सहजरूपमा आख्यानीकरण गरेर सरल गति दिने प्रवृत्ति पाइन्छ । व्यक्तिगत अनुभव र अनुभूतिलाई नै उपन्यासको विषयसामग्री बनाउने कोइरालामा जुन प्रकारको जीवनदृष्टि पाइन्छ, त्यसको भित्रीतहमा हीन मनोग्रन्थिको भूमिका रहेको पनि देखिन्छ ।

बेवारिस लेखक २०४४ सालमा प्रकाशित भएको उपन्यास हो । यसको भूमिका भाग 'मेरो भन्नु' मा उल्लेख भएको मितिअनुसार २०४५ सालमा नै यो लेखिएको बुझिन्छ । लेखकका जीवनका क्रममा प्राप्त विशेष परिस्थितिमा सापेक्षतामा नै उपयुक्तरूपमा विवेच्य हुने **बेवारिस लेखक** आफ्ना साधनामा विश्वास गरेर निरन्तर सृजनशील बन्ने सरल स्वभावका साहित्यकारका छोटो जीवनको स्थितिबोध गराउने उपन्यास हो । यस उपन्यासमा प्रस्तुत घटना, वातावरण र क्रियाशील चरित्रका संक्षिप्ततामा पनि धेरै घतलाग्दा कुराहरू सङ्केत भएका देखिन्छन् । यसकममा उपन्यासकार कोइरालाका साहित्यिक मान्यता र जीवन दृष्टिका कुराहरू पनि उल्लेख भएका छन् ।

२. उपन्यासकार शङ्कर कोइरालाका साहित्यिक मान्यताः

बेवारिस उपन्यास को भूमिका भाग 'मेरो भन्नु' र उपन्यासभित्र खास गरी तेह्रौं परिच्छेदमा उपन्यासकार शङ्कर कोइरालाका साहित्यसम्बन्धी मान्यता प्रकट भएका देखिन्छन् । प्रत्येक साहित्यकारले आफ्ना साहित्यिक मान्यतालाई प्रतिकात्मकरूपमा र प्रत्यक्षरूपमा सङ्केत गरेकै हुन्छ । साहित्यका सम्बन्धमा व्यक्त गरिएका संवाद, विचार, वाक्य र सान्दर्भिक कथनहरू प्रत्यक्ष मान्यता हुन भने साहित्यकारका रचनाबाट प्रतीकात्मकरूपमा सङ्केत हुने मान्यताहरू अप्रत्यक्ष रूपमा साहित्यसम्बन्धी मान्यताको अभिव्यञ्जक हो । शङ्कर कोइरालाका साहित्यिक मान्यताहरूको अवलोकन गर्दा समग्र साहित्य, उपन्यास विधा र लेखकीय प्रवृत्तिका सन्दर्भमा केन्द्रित भएको छन् । मेरो भन्नुमा त उनले समालोचक र पाठककाबारेमा पनि आफ्ना मान्यता प्रस्तुत गरेका छन् ।

उपन्यास कोइरालाका दृष्टिमा साहित्य सौन्दर्यको विषय हो । यो विज्ञानजस्तो नङ्ग्याउने, उदाङ्ग्याउने, चिर्ने फोर्ने विषय होइन । जतिसुकै स्वतन्त्र लेखन भए पनि यथार्थ रहस्य खोतल्नका लागि साहित्यकारलाई कुनै न कुनै बन्देज हुन्छ भन्ने उनको मान्यता पाइन्छ । त्यसैगरी कोइरालाले यसलाई कुरूप स्त्रीको मेकप र सिङ्गार पटारका रूपमा पनि लिएका छन् । कथा-

उपन्यासका सम्बन्धमा उनको भनाइ के छ भने यी (कथा उपन्यास) कल्पनाका उपज भएकाले पत्यार पार्दो किसिमले लेखिए पनि सधैंभरि पत्याउन सकिने हुँदैनन् । साहित्यिक मान्यतालाई अँगाल्ने निम्न कथन पनि यस सन्दर्भमा उल्लेख हुन आउँछ ।

'अब कथा उपन्यास लेखेर पाठकहरूलाई रोमान्स, उत्तेजना, घटना वैचित्र्य आदिमा भुलाएर लेख्ने कुरामा मेरो विश्वास हट्न गइरहेछ । ठीक वास्तविक जीवनलाई हामी किन गुप्त राख्छौं ? लेखकहरू खालि अयथार्थ चित्रण गर्न किन रुचाउँछन् ? यस्तो आडम्बर लेखकहरू प्रायः गरिब हुन्छन् तर गरिब हुँदैमा आत्मसम्मानलाई किन गरिब बनाउँछन् म त लेखनका लागि मात्र लेख्न चाहने लेखक होइन ।' -प.,९७)

यसरी आफ्ना लेखकीय धारणा र साहित्यिक मान्यतालाई बोध गराउने अभिव्यक्तिबाट शङ्कर कोइराला निश्चित साहित्यिक मान्यतामा निष्ठा राखेर आफ्नो रचनाधर्मिता पालना गर्ने साहित्यकार भएको स्पष्ट हुन्छ । नैतिकता, आत्मसम्मान, सौन्दर्य र वास्तविक जीवनका पक्षलाई स्वीकार गरेर साहित्य सृजना गर्नुपर्छ भन्ने उनको विचारमा त्यस्तो पूर्वाग्रह भएको पाइँदैन ।

यसरी साहित्यकार, साहित्यिक विधा, पाठक, समालोचक, समाज र साहित्यिक उपयोगिताका सम्बन्धमा व्यक्त धारणाबाट उपन्यासकार कोइरालामा पर्याप्त साहित्यिक सचेतता पाइन्छ । लेखक, पाठक र समालोचकका पारस्परिक सम्बन्धमा पनि दृष्टि पुऱ्याएर उपन्यास लेखनमा सक्रिय रहने शङ्कर कोइराला समय र समाजलाई पनि ख्याल गर्दै आफ्नो साहित्यिक यात्रा अगाडि बढाउने साहित्यकार हुन भन्नुमा अतिशयोक्ति हुँदैन ।

३. उपन्यासको विषयवस्तु:

यस उपन्यासको विषयवस्तु स्वयं उपन्यासकारका जीवनकममा प्राप्त परिस्थितिसँग सम्बन्धित देखिन्छ । यसमा शङ्कर कोइरालाले आफ्ना अड्डाले पुस्तक छपाउन बनारस पठाएको बेला त्यहाँ प्रकाशकसँग कुराकानी भएर छोटो मीठो उपन्यास लेख्ने निधो गरेको र त्यसमा आफ्नै साहित्यिक सन्दर्भ धरेलु समस्या बनारसमा अनुभव गरेका कुराहरूलाई समावेश गरेको पाइन्छ । उपन्यासको शीर्षक 'बेचारिस लेखक' का रूपमा कोइरालाले स्वयं आफैंलाई उपस्थित गराएका छन् । निश्चित घटनाक्रमको तर्जुमा गरेर उपन्यास तयार गर्ने र त्यसमा कल्पना, भावना र विस्तृत समाजको विवरण प्रस्तुत गर्ने अभिप्रायभन्दा कोइरालाले आफ्नो बनारसको सीमित बसाइमा देखे, भोगेका र सोचेका कुरालाई विषयवस्तु बनाएको पाइन्छ । तसर्थ यस उपन्यासको विषयवस्तु स्वयं लेखक शङ्कर कोइरालाका जीवनानुभव र परिस्थितिका सीमामा केन्द्रित भएको छ । उपन्यास लेखनका सम्बन्धमा पनि उनको यस्तै यथार्थजीवनको अभिव्यक्ति हुनुपर्दछ भन्ने मान्यता रहेकाले तदनुरूप यस कृतिमा लेखकको वास्तविक जीवनमा आधारित खास ठाउँ र समयको गतिविधि र परिस्थिति सङ्केत भएको देखिन्छ । उपन्यासको वस्तुचयनमा उपन्यासकारलाई कुनै समस्या परेको देखिँदैन किनभने यसमा प्रगाढ कल्पना र गम्भीर चिन्तनले युक्त विषयवस्तुको संयोजन गरिएको छैन । यहाँ पुस्तक छपाइका निम्ति बनारस बस्दा लेखकले सोचेको काठमाडौंका साहित्यको वातावरण र बनारसको वातावरण पनि सूचनात्मक रूपमा प्रस्तुत भएको छ । बनारसको साहित्य गोष्ठीको सहभागितामा भएको लेखकको अनुभव प्रकाशक र बिकेतासितको सम्पर्कको अनुभव र अप्रत्यासित रूपमा प्राप्त भएको ३/४ वर्षको बेवारिस बालक गोविन्दलाई कहाँ के गर्नेजस्ता कुराहरू यस उपन्यासका प्रमुख मार्मिक विषय हुन् । त्यसैगरी उपन्यासकारले आफ्नो घरको चर्को समस्याले ग्रस्त भएकी श्रीमतीको चिठी र अड्डाले पठाएको चुनौतीपूर्ण पत्रको जवाफलाई पनि विषयवस्तुकै क्रममा उल्लेख गरेर यस उपन्यासको सम्पूर्ण विषयलाई आफ्नै जीवनमा केन्द्रित गरेका छन् । लेखकका जीवनमा केन्द्रित विषयवस्तु हुँदाहुँदै पनि यसमा सामाजिकीकरण र साधारणीकरण प्रयास पनि भएकाले विषयवस्तुबाट सामाजिक यथार्थलाई पनि दिग्दर्शन हुने देखिन्छ । प्रतिपाद्य विषय आयोजित नभएर लेखकका जीवनानुभवबाट सहजरूपमा प्राप्त

गर्ने सन्दर्भमा हिन्दू वेदान्त दर्शनबाट प्रभावित लेखनाथको कविताले पनि यो उपन्यास पढ्दा सम्झन पुगिन्छ । खास गरी कविशिरोमणि लेखनाथ पौड्यालको **गौथली बोल्यो चिरबिरी झार्र** शीर्षकको कवितामा प्रस्तुत अध्यात्मचेत सोही शैलीमा (तर गद्यरूपमा) प्रस्तुत भएको छ । सो कवितामा गौथलीले सांसारिक तृष्णा र अहङ्कारले भरिएको र गौथलीको गुँड भत्काउन तम्सिएको मान्छेलाई सम्झाउँदै आध्यात्मिक उपदेश दिन्छ । संसार नाट्यशाला हो, सबै प्राणी त्यसमा अभिनय गर्ने पात्र हौं । यो घर हिजो अरू कसैको थियो, आज हाम्रो छ, भोलि अरू कसैको हुनेछ । वास्तवमा यो घर हामी कसैको पनि होइन, किन व्यर्थै अहङ्कार गर्ने ? भनेर सो कवितामा सम्झाइएको छ । यस उपन्यासमा लगभग सोही कुरा प्रेमविलासका मुखबाट भन्न लगाइएको छ, यसरी- 'न त्यो तपाईको घर हो न बाजेबराजुको । न आमाको हो न दिदीबहिनीको, न मेरी पत्नीको' (पृ.१६८) । यस प्रकार उपन्यासकार शङ्कर कोइरालाले सबल अभिव्यक्तिका लागि आफ्ना पूर्वजहरूबाट सामान्य प्रेरणा र प्रभाव पनि ग्रहण गरेको देखिन्छ ।

समग्रमा अभिव्यक्तिशैलीलाई हेर्दा सरल भाषामा प्रस्तुत गरिएको, उखान, श्लोक/सिलोकले सम्पन्न, उपमा सौन्दर्यले कलात्मक देखिने यस उपन्यासमा चारित्रनिर्माणको विरोधाभास र संगठनको शिथिलता पाइन्छ । आदि मध्य र अन्त्यको रैखिक ढाँचामा प्रस्तुत यसमा भाव, विचार र जीवनका बीचको संयोजनमा कसिलोपन ल्याउन गर्नुपर्ने कसरतको कमी अनुभव हुन्छ ।

७. निष्कर्ष:

साझा प्रकाशनबाट वि.सं.२०५४ सालमा प्रकाशित उपन्यास **एउटा पुरानो घर** उपन्यासकार शङ्कर कोइरालाको पछिल्लो र ठूलो आकारको औपन्यासिक रचना हो । काठमाडौंको सिफल र पशुपतिक्षेत्र अनि कस्रे पलान्चोकका धुलिखेल, नाला आदिमा घटित घटनाहरू नेपाली समाजको पारिवारिक तथा सामाजिक यथार्थमा आधारित छन् । कुल २९ भागमा प्रस्तुत यस उपन्यासमा निम्नमध्यमवर्गीय पात्रहरूको बहुलता छ भने प्रवृत्तिगत विभिन्नता भएका पात्रहरूको चित्रण छ । प्रेम, पारिवारिक समस्या, धर्म र राजनीति विषयमा केन्द्रित यस उपन्यासको समय २०४६ सालपछिको अवधि रहेको छ । सरल भाषा, उपमादि अलङ्कार, जीवनमूल्यका सूक्ति, धार्मिक भजन, सिलोक आदिले अभिव्यक्तिलाई प्रभावकारी बनाउन खोजिएको यसमा आध्यात्मिक हिन्दू धर्मको वेदान्त दर्शनको वैचारिक निष्कर्ष मूल सन्देशका रूपमा अगाडि सारिएको छ भने नेपाली जनजीवनका जिविकाका समस्या, सामाजिक जटिलता र विषमता तथा राजनैतिक विकृति एवम् जनतामा फैलँदै गएको नैराश्य आदिलाई प्रस्तुत गर्नु र समाज-सुधारको सन्देश दिनु यसको मूल उद्देश्य देखिन्छ । भाषिक त्रुटि र सङ्गठनगत शिथिलताले औपन्यासिक सबलतामा केही कमी देखिन्छ भने विरोधाभासपूर्ण चरित्रको बहुलताले र दण्डविना दोषीलाई सुखमा पुऱ्याइएकाले दिइएको सन्देश पनि सार्थक हुन सकेको छैन । वेदान्तीय आदर्श र विषम यथार्थको द्वन्द्व नै यस उपन्यासको अन्तर्सङ्घर्ष देखिन्छ । सामाजिक रूपान्तरणबिनाको समापन पनि अस्वभाविक टुङ्गयाउनीमा देखिनाले तथा उपन्यासमा पात्रभन्दा बढी उपन्यासकार बोलेकाले प्रभावोत्पादकता कम छ । तैपनि उपन्यासकार शङ्कर कोइरालाले जीवनका अनेक नमीठा अनुभूतिहरू सङ्ग्रह गरेर जीवनको अन्तिम चरणमा लेखेको उपन्यास भएकाले नेपाली मानवीय संवेदनाका विभिन्न जटिल अवरोधहरू यसमा सँगालिएका छन् । तिनको परिष्कार, परिमार्जन र परीक्षण गरेर प्रस्तुत गरिएको भए उपन्यास सशक्त बन्ने निश्चित थियो । विचलनमुखी चेतनाका नायकनायिका भएकाले उपन्यासकारको अस्थिर मानसिकताबारे अनुमान गर्न यस उपन्यासले सघाउँछ । यसै रचना गरेर पनि कम चर्चित र उपेक्षाका सिकार भएका शङ्कर कोइरालाले जीवनका पछिल्ला क्षणहरूमा पनि अविरल रूपमा कलम चलाइरहेको परिणतिका रूपमा आएको उपन्यास भएकाले अथक साहित्ययात्री शङ्कर कोइरालाको सम्मान गर्नुपर्छ, प्रशंसा गर्नुपर्छ । एउटै वाक्यमा मूल्याङ्कन गर्ने हो भने **एउटा पुरानो घर** नामअनुरूपकै उपन्यास देखिन्छ ।

★★★

मार्मिक बनाउनमा सहयोग नै पुऱ्याएको देखिन्छ। कथ्यलाई सुन्दर बनाउन यस प्रकारको संयोजन गर्न जान्ने उपन्यासकारको भाषिक शुद्धता भने अपेक्षित सुगठित र व्याकरणसम्मत देखिन्न्। वाक्यगठनदेखि वर्णविन्यासमम्म त्रुटिहरू भेटिन्छन्। केही ठाउँमा त अर्थ पनि अस्पष्ट नै रहेको स्थिति देखिन्छ। पदसङ्गतिगत भाषिक त्रुटिले उपन्यासकारको भाषिक ज्ञानको सीमा सङ्क्षिप्त रहेको अनुभव हुन्छ। एकाध उदाहरणहरू यसको पुष्टिका लागि पर्याप्त हुनेछन्, हेरौं :

'मानिसहरू भन्दथे-उनी आफ्नो घरपरिवार छोडेर सन्यासी भएर हिँडेका भन्दथे' (पृ.१२)

'पं.बाले टाउको हल्लाउन खुब जान्दथे बोकाले पर्सेझैं' (हुनुपर्थ्यो-पर्सेको बोकाझैं) (पृ.८८)

'लक्ष्मी त्यसै हार खाने मान्छे थिइनन्-उनले त्यही बेला माहिरबाट आइपुगेका पञ्चायन बाज्येलाई बाबाजीको कुटीमा प्रेमविलासलाई भनिन्' (अस्पष्ट) (पृ.१०७)

'तर करुणाले बाहेक उसलाई चिन्ने आफन्तहरू पनि उसका लागि मरिसकेको थियौं' (पदसङ्गति) (पृ.१५९) आदि

उपन्यासजस्तो गरिमामय र व्यापक जीवनबोध गर्न उपयुक्त विधामा रचनाकारले औपन्यासिक तत्वहरूको प्रबन्धन पनि उत्तिकै कुशलतापूर्वक गर्नुपर्दछ। त्यसमा घटनाक्रम चित्त्वसनीय बनाइनुपर्छ, चरित्रनिर्माणमा स्वभाविकता र जीवन्तता ल्याउनुपर्छ, वातावरणलाई कथानक र चरित्रानुकूल तुल्याइनुपर्छ तथा भाषालाई कलात्मक र सम्प्रेषणीय तुल्याउनुपर्छ। यस दृष्टिकोणले हेर्दा उपन्यासकार ले परिमार्जन र परिष्कारमा केही थप परिश्रम गरेको भए हुन्थ्यो भन्ने पाठकलाई लाग्छ।

एउटा पुरानो घर नेपाली समाजको निम्नवर्गीय जीवनको पारिवारिक पृष्ठभूमिमा आधारित सामाजिक यथार्थ अभिव्यक्ति गर्ने उपन्यास हो। नेपाली उपन्यास परम्परालाई हेर्दा आदर्शमुखी सामाजिक यथार्थवादी यस्ता उपन्यासको परम्परा लामो छ, सुरुदेखि हालसम्म चलिरहेकै छ। त्यसैले यस्ता उपन्यासमा पूर्ववर्ती उपन्यासकार वा आख्यानकारको प्रभाव पर्नु अस्वाभाविक होइन। यस उपन्यासका स्रष्टालाई पनि त्यस्तै खालको प्रभावले अन्तर्सम्प्रेषण गरेको अनुभव हुन्छ। चरित्रनिर्माण तथा वैचारिकताका लागि त्यस्तो प्रभाव ग्रहण गरेको आभास हुन्छ। उपन्यासको पृष्ठ ५ मा पञ्चायन बाजेकी बुहारी कलावतीको दुःखको वर्णन छ जसलाई दुःख दिने काम उनकी कान्छी सासू लक्ष्मीले गरेकी छिन्। रुद्रराज पाण्डेको उपन्यास रूपमती मा रूपमतीले सासूबाट पाएको सास्तीको एउटा भाग खाना पकाएर खुवाउँदा देखिन्छ। नून बढी भए पनि र कम भए पनि उनले त्यहाँ कटुवचन पाउँछिन् भने थिउतेल धोरै हाले 'खान नपाएकी' भनेर तर अलिकति घिन्नो देखिने गरी घिउतेल हालेमा 'सबै सक्ने भई' भनेर प्रताडना दिइन्छ। झण्डै त्यही शैलीमा त्यस्तै खाना पकाउँदाको परिणाम भोगेकी छिन् कलावतीले र त्यो पनि सासूबाटै। हेरौं यी उद्धरण-'कुनै बेला एकदुई गिर्खा दुइगा दाँतमा सारो लक्ष्मीको सराप बसेन साम्यो।' कर्म फुटेकीको आँखा के गतिलो हुन्थ्यो' बेला फुकिएर बाक्लो दाल पाक्यो भने 'दाल पकाउँदा के गोर्खा पुगेकी थिइस् ? तेरा बाको दाल बैराउन पुगेन लँगाई ? यस्लाई बाक्लो दाल खानुपरेको छ। हाम्रो पोइको आम्दानी छैन। प्रेमविलास जैले इलमी होला उसै बेला पकाउनू बाक्लो दाल।' यसै गरी प्रेममा धोका पाएर काभ्रेको नालामा साथी नन्दाकोमा पुगेकी करुणाले पश्चातापले गलेर रुग्ण अवस्थामा आफूले सहारा लिएकै घरमा बास बस्न आइपुगेको धोकेबाज प्रेमी शुकदेवलाई पाउँछे। गुरुप्रसाद मैनालीको कथा विदा को झझल्को आउँछ यहाँनिर। विदामा पनि प्रेमीले धोका दिएको छ, प्रेमिका भागेर जोगिनीका रूपमा हरिद्वार पुगेकी छ। यता एउटा बूढो घरमा पनि करुणा धोका पाएरै कसैलाई थाहा नदिई काभ्रे आएकी छ। त्यस्तै विदाको प्रेमी प्रेमिकालाई धोका दिएबापत् पश्चातापमा परी बरालिँदै र भौतारिँदै हरिद्वार प्रेमिका भएको ठाउँमा बास बस्न पुगेको छ जहाँ प्रेमिकाबाहेक अरूले उसलाई चिन्दैनन् र यस उपन्यासमा पनि त्यसरी भौतारिँदै बास बस्न पुगेको शुकदेवलाई करुणाबाहेक अरूले चिन्दैनन्। यस्तो झझल्को आए पनि मैनालीले उत्पन्न गर्न सकेको प्रेम र करुणाको उदात्त र मार्मिक स्वरूप यस उपन्यासमा चाहिँ छैन, एकाध कुरा मिले पनि मूल प्रकृति र प्रवृत्ति फरक छन्।

अभिव्यक्तिलाई स्पष्ट पार्न प्रभाव ग्रहण

देखिन्छ। आफूलाई नवराज वा प्रेमछन्दीका नामले परिचय गराउने उपन्यासकारले यस उपन्यासको समग्र विषय आफू स्वयम्लाई नै गराएको कुरा तलका उद्धृत अंशहरूबाट पनि पुष्टि हुन्छ। 'त्यसो त जीवनोपयोगी साहित्य खोज्ने पाठक र समालोचकहरूले यसमा एउटा लेखकको छोटो जीवन पाउनु हुनेछ।'

'.....उसलाई थाहा थिएन म पनि उपन्यासकार र कथाकार हूँ भन्ने। मेरो अनुहार त्यस्तो पत्यारिलो व्यक्तित्वबान् नभएकोले सुर जसिहसित दुईतीन महिनासम्म एउटै घरमा बहाल लिई बसेको भए पनि उसले मलाई साहित्यकारको रूपमा चिनेको थिएन।' (पृ.१)

'काठमाडौंका लेखकहरू धेरै जसोले मलाई नचिनेका पनि होइनन्। ...कोही चाँहि मलाई लेखक माने तापनि धर्ड क्लासको लेखकमा नाउँ लिन्छन्। इन्टरभ्यू लिंदा मलाई कहिल्यै सम्झँदैनन् र मुखाखाडा लेखक, कवि, साहित्यकारहरूलाई प्रथम श्रेणीमा स्थान दिएर आफ्ना दौतरी सिकार लेखक, कवि, साहित्यकार, उपन्यासकार, कथाकार नाटककार चाहे एक दुइटा नै छापेका किन नहून् इन्टरभ्यू लिएर अत्याधुनिक भनी चर्चा र प्रचारको भयाली पिट्छन्.....म सामाजिक दृष्टिमा पनि निम्नमध्यमवर्गीय हुँ र साहित्य क्षेत्रमा पनि निम्न नै रहिरहुँला..।' पृ.३३-३४

उपर्युक्त तथ्यबाट यस उपन्यासको विषयवस्तु शङ्कर कोइरालाको जीवनको परिस्थिति उनको आफ्नै विषयको सोचाइ र उनले गरेको आत्मभूल्याङ्कन केही सामाजिक साहित्यिक र जागिरे जीवनको सीमित अवस्थाको परिचय पनि हो। खासगरी आफूलाई बेवारिस लेखकका रूपमा पाएको अनुभव र भावनाको अभिव्यक्ति नै यसमा कोइरालाले मूल विषय बनाएको अवगत हुन्छ।

४. उपन्यासको संरचना:

आकारमा लघुता, विषयवस्तुमा आत्मानुभव, आत्महीनत्वको भावना र आफ्ना समकालीन समाज र समयको संक्षिप्त प्रतिबिम्ब, स्मृतिमय लेखनशैली, जीवनानुभवका मर्म र मधुरताको उद्घाटन र प्रस्तुतीकरणमा चारुता र रोचकता, अङ्कनका साथ उपन्यासको स्वरूप विभाजन, सीमित धरातलका निश्चित कोणबाट जीवनजगत्को पर्यवलोकन गर्ने दृष्टिकोणअनुरूप आफ्ना औपन्यासिक आख्यानको स्वयं समाख्याता भन्नु, सरल, सुबोध र दैनिक बोलीचालीको भाषालाई उपयोग गर्नु, सघन कथानक र कल्पित पात्रका उपयोगभन्दा आफ्ना जीवनयात्राका क्रममा आइपरेका परिस्थितिअनुरूपका घटना र सम्पर्क भएका व्यक्तिलाई खास स्थान् र समयका आधारमा समेटेर आख्यानीकरण गर्नु उपन्यासकार शङ्कर कोइरालाको उपन्यास संरचनाको पद्धति हो। यो पद्धति उनका अधिकांश उपन्यासमा उपयोग भएको देखिन्छ। यस उपन्यासको पनि कोइरालाले जागिरेका हैसियतले पुस्तक छापाउने काम काजमा खटिएर बनारसमा बसेका बेला आफ्नो रुचिको क्षेत्र साहित्य सृजना भएको र त्यसैबाट परिचित पनि भएकाले त्यहाँको सीमित बसाइमा नै उपन्यास लेखेर दिने प्रकाशकको अनुरोध र आग्रहअनुरूप उत्पन्न सोचाइ स्मृति र बनारस बसाइका बेला भोगेबेहोरेका कुराहरूलाई संयोजन गरेर १४ परिच्छेदमा संरचना गरेका छन्। उपन्यासको शीर्षकमुताबिक आफू संरक्षणविहीन, समानरहित तथा विपन्न र बेवारिस साहित्यकार भएको त्यसमाथि पनि अनेक बेवारिसी झन्झेट आइलागेको र तिनबाट पनि पार पाउँदै गएको र जान सकिने सम्भावना भएको परिणाम दर्शाएर तयार गरिएको यस उपन्यासमा सहज किसिमको संरचनापद्धति पाइन्छ। उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म चारैतिर छरिएका जीवनका अनुभवस्मृति र चिन्तनलाई सङ्गतिका सूत्रमा गाँस्नु र त्यसमा पाठकीय उत्सुकता जगाउनु पनि उनको संरचनात्मक विशेषता हो।

५. चरित्रङ्कन:

यस उपन्यासमा अनेक पात्रहरूको उल्लेख भएको छ। सूच्यात्मक रूपमा आएका पात्रहरू यहाँ प्रशस्त छन्। प्रमुख, गौण, गतिशील, स्थिर, निर्देशित, स्त्री, पुरुष, बाल, युवा, साहित्यिक, व्यापारी, व्यवसायी, श्रमिक, शिक्षित, स्वदेशी, भारतीय, प्रवासी नेपाली, सम्पन्नविपन्न आदि पात्रहरूका विभिन्न कार्यव्यापार सङ्केत तथा स्मृतिका आधारबाट उपन्यासकारले एक प्रकारको जीवनदृष्टि

र सामाजिक स्वरूप प्रस्तुत गरेका छन् । यसमा प्रस्तुत पात्र चरित्रमध्ये प्रेमछन्दी वा नवराज स्वयं उपन्यासकार हुन् । उनी उपन्यासकार जागिरेका नाताले बनारस दूध बिनायकमा डेरा गरी केही समय बस्ने गरेको प्रकाशन व्यवसायी सुरजसिंह र पुस्तक बिक्रेता नरेन्द्रकृष्णको अनुरोध र आग्रहमा एउटा गतिलो छोटोमीठो उपन्यास लेख्न लागेको र साहित्यिक गोष्ठीमा आफ्ना समस्यालाई प्रस्तुत गरेर साहित्यकारका दशाको स्थितिबोध गराउने व्यक्तिका रूपमा समेत प्रस्तुत भएका देखिन्छन् । उपन्यासका केन्द्रीय चरित्र पनि यिनै हुन् । अन्य सम्पूर्ण चरित्रहरू केन्द्रीय चरित्रकै सन्दर्भ र सापेक्षतामा आएका छन् । केन्द्रीय चरित्रका रूपमा प्रस्तुत उपन्यासकारको उपन्यासकारितामा पनि दोहोरो भूमिका रहेको छ, जसअनुसार उनी प्रकाशक र पुस्तक बिक्रेताका अनुरोध र आग्रहमा प्रेमछन्दी नामका उपन्यासकार भएर बनारसमा दस पन्ध्र दिनमा उपन्यास पूरा गरेर छपाउन दिने रूपमा देखिएका छन् भने अर्कोतिर प्रसिद्ध र प्रशंसा नपाए पनि प्रशस्त मात्रामा साहित्य सिर्जना गरेको ताक परे तिवारी नत्र गोतामे बन्न नसकेको पीडित साहित्यकार खासगरी कथा उपन्यासकार शङ्कर कोइराला‌का रूपमा पनि यसै उपन्यासमा परिचित देखिन्छन् ।

उपन्यासमा कल्पित र वास्तविक पात्रहरू पनि देखिन्छन् जसबाट उपन्यासकारका अभिप्रायलाई स्पष्ट गर्न पर्याप्त सघाउ भएको देखिन्छ । उपन्यासकारको साहित्यिक रुचिको क्षेत्र बारम्बार सङ्केत भएकाले यसमा साहित्यसँग सम्बन्धित कवि, समालोचक,कथाकार,नाटककार, उपन्यासकार र साहित्यकार भनेर नामी बेनामी अनेक पात्रहरूको उल्लेख गरिएको छ । यसप्रकारका साहित्यिक पात्रहरूको अङ्कन गरेर उपन्यासकारले नेपाली साहित्यको तत्कालीन यथार्थ वातावरणलाई चिनाएका छन् । उनले दिएको परिचयअनुसार काठमाडौं र बनारस दुवै स्थानका नेपाली साहित्य र साहित्यकारको गतिविधि राम्रो नराम्रो दुवै रूपमा चिनिन्छ । छायहरूका हैसियतमा, साहित्यकारका हैसियतमा, पुस्तक प्रकाशक र बिक्रेताका हैसियतमा, होटलमा काम गर्ने रिक्सा चलाउने र शिक्षण काम गर्ने जस्ता अनेक कार्यका हैसियतमा बसेका प्रवासी (बनारसवासी) नेपाली चरित्रहरूको अङ्कन गरेर एकातर्फ बनारसस्थित नेपाली समाजको अवस्थाको संक्षिप्त झलक निरूपण गरिएको छ भने अर्कोतिर सूच्यात्मक रूपमा काठमाडौंका अनेकौं साहित्यिक चरित्र र आफ्ना घरका श्रीमती छोराछोरीको उल्लेख गरेर नेपाली समाजको झलकका साथै लेखकको निजी घरेलु परिस्थितिको अवस्था पनि मार्मिक रूपमा प्रकट गरिएको छ । अचानक बेवारिस रूपमा प्राप्त भएको बेवारिस बालक गोविन्दका कारणबाट जुन प्रकारको पिरलो र भुटो लेखकमा आएको देखिन्छ, त्यो केही दिनका लागि भए पनि बडो मर्मस्पर्शी बन्न गएको छ । यस्तो बालचरित्रले उपन्यासमा थप आकर्षण ल्याएको छ । विश्लेषणभन्दा परिचयात्मक रूपमा प्रस्तुत भएका, अन्तर्मुखीभन्दा बहिर्मुखी स्वभाव अँगालेका संङ्घर्षशीलभन्दा परिस्थितिका चापमा परेका, आदर्शभन्दा यथार्थतामा आधारित, गतिशील र बहुमुखीभन्दा स्थिर र एकध्येयी प्रकारका गैरसाहित्यिकभन्दा साहित्यिक भूमिका ज्यादा भएका अनेकौं चरित्रहरूको अङ्कन नै यस उपन्यासको विशेषता हो । चरित्राङ्कनमा जुन प्रकारको बहुलता छ त्यसबाट सामाजिक विविधताको प्रतिबिम्ब भएको पाइन्छ ।

६. वातावरण:

वातावरणका दृष्टिले यस उपन्यासमा दुई प्रकारका मुख्य स्थान चित्रित भएका छन् । काठमाडौंको त्यो वातावरण आएको छ, जुन उपन्यासमा पृष्ठ वातावरण भएको छ भने बनारस प्रत्यक्ष कार्यस्थलीय वातावरणका रूपमा प्रस्तुत भएको हो । वातावरणका क्रममा प्रस्तुत बनारस धार्मिक तीर्थ, नेपाली साहित्यको प्रेरक र सृजनथलो र शैक्षिक केन्द्रका रूपमा परिचय हुनुका साथै विभिन्न प्रकारको बेइमानी, ठगी र अशान्ति हुने स्थानका रूपमा पनि परिचित हुन आएको छ । उपन्यासकार विभिन्न घाट, हाट, चोक र गल्ली घुमेर साहित्यिक गोष्ठीमा सहभागी भएर बनारसी वातावरणको बाह्य परिचय दिनाका साथै त्यहाँको अशान्त जनजीवनको गम्भीर अनुभव गरेर उपन्यासकारले भारतीय समाजका सापेक्षतामा नेपाली जनजीवन शान्त र सुन्दर भएको वातावरणको पनि अभिसूचन गरेको छन् ।

वस्तुतः यी धारणा, आक्रोश र असन्तुष्टिका स्वरहरू निश्चय नै २०४६ सालपछि स्थापित प्रजातन्त्रमा प्रजातन्त्रका नायकहरू गन्नाएका र परिवर्तनकारी राज्यसञ्चालन गर्न नसकेकाले आएका हुन्, जनताका नैराश्यका सामूहिक स्वरकै प्रतिनिधिका रूपमा यिनको विश्लेषण गर्न सकिन्छ तथापि राजनीतिप्रति नै अविश्वास गर्नु समुचित किन देखिन्न भने यसको अभावमा राज्य र राज्यअन्तर्गतको जीवनपद्धति सञ्चालित हुन अहिलेको सन्दर्भमा सम्भव छैन ।

६. अभिव्यक्तिगत शैली:

एउटा पुरानो घर को अभिव्यक्तिशैलीमा आफ्नोपन र प्रभाव ग्रहण दुवै पाइन्छ । कथ्यलाई प्रभावशाली तुल्याउन सशक्त उपमाहरूको उपयोग गर्ने प्रयास गरिएको छ । ती उपमामय वाक्यहरूले कथ्यलाई रोमान्चक र कलात्मक बनाउनमा सघाउ पुऱ्याएका छन् । अन्तरे साकीकी स्वास्नी (मिजानी) को रुग्णावस्थालाई स्पष्ट पार्न र भविष्यमा उसको जीवन असुरक्षित हुने सङ्केत गर्न यस्तो वाक्य प्रयोग गरिएको छ -'बिरामी छ, बला बसेकी गाईजस्ती, आज हो कि भरेजस्ती'(पृ.७) । वैरागिएको प्रेमबिनासले सांसारिकताई बन्धन र परतन्त्र त ठान्छ र त्यस्तो बन्धनमा बस्नुपर्दाको जीवनलाई पिँजराको सुगासमान ठान्छ भन्ने कुरा यसरी प्रस्तुत छ-'घर सम्झेंदा साँगुरो पिँजरामा फऱ्याकफुरुक पर्ने सुगाजस्तो उनलाई लाग्दथ्यो'(पृ.१३) । पन्चायन बाजेको व्यक्तित्वलाई (निरीहता र सोझोपनलाई) स्पष्ट पार्न शुकदेवले करुणासित भन्छ-'तिम्रा वा पुराना विचारका धार्मिक संस्कार भएको हुनुहुँदो रहेछ । आफ्नो दुखपीर पोख्न नसक्ने । सोझो गाईजस्तो सिङ्ग भए पनि उपयोग गर्न नजान्ने' (पृ.१८) । सन्न्यासीको उराठलाग्दो र नसहिएको स्वरूपको वर्णन गर्न क्रममा ज्यादै प्रभावशाली मानवीकरणसहितको चित्रण यसरी गरिएको छ - 'बिना मलजल, बिना स्याहार, प्रकृतिको भरमा गरिब परिवारमा हुर्केबढेका छोराछोरीझैं बियौंटे, धनुष्टङ्कार रोगले ग्रस्त, पोलियो र कोढरोग लागेका दुब्सापातला'(पृ.५२) । पैरो गएर विरूप र नाङ्गे बनेका ढाँडाको उपमा यसरी दिइएको छ-'हेर्नुस् ढाँडामा पैहा गएका ! ढाँडा कसरी खल्बट परेको बुढो मान्छेको खप्परजस्तो देखिएको' (पृ.१४४ । यस्ता खालका तुलनात्मक उपमामूलक अभिव्यक्तिहरू यस उपन्यासमा ठाउँठाउँमा पाइन्छन् ।

उपमाहरूको संयोजन भएजस्तै यस उपन्यासमा अभिव्यक्तिलाई तिखार बनाउन उखानहरूको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको पाइन्छ । त्यस्ता उखानहरूमा 'यल्लो ढाँडा न बल्लो ढाँडा, सूर्यलाई धुक्दा आफ्नै मुखमा पर्छ, गाह्रामा मन चाह्र, गर्नु बिराउनु क्यै छैन पुर्पुरोमा चिनु, खाने मुखलाई जुँगाले छेस्दैन, काको अक्षर भैंसी बराबर, खानका काम जीउका दाम, काम छउन्जेल भाँडो काम नहुँदा ठाँडो, खर्च न बर्च काशी जानुपर्छ' जस्ता उखानहरूको सटिक प्रयोग भएको छ । यसै संस्कृत र नेपालीमा प्रयोग गरिने केही सूक्तिहरूको पनि यस उपन्यासमा उपयोग गरिएको पाइन्छ । यस्ता सूक्तिमय अभिव्यक्तिहरूले सारभूत अनुभव मर्मलाई अभिव्यक्ति गरेको देखिन्छ । यस्ता सूक्तिमय अभिव्यक्तिहरूमा 'स्वधर्मे निधनं श्रेयः, धर्मेपु परमम् सुखम्, दैवो दुर्बल घातकः, अति सर्वत्र वर्जयेत्, सादा जीवन उच्च विचार' आदि प्रमुख छन् ।

उपन्यासकार शङ्कर कोइरालाले यस उपन्यासमा पात्रहरूको अवस्था र उनीहरूले भोगेको परिस्थितिअनुरूप मिल्ने गरी आध्यात्मिक भावधारा भएका श्लोक, सिलोक र भजनहरू र गीत समेतको उपयोग गरेका छन् । जस्तै :

कुन्कुन्मा उद्दै तिनै न सुनकी चरी
मुरुंमुरु नाचै हिँड्ने आँगन फूल मन्मरी' (पृ.७६)
'वैरागी मन वैरागी तन कसरी चल्ला यो जीवन' (पृ.७८)
'गुणी नाम धरी सकी नगरीमा यस्मा बखतमा पनि' (पृ.८०)
'कसो गर्नेन् स्वामित् मकन यमका दूतहरूले' (पृ.८८)
'चोपरि तस्मात्ना बारको टम्म धारी'
'ढहरसँग मिलेको भिर पस्ने तयारी' (पृ.९०)
'किमथ हेयं कनकं च कान्ता' (पृ.१०४)
'बोल हरी बोल गोपाल नन्द दुलार'
'नाक पार झयो भवसागर' (पृ.१०५) आदि

यसरी धार्मिक ग्रन्थबाट लिइएका श्लोक, सिलोक र सूक्तिदेखि लिएर नेपाली जनजीवनका अनुभूतिबाट निस्केका मूल्यवान् उखान तथा धार्मिक संस्कारबश भक्तिभावले भरिएका भजनादिले उपन्यासको केन्द्रीय कथ्यलाई प्रभावशाली पार्नुका साथै कथनशैलीलाई पनि कलात्मक, रागात्मक र

संस्कृति र सभ्यता फेरिने र रूपान्तरण हुने गर्छन् । यसलाई अँगालोमा कसेर पनि कठालोमा अँठ्याएर पनि सदाका लागि एकनास राख्नु सम्भव छैन तर त्यस्तै सम्भावनाकै पक्षमा उपन्यासकारको रुचि छ जुन कट्टर हिन्दूवादकै परिणति देखिन्छ ।

यसरी हेर्दा **एउटा पुरानो घर** को वैचारिकतामा कुनै नवीनता छैन र विचारको प्रस्तुतिमा पनि कुनै मौलिकता छैन भन्नुपर्ने हुन्छ । यसको केन्द्रमा पूर्वीय हिन्दूदर्शनको अध्यात्मिकता नै रहेको छ जुन परिस्कृत र परिमार्जित एवं समयसापेक्ष बन्न सकेको छैन । अझ पन्थायन बाजे, लक्ष्मी, शुकदेव आदिमा त यो विचार अस्थिर र विरोधाभासपूर्ण देखिन्छ । तर आध्यात्मिक वैचारिकताको केन्द्र बाबा र प्रेमविलास भएकाले र तिनको चिन्तन यहाँसम्मपुग्यो, परिवमा एकता पनि पाइनाले यस उपन्यासको केन्द्रीय वैचारिकता लेखकको बोधका सापेक्षतामा सशक्त छ । बाबाको चारित्रिक उच्चता र धार्मिक अक्षुण्यतामा उपन्यासको वैचारिकता उभिएकाले बाबाको चारित्रिक स्वच्छतालाई निखारिएको र उनलाई मोह, लोभ, क्रोधादि इन्द्रियजन्य विकारबाट मुक्त तपस्वी देखाउन उपन्यासकारले पत्रपत्रिकाको सन्दर्भ अघि सारेका छन् । यसै सन्दर्भमा एक ठाउँमा उनी यस्तो लेख्छन्-'एकपान्ट उनलाई (बाबालाई) अखाडा जमाएर गाँजा र सुर्ती मलिर हेक्का भक्तहरूलाई, दृगिष्टहरूलाई प्रोत्साहन गर्ने, गाँजा, हेरोइनजस्ता स्याक लागूपदार्थको व्यापार गर्ने सुच्चो जोगी भनी आइतबारे र शुक्रबारे साप्ताहिकहरूले पनि हुँदै नभएका दोष थुपारेर बेइज्जत र बदनाम गरे । ...अरूको तपस्या र साधनालाई तुच्छ र हीन घिनलाग्दा शब्द प्रयोग गरेर के पाए' (पृ.९६) ? सायद आइतबारे पत्रिका भनेर 'छलफल'लाई र शुक्रबारे पत्रिका भनेर 'साप्ताहिक विमर्श' लाई सङ्केत गरिएको हुनुपर्छ ।

जनता र सरकारप्रतिको अनि पक्ष र प्रतिपक्षमा बस्ने र कम्युनिष्ट पार्टीप्रतिको दृष्टिकोणले पनि उनको वैचारिकताको एक पक्षलाई स्पष्ट पार्छ । काँग्रेसलाई २०४६ सालपूर्वको पञ्चकै रूपान्तरणका रूपमा अनि कम्युनिष्टलाई अबुझ, हुन्याहा र एकोहोरो तथा मौलिकताहीन चेतना बोकेकाहरूका रूपमा प्रस्तुत गरिएको छ । सरकारमा रहेको सत्तासक काँग्रेसको गतिविधि प्रति पूर्णतः असन्तुष्ट उपन्यासकार बोधनाथमार्फत यसरी आक्रोश पोख्न लगाउँछन्-'जनतालाई झूटा आश्वासन दिँदै तिनै रगतमा होली खेल्दै तथाकथित नेताहरू आज आफ्ना विरोधीहरूलाई खतम गर्ने दाउमा आफ्ना भूतपूर्व सत्ताधारीहरूको बिँडो थाम्न लागेका छन्'(पृ.१३५) । दुवै पक्षमाथिको असन्तुष्टि पोख्दै यसै पात्रमार्फत फेरि यस्तो भनाउँछन्-'त्यसपछि २०४६ वि.सं.मा पूर्ण प्रजातन्त्र आएको भनिन्छ तापनि देश सपार्ने कम र बिगार्नेमात्र धेरै भए' (पृ.१३५) । सरकार (काँग्रेस) हत्याकाण्डमा निर्लिप्त रही षडयन्त्र र बन्दुकका भरमा शासन गरिरहेछ भन्ने धारणालाई बल पुऱ्याउने गरी एमाले नेता मदन भण्डारी र जीवराज आश्रितको हत्याराका रूपमा समेत सरकारमाथि दोष थुपार्दै कृष्णहरिका मुखबाट यस्तो भन्न लगाएका छन्-'यो हत्याको राजनीति गर्ने सरकारले के गर्ला भन्छन्हुन्छ तपाई ? जतातै मारकाट, गोलीकाण्ड छ । हाम्रा नेताहरू दुइजनाको हत्या गऱ्यो'(पृ.१४१) । अर्कोतिर कम्युनिष्ट चिन्तन बोक्नेहरूप्रति पूर्ण असहमतिको स्वर घन्काउँदै आक्रोशपूर्ण शब्दहरूमा विरोध गरिएको पाइन्छ । कम्युनिष्टहरूमाथि कुरा नबुझी सस्ता नाराका भरमा एकोहोरो घोडा भई हिँड्ने व्यक्तिको आरोप लगाउँदै स्वयम् उपन्यासकार यसरी बोल्छन् -'बोधनाथलाई थाहा नभएको होइन कम्युनिष्टहरू एकोहोरो हुन्छन । आँखाको दायाँबायाँ पट्टी लाएका घोडाझैं दौडन मात्र सिपालु' (पृ.१४१) । कम्युनिष्टहरूमा नवीनता र सिर्जनशीलता नहुने अबुझ चिन्तन अगाडि सारेर एक ठाउँमा उनले ध्रुवप्रसादका सोचाइका रूपमा यस्तो वाक्य प्रस्तुत गरेका छन-'कम्युनिष्टहरूमा सिर्जनात्मक र मौलिकता हराइसकेको हुन्छ" (पृ.१४१) सरकारका मन्त्री र भरणपोषण पाउनेहरूका क्रियाकलापबाट आक्रोशित उपन्यासकार एक ठाउँ ध्रुवप्रसादकै मुखबाट यस्तो भनाउँछन्-'अचेल सरकार भनेको सुनको खण्डे थाल हो । अनेक परिकार सजाएर राखेको हुन्छ, चौरासी व्यञ्जन खान पाइन्छ भनेर मरिमेट्छन् । वास्तवमा ती जनताको राल खकार खाइरहेको पो देख्छु म त छि ! क्या घिनलाग्दा भुस्याहाहरू ! एकआपसमा ह्यारह्यर गरिरहन्छन् त्यस फोहरी पदार्थका लागि"(पृ.१४६) ।

उपन्यासकारलाई प्राप्त भएका घर र अड्डाका चिठीले आफ्नो घरेलु दयनीय वातावरणको चित्रण पनि यहाँ पाइन्छ । त्यस्तै यस उपन्यासमा सङ्केत गरिएको भारतको आपत्कालीन अवस्थाअनुसार राजनैतिक परिवेश पनि बोध हुन्छ । उपन्यासको वातावरणमा कतिपय पात्रका खासगरी केन्द्रीय पात्रका मानसिकताको पनि झलक पाइन्छ । मूलतः यसमा एउटा साहित्यकारले कस्तो वातावरणमा जीवनयापन गर्न परिरहेको छ भन्ने कुरालाई नै महत्त्वपूर्ण ढङ्गमा चित्रण गरिएकोले यहाँ इमानदार र गरिब साहित्यकारलाई अनुकूल वातावरण नभएको देखिन्छ । प्रतिकूल वातावरण नमा पनि इमानदार साहित्यकार निरन्तर साधनारत रहेको वास्तविकतालाई पनि झल्काइएको छ । बनारसको सामाजिक वातावरणको परिचय निम्न वाक्यहरूबाट छर्लङ्ग पारिएको छ : 'यहाँका मानिसहरू सबै प्रायः पण्डा मिजासका छन् । यो सहर बढो गुन्डार र आबाद देखिए पनि अन्तर बाँझो, सहे मानिस यहाँ लड्डो भएर हिँड्छन् लड्डा सहे देखिन्छन् ।' (पृ.२१)

यसरी उपन्यासमा प्रस्तुत कठमाडौंको साहित्यिक वातावरणले सिङ्गो नेपाली साहित्यिक समाजको प्रतिनिधित्व गर्न खोजेको देखिन्छ भने विभिन्न प्रकारको बनारसी वातावरणले पनि सिङ्गो भारतेली समाजको प्रतिनिधित्व गरेको देखिन्छ ।

७. शीर्षकको सार्थकता:

बनारस बसाइको दशपन्ध दिनमै एउटा गतिलो र छोटोमीठो उपन्यास लेखेर प्रकाशकलाई जिम्मा लगाएपछि केही पैसा एड्भान्स आउने र आफ्नो केही निर्वाह चल्ने हिसाबले उपन्यास लेख्न तम्सेका उपन्यासकार प्रेमछन्दी वा शङ्कर कोइरालाले सकैतिरबाट सोचेर उपन्यासको शीर्षक निर्धारण गरेको देखिन्छ । यस उपन्यासको शीर्षकले उपन्यासको प्रतिपाद्य विषयको आंशिक तथ्यबोध गराएको देखिन्छ । त्यसैगरी लेखकको जीवनको यथार्थतालाई शीर्षकबाट बोध गर्न सकिन्छ । आजभोलिका साहित्यकारहरू अधिकांश मात्रामा बेवारिस भन्न गएका छन् । उनीहरूको आर्थिक अवस्थाका बारेमा कोही जिम्मेवारी लिन चाहन्छ न त उनीहरूको घुप घनका सम्बन्धमा कसैलाई चासो छ । केवल स्वार्थ प्रयोजनले मात्र प्रकाशक, सम्पादक र समालोचकहरूले चासो लिने गर्छन् । तसर्थ वर्तमानमा अधिकांश साहित्यकार बेवारिस बनाएको कुरामा कुनै सन्देह छैन । उपन्यासमा बेवारिसीपनाको अर्को उदाहरण प्रस्तुत गरेर पनि उपन्यासकारले शीर्षकको सार्थकता देखाएका छन् । उदाहरणअनुसार लेखकलाई ३/४ वर्षको अबोध तथा बेवारिस बालक गोविन्दलाई हेरचाह गर्न जिम्मा लगाइएको र यसबाट आफै बेवारिस भएका लेखकले अन्योलमा पिड खेल्नुपरेका प्रसङ्गले स्पष्ट गरेको देखिन्छ ।

बेवारिसको अर्थ हुन्छ उत्तराधिकारी नभएको संरक्षण नभएको र हकवाला नभएको । अधिकांश लेखकहरूको हालत यस्तै पनि देखिन्छ । संरक्षक पनि छैन । त्यसैले अधिकांश लेखकहरू बेवारिस बनेका छन् । उपन्यासका लेखक प्रेमछन्दी वा शङ्कर कोइरालाले पनि आफूलाई बेवारिस लेखक भएको जुन अनुभव गरेका छन् त्यसैका आधारमा निर्धारित उपन्यासको शीर्षक सार्थक अभिधार्थक र प्रतिपाद्य विषयवस्तुको बोधक पनि बन्न गएको देखिन्छ ।

८. भाषाशैली:

यसमा सरल बोलीचालीको भाषा प्रयोग भएको छ । भाषा सरल भएर पनि वाक्यपद्धतिका कलात्मक प्रयोगले गर्दा कतिपय ठाउँमा गहिरो अर्थ दिने सन्दर्भहरू सहजता साथ प्रस्तुत भएको छन् । शब्दजाल, कठिन भाषा र दुर्बोधताबाट उपन्यासकार टाढै पन्छिएका छन् । बनावटी भाषाभन्दा प्रभावपूर्ण सहज भाषाको प्रयोगमा उपन्यासकारको भाषिक निपुणता देखिन्छ । लेखकका भावनाअनुरूपका शब्दावलीको उपयोग छरितो ढङ्गमा गरिएको छ । सङ्केत, प्रतीक र लाक्षणिक ढङ्गको भाषाभन्दा प्रत्यक्ष र स्पष्ट ढङ्गको भाषिक प्रयोगले गर्दा उपन्यास गतिशील सर्वसाधारण पाठकलाई रुचिकर र सुबोध देखिन्छ । देशकालवातावरण विशेषले गर्दा यस उपन्यासको भाषा सीमित मात्रामा हिन्दी पनि भएको छ । उपन्यासमा प्रयुक्त हिन्दी भाषाले रोचकता र उत्सुकता नै ल्याएको छ । भाषा सोझो रूपमा प्रस्तुत भएर भनाइमा केही विशेषता र साहित्यिक पारा नै छैन भन्ने होइन । यहाँ सामान्य भाषाको प्रयोगबाट पनि विशिष्ट र व्यङ्ग्यपूर्ण अर्थको सङ्केत गरिएको कुरा तलका वाक्यबाट पुष्टि हुन्छ :

'....जो विश्वमा शान्ति ल्याउन चाहन्छ उसको आफ्नै घरमा अशान्ति हुनु असङ्गत कुरो थियो। भारतले अहिलेसम्म गुरु बन्न सजिलो देखिरहेको थियो।' (पृ. २१)

उपन्यासकारले ठाउँठाउँमा उखानहरूको पनि धत लाग्दो गरी प्रयोग गरेका छन्। केही उखानहरूको नमुना उदाहरण यसप्रकार छन् :

'ताकपरे तिवारी नव गोतामे, चोर साधु र साधु चोर ठहरिने, बाटो न घाटो दगुर्छ नाटो' इत्यादि।

शैलीका दृष्टिले यस उपन्यासलाई रोचक मान्न सकिन्छ। उपन्यासकारको शैली पनि विश्लेषणात्मकभन्दा वर्णनात्मक अथवा आत्मवृत्तान्तात्मक छ। कतै संस्मरण कुनै वर्णन कतै हल्का हास्यात्मक शैलीको प्रयोग भएको यस उपन्यासमा भाषा, भाव र शैलीशिल्पको विकोणात्मक समन्वय नै देखिन्छ। यस प्रसङ्गमा शैली कुनै पनि कुरा अभिव्यक्त गर्ने व्यक्तिको मनमस्तिष्कको द्योतक हो भन्ने कुरा यस उपन्यासमा पनि पुष्टि हुने देखिन्छ। उपन्यासकार कोइरालाको सरल र साधारणपनअनुरूपको शक्ति र भइतालाई प्रतिनिधित्व गरेर प्रस्तुत भएको शैली मीठो र प्रभावशाली छ।

९. निष्कर्ष:

अत्यधिक सङ्ख्या भएका लघुआकृतिका उपन्यास लेख्नमा प्रख्यात मानिएका शङ्कर कोइरालाले सामाजिक उपन्यासकार तथा आफ्ना जीवनका सुखदुःखलाई विषयवस्तु बनाएर आत्मप्रकाश गर्ने उपन्यासकारका रूपमा पनि परिचित छन्। उनको 'बेवारिस लेखक' उपन्यास सामाजिक र आफ्नो समकालीन परिस्थितिमा उपन्यासकारले बेहोरेको छोटो जीवनको यथार्थतामा आधारित छ। यसमा उपन्यासकार शङ्कर कोइरालाको औपन्यासिक कलाको मौलिक र सुन्दर स्वरूप पाइन्छ। सरल अभिव्यक्ति, सुबोध भाषा र सहज किसिमको संरचनात्मक पद्धतिलाई अँगालेर उपन्यासकारले जुन छोटोछरितो र मीठो ढङ्गमा लेखकको अवस्थालाई सङ्केत गरेका छन् त्यो उत्तिकै मार्मिक पनि छ। आफ्नो कार्यालयीय कार्यविरोधले बनारसको छोटो बसाइमा भोगेका सोचेका र सम्झेका कुराहरूलाई मूल विषयवस्तु बनाएर प्रकाशक र पुस्तक विक्रेताका आग्रहमा उपन्यास तयार गर्ने सक्रियतालाई समेत पृष्ठभूमि बनाएर लेखिएको यो उपन्यास स्वयं लेखककै छोटो जीवनी र व्यक्तित्वको प्रतिबिम्ब हो। यो उद्देश्यपूर्ण रूपमा संरचित भएको छ। उपन्यासमा बनारसमा बसेका लेखकका व्यावहारिक समस्याहरू रोचक र मार्मिक ढङ्गमा अभिव्यक्त भएका छन। उपन्यासका शीर्षकमा सार्थकता पाइन्छ। यस उपन्यासमा सङ्केत भएका कुराहरू रोचक र मर्म मधुर छन्। बैरिनी घाटजस्तो आञ्चलिक उपन्यास लेखेर ख्याति पाएका शङ्कर कोइरालाको स्थानीयतालाई स्वभाविकरूपमा प्रस्तुत गर्ने दक्षताको सङ्केत पनि यस उपन्यासमा वर्णित बनारसको वातावरणबाट पाउन सकिन्छ। संक्षेपमा बेवारिस लेखक भएर बनारसको छोटो अवधिको बसाइमा प्राप्त दृष्टभुक्त परिस्थितिको उपज भएको यो उपन्यास त्यसबेला सोचे सम्झेका कुराहरूको पनि यथास्थानमा अङ्कन भएको अनाख्यान भएर पनि आख्यान बन्न गएको चाखलाग्दो कृति हो। लघुता, सरलता, रोचकता र उत्सुकताजस्ता कुराहरूले गर्दा यसको मौलिक विशेषता कायम भएको देखिन्छ। सारसंक्षेपमा साहित्यकार खासगरी उपन्यासकार कोइरालाले अनुभव र अवलोकन गरेको काठमाडौं र बनारसको साहित्यिक वातावरणका आधारमा ती दुवै स्थानका साहित्यिक गतिविधि र प्रवृत्तिप्रति टीकाटिप्पणी प्रस्तुत गर्नु र स्वार्थी तथा चतुर साहित्यकारका चापमा आफू प्रतिष्ठित र चर्चित बन्न नसकेको हीनभावको अभिव्यक्ति, सङ्केत गर्नु यसको मूल मर्म हो। यसै मूल मर्मलाई मुखरित गर्ने सन्दर्भमा लेखकका घरेलु समस्या पनि प्रस्तुत भएका छन् र कामकाजका सन्दर्भमा पर्यवलोकित स्थान, समाज र व्यक्तिका बारेमा पनि सम्वेदनशील तथा उपेक्षभाव भएका आलोचनात्मक दृष्टिहरूसमेत प्रक्षेप भएका छन्। तसर्थ बेवारिस लेखक अधिकांश मध्यम तथा निम्नमध्यमस्तरीय लेखकको सीमित जीवनको झल्को दिने आफ्नै किसिमको संरचनाशिल्प भएको उपन्यासले भने उपन्यासकार कोइरालाको छोटो जीवनको प्रायः तिक्त अनुभव र अत्यधिक मात्रामा हीनताभावले युक्त मानसिकताको सही प्रतिबिम्ब पनि हो। उपन्यासमा अन्तर्निहित कतिपय सन्दर्भले उपन्यासकारको स्वाभिमानपूर्ण भावनाको झल्को दिए पनि उपन्यासबाट प्रायशः प्रतिष्ठाहीन व्यक्तित्वको नै परिचय हुन्छ।

***

आध्यात्मिक मुक्तिमा मानिन्छ र त्यो आध्यात्मिक मुक्ति सांसारिक विषभोगको तृष्णाबाट मुक्त भई ईश्वरभक्ति र ईश्वर आराधनाबाट मात्र सम्भव हुन्छ भनिन्छ। यसले मानव जुनीमा मान्छेका भोगाइ उसको पूनर्जन्मको परिणति ठान्छ र जीवनको सफलता र विफलता सबैलाई भाग्यको परिणाम ठान्छ। यही हिन्दू आध्यात्मिक दर्शनको वैचारिक धरातलमा उपन्यासकारले यो उपन्यास प्रस्तुत गरेका छन्। वैचारिकताको यस अवधारणालाई उपन्यासमा बाबाजी र प्रेमविलासका अवधारणाबाट स्वरूपित गर्ने प्रयास गरिएको छ भने स्वयं पन्थायन बाजे पनि यसका वाहक हुन्। पन्थायन बाजेदेखि शुकदेवसम्म मात्र नभई वामपन्थी चिन्तकका रूपमा प्रस्तुत गराइएको कृष्णहरिसम्मका मुखबाट ईश्वरशक्तिको बखान गराइएकाले उपन्यासकार यस चिन्तनको औला समातेर हिंड्ने बाटकजस्ता देखिएका छन्। लेखकका रूपमा र विभिन्न पात्रका रूपमा प्रस्तुत र निम्नलिखित सूक्ति/उक्ति/कथनले यस कुराको पुष्टि गर्दछन्-"दैवो दुर्बल घातकः/धर्मेषु परमम् सुखम्/स्वधर्मो निधनं श्रेयः/ गङ्गामा मन चङ्गा" आदि। यस्तै पन्थायन बाजे यत्रतत्र सिलोक भट्याउँदै भजन गाउँदै हिंड्छन् र ती सिलोक ईश्वरशक्तिकै प्रार्थनाका हुन्छन्। उनी नर्कको पनि खुबै पीर गर्छन्। कलावती र शान्तिका माध्यमबाट पनि आध्यात्मिक वैचारिकतालाई जोड दिइएको छ। यस वैचारिकतालाई केन्द्रीय रूपमा बहन गर्ने पात्र प्रेमविलास आफ्नो बाबासित भन्छ- 'कुनै वस्तु जड् वा चेतन जो पनि मुक्तिको खोजीमा हुन्छ। तर तपाई न आफू मुक्ति खोज्नुहुन्छ न अरूलाई मुक्तिको मार्गमा छोडिदिनुहुन्छ। सुन्न सक्ने शक्ति, देख्न सक्ने शक्ति, पवनादेह स्पर्श गर्नसक्ने शक्ति त भगवान्मा पो हुन्छ' -पृ.१६९। उता नायक शुकदेव उपन्यासको उत्तरार्धमा 'योगनाथ' को छद्मनामले जीवितै हुन्छ। ऊ पनि ईश्वरप्रति श्रद्धाभाव राख्ने यस्तो पुकारा गर्छ- 'हे प्रभु! मलाई रक्षा गर्ने तिमी नै हौ। अहिलेसम्म तिमीले मलाई महत गरिरहेका छौ। के म एकपल्ट फेरि तिम्रो करुणा पाउन सकुँला' (पृ.१३९)?

तर यस उपन्यासमा पूर्वीय आध्यात्मिक हिन्दू दर्शनलाई बुझ्ने कुरामा पनि कमी नै देखिन्छ। एक त पूर्वीय आध्यात्मिक दर्शन स्वयम् नै विषादग्रस्त विभेदग्रस्त छँदै छ त्यसमाथि त्यसलाई ठीक ढङ्गले बुझ्न नसक्दा झन् विकृति देखा पर्छ। धार्मिक व्यक्तिले विभेद गर्नुहुँदैन तर हिन्दू धर्मावलम्बीमध्ये तथाकथित उच्चवर्ग भनिनेहरूले जातिभेदको चर्को दुर्गन्ध फैलाएको पाइन्छ। यसै दुर्गन्धले हिन्दू आध्यात्मिक वैचारिकतालाई पक्षपाती असहिष्णु साबित गरिदिएको पाइन्छ। यस उपन्यासमा यस्तै किसिमको भेदभावयुक्त पछौटे र अत्याचारी हिन्दूसंस्कार प्रकट भएको पाइन्छ। पन्थायन बाजे एकजना सार्कीको घरमा पुग्दा ब्राम्भण र सार्कीबीचको तुलना यसरी गर्छन्-'अघेल बाहुन त सार्कीभन्दा पतीत भइसकेका छन्। दिनहुँ रक्सी धोकेर मात लागेर मतवालीहरूलाई जितिसकेका छन्। जथाभावी खानलाई सुँगुरको मासु पनि छाड्दैनन्'(पृ.८)। लेखकको यो दृष्टिकोण पुतातनपन्थी मात्र छैन, अमानवीय पनि छ। मानवाधिकारकै दृष्टिले पनि कटुआलोच्य छ।

ब्राम्भणहरूमा रक्सी खाने, मासु खाने प्रवृत्ति बढेकोमा दुखमनाउ गर्नु आलोच्य नहोला, तर सार्कीजातको घोर अपमान गर्ने अधिकार कसैलाई हुनुहुँदैन। यस उपन्यासमा प्रयुक्त 'अघेलका बाहुन त सार्कीभन्दा पतीत भइसकेका छन्' भन्ने वाक्य आपत्तिजनक नै छ। यस वाक्यले सार्कीजातमा जन्मने प्रत्येक व्यक्ति पतीत, नीच र घीनलाग्दो हुन्छ भन्ने तात्पर्य प्रस्तुत गर्छ। शङ्कर कोइरालाबाट यस्तो धारणा प्रस्तुत हुनु निश्चय नै पुरातनपन्थी रूढिग्रस्त हिन्दू चेतनाकै परिणति हो भन्न सकिन्छ। यसै गरी अर्को ठाउँमा उनीभित्रको कट्टर हिन्दूधारणा यसरी प्रकट भएको छ-'भक्तिको भावना नेपालीहरूमा हिन्दू देशमा जन्मेर पनि भएन भने सच्चा साधनामा लागेर जीवनअर्पण गर्ने साधुसन्यासीहरूको आदरसम्मान कुन विदेशीले गर्ला? यही त राष्ट्रको संस्कृति र सभ्यता हो जसमा हिन्दूभावको सनातनधर्मको श्रद्धाभाव हृदयमा भुलभुल फुटिरहेको हुन्छ मुटुको रगतझैं' (पृ.९४)। यस अभिव्यक्तिमा हिन्दूहरूको माझमा जन्मेकै कारणले सच्चाभक्तिभाव उम्रिएको विश्वास व्यक्त गरिएको छ जुन विश्वसनीय र वैज्ञानिक छैन भने यस कथनमा राष्ट्रको संस्कृतिलाई पनि संकुचित अर्थमा प्रस्तुत गरिएको छ। संस्कृति, सभ्यता भन्नु त जीवनपद्धतिको नाम हो। जीवनपद्धतिमा हुने हेरफेर र रूपान्तरण अनुरूप

छ । हिन्दू समाजमा एकातिर प्राणी अहिंसाको सिद्धान्त प्रस्तुत गरिन्छ र अर्कातिर प्राणीको रगत तथाकथित ईश्वरलाई चढाइन्छ। एकातिर भनिन्छ- 'या देवि सर्वभूतेषु मातृरुपेण संस्थिता, नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः' अर्थात् 'जुन देवी सबै प्राणीकी आमाका रूपमा व्याप्त हुनुहुन्छ त्यस्ती जगत्‌जननीलाई बारम्बार नमस्कार छ' र अर्कातिर तिनै देवीलाई सन्तानको मासु खाने क्रूर राक्षसीका रूपमा पूजा गरिन्छ। यसै धार्मिक विकृतिको बोध गर्दै उपन्यासकार पात्र लक्ष्मीमार्फत् यस्तो भनाउँदछन्-'देउता त रक्सी र मासु खान्छन् हाम्रो देशमा' (पृ.८६)।

समाजबोध गर्ने सन्दर्भमा उपन्यासकार को ध्यान समाजमा नकारात्मक ढङ्गले व्याप्त वर्गीय विभेदमा पनि पुगेको छ। काम गर्नेहरू हेय र ठगी खानेहरू सम्मानित हुने समाजप्रति उनमा असन्तोष छ। अन्न उब्जाउनेहरू नै भोकै छन्, ढारा न्याउनेहरू नै तिर्खाएका छन्, घर बनाउनेहरू नै घरविहीन छन्। देशको यस्तो विभेद सामन्ती र पुँजीवादी व्यवस्थाकै परिणति हो। यस यथार्थलाई वैज्ञानिक ढङ्गले बुझ्न त उपन्यासकारले सकेका छैनन् किनभने उनले प्रशस्त विषबमन गर्न लगाएका छन् तथापि वर्गीय विभेदको पीडा उनले छरछिमेकमा र सरकारी कार्यालयमा काम गर्दा प्रशस्त अनुभव गरेको बुझाउन पन्चायन बाजेलाई खढा गरेका छन्-'कमाउने, मेहनत गर्ने र अरू धुपार्ने र साहूहरूको स्वभावै हो तर एउटा ज्यालादारीले रातदिन कमाएको र साहू महाजनले घरै बसी फोनसम्पर्क राखी आदेश र अनुरोधको भरमा आफ्नो ढुकुटी भर्नेलाई दाँज्ने जरुरत छैन' (पृ.८८)। तर 'दाँज्ने जरुरत छैन' भन्नाले नै उपन्यासकारको कमजोर जीवनबोध र अयथार्थ इतिहास दृष्टिकोण स्पष्ट हुन्छ र यहीँ आएर अन्याय र विभेदका कारण खोजी त्यसका विरुद्ध सङ्घर्षपूर्ण चेतनाबारे उनी अनभिज्ञ रहेको अनुभव हुन्छ। तर पनि जानीनजानी उनले वर्गविभेदको पीडालाई ठाउँठाउँमा प्रकट गरेका छन्/गराएका छन्। बोधनाथलाई एक ठाउँमा यस्तो सोचिरहेको देखाएका छन् उनले -'साहित्य लेख्न पारिश्रमिक नमाग। गधाझैं जोतिऊ-पिठ्युँमा लाठीको मार सहू। तिमी रोदनक्रन्दन सुन्ने कुनै निकाय छैन। जुलुस निकालेर विरोध गर, पुलिसको प्रहार खाऊ। बोल्नलाई मञ्च छैन। काम गर्नलाई कारखाना छैन। मजदुरलाई दिन ज्याला छैन। कराऊ, टाउको फोर, न्याय पाउन्नौ' (पृ.१३८)।

समाजमा व्याप्त अन्धविश्वास र भावुकतालाई पनि यस उपन्यासमा सङ्केत गरिएको पाइन्छ। उपन्यासका सबैजसो पात्रहरू सइपर्दा ईश्वरलाई सम्झन्छन् भने रोगको उपचारादिमा तथा अन्य कार्यहरूमा परम्परागत अन्धविश्वासलाई स्वीकार्छन्, जीवनका भोगाइहरूलाई भाग्यको खेल सम्झन्छन्, कर्मको फल ठान्छन्। बाबालाई सर्वशक्तिमान् ठान्ने रोग पनि उनीहरूमा व्याप्त छ। सर्वशक्तिमान् र ईश्वर सरह मानिएका बाबाहरूप्रति श्रद्धा व्यक्त गर्नेहरूले त्यस्ता बाबाहरू कहिल्यै कसैको कुभलो चाहन्न र कसैको दुःख देख्न सक्तैनन् भन्छन् र ती बाबाले चाहेमा जे पनि गर्न सक्छन् पनि भन्छन् तर त्यस्तो हुँदो हो त संसारबाट विकृति, वैमनस्यता हट्ने थियो, सज्जनहरूमाथि कहिल्यै अन्याय हुने थिएन, न्यायप्रेमीहरू सुखी हुन्थे भन्ने उनीहरूले बुझ्नुपर्ने हो। यो अन्धविश्वास भने उपन्यासका पात्रहरूमा मात्र नभएर स्वयं उपन्यासकारमा पनि रहेको पाइन्छ जुन कुराको पुष्टि ठाउँठाउँमा लेखकले बोलेका कुराहरूले गर्छन्।

यसरी समाजबोधका दृष्टिले हेर्दा 'एउटा पुरानो घर' उपन्यासमा पारिवारिक, प्रेमपरक, धार्मिक, आध्यात्मिक, शैक्षिक, राजनैतिक, व्यापारिक, वर्गभेदयुक्त विविध पक्षका अनुभव प्रस्तुत गरिएका छन्। तर विविध सामाजिक यथार्थको बोध गर्ने उपन्यासकारमा यथार्थ विश्लेषणसामर्थ्य भने पाइन्न। उनी अनुभव मात्र प्रस्तुत गर्छन्, तर ती अनुभव गराउने गतिविधिका ऐतिहासिक सामाजिक कारणलाई सङ्केत गर्न सक्तैनन्।

५. वैचारिकता

एउटा पुरानो घर उपन्यासको वैचारिक धरातल हिन्दूदर्शन नै हो। आर्यसभ्यताको एक विशाल हाँगोका रूप व्याप्त हिन्दूदर्शन आध्यात्मिक ईश्वरवादमा केन्द्रित छ जसले ब्रह्माण्डको सञ्चालक ईश्वरलाई मान्छ र महर्षि, राजामहाराजा तथा धार्मिक गुरुहरूलाई ईश्वरका प्रतिनिधि ठान्छ। 'ब्रह्म सत्यम् जगन्मिथ्या' भन्ने निष्कर्ष दिने यस दर्शनमा प्राणीमध्ये मानिसलाई श्रेष्ठ ठानिन्छ भने मानिसको जीवनको सार्थकता

डा. दुर्गाप्रसाद भण्डारी

एक हुल गाउँले उपन्यासको सामाजिक पक्ष

शङ्कर कोइराला नेपाली साहित्यको इतिहासमा धेरै कम लेखकहरू मध्ये एक सर्जक हुन्, जसका सिर्जनाहरूको परिमाण सापेक्षतः उल्लेखनीय छ। साथद अरू धेरै लामो कालसम्म उल्लेखनीय रही रहनेछ। मैले उनका अधिकांश कृतिहरूको अध्ययन गर्ने सुयोग नपाएको हुनाले उनका साहित्यिक रचनाहरूको स्तर र समग्र गुण धर्मबारे निश्चित मूल्याङ्कन गर्ने स्थितिमा छैन। रामप्रसाद पन्तले कोइरालाको उपन्यास **एक हुल गाउँले** बारे दुई शब्द लेखीदिन भनेर अनुरोध गरेको धेरै लामो समय भै सक्यो। केही अरू व्यस्तताहरू र मुख्यतः मेरो शारीरिक अस्वस्थताको कारण पन्तजीको अनुरोध र अन्य साहित्यकार मित्रहरूको अनुरोधहरूप्रति म आफै न्यायपूर्ण हुन नसकेको अनुभव गरी रहेकोछु। ती मित्रहरूले म माथि गरेको विश्वास एकातिर ज्यापी रहेको छ भने अर्कोतिर मैले भोग्नु परीरहेका बाध्यताहरूको पीडा छ। रामप्रसादजीको विनम्रता र हार्दिकतालाई टार्न पनि गाह्रो थियो, त्यो पछेर समीक्षा गर्नु पनि त्यति सजिलो काम थिएन। अस्वस्थताको बावजूद शङ्कर कोइरालाको **एक हुल गाउँले** माथि आज केही शब्दहरू लेख्न एक नैतिक दायित्वको अनुभव गरीरहेको छु।

एक हुल गाउँले शङ्कर कोइरालाको साहित्यिक यात्राको कुन चरणमा लेखिएको हो म भन्न असमर्थ छु। तर यो एक सामाजिक यथार्थवादी उपन्यास हो। कोइरालाको **एक हुल गाउँले** को कथानक गाउँ र शहर, पाखण्डता र पारदर्शिता, शक्ति र शक्तिहीनता, जटिल जीवन-शैली र सरल विपन्न जीवन-शैली माथि आधारित छ। कथा विकसित हुन्छ गोविन्द, शोभाराम, मन्नी, अज्ञात गाउँलेहरू र शहरीया र ग्रामीण परिवेशको वरिपरि। शङ्कर कोइरालाको लक्ष्य देखिन्छ – शक्ति सम्पन्न मन्त्रीमा आएको प्रमाद, आफ्नै परित्यक्ता पत्नीबाट जन्मेको बालकप्रति उसले देखाएको निर्ममता, उसका बाचाहरू र कर्महरूबीच अपत्याशित रूपले उपस्थित भएका विरोधाभासहरू। गाउँलेहरू संधैभरी निरक्षर, सरल शक्तिसम्पन्न मन्त्रीहरूले जे भने पनि, जे गरे पनि निस्क्रिय भएर सही रहने मनोदशामा हुँदैनन् भन्ने तथ्यको एक बलशाली अभिलेख हो शङ्कर कोइरालाको उपन्यास **एक हुल गाउँले**। प्रारम्भदेखि अन्तसम्म कहिले चमन चन्तीको समतलता र कुनै स्थलहरू नाटकीयता लिएर उपन्यास गति लिइरहेको हुन्छ। कथाको अन्ततिर पुगेपछि मात्र पाठकलाई थाहा हुन्छ लेखकले दिन खोजेको सन्देश। अर्थात् अब के हुने हो भन्ने जिज्ञासा, सस्पेन्समा पाठकलाई लामो समयसम्म पर्खीरहनु पर्ने हुन्छ। साथद लेखकको उद्देश्य सामाजिक यथार्थको प्रत्याभूति विकसित गर्नु पर्ने भएको हुनाले होला उनको त्यो उपन्यासका पात्रहरूमा आन्तरिक र बाह्य जटिलताका स्थानहरू छैनन्, विद्यमान नेपाली जीवनको एक सपाट यथार्थपरक चित्रणलाई प्रमुखता दिइएको छ। कुनै पनि साहित्यिक रचनाहरू जनसाधारणले पनि बुझुन् र लाभान्वित होउन् भन्ने सामाजिक यथार्थवादीहरूको आग्रह बोकेर आएको देखिन्छ **एक हुल गाउँले**। लेखक यहाँ महा प्रचार र प्रक्षेपण गर्ने प्रलोभनबाट मुक्त भएर हाम्रो भूभागको नैतिक, सामाजिक र आर्थिक चित्रण प्रस्तुत गर्न सफल भएका देखिन्छन्।

उपन्यासमा शोभारामको भूमिका महत्वपूर्ण देखिए तापनि कथानकको प्रमुख आकर्षण नायक गोविन्द नै हुन्छ। ऊ धरेलु नोकर भएर, मजदुरी गरेर शहरमा बाल्यकाल बिताइरहेको हुन्छ। मेरो दृष्टिमा गोविन्द र गोविन्दका पिता एक अर्काका परिपूरक नभएर एक अर्काका विपरित रूप हुन्। गोविन्द विशुद्ध नैसर्गिक, आर्थिक रूपले

निम्नस्तरीय तर आफ्नो धर्तिसित अति निकट भएर बाँचीरहेको छ। उसको बाबु जो आफुलाई गोविन्दको पिता भनेर चिनिन चाहन्न, पदजनित शक्तिको नशामा चुर्लुम्म डुबेको छ। त्यो मन्त्री ती अधिकांश शक्तिसम्पन्न मन्त्रीहरू र अरू तहका हाकिम र कर्मचारीहरूको प्रमाद र कुसंस्कृतिको एक ज्वलन्त प्रतिनिधि बन्न पुग्छ – जहाँ प्रतारणा र पाखण्डता आफ्नो निकृष्टतम् स्वरूपमा देखिन्छन्। जुनसुकै नारीबाट जन्मेको भए पनि मन्त्रीको छोरा अति दयनीय अवस्थामा शोभारामको घरेलु नोकर भएर पहाडमा भाँडा माझ्ने र गोठालोको जीवन स्वीकार्न जान्छ। र, शोभारामको उदारता र प्रेमको कारण गोविन्द शोभारामलाई नै पिता भनी ठान्छ। मन्त्री एकातिर वरासिदै जान्छन्, अर्कोतिर आफ्नो क्षेत्रका जनताहरूलाई झुठो आश्वासन दिदै जान्छन्। उपन्यास आफ्नो ढेनुमें अन्तिम सोपानमा पुग्छ। मन्त्रीको विरोधमा, जब उनी आफ्नो क्षेत्रमा जान्छन्, जनताहरू गगनभेदी नाराहरू उच्चारण गर्छन्। नारा लगाउने भीडको नायक मन्त्रीको तिरस्कृत पुत्र नै हुन्छ। मन्त्रीलाई आफ्नो चुनाव क्षेत्रमा बस्न न साहस छ न त सुसंस्कृत इतिहास नै छ। त्यसबेलाका माननीय पञ्चहरू र यसबेलाका प्रजातान्त्रिक मन्त्रीहरू आफ्नो क्षेत्रका जनताहरूसित प्रत्यक्ष भेटघाट गर्न अधिकांश अवसरहरूमा डराइरहेका हुन्छन्। किनकि तिनीहरूमध्ये धेरै प्रतिनिधिहरु आफ्नो अशोभनीय भ्रष्ट व्यवहारको कारण आन्तरिक रुपले खोका भइसकेका हुन्छन्। **एक हुन गाउँमे** भित्रको पञ्चायतकालीन मन्त्री ती सबै खानका व्यवस्थाहरूका पतित र पाखण्डीहरूका एक असंदिग्ध प्रतिनिधि हुन्।

यो उपन्यासका अरू जे जस्ता सीमाहरू भए पनि लेखक आफ्नो सन्देश आफ्ना पाठकहरूलाई सम्प्रेषण गर्नमा सफल भएका छन्। यदि कुनै समालोचक यो उपन्यासलाई वर्गिकृत गर्न चाहन्छ भने अवश्य पनि ऊ यसलाई प्रगतिशील धारा वा वर्ग भित्र राख्नेछ। एक सामाजिक चेतना बोकेको हाम्रो समाजको विरोधाभाषपूर्ण यथार्थ पूर्वार्धमा वृत्तान्त र सम्वादहरू केही पठाइलाग्दा देखिए तापनि उत्तरार्धमा क्रमशः रुचिकर हुँदै जान्छन्। भाषा र शैलीमा कुनै प्रकारको कृत्रिमता र बौद्धिकता आरोपित गर्ने प्रयास शङ्कर कोइरालाले गरेका छैनन्। सायद धेरै माझिएको पद्यावली र शिल्प प्रयोग गऱ्यो भने नेपाली पाठकहरूको धेरै ठूलो संख्या उपन्यासको असली मर्म बुझनबाट वंचित रहनेछ भन्ने डोसबाट उपन्यासकार त्रस्त थिए। निम्न बौद्धिकस्तर भएका पाठकहरूले आफ्नो लेखन छर्लङ्ग बुझुन् भन्ने शङ्कर कोइरालाको लेखकीय धर्म भित्रको एक महत्त्वपूर्ण वैयक्तिक विश्वास देखिन्छ। मानवजीवन भित्रका असंगठित धुवाहरू, विरोधाभासपूर्ण अनुभूतिहरू, अव्याख्येय टक्करहरूलाई कलात्मक रचनामा रूपान्तरित गर्न ठूलो प्रतिभा र निरन्तर साधनाको आवश्यकता पर्दछ। हाम्रो देशका धेरैजसो कथाकार र उपन्यासकारहरूलाई हेर्दा शङ्कर कोइरालालाई सापेक्षतः एक सफल उपन्यासकार भनीदिए हुन्छ। **एक हुन गाउँमे** मेरो अनुमानमा उनका दुई-तीन उत्कृष्ट उपन्यासहरू भित्र पर्दछ। कुनै पनि उत्साहपूर्ण लेखकले रचना गरेको एक कृतिको अध्ययन गरीसकेपछि अनुमान गर्न सकिन्छ उसको सिर्जनशीलताको उचाई र गहिराई बारे।

का.म.न.पा.३४, बानेश्वर

***

Heartily Greeting On the Auspicious Occasion of Happy Bijaya Dashami & Dipawali - 2058

Everest Travels Service (P.) Ltd.
Everest De cargo (P.) Ltd.

Branch Office:
Kantipath,
Kathmandu
Tel No. 222217, 240136

Head Office:
Gangapath, Kathmandu
P.O.Box No. 223
Tel: 249216, 249263

दर्जनौं साहित्यिक कृति लेखेका उपन्यासकार समाजका सम्बन्धित क्षेत्रहरूबाट पनि सदैव उपेक्षित रहे भने उनको जीविका पनि सङ्घर्षपूर्ण नै रह्यो। त्यसको लामो समयदेखिको अनुभूति त उनमा छँदै थियो। २०४६ पछि त्यसमाथि झन् कटु अनुभूति थपिए। २०४६ सालमा आएको नयाँ राजनैतिक प्राप्तिपछि सामाजिक जीवनमा सुधार हुनेछ, राजनीतिमा स्वच्छता, नैतिकता र सकारात्मक प्रतिबद्धता कायम हुनेछ, राष्ट्र समुन्नत बन्नेछ र राष्ट्रबासी सुखी हुनेछन् भन्ने मीठो परिकल्पना नेपाली जनताले त गरेकै हुन्, जनताले जस्तै उपन्यासकार कोइरालाले पनि गरेको हुनुपर्छ। तर ती सुखद् परिकल्पना यथार्थमा हाक्का साबित भए। यसबाट निराश बनेका स्रष्टाले नैराश्य, असन्तुष्टि र पीडाबोधलाई यस उपन्यासमा प्रकारान्तरले व्यक्त गरेका छन्।

निम्नमध्यमवर्गीय परिवार, जो काठमाडौंको सहरी परिवेशमा बाँचिरहेको छ त्यसको जीवनयात्रा कति कष्टप्रद हुन्छ भन्ने कुरा यस उपन्यासमा प्रस्तुत छ। पञ्चायन बाजेको बुढो घरमा बाँच्ने सदस्यहरू यस्ता कष्टको सिकार भएका छन्। यस घरमा दुई छाक टार्न ठूलो सङ्घट छ तर समाजमा पण्डित परिवारका रूपमा रहेकाले लाज पचाएर काम गर्न सक्ने सामाजिक वातावरण पनि छैन भने समाजले हेर्दा बाउ छोरी दुवै जागिरे अनि काठमाडौंजस्तो ठाउँमा आफ्ने घरजग्गा पनि भएको स्थितिमा साढ़े तल्लो जीवन देखाउन पनि नहुने जटिल भोगाइ यस परिवारको छ। खानपान, बसोबास, सासुबुहारीको द्वन्द्व, सौतासौतावीचको ईर्ष्या, पारिवारिक सदस्यका अकर्मण्यता, लोग्नेस्वास्नीको झगडा, अभाव र देखावटी जिजीविषा आदिको अन्तर्द्वन्द्वमा पिल्सिएको निम्नमध्यमवर्गीय जीवनको चित्रण यस उपन्यासको केन्द्रीय कथ्य भएकाले विशेष महत्त्वका साथ प्रस्तुत भएको देखिन्छ।

संसार सिङ्गभेदका विकास दूरी पार गर्दै नजिक आइसकेको परिप्रेक्ष्यमा नेपाली समाजमा पनि त्यसको प्रभाव पर्नु स्वभाविक हो। प्रेममा खुलापन र बिहेमा खुलापन त्यसकै परिणतिमध्ये एक हुन्। यस उपन्यासमा करुणा र शुकदेवबीचको प्रेमलाई परिवारले मान्यता दिनु यस कुराको प्रमाण पनि हो तर अझै पनि नेपाली समाजको पुरानो संस्कार रहिरहेको कुरा शुकदेव र करुणाको प्रेमको हाँसो उडाउने, अपमानसमेत गर्ने विद्यालयीय क्रियाकलाप र घरमा छुआस्सछुस्स हुने व्यङ्ग्यात्मक अभिव्यक्तिले पुष्टि गर्दछन्। समाजको यस संक्रमणको द्वन्द्वलाई पनि यस उपन्यासले प्रस्तुत गरेको देखिन्छ।

नेपाली समाजको यथार्थबोध गर्ने सन्दर्भमा उपन्यासकारले विवाह कार्यमा आएको दाइजोप्रथाको विकृतिलाई पनि सङ्केत गर्दै उपन्यासकार यस्तो भनाउँछन्- 'उसको बाबुले (उमाको बाबुले) आफ्नो धाक जमाउन जेजति छोरीज्वाईंलाई दिए, के त्यसबाट उमाको आमाबाबुको प्रतिष्ठा कति बढ्यो समाजमा ? समाजमा कति सुसंस्कार बढ्यो, साक्षी खर्च गर्न नसक्ने छोरीहरूका आमाबाबुले त आत्महत्या गरे भयो' (पृ.२२)।

समाजमा व्याप्त धार्मिक विकृतिलाई पनि उपन्यासकारले सङ्केत गर्ने प्रयास गरेका छन्। ईश्वर सबै प्राणीका पिता हुन्, उनले कसैमाथि पनि भेदभाव गर्दैनन् भन्ने धार्मिक मान्यता एकातिर छ भने सोही मान्यताको प्रचार गर्ने तथाकथित पण्डितहरू पशुपतिनाथको मन्दिरमा सबैले प्रवेश गर्न नसक्ने नियम बनाउँछन्। तल्लो स्तरका तल्लो जातका व्यक्तिहरूलाई प्रवेश निषेध गर्ने यो दुखद् ढोंग मानवसभ्यताकै हाँसो हो तापनि त्यसलाई जीवितै राखिएको छ। त्यसलाई यथार्थ सोही ढङ्गले त्यस्तै पात्र खडा गरी सङ्केत गरिएको छैन तापनि पञ्चायन बाजेमार्फत् सामान्य सङ्केत यसरी गरिएको छ-'पशुपतिनाथको दरबारमा उनीजस्तो सर्वसाधारणलाई प्रवेश कसरी खुल्ला हुने' (पृ ३१)। यसै गरी धार्मिक सङ्गठन खोल्दै धर्मको नाम र आडमा तुच्छ राजनीति गर्ने, निजी स्वार्थ पूरा गर्ने र मानवमानवबीच युद्ध, हिंसा र आतङ्क मच्चाउने कुप्रवृत्तिलाई पनि विरोधी चेतनासाथ यसरी सङ्केत गरिएको छ -'बाधक त ती धार्मिक संगठनहरू थिए जसको आडमा उच्चासनमा पुगेर धर्मोपदेशको सुनाम कमाउँथे, जो एकैकिसिमको राजनीति नै थियो। सत्तासीनहरूको क्षणिक उन्मादले गर्दा कति धार्मिक धर्मभीरुहरूले ज्यान गुमाउँदै आएका छन्। कति मन्दिर, मस्जिद, गिर्जाघर ध्वस्त भए' (पृ.४२)। यसै गरी धर्मको नाममा प्राणीहत्या गर्ने अत्यन्त घीनलाग्दो रुढिवादी परम्पराप्रति पनि उपन्यासले कडा व्यङ्ग्य गरेको

यथास्थितिप्रति कडा टिप्पणी गर्छ, आफ्नै पार्टीप्रति पनि आलोचक दृष्टि दिन्छ, तर काम गर्नमा, अरूलाई सघाउनमा क्रियाशील हुँदैन । त्यसैले यो चरित्र आदर्श सिद्धान्त र निष्क्रिय व्यवहारको संयोजन बनेको छ । सरकार र वामपन्थी पार्टीप्रतिको लेखकको धारणालाई उपन्यासकारले यसै पात्र र शुकदेव तथा धुवप्रसादका माध्यमबाट प्रस्तुत गरेको अनुभव हुन्छ । पीयाङ्रेक साहू नर्मदालाल श्रेष्ठ र शान्ति दुई पात्र छन् जसले उपन्यासमा राम्रै ठाउँ पाएका छन् । शान्ति आफूमाथि आएकी सौता र घरको दुराबस्थाले पीडित सज्जन नारी हो । उसमा नारी पीडाका केही तरङ्गहरू छन् र असमयमै रोगग्रस्त हुन्छे र ठीक उपचारको आभावमा मर्छे । नर्मदालाल साहू व्यापारीप्रवृत्तिको प्रतिनिधि हो । ऊ जसरी भए पनि जग्गाजमिन र सम्पत्ति जोडन तल्लीन बाठो व्यक्ति हो । बाहिर समाजसेवा र धार्मिक कार्य गरेको ढोंग गरी भित्रभित्रै व्यापारी लक्ष्य पूरा गर्नमा खप्पिस पात्रका रूपमा यो चित्रित छ । बाँकी पात्रहरू हुन्-साकीं, भिजार्नी, नन्द, सुभद्रा, मङ्गलवीर, गोपाल, कृपाराम मिश्र आदि । यी पात्रहरू सहायक मात्र छन्, खासै भूमिका खेल्दैनन् ।

३. विषयवस्तु:

एउटा पुरानो घर उपन्यासमा विषयको पनि विविधता छ । सामाजिक यथार्थका विभिन्न क्षेत्रमध्ये यस उपन्यासमा चारवटा क्षेत्रलाई रुचिसाथ प्रस्तुत गरिएको छ । ती हुन् - प्रेम, निम्नमध्यमवर्गीय पारिवारिक जीवन, धर्म र राजनीति । नेपाली समाजमा प्राचीन परम्परा बिस्तारै नवीन परिवर्तनतर्फ अग्रसर हुँदै आएको कुरालाई प्रेम र राजनीतिमार्फत् प्रस्तुत गरिएको छ भने प्राचीन संस्कार र आध्यात्मिक विषयलाई पारिवारिक जीवनपद्धतिका विविध रूप र धार्मिक क्रियाकलापमार्फत् अगाडि धर्म र निम्नमध्यमवर्गीय पारिवारिक विषयलाई प्रस्तुत गरिएको छ । करुणा र शुकदेवको चरित्रमार्फत् प्रेमविषय चित्रित छ । यिनीहरूको प्रेममा संस्कारगत बिहे गर्ने, वा सामूहिक बिहे गर्ने वा कानुनी बिहे (कोर्ट म्यारिज) गर्ने भन्ने विषय अगाडि आएका छन् । यसबाट नेपाली समाजमा प्रेमविवाह बढ्न थालेको देखाइएको छ भने प्रेममा पवित्रता र धोकालाई देखाइएको छ । निम्नवर्गीय पारिवारिक जीवनको यथार्थ र कष्टप्रद स्वरूपलाई पञ्चायन बाजेको मुढो घरका दृश्यहरू प्रस्तुत गरिएको छ । यो नै यस उपन्यासको केन्द्रीय विषयवस्तु पनि हो र यसै विषयवस्तुले नै आम नेपाली जनजीवनको पारिवारिक यथार्थको झल्कन्को दिन्छ । त्यसैले यो विषय प्रतिनिधिमूलक छ । धार्मिक आध्यात्मिक विषयलाई पनि व्यापक रूचिका साथ प्रस्तुत गरिएको छ । बुढो घरका तीनजना सदस्यहरू (पञ्चायन बाजे, प्रेमबिलास र कसावती) तथा पशुपतिका बाबाजीमार्फत यस विषयलाई महत्त्वका साथ अगाडि सारिएको छ । संसार नाशवान् छ, तेरोमेरो भन्ने भावना अज्ञानता हो भने तृष्णाका वस्तुप्रतिको मोह मोक्ष प्राप्तिमा मुख्य तगारो हो । यो संसार ईश्वरको अनुकम्पाले सञ्चालित छ र उसकै शक्तिले यसको विलय पनि हुन्छ । मानवजीवनको अन्तिम लक्ष्य आध्यात्मिक मुक्ति नै हो भन्ने निष्कर्ष यस विषयको प्रस्तुतिमार्फत अगाडि सारिएको छ । यस्तै २०४६ सालको प्रजातन्त्र प्राप्तिपछिको राजनैतिक अवस्थालाई पनि विषयवस्तु बनाइएको छ । उपन्यासका उत्तरार्धमा राजनीति विषयलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ । कृष्णहरि, धुवप्रसाद र शुकदेव (योगनाथ) का धारणामार्फत् प्रस्तुत राजनैतिक विषय उपन्यासकारको राजनैतिक अवस्थाप्रतिको असन्तुष्टिको अभिव्यक्ति देखिन्छ । राजनेताहरू लोभी, षड्यन्त्रकारी, जनताका शोषकका रूपमा यहाँ सङ्केतित छन् ।

एउटा पुरानो घर उपन्यासमा प्रस्तुत यी चारवटा विषयहरूमा सम्पूर्ण यथार्थभन्दा पनि नकारात्मक यथार्थको प्रस्तुति पाइन्छ । यी क्षेत्रका विकृति, समस्या, बिसङ्गति र व्यभिचारलाई प्रस्तुत गर्नुमा नै उपन्यासकारको विशेष अभिरुचि रहेको छ । राजनीतिलाई हेर्ने उनको दृष्टिकोणमा त एकपक्षीय आक्रोश र पूर्वाग्रहसमेत अनुभव हुन्छ ।

४. समाजबोध:

नेपाली समाजमा देखापर्ने विकृत यथार्थको दर्शन सामान्य नागरिकले गर्ने कटु अनुभूति र नकारात्मक यथार्थको प्रस्तुति नै 'एउटा पुरानो घर' उपन्यासको समाजबोध हो । आफ्नो जीवनको उत्तरार्धमा अझ भनौं अन्तिम दशकमा उपन्यासकार शङ्कर कोइरालाले अनुभव गरेका तीता क्षणहरू चरित्रबहुलताका माध्यमबाट यसमा प्रस्तुत छन् ।

✍ देवी नेपाल

फेरि शीला उपन्यासमा व्यङ्ग्यचेत

आञ्चलिक उपन्यास लेखनपरम्पराको आधिकारिक थालनी गर्दै नेपाली उपन्यासका क्षेत्रमा देखापरेका उपन्यासकार शङ्कर कोइराला (१९८७-२०५४) समाजका यथार्थताहरूलाई औपन्यासिक स्वानभासमा उतार्न सक्ने कुशलशिल्पी उपन्यासकार हुन् । साहित्यलाई आफ्नो मनको वह पोख्ने माध्यमका रूपमा मान्ने कोइराला उपन्यास लेख्नालेखै आफूले स्वयं पनि एक औपन्यासिक पात्रका रूपमा देखापरेको अनुभव पाठकलाई हुन्छ । तीन दर्जनभन्दा बढी उपन्यास लेखेर पनि पाउनुपर्ने चर्चा, मान र आदर नपाई र ख्यातिका रङ्गमञ्चमा उत्रिनै नभ्याई नेपथ्यबाटै बिदा लिन पुगेका अथक साधक कोइरालाको जीवन नै वास्तवमा एउटा सिद्धो यथार्थवादी उपन्यास हो । **शीला** र **उही शीला** जस्ता उत्कृष्ट दुई उपन्यासको प्रकाशनपछि लेखिएको **फेरि शीला** उपन्यासले २०४६ सालको जनआन्दोलनले ल्याएको परिवर्तन र त्यसपछि पनि अवरोधका रूपमा रहिरहेका विकृतिका ढङ्गुरहरूलाई खोतल्ने प्रयास गरेको छ । २०४८ सालमा लेखिएर पनि रत्न पुस्तक भण्डारको गर्भमा निस्सासिइरहेको प्रस्तुत औपन्यासिक धूप बाहिर निस्कने अवसर खोज्दै छ । पाण्डुलिपिका रूपमा प्राप्त **फेरि शीला** उपन्यास सामाजिक यथार्थता, राजनीतिक परिवर्तनपछि पनि हट्न नसकेको मर्यादाहीनता, उच्चवर्गमा देखापरेको विकृतिपूर्ण जीवनगति र सभ्यता र इमान्दारिताका अभावमा छट्पटाइरहेको वर्तमानको प्रतिबिम्ब हो । उक्त उपन्यासका विषयवस्तुमा प्रयुक्त व्यङ्ग्यचेतको खोजी गर्नु नै यस संक्षिप्त हेराइको अभीष्ट हो ।

कथासार:

पञ्चायतको समाप्तिपछि आफ्नै घरका कोठामा टेलिभिजनमा 'सिर्जनाको आधा घण्टा' कार्यक्रम हेर्दै बसेको पञ्चायती प्रधानमन्त्री नक्रमान आफ्ना पूर्वका दिनहरू कल्पिंदै छ । उसमा पञ्चायती शान र हत्याराको भावना हराउन सकेको छैन त्यसैले आफ्ना भरौटेहरूका अगाडि भूतपूर्व रूप देखाएर भए पनि चित्त बुझाउँदै छ । जनताबाट बाँच्नका लागि रूपपरिवर्तन गरी भेला भएका नक्रमानका भरौटे श्याम थपलिया (जुंगे), ठुन्दिदी र नीलिमाजस्ता पूर्वपञ्चहरू रक्सीका नशामा लड्दै गर्या पार्टी खोल्ने सुरमा छन् । नक्रमानका घरमा भएको भोज समाप्त भएपछि सबै त्यहीं सुत्छन् । ठुन्दिदी र नीलिमाको लामो वार्तालापमा आफ्नी छोरी कान्ता सिनेमा क्षेत्रमा लागेको र आफू चिन्तित भएको कुरा ठुन्दिदी सुनाउँछिन् र चिन्ताको कारण सोद्धा आफ्नो अतीत सम्झँदै आफू पनि हिरोइन बन्न जाँदा यौनशोषित भएको घटना सुनाउँदै सिनेमा क्षेत्रलाई यौनव्यापार गर्ने ठाउँका रूपमा लिन्छिन् । बिहान भएपछि नक्रमानकी श्रीमती सुविद्याले सबै एउटै कोठामा सुतेको आशङ्का गरेर ठुन्दिदी र नीलिमलाई बेश्याको आरोप लगाएपछि उनीहरूका बीचमा मनमुटाव सुरु हुन्छ र पद खुस्किएपछि श्रीमतीले पनि हेप्छे भन्दै नक्रमान सिनामंगलको घरमा गएर लुकेर बस्न थाल्छ । नक्रमानको हितैषी तथा पञ्चायती मन्त्री पञ्चबहादुर पनि अहिले काङ्ग्रेसबहादुर भएको छ । उसकी श्रीमती दुर्गाको अपहरण भयो र छोरी शीला घरबाट बेपत्ता भई । शीलाको प्रेमी र बीन्द बहुलाजस्तै भएर शीलालाई खोज्न थाल्छ । खोजीकै क्रममा ऊ नक्रमानको सिनामङ्गलको घर, डिल्लीबजारको साप्ताहिक 'परामर्श' को कार्यालय र नेपाल टेलिभिजनसम्म पनि पुग्छ तर त्यहाँ उसले अपमानसिवाय केही पाउँदैन । घर फर्किएर दारीकपाल काटी सुट लगाएर मोटर साइकलमा फेरि तिनै ठाउँमा धुम्दा भव्य स्वागत पाउँछ । अब उसलाई नक्रमान र बेलायती नागरिक डेभिडप्रति शङ्का लाग्न थाल्छ र नक्रमानको होटलमा फोन गर्दा डेभिड बेलायत गइसकेको हुन्छ । शीलालाई पनि डेभिडले लिएर

गएको कुरा रबीन्द्रले विशालबजारमा रूपानाई भेटेपछि मात्र आधिकारिक रूपमा थाहा पाउँछ । शीलाका प्रेममा तड्पिरहेको रबीन्द्रलाई रूपा आफ्नी नन्द प्रतिमासँग बिहे गर्न आग्रह गर्छ तर ऊ मान्दैन ।

घर फर्कने क्रममा रत्नपार्कमा उसको अपरिचित एउटी केटीसँग भेट हुन्छ र सँगै जाउँ भन्ने त्यस केटीको आग्रहले गर्दा ऊ एउटा ट्याक्सी लिन्छ र उनीहरू बत्तीसपुतलीसम्म जान्छन् । त्यसपछि पनि अझै पशुपतितिर घुम्न जाउँ भन्ने नसिलीको आग्रहस्वरूप बाग्मतीपारिको ढाँडामा पुगेर रु.५००- दिन र आफूलाई भोग गर्न नसिलीसे आग्रह गरेपछि ऊ पेसेवर बेश्या रहिछे भन्ने रबीन्द्रले थाहा पाउँछ र फस्किन्छ । तर नसिलीसे शीला र रबीन्द्र हिन्दू होटलमा गएको, एक रात सुतेको र पछि शीलालाई एउटा बेश्यावृतीले लिएर गएको सबै थाहा भएको कुरा गरेपछि रबीन्द्रले पैसाचाहिँ दिने तर किन यस पैसामा लागेको हो भन्नुपर्ने प्रस्ताव राख्छ र नसिलीले आफ्नै प्रेमीले आफूलाई झुक्याएर होटेलमा बेचिदिएको र आफू बेश्यावृत्तिमा लाग्न बाध्य भएको बताउँछे र रबीन्द्र आफूसँग भएको सबै पैसा दिँदै यो पैसा छोडेर घर जाऊ भन्दै 'मनी पर्स' नै दिन्छ तर ऊ नमानी बाटो लाग्छे ।

उता रबीन्द्रका घरमा उसलाई बिहे गर्न दबाब आउँछ तर ऊ शीलालाई बिर्सेर बिहे गर्न मान्दैन । त्यसपछि बुबा (डी.एस.पी.रुद्रनाथ) सँग मनमुटाव सुरु हुन्छ र एकदिन मन बहलाउन प्रख्यात गायक गायिकाहरूको 'भेराइटी शो' मा जान्छ र त्यहाँ गायिका उपासनासँग उसको परिचय हुन्छ । रबीन्द्र उपासनालाई घरैमा लिएर आउँछ, उसकी आमा पनि उपासनाको गाउन मन पराउँछिन् । उपासना हिँडने बेलामा डी.एस.पी. रुद्रनाथ आइपुग्छन् र आफ्नो भाइलाई गोली हान्ने हत्यारा नै रबीन्द्रको बाबु रहेछ भनेर रिसाउँदै आफ्नो बाटो लाग्छन् । ट्याक्सीमा चढ्ने बेलामा उपासनाले त्यो कुरा रबीन्द्रलाई भन्छिन् तर नजाने जस्तो गर्दै ऊ बाबुसँग जान्छ । उपासनालाई घरमा लिएर आएकोमा रुद्रनाथ छोरासँग रिसाउँछन् तर रबीन्द्र बाबुलाई हत्याराका रूपमा हेर्न थाल्छ । चन्द्रेश्वरीका मन्दिरबाट मूर्ति चोरेका बेला सुरक्षाकर्मीले हवाईफायर गर्दा मन्दिरमाथिबाट लडेर मरेको कुरा गर्दा पनि रबीन्द्र विश्वास गर्दैन र आगामी चुनावपछि जनताले तपाईंलाई माछेन् भन्दै घर छाडेर हिँड्छ । सुन्दरीजलदेखि माथिका गाउँमा गएर बसेका बेला उसले रेडियोबाट डि.एस.पी रुद्रनाथले आफैं गोली चसाएर आत्महत्या गरेको समाचार सुन्छ र आत्तिँदै अनि दौडिँदै ऊ पुनः घरतिर फर्किन्छ । यत्तिकैमा उपन्यास पनि समाप्त हुन्छ ।

उपन्यासमा प्रयुक्त व्यङ्ग्यात्मकता:

'दया, करुणा र स्नेहजस्ता मानवीय गुणहरू मान्छेबाट अस्त नभएसम्म रचनाकारले व्यङ्ग्यात्मक शैली वरण गर्दैन । जब सामाजिक मानवीय र सच्चरित्रताका भावहरू तिरोहित भएर जान्छन् तब व्यङ्ग्यको भाव तीव्र भएर उपस्थित हुन्छ' भन्ने ए.निकोलको धारणालाई हेर्दा शङ्कर कोइराला को प्रस्तुत उपन्यास उक्त धारणाभित्र समेटिन सक्ने देखिन्छ । जब नेपालको इतिहासमा राजनीतिक परिवर्तन भयो, तब जनतामा आशाको अङ्कुर टुसायो तर राष्ट्रिय रूपमा नै बढ्दै गएको असङ्गतिको ऐँजेरु फ्याँक्न सक्ने मान्छे कोही पनि निस्केन अनि उपन्यासकारको चेतना व्यङ्ग्यबाण बनेर **फेरि शीला** उपन्यासमा पोखियो । मूलतः उपन्यासभित्र पाइने व्यङ्ग्यात्मक पक्षलाई मात्र केलाउनु यस लेखको उद्देश्य भएकाले राजनीति, समाज, सामाजिक तथा व्यक्तिगत चरित्र, प्रशासन, सिनेमा आदि क्षेत्रप्रतिका व्यङ्ग्यात्मक टिप्पणीहरूलाई यहाँ चियाउने प्रयास गरिनेछ ।

राजनीति व्यङ्ग्य:

उपन्यासकार शङ्कर कोइराला प्रस्तुत उपन्यासमा राजनीतिक क्षेत्रका विगत र आगत दुवै समयका कुराहरू इष्टाका रूपमा देखापरेका छन् । समयको परिवर्तन हुनभन्दा पहिला र अहिलेमा देखापरेका मानसिक तथा शारीरिक उथलपुथल र चमत्कारात्मक परिवर्तनप्रति व्यङ्ग्यात्मक हाँसो र छेडछेडका शैलीमा उपन्यासकार कोइराला उतिएका छन् । राजनीतिले यस उपन्यासको थालनी र अन्त्य दुवैमा महत्वपूर्ण भूमिका खेलेको छ । उपन्यासकार भित्र रहेको सचेतता सुधारात्मक लक्ष्य बोकेर र

पनि छन् र नीच धारणा छन् । तर नायक भए पनि यस चरित्रमा पनि विशिष्ट छाप छाड्ने नायकत्व पाइन्न ।

प्रेमविलास र कलावती यसका छुट्टै प्रकृतिका पात्र हुन् । मर्चेन्टका युवायुवती भएर पनि विनीहरूको चरित्रमा छुट्टै प्रौढता देखिन्छ । प्रेमविलास अनौठो पात्र हो । खाऊँखाऊँ लाउँलाऊँ भन्ने उमेरमा ऊ वैरागी बनेको छ । घरमा सुशील र पतिव्रता पत्नी छ, बाबुआमा छन्, बैनी छ । ऊ परिवारको जेठो र टाँठोबाठो एकमात्र छोरो हो । पञ्चायन बाजे बूढा भएका र घरको आर्थिक स्थिति झन्-झन् खस्कँदै गएको बेला त्यसलाई समाल्ने जिम्मेवारी उसको हुनुपर्ने हो । तर ऊ पशुपतिनाथमा बस्ने बाबाको सेवामा नै निर्लिप्त रहन्छ । घरायसी जिम्मेवारीप्रति पूर्णतः आँखा चिम्लन्छ । भौतिक सुख र पारिवारिक दायित्वको अलिकति पनि छाप नपर्ने यस पात्रमा ईश्वरीय गुरुभक्तिको एकोहोरो यात्रा देखिन्छ । घर भत्कँदा र नोक्सान हुँदा अनि जवान बैनी हराउँदासमेत उसमा चिन्ता पैदा हुँदैन, चिन्ताको भाव जन्मँदैन र समस्याको समाधान गर्न जाँगर चल्दैन । उमेर पुगेको र आध्यात्मिक दर्शनले परिपुष्ट प्रौढ संन्यासीजस्तो वैरागीपात्रका रूपमा यसको चरित्र रहेको छ भने कलावती बूढो घरकी एकमात्र बुहारी हो जसले पतिको वैराग्य सासू ससुराहरूको द्वन्द्व, पारिवारिक किचलो, अभाव, तनाव र समस्या आदि सबैलाई अत्यन्त शान्त, संयमित र शालीन भएर सामना गरेकी छ । उसकी सासू लक्ष्मी भौतिक सुखभोगका लागि पैसाका पछि दगुर्छे, बाहिरी झिलिमिली र तामझाममा लहसिन्छे तर जवान ऊ शान्त छे । सहनशीला र कर्तव्यपरायण कलावती प्राचीन संस्कारमा हुर्केबढेकी योग्य र पतिव्रता चरित्रकी देखिन्छे । वैरागिँदै गएको पति प्रेमविलासलाई सांसारिक र पारिवारिक दायित्वतर्फ फर्काउन उसले कुनै प्रयास गरेकी छैन । त्यतिमात्र होइन, जवानीको आनन्द पाउने हक, पत्नीको अधिकार र मातृत्वकै अधिकारका लागि समेत उसले प्रेमविलाससँग प्रयत्न गर्नुपर्ने हो, तर त्यस्तो पाइन्न । उल्टै ऊ पनि प्रेमविलासकै अनुसरण गर्दै बाबाको सेवामा लागेकी देखिन्छे ।

यस उपन्यासमा अलिकति सक्रिय पात्र लक्ष्मी हो । बूढो घरका मूली पञ्चायन बाजेकी कान्छी श्रीमती लक्ष्मी भौतिक तृष्णाकी प्रतीक पनि हो । सौताका रूपमा मिथिएकी यस पात्रले पञ्चायन बाजेलाई आफ्नो काबुमा राखेकी छे र घरमा उसकै ढाको सबैभन्दा ठूलो देखिन्छ । लोग्नेबाट लिन सकिने जति फइदा लायज वा नाजायज दुवै ढङ्गले लिनमा यो खप्पिस छे । पैसा भनेपछि भुतुक्कै हुने यसले पैसाका लागि अधार्मिक कार्य पनि गर्न मन पराउँछे । घरमा हुने झगडा र तनावमा सर्वाधिक भूमिका यसैको छ । यसले लोग्नेलाई पैसाकै निम्ति साहू नर्मदालाल र बाबाजीकोमा जान प्रेरित गर्छे, वैरागी छोरो प्रेमविलासबाट पनि त्यही आशा गर्छे र आफ्नी छोरी करुणा हराउँदा पनि यसमा मातृत्वको भुईंचालो जाँदैन । अन्त्यमा बूढो घरमै पुग्दिए यस तृष्णाको प्रतीक पात्रको अन्त्य हुन्छ ।

उपन्यासका अन्य पात्रहरूमा बाबाजी सध्या ईश्वरभक्त र वैरागी चरित्रमा देखाइएका छन् । उपन्यासका धेरैजसो भागहरूमा बाबाको गम्भीर र परोक्षरूपमा ईश्वरीय स्वरूप देखाइएको छ । बूढो घरको एकमात्र युवा प्रेमविलासलाई वैरागी बनाउनमा र सारा परिवारको आदर पाउनमा सफल यो पात्र निर्विकार चित्तको देखिन्छ । धामपानी, भोकप्यास सबै सामान्य रूपमा सह्ने यस पात्रले आध्यात्मिक दैवी दर्शनको भौतिक यात्रा गरेको छ । उसलाई बूढो घरका सदस्यहरूमध्ये प्रेमविलास, पञ्चायन बाजे र कलावतीले पशुपतिनाथको सशरीर उपस्थितिका रूपमा लिएका देखिन्छ । यो सक्रिय पात्र नभए पनि अरूलाई सक्रिय पार्ने पात्रका रूपमा रहेको छ । अर्को सहायक पात्र हो – ध्रुवप्रसाद । यो पनि द्वैधचरित्रको पात्र हो । बहिनीलाई दाइजोमा बढी सम्पत्ति दिए भनेर आफ्नै बाबुमाथि मुद्दा हाल्ने यसले नन्दासँग बिहे गरेको छ । उपन्यासको उत्तरार्धमा यो केन्द्रमा रहेर भूमिका खेल्छ । बोधनाथ बनेको शुकदेवलाई घरमा न्याई पुनर्जीवन दिने, बारीबगैंचामा राखेदेखि राजनैतिक व्यक्ति कृष्णहरिलाई पनि त्यहीं पुऱ्याउने र गाँसबासको व्यवस्था गर्ने काम यसले गरेको छ । कृष्णहरिचाहिँ बामपन्थी ठूलो पार्टी (सायद एमाले) बाट राजीनामा दिई स्वतन्त्र रूपमा सेल्दै राजनैतिक विचारधारा सम्प्रेषण गर्ने पात्र हो । देश र सरकारबारे यसले ठाडठाडा विचार व्यक्त गर्छ, समाजपरिवर्तनका सैद्धान्तिक कुरा गर्छ,

अर्को घटना जन्माउने वा अर्को दृश्यमा पुऱ्याउने काम गरेका छन् तर घटनाहरूमा सबल कौतूहल नहुनाले लोसे चालमा हिँडिरहेको मूढो मान्छेको जस्तो गतिमा उपन्यास बढ्छ । कथानक दगुराउनमा भन्दा भेखकको अनुभव र असन्तुष्टि फैलाउनमा उपन्यासकार लागेकाले कथानकमा क्षिप्तता छैन, बोझिलोपन छ । साधारण पाठकलाई उपन्यासका कुनै अनुच्छेद नछाडी पढेर सिध्याउन दिक्कलाग्दो हुन्छ । अनुभवको पुनरावृत्ति र चिन्तनको एकोहोरोपन तथा चेतनाको विरोधाभासले पाठकलाई अलमल्याइरहन्छ । कुल २९ वटा भागमा संरचित यस उपन्यासको कथानकको पूर्वार्धभन्दा उत्तरार्ध तुलनात्मक रूपमा रमाइलो छ तर यसै उपन्यासको सापेक्षतामा । भाव, विचार, अनुभव र कल्पनाको गज्याङमज्याङले गर्दा पाठकले झाङहरू पन्छाउँदै गोरेटो ठम्याउँदै अगाडि बढेर मात्र यसको मर्म छिथोल्न सक्छ । सामाजिक यथार्थमा आधारित पारिवारिक कथा भएकाले यसमा पारिवारिक जटिलता रहेको छ । तर पारिवारिक प्रेमको मिठास कहीं कतै त हुनुपर्ने हो भनी सोच्ने पाठकीय काल्पनिक प्रयास भएकाले बौद्धिक मस्तिष्कहरूको चित्त बुझैन तर भर्खरका नानीपाठकहरूलाई हिन्दी फिलिमको शैलीमा टुङ्गयाइएको समापन मन पर्न सक्छ । त्यसैले समग्रमा भन्दा यस उपन्यासको कथानक यथार्थकेन्द्री भएर पनि बुनोटको कसिलो र चमत्कारिलो शैलीको अभावमा कम प्रभावकारी र सामान्यस्तरको देखिन्छ ।

२. पात्रत्व:

एउटा पुरानो घर मा पात्रबहुलता छ । प्रमुख पात्रका रूपमा पन्थावन बाज्ये, करुणा र शुकदेव रहेका छन् भने दोस्रो महत्वका पात्रहरूमा लक्ष्मी, प्रेमविलास, बाबा र कलावती रहेका छन् । यीबाहेक सहायक पात्रहरूका रूपमा कृष्णहरि, धुवप्रसाद, शान्ति, सुभद्रा, नर्मदालाल, कृपाराम मिश्र, नन्दा, गोपाल आदि रहेका छन् । यीमध्ये प्रमुख पात्र पन्थावन **बाज्ये** बूढो व्यक्तिका रूपमा देखिन्छन् । संस्कारमा पुरातनपन्थी, सक्रियतामा लोसे, निर्णयक्षमतामा बुद्धत्व बोकेको यस पात्रमा उपन्यासकार शङ्कर कोइरालाको निजत्वले ठाउँठाउँमा स्थान पाएको अनुमान हुन्छ । उनी हिन्दू आध्यात्मिक संसारका त्यस्ता पात्र हुन् जसले भौतिक जीवनका जटिलताको मार खपिरहनुपर्छ र आध्यात्मिक आदर्शका नारा जपिरहनुपर्छ । विरोधाभासपूर्ण जीवनका नमिठा क्षणहरूको इष्टा र भोक्ता निरीह अध्यात्मचेतनाग्रस्त पात्रत्व नै यस पात्रको विशेषता देखिन्छ । अर्का प्रमुख पात्रमध्येकी एक करुणा आधुनिक संसारको ज्ञान र प्राचीन संसारको परिवेशका संयोजनबाट जन्मेको चरित्रका रूपमा देखापर्छ । एकातिर ऊ आधुनिक शिक्षाको प्रभावमा जीवनयापनका र जीवनयात्राका सरल उपायहरूतर्फ आकर्षित देखिन्छे भने अर्कातर्फ प्राचीन संस्कार र सामाजिक आडम्बरका सम्प्रेषणमा बाह्य देखावटी कार्यतर्फ आकर्षित बन्छे । प्रेमको आदर्श बोकेकी ऊ धोकाको प्रहारबाट आहत हुन बाध्य निरक्षर प्रेमिकाको रूपमा प्रमुख भूमिका निर्वाह गर्छे । ऊ पठित, सामान्य नेपाली युवतीका रूपमा रहेकी छ । नायिका भए पनि उसले समाज परिवर्तनको वा दोषीलाई दण्ड दिने दिलाउनेजस्तो विशेष काम गर्न सकेकी छैन । उसको चरित्रमा पनि विरोधाभास देखिन्छ । आफूलाई धोका दिने शुकदेवप्रति घृणा बोकेर घरबार छाडी हिँडेकी उसले उपन्यासको अन्यमा बिना प्रतिरोध सोही व्यक्तिलाई स्वीकारेकी छ । अर्को प्रमुखपात्र शुकदेव हो । उपन्यासकी नायिका करुणालाई मान्ने हो भने शुकदेवलाई नायक मान्नुपर्ने हुन्छ । यो पात्र ग्रामीण परिवेशमा हुर्केको र सहरमा डेरा गरी बस्ने शिक्षित पात्रका रूपमा देखिन्छ । यसले शिक्षकका रूपमा काम गर्दा गर्दै शिक्षिका करुणालाई माया गर्छ/मायाजालमा फसाउँछ । तर गाउँमा श्रीमती राखेको कुरा गोप्य नै राखी प्रेमिकालाई धोका दिन्छ । यस पात्रमा अवसरवादीपन देखापर्छ भने परपीडक प्रवृत्ति पनि देखापर्छ । करुणाले उसलाई छोडर आएपछि र उता उसको आफ्नो परिवार रिसाएर गएपछि ऊ काभ्रेमा आउनुपूर्व उसले आत्महत्याको प्रयास गरेको हुन्छ । त्यसै आधारमा समाचारमा उसको मृत्युको घोषणा गरिन्छ । यो थाहा पाएर घरमा परिवार चिन्तित होलान् भनी सोच्दै ऊ रमाउँछ । यो रमाउनु अनौठो लाग्छ । परपीडक प्रवृत्ति भएको व्यक्तिले मात्र यस्तो गर्न सक्छ । त्यसैले यसलाई परपीडक चरित्रका रूपमा पनि लिन सकिन्छ । शुकदेवको चरित्रमा पनि प्रशस्त विरोधाभासहरू छन् । ऊ सच्चा प्रेमीजस्तो पनि छ र धोकेबाज पनि छ । ऊ भावपूर्ण पात्र पनि हो र उत्तिकै निष्ठुरी पनि छ । उसमा आदर्शभावना

विद्यमान अवस्थाप्रतिको आक्रोश बनेर यस उपन्यासमा पोखिएको छ । एउटा सभ्य मान्छे पनि राजनीतिका छायामुनि बस्न थालेपछि असभ्यता, मर्यादाहीनता र नैतिक पतनको बाटो समाउन थाल्छ भन्ने धारणा उपन्यासकारको छ । विकृत मानवीय मूल्य र पतनोन्मुख सच्चरित्रताका कारक तत्वका रूपमा रहेको राजनीतिक क्षेत्रप्रतिको वितृष्णा वा अतीत भुलेर वर्तमान जिउनेहरूप्रतिको रुष्टता यस उपन्यासमा ठाउँठाउँमा व्यक्त भएको छ । देशमा जतिसुकै राजनीतिक परिवर्तन आए पनि सामान्य मानिसको जीवनस्तर माथि उठ्दैन र ठूलाको जीवनमा कहिल्यै पनि फरक देखिँदैन भन्ने कुरा पञ्चायत ढालिसकेपछिका पन्ध्रहरूलाई सङ्केत गर्दै उपन्यासकारले गरेका यी टिप्पणीहरूबाट पनि थाहा हुन्छ -

- मन्त्री हुँदा र नहुँदामा केही फरक पिएन कमसेकम खाने र सुत्ने कुरामा (पृ.१८)
- कमाउनका लागि मन्त्री भएका हौं, कमाउनेले कमाए, तपाईंले पनि कमाउनुभयो, मैले पनि कमाएँ । (पृ.२८)

उपर्युक्त उद्धरणहरू मूलतः पञ्चायतकालीन राजनीतिलाई सङ्केत गर्दै भनिएका भए पनि यी सबै वर्तमानसँग पनि अक्षरशः मिल्छन् । यो उपन्यासकारको दूरदर्शिता र व्यङ्ग्यात्मक सफलता हो । जनताको माया र ममता पाएर वा लोकप्रिय बनेर आएको व्यक्तिले मात्र देश र जनताका लागि काम गर्न सक्छ नत्र स्वार्थ पूर्तिसिवाय केही हुँदैन भन्ने कुरा उपन्यासकारले भू.पू. मन्त्री जुँगेबाट यसरी व्यक्त गराएका छन् -

- पैसे पनि के जनतामा लोकप्रिय भएर चुनिएका भए पो सबै रुपियाँका बसमा सुनका बसमा आएका हौं । (पृ. ३२)

राजनीतिमा पैसा र सुनको फोहोरी खेलबाट सीधासाधा जनताको मतदान गर्ने अधिकार खोसिन्छ भन्ने कुराको प्रमाण नै उपर्युक्त भनाइ हो, जो पहिला मात्र होइन अहिले पनि यथावत् छ । बहुदल कसैलाई कमाउनका लागि वा जतिसक्दो खानका लागि दिइएको प्रमाणजस्तो भएको छ । तीसौं वर्षसम्म खान नपाएकाहरूले बहुदल भन्ने शब्दकै पनि बेइज्जत गरिरहेका छन् भन्दै उपन्यासकार

- भोका कङ्गालहरू, कुकुरहरू.....
के नखाने कुरा-भुस्याहादल-बस्तालाई बहुदल भन्छन्.....? (पृ.४२)

उपर्युक्त दृष्टिकोण केवल उपन्यासकारको मात्र नभएर व्यवस्था परिवर्तनपछि पनि जीवन गति परिवर्तन हुन नसकेका सम्पूर्ण नेपालीहरूको हो । यस अर्थमा पनि उपन्यासकार कोइराला मानवीय मानसिकताको साधारणीकरण गर्न खप्पिस छन् भन्न सकिन्छ । व्यवस्था परिवर्तन हुन्छ, रूप परिवर्तन हुन्छ, नाम परिवर्तन हुन्छ तर शासक परिवर्तन हुँदैन । जुँगे मन्त्रीहरू सफाचट भएर आउँछन् भनी पञ्चायतमा बसेर ढालिसुहाली गर्नेहरू नाम र पार्टी परिवर्तन गरी पुनः सूटन बाइपुग्छन्- भन्ने कुराको प्रमाण यो व्यङ्ग्यात्मक भनाइ हो -

- पञ्चबहादुर अब काङ्ग्रेस भएपछि त काङ्ग्रेसबहादुर पो राख्नुपर्ने तिम्रो नाम : (पृ.४३)

राजनीतिक क्षेत्र परम्परागत रूपमा नै झूटको खेती गर्ने स्थल भएको छ । वर्षौं अधिदेखि जनताले पीडासिवाय केही पाउन सकेका छैनन् । त्रसित मानसिकता बोकेर परिवर्तनका आशामा मान्छे कति दिन बाँच्न सक्छ र ? आस्था र विश्वासको धरोहर ढलेको शताब्दीयौं अधिदेखि हो, जो अहिले पनि हृदयमा बह्कुर बनेर पलाउन सकेको छैन । जुन ठाउँमा बसेर अराजहरूले अनगिन्ती सम्पत्ती आर्जन गरे त्यसै ठाउँमा पुगेका अरूले इमान्दार भएर काम गर्छन् भन्ने के विश्वास ?

- ढाँकाले पनि त्यसरी कमाउन सक्दैनथे जसरी त्यतिखेरका मन्त्री, प्रधानमन्त्रीहरूले कमाएका थिए । यस्तो अनुभव गरेको जनताले फेरि आउने मन्त्रीहरू दूधका साधी किताला हुँदैन होलान् भनी कुन आधारमा आशा गरुन् ? (पृ. ६४)

यस उपन्यासमा उपन्यासकार राजनीतिभित्र पनि मुख्य रूपमा हुने आर्थिक अनियमितता वा पैसाका लागि मरिमेटने प्रवृत्तिप्रति बढी रुष्ट देखापरेका छन् । जब पैसाको खेल सुरु हुन्छ तब इमान्दारिता बाटो लाग्छ । वर्तमानमा अवस्थित नैतिकताहीन समाजनिर्माणको कारकतत्व तीस वर्षे अवशेष नै हो ।

- तिनले कमाएको सम्पत्तिको एक अंश पनि तिनले खर्च गरेका थिएनन् । तीस वर्षदेखि सट्पट्याउँदै आएको सम्पत्ति अडिन्नै कहाँ सकिन्थ्यो र (पृ.११४)

यसरी राजनीतिक विकृतिका कारण उत्पन्न असङ्गति र अमर्यादित जीवन पद्धतिका माझमा पनि सभ्यताको सुनगाभा फुलाउनका लागि प्रयुक्त व्यङ्ग्यबाणीहरू अत्यन्त जीवन्त देखिएका छन् । राष्ट्रको राजनीतिक स्थिति सुदृढीकरण नभएसम्म मानवीय उच्च आदर्शको धरातल निर्माण हुन पनि सक्दैन भन्ने मान्यता यस उपन्यासमा उपन्यासकार ले स्थापना गर्न खोजेका छन् ।

सामाजिक व्यङ्ग्य:

मानवविकासको पहिलो धरातल समाज हो । यदि समाज नै विकृत र विसङ्गत भयो भने सामाजिक जीवनको पनि कुनै अर्थ रहँदैन । समाज बन्न व्यक्ति चाहिन्छ र व्यक्ति शिष्ट र सभ्य हुनका लागि पारिवारिक जीवनशैलीमा आदर्श परिवेश बन्न सक्नुपर्छ । यस उपन्यासमा उपन्यासकारले समुन्नत र मर्यादित सामाजिक धरातललाई क्षतविक्षत पार्ने तत्त्वहरूलाई पनि आफ्ना व्यङ्ग्यबाणले प्रहार गरेका छन् । उपन्यासकारको निष्कर्ष छ-सामाजिक विकृतिको जन्म उच्चवर्गबाट हुन्छ । सामाजिक हत्या, आतङ्क र गुण्डागर्दीको धानमी गर्ने व्यक्ति सामान्य परिवारको हुँदैन । उच्च पङ्क्तिका भरौटेहरूले आफ्नो स्वार्थपूर्तिका लागि स्वाभाविक सामाजिक जीवनपद्धतिलाई विघोल्न प्रेरित गर्छन् भन्ने कुरा यस व्यङ्ग्यात्मक भनाइबाट थाहा पाइन्छ-

– पकेटमा पिस्तौल हुनुपर्छ साइलेन्सर फिट गरेको-हाम्रो हीरो त हजुर नै हो नि ! (पृ. ३)

धर्म, संस्कृति र सामाजिक मर्यादा भन्ने कुरा सम्पत्ति नहुन्जेल मात्र हो । सम्पन्न भइसकेपछि महिला र पुरुषमा कुनै भिभेद रहँदैन र एक ठाउँमा बसेर रातभरि रक्सी र चुरोटको नशामा लहिन सक्छन् भन्ने कुरा नक्रमानले आयोजना गरेको पार्टीमा नक्रमान, जुँगे, ठुन्दिदी र नीलिमाले गरेको क्रियाकलापबाट थाहा पाउन सकिन्छ । यसरी नैं अत्यधिक स्वतन्त्रताले पनि सामाजिक विकृति उत्पन्न गराउन सक्छ भन्ने कुरा उपन्यासकारले तत्कालीन मन्त्रीकी छोरी शीलाको चरित्रलाई सङ्केत गर्दै व्यङ्ग्यात्मक रूपमा गरेका टिप्पणीहरूबाट प्रष्ट हुन्छ । सफा नुगा लगाए पनि काली मानसिकता बोकेकाहरूले नै वर्तमान युगको बदनाम गरिरहेका छन् भन्दै उपन्यासकार यसरी व्यङ्ग्य गर्छन्-

– सफा र सुकिलो पोशाकभित्र लुकेको जाल, झूट र छद्मभेष आजको माग रहेछ । (पृ. ६०)

इमान्दार मान्छेका अभावमा राष्ट्र नपुंसक छ । छोरो इमान्दार बन्न पाउँदैन, उसलाई घरैमा भ्रष्टाचारको कथा सुनाइन्छ र एउटा खुङ्खार भ्रष्टाचारी बन्न प्रेरित गरिन्छ । यस्तो परम्परादेखि उपन्यासकार रुष्ट छन्- तँ पनि कुन सच्चा बाबुको छोरो होस् तेरा बाबुले पनि त भ्रष्टाचार गरेर कमाएका हुन् नि ! (पृ. १३४)

यसरी नै छलकपट, जालझेल र अविश्वासले समाजलाई अधोगतितिर धकेल्न लागेका कुरामा उपन्यासकार चिन्तित छन् । माथिको आदेशका नाममा मूर्ति चोर्ने कार्य हुन्छ, पैसाका लागि प्रेमीले प्रेमिका बेच्छ, स्वतन्त्रताको दुरुपयोग गर्दै पति-पत्नीमा पारपाचुके गरिन्छ र व्यक्तिगत स्वार्थपूर्तिका लागि यौनदुराचार गरिन्छ भन्ने कुराको व्यङ्ग्यात्मक टिप्पणी गर्ने काम यस उपन्यासका धेरै ठाउँमा भएको छ ।

चारित्रिक व्यङ्ग्य:

उपन्यासकार शङ्कर कोइराला व्यक्तिचरित्र र समाजचरित्र दुवैप्रति सशक्त व्यङ्ग्यबाण प्रहार गर्दै प्रस्तुत उपन्यासमा देखापरेका छन् । पैसाका कारण देखापरेको चारित्रिक पतन र पदलोलुपताका कारण विनासोन्मुख सामाजिक प्रतिष्ठापतिको सचेतनामूलक छेडपेच यस उपन्यासको उल्लेखनीय पक्ष हो । ठुन्दिदी र नीलिमामा देखापर्ने क्रियाकलापले उनीहरूप्रतिको चारित्रिक आशङ्का उत्पन्न गराएको कुरा नक्रमानकी श्रीमती सुविधाले उनीहरूलाई बेश्या भनेबाट पनि स्पष्ट हुन्छ । यसका अतिरिक्त रबीन्द्रले शीलालाई लिएर होटलहोटल चाहार्नु, नखिलीले वेश्यावृत्ति गर्नु, उपासनाले आफ्नो लोग्नेसँग पारपाचुके गरेर स्वतन्त्र जीवन जिउने नाममा चारित्रिक आशङ्का भिराउनु आदि यस उपन्यासका उल्लेख्य घटना हुन् । यसका

तनावग्रस्त छिन् । कान्छी श्रीमती लक्ष्मी सांसारिक सुखका लागि छटपटिइरहन्छिन् र पैसाभन्दा ठूलो केही ठान्दिनन् । पन्चायन बाज्ये कान्छी श्रीमती लक्ष्मीका दासजस्ता छन् मन नपरीनपरी उसका कुरा मान्छन् । घरको आर्थिक स्थिति दिनप्रतिदिन गिर्दै छ । यसै कारण उमेर भइसकेर बिल्म लाग्दा पनि ऊरुणाको बिहे गर्न नसकेर परिवार छटपटिइरहन्छ ।

उता करुणा स्कुलमा शिक्षक गर्ने क्रममा शिक्षक शुकदेवसँग नजिकिन्छे, आवतजावत र बसउठ बढ्छ र प्रेम सुरु हुन्छ । दुवैका विचारहरू रूपमा भन्दा गुणमा र उदार विचारमा मिलेकाले उनीहरू आपसमा बिहे गर्ने निर्णयमा पुग्छन् । यस खबरले पन्चायन बाजेको घरमा ठूलो शान्ति बढ्छ । तर शुकदेवले करुणालाई आफ्नो घरमा श्रीमती भएको कुरा लुकाएको हुन्छ र अचानक नाटकीय ढङ्गले यो कुरा करुणाले प्रत्यक्ष थाहा पाउँछे । प्रेममा पाएको धोका र हृदयमा परेको असह्य आघातले छटपटिएकी करुणा घर छाडी कसैलाई थाहा नदिइकनै काभ्रेमा बस्ने आफ्नी सँगिनी नन्दाकोमा जान्छे । काभ्रेको नाला गाविसमा बस्ने नन्दा पति धुवप्रसादसित सुखपूर्वक नै रहेकी हुन्छे । करुणा त्यहीँ बस्ने र त्यहीको स्कुलमा पढ्नुउन थाल्छे ।

अकांतिर अचानक करुणा हराउनुले चिन्तित घरका सदस्यहरूले पनि शुकदेवले धोका दिएको थाहा पाउँछन् । छोरीको अतोपत्तो नपाउँदा छटपटिन्छन् । खोजी सुरु हुन्छ भने शुकदेव अचानक आफ्नो जीवनमा आएको प्रेम र कर्तव्यका बीचको उसका लागि अनपेक्षित घटनाबाट किंकर्तव्यविमूढ बन्छ र अनिर्णयको बन्दी बन्छ । ऊ करुणालाई सीध्यैकै माया गर्थ्यो, त्यसैले श्रीमती र करुणा दुवैमाथि अन्याय गरेको अनुभव गर्दै आत्महत्याको सानो प्रयास पनि गर्छ तर उसको मनमा आएको उदासीनताले गर्दा ऊ पनि काठमाडौं छोडी भौतारिँदै काभ्रेको धुलिखेल जान्छ । त्यहाँबाट नगर कोट जाने क्रममा भोकप्यासले मरणान्त, रुग्ण भएको उसलाई धुवप्रसादले भेट्छ र आफ्नो घरमा लगी बस्ने व्यवस्था गर्छ । यतिबेलासम्म शुकदेव हराएको र आत्महत्याको प्रयासस्वरूप उसको डेराको कोठामा रगत पनि छरिएको देखिएपछि उसको हत्या भएको ठानी समाचार प्रसारण गसिकेको हुन्छ । उसलाई विरूप अवस्थामा धुवप्रसादले न्याएको देखेर करुणाले चिन्छे तर अपरिचित बन्ने प्रयासका क्रियाकलाप गर्छे । प्रेम र धोकाका बीचको अन्तर्द्वन्द्व झेल्दै ऊ शुकदेवबाट टाढै रहने र उसलाई टाढा जान लगाउने प्रयत्न गर्छे । अलिपर गाउँमा धुवप्रसादको बगैंचा, फलफूल खेती गर्ने प्रशस्त बारी हुन्छ । शुकदेवको आफन्त कोही नभएको ठानेर उसले मोही जमिनमा कृषिविकासका लागि काम गर्न लगाउँछ, छुट्टै गाँसबास र बसोबासको व्यवस्था मिलाएर । केही समयपछि धुवप्रसादले वामपन्थी राजनैतिक व्यक्तित्व कृष्णहरिलाई पनि सोही ठाउँमा लगी राख्छ-उसबाट ठीक ढङ्गका राजनैतिक विश्लेषणात्मक कृतिहरू लेखाउने उद्देश्यले ।

यता काठमाडौंमा बूढा पन्चायन बाजेको पेन्सिन पाकिसकेको हुनाले आम्दानीको स्रोत हराउँछ । कमाउने छोरी करुणा नहुनाले स्थिति झन् जर्जर बन्दै जान्छ भने सञ्चयकोषबाट प्राप्त पच्चीसहजार पनि कान्छी श्रीमती लक्ष्मीका कारणले सकिँदै जान्छ । यसैबीच जेठी श्रीमतीको मृत्यु हुन्छ । साहू नर्मदालाल सेष्ठसँगको सम्पर्क बढ्छ, हरीबतासले घर भत्कएँछ, छोरो प्रेमविलास झन्झन् विरक्त बन्दै जान्छ र पन्चायन बाजे पनि अर्धसिल्ली र बैरागीजस्ता बन्दै जान्छन् । एक दिन घर भत्कन्छ, परिवार पुरिन्छन् तर पन्चायन बाजे, छोरो प्रेमविलास र बाबाजीको शिक्षाअनुरूप घरबारको मोह छाडी जेठी छोरी सुभद्रालाई भेट्न काभ्रे आएकोले बाँच्छन् ।

उपन्यासको अन्त्यमा नाटकीय ढङ्गले पन्चायन बाज्ये, छोरीहरू सुभद्रा र करुणा तथा शुकदेवको भेट हुन्छ । मर्नुपूर्व पन्चायन बाजेले काठमाडौंको जायजेथा करुणाका नाममा लेखिदिएपछि करुणाको हात शुकदेवका हातमा सुम्पेर प्राणत्याग गर्छन् । यसरी यस उपन्यासको कथानक सकिन्छ ।

एउटा पुरानो घर उपन्यासको कथानक जतातते छितरिएको छ तापनि केन्द्रीय कथानकको धागोमा उनिएकले विशृङ्खलित छैन । उपन्यासकार शङ्कर कोइरालाको बुद्धौलीको उपन्यास भए होला, यसमा बुद्धौलीका सुस्त पदचापहरू बढी सुन्छन् । कथानकको गति आदि, मध्य र अन्त्यका रैखिक ढाँचामा तयार पारिएको छ र एक घटनाले

रामप्रसाद ज्ञवाली

नामअनुरूपको उपन्यास एउटा पुरानो घर

विषय प्रवेश:

आध्यात्मिक आदर्शबादप्रेरित सामाजिक यथार्थवादी उपन्यास सृजनाबाट थालिएको आधुनिक नेपाली उपन्यासपरम्परा विभिन्न आयाम हुँदै एक्काइसौं शताब्दीमा प्रवेश गरेको छ। समाजको रूपान्तरणका साथ चेतनाको रूपान्तरण हुने र कथ्यले सोहीअनुरूप स्थान पाउने हुँदा समाजको राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक अवस्थाको छाप साहित्यिक रचनाहरूमा हुने गर्छ। त्यसैले नेपाली उपन्यासहरूको शैली भिन्नतामा अनेक गोरेटाहरू पक्रे भने कथ्यमा धेरै विविधता आउन सकेको पाइन्छ।

रूपमतीबाट थालिएको सामाजिक यथार्थको आध्यात्मिक आदर्शमुखी औपन्यासिक यात्रा आज पनि सहायक प्रवृत्ति बोकेर भइरहेकै छ। त्यसको पछिल्लो स्वरूप हेर्ने हो भने एउटा नमुनाका रूपमा शङ्कर कोइरालाको उपन्यास **एउटा पुरानो घर**लाई लिन सकिन्छ। यस उपन्यासको शीर्षक प्रतीकात्मक छ र यथार्थपरक पनि छ। यस उपन्यासका प्रमुख पात्र पञ्चायन बाजे र उनको घर बूढा छन्। उनीहरूको चिन्तन बूढो छ र चरित्रगति पनि बुढ्यौलीकै रूपमा छ। उनका साथमा आएका पात्र बाबा र प्रेमविलासको दर्शन बूढो छ र सामाजिक सङ्क्रमणबाट ढल्ने अवस्थामा छ। त्यस्तै उनको परिवारका सदस्यहरूको सोचाइमा बूढो संस्कारको गहिरो छाप छ भने युवापुस्ताका रूपमा, अझ भनौं शिक्षितपठित शिक्षकशिक्षिकाका रूपमा प्रस्तुत नायकनायिका शुकदेव र करुणामा पनि बूढो संस्कार जीवित छ भने नायक शुकदेवमा सामन्ती संस्कृतिको विरोधाभासपूर्ण प्रवृत्ति पनि उत्तिकै छ। त्यस्तै साहू नर्मदालालमा रहेको शोषक चरित्रले पनि बूढो चेतनाको षड्यन्त्रकारी स्वरूपलाई सङ्केत गर्छ। त्यसैले आधुनिकताको संसारमा प्रवेश गरेको तर पुरानो र पुराने संस्कारले ग्रस्त बूढो चेतना अनि ढल्न लागेको पुरानो बूढो घरको जीवनपद्धति, उनीहरूले भोग्ने सामाजिक समस्या र उनीहरूमा खेल्ने विचार तथा तिनका प्रवृत्ति आदिलाई देखाइएको उपन्यास भएकाले **एउटा पुरानो घर** प्रतीकात्मक शीर्षक बन्न पुगेको छ।

बैरेनी घाट जस्तो बहुचर्चित उपन्यास लेख्नसकेका, उमेरले पाका, अनुभवले प्रौढ, साधनाले खारिएका शङ्कर कोइरालाको पछिल्लो उपन्यासका रूपमा आएको **एउटा पुरानो घर**बारे समीक्षा गर्नु पूर्व पढ्न बस्दा जुन कल्पना र अनुमान गरेर सुरुबात हुन्छ, उपन्यास पढिसकेपछि त्यस्तै मिठासपूर्ण समापन हुँदैन। यस लेखमा केही आवश्यक बुँदाहरूमा यस उपन्यासको कृतिगत र पाठकगत समीक्षा गरिएको छ।

१. कथानक:

एउटा पुरानो घर समाजअन्तर्गतको पारिवारिक पृष्ठभूमिमा तयार पारिएको उपन्यास हो। यसको कथानक काठमाडौं र काभ्रेपलान्चोक जिल्लाका केही ठाउँमा घुम्दछ। काठमाडौंको बसीसपुतलीमा एउटा पुरानो घर छ जहाँ हिन्दू धार्मिक संस्कारमा रङ्गिएको ब्राह्मण परिवार छ। यस परिवारका मूली व्यक्ति छन् – पञ्चायन बाजे। उनका दुई श्रीमती छन् शान्ति र लक्ष्मी। दुई छोरी छन् सुभद्रा र करुणा अनि छन् छोरो प्रेमविलास र बुहारी कलावती। सुभद्रा चिढे गरी काभ्रेमा बस्छे। करुणा घरायसी आर्थिक स्थितिको विपन्नतालाई हटाउन शिक्षिका छे। पञ्चायन बाजे निम्न वेतनभोगी सरकारी कर्मचारी हुन्। छोरो केही काम गर्दैन। सांसारिकताप्रति वैराग्यभाव बोकेको ऊ दिनहुँ पशुपतिनाथको मन्दिरबारि बस्ने बाबाजीको सेवामा समर्पित छ। शान्ति जेठी श्रीमती, रोगी छिन्, सौता लक्ष्मीका कारण

अतिरिक्त नक्रमान, जुँगे, पञ्चबहादुर र रुद्रनाथजस्ता व्यक्तिहरूमा देखापर्ने भ्राष्टाचारी प्रवृत्तिले पनि उनीहरूको चरित्रलाई छर्लङ्ग पार्ने काम गरेको छ। जसलाई इज्जतभन्दा पैसा प्यारो हुन्छ यसले सहजै मानवीय मूल्य बिर्सन्छ।

– ऊ त्यति छिटै पैसाका लागि आफूलाई बेच्न पनि तयार थिई। (पृ. १०१)

नसिलीलाई सङ्केत गर्दै रवीन्द्रले भनेको यस भनाइमा वर्तमानको यथार्थताका साथै विकृत नारी चरित्रप्रति व्यङ्ग्य पनि छ।

– मलाई यही जीवन रमाइलो लागिसकेको छ, तपाईलाई गन्धाउँछ भने कसैलाई बास्ना आउँछ। (पृ. १११)

नसिलीको यस प्रतिक्रियाले आफूलाई अनि त्यसप्रति समर्पित वर्तमान समाजलाई एकैचोटि व्यङ्ग्य गरेको छ। चारित्रिक रूपमा पतन हुन लागेका व्यक्ति र समाज दुबैलाई शाब्दिक प्रहार गरेर मानवीय आदर्शको स्थापना गराउने प्रयास नै उपन्यासको मूलउद्देश्य जस्तो देखापरेको छ।

प्रशासनिक व्यङ्ग्य

व्यक्ति हेरेर व्यवहार गर्ने प्रशासनिक क्षेत्रलाई पनि यस उपन्यासमा उपन्यासकारले छाडेका छैनन्। व्यवस्था परिवर्तन भए पनि झूट र लुटबाट चलेका कार्यहरूले निरन्तरता पाएकै छन्। कामको मूल्यभन्दा पनि व्यक्तिको बाहिरी कपडामा ध्यान दिने प्रवृत्तिप्रति उपन्यासकार रुष्ट छन्। रवीन्द्र 'परामर्श' साप्ताहिक र 'नेपाल टेलिभिजन' मा जाँदा उसको भेषभूषाका आधारमा भएको फरक-फरक व्यवहार पैसामुखी प्रशासनिक क्षेत्रको प्रतिबिम्ब बनेर देखापरेको छ। सोर्स, फोर्स र घुसले चलेको प्रशासनले सम्बन्धित आत्मकर्तव्यमा कसरी ध्यान दिन सक्छ र ?

– जहाँ धेरै नमस्कार चल्छ त्यहाँ काम भएको कहीं देखेका छौ ? (पृ.१३)

ठुन्दिदीको यसै भनाइबाट पनि नमस्कारात्मक सभ्यताको विकास भइसकेको प्रशासनमा काम भने हुन सक्दैन भन्ने थाहा पाउन सकिन्छ। यसरी नै पुरस्कार प्रदान गर्ने सङ्घसंस्थाहरूलाई पनि उपन्यासकारले छाडेका छैनन्-

– यस्ता पनि यहाँ अनेक प्रकारका पत्रकार-सम्पादकका नाममा पुरस्कार पाउँदा रहेछन्। (पृ.५९)

– यस्ता सम्पादक वा पत्रकारहरूलाई प्रजातन्त्रसित भन्दा बढी पैसासित मतलब रहन्थ्यो। (पृ.११९)

निजी संस्थाहरूको जीवनशैली त अस्वाभाविक छँदै छ, सरकार साधन र स्रोतबाट सञ्चालित क्षेत्र पनि अस्तव्यस्त छ भन्ने कुरा रुद्रनाथको प्रशासनिक कार्यशैली वा चर्चाबाट थाहा पाउन सकिन्छ। आफूभन्दा माथिको आदेशका भरमा सत्य र असत्य नछुट्याई शहन् र रवाफका लागि नीति र मर्यादालाई उल्लङ्घन गर्ने प्रवृत्तिले पनि राष्ट्रोन्नतिमा बाधा पुऱ्याइरहेको सङ्केत यहाँ उपन्यासकारले धेरै गरेका छन्।

सिनेमाक्षेत्र प्रतिको व्यङ्ग्य

उपन्यासकार कोइरालाले यस उपन्यासमाथि सिनेमा क्षेत्रलाई यौनपिपासुहरूको जमघटका रूपमा चित्रण गरेका छन। शरीरको बिक्री गरेर र अनुहारको विज्ञापन गरेर व्यक्तिको सामाजिक प्रतिष्ठा अङ्न सक्दैन भन्ने उपन्यासकार को मान्यता छ। कान्ता फिल्मीक्षेत्रमा लागेकी हुनाले चिन्तित ठुन्दिदीको आफ्नो जीवनकहानी नै आफैमा त्यस क्षेत्रप्रतिको व्यङ्ग्य हो। – आफ्नो अनुहारको विज्ञापन गराएर के फाइदा, देशलाई ? (पृ. १९)

निमिमाको यस भनाइको आशय सिनेमाले देशलाई हित हुने कामभन्दा बढी विकृति भित्याउने काम गर्छ भन्ने हो।

– मलाई एक्टिङ सिकाउने बाहनामा ऊ मेरो यौवनसित खेलबाड पो गरिरहेको रहेछ। म त उसकी हिरोइन मात्र बनेकी रहिछु, फिल्म हिरोइन होइन। - (पृ. २५)

ठुन्दिदीको आफ्नो जीवनकथाको यस अंशले पनि फिल्मीक्षेत्र यौनपिपासुहरूको जमघट र जाल झैंल एवं कपटपूर्ण व्यवहार हुने ठाउँ हो भन्न सकिन्छ। स्तरीय लेखन र स्तरीय गायनका अभावमा अश्लीलता प्रदर्शन गर्ने स्थलका रूपमा चित्रण गर्दै उपन्यासकार कथा लेखक र गायकहरूलाई पनि व्यङ्ग्यप्रहार गर्न पछि परेका छैनन्।

– लेखकहरू त्यस्तै भाँड साहित्य लेखेर दिन्छन र गायकहरू त्यस्तै अश्लील रचना गाउँछन् । (पृ. ७०)

यसरी प्रहार गरिएका व्यङ्ग्यमा सुधारवादी चेत पाइन्छ । उपन्यासकार कोइराला व्यङ्ग्यका साथै सुधारको महत्त्वकङ्क्षा बोकेर हिँड्ने सष्टा पनि हुन् र उनको प्रस्तुत उपन्यास त्यसैको एउटा उदाहरण हो ।

निष्कर्ष:

उपन्यासकार राइर कोइरालाको **फेरि शीला** उपन्यास पाण्डुलिपिका १८० पृष्ठमा संरचित लघु आयाममा समेटिएको सामाजिक उपन्यास हो । यसभित्र उपन्यासकार कोइराला विविध क्षेत्रका विकृतिका विरुद्धमा व्यङ्ग्यबाण बनेर पोखिएका छन् । राजनीतिक परिवर्तन भए पनि विकास निर्माण हुन नसकेको आक्रोश, विकृतिप्रतिको असन्तुष्टि, प्रेम, वियोग र पीडा, सामाजिक असमानता, मानवीय मूल्यको खोजीजस्ता विषयगत विविधतामा एकता ल्याउने प्रयास यस उपन्यासमा भएको छ तापनि यसको सफल पक्षचाहिँ व्यङ्ग्य नै हो । व्यङ्ग्य जीवनका सम्पूर्ण विकृतिको परिशोधक तत्त्व भएकाले 'फेरि शीला' उपन्यासमा प्रयुक्त व्यङ्ग्यले पनि मानवीय विकृतिहरूको विरेचन गर्ने प्रयास गरेको छ । नेपाली व्यङ्ग्यले जीवनका चारैतिरका विसङ्गतिलाई आक्रमण गरेको हुन्छ । व्यङ्ग्यकार समाजका अपवित्रताको शुद्धीकरण गर्ने व्यक्तित्व हो भन्ने राजेन्द्र सुवेदीको दृष्टिकोणसँग उपन्यासकार कोइरालाको व्यङ्ग्यचेत पूर्णरूपमा मिलेको छ । नेपाली जनजीवनमा चौतर्फी रूपमा बढ्दै गएका विकृतिहरूलाई एउटै धरातलमा उतारेर शुद्धिएको असङ्गतिको गुलुन्टोलाई एउटै बाणले प्रहार गरेर पनि उपन्यासकार कोइराला सफल देखापरेका छन् । उपन्यासभित्र प्रयुक्त, चौटा खान गएको झोलमा डुब्यो, हरामसित दैव पनि डराउँछ, के खोन्छन् कान्ना आँखो, हुकुमको जवाफ छैन कान्तको बोखती छैन जस्ता उखान र आकाशे खसान्न हिँडनु, टेर पुच्छर नलगाउनु, आफ्नै नाक काटनु, कुवाको भ्यागुतो हुनु, बाइतै बाघमाँ छटपटिनु, सर्पको घाँटी समाउनु, भेडालाई रङ लगाउनुजस्ता टुक्काहरूले पनि व्यङ्ग्यात्मक कथनलाई प्रभावकारी बनाउने काम गरेका छन् । पदका शानमा बाँचेका मन्त्री वा तिनका श्रीमती, उच्चवर्गका छोराछोरी, सरकारी वा गैरसरकारी कर्मचारी, पागल प्रेमी र प्रेमिका, पैसाबाली समाज, यौनपिपासु फिल्मी क्षेत्र, आफ्नै प्रेमिकालाई बेच्ने प्रेमी, छलकपटबाट नेपाली चेलीबेटीहरूलाई विदेश लाने विदेशी, पारिवारिक जीवन बिथोल्ने श्रीमान् र श्रीमती, पद खुस्किसकेपछिका सांसद वा मन्त्रीहरू र कुशल अभिभावकत्व निर्वाह गर्न नसक्ने अभिभावक कसैलाई पनि उपन्यासकारले व्यङ्ग्य गर्न छुटाएका छैनन् ।

शीला र उही शीला उपन्यासलाई निरन्तरता दिनमात्र लेखिएकाले **फेरि शीला** उपन्यासचाहिँ आफैंमा पनि एउटा व्यङ्ग्य हो । यहाँ शीर्षक र विषयवस्तुको तालमेल कतै पनि पाइँदैन । शीर्षकमै भएकी नायिका शीलाको चर्चा सम्पूर्ण उपन्यासभरिमा तीन ठाउँमा मात्र छ । उक्त पात्र शीला कुनै पनि समयमा मन्त्रीय बन्न सकेकी छैन, केवल रवीन्द्रको सम्झनामा र छटपटाहटमा मात्र सीमित बेलायतमा भएकी नायिकाका नाममा उपन्यासको शीर्षक राखेर राजनीतिक आक्रोश पोख्नु के आफैंमा एउटा व्यङ्ग्य होइन र ? भाषाशैलीमा पनि उपन्यासकारले अनावश्यक अङ्ग्रेजी शब्द र सिङ्गा वाक्यहरू ठाउँठाउँमा प्रयोग गरेर प्रस्तुत उपन्यासलाई विज्ञ पाठकका लागि मात्र सीमित गराएका छन् । कथावस्तुको परिवेशमा स्थानीयताको तीव्र प्रभाव छ । उपन्यासको कथा काठमाडौं खान्डोबाहिर जान सकेको छैन । यसका अतिरिक्त दृष्टिकोणको अस्पष्टता, पात्रगत जीवन्तताको कमी, निश्चित कथ्य वा सारको अभाव र अपूर्णजस्तो देखापरेको कथावस्तु आदि प्रस्तुत उपन्यासका आलोच्य पक्ष हुन् । बहिले अप्रकाशित अवस्थामै रहेको उक्त उपन्यासले प्रकाशन सँगसँगै आलोचना पनि सहनुपर्ने यथार्थतालाई पनि यहाँ उल्लेख गर्नैपर्छ । अन्य पक्ष चाहे जेजस्ता भए पनि **फेरि शीला** उपन्यास व्यङ्ग्यचेतका दृष्टिले भने सफल र उल्लेखनीय उपन्यास हो भन्दा अत्युक्ति नहोला ।

***

काँग्रेससँग विरोध गर्न सिर्जेको गैरराजनैतिक राजाको सोझो गर्ने अशिक्षितहरूको जमघट हो यो व्यवस्था प्रचारबाजीमा अडिएको छ देश गम्भीर स्थितिमा गुजिरहेको छ, पन्च महापन्चहरू आफू केही गर्दैनन् खाली गरीबलाई कञ्चाउँछन् सताउँछन्, समाजसेवाको नाममा स्थापित सामाजिक एवं परोपकारमूलक संघसंस्थाहरू व्यक्तिगत स्वार्थमा अल्झिएका छन्, रा.वि.से जस्तो सेवामूलक कार्यक्रम पनि निजी स्वार्थ वा के गरेर नम्बर बढी ल्याउने सो कार्यमा केन्द्रित रहेको छ ।

जनतामा आक्रोशको ज्वाला दन्किसकेको छ, आगामी जनमत सङ्ग्रहमा पन्चायत अवश्य डम्ब भन्ने पूर्ण विश्वास भइसकेको छ । सहरमा विद्यार्थी हडताल भएको, प्रधानमन्त्रीबाट राजिनामाको हल्ला, गृहमन्त्रीको दमन, बी.बी.सी.ले नेपालको बारेमा धेरैबेरसम्म बोलेको आदि कुराहरू सुनिँदै छ । सरकारी अफिस र अड्डा अदालतमा पनि व्यवस्था विरोधी कुरा गर्ने हावा लागिसकेको छ । नेपालको रेडियो सुन्न विदेशी रेडियो पर्खनुपर्दछ । सरकारी पत्र र रेडियो, टि.भी.ले आफ्नो घर आगलागी भए पनि केही भएको छैन भन्ने गर्छ । कतै मजदुर र किसान हडताल, मान्छे मरेका खबरहरू आउँदै छन् । विदेशी पत्रहरूले नेपालको बारेमा लेखेका समाचारहरू लुकीलुकी पढ्ने प्रवृत्ति बढेको छ ।

अन्य उपन्यासभन्दा यस उपन्यासले बेग्लै खालको विशेषता प्रस्तुत गरेको छ । बिहा गरेर नौली स्वास्नी घर भित्र्याई विदेशतिर लाग्ने केटाले बाह्य संसारलाई देखेको हुन्छ । आजको विकसित समाज र उनका अनगिन्ती चाहनाहरूलाई स्वीकारी सकेको हुन्छ । तर गाउँ फर्केपछि उसले त्यो केही देख्दैन कही पाउँदैन । अशिक्षित र अविकसित समाजलाई देखेर उसलाई घृणा लाग्न थाल्छ । यति मात्र होइन कि उसले आफ्नी प्राणप्यारी स्वास्नीमा पनि कुनै प्रकारको परिवर्तन पाउँदैन र उसलाई अपहेलना र तिरस्कार गर्न थाल्दछ । उसको नजिक बस्दा र सोन्दा पनि आफ्नो अस्तित्व तल खसेको अनुभव गर्न थाल्दछ । नतिजा यस्तो निस्कन्छ –उसले अर्की स्वास्नी बिहे गर्ने कल्पना गर्न थाल्दछ । यस प्रकार का घटना गाउँघरमा प्रशस्त देख्न पाइन्छ । तर यहाँ त विदेश गएको किस्ने एक अशिक्षित राजनीतिमा पनि पटकै चासो नभएको तर अन्याय र अत्याचार देख्न नसक्ने साधारण व्यक्ति । जसले आफ्नी माता र स्वास्नीलाई भेट्न घर फर्कन्छ । तबसम्म स्वास्नी माइतमा बसी एस.एल.सी. गरेर पनि त्यहीँकै स्कुलमा पढाउन थालेकी हुन्छे । जसको रहन सहन, लवाइखवाइ बोलीचाली र बौद्धिकस्तर किस्नेको भन्दा धेरै माथि उठिसकेको हुन्छ । त्यतिमात्र नभई राजनैतिक चेतनाले प्रेरित भई साझा सङ्गठन आदिमा भाग लिने र भाषण गर्ने स्वभाव बनिसकेको हुन्छ । घर फर्किने कुरा गर्दा उसले ठाडै इन्कार गर्छे-म तिमीलाई लौन्ने मान्छु, माया गर्छु तर तिमीजस्तो साधारण पोशाक लगाएको जिउढाल नभएको अशिक्षित मान्छेसँग म कसरी बसूँ ! स्वास्नीको मनसाय बुझ्न किस्नेले एउटा प्रस्ताव पेस गर्छ-म पढेर शिक्षित बन्ने र एउटा अर्को घर बनाएर तिमी र म अलग्गै बस्ने तर त्यो दुवैलाई अपत्यारिलो र असम्भव लाग्छ । बनदेवीलाई माइतमा बस्न पनि मन छैन, सासुको बुहारीतन सहेर घरमा बस्न पनि सक्दिन, पारिवारिक जीवन बिताउने मन हुँदाहुँदै पनि किस्नेसँग बस्न सक्दिन र अर्को बिहे गर्न पनि ऊ तयार छैन । यस्तो अपठ्यारो स्थितिले किस्ने र बनदेवीबीच तगारो लागेको लाग्ने हुन्छ ।

किस्नेका सासुससुरा भने छोरी घरैमा जाओस् भन्ने चाहन्छन्, ज्वाईको ठाउँमा राखेर सम्मान गर्छन्, त्यसै भएर किस्नेले ससुरालीप्रति आस्थाभाव राख्दछ र अन्तमा बिरामी ससुरालाई लिएर उपचारार्थ काशीतिर लाग्दछ ।

प्रस्तुत उपन्यासमा कोइरालाले किस्नेलाई 'म' पात्रको रूपमा उभ्याएर पन्चायतकालीन समाज र देशको दुर्दशालाई औंल्याएका छन् । उपन्यासको आशय यो छ कि वर्तमान व्यवस्थाबाट लोकहित वा जनहित हुन सक्दैन । देशको माग एउटा हुन्छ, जनताको माग एउटा हुन्छ र स्वार्थी नेताहरूले आफ्नो हित अनुकूलको नीति नियमहरू परिचालन गर्दछन् तर उपन्यास भने जनमतसङ्ग्रहको परिणामस्वरूप आएको पन्चायतको विजयघोषसँगै समाप्त हुन्छ । समस्याहरू यथावत् रहन्छन् ।

यसरी यस उपन्यासमा लेखकले समग्र नेपालीको दुर्दशाको प्रतिनिधिस्वरूप किस्नेलाई उभ्याएर तत्कालीन राष्ट्र, सरकार र समाजलाई यथार्थ रूपमा छर्लङ्गयाउन सफल भएका छन् ।

***

दिन्थे हाते मम मेहाए मत्काइदिन्थे ।' पानी चुहिने अँध्यारो चीसो लामखुट्टे लाग्ने र गन्हाउने अनि खान पनि नपाउने त्यो जेल पहिलो दिन बेलुका पुनेको अर्को दिन बेलुका मात्र खोलिन्छ । अराष्ट्रियतत्त्वमा लागेको आरोप लगाई पहिलो दिन बेलुका ढोका खोलेर भित्र घच्याइदिएको एक जना मान्छे-जसलाई विष खुवाइएको रहेछ, राती नै मर्छ र त्यो लास बेलुकामात्र निकालिन्छ, अनि डाक्टरलाई पैसा खुवाएर हृदयगति बन्द भई मरेको घोषणा गरिएको कुरा किस्नेले पछि मात्र थाहा पाउँछ ।

लेखकले अदालती प्रक्रियाका आकर्षक झलकहरू पनि दिनु भएको छ । -त्यसबेलाको न्यायिक प्रक्रिया अत्यन्त सुस्त थियो । एउटा मुद्दा किनारा लगाउन पचास वर्ष लागेको प्रसङ्ग पनि यहाँ उल्लेख छ । त्यस्तै नियम कानूनमा पनि कुनै एकरूपता थिएन । समनपूर्जि दिई सकेपछि त्यो अदालती कारवाही भयो भन्ने एकपक्षीय धारण हुन्छ तर अर्को पक्षले किस्नेलाई बिना पकाउपूर्जि थुनामा लगेर थुनीदिन्छ । जब कि पकाउपूर्जि नभई थुन्न सकिँदैन । त्यस्तै २४ वा ४८ घण्टाका लागि थुनेको कसुरदारबिना जानकारी महिनौं थुनिन्छ ।

त्यसै भएर उपन्यासकार कोइरालाले मुद्दा हेर्ने तत्कालीन प्रक्रियालाई बनारसका पण्डासँग तुलना गर्नुभएको छ । किस्नेलाई जब ज्यानमुद्दा लाग्छ उसले वकिलको शरण पर्नुपर्ने हुन्छ । फकाइफुस्याई फँसाउन पल्केका बनारसी पण्डाजस्ता वकिलका आसेपासे आएर बीचबाटोमै विश्वास दिलाउन थाल्छन् । हाम्रो वकिल साहेब मुद्दा हेर्नेमा ज्यादै पोक्त हुनुहुन्छ मुद्दाको विवरण हेरेपछि जिल्ले वा हार्ने जवाफ दिनुहुन्छ । जित्ने मुद्दा लिनुहुन्छ जित्न नसक्ने मुद्दा लिनुहुन्न । उहाँले हेरेको मुद्दा अझिलेसम्म हारिएको छैन । आउनुस् बसौं-राति सुत्ने ठाउँ पनि छैं छ । विश्वासको आधारमा किस्ने बस्छ । अर्को दिन बिहान वकिलले एकजना भगडियासँग गरेको पैसाको कसाकस देखेर शङ्कामाम् भई किस्ने भाग्छ ।

थानाबाट छुटेपछि किस्ने अदालत जान्छ, त्यहाँ उसले कर्तव्य विमुख भई गलत नियतमा लागेका कर्मचारीहरू पाउँछ । 'घुस खाने र खुवाउनेहरू दुवै देशका घातक हुन्' भन्ने श्री ५ महाराजाधिराजको वाणी भित्तामा लेखिएको छ तर पैसा नलिई पत्र दर्ता पनि हुँदैन । कहिले को छैन त कहिले को छैन भनेर एकदिनमा हुने काम हप्तौं लगाउने गरेको र पैसा खान पाए तुरन्त काम हुने गरेको बुझेर किस्ने हाकिमसँग बाझन तयार हुन्छ । तर उसले सुनिसकेको छ-ज्यानमारा हो कि होइन भन्ने छुट्याउन चार वर्ष लागेको र पछि होइन भनेर छाडिएको थियो रे प्रेमनिधि बाजेलाई, त्यसै भयो भने ! ऊ सतर्क हुन्छ र खर्दार कहाँ तारिख माग्न जान्छ । तारिख दिई खर्दार भन्छ-लासफेला नपरेसम्म तिमीलाई तारिखमा छुटाइँदै छ-विभाको भनाइअनुसार तिमी कान्छीआमासँग अनुचित सम्बन्ध थियो रे । तिमीले कान्छी आमालाई प्रेमोपहारस्वरूप एउटा सकेट पनि दिएका रहेछौ । सबभन्दा बलियो प्रमाण तिमी कोठामा उनको हवाई चप्पल फेला परेको छ । कस्तो झुट्टा आरोप ? विदेशबाट आएको मान्छेले कान्छीआमालाई घरमा एउटा सकेट दिन पनि नपाउने ! फेरि कोठामा हवाई चप्पल कसरी पुग्यो ! यो सबै कान्छाका षड्यन्त्र हो ।

अब त किस्ने मात्र होइन धेरैमा विद्रोह जागिसकेको छ । प्रधानकी रखौटीलाई भगायो भन्ने आरोप लगाई हर्षेलाई थुनिएको छ । निरङ्कुशताको विरुद्धमा बोल्ने देशभक्त कर्मचारीलाई निकालिदै छ, अन्यायको विरोधमा बोल्ने निपराध जनतालाई अराष्ट्रियतत्त्व भनी जेलनेलको सजाय दिइँदैछ । हर्षेले यो अन्याय सही बस्नुभन्दा त विदेशिनु ठीक भन्ने विचार व्यक्त गर्दछ, गाउँका ठूलाठालु र जाली फटाहाको घिचोमिचोमा परेका ग्रामीहरू गाउँ छोडेर जाने हो भने उन्टो तिनलाई हाँस्ने मौका मिल्छ भनी किस्ने रोक्दै छ । प्रजातन्त्र त्यसै आउँदैन सात सालको क्रान्ति कसरी भएको थियो सबै प्रजामा एउटै भावना हुनुपर्छ देशप्रेम र अन्यायप्रति असन्तोष हुनुपर्छ भन्ने कसैको धारणा छ । न्याय निसाप देशबाट धाम अस्ताएकै अस्ताई सक्यो, धनीहरूलाई मात्र निसाप छ नेपालमा, अरूलाई छैन भन्ने भावना साधारण गरिब जनतामा समेत पैदा भएकोछ ।

जतातते असन्तोषै असन्तोष छ, नेपाली काँग्रेसप्रति यस्तो भ्रम फैलाइएको छ कि कुनै थुनामा पन्थी भने त्यो के काँग्रेस थियो र ! भन्ने सर्वसाधारणको प्रश्न रहन्छ । प्रजातन्त्रवादीलाई समाज विरोधीतत्त्व, अराष्ट्रियतत्त्व आतङ्ककारी कुतत्त्व आदि आरोप लगाई थुन्ने र काँग्रेसको बेइज्जती गर्ने गरेको प्रसङ्ग ०१५ सालको प्रजातन्त्रको हत्या पछि स्वतन्त्र व्यापार गरेर बसेको धुलीखेलको एउटा स्वाभिमानी व्यापारी उल्लेख गर्दछ । उसको विचारमा पन्चायत भनेको खानी

✍ दैवज्ञराज न्यौपाने

शङ्कर कोइरालाको उही शीला उपन्यासका सन्दर्भमा

आधुनिक नेपाल कविताको तेस्रो चरण प्रयोगवादी धारमा प्रसिद्ध कवि मोहन कोइरालाका भाइ शङ्कर कोइराला सुन्दा ईश्वरीप्रसाद कोइराला र मित्रप्रियादेवी कोइरालाका कनिष्ठ सुपुत्र हन् । उनको जन्म वि.सं. १९८७ मा काठमाडौंमा भएको हो । जन्मनक्षत्रअनुसार उनको नाम ढकारप्रसाद उपाध्याय कोइराला रहे पनि चलनचल्तीका रूपमा उनको नाम शङ्करप्रसाद कोइराला रह्यो । स्नातकसम्मन अध्ययन गरी जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशनजस्ता कार्यालयहरूमा काम गरी उमेरको हदमाट आबकाश प्राप्त गरे पछि वि.सं.२०५४ साउन २६ गते उनको निधन पनि काठमाडौंमै भएको हो । उनले परिवारका रूपमा एक श्रीमती र दुई भाइ छोराहरू छोडेर गएका छन् । उनका पुस्तकाकार कृतिहरू ५० भन्दा बढी रहेका छन् । उनको साहित्यिक व्यक्तित्व कविता नाटक निबन्ध कथा र उपन्यासका क्षेत्रमा फैलिन पुगेको भए पनि उनी विशेष गरेर आख्यानका क्षेत्रमा धेरै उर्वर रहेका छन् । आख्यान, कथा र उपन्यासमध्ये पनि उनको व्यक्तित्व विशेष गरेर उपन्यासका क्षेत्रमा उठेको छ ।

२०१८ सालमा **धैरिनी घाट** सामाजिक आञ्चलिक उपन्यास प्रकाशित भएपछि उठेको शङ्कर कोइरालाको उपन्यासका व्यक्तित्वमा हालसम्म ४० ओटा उपन्यास प्रकाशित भएका छन् । आजको यस प्रसङ्गमा मैले **उही शीला** (२०४८) का बारेमा केही चर्चा गर्न प्रयत्न गरेको छु ।

उही शीला उपन्यास उपन्यासकार शङ्कर कोइरालाको लघुउपन्यास हो । यो सङ्क्रमणकालीन उपन्यासमा शङ्कर कोइरालाले नेपालको राजनैतिक इतिहासमा पञ्चायती शासनपद्धति समाप्त भएर नेपालमा पुनः प्रजातन्त्र स्थापना भए पछि त्यो कालखण्डमा केकस्ता दुर्घटना र कार्यहरू भए र त्यस्ता क्रियाकलापहरूको जिम्मेवार को थियो ? त्यस्ता क्रियाकलापहरू कसले किन के उद्देश्यका लागि गर्ने गरेका थिए भन्ने जानकारी दिनका लागि नै यो उपन्यास लेखिएको अनुभव हुन्छ । प्रजातन्त्रका पक्षधरलाई सतर्क भएर कार्य गर्नु भन्ने जानकारी दिनु पनि यसको लक्ष भित्रका कुराहरू हुन् । उपन्यासअनुसार यसको मुख्य कथासार यसप्रकार रहेको छ – जम्मा १७ परिच्छेदमा लेखिएको यो एउटा लघुउपन्यास हो । यसको कथावस्तु सामाजिक रहेको छ जसअनुसार - उपन्यासको पहिलो परिच्छेदमा यस उपन्यासकी नायिका शीला र नायक रवीन्द्र एउटा गोप्य कोठामा रहेका हुन्छन् । बाहिर हुलदङ्गा कर्फ्यू आदिको भयावह स्थिति रहेको छ । उनीहरू त्यहाँ रोमान्चक स्थितिमा बसे पनि बाहिर भने गुण्डाहरूले धनाखोपूर्वक सँगराखेका हुन्छन् ।

दोस्रो परिच्छेदमा-नायक रवीन्द्र आफ्नी नायिका शीलालाई गुण्डाहरूबाट कसरी बचाउँ भन्ने विचारमा लागेको हुन्छ । उसकै चलाखीअनुसार गुण्डाहरूबाट बचाएर उनीहरूकै सहायताबाट शीलालाई मन्दिरमा लगी सिन्दूर हाल्ने र बिहे गर्ने अनि भोज खाने कुरा तय हुन्छ तर सो दिन पनि कर्फ्यू लाग्ने भएको हुँदा पूर्व नियोजित कार्य सम्पन्न हुँदैन । गुण्डाहरू उसबाट पैसा लिएर त्यसै शीलालाई छोड्ने कुरामा मन्जुर हुन्छन् । ऊ ट्याक्सी चढी शीलालाई लिएर आफ्नो घर नक्सालमा आउँछ ।

तेस्रो परिच्छेदअनुसार- रवीन्द्रले शीलालाई लिएर आएकोमा रवीन्द्रका बाबु सि.डी.ओ. रुद्रनाथ (शर्मा) र रवीन्द्रकी आमा सुधाकाबीच कुराकानी हुन्छ । शीलाका बाबु भूतपूर्व राज्यमन्त्री पञ्चबहादुर खत्री निर्भिकलाई अपहरण गरिएकी शीलालाई

रवीन्द्रले लिएर आएको खबर दिन्छन् ।

चौथो परिच्छेदमा-सि.डि.ओ. रुद्रनाथ शर्माले आफ्ना सम्धी पन्चबहादुर खत्री निर्भिकलाई र उनकी श्रीमती दुर्गालाई लिन गाडी पठाउँछ । विशेष सजधजबिना नै शीला र रवीन्द्रको विहेलाई स्वीकार गर्ने कुरा उनीहरू सल्लाह गर्छन् । बाटामा आउँदाआउँदै डुँगामुढा गरी गाडी जलाएको र पन्चबहादुरले एउटा कंग्रेसीकहाँ शरण लिएको, उनकी श्रीमती दुर्गा भने गायब भएको कुरा थाहा हुन्छ । उनीहरूका निम्ति भोज तयार गरेर बसेका सि.डि.ओ. परिवार त्यसै बिलखबन्दमा पर्दछन् ।

पाँचौं परिच्छेदअनुसार- सि.डि.ओ. रुद्रनाथ आफ्नो कार्यालय पुगेर मोटर जलाएको विषय छानबीन गर्न गएका कुराको चर्चा हुन्छ ।

छैठौं परिच्छेदअनुसार- रवीन्द्र शीलाका बाबु आमा पन्चबहादुर र दुर्गाको विपत्तिलाई सुनेर दुःखित भएकी शीलालाई लिएर पन्चबहादुरको घरमा गएको चर्चा हुन्छ ।

सातौं परिच्छेदअनुसार- पूर्व पन्चहरूको एक भोजमा सबै भेला भएका हुन्छन् । पन्चहरूका नाइके पूर्वप्रधान मन्त्री नक्रमानले भोज आयोजना गराएको हुन्छ । त्यहाँ पन्चबहादुर निर्भिक कंग्रेस पार्टीमा गएकोमा पन्चहरू उसको खिल्ली उडाउँछन् । पन्चहरूले सबैलाई भट्टे 'जनतान्त्रिक पार्टी' खोलेका कुराको चर्चा हुन्छ । नक्रमान निर्भिकलाई विशेष छेड हान्छन् । निर्भिकलाई विचेत हुने गरी रक्सी खुवाएर आफ्नो मान्छे लगाई निर्भिकलाई घर पुऱ्याइदिन नक्रमानले लगाउँछन् ।

आठौं परिच्छेदअनुसार- पूर्व सांसद् नीलिमासँग अण्डर ग्राउण्ड साउण्ड पुफ बैठकमा बसेर नक्रमान यो कुराको जानकारी दिन्छ, जसअनुसार पन्चबहादुर निर्भिक कंग्रेसमा मिल्न गएकोमा उसले हाम्रा कुरा भनिदेला भन्ने डर र हामीलाई यसरी अवहेलना गरी ऊ कंग्रेसमा गइदिनाले आफ्नो अपहेलना भएको अनुभव गरी त्यसको प्रतिक्रिया स्वरूप प्रतिकारका रूपमा पन्चबहादुर र दुर्गा चढेको गाडीमा डुङ्गामुढा गर्न लगाएको र गाडी जलाई दुर्गालाई गायब गरेको तथा उनीहरूकी छोरी शीलालाई पनि आफ्नै मान्छेहरु लगाई अपहरण गर्न लगाएका कुराहरूको रहस्योद्घाटन गर्छ ।

नवौं परिच्छेदअनुसार- पन्चबहादुरलाई उसको घरमा पुऱ्याउँन लगाउँदा उसका मान्छेले शीलालाई त्यही देखेपछि नक्रमानले पुनः शीलालाई अपहरण गरी न्याउन पहलमान शेखर थापालाई पठाएको, प्रतिक्रियावादीहरूले देशमा जथाभावी भाँडभैलो मचाइरहेको बेला माफिया गुपको बिगबिगी रहेको, पन्चसरकारकै पृष्ठपोषक कर्मचारीहरूका चरित्रले भित्रभित्रै बेइमानी बढिरहेकाले यतिबेला देशमा अपठेरो परिरहेको चर्चा हुन्छ ।

दशौं परिच्छेदअनुसार- शीला यो पल्ट पनि अपहरणकारीबाट बचेकी थिइन् । पहलमान शेखर थापा निर्भिकको घरमा आइपुग्दा रवीन्द्रले शीलालाई लिएर जाँदै थियो । शेखरले पिछा गरेर पनि उसका केही लागेको थिएन । अपरहरणकारी अरू कोही नभएर पन्चबहादुर निर्भिक कंग्रेसमा मिल्न गएकोमा त्यसकै प्रतिक्रियास्वरूप नक्रमानले नै काम गर्न लगाएका हुन् भन्ने कुरा सि.डि.ओ. रुद्रनाथ र पन्चबहादुर फोनबाट कुराकानी गर्छन् ।

एघारौं परिच्छेदअनुसार-पन्चमान निर्भिककी श्रीमती दुर्गा नक्रमानको कैदबाट भागेर शहीद बलनाथ नेपालको गाउँ धादिङ् सन्तेरी पुग्छिन् । त्यहाँ उनी बलनाथकी आमा भवानीदेवीका शरणमा बस्छिन् । भवानीदेवीले दुर्गालाई शरण लिएको विषयलाई लिएर गाउँमा अनेक टीकाटिप्पणीहरू भएका कुराको चर्चा हुन्छ ।

दुर्गा धादिङ् सन्तेरी पुगेपछि त्यस विषयलाई लिएर अनेक प्रतिक्रियाहरू सुनिन थाल्छन् । त्यस्ता प्रतिक्रियाहरू सुनेर रवीन्द्र त्यहाँ पुगेर आउने तर्खरमा लाग्छ तर ऊ त्यहाँ पुग्न सक्तैन । दुर्गा र भवानीका बीचमा भएका कुराकानीबाट सबै वस्तुस्थितिको अवगत हुन्छ ।

तेह्रौं परिच्छेदअनुसार- शहीद बलनाथको घरमा आगो लागेको खबर आउँछ । गाउँलेहरू पुग्छन् र निभाउने प्रयत्न गर्दछन् तर उनीहरूले निभाउनु भन्दा पहिले नै शहीद बलनाथकी आमा र दुर्गाको अवसान भइसकेको अनुमान हुन्छ । गाउँलेहरू ती दुई महिलाको अवशेषसम्म पाउँदैनन् । सो काण्डमा बिना कसूरका रामजीलाई पक्डिएर लगेको आदि कुराको चर्चा हुन्छ ।

हुँदैन । यसरी ऊ बनारसबाट रक्सौल बीरगन्ज हुँदै विभुवन राजपथको बाटो काठमाडौं आएर एकरात बसी आफ्नो घर अमालेचौर दोसालघाट पुग्छ ।

आफूलाई मात्र जन्मभूमि तथा स्वदेशको माया लागेर के गर्ने, सबैलाई उत्तिकै माया लागे पो ! गाउँमा त नरामोसँग विदेशी प्रभाव परिसकेछ, विदेशी गाना, विदेशी खाना, विदेशी फेसन, विदेशी पुस्तक उसलाई आश्चर्य लाग्छ यो सबै भएकोमा । इमान्दार भनेर चिनिने नेपालीहरूमा बेइमानी पनि बढेछ-आमालाई दिनु भनी पठाएको छ सय रुपैयाँ अक्कनेले बेपत्ता पारेछ, रजिष्ट्री गरेर चिट्ठी खाममा हाली पठाउने गरेको पैसा माइला बाले खाइदिने गरेका रहेछन् । देउताजस्ता देवरहरू भनी कहलिएका आमाका विश्वास पात्र काकाबाउहरूले किस्ने उती एउटी मधिसेनी बिहा गरीसक्यो अब उ आउन्न, बुहारी पनि नफर्कने गरी माइत गई भन्नेजस्ता भ्रामक हल्ला फैलाई मोहियानी पूर्जा आफ्नो हात पारेछन् ।

विकासको जतिसुकै ढ्वाङ फुके तापनि गाउँमा केही विकास भएको रहेनछ-बाटोघाटो उस्तै छ, सुनकोशी त्यसै बगेर गइरहेछ, कृषिमा नयाँ प्रविधि छैन, बनजङ्गल त झन् घटेर गएछ, विकासको नाममा आएको पैसा भाषण, नाराबाजी, स्वागत र भोजहरूमा स्वाहा ! तैपनि गाउँका ठूलाबडा भनाउँदाहरू गाउँघरमा देखिँदैनन् । कहाँ गएका छन् त ! उत्तर मिल्छ गाउँ पञ्चायततिर ।

यसै सन्दर्भमा लेखिएका लेखक यी पङ्क्तिहरू अत्यन्त सान्दर्भिक छन् ।

'विकास त बस र मोटर चढ्नेका लागि भएको छ, गाउँघरमा उकालो ओरालो हिँड्ने र गाउँलेका झूप्राहरूलाई भएको छैन ।

किस्नेले सुन्दै जान्छ, बुझ्दै जान्छ-गाउँबाट नैतिकता पनि हराएर गएछ-मानिसहरू पत्याउने नसकिने पापकार्यमा संलग्न भएछन्-भण्डारी पुरेतको छोरा हरिकृष्ण माष्टर चार महिनादेखि कान्छीआमासित पल्केको र प्रधानले एउटी केटीलाई छोरीको नाता जोडी रखौटी बनाएको कुरा उसलाई पत्याउन गाह्रो पर्छ, तर एकदिन कान्छीआमाको घर गएको बेला दिउँसो कोही भन्याङसम्म आएको र कान्छीआमा गएर केके कुरा गरी त्यहाँबाट फर्कएको घटनाले उसलाई पत्याउने आधार मिल्छ । यसैगरी कति बेचिएका कति अत्याचार सहन नसकी झुण्डिएर वा हाम्फलेर मरेका घटनाहरू सुनेर ऊ स्तब्ध हुन्छ ।

नारानेजस्ता हरिकङ्काल पनि गाउँमा भेटिन्छन्, जो माइलाबाकहाँ जोल्ने काम गर्दागर्दै शोषित र पीडित भएको छ । हर्कैजस्ता मान्छेहरू पनि छन्-जो प्रधान कहाँ जोल्ने काम गर्दागर्दा थात न थलोको भएको छ ।

यो सबै गाउँको चर्तिकला देखेर किस्नेमा विकृति पैदा भइसकेको छ-उसले आफ्नो रेडियोबाट 'नजाऊ छाडी यो देश' भन्ने गीत सुन्न चाहँदैन बरु 'छाडेर जाने नेपाली दाजु नजाऊ फर्केर' भन्ने गीत सुन्न चाहन्छ ।

कुनै पनि मान्छेमाथि ज्यादै अत्याचार भएपछि ऊ असल स्वभावको राम्रै मान्छे भए तापनि त्यो अत्याचार गर्ने मान्छेको अलिकति पनि कमजोरी वा पतनको स्रोत भेट्टाउँदा खुसी हुन्छ । माइलाबा कान्छाबाले उसमाथि ठूलो अन्याय गरेका थिए । सयौं मुरी आउने खेतबारीको मोहियानी पूर्जा हात लगाई आमालाई ५-६ मुरी दिएर बाँकी खाने गरेको प्रसङ्गले उसलाई असह्य भइरहेको थियो । जब कान्छीआमालाई खोज्न कान्छाबा सुनकोशी किनारतिर जान्छन् र त्यहाँ कान्छी आमाको पट्टा र मुजेबो देखिन्छ आफू बच्न स्वास्नीको दिमाग ठिक थिएन भनी उम्कन खोज्ने कान्छाबाप्रति किस्नेले कै खण्ड खातिर नपरीकन को मर्छ भनी पुलिसलाई खबर गर्न पाउँदा उसले सन्तोषको अनुभव गर्छ । त्यसैगरी माइलाबा प्यारालाइसिस भएर चल्न नसक्ने भएका छन् भन्ने सुन्दा आफ्नै पापको कारण सम्झी खुसी हुन्छ ।

रीसको आवेगमा आएर एकदिन काकाबाउहरूसँग मनाभन हुँदा नालिस दिने धम्की पनि दिएको थियो किस्नेले । तर उसले यो पनि बुझिसकेको थियो कि नालिस दियो भने पनि जीत उनैको हुन्छ । उनीहरूसित प्रशस्त पैसा छ, उनीहरूले मलाई देशद्रोही, राजद्रोही, अराष्ट्रिय तत्त्व, समाज विरोधी तत्त्व आदि आरोप लगाएर उल्टै जेलमा कुहाउन सक्छन् ।

किस्ने राजनैतिक चासो नभएको अशिक्षित तर कसैको अन्याय र अत्याचार देख्न नसक्ने एउटा सीधासाधा मान्छे । लामीडाँडामा पुलिसमाथि आक्रमण गर्नु पनि उसको राजनैतिक स्वार्थ थिएन । उसले त एक निरपराध व्यक्तिमाथि भएको सङ्घि प्रहार देख्न नसकेर जाइलागेका हो । त्यसैलाई राजनैतिक मुद्दा बनाई उसलाई निर्मम पिटाइ गरिन्छ र धुनामा राखिन्छ । उसलाई त्यहाँ ठूलो विद्रोह पैदा हुन्छ । ऊ भन्छ- 'मसित हतियार हुँदो हो त यस खोरलाई सिंहदरबार जलाएकै जलाई

घरमा राख्न सक्तैन र उनलाई समाएर धेरै टाढा पुग्छ। कान्छीआमाको तिलहरी निकालेर एकमात्र अविवाहित छोरी बीमालाई बिहेमा दिन् भनी किस्नेको हातमा सुम्पिदिन्छिन् र नहुँदैपहुँदै गन्तव्यहीन बाटो लाग्छिन्। किस्ने घर नएर सुत्छ। एकैछिन पछि कान्छा वा छोरी उसको घर आँगनमा आइपुग्छन्। किस्नेले अनभिज्ञता देखाउँछ। उज्यालो भएपछि ऊ दुम्जाको लागि प्रस्थान गर्छ। दोलालघाट पुग्दा सुनकोशी किनारमा कान्छाबासँग भेट हुन्छ र कान्छीआमाका मुजेरो र पटुका पनि भेटिन्छन् तर लास भेटिँदैन। किस्ने त्यहाँ नरोकिएर सरासर दुम्जा पुग्छ। आमालाई भेट्छ। काकाबाउहरूका कुकृत्यहरूको वर्णन गर्छ। आमाले उनीहरूप्रति उल्टै सहानुभूति देखाएको देख्छ ऊ भोलि नै मुम्लान पस्ने र फेरि नफर्कने कुरा गर्छ। आमाले रोक्छिन्। त्यहीं तल रोसी खोलामा जापानको सहयोगबाट श्रमदान जुटाई बाँध बाँध्ने काम भैरहेको हुन्छ। किस्नेले पनि त्यसै कार्यमा सहयोग पुऱ्याउन थाल्छ। उसलाई एकाएक एउटा समनपूर्जी हात पर्छ। कान्छीआमासँग गोप्य सम्बन्ध राख्ने गरेको र मर्नुअगाडि पनि उसलाई भेटेको आरोप कान्छाबाले लगाएका हुन्छन्। ऊ तोकिएको दिन धुलिखेल जिल्ला अदालतमा सम्पर्क राख्न आउँछ, त्यहाँबाट उसलाई थानामा पठाइन्छ र बिना पूर्जि धुनामा राखिन्छ। त्यहाँ जेठाबाइजस्ता अरू धेरै निरपराध मान्छेहरू पनि धुनामा राखिएको पाउँछ। ऊ छुटेपछि एक महिनाको तारिख लिएर फर्कन्छ। फर्केपछि उसलाई आफ्नो घरको माया लाग्छ र घर पुग्छ। घरभित्र हेर्छ-एउटा बाक्सा थियो, बनदेवीलाई भनेर न्याएको साडीसहित त्यो पनि चोरिएछ। त्यहाँ एकछिन पनि नबसेर ऊ दुम्जा फर्किन्छ।

ज्वान मुद्दा लागेको र रा.वि.से. विद्यार्थीसँग झनाझन भएको कारण गाउँ पञ्चायतबाट उसलाई निकाल्ने कारवाही हुन्छ तर उसका मामा सूर्यनाथले जोर बिन्ति गरेर रोक्न लगाउँछन्। ऊ पुनः एक महिनाको तारिख लिन जान्छ। ऊ चाहन्छ-तत्काले फैसला होस्, निरपराध व्यक्तिलाई दुःख नहोस् तर त्यो सम्भव हुँदैन। पुनः डेढ महिनाको तारिख लिएर फर्कन्छ। बसमा उसका जेठान भेट हुन्छन्। उनको मुखबाट ससुरा बिरामी भएको थाहा पाएर सँगसँगै ससुराली पुग्छ। सासुससुराले छोरीलाई लैजान अनुरोध गर्छन्। तर एस्.एल्.सी गरेर गाउँमा मास्टर्नी भएकी र आई.ए. पढ्दै गरेकी बनदेवीले सीधै इन्कार गर्छ, मेरो खुसी पो हुन्छ तपाईंहरूको करले हुन्छ र ! राम्रो गतिलो घरमा दिनुभएको भए मैले मास्टर्नी भएर माइतमा बस्नुपर्थ्यो ! किस्नेले आफ्नो कमजोरी र भूल स्वीकार गर्छ, बनदेवीलाई लैजाने जोड गर्न सक्तैन। २-३ दिन बसेर ऊ फर्कन्छ।

सामीडाँडा आइपुग्दा सरकारको विरोधमा नाराहरू लगाउँदै एउटा जुलुस आइपुग्छ। निरपराध जनताप्रतिको प्रहरी क्रूर दमन देखेर उसलाई सहन हुँदैन र पुलिसकै लट्ठी खोसेर जाइलाग्छ। पुलिसले बेहोस हुने गरी टाउकोमा डण्डा प्रहार गर्छ। बेहोस अवस्थामै उसलाई धुलीखेल अस्पताल पुऱ्याइन्छ। चेतना आएपछि उसले अगाडि बसीरहेकी बनदेवीलाई देख्छ, जुन जुलुसको नेतृत्व गरेर आएकी हुन्छे। बनदेवीले फलफूल न्याएर दिन्छे, माया गर्छे, आपसी सद्भाव र मित्रवत् व्यवहार गर्छे। रामैसँग तडाएपछि किस्नेलाई डिस्चार्ज गरिन्छ। बनदेवी र अन्य महिलाहरूले साथी कमलाको घर धुलीखेलमा बसेर पोखरामा भाषण गर्ने प्रोग्राम बनाइरहेका हुन्छन्। त्यही समारोह सफल पार्न किस्ने पनि पोखरा प्रस्थान गर्छ। त्यहाँको कार्यक्रम सकिंदा साथ बनदेवीका दाजु त्यहीं पुग्छन् र बाबु निकिस्त बिरामी भएकोले ज्वाईंका साथ बनारस जाने बाबुको विचार व्यक्त गर्दछन्। जनमतको परिणाम पनि सुन्न नपाउँदै भोलिपल्ट नै बसस्टपमा बनदेवीले बनारस जान लागेको किस्ने र बिरामी बाबुलाई विदाइ गर्छ। उपन्यासको समाप्ति हुन्छ।

कथाको छोटो परिचय दिन सफल किताबको कभर अत्यन्त आकर्षक छ। लेखकले किताबको नाम 'बन्द तगारो' यसै अर्थमा राख्नुभएको होला- सामाजिक न्यायमा लागेको तगारो, पारिवारिक जीवनमा लागेको तगारो र राजनैतिक परिवर्तनमा लागेको तगारो।

औपन्यासिक मुख्य पात्र किस्ने देशप्रेमी मानिस हो, विदेश बसेर अर्काको गुलामी गरेर पैसा कमाउने प्रवृत्तिलाई उसले विरोध गरेको छ। साहूले जतिसुकै माया देखाए पनि, स्वास्नीलाई समेत त्यहीं न्याएर राख्ने स्वीकृति दिए तापनि त्यो सबै उसको स्वार्थमय माया ठान्छ। आफ्नो जन्मस्थलो, जन्मदाता र प्रेयसी बनदेवीको मायाले उसलाई सताउँछ र घर फर्कन्छ। त्यतिमात्र कहाँ हो र, उसलाई त विदेशी सिकरेटभन्दा नेपाली बिंडी नै मनपर्छ, विदेशी गानाभन्दा नेपाली लोकगीत नै मनपर्छ। ऊ फर्केदा बाटामा रामशरणजस्तो गाउँलेले मन भड्काउन खोज्दा पनि ऊ दिग्भ्रमित

चौथौं परिच्छेद-धादिङको घटनाको विषयलाई लिएर पञ्चबहादुर निर्भिक र शीलाका बीचमा फोनबाट कुराकानी हुन्छ। रञ्जुको ब्याइफ्रेण्ड डेभिड आएर होटल रेड प्लानेटमा बसेको चर्चा र डेभिडले नै शीलालाई फोन गरेपछि डेभिड र शीलाका बीच भएको कुराकानीको चर्चा गरिन्छ।

पन्ध्रौं परिच्छेद- शीला आफूमाथि पर्दै आएका विभिन्न उत्पीडनहरूले मानसिकरूपले आहत हुन्छे। ऊ सम्झन्छे उसकी आमाको दुर्दशा गराउने बहुदलवादीहरू नभएर तिनै प्रतिगामी तत्व हुन्, जसले बहुदललाई बदनाम पारी आफ्नो स्वार्थसिद्ध गर्ने मौका खोजिरहेका छन्। ऊ आफू भ्रष्टाचारी मन्त्रीकी छोरीको मुकुण्डो लगाएर बाँच्न चाहन्नथी। ऊ रवीन्द्रसँग आफ्ना मनका व्याकुलताहरू व्यक्त गर्छ। रवीन्द्र सम्झाउने कोशिस गर्छ तर ऊ ती कुनै कुराहरूभन्दा पर आफ्नो स्वतन्त्र अस्तित्व राख्न खोज्थी। शीला यति बेला व्याकुल बनेकी हुन्छे।

सोह्रौं परिच्छेदअनुसार- शीला घरबाट साधारण लुगा लगाएर बाहिर गई। ऊ पूर्वतिर लागेकी थिई। रवीन्द्रले शीला निस्किएको थाहा पाएर उसको पिछा गऱ्यो तर शीलालाई कतै पाउन सकेन। ऊ फर्किएर आयो। घरमा शीलाले लेखेको चिठी भेट्टायो। चिठीमा शीलाले आफ्नो अस्तित्व खोज्न जाने कुरा गरेकी थिई। उसले शीलालाई निकै खोजी गऱ्यो, तर कहीं भेट्टएन।

सत्रौं परिच्छेदअनुसार- पंचखालमा एउटा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। त्यहाँ राजधानी देखिका कलाकारहरू आएका हुन्छन्। टि.भि. पनि पुगेको हुन्छ। एउटी ग्रामीण केटी आएर नृत्य प्रस्तुत गर्छ, गीत गाउँछे। सबै उसको कार्यक्रमबाट प्रभावित हुन्छन्। शहरको एउटा ग्रुपसँग अंग्रेज डेभिड पनि त्यहाँ आएको हुन्छ। ऊ नेपाली भाषा र संस्कृतिको अध्ययन गर्न आएको थियो। उसले त्यस दिनको राम्रो कार्यक्रम प्रस्तुत गर्ने महिला उषालाई ब्रिटेन लगेर अझै उच्च बनाउने प्रस्ताव राख्छ। समूहले तालिद्वारा त्यो प्रस्तावको समर्थन गर्छ। त्यो राम्रो कार्यक्रम प्रस्तुत गर्ने ग्रामीण केटी अरू कोही नभएर शीला थिई। शीलाले घरबाट हिंडेपछि आफूलाई पूर्ण ग्रामीण रूपमा तयार गरेकी थिई।

यसरी उपन्यासको कथा सकिन्छ। यो उपन्यासमा त्यति धेरै पात्रहरूको घुईंचो नभए पनि कथानकलाई अगाडि बढाउनका लागि केही चरित्रहरू हुनु नितान्त आवश्यक हुन्छ। त्यही क्रममा यहाँ पनि दृश्य र अदृश्य गरी दुई खाले पात्रहरू रहेका छन्। त्यस्ता पात्रहरूमध्ये पनि कोही स्थिर छन्, कोही गतिशील, कोही आदर्श र कोही यथार्थ छन्। अर्को अर्थमा भन्नुपर्दा कोही असल र कोही खराब दुवै प्रकारका पात्रहरू खडा गरी तिनीहरूका आधारमा उपन्यासको कथानकलाई अगाडि बढाउँदै लानु उपन्यासको विशेषता पनि हो। यसक्रममा प्रस्तुत उपन्यासमा देखिने दृश्य तथा अदृश्य पात्रहरू हुन्:

१.२. रवीन्द्र र शीला: (उपन्यासका नायक/नायिका)
३.४. सुदेश र रेखा: रवीन्द्रका भाइबहिनी
५.६. रुद्रनाथ र सुधा: रवीन्द्रका बाबुआमा (रुद्रनाथ सि.डि.ओ)
७.८. पञ्चबहादुर निर्भिक र सुधा : शीलाका बाबुआमा (पञ्चबहादुर पूर्वराज्यमन्त्री
९. नक्रमान : भू.पू. प्रधानमन्त्री
१०. कुमार कुईकेल : पाइलट
११. हिराबहादुर : नक्रमानको मान्छे
१२. नीलिमा : भू.पू. माननीया
१३. शिवकृष्ण : सचिव
१४. शेखर थापा : पहलमान, खेलकुद परिषदको व्यक्ति
१५. भवानी : शहीद बलनाथ नेपालकी आमा
१६. उमा : भवानीकी चौरानी
१७. रामजी : उमाका श्रीमान्, भवानीका देवर
१८. श्रीकृष्ण बाजे : कंग्रेस पक्षका व्यक्ति
१९. आत्माराम न्यौपाने : वामपन्थी पक्षधर व्यक्ति
२०. विष्णुराज : वामपन्थी विचारधाराका कार्यकर्ता
२१. डेभिड: नेपालको अध्ययन गर्न आएको अङ्ग्रेज
२२. उषा: शीलाको छद्म नाम, उही शीला
२३. केही गुण्डाहरू: नक्रमानका भाडाका गुण्डाहरू
२४. गोलेचा: गुण्डाहरूको नाइके

२५. श्याम मानियाँ: ट्याक्सी ड्राइभर
२६. शिव: रुद्रनाथको घरमा काम गर्ने मानिस
२७. रामे: पन्चबहादुर निर्भिकका घरमा काम गर्ने मान्छे
२८. चिया ल्याउने केटो ।

(ख) अदृश्य पात्रहरू:-

१. तोपकाजी: ट्याक्सी मालिक
२. विष्णुकान्त: पूर्व न्यायाधीश
३. हरिकृष्ण: सी.डि.ओ.को ड्राइभर
४. बलनाथ नेपाल: प्रजातन्त्र पुनर्बहालीका सिलसिलामा शहीद हुने व्यक्ति
५. धीरजु कार्की: कान्छी धन्दाको तस्कर
६. रन्जु: शीलाकी बहिनी
७. सन्जु: शीलाकी बहिनी
८. हर्के: नक्रमानको ड्राइभर
९. केही हुन्याहाहरू: नक्रमानका भरौटेहरू
१०. नक्रमानसँग फोन गर्ने मान्छे
११. अतुला : होटेल प्यालेसको साहुकी छोरी
१२. गार्डनेहरू: धाविङ सन्नेरीका जनताहरू
१३. पुलिसहरू : रामजीका घरमा आने पुलिसहरू
१४. स्वयंसेवक : युवा कँग्रेसका कार्यकर्ताहरू
१५. महिला समाजका कार्यकर्ताहरू
१६. रामप्रसाद गौचन : ड्राइभर रा.से. परिषद्बाट प्रशिक्षित व्यक्ति ।

यिनै चरित्रहरूका क्रियाकलापभित्र रहेर पूर्वमा काभ्रे र पश्चिममा धाविङसम्मको काठमाडौं उपत्यकाभित्रका क्षेत्रमा पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्बहालीका अवसरमा देखा परेको विषम परिस्थितिको चित्रण गरी यो उपन्यास लेखिएको छ। यसको वातावरण भन्नु नै राजनीतिको विषम परिस्थितिले मैलिएको देश, काल र परिस्थितिको सेरोफेरो रहेको छ। यही परिस्थितिको चित्रण गरी प्रजातन्त्रको मार्ग प्रदर्शन गर्नु यसको उद्देश्य हो भने यसको भाषाशैली शुद्ध परिस्कृत र सुन्दर रहेको छ। प्रायश : अन्यपुरुष दृष्टिलिन्दुले तानिएकी वर्णनात्मक संवादात्मक शैलीमा अगाडि बढ्ने काम प्रस्तुत उपन्यासमा राम्रैसँग भएको छ। यसको अभिव्यक्ति कौशल प्रतीकमय व्यञ्जनामा प्रकट हुनुभन्दा सहज सरल अभिधा शैलीमा मूर्त हुनाले यसलाई रौंचिरा विश्लेषणहरूको आवश्यकता पर्दैन। यसका सम्वादात्मक अभिव्यक्तिहरूमा साधारण कथ्य प्रयोगको गन्ध पनि नपाइने होइन।

प्रस्तुत उपन्यासभित्र 'गुण्डाहरूलाई खुसी पार्न पहिले आफै गुण्डा हुनुपर्छ। तिनीहरूलाई कुरा बुझाउन पनि सकिन्न र तिनको मन पनि हम्मेसी जित्न सकिन्न। यी समाजका विकृति हुन् रोगका कीराभँ समाजलाई कुटुकुटु खाइरहन्छन्। यिनको कुरामा विश्वास गर्नु पनि हुन्न। कुनबेला के भन्छन् थाहा हुन्न। के गर्छन् सोच्नै सकिन्न।' (परिच्छेद १)

'यी कसैको बहकाउमा मार्न र मर्न डराउँदैनन्। यी मानवका रूपमा कसैको हतियार भएर पशुसरह काम गर्छन्।' (परिच्छेद १)

'गुण्डाहरू खुब स्मार्ट देखाउँछन् आफूलाई। यी आफ्नो स्वार्थको लागि जे गर्न पनि तत्पर हुन्छन्। चाकरी, चुक्नी, छुरी, खुकुरीको प्रयोग गरेर भए पनि आफ्नो महत्ता अरूमाथि देखाउँछन्। रोब जमाउन चाहन्छन्। कसैबाट निचा देखाउने प्रयास भयो भने त्यसको मुकाबला गर्न ज्युज्यान दिन तयार रहन्छन्।'(परिच्छेद २)

यस्ता अनेक तथ्यमूलक शाश्वत उद्गार हरू रहेका देखिन्छन्। चर्चित उपन्यासभित्र -

सामाजिक यथार्थवादी वस्तुस्थितिको चित्रण, वर्तमान राजनैतिक विसङ्गतिप्रतिको व्यङ्ग्य, सुधार वादी चेतना र मानवतावादी चिन्तन प्रमुखरूपमा रहेका देखिन्छन्।

प्रस्तुत उपन्यास गहन विश्लेषणले भन्दा बढी सहज सरल अनुभूतिहरूले बढी मुखरित भएको देखिन्छ। सामाजिक पृष्ठभूमिकै यथार्थ चरित्रहरू समावेश गरेर प्रतिक्रियावादीहरूले देशमा प्रजातन्त्रलाई असफल पार्नका लागि गरिरहेका लुटपाट, बलात्कार, हत्या, आतङ्क, षड्यन्त्र आदि देखाई प्रजातन्त्रको संरक्षण गर्न सबैले तत्पर रहनुपर्ने कुराको सङ्केत गरी सावधानीपूर्वक सही बाटामा हिंड्न सबैमा यो उपन्यासले सङ्केत गरेको छ। यसको प्रमुख उद्देश्य वा दर्शन पनि यही हो।

प्रस्तुत उपन्यासले काठमाडौं क्षेत्रभित्रको वि.सं.२०४७/२०४८ को त्यसैत्यसै उकुसमुकुस रहेको र गुम्सिएको वातावरण भएको बेला वर्णनात्मक कथोपकथन शैलीमा, सुरु परिष्कृत

रामप्रसाद पन्त

'बन्द तगारो' लाई नियाल्दा

शङ्कर कोइरालाका प्रकाशित कृतिहरूमा सबैभन्दा बृहत् आकारको यस औपन्यासिक कृतिले सामाजिक परिवेशको एउटा खण्डलाई छलंङ पारिदिएको छ। **बैरिनी** घाटको माध्यमबाट आञ्चलिकतालाई औपन्यासिक विधामा समावेश गराएर कोइरालाले २०१८ सालदेखि नै सामाजिक उपन्यास लेखनमा पूर्णतः सफलता पाएका हुन्। त्यसपछिको औपन्यासिक यात्रामा उनले आर्थिक, राजनैतिक, ऐतिहासिक, रोमान्टिक र हास्यव्यङ्ग्यको क्षेत्रमा पनि सफलता पाउँदै गए तर सरलता, सरसता र स्वाभाविकता सामाजिक उपन्यासहरूमा पाइन्छ त्यो अरूमा पाउन सकिँदैन। प्रस्तुत उपन्यासमा कतै राजनैतिक परिवेशलाई उतार्न खोजिएको छ। अर्थात् 'जबसम्म यो व्यवस्था समाप्त हुँदैन तबसम्म यहाँका गरिब निमुखा जनताले जतातते आहतआहेक राहत पाउन सक्दैनन् तथापि त्यो सामाजिकताको अगाडि प्रतिच्छाया मात्र बन्न पुगेको छ।

यो उपन्यासको रचना २०३६ सालको जनमत सङ्ग्रहको घोषणा भैसकेपछिको चुन्ना वातावरणमा रहेर गरिएकोछ र यस उपन्यासले सामाजिक तथा राजनैतिक दुवै पक्षलाई समेट्न पुगेको छ। प्रकाशनको लागि २०४३ सालमा साझा प्रकाशनले आफ्नो बुक लिष्ट पनि पारेको थियो रे! तर उक्त उपन्यासको गुरुकपि उपन्यासकार बी.पि. कोइरालासँ हेर्नु भएकोले त्यसैलाई व्यवस्था विरोधी मानी तत्कालीन अध्यक्षबाट फिर्ता गरियो रे!

म त भन्छु – २०३७ सालको अग्निपरीक्षाबाट सफाइ पाएर खुन्ना सङ्कितस्तो भएको तत्कालीन व्यवस्थामा यस प्रकारको उपन्यासले साझा प्रकाशनको बुकलिष्टमा समावेश हुने मौका पनि कसरी पाउन सक्थो?

२८७ पृष्ठको ठिमाइ साइजको यस उपन्यासलाई विविध रङ्ग दिएर सिंगार्नुभएको छ लेखकले। स्वदेशप्रतिको प्रेम, प्रजातन्त्रप्रतिको झुकाव, शोषक र सामन्तहरूको विरोध, सढिबादको विरोध, शोषितपीडित र गरिब जनताप्रतिको सहानुभूति आदि कुराहरू उपन्यासका उल्लेखनीय विषयवस्तु रहेका छन्। व्यङ्ग्य, विरोध, विद्रोह, राष्ट्रारिकता, प्रतीकात्मकता उपन्यासमा मीठास भर्ने सहायक तत्वहरू भएका छन्। कथानक ज्यादै सरल र सरसरूपमा नदीको निर्मल जल जस्तै सलसल बगेको छ, पढ्न थालेपछि छाड्न मन लाग्दैन अगाडि हुने परिणामप्रति उत्सुकता बढी रहन्छ। उपन्यासको सबभन्दा ठूलो सफलता नै हो। कथाको विषयवस्तु यसप्रकार छ–

दोलाखाट अमालेथौर निवासी स्व. शशीधरको छोरा किस्ने (म पात्र) बनारसको एउटा कपडा पसलमा काम गर्दछ। एकवर्ष अगाडि आएर आमाको सेवाको लागि बनदेवीलाई बिवाह गरेर घरमा छाडी बनारस पुगेको किस्ने एकवर्ष पछि घर फर्कन्छ। तर स्वास्नी चाहिँ पोइ नभएको घरमा कसरी बस्ने मनैर माइत (झगडे गाउँ) गएकी हुन्छे। आमा पनि एक्ली र अस्वस्थ भएकीले माबल (दुम्ना) गएकी हुन्छिन्। तैपनि किस्नेले दैलोको साँघो खोल्छ, बाम्सान्त राख्छ, नारनेकी स्वास्नी भुङ्गीलाई बोलाएर घर सफा गर्न लगाउँछ, सामान जुटाउन लगाएर खाना पकाइबरी खान्छ। ४-५ दिन "गाउँमै डुलेर सबै इष्ट-मित्रहरूलाई भेट्छ, गाउँको वस्तुस्थिति बुझ्छ। आफ्ना काकाबाउहरूबाट भएको शोषणबाट मर्माहत हुन्छ। स्वास्नी लिन पठाएको हर्के पनि खालिहात फर्कन्छ। पैसा सकिएर बेचेको रेडियोबाट प्राप्त रु. ६ सय पनि चोरिन्छ। उसलाई अब एकछिन पनि त्यहाँ बस्न मन हुँदैन, हाम्फालेर वा डुबेर मर्न मन लाग्छ, या सप्रेका लागि बिदेशित मन लाग्छ। यस्तै दिग्दार भएर सुतिरहेको बेला एकरात उसकी कान्छी आमा ढोका ढकढकाउन आइपुग्छिन्। उनमाथि परपुरुषसँग गोप्य सम्पर्क राखेको आरोप लगाई कान्छाबाले टाउको र मुटुमा मर्म पर्ने गरी पिटेपछि आश्रयको लागि त्यहाँ आएकी हुन्छिन्। थामिन नसकेर लड्न लागेकी उनलाई किस्नेले समाउँछ। उनी मर्न जान कसिएकी हुन्छिन्। आफ्ना शत्रु कान्छाबाले अर्को बापत लगाउलान् भन्ने डरले उसले उनलाई रोकेर

सामाजिक घात प्रतिघात मानसिक आरोह अवरोहलाई देखाउनका साथै आन्चलिकताको चित्रण गर्नु विनको विरोपता मान्न सकिन्छ । यी विरोपताका छनकहरू भित्रै समेटिएको छ, दोसाँझ र अन्मनिएका छन् पात्र सदासुन्दर र निर्मला एवं तिलोत्तमा त्रिकोणत्मक परिधिभित्र । प्रेम र सपना, विरह र व्यथा, खुसी र विस्मात् आफ्नो भावभित्र समेटेर उपन्यास लेख्ने कोइरालाको दोसाँझको कुरो त्यति नयाँ हैन न त व्यक्ति नै कुनै नयाँ हुन् तर पाठकको दृष्टिमा शहरको स्वैरकल्पनाबाट अगाडि बढी दोमनमा परी फर्केको उपन्यास हो ।

दोसाँझ पढ्दै जाँदा सदासुन्दर र निर्मलाको अवस्थालाई हेर्दा कवि शशी भण्डारीको कविताजस्तै लाग्छ, उनीहरूको स्थिति र अवस्था । जस्तै –

मुखामुख त भए तर नजर केही ओर्लिए
भावहरू उकसै गए
सम्बन्धका सुइकिनाहरू केही साँघुरोमा साँघुरिए
एक कटाक्ष, एक अहम्
नमिन्दो सम्मोहनको जंजिरमा
निरन्तर बाँधिरहे-बाँधिरहे

उल्लेखित कविताजस्तै **दोसाँझ**का पात्रहरू एक अर्कामा प्रेम गर्छन्, प्रेमी-प्रेमिका बन्छन् अनि छोड्छन् र एक अर्काले अर्कै अर्कासँग बिहा गर्छन् । नवीन र सुमन जन्माउँछन् प्रेमिका अर्कैका पत्नी हुन्छन्, प्रेमी अर्कैको पति बनिदिन्छ तर उनीहरू भने नमिन्दो सम्मोहनको जन्जिरमा बाँधिरहन्छन् । शहरको कोठादेखि गाउँको चोटासम्म धाउँदै-धाउँदै हिँडिरहन्छन्, दोसाँझका परिवेशमा अमिलो मन पारेर पनि बाँच्न चाहन्छन्-त्यसैले यस उपन्यासमा अर्थयुक्त कुराहरूको ठूला तालमेलभन्दा फट्काफट्की र अकल्पनीय कथावस्तुमा उपन्यास आधारित छ । केही लेख्न थोजेको देखिन्छ तर त्यसले ठोस गति लिन उपन्यास अन्मनिएजस्तो लाग्छ ।

सरिताले 'मलाई त अचेल बी.ए. एम्.ए पढेका देख्दा केही प्रभाव लाग्दैन यो मेरो प्रभाव लिन सक्ने शक्ति घटेको वा त्यस्ता पढेकाहरूमा नै केही यस्तो सरलता आएको हो थिनीहरू ज्यादै साधारण देखिन्छन् ।' उल्लेखित कुरा भन्न नपाउँदै मृणालले 'यी पढेकाहरूमा बढप्पनको अभाव एउटा महान् कमजोरी हो ।'

सरिता र मृणालले भने जस्तै नेपाली समाजका पढेलेखेका मानिसहरू छन् या शहर कोइरालाको सरलता प्रदर्शन भएको हो । उपन्यास पढ्दा पाठकले सजिलै अनुमान गर्न सक्छ ।

समाजलाई दोसाँझले अनेकरूपमा हेरेको अमिलो मन र क्षणिक प्रणय-प्रेम र आवेगमूलक भावनाहरू विद्रोहात्मक स्वरभित्र पात्रहरू रमलिएका छन् । मृणाल, मिसो, सरिताजस्ता पात्रहरूले जीवनका मोड गति र यतिलाई स्वीकार्दै निर्मलाको जीवन प्रतिको दृष्टिकोण प्रस्तुत गरेका छन् ।

समग्रमा भन्दा **दोसाँझ** लघु उपन्यास हो । यो भावप्रधान उपन्यास हो । भाषा-शैली र सरल भइकन पनि वर्णनात्मक छ । अत्याधुनिक शहरिया पृष्ठभूमिदेखि गाउँले जीवनका विविध पक्षलाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको यो उपन्यासका लेखक दुम्जाबाट काठमाडौं आएजस्तै यो उपन्यासका पात्रहरू काठमाडौंबाट दुम्जातर्फ लागेको जस्तो अनुभूति हुन्छ । यस उपन्यासका बारेमा भन्नुभन्दा स्वयं लेखकले भूमिकामा भनेको कुराभन्दा नै उपर्युक्त हुनेछ-'दोसाँझ काठमाडौंको मध्यमवर्गीय समाजलाई देखाउन लेखिएको हो । तर यसमा देखाइएको युवकयुवतीको प्रेम, रोमान्स, यौनजनित भावना, चरित्रचित्रण र महत्किला होटल रेष्टुर्ा, काठमाडौंको जस्तो नभएर अन्तका उन्नत देशका शहरहरूको जस्तो लाग्नु स्वभाविक हो । पाठक-लेखक या समालोचकहरूलाई लाग्ला यो वास्तविक जीवनको कथा होइन तर कल्पनाको उडान भरेर मनपरिसित मैले जीवन बाहिरका कुरा लेखेर उपन्यास भरेको छु, या छैन पाठकहरू मथाट केकस्तो आशा गर्दछन् (यसको जिम्मेवारी मलाई नै पर्छ' ।

लेखकले शब्दमा अनेक त्रुटिहरू भए पनि **दोसाँझ** करुणस्पर्शी घटनाहरूले भरिएको छ । सरल र हृदयग्राहक भाषामा भावप्रधान भएको छ । नारी मनस्थिति र यौनजन्य प्रवृत्तिका साथै भावुकता र विद्रोहात्मक स्वरको समष्टिरूप उपन्यास बनेको छ । यस अर्थमा हेर्दा **दोसाँझ**को शीर्षक सार्थक छ । धन्यवाद ।

***

भाषाको प्रयोग गरी लेखिएको शहर कोइरालाको समीक्ष्य उही शीला उपन्यास पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्महानी बेलाको संक्रमणकालीन कालखण्डको एउटा दस्तावेज हो । नेपाली साहित्यमा यस प्रकारका संक्रमणकालीन दस्तावेजहरू कम रहेका छन् । उपन्यासकार शहर कोइरालाले केही हदसम्म यो अभावको परिपुर्ति गर्ने काम गरेका छन् । यो स्तुत्य प्रयासका लागि हामी लेखकप्रति कृतज्ञता जाहेर गर्दछौं ।

उपन्यासकारले उपन्यासभित्र शीलालाई अपहरण गरिएको कुरा उल्लेख गरेका छन् तर कहाँबाट कसरी अपहरण गरिई भन्ने कुरा देखाएका छैनन् । त्यस्तै अपहरण गरेर लगिएको स्थान र उसलाई थुनिएको गोप्य स्थानको संकेतको पनि परिचय पुगेको छैन । त्यो स्थानमा रवीन्द्र कसरी त्यहाँ पुग्यो । किन शीला र रवीन्द्रलाई एउटै कोठामा बस्न दिइयो ? अपहरणकारीले शीलालाई शारीरिक रूपमा अनुचित कार्य नगरी अन्य पुरुषलाई उसकहाँ पठाउनु (रवीन्द्र त्यस्तो व्यक्ति भएर त्यहाँ पुगेको छ) जस्ता कुराहरूमा उपन्यास मौन रहनाले पाठकहरू थेरै अलमल पर्दछन् । यस्तो हुनु उपन्यासको कतै कमजोरी त हैन ? उपन्यासमा शीला रहेको गोप्य स्थानबाट उनीहरू नक्साल जाने क्रममा दरबारमार्गबाट नलागी महाराजगन्जबाट ट्याक्सी ल्याएको कुरा देखाउँनाले काठमाडौं सहरको पश्चिमोत्तर क्षेत्रको संकेत हुन्छ तर त्यतिले यही स्थान भनेर खोलुवा गर्न मिल्दैन ।

उपन्यासमा शहीद बलनाथ नेपालकी आमा भवानीलाई शीलाकी आमा दुर्गाले कतै दिदी र कतै बहिनी भन्नुमा पनि एकरूपता देखापरेको छैन । यस्ता केही सामान्य अस्पष्टताहरूबाहेक अरू संकेतहरूका लागि उपन्यास सफल रहेको छ । विशेष गरेर तत्कालीन परिवेशलाई यथार्थ रूपमा चित्रण गर्न उपन्यास सक्षम रहेको छ । प्रकाशनका क्रममा भने केही भाषिक त्रुटीहरू मुद्रा राक्षसबाट भएका छन् । हाम्रा देशका प्रकाशकहरूले त्यतातिर पनि सचेत रहिदिए भाषा साहित्यको विकासका लागि अझै सहयोग मिल्ने थियो । बस ! अहिलेलाई मति ।

बानेश्वर, काठमाडौं
२०५८/५/४

***

विजयादशमी तथा
शुभ-दीपावली २०५८ को
सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।
रमेशकुमार थमा
(सभापति) तथा
जिल्ला विकास समिति
परिवार
कपिलवस्तु

विजयादशमी तथा
शुभ-दीपावली – २०५८ को
उपलक्ष्यमा सम्पूर्ण
ग्राहकवर्गहरूमा उत्तरोत्तर
प्रगतिको कामना गर्दछौं ।
NICO
नेपाल इन्स्योरेन्स
कम्पनी लिमिटेड
प्रधान कार्यालय: कमलादी
काठमाडौं, नेपाल

✍ ध.च. गोतामे

'खैलाबैला'को एक झिनु विवेचना

स्व. शङ्कर कोइरालाको लघुउपन्यास 'खैलाबैला' उनका ठूलो सङ्ख्यामा लेखिएका उपन्यासमध्ये एक हो। मैले यस उपन्यासिकालाई पढ्दा **खैलाबैला** लेखकले ज्यादै हड्बड र हतारमा लेखिएको उपन्यास हुनुपर्छ जस्तो लाग्यो। त्यसै कारणले होला यो भाषा, शिल्प, चरित्रचित्रणमा टाक्सिएको र ती पोषक तत्वको अभावमा दुब्लाएको जस्तो देखिन्छ। तर जे भए पनि यो उपन्यास लेखनमा लेखकले भ्याएसम्म आफ्नो बुद्धि-बर्कत र श्रम अर्पित गरेका छन्। यति भए पनि उपन्यासले केही गहकिला सन्देश पठकहरूलाई दिन्छ। साथै जुन पहाडी भौगोलिक परिवेशको पुस्तकमा वर्णन गरिएको छ, त्यो सत्यको सन्निकट हुन गएको छ त्यहाँको सामाजिक सेरोफेरोमा व्याप्त रहेको शोषण र अत्यन्त अभावग्रस्त जनजीवनको वर्णन सजीव हुन गएको छ। 'खैलाबैला' को रङ्गमञ्चको गाउँ ढुङ्गेघाटीले हाम्रो देशका सम्पूर्ण ग्राम्यजीवनको जीवन्त झल्काएको दिन्छ। छूत-अछूतीयको जातीय असमानता, भुँडीवाल साहूको शोषणका साथै तिनका यौनतृष्णा र विकासको आधारभूत आवश्यकताका कुनै साधनले नछोएको पहाडी अञ्चलले निश्चय पनि बिलासी जीवनको उपभोग गर्ने नगरवासीहरूको विद्रूप गरिरहेको पाइन्छ। **खैलाबैला** को त्यो आदिम युगको गाउँ हाम्रै देशको माटो र इज्जको एक अंश हो भन्न पनि लाज लागेर आउँछ।

उपन्यासका पात्रहरूमा लेखकले बुकी र वीरको प्रेमकथालाई मूल कथ्य बनाउन खोजेका छन्। उरनठेउनो युवक वीर गाउँमा शिक्षाको अभावले गर्दा जीवन धान्न कुबाटो समाउँछ। मूर्ती चोर्ने वा बस यात्रीको पैसामा लामो हात पार्ने आदि दुष्कर्म गरेर जेल पनि जान्छ। तर उसको मायाको त्यान्द्रोमा झुण्डिइरहेकी बुकी भने आफ्नो उसप्रतिको आस्थामा अडिग भएर बस्छे। न गाउँका ठुलाठालुले उसलाई डगाउन सक्छन्। सामाजिक सुधारका नाउँमा सुकिलो लाएर गाउँगाउँ चाक्रदै हिँड्ने युवकसित लड्सिन्छे। ऊ त वीरसितै हुरुक्क भएकी छे। वीर अशिक्षित छ, निर्धन हुनाका साथै अपराधकर्मी पनि छ तर के भयो ? बुकीको प्रेम उसप्रति अटल छ।

बुकीका मृत पिता पञ्चायतका प्रधान थिए। बाबुन्जेल रामकृष्णको गाउँमा इज्जत र सम्मान थियो। उनको अवसान हुनासाथ गाउँको समाजले तिनलाई बिर्सियो र तिनकी पत्नी काली र छोरी बुकीलाई हेय दृष्टिले हेर्न थाल्यो किनकि ती धनी थिएनन्। छोरा जोगीराम क्रान्तिकारी भिजासको छ तर आफू पागलजस्तो अभिनय गरेर गाउँमा हिँड्छ। मूर्ति चोरीमा वीरको साथ दिन्छ र जातीयभेद हटाउन अछूतहरूको पनेरा पुरिदिन्छ।

सिई उपन्यासमा नेपाली समाजमा हुने नारी उपरको उत्पीडन र अत्याचार देखाएको छ। गाउँका तीन तिघे पुरुषहरू बसीबसी खान्छन् भने महिलाहरू मरीमरी तिनका लागि हाड घोटेर सामल जुटाउँछन्। तन्ना र अछूत भनाउँदाहरूमा त अझ शोषणको अन्तहीन यातना नारीहरूले व्यहोर्नु परेको सजीव चित्रण आफ्नो उपन्यासमा स्व.कोइरालाले गरेका छन्।

तर यी सबै तथ्य लेखकले बडो सूक्ष्म ढङ्गले परिभाषित गरेका छन। सान-साना घटनाहरूको जोरजाम गरेर यी तथ्यहरूको छनक पाठकहरूको जेहनमा बसाल्न खोजेका छन्।

उपन्यासको अन्त्य केही नाटकीयताले भरिएको छ। उपन्यासको नायक अदृश्य रहिरहँदा वीर पाठक सामु प्रत्यक्ष देखापर्दैन। कि ऊ जेलमा हुन्छ अथवा गाउँबाहिर विचरण गरिरहेको हुन्छ। पुस्तकको अन्त्यमा वीर बुकीका दाजु जोगीरामसित एक अँध्यारो रातमा जेलबाट भागेर गाउँमा प्रकट हुन्छ र आफ्नी बुकीलाई भगाएर लैजान्छ। बुकी वीरेलाई पाएर सबैथोक बिर्सिन्छे। यहाँसम्म कि आफूलाई जन्मदिने र लालनपालन गर्ने ममतामयी आमालाई पनि बिर्सेर आफ्ना प्रेमीका पछि सम्मोहित भएर लुरुलुरु हिँड्छे। पाठकलाई यी युगलप्रेमीको स्वार्थयुक्त प्रेमभन्दा गाउँकी उपेक्षित, एकली र दरिद्र आमा कासीप्रति सहानुभूति उर्लेर आउँछ। उपन्यासिकाको पटाक्षेप पनि यहीं हुन्छ।

★★★

✍ रामप्रसाद दाहाल

दोसाँध उपन्यासलाई खोतल्दा

'आकाश छुन्छु भन्दाभन्दै चुँडिजाने पङ्खाजस्तै सागर भेट्छु भन्दाभन्दै फुटिजाने फोकाजस्तै हाम्रो जीवन हल्केलीको किरमिर किरमिर रेखाजस्तै' भन्ने गीतको लोली बोलीमा कता-कता शङ्कर कोइरालालाई दोसाँध पढेपछि सोध्न मन लाग्यो अनि दोसाँधलाई नै सोध्न मन लाग्यो। सबै साहित्यिक शहीदहरूको सम्झनामा समर्पण गरी भानु प्रकाशनबाट प्रकाशित २०२७ साल वैशाख १ गतेको **दोसाँध** २ रुपियाँ मूल्यको पुस्तक हो। २ रुपियाँमा ९५ पेजको यो सामाजिक उपन्यास समाजले पढन पाउनु निश्चय नै रमाइलो पक्ष हो। लेखकले १/२ पेज गरी एक डेढ वर्षमा आकस्म झुक्कल कलम चलाई लेखिएको यो उपन्यास भाव प्रधान उपन्यास हो। जुन भावको सघनता माथिको गीत जस्तैकै काल्पनिक र करुणस्पर्शी घटनाहरूमा केन्द्रित भएजस्तै लाग्छ।

शङ्करदाइका मनमा उठेका अनेक साहित्यिक ज्वार भाटाहरूमध्ये एउटा फिलुङ्गो हो -**दोसाँध**। यो व्यवहारनीति, सेवानीति र कूटनीतिभन्दा साहित्यको काल्पनिक क्षितिजमा यो उपन्यास केन्द्रित भएजस्तो लाग्छ। काठमाडौंमा कथाको क्षितिज आरम्भ भई शङ्करले देखेको पारस रेखाको मानसपटलको क्षितिजसम्म उपन्यास पुगेको छ। फुर्सदको समयलाई सदुपयोग गरेर मैले यो उपन्यास लेखेको हुँ भन्ने शङ्कर कोइरालाको यो उपन्यास अत्याधुनिक उपन्यासजस्तो लाग्छ। 'घटिया कुरा लेखेर बढिया बक्तव्य छोड्नु' उचित भएन भन्ने कुरा स्वयं उपन्यासकारले पुस्तकको भूमिकामा लेख्नुभएको छ। तर पाठकवर्ग उनको यो भनाइमा सहमत हुन सक्दैन। नेपाली समाजको पछुयौटेपन, कृषिप्रधान र पुरुषप्रधान देशमा नारीको अपहेलना र अप्ठ्यारो परिस्थितिलाई चित्रण गरी नारी पनि पुरुषसरह समान अधिकार राख्न सक्छे। पुरुषले बहुपत्नी राख्न सक्छन् भने नारीले पनि दोस्रो पति विवाह गरेर निर्धक्क बस्न सक्छन्। निर्मलाले विद्रोहात्मक रूपमा प्रस्तुत गरेको कुरा देखाइएको छ। शहरको सङ्घेसेका प्रवृत्ति, पुरुषको रोगी मनोवृत्ति सदासुन्दर र निर्मलाजस्ता पात्रका मानसिक उतार चढावमा केन्द्रित यो उपन्यासको कथावस्तु काठमाडौंको माथ हैन विकसित अत्याधुनिक शहरको प्रतीक बन्नपुगेको अनुभूति हुन्छ। कथा पढेपछि पाठकवर्ग सामाजिक व्यथा बिसौनामा रन्थिन पुग्छ र निष्कर्षमा दोसाँध उपन्यासको कथावस्तु दोमनको दोभानमा टुङ्गिन पुग्दछ। पाठकवर्ग बस्तो पनि हुन सक्ला र ! भनी भावुकता २ रुपैयाँमा प्राप्त गर्न सक्नु शङ्कर कोइरालाको लागि मात्र सम्भव छ न कि सामान्य सिकार लेखकलाई। केही कोन्यो कि कथा उपन्यास बनी हान्ने शङ्करको कलमको पौरख उपन्यासमा देख्न सकिन्छ।

सदासुन्दर, निर्मला, शेखर, तिलोत्तमा, नवीन, सुमन, मनोजा, शिवराजजस्ता पात्रहरूमार्फत सदासुन्दर र निर्मलाको जीवन चरित्र गति मोड र प्रकृतिलाई उपन्यासमा राम्रैसँग देखाइएको छ। ठेलागाडामा पुस्तक राखी शहरमा पुस्तक पत्रिका बेच्न हिँडेकै के खोज्दै हिँडने सदासुन्दरको साहिरी आवरण नामजस्तै भए तापनि भित्री रूपमा भने शहरको मध्यरातमा नृत्य प्रदर्शन गर्ने नृत्याङ्गनाको कहानी लाग्दो कहानीभित्र कथा लुकेजस्तो लाग्छ, उपन्यास फुकेजस्तो लाग्छ।

शङ्कर कोइरालाका दर्जनौं दर्जन उपन्यासभित्र नाठो र कलेज गर्ने, तरुनी छोरी, रक्सी, रण्डी र रात, आइसकेपछि उनै **बैरिनी** चाटका शङ्कर कोइराला हुन् कि हैनन् जस्तो पाठकले अनुभूति गर्छ। कोइरालाले चर्चा परिचर्चा गरेको निम्नवर्गीय नेपालीले भोगनुपरेको आर्थिक समस्या, सभ्यता र बिलासजन्य विकृतिहरूले न्याएको जटिलता, साहूको शोषण र समाजका प्रचलित

व्यङ्ग्यको भण्डार बनाएको छ ।

५. उपन्यासमा हास्यव्यङ्ग्यात्मकता:

सानो आयातनमा रचित प्रस्तुत उपन्यास विकृति र विसङ्गतिका जरामा लागेका मानला पक्षहरूलाई समूल नष्ट गरिनुपर्ने सन्दर्भमा अडेको छ । बाबु पदारोहण गरेको पुरुष अपरिचिता परस्त्रीलाई पत्र लेख्न लागेको प्रसङ्ग, अभाव र असम्पन्नतामा प्रियजनलाई उनीहरूको आवश्यकता परिपूर्ति गर्न गरिने अभ्यास स्वयंमै एउटा व्यङ्ग्यको स्थिति उद्घाटन गर्ने विषय हो सरुराभन्दा बूढो बनिसकेको ज्वाई, बुढो हुनुको प्रमाण सिद्ध गर्ने फुक्लेका दाँतको प्रसङ्ग, छोराछोरी प्रेमीप्रेमिकाको खोजीमा भौंतारिन लागिसक्दा पनि तिनको बिहेको कुरा नसोचेर आफै चटारिन लागेका बाबु आमाको स्थिति उपन्यासले स्थापित गरेको छ । आफूले एउटा कुरो सोचेका बेला अर्कोले अर्कै कुरा सोचिरहेको हुन सक्छ त्यसलाई विचार पुऱ्याइएन भने स्न्वे हाँसोको शिकार बन्नुपर्छ भन्ने कुरा यस उपन्यासमा म पात्र अपरिचित महिलाको पछि लागेको स्थितिबाट सिद्ध गरिएको छ । भोटको उम्मेदवार, गुईंठा विकास संस्थानको सभापतिको चुनाउ,चुनाउको प्रचारप्रसारका प्रसङ्गमा मत-अभिमत क्रयविक्रय गरिने कुरा उपन्यासभित्र व्यङ्ग्यको पर्स भएर प्रकट भएको छ । गाइलाई सांढे र बिहेका कुराहरू अमर्यादित यौन भोगका तथ्याहरूलाई लक्षित गरिएको हास्यव्यङ्ग्यात्मक स्थितिको प्रतिपादन हो । श्रीमतीको गृहत्याग, गजडीको अखाडाबाट नेपाली समाजमा अर्थोपार्जनका निम्ति अस्मिताका समग्र पक्षहरू ध्वस्त गर्ने प्रति लक्षित गरिएको व्यङ्ग्य अभिव्यक्त भएको छ । छोरीको पलायनपछि प्रत्यावर्तन र श्रीमतीको पलायनपछि विवर्तनबाट नेपाली समाजका पारिवारिक मात्र होइन, मानवीय मूल्यकै आधारशिला भत्काउने प्रति गरिएको तीव्र व्यङ्ग्य हो । हास्यात्मक प्रस्तुतिमा समाजका र संस्कृतिका, धर्मका अर्थका दृष्टिले गरिएको व्यङ्ग्यको ज्वलन्तता उपन्यासका तहमा प्रकट भएको छ । यसबाट कोइरालामा हास्यव्यङ्ग्यकला पनि प्रदर्शित भएको कुरा स्पष्ट हुन्छ ।

६. दुइबाउनी:

उपन्यासका तहमा हास्यव्यङ्ग्य प्रयोग गर्ने काम पनि हास्यव्यङ्ग्यको अन्तर्विधात्मक उपस्थितिको साक्ष्य गर्ने काम हो । हास्य व्यङ्ग्य स्वयं आफै मात्र विधा होइन भन्ने दृष्टिकोणलाई यस उपन्यासले पुष्टि गरेको छ । कथा र निबन्धमा कविता र नाटकमा हास्यव्यङ्ग्य देख्नेहरूले पनि आज पचाएर हास्यव्यङ्ग्यलाई विधा मानिरहेका अवस्थामा शङ्कर कोइराला हास्यव्यङ्ग्य स्वयं विधा होइन अन्तर्विधात्मक प्रस्तुति कला हो भन्ने कुरा सिद्ध गर्न सफल छन् । जहाँसम्म हास्यव्यङ्ग्यात्मक गहिराइको प्रश्न छ त्यो त आफ्नो ठाउँमा आफ्ने सीमामा उभिएको छ । अथवा शङ्कर कोइरालाको सृजन क्षमता गुणात्मकताका दृष्टिले मध्यमस्तरको देखिएको हुनाले उत्कृष्ट मूल्यमा आकन जरुरी छैन । तैपनि कोइरालाका लेखनले नेपाली उपन्यासमा हास्यव्यङ्ग्यात्मक क्षितिजलाई उद्घाटन गर्ने काम भने सफलतापूर्वक गरेको छ ।

***

विजयादशमी तथा शुभ-दीपावली २०५८ को
हार्दिक मङ्गलमय शुभकामना ।

ग्रामीण आवास कंपनी लिमिटेड
परिवार
पुल्चोक, ललितपुर

पूर्णप्रकाश नेपाल 'यात्री'

दुर्दमनीय एक विहङ्गम दृष्टि

प्राक्कथन:

विशेषत: वर्तमान नेपाली साहित्यका इतिहासमा लेख, निबन्ध, कथा र उपन्यास विधामा जीवनका प्रथम चरणदेखि नै प्रवेश गरी गद्यलेखनमा उल्लेखनीय योगदान पुऱ्याउने निरन्तर साधकको स्थापित मान्यता हो-शङ्कर कोइराला । कोइरालाकाले गद्यलेखनको उपन्यास विधामा यथार्थको धरातललाई उचाइ थपेका छन् । उनका लेखनको विशेषता हो - सरलतम अभिव्यक्ति, वस्तुपरकता र सहजताको संपृक्तता । त्यसमा पनि औपन्यासिक कथाशिल्पको तान बुनाइमा आद्यताको प्रदर्शनभन्दा पाठ्यसुलभताको मन्माधुरी सलिलताको अभिव्यञ्जनाको कुशल संयोजन ।

प्रचलित शब्दशैली, सरल मिठास, मनोहारी शब्दशैया, छोटाछोटा कथावस्तु यी शङ्कर कोइरालाका निजी विशेषता हुन् भनेमा अत्युक्ति नहोला । त्यसले त कथावस्तुको तान बुन्दा पात्र चरित्र, कथ्य सम्प्रेषण, घटनाक्रम, स्थानीय सुगन्ध र विषयवस्तुको आँकलन गर्दा नेपाली जनजीवन अनुकूल पाइन्छन् ।

बैरिनी घाटदेखि दुर्दमनीयसम्मका कृतिपरकताको अध्ययन अवलोकन गर्दा उनले प्रदर्शनीमा ल्याएका शब्दशैली र मनोगत भावनाकुसुमहरूमध्ये कतिपय यथार्थ धरातलमा आधारित छन् । यसैले उनको मानवीय समस्या केलाउने कला र आँकलन गर्ने दृष्टिकोण साथै वस्तु विश्लेषणको कलाप्रदर्शन द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण अनुकूल रहेको पाइन्छ । यद्यपि कतिपय ठाउँमा मनोगत सञ्जीवनी चित्रभन्दा भावग्रहण आनुकम्पिक अवधारणाले महत्त्व पाएको पनि दृष्टिपथमा नपर्ने होइन । लघुउपन्यास भन्दा सुहाउँने छोटाछोटा कथावस्तुमा पात्रको बाहुल्य देखुपर्दा द्रष्टाहरू कताकता अन्मलिनुपर्ने स्थितिको आभास पनि मिल्छ । यसले गर्दा कोइरालाको शिल्पपक्षमा दुर्बलताजनित प्रश्नचिन्ह खडा नहोला भन्न सक्नै सकिन्न ।

उपर्युक्त कुराहरूको ज्वलन्त दृष्टान्तका लागि अहिले हाम्रा सामु कोइरालाको दुर्दमनीय नामको लघुउपन्यास आइपुगेको छ । तर यहाँ नाम दुर्दमनीय राखिएको भए तापनि कलेवरले एउटै पुस्तकको एकल प्रतिनिधित्व नदिएर यो एक सामूहिक प्रस्तुति हो भन्नुपर्ने भएको छ । दुई सलाना लघुउपन्यास समन्वित गरिएका छन् । अतएव यस प्रस्तुतिले २०२५ सालतिरका कोइरालाको मानस धरातलमा कृतिगत सङ्ख्यात्मक बाहुल्यको उग्र छट्पटी र तीव्रतम महत्त्व आकाङ्क्षा साथै रचनागत अपरिपक्वताजस्ता दोषारोपण गर्न सकिने खण्ड नपर्ने होइन ।

प्रस्तुत कृतिको समालोचनात्मक पक्षलाई कलात्मक तुल्याउन यथासम्भव प्रयत्न गरेको आभास पाइन्छ तापनि लोकोपयोगिताका दृष्टिले सष्टाको वयस्कता र प्रकृतिको प्रसवनकाल तुल्य बलावल विचार गर्दा असफलता अगाडि पर्दछ । किनभने लोकका लागि चारित्रिक सन्देश के ? भन्ने प्रश्न खडा हुँदा यस प्रश्नले पछिसम्म अनुत्तरित रहनुपर्ने स्थिति प्रबल छ । यद्यपि पहिलो कथावस्तुका छोटा प्रसङ्गहरूमा १६ वटा पात्र चरित्र छन् भने दोस्रा कथावस्तुका छोटा छोटा प्रसङ्गभित्र १० वटा पात्र चरित्र विद्यमान छन् । समस्त बिम्बप्रतिबिम्बलाई समष्टीकरण गरी हेर्दा बहुधा द्रष्टा समालोचकले भन्न सकेन सामाजिक विषयवस्तुमा आधारित नितान्त लघुतर कथावस्तुमा यति विघ्न पात्र चरित्रको उपजीव्यता र उपयोगिता कसरी सम्भव होला ? यस्ता अन्वेषणीय जिज्ञासा खडा हुने सम्भावनाका सामु कोइरालाका औपन्यासिक धरातलका गुणधोयको विवेचना गर्नु माथव प्रयास भए पनि प्रासङ्गिक ठान्ने छ ।

हाम्रो द्रष्टव्य सीमा दुर्दमनीय नामक उपन्यासमा सीमित छ; यसैबाट पनि पूर्वानुमान गर्न सकिन्छ । प्रवृत्तिगत उल्लेख गर्नुपर्दा कोइरालाको भाषा प्राञ्जल छ सरल छ । धैरजसो

चलनचलनीका राम्रहरूले प्राथमिकता पाएका छन् जसलाई स्तुत्य प्रयास भन्न मिल्दछ । कथावस्तु नामो नहुनु, संवादात्मक शैलीले महत्त्व पाउनु, सामाजिक र पारिवारिक परिवेशमा सीमित रहनु, सादगिता र सामाजिकतालै महत्त्व पाउनु, पारस्परिक प्रेम र अनुरक्तता यथास्थानमा चित्रित रहनु, सामाजिक विसङ्गतिका विरुद्ध आवाज उठाउने प्रयास गर्नु आदि प्रशंसनीय गुण भएकाले कृतिलाई उपयोगिता समसामयिक समाजका लागि उपयोगी सिद्ध भएको छ ।

घटनाक्रम:

समाजमा घटने खासका स्वभाविक घटनाहरू प्रस्तारपक्षमा चित्रित छन् । नेपाली समाजमा समाजका दुर्व्यसन भन्ने जानीजानी पनि मदिरा सेवन गर्नु, जुवातास छलकपट र दुराचारमा समय बिताउनु, रण्डीबाजी, अनैतिक सम्बन्ध, घूस, भ्रष्टाचार, अन्याय, अत्याचार, धिचोमिचो, शोषण-दोहन, अशिक्षा गरिबीजनित अनेक कुकृतिगत समस्याहरू पहिलेदेखि नै जीवनशैली बनिदै आएको सामाजिक दुर्दशा सर्वविदित छ । त्यसो हुनाले **दुर्भगीयका** पहिला भागको कथावस्तु त्यसरी नै सुरु हुन्छ । उपन्यासको मुख्यपात्र आनन्द अल्पशिक्षितमध्येको एक अनुशासनहीन अर्धसिन्नी, निम्न वैतनिक कर्मचारीका रूपमा उभ्याइएको हुन्छ । तर ऊ छिटै भ्रष्टाचारका दलदलमा पर्छ र सेवाबाट हटाइन्छ । यता घरमा उसका आमाबुबा र दाजु छन् । दाजु स्नातकसम्मको शिक्षित छ, चरित्रवान् छ, योगीनिष्ठामा विश्वास राख्छ, सादगिता र सादाजीवन-उच्च विचारको द्योतक एवं कर्तव्यपरायण कर्मचारीकारूपमा प्रस्तुत गरिएको छ । अहिलेसम्म उसको विवाह भएको छैन ।

कथावस्तु र पात्र चरित्र:

आमा बाबु र दाजुबाहेक कान्छो र कान्छी आमा कारिन्दासहित ६ जनाको परिवार देखाइएको छ जो मध्यमवर्गी परिवार हो । जयमङ्गल सोझा-सीधा किसानका रूपमा उपस्थित छन् । आमा रोगी छिन् । त्यसो हुँदा जेठो छोरा बीरेन्द्रलाई बाबु आमाले विवाह गर्न सल्लाह दिंदा बीरेन्द्र तत्काल मञ्जुर हुँदैन । घर बाँचो हेरी पारिवारिक व्यतिक्रम नमानी मीरा नामकी केटीसँग भाइ आनन्दको विवाह गरिन्छ । मीरा अनियन्त्रित स्वभावकी स्वैरिणीमा चिनाइएकी छ । अव्यक्तरूपमा दुरचरित्रामा चित्रण गरिएको छ ।

आनन्दको जागिर खोसिएपछि मीरा अर्कोतिर लाग्दछे । त्यसैबेला आनन्द अभिरमान, राधाकृष्ण, निर्मलमान श्रेष्ठ जस्ता समाजका पतनोन्मुख युवाहरूका पछि लाग्दछ र भए नभएका दुर्व्यसनतिर लहसिंदै जान्छ । सुधियोस् भन्ने चाहनाले बाबुआमाले इन्दु नामकी एक खान्दानी केटीसँग विवाह गरिन्छन् । इन्दु मीराजस्ती स्वैरिणी, पतीता होइन तापनि स्वाभिमानी नारी लाग्छे । इन्दुसँगको विवाहपछि पनि आनन्दको चरित्र सुधिनुको अपेक्षा दिन परिदिन झन्झन् गिर्दै जान्छ । फलतः बेरोजगार हुनु, चरित्रवान् नहुनु, नराम्रा सङ्गत र परिवेशमा भासिनु आदि कारणले स्थानीय समाजका दृष्टिमा उसको चित्रण हुन जान्छ - आवारा, दुराचारी, मदिरासेवनी, जुवातास आदि दुर्व्यसनका पात्रका रूपमा । आनन्दका यी अपकीर्तिले आजित भएर इन्दु माइत जान्छे । यता आनन्दकी आमा रोग पीडित हुँदा घरको कान्छालाई लिन पठाइन्छ । लिनपठाउँदा पनि 'ज्वरो आई सिकिस्त बिमारी भएकाले आउन नसके' भनी खबर पठाउँदै ऊ माइतमै बस्छे । यसैबेला आनन्दमा अर्को एक अपकीर्ति थपिन्छ । आनन्दका घरदेखि केही दूरीमा अभिरमानको घर छ । अभिरमान र आनन्दको घनिष्ट सम्बन्ध छ भन्ने कुरा पहिले पनि सङ्केत गरिएको छ । घरमा गास टिपेर बाहिर निस्केपछि आनन्दले समय बिताउने र मदिरा सेवन गर्ने थलो अभिरमानकै कोठा हो । त्यस कोठामा अभिरमान र उसकी श्रीमती कमला बस्छन् । कमला सुन्दरी रूपवती युवती भएकाले उसको हाउभाउकटाक्ष तदनुकूल छ । राङ्गको भरमा हप्टाले उसलाई सोझै लाग्नुमा अगाउन नसके पनि मुखले भने सीमा नराखी कुरा गर्ने उसको बानी छ । अभिरमान र आनन्द आपसमा जतिसुकै स्नेही रहे तापनि एउटा कुरामा भने अभिरमानको चरित्रचित्रण पनि निष्कलङ्क छैन भन्ने बुझिन्छ । जस्तो -आफ्ना घरमा चोर हुनेर पराइका घरमा चोर्न जाने बानी । एकदिन अभिरमानका खोजीमा आएका आनन्दले अभिरमानलाई कोठामा नभेटी फिर्ता जान लागेको देखेर कमला केहीबेर पर्खन आग्रह गर्दछे । पर्खने मेलोका लागि एक कटौरा रक्सी माछाको सुकटी टेबुलमा राखिदिंदै गर्दा अभिरमानको शीर्षकमा नेखिएको छ । यस अध्यायमा सबै उम्मेदवारको मुख हेर्ने मतदाताको अभिमत मत क्यान्सिलमा प्रकट हुन्छ भन्ने कुरा उपन्यासका यस परिच्छेदमा प्रकट भएको छ । अठारौं अध्याय भनेको **श्रीमतीको पलायन** हो । यसमा प्रौढा बनिसकेकी श्रीमती केटाकेटीको सर्को लाएर पोइल गएको तर यहाँ गएको भन्ने ठेगान नभएकाले आवश्यक खोज पडताल गर्नु परेको सूचना प्रसार गरिएको छ । उन्नाइसौं अध्यायको शीर्षक **राष्ट्रिय गँजडी बधाइ** दिइएको छ । यस अध्यायमा अवैध वस्तुको व्यापार गरेर तेब्बर पैसा कमाउने काला बजारियाका दुश्चरित्रतालाई उपन्यासले प्रकट गराएको छ । बीसौं अध्याय **योजनाको चित्रित रूपरेखा** शीर्षकमा लेखिएको छ, यस अवस्थामा नेपाली समाजका चित्रलाई र उडन्ते योजनालाई सङ्केत गर्दै विभिन्न लहडी योजनाहरूको रूपरेखा प्रस्तुत गरेको कुरा यहाँ उल्लेख छ । एक्काइसौं अध्यायको संज्ञा मेरी छोरी कलावती (भवापु) दिइएको छ । छोरीको अनुपस्थितिमा श्रीमती पोइल गएको कुरा धेरै दिनपछि घरमा छोरीको पुनरागमनमा भएका बेला श्रीमती वियोगको पीडा प्रस्तुत गरिएका यस प्रसङ्गमा श्रीमती र छोरी दुवै छद्मुल्ली बनेको कुरा प्रकट भएको छ । उपन्यासको अन्तिम तथा बाइसौं अध्यायको शीर्षक हो **श्रीमती हिरोइन** । घरबाट भागेकी ४ छोराछोरीकी आमा बनेकी श्रीमती सिने कलाकार बने हिरोइनको अभिनय गरेर संवाद बोलेको अवस्थामा पुगेर उपन्यासको कथा टुङ्गिएको छ । त्यस कारण प्रस्तुत उपन्यासको कथाख्यान २२ वटा अध्यायमा वितरण भएको कुरा स्पष्ट हुन्छ ।

४. उपन्यासमा सांस्कृतिक विसङ्गति :

नेपाली समाजमा बढ्दै गएको सांस्कृतिक र धार्मिक, आर्थिक र राजनैतिक विसङ्गति अत्यन्त सहज र अत्यन्त हास्यास्पद रूपमा मौलाई रहेको कुरा उपन्यासका सारवस्तुले प्रतिपादन गरेको छ । घर व्यवहार, छोराछोरी र अभिभावकत्वका अनेकाअनेक पक्षहरूको हास्यास्पद प्रस्तुतिबाट जीवनका मूल्यहरू, समाज र संस्कृतिका मूल्यहरू खल्मिंदै गएको कुरा उपन्यासको वस्तु बनेको छ । बाबु र छोरीका बीचका मर्यादा भङ्ग हुँदै गएका छन् । लोग्ने र स्वास्नीका सम्बन्धमा धमिरा लाग्दै गएका छन् । आमा र छोरीका आचरणमा विचलन आइसकेको छ । नातासम्बन्ध र कुलकुटुम्बका सम्बन्धहरू भत्किइसकेका छन् । इष्टमित्र र छरछिमेकी, नेता(जनता र उम्मेदवार (मतदाताका सम्बन्धहरू सानातिना कुरामा बाजी थापिन थालेका छन् । यसप्रकार प्रस्तुत उपन्यासले समाजका र वैयक्तिक जीवनका विसङ्गतिलाई उतारेको छ । राजनीतिक र आर्थिक अमर्यादालाई अनावरण गरेको छ । सांस्कृतिक र धार्मिक चर्यालाई भत्काएको छ । पारिवारिक वैयक्तिक सम्बन्धमाई कलुषित तुल्याएको छ । आस्थाहरू भत्किंदै गरेका देखाएको छ । मूल्य र महत्त्वका वस्तुहरू खण्डित बन्दै गएका छन् । शिष्टता र सदाचार धमिलिंदै गएको देखाएका छन् । यी सबै पक्षहरूमा राङ्गर कोइरालाले धमिरा लाग्दै गरेको देखेका छन् ।

आधुनिकताका नाममा विकसित भएका एकैबेटा पनि आफ्नै खासका मूल्यहरू निर्माण गर्न नसकेको नेपालजस्तो मुलुकका मान्छेका मनस्तलमा मौलाएका विकृतिलाई यस उपन्यासले केन्द्र बनाएको छ । यस केन्द्रका परिधिमा नेपाली समाजका विविध पर्यावरणहरू छरिएर बसेका छन् । त्यस्ता पक्षहरूलाई विशिष्ट दुर्वृत्तिको कारक तत्त्व मान्ने कोइरालाले भत्किंदो सांस्कृतिक मूल्य उपन्यासमा उभ्याएका छन् । परिवारको सौम्य र शिष्ट आचरण बाबुआमाको अनुसरणबाट छोराछोरीले सिक्छन् । यहाँ सहरिया दुराचारको शिकार बन्दै गरेका परिवारको दुर्दशा मनोविनोदात्मक शिल्पमा प्रतिपादन गरिएको छ । निश्चित मूल्य प्राप्त गर्न सक्ने स्थानबाट च्युत भएपछि कसैले पनि मर्यादा संरक्षण गर्न सक्दैन भन्ने कुरा उपन्यासको विचलित संस्कृतिले उद्घाटन गरेको छ । यस्ता मूल्यहरूमा नेपाली समाजको भत्किंदो संस्कृति नाङ्गिएको देखिन्छ र नेपाल-दैनिक आचरण, पारिवारिक अनुशासन ध्वस्त बन्दै गएको कुरा आमा र छोरीका छद्मापन, बाबु र छोरीको अनुशासनहीन, लोग्ने र स्वास्नीका मर्यादागत सीमाहीनजस्ता पक्षले उपन्यासलाई

देखेर प्रेम सफल हुने आशाले नजिकै पुगेर कुरा गर्ने विचार गर्दागर्दै प्रेमिका सरासर नजिकैको घर भित्र पसेर 'चोख, चोख भन्दै एक कोपरा पानीले नायकलाई नुहाइदिए पछि हेर्न नायक हालत लिएर दुर्गन्धित अवस्थामा घर पुग्दा श्रीमतीले अत्यन्त भीषण आक्रमण गरेको प्रसङ्ग प्रदर्शित छ। पाँचौं अध्याय मेरा दाँत शीर्षकमा अङ्कित छ। दाँतको उपचार गर्ने सन्दर्भमा चिकित्सकको क्लिनिकमा लाइन बस्न पुग्दा पनि आफ्नो नाममा अर्कै मान्छेले नाम बेचेर पालो मिचेको र ससुरा मरेको प्रसङ्ग उठाएर स्थितिलाई हास्यव्यङ्ग्यात्मक बनाएको अवस्था उल्लेख छ। छैठौं अध्यायको शीर्षक मेरो छोरी दिएको छ। श्रीमतीले परपुरुषको सहवासबाट जन्माएका छोराछोरीलाई औरस सन्तान ठान्न विवश बनेका पतिको अवस्थालाई दयनीय बनाएर चित्रण भएका यस अध्यायमा आचरणगत व्यङ्ग्यलाई जीवन्तता प्रदान गरिएको छ। सातौं अध्यायको शीर्षक अपरिचिता तर नव अपरिता संज्ञामा उल्लेख भएको छ। एक नवयुवकसँग प्रणय सूत्रमा बाँधिनाले मनोरोगबाट पीडित युवतीका पिताको दृष्टिमा छोरीकै प्रेमी ठानिएको नायक टोलमा धुम्दाधुम्दै फेलापर्छ र त्यस युवतीको कोठामा पुग्न बाध्य हुन्छ तर जब छोरीको नभएको कुरा थाहा भएपछि त्यस कोठाबाट मुक्ति पाउँछ। यहाँ स्थिति झन् हास्यास्पद र दयनीय बनेको छ। आठौं अध्यायलाई युवतीयुवक संज्ञा दिएको छ। आजको फेसनका युगमा युवक युवती पनि छुट्टिन छाडेकाले पाएका शोखाका प्रसङ्गहरूबाट स्थितिलाई हास्य बनाउँदै श्रीमतीबाट पाएको पीडाको चेतना मुखर भएको देखाइएको छ। नवौं अध्यायलाई-मित्रुको शत्रु, शत्रुको मित्र शीर्षकमा लेखिएको छ। यस अध्यायमा अर्काको कविता आफ्नो नाममा छापिनाले परिमार्जित र स्थापित कविका रूपमा आफू अत्यन्त सबल बनेको घमण्डले नायक फुरुङ्ग परेको तर पछि स्थापित कविले ज्ञात भिकिंदिनाले हरुक्क परेको प्रसङ्गले स्थितिलाई विसङ्गत बनाएको छ। दसौं अध्यायको नाम चश्मा लडाउने साथी राखिएको छ। बाल्यकालको मित्रको भेटको परेको खुशीयालीमा नायकले र मित्रले खाने कुरा खाएको देखेर र आफ्ना पतिको अवस्था तुलनात्मक रूपमा अस्वाभाविक देखेर नायकलाई आफ्नो पतिलाई माँड्ने आइमाई भनेर आरोप लगाएको प्रसङ्ग यस अध्यायको विषय बनेको छ। एघारौं अध्याय भोटको उम्मेदवार शीर्षकमा वर्णित छ। यसमा पनि उम्मेदवारले नाजायज खर्च गरेर कार्यकर्तालाई प्रयोग गर्ने र त्यसबाट हुन सक्ने भ्रष्टाचार, छोप्नी र अनियमितताका प्वालहरूको प्रस्तुति आफ्ना आचरणबाटै प्रदर्शित हुन सक्ने देखाइएको छ। बाह्रौं अध्यायको शीर्षक छाताचोर रहेको छ। रक्सी र छलकपटको मिश्रणबाट म पात्रलाई छाता चोरीको अभियोग लगाउने एक फटाहाले म पात्रलाई पुलिस अफिससम्म पुऱ्याएर इन्सपेक्टरका अगिन्तिर उभ्याएर पछिन्तिर तर्केको छाता चोरीको आरोप लगाउने मान्छे नै भागेको कुरा उपन्यासकारले यस अध्यायमा प्रस्तुत गरेका छन्। उपन्यासको तेह्रौं अध्यायको शीर्षक गाईलाई सँडि शीर्षकमा लेखिएको छ। गाईलाई सँडि र साँडिलाई गाईको आवश्यकता महसूस गरेर गाई डाहोन्याउँदै हिँड्नेको स्थिति, अनि आफू छाताधारी भएकाले ओत लाग्न आउने भक्तिनीको स्थिति पनि निकै साँढि खोज्ने खालको रहेको कुरा आफूलाई छोडेर गुण्डोखालको युवकसँग ढोस्सिन पुगेको कुरा उपन्यासका यस अध्यायले सिद्ध गरेको छ। चौधौं अध्याय वरिष्ठ व्यक्ति गरिष्ठ भोजन शीर्षकमा लेखिएको छ। म पात्रसँग भोटमा सहायता माग्ने हेतुले खगेन्द्रमा नामक व्यक्तिले होटलमा लगेर आवश्यक खानपिन गराएको प्रसङ्ग यस अध्यायमा हास्यात्मक रूपमा प्रस्तुत गरिएको छ। पन्ध्रौं अध्यायको शीर्षक भनेको बिहेको कुरो हो। छोरी घर छोडेर बगलिन थालेको प्रसङ्गलाई बिहाको सूचना ठानिएका यस अध्यायमा म पात्रका व्यवहारमा व्यवहारिक जटिलता अत्यन्त सबल बनेको कुरा यहाँ प्रस्तुत छ। सोह्रौं अध्याय भनेको राजनीति पीडित हो। यस अध्यायमा जीवित हुँदासम्म उपेक्षा गर्ने तर आफ्ना अनुयायीले नै मारिसकेपछि राजनीति पीडित भनेर अनेकौं बनावटी प्रशंसा गरेका कुरालाई यहाँ व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ। त्यसरी नै उपन्यासको सत्रौं अध्याय इन्भालिड मतपत्र

प्रवेश हुन्छ। मातेका अवस्थामा अमिरमान गर्जन्छ-'तँ मेरी कमला उडाउन आएको हो ?' आनन्दले जवाफ दियो-'तेरी कमला मसँग जान्छे भने म किन नाईनास्ती गरौं ?' अमिरमानले कमलातिर हेर्दै भन्यो-'आनन्द त्यसो भन्छ तँ जान्छेस् ?' कमलाले हाँसै भनी-'तिमी जा भन्छौ भने जान तयार छु।' उसले फेरि सोध्यो-'कहिले?' कमलाले हाँसेरै जवाफ दिई-'जहिलें भन्छौ तहिले।' अमिरमानले स्वीकृतिसूचक मण्टो हल्लाउँदै भन्यो-'भौ जा अहिल्यै लैजा।' आनन्दले जुरुक्क उठ्दै केही रन्कदै भन्यो-'तैले भन्दैमा तेरी स्वास्नी उडाउन आएको गुण्डो हूँ ?'

त्यसपछि अमिरमान पनि कतै लाग्यो। दिनभरि ढुलेर साँझमा कोठामा आउँदा कमला थिइन्। अमिरमानले सम्झियो-'आनन्दले लगेछ।' राती आठ बजेतिर अमिरमान आनन्दका घरपुग्यो र आँगनबाटै आनन्दलाई बोलायो। आनन्दले भयालबाट बाहिर हेर्दै भन्यो-'ए ! अमिरमान माथि आउन।' कान्छाकी आमा र कान्छो तम्ती कुरा सुनिरहेका थिए। अमिरमानले भन्यो-'कमला तैले न्याइस् ? कता छ ?' आनन्दले सहजभावमा उत्तर दियो-'तेरी कमला मैले किन न्याउने ?' त्यसपछि अमिरमान कतै लाग्यो। भोलिपल्ट गाउँमा सानो हल्ला चल्यो-आनन्दले अमिरमानकी कमला उडाएछ।

आनन्दका ससुरालीतिर इन्दुका बाबु शिवानन्द गाउँका गण्यमान्य धुताहा धनाढ्य व्यक्ति हुन्। गाउँमा कतिपय कुरा भिन्न र शक्तिदीर्घाका आडमा बाँच्न बानी परेका व्यक्ति हुन्। त्यसले गर्दा गाउँका सार्वजनिक सम्पदाहरू मासे-भत्काउने, दबाउने र दुरुपयोग गर्ने अनि सर्वसाधारण जनतालाई हप्काउने, शोषण गर्ने प्रवृत्तिमा समाजमा चित्रित छन्। आफ्ना नभए पनि अरूका मुहा मामिला बोकी हिँड्नु, दुई घरिका बीच पोल चुक्ली लगाई झगडा गराइदिनु र पैसा धुल्जुलस्ता काममा उनी सहजाएका छन्। यता घरमा बाबु जयमङ्गल सामाजिक कार्यमा व्यस्त रहने आमा रोगी दाजु जागिरे आफू आवारा भएकाले, कान्छाकी आमाले सबै काम भ्याउन नसक्ने अवस्थाको ख्याल गरी इन्दुलाई रिझाउने सोचाइले पनि आनन्द बाबुआमा दाजुदेखि छुट्टिएर बस्न चाहन्छ। बाबु-आमा पनि छुट्याइदिन आवश्यक ठान्दछन्। आनन्दको स्थिति यति नाजुक छ कि यसभेला उसको राख्ने र लाउने कमीज एउटै मात्र छ। त्यसले गर्दा-'जागिर नभई बाँच्न सकिँदैन, अहिले गाउँका आफन्त मन्त्री पदमा छन्, गएर भेट' भनेर बाबुले कतिपन्ट सल्लाह दिंदा आनन्द मन्त्रीलाई भेट्ने साहस गर्दैन। एकदिन बाबुले अलिक जोडसँग-'मन्त्रीलाई भेट्न किन गइनस्?' भनेर झपार्दा-'कमीज धोएको छ अझ सुकेको छैन' भनेर पन्छिन्छ। यस्तैमा एकदिन विद्यान मन्त्री भेट्न गयो। फलतः मन्त्रीले भने-'तिम्रो समस्या मलाई थाहा छ, म गरिहाल्छु नि धन्दै मान्नु पर्दैन।' खान नपाएका भोकालाई कसैले आज तँलाई पेटभरि खुवाउँछु भन्यो भने 'तीजको कुरा गरन बज्यै खाएकै लाग्छ' भने जस्तो खान नपाए पनि आधाइरहेको अनुभव गर्छ भन्छन्। अतएव मन्त्रीको आश्वासन पाएर आनन्द भुईंमा न भाँडामा हुँदै घर फर्किंदाको शब्दचित्र निकै रोचक छ। कुनै दिन बाबु जयमङ्गल दिनभरि बाहिरै अम्मिलिएका बखत आनन्दकी आमा घरमा अन्तिम घडी गनिरहेकी थिइन। आनन्दलाई बिन्तिबाठमा परेको देख्दा उनको रोग अझ बढेको अनुभव हुन्थ्यो। आनन्द सम्झन्थ्यो-दाजुले विवाह गरिदिए आमाको रोग अलि मत्थर हुन्थ्यो। दाजु वीरेन्द्र भने तत्काल विवाह गर्ने सहमत थिएन। त्यसदिन अफिस छुटेपछि वीरेन्द्र घर आउँदा आमाका लागि औषधि लिएर आएको थियो। अफसोच त्यो औषधि सेवन गर्न नपाउँदै दुवै छोराका काखमा आमाको निधन भयो।

आमाको निधन भएका भोलिपन्टदेखि त्यसघरको बिन्तिबाठ अरू दर्दनाक भयो। पकाउने खाने व्यवस्था लथालिङ्ग भयो। इन्दुले सासू भेट्न पाइन। घरमूलीको अकस्मात् निधनले परिवारमा पकाउने पस्कने आदि बेठेगाना हुँदा जयमङ्गल विरक्त भएर केही डिलो मात्र घर आउन थाले। वीरेन्द्र र आनन्दको पनि आफ्नो आफ्नो समय एक अर्कामा भिन्न हुँदै गयो।

त्यस्तैमा एक दिन वीरेन्द्रलाई लिन अफिसबाट बिदाको दिन सरकारी गाडी आयो। त्यो देखेर आनन्दको मन भित्रैभित्रै कुँढिएको थियो। वीरेन्द्र अफिस नगई नहुने बुझेर कोठामा अध्ययन गर्दै गरेका कागज पत्र र ब्याग त्यतिकै अलपत्र छाडेर अफिसतिर लागे। ब्याग कोठामै

छुटेको आनन्दले देख्यो र हत्तपत्त ब्याग खोलेर हेर्‍यो । कार्यालयका कागजपत्र र केही रुपैंया पैसा देखेर के सम्झेर हो कागजपत्र बाहिर लगी मट्टितेल छर्केर जलाइदियो । कागजपत्र जलेर खरानी भएपछि खरानी छोइपखाली पैसा गोजीमा हाली बाहिर निस्कियो । कन्छाकी आमाले देखेर सोधी-'सानाबाबु कता जान लाग्नु भयो ? खाना खानु भएको छैन ?' 'दालचामल केही छैन के खानु ?' भन्दै ऊ सटासट सडकमा निस्किएर ओझेल पऱ्यो । केही परपुग्दा बाबु जयमङ्गल हातमा एक मूठो फर्सिको मुण्टा बोकी भोडीका कोसा लिएर आइरहेको भेट्यो । बाबुसँग आनन्दले भन्यो-'मन्त्रीलाई भेट्न जाँदैछु, केही पैसा पाउ न ।' बूढाले केही पैसा दिएर बाटा लागे । साँझपख ससुराली गाउँ नजिककै एउटा पसलमा पसेर मदिरा सेवन गऱ्यो । त्यसदिन गोजिमा पैसा हुनाले उसको फूर्तिफार्ति बढेको थियो । कति उसका परिचितहरूले त्यहाँ उसको फूर्तिफार्ति देखेर खिस्सिट्युरी पनि गरे ।

मातेका सुरमा पैसाको धाक देखाउँदै पसलकी माहिली तामाङसँग भन्यो-'भित्र हिँड' । तामाङले झोक्किँदै चिरपट उठाएर गर्जन थाली-'भलाई तिमीले के सम्झेका छौ ? जुरुक्क उठेर जान्छौ कि टाउकोसाउको फोडिदिउँ ?' यस नर्या घटनाको जन्म दिएर बेंध्यारोले गाह्रारूप लिई सकेको अवस्थामा आनन्द ससुरालीका घरमा पुग्यो । शिवानन्दले -ज्वाई पान्नु भएछ, भोजन भएको छैन भन्दै अवगत गरे । रात निकै बितिसकेको थियो । छोरी-ज्वाईलाई कोठामा छाडेर आराम गरौं भन्दै बाहिरतिर लागे ।

आनन्दका रवासप्रश्वासबाट ह्यास्ख्वास्ती रक्सी गन्धाइरहेको बुझेर इन्दुले दिक्क मान्दै भनी -'रक्सी छाड्न अझै सक्नुभएको रहेनछ ।' इन्दुलाई लिएरै जाने भनेर आनन्द केही दिन त्यहाँ बस्यो । बसेका बेला बाहिरफेर निस्कन्थ्यो तर माहिली तामाङप्रति गरेका व्यवहारले उसलाई भित्रभित्रै खिच्याइ रहेको हन्थ्यो । ज्वाई यसरी बेकारमा बेरोजगार रही असमलिएको देख्दा शिवानन्दले 'ज्वाईसाहेबलाई काम ल्याइदिन्छु' भनेर केही मेसापढीका कागज जिम्मा पनि लगाए । उनले भनेका थिए- 'यस कागजसम्बन्धी जग्गा जिताइदिन सके आधा जग्गा आफूलाई मिल्ने र त्यो जग्गा मिलेका खण्डमा ज्वाईछोरीलाई त्यसै जग्गामा घर बनाएर राख्ने ।'

आनन्दले एकान्तमा ती कागजपत्र पढ्यो झैंझगडासम्बन्धी रहेछन् । च्यातचुत पारेर फ्याँकीदियो । मूल सडक छाडेर भित्र पसेका क्रिला साँघुरा गल्ली हुँदै खोला छेउमा पुगिन्थ्यो । त्यस खोला छेउमा एक जीर्णसीर्ण मन्दिरसँगै पाटी पनि थियो । ती पाटी र मन्दिरका ईंटाहरू निकालिएका थिए । त्यो भग्नदृश्य देखेर उसले स्थानीय छरछिमेकीहरूसँग सोधेको थियो-'यहाँका इट्टा उप्काएर कहाँ लगिन्छन् र के गरिन्छन् ?' भने । देखिजान्ने छिमेकीले मुख बिगार्दै जानकारी गराएका थिए-शिवानन्दले केके गर्छन्, हामीले के भन्ने ?' त्यस्तो सुनेपछि उसलाई ससुराप्रति घृणा जागेर आयो । त्यहाँ बसिरहन उचित ठानेन र घर फर्कने भई इन्दुसँग विदा भएर बाहिर निस्कियो । उसलाई कसैले कानमा फारिसकेको थियो-'माहिली तामाङसित गरेका अभद्र व्यवहार सुनेर माहिलो तामाङ रिसले चूर भएर आनन्दको मरमत गर्न, स्वस्ती बसाल्ने भन्दै छ रे ।' त्यताबाट छसिन ऊ अर्कै साँघुरो गल्ली हुँदै मूल सडकमा निस्कँदासाथ एउटा सरकारी गाडीले उसलाई ठक्कर दियो । दुर्घटना भएको जानी अलि अगाडि बढेर रोकियो । गाडीको सिटबाटै बीरेन्द्रले पछि फर्किएर सोध्यो-'कसलाई ठक्कर लाग्यो ?' देख्नेजान्नेले आनन्दको नाम लिए । बेहोस आनन्दलाई उठाएर अस्पताल पुऱ्याइयो । अस्पतालमै उसको इहलीला समाप्त भयो । यसरी कथावस्तुको प्रस्तारकममाथि सर्सती दृष्टि दिँदा कथावस्तु सलन्त बनेको छ । बीरेन्द्रबाहेक अरू पात्रको चरित्र नै अनुकरणीय छैन घटनाक्रमहरू स्वभाविक छन् । यसको समाप्ति दुःखान्त बन्न गएको छ । गाउँले जीवनको चित्रण सजीव छ तापनि श्रम गर र बाँच, भरिसक्य श्रमहीन नबस भन्ने सन्देश नै मननीय लाग्दछ ।

दोस्रो लघुउपन्यासमा उपन्यासकारले असावधानीवश कृतिको छुट्टै नाम दिएका छैनन् तापनि कथावस्तु, घटनाक्रम, पात्र-चरित्र र स्थानीय परिवेशको पृथक् स्वतन्त्र अस्तित्व उपस्थित गराएका छन् । मानवीय मूल्यमा वस्तुगत समीक्षा गर्दा पहिलो उपन्यासको अपेक्षा पात्र सङ्ख्यामा कमी, चारित्रिक चित्रण प्रायः अनुकरणीय, संवादात्मकता नाटकीयता सुदाउँदो र मनोविनोदात्मक रहेर पनि नायकनायिकाका बीच

✍ राजेन्द्र सुवेदी

शङ्कर कोइरालाको 'श्रीमती हिरोइन' र यसको विशिष्टता

१. प्रवेश :

शङ्कर कोइराला नेपाली उपन्यास क्षेत्रको सुपरिचित नाम हो । उनको लेखन उपन्यास, कथा र एकाङ्कीसम्म पनि छरिएको छ । कोइराला (१९८७-२०५४) का उपन्यासहरूमा कौसीको फर्सी (२०२३),कलाकार (२०२३),नाठो (२०३४),दुई ढुङ्गामर (२०२५),म पियन अखबारको (२०२५), कलेजगर्ल (२०२५), दर्दमनीष (२०२६),उसलाई सम्झदा (२०२८), शोसीध (२०२७),नयी गीत गाउँछ' (२०२८),तरुनी छोरी (२०२९),सन्तानको रहर (२०३०),एक अँजुली श्रद्धाञ्जली (२०३१), हेलम्बू मेरो गाउँ २०३२), तीनपन्ट (२०३२), रातभरि (२०३३) श्रीमती हिरोइन '२०३३), आलोपालो (२०३४),आँसुको खहरे(२०३६),म फेला पर्दिन (२०३८),नदुखेको कपाल(२०३९) भुस्याहा (२०४३) पर्दछन् । यी सबै उपन्यासका माध्यमबाट शङ्कर कोइरालाको स्वच्छन्दवादी तथा आलोचनात्मक यथार्थवादी चिन्तन प्रकट भएको छ । नेपाली उपन्यास साहित्यका इतिहासमा कोइरालाको योगदान यिनै कृतिबाट उल्लेख गरिनु उपयुक्त देखिन्छ ।

विविध विषयवस्तु र प्रस्तुतिका आधारमा कोइरालाको उपन्यास **श्रीमती हिरोइन** पनि उल्लेखनीय कृति बनेको छ । सहज र संवेद्य शिल्प एवं शैलीमा टिकेका उपन्यासकार कोइरालाबाट उपन्यास क्षेत्रले निकै ठूलो योगदान प्राप्त गरेको छ । यिनै आधारहरूमा **श्रीमती हिरोइन**उपन्यासको अध्ययन गरिनु सान्दर्भिक ठहर्छ । यस समीक्षण कार्यलाई त्यसै दिशातिर केन्द्रित गरिनु आवश्यक समुचित पनि ठहर्दछ ।

२. 'श्रीमती हिरोइन' को रचना योजना :

प्रस्तुत उपन्यास लघुकायमा निर्मित छ । यसलाई बाइसवटा अध्यायमा विभाजन गरिएको छ । सान्दर्भिक दृष्टिले उपन्यासको महत्त्व बढी वा घटी भइहाल्ने होइन, के चाहिँ मात्र हो भने विषयवस्तुका विविधता र व्यापकतालाई विकास गर्ने सम्बन्धमा परिच्छेदका तहमा विभाजित कथाको आयाम र शृङ्खला आआफ्नै तरिकाले विकास गर्दै लाने पक्षमा यसको रचना योजना भने अवश्य भूमिका खेलेको छ । तर यस उपन्यासका संरचनामा त्यति सबल र सचेत ढङ्गले मिहनेत गरे जस्तो लाग्दैन । प्रस्तुत उपन्यासको कथा वितरणलाई विभिन्न शीर्षकमा नामकरण गर्ने काम भएको छ ।

३. कथासार :

अपरिचितालाई चिठी संज्ञा दिएको पहिलो अध्यायमा एउटी अज्ञात महिलाप्रति आकर्षित भएर लेखेको प्रेमपत्र परिवारका अन्य सदस्यले पनि थाहा पाएपछि पतिलाई मोहनी लगाएको ठानेर त्यस अपरिचित महिलाप्रति म पात्रकी पत्नी खनिएको कुरा उपन्यासले सिद्ध गरेको छ । दोस्रो 'रिहर्सल' संज्ञा दिएको अध्यायमा भने बिहा भएपछि लोग्ने हुन पनि कस्ता चाहिने रहेछ भन्ने कुरा थाहा पाएपछि नायकले पतिको चरित्र निर्वाह गर्ने अभिनय अभ्यास गरेको देखाइएको छ । तेस्रो 'मेरो बुढा ससुरा' शीर्षकको अध्याय भने नायकको कुरूपता र उनकै बुढा ससुराको बहिरो र अन्धोपनले स्थितिलाई हास्यास्पद अवस्थातिर ढाकेको देखाएको छ । चौथो अध्यायको शीर्षक प्रेमको छोया दिइएको छ । यसमा उही अपरित प्रेमिकालाई सडकमा आउँदै गरेको

रिझीलाई त्यसपछि साथ दिइन् । तर जब आफ्नो छोरासँग त्यहीं अँध्यारो कुनाघाट हिंड्छे चिरीनानीका पाइलाहरू स्वतः द्रुतगतिले अगाडि बढ्दछन् । पन्ध्रौं कथाको शीर्षक **विद्रोही** भन्ने छ । अबनी 'विद्रोही' को नाममा कथा नछापिई अञ्जना उसकी पत्नीका नाउँघाट छापिन्थे । पत्नी कथा लेख्दिन, पत्नीको नाउँमा पतिले लेख्दछ । एकपटक पत्नी बिरामी भएर पतिले औषधि लिन जाँदा पैसा नपुगेकोले कथाकारले दिएको प्रसङ्ग छ । एक लेखकलाई परोक्ष रूपमा अर्को लेखकले रक्षा गरेको कुरा यस कथाघाट बुझ्दछ ।

आगो छ यो बिमभरि नामक कथासङ्ग्रहको अन्तिम वा सोह्रौं कथाको शीर्षक **सिमलचउर** भन्ने रहेको छ । श्रीलाल माने भन्ने दाउरेले न्याएको दाउराको भारी मोलतोल गरेबाट कथा आरम्भ गरिएको छ । मानेकी छोरी सरीफा सन्त्रासधारी बीचको दरबारमा केटी बसेकी थिई र दरबार भतामुङ्ग भएपछि आफ्नै गाउँमा भट्टी थापेर बसेकी थिई । श्रीलाल सिमलचौर गाउँको नापी गर्न खटिएका र भग्न दरबार वा भूत्याहा घरको रहस्य पत्तो लगाउन चाहन्थे । उनी त्यतै लाग्दा पुरानो ढङ्गले बनेको भग्नावशेषमा पुगे । रातभर उक्त भग्न घरमा अनुसन्धान गर्न, भूत पत्तो लगाउन जाँदा त सरिफा भरेडबाट माथि र तल झर्दै गर्दा फेला पारी । उनले श्रीललाई 'हजुर' भनेर सम्बोधन गर्दै आफ्नो परिचय आफैले दिएको प्रसङ्गसाथ कथालाई विश्राम दिइएको छ ।

नेपालका साहित्य सेवीहरूमा बढी चर्चामा आउनुपर्नेमा बोझेलमा परेका कोही छन् भने शङ्कर कोइराला नै छन् । एकपटक **बैरेनीघाट** उपन्यासले चर्चाको लहरमा आएर थन्किएका तर अधिकांश कृतिहरूको चर्चासम्म पनि नगरिएका शङ्कर कोइरालाका कृतिमध्ये **आगो छ यो बिमभरि** पनि एउटा हो । उनका कृतिमा गरिब, पीडित, नारी, अनाथको क्रन्दन; शोषक, सामन्त, निरङ्कुशताको चरित्र उदाङ्ग पार्ने दम छ, कथाको माध्यमबाट । उनका कथामा फोस्रा, बोका र पण्डितवाईभन्दा बढेर नैतिक, मानवीय र प्रजातान्त्रिक नाद सुकेको हुनाले सामन्तका थैलीले पालितहरूले उनको चर्चा नगरेका हुनाले सर्वसाधारणले थाहा नपाएको हो तापनि अब त्यस्तो हुने छैन ।

***

विजयादशमी तथा शुभ-दीपावली
२०५८ को हार्दिक मङ्गलमय
शुभकामना ।

धवल शमशेर राणा
मेयर तथा
नेपालगञ्ज नगरपालिका परिवार

विजयादशमी तथा शुभ-दीपावली
२०५८ को हार्दिक मङ्गलमय
शुभकामना ।

ओमजङ्ग राणा
सभापति तथा
जिल्ला विकास समिति परिवार, बाँके

विजयादशमी तथा शुभ-दीपावली
२०५८ को हार्दिक मङ्गलमय
शुभकामना ।

योगेन्द्रकुमार श्रेष्ठ
अध्यक्ष तथा
का.म.न.पा बडा नं. १ परिवार

विजयादशमी तथा शुभ-दीपावली
२०५८ को हार्दिक मङ्गलमय
शुभकामना ।

रियल विन्डर्स
वीरगञ्ज - १४, पर्सा

विषमताको मनोहारी चित्रण सजीव बन्न गएको छ । पात्रहरू अरूको कुभलो चिताउन तयार छैनन् तापनि आफूले आफ्नै भलो चिताउन पनि सफल प्रयास गरेका छैनन् कारण नायिकाका पिता कालिप्रसाद र माता रमादेवीले आफ्नी छोरी मायाको मनोकाङ्क्षा बुझ्ने प्रयत्न नगरिदिएकाले समस्याको सिर्जना गरेको छ । समस्याको मूल जरो भनेको प्रेमप्रतिको धोका, वितृष्णा, रुचि र अरुचिका बीचको द्वन्द्व हो । सहज समर्पण र आयोजित विवाहका बीचको अन्तरद्वन्द्व हो । वस्तुतः कथावस्तु छोटो भए तापनि प्रकथा जस्तो लागेन । यद्यपि पहिलेको अपेक्षा यस कथावस्तुले लोकोपयोगिता र शिक्षा प्रवृत्त अन्तःकरणलाई प्रस्तुत गर्न खोजेको छ । माया र सूर्यलालका बीचको प्रेमप्रणय दिन परदिन विकसित हुँदै गएको सूचना पाएपछि परम्परावादी युगान्ध कालिप्रसाद र रमादेवी मनमनै चिन्तित र सन्तप्त हुनु स्वाभाविक हो । छोरीका कारणले समाजका दृष्टिमा हामी हेपिने भयौं भन्ने सन्तापद्वारा पीडित कालिप्रसाद र रमादेवी हार गुहार गरेर मायाको विवाह अन्तै गरिदिने औपचारिकतातिर लाग्दछन् । फलतः मोफसलबाट जागिरका सिलसिलामा काठमाडौं आइ डेरा गरी बसेको टेकबीर नामको युवकसँग मायाका इच्छाविरुद्ध विवाह गरिदिन्छन् । सम्भवतः स्थानीय परिवेश र वातावरण साथै अल्पशिक्षाका कारणले मायाबिना प्रतिरोध समर्पित बनिदिन्छ । सूर्यलालसाई गरीब ठानेर यसरी पन्छाए । मायाको भविष्यप्रति चिन्तित बनेनन् । यता उपन्यासकारले एउटा रोचक प्रसङ्ग जोडेका छन् । जसलाई तिलस्मिकतासँग पनि अनुसरण गर्न सकिन्छ । किनभने सूर्यलाल र मायाको जस्तै प्रेमप्रणय मायाकी साथी मीरा र राधाकृष्णको साथी टेकबीरका बीचमा स्थापित भइसकेको हुन्छ । अतएव माया र टेकबीरको विवाह भएको मीरालाई जानकारी नभइराखेका अवस्थामा, टेकबीर र मीराको प्रगाढ प्रेम सम्बन्धका सम्बन्धमा माया अनभिज्ञ छ । त्यसैले एकदिन मायाको विवाह भएका उपलक्ष्यमा बधाईज्ञापन गर्न मीरा मायाका घरमा आउँछे भेट हुँदैन । अन्य सखीहरूका सहयोगले मायाको डेरा पत्ता लगाई डेरामै पुग्दा टेकबीरसँग पनि भेट हुन्छ । सोभ्री मायाका मनमा टेकबीर र मीरा परस्पर अपरिचितझैं लाग्दछन् । मायाले मीरा र टेकबीरका बीचमा परिचयका औपचारिकता पूरा गराउँछे । रहस्योद्घाटन हुँदैन । मीराको मायाका डेरामा आउने जाने कम चल्न थालेपछि एकदिन बनभोजको प्रस्ताव आउँछ । परन्तु माया र टेकबीरको दाम्पत्य जीवन देख्न पाएर मीरा मनमनै मुर्मुरिन्छे । मीराकी बहिनी भानुमती मायाको प्रेमी सूर्यलालको साथी राधाकृष्ण, निर्मलसाल श्रेष्ठलाई पनि पारस्परिक जानकारी मिल्दछ । नाटकका सूत्रधार कालिप्रसाद र रमादेवीका छलकपट रहेछ ।

उपसंहार

अन्तमा यस लघुउपन्यासले दिन खोजेको एकलौटी सन्देश हो-परम्परावादी आयोजित विवाह र द्वन्द्वात्मक भौतिकवादी दृष्टिअनुकूल प्रगतिमूलक रुचिपूर्ण सहज विवाहका बीचको पुस्तागत द्वन्द्वात्मक अभिव्यक्ति । यसबाट स्रष्टाका शिल्पपक्षको नाटकीय पाराले वस्तुवादी मूल्यमा आधारित प्रस्तुतिको उद्घाटन हुनु बुझिन्छ । यस आधारमा औपन्यासिक कथावस्तुलाई दुर्दमनीय नामकरण किन गरियो ? यस जिज्ञासाप्रति पाठकहरूको ध्यानाकर्षण हुन जान्छ । भावप्रवीणता अरू तिख्खर हुन जान्छ । चारित्रिक कारणले एकपटक भ्रष्ट भएका पतीत पात्रको सुधार सहज सम्भव छैन भन्ने देखाउनु, पर्वाभिरकी इन्दु र जनपथका वीरेन्द्रबाहेक अरू पात्रहरूको लोकोपयोगिता औ पारिवारिक व्यवस्थाका अभावमा सन्तप्त रहनु पहिलो कथाले सङ्गति र विसङ्गतिको अन्तस्करण खोज्दछ भने दोस्रो कथाका कालिप्रसाद र रमादेवी आफ्नो लोकलज्जा बचाउने छट्पटीमा छट्पटिँदाछट्पटिँदै एक अज्ञात संसारमा झामिन पुग्छन् भने सामाजिक मूल्य र मान्यतामा पुरुषवर्गलाई सबल र नारीवर्गलाई दुर्बलताको सजा दिन रुचाउँदै आएका स्थानीय समाजका दृष्टिमा टेकबीर दोषी प्रमाणित भएको छ जसले अव्यक्तरूपमा मीरा र मायाजस्ता सीधा-सोझा युवतीको जीवनसँग खेलवाड गर्न र लोक मर्यादा बर्बाद तुल्याउन किञ्चित सन्देह मानेन् । अन्तमा कथाशिल्प समसामयिक अभिव्यक्ति संक्षिप्ततर प्रस्तुति आदि रोचकताका साथै अनुकरणीय लाग्दछन् ।

***

✍ फणीन्द्रराज खेताला

शङ्कर कोइराला र उनको बाल-उपन्यास रिसको भागी

शङ्कर कोइराला (१९८७-२०५४) सँगको मेरो पैलो परिचय कहाँबाट भएको हो, त्यो म निश्चय गरी भन्न सक्दिन तापनि धेरै वर्ष अघिको भिनो सम्झनाको भरमा यति चाहिँ निश्चय भाछा छ कि २०१० साल वैशाख ३१ गते देखि जेठ ३ गतेसम्म नेपाली शिक्षा परिषद्द्वारा आयोजना गरिएको र सायद सरस्वती सदनमा भएको विराट् साहित्य सम्मेलनमा उनको र मेरो पैलो भेट भएको हो। २००७ साल फागुनपछि झण्डै ०१३-०१४ सालसम्म उपत्यकाली क्षेत्रमा कुनै न कुनै प्रकार का साहित्यिक कार्यक्रम दिनहूँ जस्तो भइरहन्थ्यो र शुभी व्यक्तिबेलाका लेखिटोपन्ने (यो मैले आफ्नो लागि भनेको हुँ। युवकहरू अक्सर भाग लिने गर्थे। त्यस्ता सम्मेलनमा र कैले काहीँ बाटोमा भेट हुन्थ्यो। नमस्ते आदानप्रदान, मलाकुसारी आदि पनि बेला मौकामा हुने गर्थ्यो। कम तर चाहिँदो मात्र बोल्ने शङ्करलाई म भावुक पाउँथे। उनी बाटोमा हिँड्दा एकै अकसर केही सोचिरहेका जस्ता देखिन्थे। दिल्लीबजार बस्ने उनी, चाबेल बस्ने म। पछि साझामा काम गर्दा कहिलेकाहीँ त्यहाँ जाँदा भेट हुन्थ्यो। मेरो मूर्ति बोल्छ एकाङ्कीसङ्ग्रह साझाबाट छापिने भएको र मैले त्यहाँको नियमअनुसारको करारपत्रमा दस्तखत गरिदिनुपर्ने कुरा उनैबाट थाहा पाएपछि म त्यहाँ पुगें। करारपत्रमा उनैले दस्तखत गराएर कभर पृष्ठ अर्थात् गाताको नमुना देखाए। मैले उनीलाई निकै नै औपचारिक व्यक्तिको रूपमा पाएको छु। दुई दर्जनभन्दा बढी (प्रकाशित र अप्रकाशित) उपन्यास, केही कथासङ्ग्रह, नाटक, एकाङ्कीका रचनाकार कोइरालालाई आफ्नो लेखन, नोकरीबाहेक अरूसँग उनको कुनै वास्ता थिएन, स्तुति, प्रशंसा वा निन्दा र चाकरी, चापलुसीबाट धेरै टाढा रहेका उनी नेपालका सायद सबैभन्दा बढी उपन्यास लेख्ने व्यक्ति थिए। सायद उनको पैलो उपन्यास बैरिनी घाट हो। यो आञ्चलिक उपन्यास हो। यसमा पूर्वी पहाडको जनजीवनको कथा व्यथा छ। उनका धेरै जसो उपन्यास सरल भाषा, शैलीमा लेखिएका छोटा र मीठा छन्। कति उपन्यास त मासिक पत्रपत्रिकामा धारावाहिक रूपमा पैले छापिएर अनि पछि पुस्तकाकार रूपमा प्रकाशित भएका छन्। उनका रचना र उनको व्यक्तित्वबारे धेरै लेखिनुपर्ने आवश्यकता छैन किनकि उनको परिचय नै उनको साहित्यसेवा हो।

मैले मेरो हातमा एउटा बालउपन्यास छ, यसको नाम वा परिचय रिसको भागी हो। यो उपन्यास बालक पत्रिकामा २०४५-२०४६- चैत, वैशाखको अङ्क १ देखि २०४६ माघ-फागुन को अङ्क ६ मा पुगी टुङ्गिएको छ। अर्थात् दुई महिने बालपत्रिका बालक ६ अङ्कमा धारावाहिक रूपले छापिएको छ र त्यसैको फोटोकपी, दायित्वका सम्पादकले उपलब्ध गराइदिनुभएको छ। यसबाट के थाहा भो भने यो उपन्यासले पुस्तकको रूप लिएर प्रकाशित हुने मौका पाएको रहेनछ। ६ अङ्कमा छापिएको यो उपन्यास पाँच भागमा विभाजित छ। बालमनोविज्ञानमा आधारित प्रस्तुत् उपन्यासको धरातल सामाजिक छ र यसका पात्रहरू छन् फिस्टुनानी, जनार्दन, कान्ताप्रसाद, उनकी श्रीमती (भाउजू) तुयुचा, भुयुचा, भुतुचा,

बढदै गएको अन्त्यमा नरेन्द्र र नलिनीको विवाह हुने कुराले दुवैमा विषादमा पर्न गए। निराश प्रेमी नामक आठौं गुच्छामा कथाकारले बेला नामकी केटीलाई एउटा प्रेमीले प्रेम गरेकोमा अँग्रेजसँग पल्केकोले सो प्रेमिकाको हत्या गर्ने इरादाले भयानबाट पस्ता चोर भनी पक्रेका प्रहरीलाई दिएको बयान छ। तद्नुसार कथाको नाम पनि निराश प्रेमी राखिएको देखिन्छ। फान्तु मानिस र रत्नबाबाको अव्यक्त बालप्रेम झल्काउने नवौं कथाले प्रेम शाश्वत र व्यापक रहेको कुरा सङ्केत गरेकोछ।

भागी छ यो दिलभरिको को दशौं क्रमको कथा हो पुरानो याद नयाँ घाउ। उक्त कथामा कथाकारले एक विवाहित प्रौढ लिसीबेगम नामक केटीसँग पल्केर आफ्नी पत्नी बनितालाई गुमाउन बाध्य छ। चरित्रहीन पुरुष त्यस्तै स्त्रीलम्पटताको परिणति गृहस्थजीवन मताभुइ हुन्छ भन्ने उपमा यस कथामा विविध परिवेशलाई प्रस्तुत गरिएको छ। जातिपाति, धर्म, खानदान र सामाजिक मर्यादालाई प्रेमरूपी जादुले मानिसलाई आकृष्ट गर्दछ र बरपरको परिवेशलाई त्यति ध्यान नदिएर आफ्नो संसार भरइ पार्न सक्छ भन्ने शिक्षा सोही कथामा पाइन्छ। प्रस्तुत कथाको नमूना 'अदृश्य घाउ' भन्ने विश्वविख्यात कथालाई मानिएको र एकदुई ठाउँमा त्यसको पनि चर्चा नगरिएको होइन।

एघारौं कथा उनको व्यक्तित्वमा लेखकले कालीप्रसादको छोरा शिवचरणको विवाह सुधा नामक केटीसँग विधिवत् गराउन चाहन्थे। उता छोरो भने सुदर्शनकी बहिनी मीरासँग पल्किसकेको थियो। यसरी एक पुरानो युगबाट नयाँ युगमा कथालाई प्रवेश गराउन खोजिएको पाइन्छ। प्रस्तुत कृतिको बाह्रौं कथामा अप्रकट प्रेम पर्न आएको छ। त्यस कथामा उमा र किरणको संवाद प्रस्तुत गरिएको छ। गरिब खानदानकी युवती उमाको एकाएक उन्नति र काठमाडौं आगमनलाई रहस्यमय ढङ्गले प्रस्तुत गरिएको छ। प्रूफरिडर र कथाकारका नाताले किरणले उमाको बाल्यकालदेखिका परिदृश्यका खाका सम्पादन गरी उमाको जिज्ञासा मेटाउनुका साथै उप्रतिको आफ्नो प्रेमभावानुभूति प्रकट गर्दछ, परोक्ष रूपमा, कथाका कल्पनाका रूपमा। तर अकस्मात् उमा प्रकट भएर आत्मसमर्पण गरिदिई। उमा बेरयाबृत्तिमा लागिछ तर साझ अर्कै बुढियाले उठाउन थालिछ। उक्त बुढियाको नाति शरद् बाबुले पनि उमालाई सुपुर्द गर्न किरणकहाँ पुग्यो र समर्पण गऱ्यो। तर किरणले लुकेकी उमा, शरद्बाबु गएपछि आउँछे र त्यहीं बस्ने आग्रह गर्दा किरणले उमालाई शरद्कहाँ जाने आग्रह गर्छ। गर्भवती उमाको भावी जीवन चुनौति र खतरापूर्ण स्थितिमा देखाएर कथाको विश्राम हुन्छ।

कृतिको तेह्रौं कथा हो एउटा तस्वीरको मौन कथामा लेखकले राणा शासक र शाह दरबार का कासी खानेहरूको खिल्ली उडाएका छन्। त्यस कथामा जनताको-मर्म, शोषकले जनतालाई चोर, डाँका, ठोहीको उपाधि दिन्छ र धेरै अबोधहरू मारिन्छन्। सुकान्त नामक कुनै क्रान्तिकारीको नामबाट बास्तवतत्त्व कथानक आरम्भ गरिएको छ। सुकान्त र शीलाको संवाद प्रस्तुत गर्दै जेलर आफू भएको र शीलाले बन्दी बनेका सुकान्तलाई भेटने आग्रह गर्दा सफलता नभएपछि छोरी बाबुकै विरोधी हुन गएको प्रसङ्ग छ। क्रान्ति सफल भएकोले सुकान्त र शीला मोटरमा हिंडे, जेलर र उनीहरूको समूह अराष्ट्रिय र विदेशी दासता स्वीकारेको आरोप सुकान्तलाई लगाए। पासा फेरि पल्टियो र सुकान्तलाई अराष्ट्रियकै कसङ्ग लाग्यो र धुनिए। यसप्रकार क्रान्तिकारीहरूलाई परम्परावादी शोषकहरूले मार्ने, जेलमा राख्ने अनेक आरोप लगाउने परम्परा रहेको कुरालाई कथात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ। नेपाली समाजको बनोट राणावादी, शाहवादी, प्रजातन्त्रवादी, साम्यवादी, गणतन्त्रवादी जस्ता विविध विचारधाराले चिराचिरा पारेको देखिन्छ। वास्तवमा ती सबै समूहले मुलुकको भाषाको लागि मूल दर्शन गराई एउटै रङ्गमन्चमा आउनुपर्छ भन्ने ध्वनि दिन खोजिएको पाइन्छ नत्र हिंसा र प्रतिहिंसा जन्मिन्छन्।

खम्बाको बत्ती नामक चौधौं कथाले मूलतः औंसारी कुनामा नगरपन्चायतले खम्बाको बत्ती बाल्नुपूर्व चिरीनानीमाथि एक युवकले पाखुरा समाती बलात्कार गरेको अत्यन्त गोप्य र अव्यक्त घटनासँग सम्बन्धित छ। रिखी नामक दुम्जाको युवक कालोमोसो दलेर निज युवतीलाई यौनेच्छाको साधन मात्र बनाएन रातभर आफ्नो कोठामा सगेर राख्यो तर विहानीपख चिरीनानी उठेर पतिघर फर्की,

✍ डा. राजाराम सुवेदी

शङ्कर कोइरालाको 'आगो छ यो दिलभरि' अन्तरङ्ग निरीक्षणका क्रममा

साझा प्रकाशनले २०२५ मा प्रकाशन गरेको **आगो छ यो दिलभरि** कथासङ्ग्रहमा १६ वटा कथाहरू समावेश गरिएका छन्। १७६ पृष्ठमा आबद्ध उक्त कथासङ्ग्रह विविध परिवेशको परिचायक हुन गएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले कथालाई आँखीझ्याल भनेझैं वैज्ञानिकहरूले एक थोपा रगत प्रयोगशालामा लगी गहन अध्ययन गरेझैं, कथाले समाजका राम्रा नराम्रापरिस्थितिहरूको पहिचान दिने क्षमता राख्छ। कुन कथामा कथाकार कोइरालाले केकस्ता कुरा कस्ता पात्रहरूको समायोजन गरेका छन् भन्ने चर्चा पनि रोचक नै हुनेछ भन्ने ठानी यहाँ लिपिबद्ध गरिन्छ ।

कथासङ्ग्रह शीर्षकको पहिलो कथाका पात्र विजया र अद्वितीयम् जेठान ज्वाईको संवादबाट आरम्भ गरिएको छ। मुखिया मोतिलालसाई कवि अद्वितीयम्का रूपमा प्रस्तुत गरेर लेखकले अनायासै दुरदराजको गाउँमा लगी सीतासँग भेटाउँछन् । साँझमा पुगेका विजयलाई एकनै छोडी ओढ्नेओछ्याउने लुगा लिन गएका त कृष्णेको बाबु मरेकाले मलाम गएको मोतीलाल मोलिपन्ट बिहान हुने बेला छप्रोमा फर्काउँछन् । असहाय सीता काकासँग सहर बसेकी तर परिस्थिति बिर्दा भिकारी भएकी थिई । त्यस्ती अवस्थामा बेपत्ता भएका पतिलाई कुदै आफन्त भन्ने एउटा छोरोलाई च्यापेर बस्ने सीतालाई घर बनाएर राखिदिने मोतीलाल समाजवादी सरकारका प्रतिनिधि बन्न पुगेका छन् ।

सङ्ग्रहको दोस्रो कथा **गाउँ फर्केका** एक वृद्ध साँझपख दुम्जास्थित कुरोश्वर मन्दिरमा बास माग्न पुग्छन् । ३० वर्षदेखि गृहत्याग गरेका वृद्ध खोर्दै पल्टेका ३ दिन लम्पट परेपछि खारपानी माग्न थाले । त्यस्ता शेरबहादुर नामक वृद्ध सो मन्दिरमा बस्न थाले । खेत खन्ने, हलो जोत्ने शेरबहादुर साँझपख डुन्दै भैरेनीघाट पुगी टोटाले माझी पत्नी र एकछोरी गुमाएका र २ छोरीको परिवेशसँग घनिष्टता राख्न पुग्दछन् । वास्तवमा शेरबहादुर लामसिंगे नामक टोटासेको डाजु थियो र ३० वर्षपूर्व एक सम्पन्न दुगसलाई कोरीको भुवरीमा पारी लुटपाट गरी डुंगा धोप्ह्याएपछि बेपत्ता भएको थियो । यसरी सरकारमा जिम्मेवारी प्राप्त व्यक्तिबाट हुने भ्रष्ट र हिंसाको झलक दिएको देखिन्छ। दैवले सुकर्मको र कुकर्मको फल दिन्छ भन्ने देखाइएको छ।

कथाकारको तेस्रो कथा **बाटो** मा कुनै एक जागिरेले अर्की नारीलाई बाटामा देखेर अनेक तर्कना गर्दछ । बाटामा भेटिने उक्त नारीको शारीरिक र मानसिक विवेचना गरिएको छ ।

प्रस्तुत कृतिको चौथो कथा **केटी** मा लेखकले माया नामकी युवती युवकको चयनमा रहेको देखाउँछन् । कुटुनी पनि रचिएको छ। त्यस्तै पाँचौं कथा **माझी राजदूतकी छोरीमा** नवकिशोरीहरूले स्वदेशीभन्दा विदेशी युवकहरूलाई रुचाएको व्यङ्ग्य कसिएको छ । शीला नामकी युवती ठूलै अधिकृतकी छोरी, विदेशीको आवतजावत, सम्वादसँग आकृष्ट हुन पुग्छे । चुरोटकी व्यसनी, नेपालीपन विरोधीलाई एक इटालियन युवकले मायुसाई भेट्ने निहुँमा आई उक्त शीला नामक युवतीको चुम्बन लिन्छ । त्यो चुम्बन उक्त युवतीलाई राम्रो लाग्छ । नेपालीले उनको प्रेम पाउँदैन ।

विषाद शीर्षकको छैटौं कथामा अधबैंसे व्यक्तिप्रति विधवाको, विधवाकी छोरीसँग अधबैंसेको आकर्षसे विपक्षीय प्रेमभाव झल्काउँछ । सातौं कथा **छाया** मा सतीन्द्र र शोभाको मनोविकार, सतीन्द्रको नलिनीसँग शोभाको नरेन्द्रसँग निकटता सतनारान, सुभद्रा, शकुन्तला (कान्ताप्रसादका छोरीहरू) नेप्टे (साकी) कृष्णे (नोकर) युवक (विदुर कृष्ण) आदि यो उपन्यास काठमाडौंको पश्चिमी भाग बिष्णुमतीको आसपास शोभा भगवती, क्षेत्रपाटी कङ्केश्वरी, भीमसेनस्थान, आदिको आसपास वरपर केन्द्रित छ । निम्नमध्यवर्गीय परिवारको शहरीदेखि स्पृश्य मानिएका माथि कस्तो धारणा रहेको छ र राख्छन् अनि त्यस्ता परिवारका युवापुस्तामा खासगरी युवतीको चाहना कता ढल्किएको हुन्छ भन्ने कुरा यसमा पाइन्छ। अरूका बारेमा वेदान्त छाँट्नेले जब आफूलाई परी आउँछ त्यतिबेला साँचो अर्थमा मरणान्त पर्न आउँछ । अर्थात् 'अरूलाई पर्दा वेदान्त आफूलाई पर्दा मरणान्त' भन्ने उखान सत्य साबित हुन्छ। त्यस्तै सामन्ती समाजमा प्रचलित सामाजिक प्रचलन धर्म अधर्म, पाप पुण्य आदि पनि एक प्रकारको विसङ्गतिको रूपमा समाजमा खडा छ । त्यसले कसरी सामाजिक एकता वा सङ्गठनमा विराङ्खलता ल्याउँछ भन्ने कुरा समाजका अगुवाले विचार गर्दा मात्र पनि केही मात्रामा समस्या समाधान हुन आउँछ तर यसो भइरहेको छैन । प्रस्तुत बालउपन्यासले देखाउन खोजेको मुख्य कुरा यही हो ।

मानिसको जीवनमा कैशोर्य एक यस्तो वयसन्धि हो जसको आफ्नै खासको भावना हुन्छ। खासगरी दश या बाह्र वर्षको उमेरसम्म । यति बेला ऊ समान वयका, जुनसुकै जाति वा जात धर्म वा सम्प्रदायका हुन् । तिनीहरूसँग हिमचिम मढाउन खेल्न र रमाउन चाहन्छ । ऊ घरको बन्धन वा पर्खालबाहिर निस्केर खुला वातावरणमा आफूलाई उन्मुक्त राख्न चाहन्छ र केही बेर मात्र पनि समवयस्कसँग खेलेर, दगुरेर फोक्सोमा ताजा हावा भरेर, घर र विद्यालयको बन्धनबाट मुक्त भएको अनुभव गर्न चाहन्छ। यही कुरा जनार्दनको बारेमा मान्न सकिन्छ। उसलाई पानी नचल्ने वा छुन नहुने भनी वा तल्लो जातका भनी हेय दृष्टिले हेरिएका सँग भर्खरै व्रतबन्ध गरिएको र मामा कान्ताप्रसादले त्यस्तासँग खेल्नु वा बढी हिमचिम गर्नु आफ्नो जातले नदिएको र सामाजिक मान्यता नदिएको भनी चेतावनी दिँदा पनि नमान्नु जनार्दनको अपराध मानिएको छ भने 'यो किन नहुने (?) सबै मानिस उही र उस्तै हुन्' भन्ने कुरा उसको मनमा भएको निष्कर्ष निकाल्न चेष्टा गरिएको खासमा यो उपन्यासको कथावस्तु हो तर जनार्दनको मनमा जुन द्वन्द्वले घर बनाएको देखिन आएको छ, त्यो खासमा चाहिँ उसले तुयुचा र भुयुचासँग गाँसिएर खेल्दा मामाले उसको जनै चुँडालिदिए तर उनकी आफ्नी छोरी, सुभद्रा एक अह्रेज वा हिप्पीजस्तो देखिने केटासँग नाचिएर होटलभित्र पसेको र तुयुचाले भनेअनुसार दिनहुँ त्यो होटलमा त्यही हिप्पी वा अह्रेज आएर उसले (तुयुचाले) दिएको चिया वा कफी वा खानेकुरा खाने उनको (सुभद्राको) जात नजाने (?) कारण उसले बुझ्न सकेन । सायद उसको व्रतबन्ध गरेको र सुभद्राको बिहे नगरेकोले वा आफ्नो र पराइको कारणले ? हुनत जनार्दन पनि कान्ता प्रसादकी बहिनीको छोरो थियो, भानिज थियो, तर आफ्नी छोरी र भानिजमा के अन्तर छ वा हुन्छ भन्ने बुझ्न सक्ने विवेक उसमा पलाइसकेको थिएन । तैपनि कताकतामाट उसमा एकप्रकारको विद्रोही भावना पैदा भयो र भन्यो सानिमासँग-पोडेले अह्रेजले छोएको खान हुन्छ त ?'-'मामा-माइजूलाई भन्दूँ ?'

मानिस एउटा यस्तो प्राणी हो, जो सानै उमेरदेखि आफ्नो स्वभाव देखाउन थाल्छ। सायद जनार्दनमा त्यही गुण थियो र ऊ आफ्नो आगत भविष्यनिर्माणको लागि आफै प्रयासमा छ। विषम परिस्थितिमा जन्मिएको आमाबाबुविहीन विधवा सानिमाले माइतीको आगतमा बसी पालनपोषण गरी हुर्काइएको कान्ताप्रसाद खर्दार जागिरे, पुरातनपन्थी, कर्कश उनकी पत्नीको बीचमा जनार्दन र फिस्टुनानीको बारेमा अनुकूल धारणा थिएन । पराश्रयी उनीहरूलाई आफन्त नातेदार जस्तो व्यवहार नगरेर व्यर्थको झन्झट आइलागेजस्तो झर्को र फर्को गर्थे । जब कि फिस्टुनानी कान्ताप्रसादकी कान्छी बहिनी थिइन्

भने जनार्दन उनैकी जेठी बहिनी गायत्रीको छोरो, उसका बाबु हवाई दुर्घटनामा परेर मरेका थिए भने गायत्रीचाहिँ हैजाको बिमारीले माइतमै मरेकी थिइन् जुन बेला उसको उमेर दुइ वर्ष जतिको थियो । यहाँनिर लेखक कोइराला बिदुरकृष्ण, गायत्री र फिस्टुनानीबीच त्रिकोणात्मक प्रेमप्रसङ्गको केही छनक दिन खोजेका छन् , अनि कताकता गायत्रीबाट जन्मेको छोरो जनार्दनचाहिँ बिदुर कृष्णसँगको लसपसबाट पैदा भएको हो कि ? भन्ने शङ्का पनि उब्जाउन खोजेका छन् । अर्कोतिर अन्तारे उमेरमा बेलाबेलामा स्वयम्भुको बन वा बिष्णुमतीको फाँटमा गायत्रीको अनुपस्थितिमा फिस्टुनानी र बिदुरकृष्ण मात्र घुम्दा कतै उनीहरूबीच....यो एउटा सम्भावनाको कुरा मात्र हो वा शङ्का ! धेरैको अन्तरालपछि बिष्णुमतीको पुलमा बिदुरकृष्णसँग भेट हुँदा जनार्दनको उपस्थितिको कारणले खुसेर कुरा गर्न नसकेकी, उसको फोटो आफूसँग बाकसमा राखेकी र बेला मौकामा हेर्ने गरेकी देख्दा उससँगको पुरानो सम्झनाले फिस्टुनानीलाई केही मात्रामा भविष्यको लागि आफ्नो मार्ग प्रशस्त हुने आशाको त्यान्द्रोमा जेलिएकी उनीलाई झन् एउटा मौका प्राप्त भयो । त्यो थियो जनार्दनको व्रतबन्धको लागि बाँडाकर्हा बन्दकी राखेको कानपासा । उनीले घरबाट पैसा ल्याएर जनार्दनको व्रतबन्धमा खर्च गरेको कुरा दाजुभाउजूलाई भनेकी थिइन् तर पछि कुरा खुल्यो, जनार्दनले पनि थाहा पायो । दाजुभाउजूबाट भनाइ आएपछि फिस्टु नानीलाई नराम्रो लाग्यो । अन्तारे नै भए पनि जनार्दनलाई पनि नराम्रो लाग्यो । अर्कोतिर, बिदुरकृष्णले फिस्टुनानीसँगको आफ्नो पुरानो सम्बन्ध र हालको उनको दयनीय अवस्थाले उसलाई आफूले केही गर्ने पर्ने दुइोमा पुगेको अनुभव गऱ्यो । त्यो कुरा फिस्टुनानीले बाँडा कर्हा, जनार्दनको व्रतबन्धको लागि बन्धक राखेको कानपासा निखनेर जनार्दनकै हात पठाएको बाट थाहा हुन्छ र यहींबाट घटनाले नयाँ मोड लिन्छ ।

साढीको कुराले फिस्टुनानीलाई चित्त दुखेकै थियो । अर्कोतिर जनार्दनले आफ्ना पुराना साथीसँग खेल्न र सङ्गत गर्न नछोड्ने अठोट लिएपछि कान्ताप्रसादले अब घरमा राख्न नसक्ने हुनाले जनार्दनलाई लिएर घरबाट निस्कन भनेपछि फिस्टुनानीलाई अठ्यारो पर्छ। त्यसैबेला जनार्दनको हात बिदुरकृष्णले आफू बिराटनगर जाने र उनीहरूलाई लिएर जाने अठोट गरेर हवाईजहाजको टिकटसमेत लिएको आग्रहसहितको खबर गरेपछि दोधारमा परेकी फिस्टुनानीलाई जनार्दनका र आफ्नो वर्तमान अवस्था र आसन्न भविष्यले चिन्तनमा एकोहोऱ्याया । उनले बिदुरकृष्णको आग्रहलाई कार्यरूपमा परिणत गर्ने अठोटमा पुगेको देखाइन् । जनार्दन सानीमाको मूक अठोटले खुसी भएको देखिन्छ र यहीं आएर उपन्यासको कथाले विश्राम लिन्छ ।

रिसको भागी जनार्दनलाई प्रमुख पात्र बनाई लेखेको यस उपन्यासले केही नयाँ सन्देश दिन खोजेको छ । उनले लेखेका धेरै उपन्यास छोटा चट्ट परेका छन् भने समाजमा चल्दै आएका आर्थिक, सामाजिक बिकृति र असमानतालाई पनि औंल्याएर देखाउने प्रयास गरेका छन् । प्रस्तुत उपन्यास तिनैमध्यको एक हो । यसभित्र परेका केही सूक्तिवाक्य बडो मार्मिक र मनन योग्य छन् । जस्तै-

'आजदेखि जनार्दन खेल्न आउँदैन रे र उसले हामीलाई सुन हुँदैन रे र उसको वर्तमन गरेको नि र'

'आज त घट्मा घाम लागेजस्तो छ । चाँडै आइछस् ।'

'तिम्रो मामाको भूत लाग्छ ?'

'तल्ला जातका मात्र मान्छे हैनन् र ?... तिनले के बिराए ? तिनीहरू गरिब-फोहोरी छन् । कुनै शिक्षा पाएका छैनन् । तिनका छोराछोरीलाई स्कूल-पाठशालामा स्थान छैन । तपाईंहरू जनार्दनलाई तिनीहरूभित्र खेलकुद गरेको सहन्हुन्न । तपाईंहरूको रिसको भागी बनेको छ, बिचरो !'

***

नारी पात्र दुवैको यस्तो मृत्युको जिम्मेवार को त ? भन्ने प्रश्नको उत्तर रूपमा 'हामै समाज' भन्ने उत्तर हाम्रो अगाडि तेर्सिन्छ । गाउँलेहरूको लागि सहर आकर्षणको केन्द्रबिन्दु हो । गाउँमा बसेर सहरलाई चिह्राउँदा यो सुख सुविधा सम्पन्न विशाल नगरीको रूपमा देखिन्छ । सहरमा गएपछि धेरै पैसा कमाइन्छ । त्यहाँ धेरै किसिमको काम पाइन्छ । गाउँमा भनेको कुमार साहू जो गाउँ पञ्चायतका अध्यक्ष पनि छ, त्यस्ता शोषकहरू बस्ने ठाउँ हो । जबसम्म त्यस्ता साहुले सोझा जनताको रगत चुसिरहन्छन् तबसम्म हिरेजस्ता सोझा र इमान्दार गाउँले अनाहकमा मृत्युवरण गर्ने स्थितिमा पुग्छन् र त्यस्ताका पत्नीले आफ्नो गाउँमा बस्न नसकी अन्यत्र बसाई सर्न बाध्य हुन्छन् । हिरेको मृत्युपछि उसकी स्वास्नी आफ्नो गाउँमा कुमारसाहूको अत्याचार खपेर बस्न नसक्ने भएर गाउँ छोडी माइती बस्न गएको कुरा उपन्यासमा देखाएर लेखकले यो कुरा देखाएका छन् । गाउँ विकासको योजनाको तर्जुमा भए तापनि तिनै ठालु भनाउँदाले त्यस्ता योजनालाई आफ्नो मुट्ठीभित्र दबाएर फाइदा आफैले मात्र लिन्छन् त्यसैले गर्दा गाउँको विकास हुन नसकेको हो भन्ने लेखकले ठोकुवा गरेर देखाएका छन् ।

उपन्यासको सुरुआत ग्रामीण र सहरिया दुवै परिवेशमा भएको छ । ती दुवै परिवेशलाई लेखकले खुल्लारूपमा देखाएका छन् । एकातिर गाउँले जीवनको उतारचढाव माथिथिति शोषण, अन्याय, अत्याचार आदि देखाएका छन् भने अर्कोतिर सहरिया जीवनको जालझेल, बिसङ्गति, बिकृति आदिलाई देखाएका छन् । अन्याय,अत्याचार गाउँमा मात्र होइन सहरमा पनि व्याप्त छ। ठूलाले सानालाई शोषण गरी नै रहेका छन् चाहे सहरमा होस् या गाउँमा । त्यहाँ ठालुले गरेको अपराधको पीडा गरिब निमुखाले भोग्नुपर्छ । त्यसको बिरोधमा उनीहरू केही गर्न सक्दैनन् , लाचार भएर सहिर हन्छन् । सहरमा शक्तिवान्को अपराध त्यसै बिलाएर जान्छ जसरी तीर्थलालको मोटरद्वारा किन्दिएर रत्नेको मृत्यु भएको सत्य डाँडापारीको जुनजस्तै त्यसै हराएर गयो । गाउँमा हिरेको मृत्युले कसैलाई पनि दुःखी बनाएको छैन; उसकी स्वास्नीबाहेक त्यस्तै सहरमा रत्नेको मृत्युले कसैलाई नोक्सान पुऱ्याएको छैन केवल उसकी प्रेमिका शर्वतीलाई बाहेक । गाउँमा सोम्नेको मृत्युले न्याएको दुःख खान नसकेर निदरी लठेरी माइती बस्न जान्छे । सहरमा रत्नेको बियोग खप्न नसकेर शर्वती मुला मार्ने बिष खाएर आत्महत्या गर्छे। यसरी उपन्यासको कथावस्तु सुरुदेखि अन्त्यसम्म नै दुःखदायी र कारुणिक छ । पात्रहरूबारे कुरा गर्ने पर्दा प्रमुख पात्र रत्ने सहरिया बिसङ्गतिको सिकार बनेर नास हुन्छ। उसमा जोश थियो, जाँगर थियो अनि उत्साह थियो । उसको उत्साह र जोशले गाउँमा सही बाटो र मौका पाएको भए उसले गाउँमा परिवर्तन ल्याउन सक्ने थियो तर त्यो सबैलाई उसमा परेको सहरिया बिसङ्गतिको प्रभाव र गाउँमा परेको शोषकको बिचोमिचोले भष्म गराइदियो । निदरी लठेरी र शर्वतीजस्ता कम्जोर नारीपात्रहरू समय र परिस्थितिको शिकार बनेका छन् । सहरिया पात्रहरू कृष्णगोपाल र नानीमैयाँको जीवन उनीहरूले चाहेजस्तो चलि नै रहेको देखिन्छ ।

उपन्यासकारको मूल उद्देश्य सहरिया र ग्रामीण जीवनको तुलनात्मक चित्रण गर्दै खराब पक्षहरू दुवैतिर छन्, गाउँलाई छोडेर सहर जाने चलन राखी होइन अत्याचारलाई सोर बस्नुहुँदैन त्यसको बिरुद्ध सङ्घर्ष गर्नुपर्छ । सहरवासीले पनि सहरिया परिवेशलाई स्वच्छ र कञ्चन बनाउनुपर्छ अनि मात्र देशका जनताले शारीरिक र मानसिक शान्ति पाई देश बिकासमा अग्रसर हुन सक्ने छन् तर यहाँ गाउँ यस्तो हुन सकेको छैन भन्ने देखाउँदै लेखकले सहर र गाउँ दुवैतिरको यथार्थ अवस्था देखाएका छन् । उपन्यासको भाषा सरल छ सरस पनि छ । यो बोलीचालीको भाषामा लेखिएको छ । यसमा प्रशस्त उखानटुक्काको प्रयोग भएको पाइन्छ, जसले यसलाई बढी रोचक पनि तुल्याएको छ । शैली पनि प्रवाहमय छ । यसको शीर्षक विषयवस्तुको अन्तिम घटनालाई लिएर राखिएको छ । सङ्क्षेपमा भन्न खोज्दा **झालीपाली** उपन्यास शङ्कर कोइरालाको एक सामाजिक यथार्थवादी उपन्यास हो भन्न सकिन्छ ।

***

शर्वती रत्नेलाई छोडेर गाउँ फर्कन्छु भनेर घुर्न्याउँछे तर ऊ जान पनि सक्दिन । रत्नेले घरहराको डेरा छोडेर केदार साहूकहाँ डेरा गरी बस्न जान लाग्दा घरहराको कोठाको तिरिसकेको भाडा पनि तिरेको छैन भनेर अर्घनाले सहरिया निम्न मानसिकता देखाउँछे किनभने रत्नेले आफू बसेको बेलासम्मको भाडा चुक्ता गरिसकेको थियो । तरपनि ऊ सो कुरामा कचकच गर्दैन बरु पैसा कमाएर ल्याई पुरानो हिसाब सबै चुक्ता गरेर मात्र आफू अन्यत्र सर्ने निर्णय बताउँछ । ऊ हिसाब फस्यौट गर्नको लागि केदारसाहूसँग पैसा मागेर ल्याउनको लागि बाहिर निस्कन्छ । आफूले तिरिसकेको घरभाडा तिरेको छैन भन्ने आरोप लागेपछि ऊ मुर्मुरिँदै बाहिर निस्केको थियो । त्यसबेला अड्डा छुट्टेको कर्मचारीको हुलले बाटो छिचोली नसक्नु थियो । रत्नेको केदारसाहूसँग जरुरी भए पनि रुँपैया मागेर ल्याउने र यदि उसले दिन आनकानी गरेको खण्डमा नालीमैयाँसँग भए पनि सापटी लिने विचार थियो । उसले मागेको खण्डमा नालीमैयाँले पनि पुरानो सम्बन्धको खातिर आफूलाई आवश्य पनि पैसा दिन्छे भन्ने तर्कवितर्क गर्दै गर्दै ऊ सडकपार गर्दै थियो । त्यसैबेला अचानक अर्कोतिरबाट आइरहेको मोटरलाई उसले देख्न । ऊ मोटरसँग जुधेर ह्याङ्ग सडकमा पछारिन्छ । त्यहाँ मानिसको हुल र हल्ला खल्ला हुन्छ । त्यो मोटर तीर्थलाल सुब्बाको थियो । सुब्बा अफिसबाट घर फर्कंदै गरेको र रत्ने सडक पारगर्दै गरेको संयोग एउटै समय परेको हुनाले त्यो दुर्घटना परेको थियो । त्यहाँ जम्मा भएका मानिसले तीर्थलालको मोटर खोलेर रत्नेको प्राण उड्न लागेको मृतप्राय: शरीर लाई भित्र राख्न खोजे तर सुब्बाले त्यसो गर्न दिएनन् । गरीब रत्नेको रक्तरञ्जित शरीरले आफ्नो चिन्तो गाडी फोहर बनाउन उनले चाहेनन् । त्यसैबीच हुलबाट कसैले प्याक्क 'आफै कुन्पने फेरि आफ्नो मोटरमा हालेर मैजान नहुने' भन्यो । आखिरमा रत्नेलाई ट्याक्सीमा हालेर अस्पताल पुऱ्याइयो । तीर्थलालको मोटर पनि पछिपछि लाग्यो । अस्पताल पुग्दा रत्नेको प्राण उडी सकेको थियो । उसको मृत शरीरलाई त्यहाँ पाखे गाउँले बाटो काट्न नजानेर मोटर दुर्घटनामा परेर मऱ्यो भन्ने जस्तो आरोप लगाइयो भने अर्कोतिर ड्यूटीमा रहेको डाक्टरले सुब्बा तीर्थलाललाई 'केही चिन्ता छैन म तपाईंलाई दोष पर्ने रिपोर्ट लेख्दिन, विश्वास गर्नुस् ।' भन्ने सान्त्वना दिन पछि परेनन् । यसरी सहरमा धन कमाएर आफ्नो मायालुसँग सुखमय जीवन बनाउने सपना सहर पसेको जलबीरे गाउँको एउटा सोझो युवक रत्नेले सहर को एउटा सामन्तीको चिन्तो गाडीद्वारा किचिएर अकालमा प्राण त्याग्यो ।

एकातिर सहरमा रत्नेको त्यस्तो दुर्दशापूर्ण मृत्यु भयो भने अर्कोतिर सहरमा चिनाजानेको दयामाया गर्ने कोही नभएकी शर्वती रत्ने घर नफर्किएकोमा ज्यादै चिन्तित भएर उसको प्रतीक्षामा बसिरहेकी थिई । तर उसले रत्ने मरेको खबर पाइन । समाचार पत्रको रत्नेको मृत्यु भएको खबर उसले पाइन भन् त्यसमाथि पनि घरपट्टिनीले उसलाई 'तेरो सोग्ने तँलाई छोडेर भाग्यो आज पनि आउँदैन । लाग्नेमान्छे कस्ता बेइमान हुन्छन् कुफिस्' भन्ने कटुवचन सहँदै र सुन्दै बसी । तेस्रो दिन पनि उसले आएर ढोका धच्धच्याउँदै बाहिर बाटै धम्की दिंदै 'अब डेरा छोडेर जा निकली । सधै ढोका थुनेर बसेकी, ढोका खोल' भन्दछे अनि अनकन्टार ठाउँमा प्रियतमले आफूलाई छोडेर अरू नै कुनै केटी लिएर आफूलाई बेइमानी गर्दै बेपत्ता भएको भन्ने कुरा पनि उसलाई सुनाउँछन् । ऊ धैर्यशील भएर त्यस्तो वचन सुन्न सक्दिन । यस्तो घृणित समाजमा लान्छना, अवहेलना, तिरस्कार आदि बापेर बस्नुभन्दा मर्नु जाति भन्ने विचार गर्दै धेरै अगाडि कृष्णगोपालकै घरमा बसेको बेला मुसा मार्न भनेर ल्याएको विष खाएर आत्महत्या गर्छ । यी दुईको मृत्युले पाठकलाई करुणाले द्रवित पार्छ ।

लेखकले उपन्यासको शीर्षकआलोपालो राखेका छन् । त्यो आलोपालोले रत्ने र शर्वतीको आलोपालोसँग भएको मृत्युलाई इङ्गित गरेको छ । पहिले रत्ने सहरिया क्रूर स्वार्थी अमानवीय पद्धतिको शिकार भएर सडक दुर्घटनामा परेर मर्छ । रत्नेले आफूलाई छोडेर अर्कोलाई लिएर भाग्यो भन्ने कुरा विश्वास गरेर शर्वती पनि विष खाएर मर्छे । शिक्षा र चेतनाको अभावले गर्दा शर्वतीले अर्कोले भनेको कुरा पत्याएको हो । यदि ऊ शिक्षित हुँदी हो त वास्तविक तथ्य पत्ता लगाउने कोशिस गर्दथी होली तर अशिक्षित नारीले एक्लै ती सबै काम गर्न के सक्दथी । यसरी उपन्यासका मूल पुरुष र

बालकृष्ण पौडेल

भुस्याहा: एउटा अभावग्रस्त जीवनको प्रस्तुति

१. राइर कोइरालाको साहित्ययात्रा

नेपाली साहित्यजगत्मा राइर कोइराला (वि.सं.१९८७-२०५४) कुनै नौलो र अपरिचित नाम होइन । २००४ को शारदामा 'भूडो' शीर्षक कथा प्रकाशित गरी साहित्यिक यात्रको थालनी गरेका कोइरालाले साहित्यका कथा, उपन्यास र नाटकजस्ता विधामा कलम चलाएको देखिन्छ । यिनका कतिपय कृतिहरू **बाधाघाटे कान्छा** उपनामबाट समेत प्रकाशित भएका छन् । २०१८ सालमा **बैरिनी घाट** उपन्यास प्रकाशित गराई कृति प्रकाशनतर्फ लागेका कोइरालाले २५ वर्षको अवधिमा ४९ वटा कृतिहरू प्रकाशित गराएको देखिन्छ । तीमध्ये **बैरिनी घाट** (२०१८, **कौसीको फर्सी** (२०२३), **कलाकार** (२०२३), **नाठो** (२०२४) **दुई ड्राइवर** (२०२५) म पिउन अखबारको (२०२५), **कलेज गर्ल** (२०२५), **दुर्दमनीय** (२०२६), **उसलाई सर्म्फदा** (२०२६), **रोसोध** (२०२७), **नदी गीत गाउँछ** (२०२८), **रिसको भागी** (२०२९), **तरुनी छोरी** (२०२९), **सन्तानको रहर** (२०३०), **एक अञ्जली श्रद्धाञ्जली** (२०३१), **भट्टीपसल** (२०२९), **हकवाला** (२०२९), **हेलम्बू मेरो गाउँ** (२०३२), **तीन पन्ट** (२०३२), **रातभरि** (२०३३), **श्रीमती हिरोइन** (२०३३), **आलोपालो** (२०३४), **आँसुको बहरे** (२०३६), **म फेला पर्दिन** (२०३८), **पिशाच डाक्टर** (२०४०), **नदुखेको कपाल** (२०४०), **आँसुको घुटको** (२०४१), **अँध्यारोका हातहरू** (२०४१), **भुस्याहा** (२०४३), **बेवारिसे लेखक** (२०४५), **सहावता** (२०४५), **उच्चाकाङ्क्षा** (२०४६), **शीला** (पहिलो भाग) (२०४७), **उही शीला** (दोस्रो भाग) (२०४८) **बन्द तगारो** (२०४९), **बैलाबैला** (२०४९), **जनतालाई बकस : भोक, रोग र सकस** (२०५२), **रिमा** (२०५३), **एउटा पुरानो घर** (२०५४), **माथिको आदेश** (२०५४) उपन्यास' आगो छ दिलभरि (२०२५), प्रेम र सपना (२०२८), सुर्तीको पातमा भुण्डिएको जीवन (२०४२), हत्यारा, सिर्जना र शान्तिका (२०५१) कथासङ्ग्रह र सेती (२०२७), पिठ्युँको भारी (२०४४) नाटक हुन् । नेपाली उपन्यासजगत्मा माथ्रात्मक हिसाबले निकै अगाडि रहेका कोइरालाको साहित्य सिर्जनामा निरन्तरता दिइरहने व्यक्तित्वका रूपमा चर्चित छन् ।

कोइरालाको औपन्यासिक यात्राको थालनी **बैरिनी घाट** (२०१८) उपन्यासबाट भएको हो । यस उपन्यासले नेपाली उपन्यासजगत्मा छुट्टै मूल्य, महत्त्व र उचाई प्राप्त गरेको छ त्यो हो- आञ्चलिकता । यिनका अन्य उपन्यासहरूले **बैरिनी घाटले** झैं कुनै मोडकारी औपन्यासिक ढाँचा र विषयवस्तु नबोकेपनि तिनीहरू एक अर्कामा फरक छन् आफ्नै मूल्य र महत्त्व बोकेका छन् । यिनले खासगरी संक्षिप्त कथावस्तुको प्रयोग गरी सामाजिक जनजीवनका असन्तुष्टि, ग्रामीण जीवनका असङ्गति, मानवीय मनोभावना, सहरिया जीवनका पीडा एवम् बाध्यता, सामाजिक, राजनैतिक, आर्थिक क्षेत्रका असन्तोष आदिलाई स्वच्छन्दरूपले प्रस्तुत गरेका छन् । यौन र रतिरागका विविध पक्ष तथा राजनैतिक परिवेशको चित्रण गर्नामा समेत यिनको रुचि रहेको देखिन्छ । यिनले औपन्यासिक कलाको परिष्कार र परिमार्जनतर्फ भन्दा लेखन र प्रकाशनतर्फ निकै चासो देखाउन पुगे । फलत: यिनका असङ्ख्य कृतिहरू पाठक समक्ष आए । प्रस्तुत लेखमा कोइरालाका उपन्यासहरूमध्ये **भुस्याहा** (२०४३) उपन्यासलाई औपन्यासिक दृष्टिले हेरी मूल पात्र अभिजितको अभावग्रस्त र उपेक्षित जीवनलाई केलाइएको छ ।

२. 'भुस्याहा' उपन्यासको औपन्यासिकता

भुस्याहा कोइरालाको उपन्यासलेखन यात्रामा उत्तरार्धतिर देखापरेको सामाजिक उपन्यास हो। सामाछोटा चौबटा परिच्छेदमा संरचित प्रस्तुत उपन्यासका प्रथम परिच्छेदमा तीन, दोस्रोमा चार, तेस्रोमा तीन चौथोमा तीन पाँचौमा पाँच, छैठौमा तीन, सातौमा चार, आठौमा दुई र बाँकी अन्य परिच्छेदमा एक एक खण्ड रहेका छन्। उपन्यासको मूल संरचनात्मक आधार अविजित हो। उसले भोगेको आभावग्रस्त जीवन र उसले देखेको असङ्गतिपूर्ण समाजका केन्द्रीयतामा यसको औपन्यासिक स्वरूप तयार भएको छ। यहाँ आएका घटनाहरू परस्परमा असम्बद्ध र क्रमहीन छन। जसरी अविजितको जीवन क्रमबद्ध सुनियोजित र सङ्गतिपूर्ण छैन, त्यसरी नै उपन्यासको निर्माण उसको जीवनसँग सम्बद्ध भए र आएका विशृङ्खलित घटना प्रसङ्गबाट भएको छ। औपन्यासिक संरचनाले अविजितको अव्यवस्थित, अकर्मण्य, मूल्यहीन, बेचारिसे जीवनलाई प्रस्तुत गरेको छ। घटना अवलोकन एवम वर्णन र कथनमा उपन्यासकारले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् भने कतै कतै सपना र पूर्वस्मृतिको पनि प्रयोग गरिएको भेटिन्छ। यसको आन्तरिक संरचनामा कुनै सूत्रबद्ध कथा नभएकले अकथात्मक परिवेश नै यसको कथाविन्यास बन्न पुगेको छ।

अविजित काठमाडौं सहरमा पत्नी पार्वती, दुई छोरा रञ्जित र उपेन्द्र अनि छोरी निरुलाका साथमा बस्दै आएको निम्नवर्गीय, समान्य लेखपढ गर्न जान्ने व्यक्ति हो। उसले परिवारबाट उपेक्षित र अपहेलित हुनुपरेको छ। चोक गल्ली, सडक ढुलेर जीवन बिताउने क्रममा एकदिन न्यूरोडबाट भूगोलपार्क छिरेको अविजित शिक्षक आन्दोलनका आन्दोलनकारी संगै धपाइन्छ र तराईका बनजङ्गल, घरगाउँ, बजार, बगरतिर भौतारिन थान्दछ। अन्तमा नारायणघाटबाट प्रहरीको जिप चढी काठमाडौं फर्कंदै गरेको अविजित सडकबाट नदीमा जिप पल्टिंदा दुर्घटनामा परि बेपत्ता हुन पुग्छ। यसरी एउटा भुस्याहा कुकुरको जस्तै भुस्याहा र अस्तित्वहीन जीवनबाट उसले छुटकारा पाएको छ। उपन्यासले ग्रहण गरेको मूल कथानकको सेरोफेरो यही हो। मूलकथासँग गाँसिएर आएका अन्य सहायक कथाहरूले पनि अविजितको मूल्यहीन र अभावग्रस्त जीवनलाई नै पुष्टि गरेका छन्। पार्वतीसँग सम्बन्धित कथाले पारिवारिक बोझ र पतिप्रतिको उपेक्षाभावलाई प्रस्तुत गरेको छ भने रञ्जितसँग सम्बन्धित कथाले पारिवारिक कर्तव्य, दायित्व र अभिभाव करणलाई पेश गरेको छ। उपेन्द्र र निरुलासँग सम्बन्धित कथामा पराश्रयता, जगन्नाथसँग सम्बन्धित कथामा राजनैतिक वितृष्णा र असन्तुष्टि, माष्टरको छोरासँग सम्बन्धित कथामा मगन्तेहरूको जीवनशैली, कविसँग सम्बन्धित कथामा मित्रता, गार्डेले नाइकेसँग सम्बन्धित कथामा सङ्कीर्णता, साम्प्रदायिकता, शिक्षकहरूसँग सम्बन्धित कथामा स्वार्थपूर्ण आन्दोलन, प्रहरीसँग सम्बन्धित कथामा संवेदनहीनता र आदेशको पालनाजस्ता कुराहरू समेटिएका छन। यहाँ जेजति घटनाहरू विशृङ्खलित रूपमा प्रस्तुत गरिएका छन्, ती घटना प्रसङ्गले मानवजीवनका समस्या, समाज, राजनीति, आर्थिक संरचनाभित्रका विविध पक्षलाई उतारेका छन्।

मूल पात्र अविजित जसरी आर्थिक रूपमा कमजोर छ, त्यसरी नै ऊ पारिवारिक मायाममता र सम्मानबाट पनि वञ्चित हुन पुगेको छ। उसले पारिवारिक जिम्मेवारी पूरा गर्न नसकेकै कारणले पत्नी छोराछोरीबाट उपेक्षित हुनु परेको छ। वास्तवमा उसले परिवारसँग रहेर पनि एकाङ्गी बेचारिसे जीवन बिताउनु परेको छ। उसको दुःख सुखमा साथ दिने कोही देखिँदैनन्, त्यसैले उसले भोगेको जीवनको मूल्य एउटा भुस्याहा कुकुरको भन्दा बढी छैन। उसले सङ्घर्ष पनि गर्न सक्दैन अनि इज्जत र सम्मानपूर्ण जीवन पनि बिताउन पाउँदैन। उसलाई सान्त्वना दिने अतीतका केही संगालाहरू छन्, जसले उसलाई एकक्षण भए पनि वर्तमान जीवनका विसङ्गतिबाट मुक्ति दिलाउँछन्। उसको जीवनमा न कुनै लक्ष्य छ, न कुनै महत्त्वाकाङ्क्षा। न उसलाई कर्मप्रति विश्वास

र यसलाई मनोविज्ञानको प्रयोगको रूपमा लिने काजीको ऊ(शर्वती) फेला पर्छे। यहाँनिर एउटा विचाराधीन कुरा के देखिन्छ भने एकातिर शर्वती रत्नेलाई औंठी माया गर्छे जस्तो देखिन्छे। रत्नेकै प्रेमले गर्दा ऊ गार्डे छोडेर ऊसँग भागेर सहर आएको हो। गार्डेमा उसलाई खाउन-खान अभाव थिएन। ऊ अध्यक्षकी कान्छी भएर बस्न पाएकी थिई फेरि सहर आएर पनि ऊ रत्नेको सतित्वमा माथ बस्दिन। काजीले उसलाई साडी दिएको प्रसङ्ग उपन्यासमा भेटिन्छ त्यही साडीको लोभमा सहसिएर ऊ उनीसँग यौनसम्बन्ध स्थापना गर्न सहमत भई भनौं भने सच्चा प्रेमले त्यस्तो कुबाटो अर्थात् विकृतरूप कदापि लिन नपर्ने हो। काजीले धम्क्याएर जबरजस्ती बलात्कार गरे भन्ने हो भने उपन्यासमा त्यस्तो सङ्केत कतै पाइँदैन। एकातिर शर्वती काजीसँग यौनसम्पर्क राखेर पेट बोक्छे भने अर्कोतिर रत्ने पनि कजिनी अर्थात् नानीमैयासँग यौनसम्बन्ध राखेर उनलाई तृप्त गराउँछ। त्यसको बदलामा उसले के पायो त्यसको उल्लेख पनि उपन्यासमा कतै केही भएको पाइँदैन। रत्ने र शर्वती उपन्यासमा काजी र कजिनीको पेट बोकेको भन्ने थाहा छ र शर्वतीलाई पनि रत्नेको कजिनी अर्थात् नानीमैयासँग ससपस छ भन्ने थाहा छ तर पनि ती दुई नछुट्टिकन एकैसाथ संगै बसेका छन्। कृष्णगोपालको पेट बोकेकी शर्वती उसको घर छोडेर रत्नेसँग अन्तै डेरा गरेर बस्न जान्छे। रिसको झोंकमा रत्ने शर्वतीलाई अर्काको पेट बोकेकी भनेर नानाथरी गाली गर्न पनि पछि पर्दैन तर वास्तवमा ऊ शर्वतीलाई धेरै माया गर्छ। उसको र आफ्नो जीवन कष्टमय नहोस् भनेर यतत्र घुमेर ज्यालादारी गर्दै पैसा कमाउँछ। यसै क्रममा ऊ नानीमैयाँको बाबुको काम गर्न पनि पुग्छ। त्यहाँ उसको नानीमैयाँसँग फेरि एकपल्ट भेट हुन्छ। उनीहरू बितेका कुरासारै केही टीकाटिप्पणी गर्दैनन्, साधारण परिचित व्यक्तिजस्तो संवाद आदानप्रदान मात्र गर्छन्। यसरी कृष्णगोपाल काजी र नानीमैयाँको प्रसङ्गले उपन्यासमा आधुनिक सहरिया परिवेशमा आएको यौनस्वतन्त्रतालाई देखाएको छ। त्योभन्दा बाहेक कुनै ठोस कुरा औंल्याएको देखिँदैन।

कृष्णगोपालको घर छोडेपछि रत्ने र शर्वती धरहराको एउटा गल्लीमा एउटा सिमेन्टी लगाएको घरको छिँडीमा डेरा गरेर बस्न जान्छन्। छिँडीकोठा सानो थियो र उज्यालोको लागि केवल एउटा सानो आँखीझ्याल मात्र थियो। बिजुलीको लाइन थियो तर चिम थिएन। चिम डेरा गरेर बस्नेले नै हाल्न पर्ने नियम थियो। कोठाको मासिक भाडा तीस रुँपैया थियो। यहाँ अरू पनि धुप्रै डेराबाल बसेका थिए। त्यो घर सुम्बा तीर्थलालको भाडा खाने घर थियो। उनी आफूसँगैको बंगलामा बस्दथे र चिप्लो गाडी चढ्थे। सुम्बाको भाडा खाने घरको छिँडीमा आफू बसेकामा रत्ने दङ्ग परेको थियो। उसको विचारमा सुम्बाको सिफारिस पाए चाँडै जागिर पाइन्छ भन्ने थियो। त्यसैले ऊ धेरै आशामुखी बनेको थियो किनभने सहरमा सोर्सफोर्सको आधारबिना जागिर पाइँदैन भन्ने उसलाई थाहा थियो। सुम्बा तीर्थलालको घरको चुरिफुरी ऊ आफ्नो कोठाको आँखीझ्यालबाट हेर्थ्यो त्यो देखेपछि उसलाई आफूभन्दा त्यस्तो घरमा पालिएका कुकुर बरु भाग्यमानी भन्ने जस्तो लाग्छ। उसको परिवारको नाममा आफू र शर्वती जम्मा दुईजना मात्र थिए तर पनि ज्यान पान्नु, कोठाभाडा तिर्नको लागि उसलाई एउटा गतिलो जागिरको आवश्यकता परेको थियो। सहरमा बिना सिफारिस वा बिना सोर्सफोर्स जागिर नपाइने कुरा पनि उसले बुझेको थियो। उसले सहरमा आफू जस्ता अनगिन्ति गार्डेलेहरू जागिरको खोजमा सहर आएका तर सहरमा जागिर नपाएर रित्तै घर फर्कनुभन्दा बरु ज्यामी काम गरेर अर्काको घरमा चुलोचौको गरेर भए पनि केही पैसा कमाउनु जाति भनेर त्यस्तै काम गरिरहेका नारान, किसनेजस्ता नाचार बिचरा साथीहरूलाई पनि भेटेको थियो।

अर्काको पेट बोकेकी शर्वतीसँग उसलाई कहिले कहीं रीस पनि उठ्छ। त्यसैबीच कन्तुरमा राखेको शर्वतीको तिलहरी पनि हराउँछ। ऊ रत्नेलाई शङ्का गर्छ। रत्ने आफूले लिएको छैन भनेर किरिया खान्छ। वास्तवमा रत्नेले त्यो लिएको पनि हुँदैन। खासमा त्यो त्यतै बरिपरि कसैले चोरेको हुन्छ। सानो ठाउँमा धेरैथरी डेरागरी बसेका हुनाले कसले चोरेको भन्ने थाहा हुन सक्दैन। यसरी कन्तुरमा राखेको शर्वतीको तिलहरी हराउनुबाट लेखकले सहरिया बेइमानी सभ्यताको पर्दाफास गरेका छन्। सबैतिरबाट दिक्क भएको

अवस्थाहरूको अनुभव गराएका छन् । गाउँबाट चिह्राउँदा सहरिया जीवन बाधाअड्चनरहित आरामदायी देखिन्छ । त्यहाँ सबै कुरा सरल र सहजरूपमा भइरहेको छ जस्तो लाग्छ तर त्यहाँको जीवन अत्यन्त कलुषित छ भन्ने कुरा लेखकले सहरिया पात्रहरूद्वारा देखाएका छन् । सहरमा कसैलाई अरू कसैको वास्ता हुँदैन । त्यहाँ साधारण जनताको लागि गरिबी, फट्याइँ, भ्रष्टाचार, व्यभिचार, कुकर्म अत्यधिक मात्रामा हुन्छ । सोझा निमुखा मान्छे त्यहाँ पनि दमित र शोषित हुन्छन् । गाउँबाट सहरिया जीवन सुखी, आरामदायी र चाँडै नै अर्थोपार्जन गर्न सकिने भन्ने सोच लिएर आएका गाउँलेहरू त्यहाँ पुगेर गाँसबास र कपासले मात्र पीडित नभई त्यहाँ त अन्याय अत्याचार ढकैली, लुच्चाई र फट्याइँ आदिबाट पनि प्रताडित भएको पुष्टि लेखकले यहाँ गरेका छन् । नायक रत्ने सहरमा केही पैसा जोगाएर गयेर आफूले माया गरेकी शर्वतीलाई पनि आफूसँगै राख्ने ठोकोले गाउँबाट भगाएर ल्याउँछ । ऊ नोकरको काम गरेर बसेको घर एकजना शिक्षित प्राध्यापक कृष्णगोपाल काजीको हो । वास्तवमा ऊ सहरमा जागिर खाने र पैसा कमाउने उद्देश्यले गाउँबाट भागेर सहर आएको थियो । सहर आएपछि सोसंफोर्स अर्थात् भनसुन नभइकन जागिर पाउन सम्भव छैन भन्ने कुरा बुझ्छ । कृष्णगोपाल साइक्लोजीमा एम्.ए.पास गरेका एक शिक्षित र चेतनशील व्यक्ति थिए । उनकी श्रीमती नानीमैयाँ हुन् । उनीहरूको बिहे भएको तीन वर्ष भैसक्दा पनि सन्तान भएको थिएन । उनीहरू आपसमा आकर्षणको अनुभव सुरुसुरुकी वैवाहिक जीवनकै राख्दै थिए । त्यो उनीहरूप्रति परेको आधुनिक सहरिया विकासको लक्षण थियो । प्रा.कृष्णगोपालले विवाह सुखमय वैवाहिक जीवनको लागि गरेका थिएनन् । उनको विचारमा शिक्षित नारीसँग बिहे गर्नु केवल सामाजिक प्रतिष्ठा प्राप्त गर्नको लागि मात्र हो भन्ने थियो । उनका शिक्षित दाजुहरूले अशिक्षित स्वास्नी भोग्न परेकोमा उनीहरूप्रति दया र सहानुभूति राख्दै उनीहरूको मनको विश्लेषण गर्दथे । उनी नारीहरूको मनबारे विश्लेषण गर्न चाहन्थे । त्यसैले उनले नानीमैयाँलाई बिहे गरेका थिए किनभने उनी एक घरानियाँ राम्री सुशील र शिक्षित नारी थिइन् । कृष्णगोपालले नानीमैयालाई केवल आफ्नी विवाहिता पत्नीको रूपमा बिहे गरेर भित्याएका थिए न कि मायालु पत्नीको रूपमा । त्यसैले पत्नीप्रति उनको प्रणय अनुराग कति पनि थिएन् । सोग्ने (उनी) आफ्नी विवाहित पत्नीलाई स्वास्नी होइन केवल स्वास्नीमान्छे ठान्दथे । त्यसैले उनी आफ्नी स्वास्नीको चरित्र माथि कहिले पनि शङ्कालु भएनन् सक उदार नै बनेका थिए । उनी यौनमनोविज्ञानलाई विभिन्न कसीद्वारा जाँच्न चाहन्थे । त्यसो हुनाले उनले आफूलाई पनि यस विषयमा स्वतन्त्र छोडी दिएका थिए । उनी कलेजमा पनि त्यही अध्ययनको आधारमा लेक्चर दिन्थे । फ्रायड र एडलरको लेटेशनको व्याख्या गर्दै मान्छे बिहे हुँदैमा मानसिक र रतिरागात्मक सन्तुष्टि मिल्छ भन्ने कुरामा उनी बिश्वास राख्दैन थिए । नारी र पुरुषको लागि मानवीय पारस्परिक सम्भावनाको प्रेम, सहानुभूति र सामूहिक सामाजिक दृष्टिकोण समान हुनुपर्छ केवल बिहे गरेमा यो आफै हुन्छ भन्ने धारणा गलत हो भन्ने उनको विचार थियो । त्यसैले उनी आफू पनि स्वतन्त्र थिए र श्रीमतीलाई पनि यस विषयमा स्वतन्त्र छोडिदिएका थिए ।

रत्नेले गाउँबाट कुमारसाहूकी कान्छी स्वास्नी भैसकेकी शर्वतीलाई भगाएर कृष्णगोपाल काजीको घर जहाँ ऊ पल्लिनेदेखि काम गर्दै आएको थियो त्यहीं राख्छ । कृष्णगोपालको स्वतन्त्र यौनविचारले शर्वतीमाथि अधिकार जमाउँछ । ऊ गाउँले सोझी शर्वतीलाई सहरिया साडी ब्लेजेन्ट दिएर आफूप्रति आकर्षित गराउँदै उसको जवानीको रस चुसेर पेट भोकाउँछ । आफ्नो प्रेमी रत्नेको प्रतीक्षामा रहेकी र उसँग जीवन मिताउने इच्छा राखेको भए तापनि ऊ धेरै पुरुषहरूसँग यौनसम्बन्ध राख्छे । कृष्णगोपाल काजी उसकी जीवनमा आउने चारौं पुरुष थिए । पहिलो उसकी विवाहिता पनि थियो, दोस्रो कुमार साहू थियो जसले शर्वतीलाई उसको लोग्नेसँग उठाउनुपर्ने रिनको बदलामा (उल्टो स्वरूप) लिएको थियो भने तेस्रो रत्ने र चौथो कृष्णगोपाल थिए । यसरी उसले जीवनमा चारजना पुरुषलाई भोगिसकेको भए तापनि आफूले माया गरेकी आइमाई भएकीले घरबेटी मालिकसँग शारीरिक सम्पर्क राख्छे भन्ने थाहा पाउँदापाउँदै पनि रत्ने उसलाई आफूसँग राख्छ । अर्को शब्दमा भन्ने हो भने यौन स्वतन्त्रतामा बिश्वास राख्ने

छ न देशको व्यवस्थाप्रति । उसले कुनै पनि कुराको समर्थन पनि गर्न सक्दैन र विरोध पनि गर्न सक्तैन । अविजित भएर पनि ऊ सबैतिरबाट विजित भएको छ, जीवनका हरेक पक्षमा हारेको छ । उसले आफ्नो आत्मग्लानि र हीनताभावलाई यसरी प्रकट गर्छ-

'घर सम्झेर पनि उसलाई वैराग लाग्यो । ...न त मेरो कुनै गल्ली छ न घर, जसको रक्षा गर्न मैले कुकुरको जुन लिन सकें । न देशको खातिर केही गर्न सकें अर्थात् आफूलाई (देश) बनाएर समृद्धशाली हुन सकें, न त बङ्गला बनाएर चिनेजानेकालाई मेरो रामझुप्रो भन्न सकियो ।... देश निर्माण गर्न मैले सकिन भन्दैमा घृणाको पात्र, आक्रोश र निन्दाको खकार फ्याँक्ने पिकदानी किन बन्न पुगें ?' (भुस्याहा पृ.६९) । त्यसैले 'ऊ एउटा सधैको अभावग्रस्त व्यक्ति, लाउनु खानुमा जीवनको रूपमा साकार भएको देख्ने मानिस एउटा सामान्य व्यक्ति' (भुस्याहा पृ.१८-१९) बन्न पुगेको छ । त्यसैले ऊ आफैसँग प्रश्न गर्छ-'घर न घाट हुनुमा पनि एक किसिमको अनौठोपनको अनुभव गर्न सकिन्छ' (पूर्ववत् :पृ.८३) । उसले आफूलाई पटकपटक अपराधी ठानेको छ तर सुधार्ने प्रयास भने गरेको छैन ।

आजको बढ्दो सहरीकरणको प्रवृत्तिले गर्दा मानवीय संवेदना र आध्यात्मिक मूल्यहरू ह्रास्दै गएका छन् र मान्छे नितान्त व्यक्तिगत बन्दै गएको छ भन्ने कुरा उपन्यासले प्रस्तुत गर्न खोजेको छ । आजको समाजको मानसिकता व्यक्तिको व्यक्तित्वमा भन्दा उसको भौतिक प्रगतिमा केन्द्रित छ । माया, ममता, स्नेह, आदरजस्ता भावनात्मक पक्षहरू भौतिक तुलना गर्न थालिएको छ । समाजका नजर मा ऊ अत्यन्त दयनीय, उपेक्षित र मूल्यहीन छन् भने स्वास्नी छोराछोरीबाट अपमानित र लाञ्छित हुन पुगेको छ । कायर, हतोत्साहा, निर्बल र अकर्मण्य भएकाले नै ऊ परिवारबाट टाढा हुन पुगेको हो । त्यसैले ऊ, 'भुस्याहा' विशेषणबाट पुकारिएको छ, उपन्यासको शीर्षकले नै उसको अस्तित्वहीन, बेसहारा, अव्यवस्थित जीवनलाई सङ्केत गरेको छ । उसले घुमन्ते र अपमानित जीवन भोगेर अन्त्यमा दुर्घटनामा परी मर्छ उसको मृत्युबारे कसैलाई जाकारी हुँदैन, उसको सनाखत पनि हुन सक्दैन, अन्त्यमा उपन्यासकारले उसको मृत्युबारे यसरी टिप्पणी गर्छन्- 'अविजितको मृत्युको बारेमा न घरका परिवारले थाहा पायो न देश देशावरका संवाददाताहरूले थाहा पाए । ऊ जीवनभर कसैको माया र दृष्टिमा नपरी भुस्याहा नै रह्यो र मर्दा पनि भुस्याहा कुकुरझैं कसैको समवेदना र शोक बिना नै अकस्मात् मऱ्यो ।' (भुस्याहा :पृ.८७)

उपन्यासकारले कतिपय प्रसङ्गमा मानवीय संवेदनात्मक मूल्यको खोजी पनि गरेका छन् । समाजमा अनावश्यक र असामाजिक तत्वको वृद्धि हुँदै गएको छ, अप्राकृतिक तत्वका सहारावाट समाजमा विकृतिको जालो फैलिँदै गएको छ अनि सामाजिक समस्याहरू दिनप्रतिदिन बढ्दै गइरहेका छन् । बसमा यात्रा गरेर हिंडदा युवतीहरूले सहनुपरेको बाध्यात्मक स्थिति, सडकमा सरल सोझा मान्छेहरू हिंडदा सहनुपरेका उपहास र उपेक्षा आदिमा मात्र होइन मानिसबाट मानिस दिन दह्राडै लुटिएको छ, वैयक्तिक स्वार्थका लागि आन्दोलन गरिन्छ भन्ने तथ्यसमेत उद्घाटित भएको छ । राजनैतिक विसङ्गतिको चित्रण गर्दै उसले 'हामी नेपालीहरू चाकरी गरेर ठूलो पद ओगट्छौं र स्वाभिमानी नेपाली भनेर आफ्नै गुणगान गर्न ज्यादै सिपालु छौं ।' भन्न पुगेको छ ।

काठमाडौंको एउटा निम्नवर्गीय परिवार र उनीहरूले भोगेको वास्तविकता उपन्यासमा देखाइएको छ । मूल विषय अभावलाई प्रस्तुत गर्नका लागि उपयुक्त वातावरण र परिवेशको तयार गरिएको छ । रञ्जितको जागिरमा पाँच सदस्यीय परिवार पालिनुपर्ने बाध्यता पटकपटक पार्वतीका मुखबाट व्यक्त भएको छ । परिवारका सम्पूर्ण सदस्य केही न केही काम गर्नसक्ने भएर पनि त्यसै खुम्चेर बसेका छन्, पार्वती दिनभर घरमै गुटुमुटु परेर अल्झिन्छिन्, उपेन्द्र र निरुला पत्रपत्रिका हेरेर दिन बिताउँछन् अझ उपेन्द्र त लफङ्गाहरूको साथ लागेर

दिन बिताउँछ, अविजित दिनभर घुमेर बिताउँछ। परिवारको यस स्थितिले अविजितलाई झन्झन् करुण र दारुण स्थितितिर धकेलेको छ। अविजितको सम्पर्कमा आएका उसका साथी र आफन्तहरूले पनि अभावभित्रको जीवन बिताएका छन्। उसकी बहिनी सरलाको दारुण जीवनको चित्र पनि उसका सामु उपस्थित छ। सामाजिक राजनैतिक, आर्थिक शैक्षिक, सांस्कृतिक क्षेत्रका कतिपय असङ्गति र विकृतिहरूलाई पनि आंशिक रूपमा उपन्यासले छोएको छ। राजनैतिक क्षेत्रका शिक्षक आन्दोलन, सत्याग्रह आन्दोलन आदिको पनि उल्लेख छ भने प्रशासनिक क्षेत्रमा हुने भ्रष्टाचारलाई पनि छुन खोजिएको छ। काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरूदेखि लिएर उपत्यकाबाहिर तराईको समथर भूभाग, भारतीय सीमा क्षेत्र, नारायणघाट, बनजङ्गल तराई, पहाड जतातते अविजितको बेसहारा जीवन घुमेको छ। आखिर यो सम्पूर्ण परिस्थितिको दोषी को हो त ? बसबारे उपन्यासकार मौन देखिन्छन्। एउटा अघबैंसे जीवन कहिलेकाहीं आफ्नो विगत जीवनघटनामा फर्कन्छ तर वर्तमानमा सबैतिरबाट पराजित हुँदै अन्तमा दुर्घटित हुन्छ। एउटा मूल्यहीन र उपेक्षित जीवनले मुक्ति पाउँछ। यही वास्तविकतालाई उपन्यासकारले हाम्रा सामु खडा गरेका छन्। जीवन जटिल र अव्यवस्थित छ, भौतिक सभ्यताका पछि लागेर वर्तमानको मान्छेले मानवीय संवेदनाहरूलाई भुल्दै गएको छ। पारिवारिक कर्तव्यबोध र दायित्वलाई उसले बहन गर्न सकेको छैन र ऊ परिस्थितिको दास बन्दै गइरहेको छ। हाम्रा सामाजिक सांस्कृतिक मूल्य र मान्यताहरूमा दिनप्रतिदिन विकृति थपिँदै गएका छन्। समाजमा शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार र उत्पीडनका गतिविधिहरू बढ्दै गएको कुरातर्फ समेत उपन्यासकारको दृष्टि पुगेको छ।

उपन्यासले न कुनै सिलसिलाबद्ध कथानक अँगालेको छ न चरित्र/चित्रण, परिवेश अवलोकन र कुनै दर्शनको प्रतिपादन गर्नु पनि यसको लक्ष्य होइन। अविजितले देखेभोगेका घटना प्रसङ्गमा उपन्यास निर्मित भएको छ र उसको अव्यवस्थित जीवनको प्रस्तुति नै यसको वैशिष्ट्य हो। अभाव र उपेक्षा सहँदै बाँच्नुपरेका मान्छेहरूको स्थिति देखाउनु यसको उद्देश्य हो। विवरणात्मक शैलीमा लेखिएको प्रस्तुत उपन्यासको खण्डित प्रवाहमा अखण्डित धारा गाँसिएको छ र क्रमहीन क्रममा औपन्यासिक बुनोट भएको छ। बोलीचालीको सरल भाषा र उखान टुक्काको प्रयोगले भाषा स्वभाविक र यथार्थ बनेको छ। संवादको स्वभाविक संयोजनका क्रममा अपूर्ण वाक्यहरूको प्रयोग पनि प्रशस्तै भेटिन्छ। यहाँ पुपै घटनाप्रसङ्ग अविजितको जीवनसँग जोड्न पनि सकिन्छ र कतिपय घटना प्रसङ्ग निकान्या पनि उपन्यास विखण्डित हुँदैन। उपन्यासले कतिपय व्याकरणगत त्रुटिहरूले सामना गर्नुपरेको तथ्यलाई नकार्न भने मिल्दैन। जे होस् उपन्यासको भाषाशैली अविजितको अर्थहीन र भुस्याहा जीवनलाई प्रस्तुत गर्न सफल देखिन्छ।

३. निष्कर्ष

प्रस्तुत **भुस्याहा** उपन्यास सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो। यस उपन्यासले काठमाडौंको निम्नवर्गीय परिवारको एक सदस्य अविजितको जीवनको वास्तविकतालाई प्रस्तुत गरेको छ। वास्तवमा जीवन सुनियोजित, क्रमबद्ध, नियन्त्रित र व्यवस्थित छैन, निकै जटिल छ र यसको अन्त्य सरल सहज ढङ्गबाट मात्र नभएर दुर्घटित पनि हुन सक्छ। अविजितजस्ता अनन्त व्यक्तिहरू पारिवारिक माया ममताको अभाव, आर्थिक अभाव, सामाजिक न्यायको आभावका कारण अभावग्रस्त जीवन बिताउँदै दुर्घटनाका सिकार बन्न पुग्छन् र उनीहरूको सनाखत पनि हुन सक्दैन, आकाशमा अनन्त ताराहरूमा एक दुईवटा तारा बिलाएझैं बिलाउन पुग्छन् भन्ने मार्मिक सन्दर्भलाई यसले बोकेको छ। उपन्यासको वस्तुविन्यास र शिल्पविन्यास त्यति सबल नभए पनि अविजितको अव्यवस्थित जीवनलाई प्रस्तुत गर्न उपन्यास सफल भएको छ, यो नै यसको प्राप्ति हो अनि एउटा उपेक्षित, मान्छिल र बेसहारा जीवनलाई हाम्रा सामु खडा गरेको छ, जुन यसको मूल्य हो।

★★★

साधनको रूपमा लिएका थिए। कुनै चिरस्थायी सुधारको व्यवस्था नभएको गाउँमा गाउँफर्क अभियानको सञ्चालन हुँदा गाउँलेहरूमा अब राहत मिल्छ कि; गाउँको शोषण र अत्याचार हट्छ कि भन्ने आशा पल्हाए पनि ठूलाठालुहरूले गाउँलेको त्यो आशयलाई निरास पारिदिएका थिए। बस्ती स्थितिले गाउँलेहरूलाई झन्झन् दुःख भई ऋणको दलदलमा फँसाएर गाउँ छोडेर सहर भान्न पर्ने बाध्यताको सृजना गरेका थियो। आफ्नो जन्मथलो गाउँमा ऋणको भारले टाउको उठाउन नसक्ने भएपछि सहर पसेर ज्याला मजदुरी गरेर धन कमाइ गाउँमा साहुले जफत गरेको खेत निकाल्ने उद्देश्यले पनि गाउँलेहरू धमाधम सहरतिर विस्थापित हुँदै थिए। तर सहर पसेका गाउँलेहरू जब त्यहाँको (सहरको) वास्तविक चित्र देख्दछन् तब उनीहरू जीवनदेखि नै हताश्साहित बन्न पुग्छन्। उनीहरूलाई गाउँमा साहुले पिरोल्छ भने सहरमा सहरिया चालचलनले। यिनै कुराहरू उपन्यासकार शङ्कर कोइरालाले यो **आलोपाली** उपन्यासमा देखाएका छन्। सहरिया र ग्रामीण जीवनको तुलनात्मक चित्रण गर्नको लागि उनले रत्ने र शर्वतीलाई गाउँको परिवेशबाट र कृष्णगोपाल काजी र नानीमायालाई सहरिया परिवेशबाट लिएका छन्। गाउँको सामन्ती शोषकको प्रतिनिधिको रूपमा उनले गाउँ पञ्चायतको अध्यक्ष कुमार साहु भन्ने पात्र सृजना गरेका छन्। त्यस्ता साहुहरूद्वारा पीडित पात्रहरूको रूपमा उनले हिरे नाम गरेको गाउँले पात्रलाई ठड्याएका छन्। गौणरूपमा यहाँ हिरेकी स्वास्नी निदरी सेठेप्री, कुमार साहुकी स्वास्नी जशोदा, सेठेप्रीकी बैनी, किस्ने, बिस्ने, अर्चना, सुम्बा तीर्थलाल, केदार साहु, शङ्करमान आदि आदि राखेका छन्।

रत्ने उपन्यासको मूल पात्र हो। ऊ आफ्नो दाजु हिरे र भाउजु निदरीसँग जलबीरे गाउँमा बस्छ। हिरे गाउँकै कुमार साहुसँग घर बन्धकी राखेर पाँचसय रुँपैया र खेतामा लगाउन ज्याला भनेर डेढसय मात्र लिएको थियो। त्यो दिन उसले ब्याजस्याजसहित तिर्न पर्ने थियो जसको लागि उसले साहुलाई प्राणदाता र अन्नदाताजस्तो मान्दै आएको थियो। उसको घरव्यवहारमा आइपर्ने सबै कामबिना ज्याला गर्दै आएको थियो। रत्ने हिरेको भाइ हो। ऊ जोश र जाँगरले उन्मत्त थियो। बैंसले भरिपूर्ण थियो। उसलाई कुमार साहुको कालो करतुत मन पर्दैन तर ऊ निमुखा गर्न पनि केही सक्दैन। रत्नेको बनखोला माइती भएको शर्वतीसँग गाउँमा दाउरापात गर्न जाँदादेखि मायाप्रिति बसेको थियो। ऊ धनी भएको भए मायाप्रिति गाँस्ने बित्तिकै शर्वतीलाई ल्याउने थियो तर गरिब भएकोले उसलाई लाने आँट गरेको थिएन। शर्वतीले उसलाई 'सहरा जागीरे भएछौ भने बाउँछु भागेर' भनेकी थिई। उसले पनि 'जागीर पाएपछि तँलाई लिन आउँछु' भनेर सहर तिर लागेको थियो तर ती दुईको दुर्भाग्य शर्वतीको अन्तै बिहे हुन्छ। ऊ राम्री थिई। उसको रूपदेखेर सबै मुग्ध हुन्थे। त्यसैले अर्थात् उसको सुन्दर ताडेखि लासायित भएर अर्काकी स्वास्नी भइसकेकी शर्वतीलाई कुमार साहु उसको डाइसितको रिनको उठती स्वरूप जबर्जस्ती ल्याएर कान्छी स्वास्नीको रूपमा राख्छ। शर्वती पनि कुमार साहुद्वारा पाउने तिलहरी र झुम्काको प्रलोभनमा ऊसँग पोइल जान्छे। यसरी रत्नेले शर्वतीलाई गुमाउनु परेको थियो। शर्वतीलाई पाउने सङ्कल्प लिएर धनकमाउन सहर पसेको रत्ने अर्काको घरको गोठालो र चुलोचौकाको नोकरी गरेर केही पैसा जम्मा पार्छ, अनि शर्वतीलाई लिन गाउँ जान्छ। ती दुई गाउँको पीरामा भेटेर आँखिझाले कुरा गरेर भेट्ने ठाउँ मिलाई गाउँबाट भागेर सहर पुग्छन्।

'रत्नेले शर्वतीलाई भगायो' भन्ने कुरा गाउँमा हल्ला भएपछि कुमार साहु र हिरेको खटपट पर्छ। कुमार साहु रत्नेलाई गाउँबाट हिरेले नै भगाएको हो भन्दै उसलाई हातपात गर्छ। त्यही चोटले हिरेको मृत्यु हुन्छ। हिरेको मृत्युलाई गाउँमा सहज रूपमा लिइन्छ। कुमार साहुलाई हिरेको मृत्युले केही असर पर्दैन। हिरे मरेपछि उसकी स्वास्नी लठेरी निदरी आफूलाई साथीको रूपमा राख्न बैनी ल्याएर राख्छे तर कुमार साहु त्यसमाथि पनि कुदृष्टि राख्छ। यसरी साहुको अत्याचारले आफ्नो गाउँमा टिक्न नसक्ने भएपछि निदरी सीम्नेको मृत्यु र साहुको अत्याचारले आजित भएर गाउँ नै छोडेर माइती बस्न जान्छे।

उपन्यासको पूर्वाद्धमा लेखकले गाउँका शोषकहरूको शोषण र निमुखा गाउँलेहरूको दयनीय अवस्थाको चित्रण गरेका छन् भने रत्ने र शर्वतीलाई सहर पुगेपछि त्यहाँका विचित्रका विभिन्न

✍ रञ्जुश्री पराजुली

शङ्कर कोइरालाको आलोपालो उपन्यास एक चर्चा

नेपाली साहित्यमा साहित्यकारहरूको नाम चर्चा गर्न खोज्दा विसंन नहुने नामहरूमध्येको एक नाम हो-शङ्कर कोइराला । वि.सं.१९८७ मा पूर्व २ नं.दुम्जाका ईश्वरीप्रसाद र मित्रप्रिया कोइरालाबाट काठमाडौंमा जन्मिएका ढकारप्रसाद कोइरालाको, साहित्यको क्षेत्रमा शङ्करप्रसाद कोइराला नामले चीरपरिचित भएका छन् । उनले नेपाली साहित्यको कथा, उपन्यास, नाटक आदि विधाहरूमा सशक्तरूपले कलम चलाएका छन् । जीवन भोग्ने क्रममा विभिन्न ठाउँमा जागिर खाँदै, विभिन्न किसिमका मान्छेहरू भेट्दै अनि पैतृकधनो दुम्जा ओहोरदोहर गर्ने क्रममा आफूले देखेका र भोगेका अनुभवहरूलाई उनले कथा, नाटक, उपन्यासको रूप दिएका छन् । उनका ती भोगाइहरू ग्रामीण जीवनसँग पनि सम्बद्ध छन् अनि सहरिया जीवनसँग पनि । मुख्यतः उनी सामाजिक विषयवस्तुलाई लिएर साहित्य सृजना गर्ने साहित्यकार हुन् । उनको सामाजिकताभित्र यथार्थता पाइन्छ । ग्रामीण तथा सहरिया दुवै परिवेशका सामाजिक यथार्थलाई समेटेर उनी कलम चलाउँछन् । उनको प्रथम प्रकाशित उपन्यास **बैरिनी घाट** हो । यसको प्रकाशन २०१८ सालमा भयो । यसपछि **कन्याकर**-२०२४, **म पिउन अघवारको**-२०२५, **दौसाँझ**-२०२७ आदि आदि धेरै उपन्यासहरू प्रकाशित भएका छन् । उनका **बैरिनी घाट** उपन्यासले नेपाली साहित्यमा महत्वपूर्ण स्थान ओगटन सफल भएको छ भने अरूले पनि आआफ्नै महत्व बोकेका छन् । यस्ता अनगिन्ति साहित्य सृजना गर्ने शङ्कर कोइराला यस क्षेत्रमा त्यति चर्चित नहुनु अवश्य पनि राम्रो होइन । हाम्रो समाजमा मृत्युपरचात् सम्मान दिने जुन परम्परा छ त्यही परम्पराले स्वर्गीय शङ्कर कोइरालालाई पनि समेट्ने प्रयास हुन लागेको छ अर्थात् बाँचुन्जेल उनीबारे चर्चा परिचर्चा कसैले गरेनन्, त्यस्तो कहिले कतैतिर सुनिएन तर आज उनको मृत्यु २०५४ पश्चात् साहित्यप्रेमीहरू उनको सृजना र सृजनशीलतालाई प्रकाशमा ल्याउने प्रयासमा लागेका छन् । दिलो नै भए पनि यसलाई प्रशंसनीय कार्य मान्नुपर्छ ।

धुपै उपन्यासहरूमध्ये **आलोपालो** साहित्यकार शङ्कर कोइरालाद्वारा रचित एक सामाजिक उपन्यास हो । यसको प्रकाशन २०३४ सालमा नवीन प्रकाशन बाराणसीद्वारा भएको हो । यसमा जम्मा १८ परिच्छेद रहेका छन् । छोटोमा मीठो सानोमा राम्रो भनेझैं यो उपन्यास आकारमा सानो भए पनि यसमा समावेश भएका घटना र उपघटनाहरूले गर्दा यो मार्मिक बन्न पुगेको छ । एकातिर यसले नेपाली पहाडिया निम्नवर्गीय समाजको आर्थिक र सामाजिक स्थितिलाई चित्रात्मक शैलीमा प्रस्तुत गरेको छ भने अर्कोतिर त्यहाँका शोषकवर्गको अन्याय अत्याचार र धिचोमिचोलाई पनि टड्कारो रूपमा देखाएको छ । फेरि यसले सहरिया जीवनको रहनसहन, चालचलन, विकृति विसंगति र त्यसले देशका नागरिकलाई पारेको प्रभावको चित्रण पनि गरेको छ । अर्को शब्दमा भन्ने हो भने यसले सहरिया र ग्रामीण जीवनको तुलनात्मक चित्रण गरेको छ । गाउँमा बस्ने सोझा गाउँलेहरू त्यहाँका शोषकहरूको शोषणमा परेर कसरी कष्टमय जीवन बिताउन बाध्य हुन्छन् भन्ने यसले देखाएको छ । पञ्चावती व्यवस्थाको बेलामा लेखिएको यो उपन्यासमा लेखकले त्यो व्यवस्थामा 'गाउँ फर्क अभियान' जस्तो ग्रामीण विकास अभियानको पनि सुरुआत भएको थियो । गाउँको विकासको लागि त्यस्तो अभियानको सञ्चालन भएको भए तापनि त्यहाँकै मुखिया, जिम्वाल, पञ्चायतका अध्यक्ष आदिले त्यस्ता अभियानहरूलाई पनि धनकमाउने

✍ बिन्दु कोइराला

शङ्कर कोइरालाको नाठो उपन्यास अवलोकन गर्दा

स्व. शङ्कर कोइरालाको जन्ममिति वि.सं.१९८७ हो । उनी निम्नमध्यमवर्गीय परिवार का, पिता ईश्वरीप्रसाद र माता मित्रप्रियाका कान्छा छोरा थिए । आफ्नो पितृघरो दुम्जाको आधाबाटे भन्ने टोलमा बसोबास भएको कारणले गर्दा उनले 'आधाबाटे कान्छो' को उपनामले समेत आफूलाई विभूषित गराएका छन् । उनको बाल्यकाल भनौं वा युवाकाल निर्दोषी जीवनमा नै परिवेष्ठित भयो । मातापिताको लाड्प्यारमा लुटपुटिएका शङ्करले बेसाबखतदेखि नै जागिर खाएर आफ्नो जीवनलाई त्यसको घेराभित्र जकड्याउन चाहेनन् । यसको फलस्वरूप उनको रुचि साहित्यतर्फ उन्मुख भयो र नेपाली साहित्य-जगत्ले उनीबाट धुपै साहित्यक कृतिहरू भिझाउने सौभाग्य पनि पायो भन्दा कुनै अत्युक्ति नहोला । दीर्घराज कोइरालाले पढाइसम्बन्धी केही कमी कमजोरीलाई माध्यम बनाएर उनको गालामा थप्पड हान्दा बसेको रातो डामलाई शङ्कर कोइरालाले प्रेरणाको स्रोतका रूपमा स्वीकारे र फलतः उनी एस्.एल्.सी.मा प्रथम श्रेणीमा समुत्तीर्ण पनि भए । त्यसपछि महीनाको रु.१०० को तलबमा गोर्खापत्र संस्थानका कर्मचारीका रूपमा कार्यरत शङ्करले लोकसेवाको परीक्षा उत्तीर्ण गर्न नसकुन् नेपाली साहित्यजगत्का लागि अहोभाग्य सिद्ध भयो । किनकि यसैको फलस्वरूप शङ्करले **बैरिनी घाट** उपन्यास लेखे, जुन उपन्यासमा दुम्जा र त्यस वरिपरिको जनजीवन छलङ्गिएको छ र नेपाली उपन्यासका क्षेत्रमा स्थानीय चित्रणका आधारमा आञ्चलिकतालाई चिम्काउने पहिला सफल उपन्यासकारका रूपमा पनि शङ्करलाई नै सम्झनु पर्दछ । 'दुम्जा' उनका लागि प्यारो थियो र त्यहाँका खेतबारी बेचिँदा पनि उनको मुटु चीसो हुन्थ्यो । यसमा उनको आफ्नो भाव यसरी व्यक्त भएको छ-'दुम्जाको सेरोफेरो नै उनलाई साहित्य कोर्न प्रेरणा दिने उत्प्रेरक तत्त्वहरू हुन् ।'

शङ्कर कोइराला स्पष्ट वक्ता थिए । आफ्नो एक ठाउँमा भनेका छन् - 'आफू ब्राह्मे भएकाले विवाह भएको छ महिनापछि पकनाजोलकी भइराईकी छोरी इन्दिरा मलाई छोडेर पोइल गई ।' मातापिताको मृत्यु, दाजुभाइको बढ्याई र आफ्नो सीमाँपनको कारणले गर्दा आफ्नो परिवारलाई च्यापेर डेरामा बस्नुपर्ने बाध्यतालाई पनि शङ्करले स्वीकारे । जस्तोसुकै सधाँसिंगे जीवनयापन गर्नुपरे पनि शङ्करले सेल्न छोडेनन् ।

शङ्कर कोइराला भन्छन्-'जहाँ जन्मे पनि म नेपालमै जन्मेको हुँ । मेरी आमाले मेरो सालनाल यही देशमा गाड्नुभएको थियो । यसैले कसैले सोध्दा म काठमाडौंमा जन्मेको भन्छु र कसैलाई दुम्जामा जन्मेको भन्छु ।' जहाँ जन्मे पनि आफू नेपाली भएको गौरव उनी गर्दछन् । डोकामा बोकिएर होस् वा पैदल होस्, ४ वर्षको उमेरदेखि नै उनले दुम्जा र काठमाडौंको ओहोरी-दोहोरी चलाएको प्रसङ्ग उनको दुम्जाप्रतिको अनुरागलाई अझ बढी बलियो बनाएको स्पष्टिन्छ । आफूले लेखेका पचासौं उपन्यासमा धुपै कथा तथा एकाङ्कीमा समावेश भएका पात्र, घटना, समस्या र परिवेशहरूमा दुम्जा नै उभिएको अनुभव लेख्नकले गरेका छन् ।

जागिरमा अस्थिरता, पीरै तनाव र उकराकबाट पनि परिश्रमको उचित मूल्य नपाउनुले आर्थिक मारमा पिन्सिएका शङ्करले कवि क्षेत्रप्रताप अधिकारीलाई आफ्नो कर्मदाता ठान्दै उनीप्रति व्यक्त गरेको उद्गार यस्तो छ-'उहाँले मेरो अवस्थामा साहनुभूति देखाउनुभएको देखा यस्ता दयावान् सहृदय मानिस पनि रहेछन् भन्ने मलाई लाग्यो ।' जनक-शिक्षा-सामग्री केन्द्रमा धेरै होइन, केवल ६ महीना मात्र नै बस्नुपरेको भए आफ्नो मृत्यु भइसक्ने र त्यही वर्षमा २ वर्षीय छोराले इहलीला समाप्त गरेको शङ्कर कोइरालाको भावाभिव्यक्तिले कुनचाहिँ पाठकवर्गको हृदय नकोपर्ला र ? साझा-प्रकाशनकै

देन भन्नुपर्दछ, त्यहाँ गएपछि उनले बी.ए. पास गरेर कान्छी श्रीमती रूमा कोइरालाको सधैं बी.ए पास गर भन्ने घच्घच्याइलाई पूर्णता पनि दिए ।

कथाकारका रूपमा उनी २००३ सालदेखि नै देखा परे । उनका प्रथम प्रयासका कथाहरू **शारदा**पत्रिका प्रकाशित छन् । उनका करिब ५०/६० वटा कथाले नेपाली कथा क्षेत्रलाई धनी बनाएका छन् । साहित्यिक सिर्जनामा उनले खास कुनै साहित्यिक सिद्धान्तको गहनतम अध्ययन नगरेको भाव शङ्कर स्वयंले व्यक्त गरेका छन् । कथा तथा उपन्यास लेख्नमा पढिन्थाएको वा होऱ्याएको गोरेटो उनको आफ्नै पेवा हो, त्यसैले आफ्नो गोरेटामा खान्टाखुन्टी, उकाली र ओराली पाइन्छ भन्ने समालोचकहरूप्रति उनी आक्रोश व्यक्त गर्दैनन्, बरु चित्त बुझाउँछन् । बाबीको दूध पिएका शङ्करमा पनि निर्बोधता र आत्मसन्तुष्टिदेखि बाहेक अन्य छलछाम, दाउपेच र औसर छोप्ने स्वभाव जति खोजे पनि भेट्न सकिँदैन । त्यसैले उनी सबैतिरबाट ठगिए ।

शङ्कर कोइरालाले धेरै लेखेर थोरै चर्चामा आएका साहित्यकार हुन् । नेपालका प्रकाशकबाट निराश भएका शङ्करले आफ्ना कृतिको प्रकाशनका लागि कैयौंपल्ट बनारस धाउनुपऱ्यो र यसमा कतिपय अबुझहरूले उनलाई बनारसमा कुनै पेशा लिएको शङ्का पनि गरे । साहित्यको सेवा गर्ने धोको नपुगेका शङ्कर साहित्यिक सेवाकै लागि अझ बाँच्न चाहन्थे, तर निर्दयी कालले उनलाई २०५४।४।२६।१ का दिन आफ्नो पाहुना बनायो ।

प्रवृत्तिः

सामाजिक यथार्थता, निम्नवर्गप्रति सहानुभूति राख्नु र देशप्रेम शङ्करका प्रथम विशेषताहरू हुन् । उनका उपन्यास तथा कथा सुधारवादी र समस्यामूलक हुन्छन् । नवीन कोसेली दिन र नयाँ शैली तथा शिल्पको प्रस्तुतिमा सदैव प्रयत्नशील रहेको भाव उनी व्यक्त गर्दछन् । सरलता उनको लेखनीको अर्को पक्ष हो । ग्रामीण जीवनको चित्र उतार्न काममा उनी दत्तचित्त र सीपालु छन् । कुनैकुनै कृतिका केही प्रसङ्गमा सामाजिक यथार्थताको कमी खड्के पनि अन्ततः उनी सामाजिक यथार्थवादी साहित्यकार नै हुन् र उनलाई प्रगतिशील उपन्यासकारको छेउछाउमा राख्ता पनि अन्याय चाहिँ हुँदैन । उनका कृतिका अधिकांश शीर्षकमा सार्थकता पाइन्छ र टङ्कारो मनोविज्ञान तथा यौनवादको प्रयोग गर्न उनी कम रुचि राख्छन् ।

कथावस्तुः

माठौ शङ्कर कोइरालाद्वारा लिखित पचासजटा उपन्यासमध्येमा पर्ने एउटा सामाजिक उपन्यास हो । विवाहको विधिविधान परिवेष्टित नभएर तथा समाजले मान्यता नदिएको वा लुकुवा पोइको नाम हो - माठौ । प्रेमबहादुर र पुर्नी पहाडको भीरचौक नामक गाउँदेखि नै प्रेमबन्धनमा बाँधिएका देखिन्छन् । जातकी सर्किनी पुर्नीलाई टिपेर प्रेमबहादुर सहरमा आइपुग्दछ । निरक्षर प्रेमबहादुर तथा अनपढ पुर्नीको ज्वामीकाम गर्दा भेटिएको साथी हो-जीतबहादुर, जसको घर पूर्वको 'स्पुटार' मा पर्दछ । समयको गतिमा जीतेले पुर्नीलाई स्वास्नी स्वीकार्दै आफ्नो बेठामा लगेपछि प्रेमबहादुर जिल्लिन्छ, यसले पुर्नीलाई हृदयदेखि नै चाहेको हुन्छ, माया गरेको छ । ज्वामी काम छोडेर पुर्नीका साथमा पहाडतिरै फर्किएको जीते पाँहरोद्वारा थिचिएर इहलीला समाप्त गर्दछ र आफ्नै पोइको घर-स्पुटारमा बसेकी पुर्नीका आफन्त पनि छन् । पुर्नी जातकी सर्किनी भए पनि उसलाई रूप र सौन्दर्य दिन भगवान्ले ठगेका छैनन् अर्थात् ऊ अनुपम सुन्दरी छे, त्यसैले उसलाई गाउँका मुखियासम्मले पनि आफ्नो प्रेमपासमा बाँध्न खोजेका छन् ।

पुर्नीको प्रेममा पागलजस्तो भएको प्रेमबहादुर जीतेको मृत्युको खबर सुनेपछि पुर्नीसँग भेट्ने आतुरतामा स्पुटारका लागि पूर्वतिर मोडिन्छ । सहरदेखि अनेकौं हण्डरगोता खाँदै हिँडेको प्रेमबहादुर बाटामा हिँड्ने बटुवाको भरिया पनि बनिदिन्छ । आफ्नो नासी बेली थाहा पाउने दुलही बन्नैको -'सर्किनीलाई अझ बिसिएको छैनन् ?' भन्ने भावभङ्गिमाले पनि उसलाई डगमगाउन सक्दैन र निडरतापूर्वक आफ्नो अभिव्यक्ति दिन्छ-'उसको पोइ अस्ति पहाराले बिचेर मऱ्यो रे ! उसले आफ्नो चुराघागो नफ्याँकी बसेकी सुन्दा ऊ मेरै सत्मा बसेकी छे, मलाई नै पोइ मान्छे भन्ने लाग्यो । मेरो मनमन्दिरमा ऊ नै राज गर्थी, मेरो भित्रकी

उपन्यास आफै एउटा कला हो । उपयुक्त वातावरणको सिर्जना, जासुसी शैलीका चरित्र र कौतूहलहरू, चरित्र अनुसारका शब्द, शैली एवम् बुद्धि र विवेकको समायोजन गरेर अनि विविध क्षेत्र र पक्षमा लेखकको मानवीय संवेदनशीलता आप्लावित भएको छ । अपराधीको अपराध गर्ने बाध्यताको अध्ययन हुनु पनि सामाजिक तथा व्यक्तिगत विकार हटाउने सहयोग हो । सम्बन्धित नागरिक र प्रहरीको भूमिका र समन्वय यहाँ उदाहरणीय छ ।

नारीसमस्या र समाधानमा यहाँ पर्याप्त ध्यान दिइएको छ अनुपमाको चरित्र, भूमिका र परिस्थितिमार्फत् । हास्य-कलामा उपन्यासकार शङ्कर निकै पोख्त देखिन्छन् । घनश्याम नारी रूपधारी बिरामी अवस्थामा बसेको बेलामा नारीको स्वरमा बोल्ने पाठक वा दर्शकलाई एउटा रमाइलो अनुभव हुन्छ । अत्यधिक असावधानीका कारणले पुस्तकमा प्रूफसम्बन्धी धेरै गल्तीहरू हुँदा मुद्राराक्षसले पाठकको पाठकीय रसास्वादनलाई निकै बल्लो बनाउँछन् ।

जासुसी उपन्यासको मुख्य लक्ष सामाजिक र व्यक्तिगत विकृति र विसङ्गति हटाई पौटा स्वच्छन्द सदासयी नागरिक र समाजको सृजना गर्नु हो । जसरी भए पनि पाप र पापी पत्ता लाग्छन् , उम्किन कोही पनि सक्तैन । त्यसैले पापी काम गर्दै नगरौं भन्ने नै सन्देश यसको हुन्छ । यस्तो सन्देश सम्प्रेषण गर्नका लागि चाहिने व्यापक वातावरणको सृजना गरिएको हुन्छ र यस उपन्यासमा यी तत्त्वहरूको मर्यादित चयन भएको छ ।

शङ्करको भाषा सरल नै छ । उनले विभिन्न प्रकारका शब्दहरू प्रयोग गरेका छन् । उपमा, बिम्ब र प्रतीकहरू पनि बढाकदा देखा पर्छन् । प्राकृतिक स्वर-शब्द विदेशी र आगन्तुक शब्द, ठेट, संस्कृत तथा नयाँ शब्दनिर्माणसम्म उनको भाषिक पहुँच रहेको देखिन्छ । केही उदाहरणहरू तल दिइएका छन् -

भालाझैं मुटु रोप्नु , स्वर गुन्न ,भीडको ग्वाइँग्वाइँ आवाज, दुष्प्रवृत्ति, दुरावस्था, जोरे जुलुम,छुन्याई, डटपेन ,कलिंगबेल, निहाएँ, पक्कपर्नु, भुक्तभोगी, मानहरू रूमालबाट, पीठो र बिटो- यहाँ यी पछिल्ला ७/८ वटा शब्दहरूमा गद्यमा पनि पद्यको जस्तो लाटानुप्रास (Alliteration) को झलक पाइन्छ । लिप्सिलो स्वर, ललचाउँदै - यी नयाँ शब्दनिर्माणजस्तो लाग्छ । आहट् अवाक्, घुल्नु , घुस्नु, धाँडो पन्छाउनु , बजिया, डिटेक्टिभ् गिरी, लोभ लाग्ना, हिमचिम, आवतजावत, फत्तुर लागिराका जस्ता शब्दहरूले जनजिब्रोको लोली-बोली बुझाउने र ठाउँठाउँमा उखानतुक्का आदिको प्रयोगले उपन्यासमा भाषाशैली सरस, सुबोध, सरल तर सशक्त र जीवन्त भएको छन् ।

कुनै पनि घटनाका कारण र कार्यको क्रमिक र तर्कशील यथार्थमा पुग्नु र त्यो सत्यलाई समातु सचेत नागरिक समाजको कर्तव्य हो । प्रस्तुत घटनाका खलनायक अथवा परपीडक अथवा भनौं शाश्वत पीडा पक्षका तत्त्वहरू पत्ता लाग्नै पर्छ, तिनीहरू समाजका सामुन्ने प्रष्ट हुनै पर्छ । तर खराब कारकहरू पत्ता नलागेसम्म मनस्थिति र परिस्थिति अस्तव्यस्त हुन्छन् फलस्वरूप जनजीवन बेचैनीमा प्रतिताडित हुन्छ , अशान्तिमा पिन्सिन थाल्छ,डर ,धाक, त्रास, अन्योल र असुरक्षामा सब व्यथित हुन्छन् । तर समस्याले ग्रस्त उठानको अन्तमा सुखद बैठान हुन्छ । त्यस्तैगरी त्यो प्रस्तुत पाखन्डको पर्दाफास कसले गऱ्यो ? किन गऱ्यो ? कोको मिलेर गरे ? सुरूमा किन कसरी ढाकछोप गरिएको रहेछ आदि कुराहरूको पनि जानकारी जनसमुदायलाई, सम्बन्धित परिवार र व्यक्तिहरूलाई आवश्यक हुन्छ । यसरी कुनै पनि नराम्रो घटनाको सत्यासित सम्बन्धित विविध पक्षविपक्षहरू त्यो यथार्थको स्वरूप, खल र असल चरित्रको निर्क्यौल, व्यक्तिगत तथा सामुहिक सुरक्षा र शान्तिको प्रत्याभूति दण्ड र पुरस्कारजन्य न्याय प्रदान गर्नु सभ्य समाजको, राज्यको र त्यसका रचनात्मक कारक सिर्जनशील कर्मीहरूको प्रमुख दायित्वमध्ये एक हो । यसरी सत्य, न्याय, सुरक्षा र शान्ति प्रतिस्थापित गर्नु भनेको मानवअधिकार प्राप्त गरी त्यसको समुचित उपभोग गर्दै सुसंस्कृत प्रजातान्त्रिक समाजको प्रत्यक्ष मूलबाटो हिँड्दै उच्चउच्च समृद्धितिर गतिशील हुनु हो । जासुसी उपन्यासको यो एक महान् योगदान हो-विश्व साहित्य र विश्व समाजका लागि, संवेदित मानवीय अन्तस्करणकालागि । यसप्रकार यो उपन्यास उच्चस्तरीय रूपमा सफल छ । अस्तु ।

★★★

भएको थियो ।

त्यसपछि अदालतमा मुद्दा जोडिन्छ । सबैले घनश्यामलाई नै दोषी ठहऱ्याएका छन् । ऊ हत्कडीमा छ -पुलिसको अदालतको 'डायस'मा । जब पुर्पक्षे र बहस बढ्दै जान्छ तब परिस्थितिले अर्कै पल्टनथाली छान्छ । त्यहाँ रत्नशेखर भन्ने वकिलले राखो तथ्य- युक्त र प्रभावकारी बहस गरे घनश्यामको पक्षमा । त्यसै अवस्थामा पुगेर मात्र रहस्यका पर्दाहरू विस्तारै खुल्न थाल्छन् । तिनीहरूलाई निम्नबमोजिम टिपोट गर्न सकिन्छ :

- अक्षय कान्तले सुरेशलाई जान्दिनँ-चिन्दिनँ भनी लप्पन छप्पन गरेको कुरा झुठा ठहरिनु
- सुरेश भन्ने नक्कली दन्नालको पर्दाफास हुनु
- सुधीरको आगमन
- डिटेक्टिभ् प्रकाशको हठात् अनुपस्थिति र अर्कै रहस्य
- मृदुला र प्रकाशको प्रेम-प्रसङ्गको नयाँ जानकारी
- प्रकाश-पेसेवर डिटेक्टिभ- घनश्यामप्रति तीव्र ईर्ष्यालु भएको थप जानकारी
- मृदुलालाई सेठको घरमा पुऱ्याउने टेक्सी ड्राइभरको उपस्थिति
- मृदुलालाई सेठको घरमा त्यस राती जान नदिने प्रकाशलाई मुक्का र घुस्साले ठोक्ने गिरिधारीलाई सुधीरले आफ्नो सिआइडी बनाएर सुरेशको भूमिका खेल्न लगाएको, जो माथि पर्दाफास भयो
- प्रकाश र अक्षयकान्तको साठगाँठमा सेठको पिस्तोल अक्षयकान्तबाट चोराई आफ्नो गोली हाली घनश्यामको कोठामा राखे षड्यन्त्र गरेको कुराको रहस्य खुलेको
- सेठको पत्र प्रकाशद्वारा घनश्यामकोमा पुऱ्याउने भूमिका सुधीरले नै खेलेको
- घनश्याम सिमाली‌को भट्टीमा कसरी बसेको छ भन्ने जानकारी प्रकाशलाई दिने काम पनि सुधीरकै हुनु

यस्ता नयाँ जानकारीले घनश्याम निर्दोष भएको पत्ता लाग्छ र तुरन्तै उसको हतकडी र नेत्र खोलिन्छ र आफ्नै मानसिक प्रदूषणमा घनश्यामप्रति गलत विचार राखेकोमा सेठ- बाबु-पछुतो गर्छ । तर दोषी को हो त ? सो तथ्य अझै पत्ता लागेको छैन । यत्तिकैमा डिटेक्टिभ् प्रकाश गौटा दाङ्गी बढेको मानिसलाई हतकडी लगाएर अन्य प्रहरी सहितै अदालत आइपुग्यो । यहाँ आएर प्रकाश र अक्षयकान्तले सेठको पेस्तोल चोरी गरेको भन्ने कुराको रहस्य खुल्छ । त्यो के भने सुरेशले आफ्नै व्यक्तिगत घृणाको कारणले घनश्यामलाई मार्न खोज्दा मृदुलालाई लागेको र त्यो पेस्तोल बगैंचामा प्रकाशले भेट्टाएको अनि औठा छाप लिएर अक्षयकान्तलाई दिएको भनी त्यो पेस्तोल त्यहीं पेस गरे । तर त्यहाँ घनश्याम कसरी बँचे ? कथामा रहस्य नै छ ।

यसरी सुधीरको डबल डिटेक्टिभ् कार्य र प्रकाशको सूक्ष्म अनुसन्धानद्वारा सम्पूर्ण सत्य जगजाहेर हुन्छ । उनीहरू ती दुवैलाई पुरस्कार दिलाउने मनस्थितिमा त्यहाँ पुग्छन् र निर्णय पनि गर्छन् । त्यस्तो निर्णय ज्यादै सकारात्मक विषय हो ।

यो उपन्यास ९ उपशीर्षकमा बाँडिएको छ , काव्यका सर्गहरूजस्तो । किताब सर्सर्ती पल्टाउँदा कथासङ्ग्रहजस्तो लाग्छ । ती अध्यायहरूले पाठकीयतालाई प्रोत्साहन दिन्छन् । उपन्यासमा धेरै कडी गाँठा र गन्ठिहाहरू छन् । तिनीहरूमा सूक्ष्म दृष्टि लगाउँदै हो-होइनका ठहर बनाउँदै , हत्यारा खोज्दै पाठकीय शोधोन्मुख चेत अघि बढ्छ र अन्तमा हत्यारा पत्ता लाग्छ । फलस्वरूप मानसिकता र सामाजिकतामा शान्ति आउँछ , सुरक्षाको आश्वासनले बास पाउँछ । यसरी काव्यगत न्याय (Poetic justice) प्राप्त हुन्छ ।

३. उपन्यासको कला र प्रविधि:

जहाँसम्म यो जासुसी उपन्यासको कला र प्रविधिको सवाल छ । ती पक्षहरूको यहाँ सम्यक् रूपमा समन्वय भएको छ । हठात् , घटना र आतङ्क ,विकल्पहीन संलग्नता , गोलमाल र अस्तव्यस्तता, डर, त्रास, आपसी गलत शङ्का र उप-शङ्काहरू, खोजीका क्रममा कथानकको लोहेश्यमूलक विकास, विभिन्न विरोधी छाल र छेकाबारहरू भिन्न लगनशील सत्यकर्मी र न्यायकर्मीहरूको शोध र अनुसन्धान चलिरान्छ । यी पक्षलगायत नाटकीयताका तत्वहरू दृश्य व्यवस्थापन र सम्भाषण आदि सर्वत्र छन् । अदालतको दृश्यमा पूर्ण नाटकीयता छ ।

देवता भने पनि बाहिरी चौता भने पनि ऊ नै थिई ।' अचानक स्कुटार आइपुगेको र नाम पनि काम पनि दुवै मिल्ने व्यक्तिलाई देखेर पुर्नी मुण्टो बटार्दिन, मरु खुशीले गदगद हुन्छे । अनि पुर्नीको आफूप्रतिको व्यवहार कस्तो हुने हो भन्ने उसको छातीको धुङ्गा उसबाट पन्छिन्छ र ऊ आफूलाई फूलको थुँगोसमान भएको अनुभव गर्दछ । कर्मशील प्रेमबहादुर पुर्नीकै हलो जोत्न र घर निर्माण-कार्यमा तल्लीन रहन्छ । पञ्चायतका अनुमतिबिना थालिएको घर बनाउने काममा गाउँका मुखियाले अवरोध खडा गर्दा पुर्नीलाई सत्य हुँदैन र मितिनीकहाँबाट आरी लिएर मुखियाको घरतर्फ उन्मुख पुर्नीको संरक्षणका लागि प्रेमबहादुर पनि पछि लाग्दछ । मुखियाले आफूप्रति दर्शाएको कामवासनात्मक प्रवृत्तिमाथि विरोध जनाउँदै वा त्यसको घोर भर्त्सना गर्दै पुर्नी उसलाई आरी रोप्न बाध्य हुन्छे । पुर्नीको आरी र प्रेमबहादुरको लट्ठीको प्रहारबाट मुखियाको प्राणपखेरु उड्दछ । त्यसपछि पुर्नी र प्रेमबहादुर सहरमै आएर ज्यामीकाम आदिको अभिभारा लिई आफ्नो जीवन गुजारा गर्न थालेकै बेलामा बिर्खे र जीरीको सहरतर्फको निरन्तर आगमनले उनीहरूको ज्यानमारा कर्तुतको पोल खुलेजस्तो हुन्छ, पुलिस यी दुई प्राणीमाथि सशङ्कित बनेको तथ्यबोध हुनासाथ प्रेमबहादुर ठेकेदार सतीन्द्रको शरणमा परी हेटौंडातर्फ उन्मुख हुने तर्खरमा लागेको देखिन्छ । त्यतिबेला त्यहाँ पुर्नीको उपस्थितिको अभाव खड्किन्छ । अनि उपन्यासको कथावस्तुले पनि पूर्णविराम लिन्छ ।

विवेचना:

यसप्रकारले हेर्दा यस उपन्यासकी नायिका पुर्नी हो भने नायकका रूपमा कसलाई उभ्याउने ? जीतबहादुर वा प्रेमबहादुरलाई ? यो तर्कशील विषय बन्न पुगेको छ । नायिकाको खास रूपमा देखिएको पोइ जीतबहादुर हो किनकि उसकै पोइको जायजेथामा अधिकार जमाउनुका साथै उसकै परिवारलाई देवर देवरानी र नन्द मानेर पुर्नी बसेकी छ, जीतबहादुरले यस उपन्यासमा पूर्णरूपमा अथवा उपन्यासको सेरोफेरोको भूमिका निर्वाह गर्न पाएको छैन । कुनै पनि कृतिमा सुरुदेखि अन्तसम्म निरन्तर रूपमा भूमिका निर्वाह गरेर सक्रियता देखाउने व्यक्ति नायक ठहरिन्छ । सोहीअनुरूप मैले अघोट गरेको यस उपन्यासको नायक प्रेमबहादुर हो ।

साहित्य समाजको ऐना हो, जसले समाजका अङ्गप्रत्यङ्गलाई छर्लङ्ग्याउने गर्दछ । यसै धारणानुसार नाटोलाई कोट्याउँदा तत्कालीन नेपालमा विद्यमान यातायातको अभावलाई बिर्सनु हुँदैन । लामो बाटाको यात्रामा बास बस्नुपर्ने तथा निम्नस्तरका व्यक्तिले धनीको भरिया बन्नुपर्ने बाध्यतालाई स्पष्ट पार्ने यस उपन्यासभित्रको नायक प्रेमबहादुर हाम्रै समाजका निरिह व्यक्तिहरूको प्रतिनिधि मात्र हो । बास बसेको ठाउँमा पाइने खानामा जाँड, दहीध्वूरा, कोदाको रोटी र आफैले टालामा पोको पारेको मकैभट्मासबाहेक अरू के नै सुलभ हुन सक्छ र ? अनि लोइयानका नाममा गुन्दी र त्यो पनि उपलब्ध नभएमा भूईंमै लड्नुपर्ने विवशता हाम्रा दृष्टिमा अत्यन्त यथार्थतामा आधारित छ । विभिन्न डाँडा काट्दा बीचबीचमा भेटिने उकाली, भन्ज्याङ् चौतारी र ओराली पनि शङ्कर कोइरालाका कल्पनामा उब्जिएका वस्तुहरू होइनन् । पहाडी यात्रामा लाग्दा सितिमिति पानी पिउन नपाइने, पानी मागेमा छोरीको पेवा र बुहारीको दाइजो भन्ने अनि प्यास मेट्नका लागि ठूलै खोला वा नदीमा मुख गाड्न पुग्नुपर्ने यथार्थलाई उपन्यासकारको नाटोले मात्र देखाउँदैन । यो त जो कोही पहाडी यात्रामा संलग्न नेपालीले भोगेको कुरा हो । खासी खुट्टाले हिंड्ने, थाकेका खुट्टालाई तातो पानीमा डुबाउँदा डाक्टरी औषधिको काम दिने, घट्टमाट पिंधेको मकै बोकेर आउनुपर्ने, धोको बिसाउने ठाउँ दलान हुने, खाँडीको पटुकामा खुपां घुसारेर बनतिर लाग्ने, हलगोरु नारेर खेतबारी जोत्ने, दुध्यामा दूध दुहुने र मौसी पारी बनाएको घ्यू बेचेर तीर्थव्रत गर्न जाने आदि जस्ता क्रियाकलापहरू हाम्रै समाजमा विद्यमान विषयवस्तु हुन् । हाम्रो समाजभन्दा सहरिया समाज पनि पाठक समक्ष उभिन सक्दछ, तर नाटोको अधिकांश परिवेश पहाडीक्षेत्र भएकाले वस्तुस्थितिलाई छर्लङ्ग पार्न शङ्कर कोइराला सक्षम छन् । हाम्रो पहाडी प्रदेशका नरनारीको लवाइखवाइमा समेत राष्ट्रियता झल्किएको आभास नाटोले दिएको छ । जस्तै कि रातो चोलो, टोपरेलको नीलो फरिया, पिपलपाते झुम्का र डुङ्गी अनि खानामा गुन्द्रुक तथा डिंडो

त सहरिया समाजमा देख्न र सुध्न पनि अप्राप्यवस्तु हुन। सामाजिक यथार्थताको कुरो गर्दा तत्कालीन पूर्व २ नं. इलाकाको आञ्चलिकताको चित्र एकपछि अर्को हुँदै दुरयात्मक रूपमा अघि बढेको छ। जातको धर्ती प्रेमबहादुर गाउँको ठूलोठालु मानिएको अध्यक्षले पनि सर्किनीसँग अनुचित सम्बन्ध राख्न खोज्दा पनि कसैबाट विरोध नआउनु के यो प्रस्ट अस्वाभाविक भएन ? भन्ने प्रश्नचिन्ह कसैले लगाउन सक्ला, तर वि.सं.१९१० मा लागू भई पुनः २०२० मा संशोधन गरिएको नयाँ मुलुकी ऐनले अन्तर्जातीय विवाहलाई छुट दिएको तथ्यलाई ध्यानमा राखेर नै शङ्कर कोइरालाले २०२८ सालमा नाठो उपन्यास लेखेका हुनाले उपर्युक्त दोषबाट उनी मुक्त बनेका छन्। यही कानुनको घेरालाई नाघेर आफ्नी धर्मपत्नीलाई एकातिर पन्छाउँदै अन्य धेरै केटीको पछि लाग्ने वा बहुविवाह गर्न इच्छुक हाम्रा समाजका लोग्ने मान्छेहरूको स्वभावलाई चाहिँ अन्याय, विकृति र कुरीतिको संज्ञा दिनु उचित ठहराई होला। अन्तर्जातीय विवाहको समर्थन जुन लेखकबाट भएको छ, त्यो स्तुत्य देखिन्छ, तर बहुविवाहप्रतिको विरोधाभासलाई पनि शङ्करले अलि प्रखर बनाउनु पर्थ्यो कि भन्ने अनुमान लगाउने ठाउँचाहिँ यहाँ पाठकवर्गले फेला पारेको छ। अपठित समाजमा बसेकी निरक्षर पुर्नीले आफ्नै लोग्नेको घरमा आड लिएर पनि चुराधागो र सिन्दुरलाई नत्यागी सधुवाको रूपमा देखाउनु र निश्चिन्त रूपमा रहेर प्रेमबहादुरलाई 'मेरो नाठो' भनी परिचित गराउँदा उसको देवरलगायत सबैले 'तैं चुप् मैं चुप्' भएजस्तो हुनुमा केही असजिलो लाग्दछ। सभ्यताको प्रतीक मानिने राजधानीका शिक्षित केही विधुवाले आफ्नो शृङ्गारलाई यथावत् राख्ता त नानाथरीको कुरा काटेको तथ्य आफ्नै कानले सुन्नुपरेको छ भने नाठोकी नायिका, जो राजधानीभन्दा धेरै टाढा पहाडी कन्दरामा बस्छे, उसले अँगालेको प्रगतिशीलतालाई तत्कालीन परिवेशमा पनि अस्वाभाविक मान्न सकिएला।

राणाकालदेखि लिएर, पञ्चायती व्यवस्थालाई पनि भोगेर आएको वर्तमानकालमा आइपुग्दासम्म पनि शोषक व्यक्तिको बिगबिगी र शोषण प्रवृत्तिले पराकाष्ठा नाघेको समाज हो- नेपाली समाज। नेपाली समाजमा गरीब-निमुखालाई थर्काएर अनि उनीहरूकै रगत चुसेर भुँडी हालेका धनीहरूको चरित्रचित्रणले यस उपन्यासमा जीवन्तता पाएको छ। झिंगटीले छइएका ठूला-ठूला महल, तबेलामा बाँधिएका घोडा, कसैका राम्रा छोरीबेटी देख्न नहुने आसुरीभाव, घोडा चढेर गाउँमै थर्काउँदै सवर गर्ने र हकढक फैलाउने प्रवृत्ति शोषकका परिचायक हुन्। त्यसमा निम्नवर्गका निरीह प्राणीले त्यसको विरोधमा आवाज उठाउँदा त्यहाँ भुईंचालो नै जाने यथार्थ कटु सत्य भए पनि नेपाली समाजमा केही साहसी व्यक्ति पनि छन् भन्ने तथ्यबोध गराउनकै लागि होला शङ्करले यस उपन्यासकी नायिका पुर्नी र नायक प्रेमबहादुरबाट मुखियामाथि आरो रोप्न र लड्डीको झटारो हान्न लगाएका छन्। यस उपन्यासको मुक्तिनाथ हाम्रा समाजका अन्यायी र अत्याचारीहरूको प्रतिनिधि पात्र हो। धेरै खाएपछि चिनी पनि तीतो हुने र अमृतले पनि विषको काम गर्ने तथ्यलाई साबित गर्नकै लागि हो-शङ्कर कोइरालाले मुक्तिनाथको अवसान बनाएका छन्। अनि अन्याय र अत्याचारको पर्दाफास गराएका छन्। उनको उद्देश्य शोषक र शोषणको अन्त्य गर्नु रहे पनि यस समस्याको समाधान भने यहाँ हुन सकेको छैन्।

नाठो लघुउपन्यास हो, तैपनि यसमा आधिकारिक र प्रासङ्गिक कथावस्तुले आफ्नो ठाउँ लिएका छन्, स्थान ओगटेका छन्। यसमा विद्यमान प्रासङ्गिक कथाले भीमसेन बुङ्गाको कथा, स्यूटार नजिकमा भेटिएकी तरुनीको कथा, बोक्सीको छँगोको कथा, पुर्नी मुखियाकहाँ जाँदा बाटामा पर्ने ठाउँको कथा र सेतो फरियाचोलो लगाएर मध्यरातमा बत्ती बाल्ने बोक्सीको कथा आदि पर्दछन् र यस्ता कथाको विषयवस्तुलाई अन्धविश्वासको घेराभित्र लम्ब्याएर त्यस समाजको स्वभाविक सोचाइको रूपमा लिन सकिन्छ। किनकि यी कथाहरू त पूर्व २ नं. इलाकाका कथाहरू हुन्, जसलाई आजसम्म पनि त्यहाँका निवासीहरूले झूठा कथा भन्न सकेका छैनन्।

नेपाली समाजमा प्रचलित बहुविवाहले त प्रत्यक्ष रूपमा नारी जातिलाई नराम्रो असर पारेकै छ। वि.सं.१९१० को मुलुकी ऐनले पनि नेटो काटिसकेको छ। यस्तो प्रथा सहरी शिक्षित समाजमा

भोजको आयोजना गर्छन्। खाना खाई सकेपछि उपस्थित हुने मध्ये कुमारी मृदुलालाई गाउने अनुरोध गरिन्छ र बाजागाजाको व्यवस्था पनि हुन्छ। त्यत्तिकैमा गाउँदागाउँदै एक बन्दुकबाट मृदुलाको एक्कासी हत्या हुन पुग्छ। सबै स्तम्भित, त्रसित र आतङ्कित हुन्छन्। मरिसकेकी आफ्नी जेठी श्रीमतीपट्टिको केटाकेटीदेखि नै पुन्पुलिएको छोरो घनश्याम ठूलो भइसकेपछि यता केही वर्षदेखि बाबु धनीरामसित केहीकेही टक्कर लिन थालेको छ र रुपियाँपैसामा विशेष लापरवाही गर्दै अति उदार पनि हुन्छ साथीभाइ र समाजमा अनि बाबुसित ज्यादै आक्रमक। उसले केही पहिले पिस्तोल देखाएर बाबुबाट रु.बीस हज्जार लगी समाजको कार्यमा चन्दा दिएको हुन्छ। हालमा उसलाई बैंकमा झूठा चेक साटेको आरोप लागेको छ र त्यही विषयमा पनि त्यहाँ कुरा जोतिन्छ र उसलाई फेरकार पनि गरिन्छ। उसको अनुपमासित निकै दबाब दिएर विवाह गराएको र फेरि उसैको मृदुलासितको बसउठको गन्ध पाएको जस्ता कारणले बाबु नै ऊप्रति सशङ्कित छन् र हत्या पछि तुरन्त आएका प्रहरीहरूलाई त्यस्तै खालको सङ्केत पनि दिन्छन्। उनको पक्षबाट त्यस कुरालाई सकार्नेहरूमा कारिन्दा अक्षयकान्त र बैंकका चीफ एकाउन्टेन्ट छन्। घनश्यामलाई ज्यान मुद्दामा फसाएर उता सेठलाई पनि समेटेर सो सम्पत्ति हड्पने तिनीहरूको नियत छ कि भन्ने पनि शङ्काको वातावरण त्यहाँ जन्मिन्छ।

अर्कोतिर त्यो हत्यामा सेठ र कारिन्दाको हात हुन सक्छ किनभने आफूले विवाह गराएर ल्याएकी बुहारीको पक्षमा र मृदुला र घनश्यामको सम्बन्धको विपक्षमा उनीहरू थिए। फेरि सुधीरपट्टि पनि शङ्काको आलो फिजिन्छ -उसको र मृदुलाको सम्बन्धका कारणले। सेती नदी सुन्दैछिन्दै र फेरि देखिँदै गरेजस्तो सत्यको गुथो लिएर सतही अस्पष्टतामा कथानक अघि बढ्छ - अस्तव्यस्ततामा व्यथित भएर।

सो राती भोजमा मृदुलाको गाउँदागाउँदै हत्या भएपछि प्रहरी आएर व्यापक छानबीन र बयान लिन्छन्। सर्वत्र शङ्का हुन्छ। यौटा उद्देश्य लिएर श्रीमतीसहितको आफ्नो कोठामा रिवल्भर पड्काई घनश्याम राताराता भाग्दै गई सिमालीको

भट्टी पसलमा छद्मभेषी भएर केही दिन बस्छ। ऊ त्यहाँ सिमालीकी भान्जी म्याउचीको बिरामी भेषमा सुतिरहन्छ तर त्यहाँ पनि जासुसी, पुलिस र प्याछाहरूले किन छोड्थे ? शङ्का-उपशङ्कामा आउन र सिमालीलाई सोधपुछ गर्न थालिहाले। सुधीरलगायत अन्य मित्रहरू पनि त्यहाँ आउने नै भए। अब विस्तारै कथानको कुँडलो त्यहीं पर्छ। त्यहीं नै सुधीर र घनश्यामको बीचमा हत्या र घनश्यामले पड्काएको पेस्तोलसम्बन्धी प्रहरीलाई बयान दिने कुरामा सरसल्लाह हुन्छ। तथापि सुधीरको उद्देश्य भने निकै व्यापक र दूरगामी भएको आभास पाइन्छ। कसरी ? सुधीर यो रहस्यको फेद टुप्पो सबै जानकारी लिन उद्दत छ। उसले आफ्नै किसिमले सम्बन्धित सबैसित घनाको सम्बन्ध राखेको छ र सघन जानकारी लिने कार्यमा लीन छ। अहिलेसम्मको अन्योलको अवस्थामा सुधीरलाई घनश्यामप्रति त्यति शङ्का छैन जति चिन्ता छ र ऊ उसलाई बचाउन चाहन्छ। त्यसैले उसले पड्काएको पिस्तोलमा पनि आफ्नै हात छाप बसाउन र घनश्यामको बयानलाई चुस्त बनाउन चाहन्छ सुधीर। यस कामको लागि उसले पोष्ट मार्टमको डाक्टर अनङ्गलाई पनि हात लिएको छ। यता घनश्याम भने आफै शङ्काको घेराभित्र पर्ने वातावरण बनाउँछ। यही कुरामा सुधीर अम्मलिएको छ - किन घनश्याम आफै आफूलाई शङ्काको परिधिभित्र राख्न खोजिरहेको छ ? वास्तवमा पाठकको लागि पनि यो एउटा समस्या हो। यो किन ? स्वयं कथानकले पनि यो रहस्यलाई त्यति स्पष्ट गरेको छैन। सागर बाबुको धमपूर्ण व्यवहार को ताडना र उनका आउरे बाउरेको बेताल तालबाट आजित भएर उनीहरूलाई व्यापक परिवेशको माध्यमले राम्रै सबक सिकाउन हो कि !

त्यही बेलामा त्यहाँ डिटेक्टिभ् प्रकाश आइपुग्छ र एकछिन हल्काफुल्का कुरा र व्यङ्ग्य विनोद गरी घनश्यामलाई उसका बुबाको यौटा पत्र दिन्छ। त्यो पत्र ज्यादै कडा हुन्छ जसले उसलाई हत्यारा घोषित गरेको हुन्छ। पत्रसहित प्रकाश महिलाको भेषमा रहेको घनश्यामलाई हतकडी लाउन तत्पर हुन्छ। तर केटीको रूपमा रहेको घनश्याम भने त्यस अवस्थामा पनि हडबडाएको थिएन। ऊ केवल विचलित मात्र

उपन्यासहरू (spy novels) को सिर्जना भएको पाइन्छ ।

माथि वर्णित सबै प्रकारका पछिल्ला खालका उपन्यासहरूको महत्वपूर्ण सामाजिक र मनोवैज्ञानिक उपलब्धि के भएको छ भने असल वा खराबहरू मात्रात्मक रूपमा वंशानुक्रम पनि हुन्छन् र नितान्त वैयक्तिकरूपले मनोवैज्ञानिक पनि हुन्छन् । अर्कोतिर पारिवारिक , सामाजिक, सङ्गत र अन्य परिवेसको प्रकारअनुसार खराब र असलले खराब र असलको उत्पादनमा भूमिका खेल्छन् भने सहरी, खाते र अन्य बेवारिसे बसोबासका क्षेत्रहरू (slum area) मा बेथिती र अपराधका मात्रा बढ्ने गर्दछन् ।

जासुसी उपन्यासका अन्य प्रकार र तिनका सेखकसम्बन्धी छोटो विवरण वस्तो पनि पाइन्छ । अमेरिकी इड्कार एलेन पोका जासुसी कथाहरूमा (सन् १८४१-४४ तिर) शास्त्रीयरूप र बन्द कोठा-कथाहरूका परिवेसहरू पाइन्छन् । त्यही परम्परा पछ्याउने अन्ना क्याथरिन ग्रीन, मेरी र बर्ट्स, रिन्हार्टहरू हुन् । सामाजिक शिष्टाचार, पराक्रम र बहादुरी, शोधखोज र छानबिनमा तल्लीन अङ्ग्रेज सेखकहरूमा विल्की कलिन्स्, जी.के.चेस्टर्टन्, विश्व प्रसिद्ध आर्थर कोनान् ड्वायल र उनका शिष्यहरूमा चार्लि माथिका विशेषतालगायत शास्त्रीय जासुसी परम्पराको उन्नतरूप कायम र हने गरेको पाइन्छ । हालका वर्षहरूमा कड्डा उमालिएको (Hard boiled) अथवा खडाखडी वा तात्तातै खोजी गरिने समस्यामूलक कथाहरू पनि अमेरिकी सेखक जोहन डी.म्याक डोनाल्ड र रोज म्याक डोनाल्डहरूबाट उत्पादित भइरहेका छन् । पेट्रिसिया हाइस्मिथ आदिहरूबाट भने समसामयिक रहस्य, सन्सनीपूर्ण र अत्याउने खालका उपन्यासहरू सेखिएका छन् ।

उता अफ्रिकी सेखकहरू जेम्स् म्याक्न्यूका कथाहरूमा प्रहरीको हात बढी हुने गर्छ भने 'बान्टु सर्जियन्ट' भन्ने उपन्यास चार्लि खासगरी तत्कालीन दक्षिण अफ्रिकी जातीय जटिलताका बीचमा आपसी सामुदायिक सम्मान र समन्वय गर्ने उद्देश्यले ओतपोत भएको विशेष सामाजिक किसिमको हो । अफ्रिका, अमेरिका र अन्य सब भूभागमा नारी जासुसी उपन्यासकारहरू पनि प्रशस्तै देखापर्न लागेका छन् ।

यता भारतीय उपमहाद्वीप अथवा सार्कक्षेत्रमा पनि जासुसी उपन्यासको श्रीवृद्धि धेरै राम्रो छ । भारतका सबै राज्यका भाषाहरूमा यो विधा विशेष समृद्धिशाली भएको छ । नेपालको सम्बन्धमा पनि त्यति छिट भन्नुपर्ने अवस्था छैन तापनि यस क्षेत्रमा सक्रियता अझै बढाउनुपर्छ ।

२. भट्टी पसल:

नेपाली जासुसी उपन्यासकारहरूले यस विधा अन्तर्गत आफ्ना क्रियाकलापहरूमा एकै पटक तीनवटा धाराहरूको पकड गरी सिर्जनशील समन्वय गर्नुपरेको देखिन्छ :

(१) आफ्नै नेपाली जासुसी विधाका परम्पराको स्वतः विकसित पछिल्ली रूप

(२) पश्चिमी परम्पराको प्रयोग

(३) भारतीय खासगरी हिन्दी र बङ्गाली जासुसी उपन्यासको प्रभावको समन्वय र मुक्ति । मुक्ति किनभने व्यापारी उद्देश्यका भारतीयहरूले नेपाली जनमानसको मनोवैज्ञानिक वास्तविकताको निर्क्यौल नै नगरी स्थान, चरित्र र प्रवृत्तिको निकै गलत ढङ्गले प्रस्तुत गरेको हुँदा सचेत नेपाली सिर्जनशील कर्मीहरूले सोको सामाजिक र मनोवैज्ञानिक विचलनबाट नेपाली जासुसी उपन्यासलाई बचाउँदै आएका छन् ।

यही परम्परामा निकै राम्रोसित झुन्किन्छन् शङ्कर कोइराला जसले विभिन्न उपनाममा ७ /८ वटाभन्दा बढी जासुसी उपन्यास सेखी यस क्षेत्रमा निकै ठूलो गुन लगाएका छन् र नेपाली साहित्यको यस क्षेत्रमा राम्रैसित स्थापित पनि भएका छन् । तलका अनुच्छेदहरूमा उनको भट्टी पसल भन्ने जासुसी उपन्यासको बारेमा केही चर्चा गरिन्छ ।

करीब ४०/४२ जनाको एक ठूलै समुदायका बीचमा यो उपन्यासको कथानक प्रस्तुत हुन्छ र अगाडि बढ्छ । प्रमुख पात्रहरूमा घरपति सेठ धनीराम, उनका छोरा धनश्याम, उनका घरायसी कारिन्दा अक्षयकान्त, बैंकका प्रमुख एकाउन्टेन्ट लक्ष्मीधर, एउटा निस्फिकी युवक सुधीर, कुमारी मुदुला, उनको दाजु सुरेश, डिटेक्टिभ (गोप्य तल्लासक), प्रहरीहरू, भट्टी पसल्नी सिमाली, घरका परिवार र कामदारहरू आदि हुन् । यहाँ कथा तब सुरु हुन्छ जब सेठले आफ्नो घरमा एक बेलुकी

त बलवान् ठानेको छ भने पूर्व २ नं.इलाकाको कन्दरामा भेटिनुलाई अस्वभाविक भन्न पटकै पनि मिल्दैन ।

अशिक्षा हाम्रो समाजको अर्को खतर्नाक रोगका रूपमा उपस्थित छ । यसैअनुरूप कामसामबाट बञ्चित निम्नवर्गका व्यक्तिहरू सहर तिर ओइरिएर ज्यामीकममा संलग्न भएको तथ्य आज पनि ज्यूँदो छ । अनि पानी नचल्ने भनी समाजबाट रेखा कोरिएका जातिहरू सहरका ढुलाघरेहरूकहाँ कार्की, बस्नेत, बापा र भण्डारीको छद्मभेषमा रही आफ्नो जीविकोपार्जनका लागि नौटंकी बनेका छन् । उपर्युक्त भनाइलाई सार्थक सिद्ध बनाउनका लागि शङ्कर कोइरालाले सर्किनी पुर्नीलाई घर्तिनी गोद्रीको नामाकरण गरेका छन् । तत्कालीन समयमा शिक्षाको सहर नचलेको त होइन, त्यसैले सतीन्द्र र नवीनलाई बी.ए. पास गराएर नेपाली समाजका कम शिक्षित व्यक्तिहरूको प्रतिनिधित्व गराइएको छ, तर यस प्रसङ्गले पूर्व २ नं. इलाकाका जनताको छेउपुच्छर पनि छुन सकेको छैन र यो प्रसङ्ग त सङ्गिया जीवनका लागि मात्र उपयुक्त बन्न पुगेको छ ।

जेठी स्वास्नी आमाबाबुले खोजेकी र कान्छी स्वास्नी आफैले रोजेकी भन्नुको अर्थ हुन्छ कान्छी स्वास्नी लोग्नेका लागि बढी प्यारी हुन्छे । अतः मुक्तिनाथकी नुकुवा प्रेमकी प्रतिमूर्ति पुर्नी र विनयले ग्रहण गरेकी चुनरीकै कारणबाट आफ्नो घरदेखि विमुख भई माइतातिर अस्किनुपर्ने बाध्यता रामकुमारी र मोहिनीमा आइपरेको छ । यहाँ एउटी नारीले अर्की नारीको मर्म नबुझेको तर्क पेश हुन सक्दछ, तर लोग्नेमान्छेको प्रभुत्व जमेको समाजमा नारी जाति किंकर्तव्यविमुढ नै बनेका देखिए पनि नाठेकालीन नारी-समाज केही चेतनाको दियो बनेको देखाउन कान्छीमा भुलेको लोग्नेलाई जेठीले आफ्नो अधिकार खोज्दै मुहा हालेको प्रसङ्ग पनि स्वभाविक नै लाग्दछ । उपर्युक्त कार्यका लागि सक्रिय बन्ने मोहिनी नेपाली समाजमा विरलै भेटिने जागृत नारीहरूकी प्रतिनिधि पात्र हो ।

प्रेमबहादुरलाई कर्मशील पात्रका रूपमा लिनुपर्दछ । उसले प्रेमको अमरतामाथि उचित किसिमले प्रकाश पारेको छ । नत्र भने अर्कोसँग हिंडिसकेकी पुर्नीको खोजमा स्यूटार पुग्नैपर्ने बाध्यता थिएन । अझ उसलाई त यस उपन्यासले तीन पोइले पनि भनेको छ । आफूलाई नाठेका रूपमा हेर्ने पुर्नीमाथि अगाध र अपार माया ओइराउनु प्रेमबहादुरको आदर्श हो ।

धौरानी भनेको धेरै बाटाहरूको सङ्गमस्थल हो । त्यहाँबाट ओरालो लाग्दा स्यौलाफूल र उकालो चढ्दा दुङ्गा चढाउने गरिन्छ । त्यसैले त्यहाँ दुङ्गा र स्याउलाको अल्लो धुप्रो (ढिकुरो) बनेको हुन्छ । नाठो भित्रका यात्रुहरूले धौरानीमा फूलपाती चढाएको प्रसङ्गलाई पनि उपन्यासकारले समावेश गरेका छन् । यसले एकातिरबाट नेपालीको धार्मिक आस्था र परम्परालाई कायम राखेको पाइन्छ भने अर्कोतिर सूक्ष्मातिसूक्ष्म कुरामा पनि उपन्यासकार को ध्यान पुगेको तथ्य स्पष्टिन्छ ।

विदेशमा बस्दा स्वदेशको र स्वदेशमा र हँदा मातृ वा पितृभलाको चाह तथा स्नेह बढी मायामा उर्लेर आउँछ । त्यसैले देशभक्त शङ्कर कोइराला आफ्ना अधिकांश कृतिमा पैतृकथलो दुम्जाको उल्लेख नगरी रहन सक्दैनन् । हुन त उनले आफूलाई लेखक बन्न प्रेरणा दिने मुख्य ठाउँ नै दुम्जा हो भनी खुला हृदयले आफ्नो भावाभिव्यक्ति नदिएका पनि होइनन् र त्यसैले होला नाठेमा पनि 'दुम्जा'को उल्लेख धेरै ठाउँमा गरिएको पाइन्छ । स्यूटारको यात्रामा अग्रसर भएको प्रेमबहादुर र पूर्वैतिर हाँकिएको विनयलाई दुम्जाकै बाटो हिंडाएर त्यहीँ स्थित कुशेश्वर महादेवको स्थानमा बास पनि बसाएका छन् । अनि त्यहाँका पूजारीले चन्दा मागेको र आनेकाने नगरीकन विनयबाट चन्दा प्रदान गरिनुले नेपालीहरूको आध्यात्मिक चिन्तनलाई सबल बनाएको छ । त्यसपछि यथार्थ चरित्र प्रस्तुत गर्ने प्रेमबहादुरले बोकेको विनयको कुम्लो कुशेश्वर महादेवस्थानकै फर्नेचामा छोडेर स्यूटारतर्फ उन्मुख गराउने राइले पुर्नीकी नन्द कान्छीलाई पनि दुम्जाकै नेक ओझिनीमा पुऱ्याएका छन् । अनि बाहुन जातिले हलो जोतेको र त्यसको परिणामस्वरूप उनीहरूको जातभातसम्बन्धी चर्चा परिचर्चाले त्यस इलाकामा हलचल मच्चाएको प्रसङ्गलाई पनि यस उपन्यासले उल्लेख गर्न बाँकी राखेको छैन । दुम्जामा हलो जोत्ने सर्वप्रथम व्यक्ति गोविन्दप्रसाद कोइराला हुन् । त्यसपछि म-विन्दु कोइराला र सोमप्रसाद

कोइरालाकी बहिनी'साने' से पनि हलो जोत्थौ । अनि 'भोग्नेमान्छेले त गरे-गरे, स्वास्नीमान्छेले पनि हलो जोत्ने हो ? यी रौंडीहरू बहुनाए' भन्ने गाउँलेहरूको क्षुद्र वाणीले त्यहाँ व्यापकता लिएको थियो । वास्तवमा दुम्जाको हलोकाण्डलाई उपन्यासकारले स्यूटारसँग जोड्नुमा केही अनर्थ मान्नुपर्दैन किनकि दुम्जा र स्यूटार भनेको त पूर्व २ नं.इलाकाभित्र नै पर्ने एकअर्काका परिपूरक स्थानहरू हुन् र कुसंस्कारपूर्ण परम्पराहरूलाई तोडिएको यस हलोकाण्डको प्रस्तुतिलाई लेखकको प्रगतिशील विचारधाराको सूचक मान्नुपर्दछ ।

माठो उपन्यासका बारेमा जतिसुकै कोट्याए पनि, व्याख्या र विश्लेषण गरे पनि यसको मुख्य लक्ष्य र उद्देश्य हो-पूर्व २ नं.इलाकाको ज्यूँदो तस्वीर खिन्नु र आञ्चलिकतालाई जीवन्त बनाउनु । यसको सारतत्त्व यसरी खिचिन्छ-

१. विपन्नवर्गको चित्रणमा माठो जेठै बनेको छ ।

२. विनयको चरित्रले बहुपत्नीप्रथालाई देखाउँछ भने पुर्नीले चाहिँ बहुपति प्रथालाई उदाइ बनाएकी छ ।

३. तन्तो जातिका स्त्रीले पोइल जानु साधारण मानिए पनि मरो माठो भनी सबैलाई घिनाउनुचाहिँ अति नभिन्नेजस्तो देखिन्छ ।

४. बहुपाचको प्रयोगले गर्दा कथावस्तुमा केही शिथिलता र मूलपात्रको चरित्रचित्रणमा पनि फितलोपन आएको महसुस हुन्छ ।

५. कर्नाल, सहनाई र ट्याम्को आदिजस्ता पन्चैबाजाका साथमा आएका बेतुकाबेढुलीले नेपाली समाजमा विद्यमान चोखो संस्कृतिको झलक दिन्छन् भने बाहुन परवारकी दुलहीले डोलीमा बसेर बिदी बानुलाई अनि असजिलो प्रसङ्गचित्र, राख्नुपर्छ होला ।

६. प्रेमबहादुर आर्थिक रूपले पुर्नीलाई श्रीमती बनाउन असमर्थ देखिन्छ भने मानसिक रूपले चाहिँ पुर्नीले जीतेलाई लोग्ने स्वीकार्न सकेकी छैन अनि जातभात केही नमान्ने प्रेमबहादुर पुर्नीको प्रेमप्रति समर्पित छ भने पुर्नीचाहिँ स्वार्थि बनेकी छ र यस प्रसङ्गलाई अति नाटकीयता र तिलस्मी कथावस्तुको प्रभाव लेखकमा परेको हो कि भन्ने अनुमान लगाउन सकिन्छ । त्यसै लोकोक्तिमा आएको भीमडुङ्गामा गायब भएकी नबीनाको कथा स्वभाविक हो, तर उसको गायबतालाई चमत्कार नै मान्नुपर्दछ । कथाको अघिल्लो वासकी नबीना पछिल्लो वासमा शून्य बन्न पुगेकी छ ।

७. माठोमा बहुपति र बहुपत्नीको खोज तीव्ररूपले अघि बढेको छ र यसै खोजाइले नै कथावस्तुको आदि, मध्य र अन्त्यको उचित निर्वाह गराएको छ ।

८. नेपाली समाजमा विद्यमान अन्धविश्वासी धारणले पनि यस उपन्यासमा ठाउँ खोजेकै देखिन्छ र यससे गाडेको जरो अझैपि उखेलिन नसकेको तथ्यबोध यहाँ छलङ्गिएको छ ।

९. बौद्धिकता, मनोवैज्ञानिकता र आधुनिक विसङ्गत जीवनको प्रस्तुति शङ्करका कृतिमा पाइँदैन भनि नाक खुम्याउनेहरू पनि यहाँ छन् -धेरैधेरै यथार्थता, गाउँले जीवनको झाँकी अथवा आञ्चलिकताको टङ्कारो रूप/अर्थात् यिनै उपर्युक्त तत्त्वहरूबाट विभूषित छ - शङ्कर कोइरालाको माठो उपन्यास ।

१०. अनि तन्ना वर्गले बोल्ने वर्गीय भाषाको प्रयोगमा शङ्कर कोइराला चनाखामात्र होइन, अति नै चनाखा बनेका छन् ।

११.यस उपन्यासका सम्पूर्ण पात्रका क्रियाकलापहरू यौनद्वारा निर्देशित छन् र यसभित्रकी नायिका पुर्नीको चरित्रलाई विकृतिजन्य तथा विसङ्गतिपूर्णभन्दा यसको प्रतिवाद गर्ने आँट कसैमा आउन सक्नाजस्तो मलाई लाग्दैन ।

१२. माठोमा प्रथम पुरुष अथवा आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ ।

१३. पुर्नीले जीतेलाई पनि माठोको, प्रेमबहादुरलाई पनि माठो अथवा फसानो डिस्कानो सम्पूर्णलाई माठोको संज्ञा दिनु र यस उपन्यासको अर्को पात्र विनयले पनि आफ्नी धर्मपत्नीलाई माठो लिएर बसेकी होली भन्ने माठोको बारम्बारको पुरावृत्तिले पनि यस उपन्यासको शीर्षकलाई सार्थक सिद्ध बनाएको छ ।

१४. सहरदेखि सुरु भई पहाडी प्रदेश पनि घुमी पुनः सहरमा आएर विश्राम लिएको उपन्यासको कथावस्तुलाई हेर्दा यसको परिवेश त्रिकोणात्मक बनेको छ । अनि यसमा प्रयोग गरिएका पात्रहरूको बाहुल्यको कुरा गर्दा चाहिँ सहरिया पात्र कम र पहाडिया पात्रको सङ्ख्यामा निकै वृद्धि भएको पाइन्छ ।

***

भनेर तीन प्रकारमा विभाजन गरिएको पाइन्छ र त्यसैअनुसार लेखकहरूको पनि वर्गीकरण हुने गरिएको छ ।

होरेस वाल्पुलले ई.स. १७६४ मा 'ओल्याण्डको किल्ला' भन्ने पहिलो अङ्ग्रेजी गोथिक रोमान्स लेखेका थिए । त्यसमा असम्भव खालका आवेग, ध्वस्त किल्ला प्राचीन गुम्बा र गीजांहरू, जङ्गली परिवेश र कौतूहलता, अतिप्राकृतिक तत्त्व, भयानक त्रास, विकराल अनिश्चितताहरू असल र खराबतत्त्वका तानातानका बीचमा कोमल नारीचरित्र र चेतना, तिनका शालीनता, सावधानी, पवित्रताहरू सङ्कटग्रस्त भएको अवस्था आदि विशेषताहरू पाइन्छन् । त्यसपछि रहस्यमय जासुसी उपन्यासहरू आउन थाले । यस्ता उपन्यासहरूले रहस्य, कौतूहलता, कहानी लाग्दा दृश्यहरूको व्यवस्थापन, खेद्ने, नधार्ने, खोज्ने समाउने पाशोमा पार्ने, उम्किने, भाग्ने घटनाहरूको चयन गर्दै नयाँनयाँ जानकारीका शृङ्खलाहरूमार्फत् जीवनका गुरु गम्भीर रहस्य र सत्यको बोध गराउने उद्देश्य राख्छन् । यस्ता उपन्यासको अन्त चौटा स्पष्ट निर्णयमा हुन्छ ।

कौतूहल उपन्यासले दैनन्दिन घटनाहरूमा प्रवेश गर्दै प्रमुख खलनायकको चरित्रगत पराजयमा जोड दिन्छ । जिज्ञासा र कौतूहल हरहमेसा रही रहन्छ अनि विरोधी तत्त्व र खतरा जतासुकै छधाप्पछधाप्ति भएका शृङ्खलाहरूमा बुनिदै कथानक अघि बढ्छ । धेरै अंशमा यी उपन्यासहरूमा ठोस निर्णय दिनुभन्दा परिस्थितिगत आसय प्रस्तुत गरिएको हुन्छ र पाठकले आआफ्नै सोचाइमा निर्णयहरू गर्छन् तर खराबीको पतनचाहिँ भएकै हुन्छ । इड्गार वालेस ,जोहन बुखान, युरिक याम्बर, जेम्सबोन्ड सिरिजका आयन फ्लेमिङ्, जोहन ले क्यारि आदि यी विकसित उपन्यासका प्रमुख स्रष्टाहरू हुन् ।

समस्यामूलक जासुसी (Detective) उपन्यासलाई कौतूहल (Suspense) उपन्यासभन्दा पछिल्ली अर्को विकसित रूप भनेर मानिन्छ । वास्तवमा रहस्य, कौतूहल, समस्या र समाधान सबै जासुसी उपन्यासका मूल तत्त्वहरू हुन् । यी तत्त्वको र परिस्थिति एवं चरित्रको स्वभाविक विकास तथा प्रस्तुति यस विधाको परिस्कृत साहित्यिक कलात्मक उपलब्धि पनि हो तथापि यो पछिल्ली खालका आख्यानहरूमा समस्या समाधान गर्ने पक्ष विशेष चनाखो ,सतर्क, अलग वा तटस्तजस्तो किसिमले निकै बजनदार र आकामक हुन्छ भने बिगारसिं पक्ष क्रमैले मलीन, सिक्तुस् र अप्रभावकारी हुँदै जान्छन् । घटनाका स्थानहरू अधिकारी वर्गभन्दा टाढा समाजको अदेख, अँध्यारो, दोह्रयाँ र अस्पष्ट परिवेसमा अवस्थित हुन्छन् । घटना घटिसकेपछि असल पक्षले अय आफ्नो क्षमता, विवेक, बुद्धि, प्राविधिक र अन्य विधि-विधान, स्रोत र साधनको समुचित उपयोग गर्दै आफ्नोकार्य अघि बढाउँछ । यस प्रक्रियामा सम्बन्धित सबैको मनोविज्ञानको चित्रण र अध्ययन गरिन्छ भने धेरै प्रसङ्गहरूमा प्रहरी र अथवा कानुनी कार्वाहीहरू हुन्छन् । कहीँकहीँ चाहिँ नागरिक समाजले पुर्पच्छे गरी फैसला दिन्छन् । यस्ता उपन्यासले समस्याको समाधान वा कथानको अन्तको जानकारी यसै हलुका रूपमा दिनुभन्दा त्यो जानकारीको अवस्थामा के ,कसरी, किन पुगियो भन्नेतर्फ विशेष जोड दिएको हुन्छ अथवा त्यहाँ जानकारीको तरिका (way of knowing) भन्दा प्रक्रिया वा क्रियाकलापको तरिका (way of doing) लाई ज्यादा जोड दिई नागरिक समाजको अथवा पाठको चेतना चन्चुको चुचो उघारिदिने प्रयास रहेको हुन्छ । वेन्जियम लेखक जर्जेस साइमनका मेग्रेट' उपन्यासहरू, स्वेडिस लेखक समूहको 'मार्टिन बेक कथाहरू' अमेरिकी अर्नस्टेन्ली गाडनरका मेज स्लोबेल, पर कालु अनि 'पेरिम्यासुन कथाहरू' का साथै फ्रेन्च, जर्मन, स्पेनिस, इटालियन अनि बेलायती लेखकहरूका यस्ता जासुसी कथाहरू विश्व प्रसिद्ध छन् । यी कथाहरूमा पहिलेका 'काला कल्पनाहरू'(dark fantasies), पुराना धार्मिक अन्धविश्वास अथवा अज्ञात, अपत्याशित एभिजावेषन, भिक्टोरियन जिज्ञासा तथा एक्कासी कुनै बृहत्तर कारणले समस्याको समाधान र अन्त हुनेभन्दा बीसौं शताब्दीका नागरिक समाजको चेत, कारण र कार्यका विज्ञानहरू, सोद्देश्यमूलक र प्रक्रियागत शोधखोज र कार्वाही, प्रहरी मर्यादा तथा कानूनी तीक्ष्णता र विवेक विश्लेषणजस्ता कुराहरू पाइन्छन् । बीसौं शताब्दीको पछिल्लो भागतिर विशेष गरेर अर्कै किसिमका उन्नत जासुसी

भारतीय सत्य-असत्य जासुसीहरूले नेपाली परिवेशलाई मनगढन्ते किसिमले प्रस्तुत गर्दा पनि सुम्झढी भएर सहेर यो विधा फोकाएको छ।

यस विषयमा कुनै अध्येताले चाख राख्ने पहिलो ठाउँ त्रि.वि. नेपाली केन्द्रीय विभाग हो। तर यहाँको पाञ्जिक प्रतिक्रिया यस विषयमा त्यति जाँगरिलो छैन किनभने त्यहाँबाट खासै अध्ययन भए गरेको छैन। तर सहयोग प्रदान गर्न सकिने अवस्था जहिले पनि छ त्यहाँ। त्यसबाहेक त्रि.वि. केन्द्रीय पुस्तकालय, महामना प्रज्ञा प्रतिष्ठान, जगदम्बा पुस्तकालय, साझा प्रकाशन र गोरखा पत्र सम्थान नै हुन्। अन्यान्य व्यक्तिगत जानीफकारहरू र निजी क्षेत्रका साहित्यिक संघ-संस्थाहरू पनि ठूला सहयोगी हुन सक्छन्। यी सबै स्रोतहरूबाट प्रशस्त जानकारी र सामाग्री भेला गरी ठोस अध्ययन गर्न सकिन्छ, गर्नुपर्छ। तर यति हुँदा पनि यस क्षेत्रको विधिवत् शोधखोज हालसम्म भएको छैन। बरु 'स्पेश टायम' दैनिकमा गत श्रावण २७ गते छापिएको यौटा छोटो लेखलाई साधुवाद दिनुपर्दछ। मुख्य प्रश्न के हो भने उपर्युक्त संस्थाहरूले अब विशेष चाख राख्नु नै पर्दछ। अन्य निजी क्षेत्रका सौजन्य प्रकाशक, गुठी र पारितोषकहरूले पनि जासुसी कथा-उपन्यासको प्रकाशन र अध्ययन शोध खोजमा प्रोत्साहन दिए पनि धेरै राम्रो हुनेछ भन्ने कुरामा दुई मत नहोला।

वास्तवमा जासुसी उपन्यासको महत्व समाजका हरेक क्षेत्रमा ठूलो छ। बाल, युवा, वृद्ध र वनिता सबैमा यसको सकारात्मक प्रभाव पर्दछ। कल्पनाको उतुङ्ग उड्डानमा पाठकको मानसिकतालाई डुलफिर गराई आनन्दित गराउँदै कठोर र समस्या मुलक सत्यसित सञ्जिसे समन्वित गराई समाधानतिर उन्मुख गराउनु यसको लक्ष्य हुन्छ। यस प्रक्रियामा प्रस्तुतिको रोमान्चकारिता र शैलीको स्वादका कारणले गर्दा पाठकको मन आनोंदित-विनोदित हुँदै कौतूहल र पुलकितताले परिपूर्ण हुन्छ। साथै त्यसमा स्वतः चिन्तनमूलक चाख प्रवेश गर्न हुँदा बौद्धिक व्यायाम पनि हुने र गर्ने अवसर मिल्छ। हठात् आइपरेको समस्याको समाधान गर्ने प्रक्रियामा कथानक र परिवेश अघि बढ्छ अनि पाप र पापीको पाखण्डलाई पर्दाफास गरी चित्त र समाजमा न्याय र शान्ति छाउँछ। सामाजिक र काव्यगत न्याय पनि त्यहीं स्थापित हुन्छ। यस्तो मानसिक र सामाजिक गतिविधिले पाठक, नागरिकहरूलाई समाजप्रति आफूआफू विशेष जिम्मेवार, चेतनशील र सहयोगी हुनेतिर निकै प्रभावकारी ढङ्गले उन्मुख गराउँछ। परिणामतः यसरी सुसंस्कृत भएका व्यक्तिहरूबाट समाजमा अपराधका घटनाहरूमा ठूलो न्यूनता आउँछ भन्ने कुरामा धेरै विश्वस्त हुन सकिन्छ। त्यसको साहित्यिक योगदान र मूल्याङ्कनको बुँदा पनि त्यतिकै महत्वपूर्ण छ।

यस्तै र अन्य कारणले गर्दा प्राचीन समयदेखि नै विश्वका सबै संस्कृतिहरूमा यस्ता काल्पनिक ज्ञानका आख्यानहरू मानव, दानव र देवहरूका बीचमा हुने गरेका अपराध र उद्धारका टकराहरू आदि-इत्यादि प्रसङ्गहरूका आख्यानात्मक साहित्यहरू पाइन्छन्। रामायण, महाभारत, पुराण, ओडेसी र इलियडका विविध प्रसङ्गहरू देवी भगवती र चण्डीका कथाहरू, भारतीय उपमहाद्विपका व्यापक किंवदन्ती कथा र किस्साहरू, चीन, जापान, पश्चिम एशिया, अरबीयन, मिश्री, व्यापक यूरोपेली, उत्तर र दक्षिण अमेरिकी, अफ्रिकी ,अष्ट्रेलियाली कथा-कुथुंग्रीहरू यस विषयका प्रभावकारी रचनात्मक परिचायकहरू हुन्।

यता झन्न नेपाली परम्परामा पनि यस्ता कथा, उप-कथाहरूको प्राचुर्य छ। बीरसिक्का, बेताल पच्चिसीजस्ता विविध कथा कुथुंग्रीहरू नेपाली जासुसी आख्यानका पृष्ठभूमि छन्। यही पृष्ठभूमिमा हालसम्म मोटामोटी ५५/६० वटा उपन्यासहरू नेपाली जनमानसका बीचमा प्रस्तुत भएका होलान्। भलै, यसलाई पनि राम्रै मान्नुपर्छ तर सन्तोष भने लिनुहुन्न।

जसरी पूर्वीय परम्पराभन्दा यूरोपेली परम्परामा इतिहास विषयको छुट्टै र प्रष्ट विशिष्ट धारा छ त्यसैगरी जासुसी आख्यानको पनि आफ्नै अस्तित्व भएको देखिन्छ। आधुनिक जमानामा आएर यो धाराले यूरोप ,बेलायत र अमेरिकामा ठूलै स्थान ओगटेको छ। आधुनिक पश्चिमी जासुसी उपन्यासको अध्ययनले मोटामोटी रूपमा यस विधालाई गोथिक रोमान्स (Gothic Romance), रहस्यमय (Mystry) र कौतूहलपूर्ण (Suspence)

भरतराज शर्मा 'मन्थलीय'

अनी ज्यूँदैमा यो उपन्यास किन पढिएन छ !

नेपाली साहित्य-जगत्मा विशेषतः उपन्यास-विधामा प्रसिद्धि प्राप्त गरेका, तीन दर्जनभन्दा अधिक उपन्यासका लेखक एवं बरिष्ठ कथाकार स्वर्गीय श्री शङ्कर कोइरालाका समस्त कृतिहरूको एकत्र समायोजन गरी प्रत्येकमा विद्वज्जनका कसमबाट समीक्षा गराउन लागि पर्नुभएकाले दायित्वका सम्पादकप्रति म प्रथमतः हार्दिक साधुवाद अर्पण गर्छु।

यसै सन्दर्भमा सम्पादकले शङ्करको **हेलम्बू मेरो गाउँ** नामक लघुउपन्यासको फोटो प्रतिलिपि समीक्षार्थ मलाई एक दिन घरमा ल्याइदिनुभयो। उहाँसँग मैले निवेदन गरें-मलाई यो होइन, त्यो उपन्यास दिनोस्, जसमा मैले लेखेको सिङ्गो भूमिका अधूरो पारी प्रकाशित छ। अधूरो यस अर्थमा कि टङ्गयाइसकेको भूमिकामा लेखिएको थियो 'यस उपन्यासका पाठकलाई धर्मप्रति वितृष्णा पैदा हुनेछ' यो वाक्य शङ्करजीलाई बिझेछ र उपन्यासमा अरू पृष्ठहरू थपेर 'धर्मी विजयते' को भावमा उपन्यास समाप्त गरी तपाईको भूमिका अधूरो बनाई छापिदैछ भनी उनले मलाई भनेको सम्झना छ तर पन्तजीले त्यो उपन्यास फेला पार्न नसकी यही हेलम्बू नै मलाई दिन पुनः तेर्स्याउनुभयो।

म उपन्यासकार होइन, अभ्यास गर्छु वार्षिक छन्दको काव्यक्षेत्रमा, तथापि अनुरोध टार्न सकिएन र केही अक्षर कोर्न तम्सिँदैछु। प्रथमतः सोचें कि लेखकले किन 'हेलम्बू' लाई मेरो गाउँ भने। सम्भवतः उपन्यासको नायक 'महेशराम' हेलम्बूको भएर आफूलाई लेखकले उसैमा परिणत गरी भनेका हुन्-हेलम्बू मेरो गाउँ।

अनि समग्र पढें **हेलम्बू मेरो गाउँ** र शङ्कर जीप्रतिको जीवित अवस्थामा रहेको धारणा अकास जमिनको फरक पाएँ अर्थात् शङ्करजी कैलासको उँचो लेकमा रहेछन्- म त मन्थली बेसीको तल गढतीरमै, तब के थाहा पाउनु उनको उँचाइ ! त्यसैले भनेको हुँ- उनी ज्यूँदै किन यो पढिएनछ! मलाई लाग्यो आफ्नो उँचाइअनुसार नै उनले रोजेछन् उँचो हेलम्बू। मैले न सुनेको होइन हेलम्बूको नाम यो उपन्यास पढ्नुभन्दा अगाडि। यसको मस्तकमा चरणले टेकेर नामुद सुन्दरीहरूको अखोट सौन्दर्यमा चकित भएका विश्वयाशी महापण्डित राहुल सांकृत्यायनले गरेको यसको प्रशंसाका अक्षरहरू मैले पढेको हुँ। कवि माधव घिमिरेको **राजराजेश्वरी** काव्यको पठनबाट पनि थाहा पाएको हुँ त्यहाँको प्रकृतिक सौन्दर्यको सङ्घटन। त्यहाँ पुग्ने मौका नपाए पनि, आफ्नै आँखाका कलश भरेको हुँ हेलम्बूका कमनीय सुन्दरीहरूको असमर्पित सौन्दर्य, जसको पर्याप्त उपभोग गर्न सके राणा युवकहरूले कुनै बेला। झन्न शङ्कर भोले बाबालाई हेलम्बूले किन कसरी तान्यो भनी सोच्ता हेलम्बूका सुन्दरीको सौन्दर्यले भन्दा बढ्ता तान्यो हो त्यहाँको सौन्दर्यपूर्ण प्रकृतिले र त्यस प्रकृतिमा परेका विकृति, दीनता एवं अविकसितता देखी कारुणिक भएर हो कि जस्तो यस उपन्यासले भन्छ।

लेखक भन्छन्- म कुनै लेखकको प्रशंसा पाउन लेखिन, भोगेको अनुभव स्वाभाविक रूपमा प्रस्तुत गर्छु। उनी सम्झन्छन् आफ्नो मीठो बाल्यकाल, जसमा मेरा बालाई हेलम्बूका माष्टर देवीनाथ सामटीगेले मेरो प्रशंसा गर्दै भनेका थिए- 'महेशराम होनहार छन्, पढाएका कुरा हम्मेसी बिर्सिदैनन्, पाठ सबै सुनाउँछन्, तपाईंले राम्री उनको पढाइमा ध्यान दिनुभयो भने कुनै चिन्ता लिनुपर्दैन, चाँडै नै आमाबाबुलाई दूधभात खुवाउनेछन्।' यसरी उपन्यासको आरम्भ नै शङ्करजीले आफ्नै जीवनको आरम्भ देखाएका हुन् भनी उनलाई जान्नेहरूमा कसले नभन्ने।। हो भने कति इमान्दार लेखक! होइन भने पनि कति सिद्धहस्त लेखक! उपन्यासकी नायिका छ 'रुकी' नौलो र आकर्षक नाम ! अति मीठी छ बाचुन्जेल रोगी भएर एवं संसारमा नरहेर लेखक भन्छन् बालपत्नी

पिई रुकी, विवाहित भए तापनि पतिपत्नी भावनामा एकान्तकी साथी मात्र । संसारमा रहेकी भए कुनै केटोसित बिहा गरी पठाउन सक्थें । उपन्यासको आरम्भिक पहिलो प्रघट्टकबाटै सङ्केत मिल्छ । स्त्रीको पनि पुनर्विवाह गर्न हुने आशय लेखकको र रुकी हुँदाहुँदै उपन्यास-नायक अन्य स्त्रीसँग लागेछन् भन्ने पनि । यसैले सबै बेलीविस्तार बुझ्नका निम्ति समग्र उपन्यास पढ्नका निम्ति तानिन्छ ।

लेखकले उपन्यास नायक महेशराममा आफूलाई परिणत गरेका छन् भनेर माथि भनिसकियो, तिनै महेशराम भन्छन्-बाह्र वर्ष अगाडिको समय सम्झिएर, जहिले आफ्नो जीवन कति सुखी थियो । सुखी वैभवको सम्पन्नताले होइन, स्वतन्त्र स्वाभाविक माया प्रीति र प्रकृतिको मनोहरतामा डुबेर । वर्तमानलाई हेरेर फेरि भन्दछन् - मैले बी.ए.पास गरेको छु, तर यो जादुगरी शिक्षामा त्रुटि पाउन थालेको छु किनकि मैले यसबाट के लाभ प्राप्त गर्न सकें र ! एउटा सानो तिनो जागिर खानुसिवाय । महेशराम भन्दै जान्छन्- डाक्टरले मलाई खतरनाक रोग लागेको शङ्का गरेको छ, आज एउटा क्षयग्रस्त रोगीझैं आफैंसित अन्तर्वार्ता दिंदै छु । के यी कुराहरूले शङ्करजीका जीवनसँगै सामन्जस्य खोजिंदैनन् ? अवश्य खोज्छन् । अत एव उनले आफ्नो अनुभूत गाउँलाई भनेका हुन् मेरो हेलम्बू गाउँ ।

उपन्यासको कथांशतिर लागौं-महेशरामका बाबु हेलम्बूमा अत्यन्त दरिद्र थिए । भाइ-बुहारीको जालझेल र कपट व्यवहारको शिकारमा परेर अंशबण्डा नभनी एक बालसाथीको एउटा कृषि फर्ममा साधारण नोकरी मिलाई दिएकाले हेलम्बूमा बसाई सरी कष्टसाध जीवनयापन गरिरहेका थिए । यिनको छोरो महेशराम माष्टर देवीनाथ सामटाँगेसँगै पढ्थे र यिनको पनि हालत दारिद्रयले गर्दा करुणामय थियो । यिनकी छोरी आठ वर्षकी 'रुकी' सँग समानवया महेशको बालप्रेम सुरु भयो र बालविवाहसमेत भयो । यसपछिको कथाकन उपन्यासबाटै पढ्नु राम्रो हुनेछ ।

उपन्यास तिब्बती शरणार्थीका दुःखमय जीवनसँग रुमल्लिएको छ । महेश 'रुकी'लाई अत्यन्त राम्री देखेर यसरी बयान गर्छ, जस्तो कि उसलाई म अतुलनीय रूपवती, मृगनयनी आदि विशेषण दिन्न पत्थर नहोला, त्यसको सङ्ग गाउँको रातोमाटो र चरासित दाँज्दछु । उसका साथी शेर्पिनीहरूझैं आङ्दुङ र सोम्बा लग.ए हिंड्थी पिठ्युँमा भेन्ना बोकेर । यी बालदम्पतीमा पतिपत्नी भाव उम्रे पनि जिन्दगीभर मायाप्रीतिका कामकुरा र आलाप संवाद हुन सकेन । उपन्यासमा सबभन्दा आश्चर्य लाग्ने नयाँ कुरो के छ भने त्याँको वातावरण एवं प्रकृतिको दैनन्दिन व्यवहारका कुराहरू साँच्चीकै पारामा छन्, कुनै कतै बनावटी देखिंदैन । पत्रपत्रमा प्रयोग हुने शेर्पाका बोलीचालीका भाषा सामग्री आदि राख्न जरुरी लेखकले सकेका छन् त्यसरी राख्न किताबी ज्ञानले मात्र सकिने जस्तो मलाई लाग्दैन । घटना र घटननाका चित्रणहरू यसरी गरिएका छन् सूक्ष्मातिसूक्ष्म कुरा सम्म पनि नछुट्याउने प्रयास गरिएकोछ । मानौं एउटा समुद्यारको पर्यटकले त्यहाँ पुगेर एक एक कुरा टिपेर लेखेको उपन्यास हो-भन्नुको तात्पर्य हो एक नेपालीले लेखेको यो उपन्यास एक विदेशी विद्वान् पर्यटकले लेखेको उपन्यास भन्दा कम छैन । जस्तो एक प्रघट्टकमा महेश भन्छ- रुकीसित बिहे भएपछि पनि हामी रुकीलाई छिन्चर (नैवेद्य चढाउने कचौरी) बोकाएर संगै ध्याङ्मा छेपाताङ (पूजा) गर्न जान्थ्यौं । गाउँको बीच बाटोमा उभिई उभिई शेर्पा शेर्पिनीहरू हामीलाई लोग्ने स्वास्नीको रूपमा देखेर हाँस्थे । तिनको हाँसोमा व्यङ्ग देखेर हो वा तिनको सहजभावले हो – 'हामीलाई बढो लाज लाग्थ्यो । रुकीको मुख एक दम रातो हुन्थ्यो अबीर दलेजस्तो । अनि उ मस्केर हिंड्न लाग्थी तरुनीझैं केही जवाफ नदिई । तर कोही मलाई र रुकीलाई दुई हातमा समातेर प्रेमभावले आफ्नो दुङ्गाले बनाएको घरमा लैजान्थे । कोठाको एक छेउमा ध्यादन (सानो चुल्हो) बलिरहेको हुन्थ्यो जसमा एउटा ओदानमा भ्याङ्गामा चियापानी पाँकिराखेको हुन्थ्यो । ऊ हामीलाई चिया खुवाउन भ्याङ्गा डाङ्ले केटलीमा चाहिने पानी हान्थी र चियाको डब्बो फोरेर पानीमा छोड्थी, हामी खोल्ना (काठको टेबुल) वरिपरि लागेर बस्थौं अर्थात् चिया खाने हामी मात्रै हुन्थ्यौं चियापानी उम्लेपछि गृहिणी भीमे (स्वास्नी मान्छे) ले केटलीबाट घोडम्बू (बाँसको डुङ्गे) मा खन्याउँथी र त्यसमा दोगमूसे मथ्न लाग्थी अलिकति क्यामर (नौनी) हालेर मथिसकेपछि या त केटलीबाटै या जिङ्गीबाट कयूर (कप) मा खन्याई खोल्नामाथि न्याई राखिदिन्थी । नुनिलो चिया खाइ

मोहन सिटौला

भट्टीपसल: एक अवलोकन

१. पृष्ठभूमि:

'आधाबाटे कान्छा' भन्ने उपनाममा शङ्कर कोइरालाद्वारा लिखित एक नेपाली जासुसी उपन्यास भट्टी पसल पढ्ने यौटा प्रसङ्ग मिल्यो । यो उपन्यास २०२९ सालमा लक्ष्मीकुमारी मानन्धरद्वारा प्रकाशित भएको रहेछ र यसको मूल्य रु. २।- देख्नाखेरि स्वाभाविक किसिमले अस्वाभाविकताको अनुभव भयो । तिनै २०/२९/३० आदि सम्वत्सरहरू पार गर्दै यो झस्किएको वर्तमानसम्म आइपुगेको छु । यसलाई भत्काउने या निर्माण गर्ने कार्यमा मैं पनि कति योगदान छ । त्यो रुपैंयाँले मलाई त्यसै प्राचीनतातिर उद्बोध चाहिं गरायो नै जब घरहराका गल्लिमा हन्याङ् हन्याङ् गर्दै 'नेपाली भाषा प्रकाशिनी समिति' १० पैसा २० पैसाका अनमोल भावना, उत्साह र गरिमाका पुस्तकहरू छापथ्यो । हामा विद्वान् र प्रतिभाशालीहरू त्याहाँ र पछि सरस्वती सदनमा आफ्ना अमूल्य जीवन-ज्यान र मुहूर्त-महिमाको सिर्जनशील आरती-आराधना गर्दथे रे ! मानौं टाढाबाट 'च्याँपे खच्चर' जस्ता पनि देखिने हामा पहाडहरू र खच्चर आरोहीचाहिं ती पहाडमाथि झुल्किने चन्द्रमाजस्ता देखिन पुग्दा सत्य इतिहासमा स्वप्नील कल्पना-बुनाका आभा फिजिदा रहेछन् र हामी सिङ्गो वाङ्मयको परिदृश्यलाई चन्द्रमौलीमा रूपान्तरित गर्दा रहेछन् ! आहा ! त्यस्ती किन नदेखिनु – ती प्रज्ञा-प्रतिभाहरूलाई ? झट्ट सम्झिदा स्वप्नील खालको लाग्ने सकारात्मक जीवन र कलाको 'सोझो सत्य' मा आधारित आज नेपाली भाषा, साहित्य र सिर्जनाले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरको महापथको निर्माण गरिसकेको छ । हामी त्यसैका सहयात्री हौं अहिले । त्यसो त १८२४ सालमा युवराज प्रताप सिंहद्वारा बालाजुमा आयोजित अन्तर्राष्ट्रिय बृहत् कवि सम्मेलनका ती मुहूर्त , स्थान र ८७ जना देशी विदेशी साहित्यकारहरूका सपनाहरूले पनि नवनीतरूप र लय टिप्दै आजका जीवन-दर्पणमा 'सहितस्य भावम् साहित्यम्' बन्दै तादात्म्य राख्न सक्षम भएका छन् । हाम्रो मर्यादित इतिहास र पुराना-नयाँ स्रष्टा-द्रष्टाको महिमालाई उजागर गर्न-हिच्किचाउने तर फेरि विदेशी तत्त्वबेत्ताको मुख ताक्ने र आफूचाहिं सिर्जनशीलतामा पनि गुटबन्दी गर्ने हामी विश्वको व्यापकतामा एक मुठ्ठी मात्र पनि नेपाली सन्ततिहरू पो कतिसम्म व्यापक र गम्भीररूपमा सम्वेदनशील छौं ! तर त्यस बेलामा जासुसी लेखन सम्बन्धी त्यति संस्थागत चाख भएको पाइंदैन । तथापि गोरखापत्रले चाहिं 'विचित्र जासुसी उपन्यास' धारावाहिकरूपमा छापेको रहेछ । विज्ञान विलास भन्ने उपनाममा पद्मनाथ सापकोटाले 'डा. सूर्यप्रसाद' भन्ने उपन्यास लेखेछन् । त्यसो त निकै विकसित रूपरेखाको त्यो उपन्यासले १९७५ सालमा प्रतिमान सिंह नामाले लेखेको 'महाकाल जासुस' र १९७७ सालमा लिखित पहलमानसिंह स्वारको 'एकलाख रुपैंयाँको चोरी' जस्ता जासुसी उपन्यासलाई सम्झाउँछन् । त्यसबाहेक जासुसी खालका छोटा कथाहरू पनि त्यस बेलामा र यो ८०/८५ वर्षको अवधिमा प्रशस्तै लेखिएका होलान् तर हामीसित पूर्ण अभिलेखहरू छैनन् या तिनको शोधखोजै भएको छैन ।

विश्व-साहित्यमा एक महत्त्वपूर्ण अङ्ग मानिएको जासुसी आख्यानले नेपाली साहित्यमा पनि आएर पल्पनाउने प्रयास नगरेको होइन । दीर्घबाहु (श्रीधर खनाल) केके मनुष्यो (बालकृष्ण पोखरेल ?) सुधी अनु , धुधीर थापा आदि ज्ञात अज्ञात महिला-पुरुष गरी ३२/३५ जनाले ५५/६० वटा नेपाली जासुसी उपन्यास कथा र कथनहरू उत्पादन गर्न महँगो समय र परिश्रम खर्च नगरेको होइन र यति मात्र पनि चान्दुने चासो होइन । तर यस क्षेत्रमा संस्थागत प्रोत्साहन नभएर यो विधा मुर्झाएको अवस्थामा छ । फलस्वरूप

यसको मध्य र अन्त्य पनि विषम नै छ। थाननीको पहिलो महत्त्वपूर्ण घटना गीतारामले मोटरले कुन्वेर राजालाई मार्नु हो र यस दुखद घटनाले उपन्यासको आदि भागलाई विषम तुल्याएको छ। मध्यभागमा पनि चक्रबहादुरले कन्यनकुमारीका गहना लुट्नु र गीताराम डाकाका कैदमा पर्नु आदि पनि विषमकै परिचायक हो। अन्त्यमा गीताराम र चक्रबहादुर दुवै पक्राउ पर्नु पनि विषमताकै सूचक हो। यसरी यो उपन्यास विषमताबाट विषमतातिर निरन्तर अघि सरेको छ र यसद रचनाको मार्मिक तथा करुण बान्की बनेको छ।

शङ्कर कोइरालाले यस आख्यानात्मक कृतिको नाम अत्यन्त सुहाउँदो ढङ्गमा जुटाएका छन्। कृतिको सम्पूर्ण सेरोफेरोमा दुईड्राइबर गीताराम र चक्रबहादुरको मुख्य समाख्यान भएकाले यसको विषय र शीर्षकमा पूरै सामञ्जस्य रहेको छ। शीर्षकले सङ्केत गरेअनुसार यो कृति सम्पूर्णतः दुई ड्राइबरका वरिपरि घुमेको छ।

प्रस्तुत उपन्यासमार्फत उपन्यासकारले आफ्ना पाठकलाई खास सन्देश दिएका छन्। यसमा दिइएको सन्देश के हो भने अपराधी जातिसुकै भागे पनि अन्ततः ऊ समातिन्छ अपराध गरेपछि गीताराम र चक्रबहादुर दुवै नै कानुनबाट जोगिन भाग्छन्, तर अन्त्यमा दुवै उम्कन पाउँदैनन् र दुवै समातिन्छन्। यस कृतिले आफ्ना सन्देशको अभिव्यक्ति अत्यन्त कलात्मक पाराले गरेको छ। अन्त्यमा, यस उपन्यासबारे निम्नलिखित दुई कुरा निष्कर्षका रूपमा प्राप्त हुन्छन् :

(१) यसमा उपन्यासकार शङ्कर कोइरालाको कथानक अन्त्यबाट सुरु गर्ने, सम्बोधनात्मक ढाँचा अँगाल्ने, दोहोरो दृष्टिबिन्दुको प्रयोग गर्ने चरित्रप्रधान शीर्षक राख्ने घटनाप्रधान प्रस्तुति गर्ने आदि नवीन औपन्यासिक शिल्प तथा प्रविधिको प्रयोग गरेका छन्। यस कुराले यस कृतिको वैशिष्ट्यलाई जनाउँछ।

(२) यो उपन्यास शङ्कर कोइरालाका उत्तम कृतिहरूको पङ्क्तिमा पर्ने रचना नभई साधारण खालको तर पठनीय सिर्जना हो। यस कुराले यस कृतिको सामान्यतालाई जनाउँछ।

★★★

विजयादशमी तथा दीपावली - २०५८ को उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभेक्षुकहरूमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको लागि मङ्गलमय शुभकामना !

संसारको कुनै पनि ठाउँबाट तुरुन्त रकम प्राप्त गर्न भरपर्दो माध्यम

WESTERN UNION | MONEY TRANSFER

The Fastest way to receive money worldwide.

अन्नपूर्णा ट्राभल एण्ड टुर्स प्रा.लि.

दरबार मार्ग (घण्टाघर नजिकै), काठमाडौं। फोन नं. २२३५३०, २२३९४०, २४४८२१

सक्ता नसकैं फेरि जिब्रीको थिया कयूरभरि हालिदिन्थी। यसरी एक पछि दुई कप, तीन कप तारन्तार खाइरहँदा झाथो भुँडी ट्याम्कोझैं टनक्क चर्किन्थ्यो।'

उपन्यासको आखिरी बिसाउनी महेशरामले पिताको देहान्तपछि एक शरणार्थिनी घरकी नोकर्नी शेर्पिनी 'काँगी' संग गान्धर्व सङ्गम गरेर काठमाडौं आई जीवन बिताउँछ। रुकी सधैंकी रोगी हुनाले पनि उसको यो सङ्गम अस्वाभाविक मान्नुपर्ने चाहिँ देखिँदैन। यसबाट नेखकको मनोभूमि कुलपरम्परागत बन्धनबाट मुक्त प्रतीत हुन्छ। कँगीसँग प्रिति बस्ने अवस्था प्राकृत रूपमा देखाउन सक्ने नेखकको खूबी सङ्गनीयोग्य छ भन्नुपर्छ आजकलका धेरैजसो नेपाली युवक साहित्यकारका रुचिकर दृष्टिकोणमा, किनकि विशुद्ध यौन-संवेगको अभाव यसमा छैन। नेखक कोइराला न ठहरे ! ठूला बन्धु कोइरालाको पथप्रदर्शन कहाँ बिर्सन्थे र ! ठूला बन्धुले पानी सुकीसकेकी बूढी र पानीदार तरुणको त गान्धर्व सङ्गम छर्लङ्गयाएका छन् (ब्रिटमर र बहुदी) भने यिनले अठार वर्ष नालगाने तरुणीको पाकेको रूख कटहरजस्तो 'भगमगाउँदो' तारुण्यलाई फोरी आफ्ना उपन्यास पात्रलाई किन तृप्ति लिन न लागाउन ! महेश भन्छ - ऊ उत्तानो परी मेरो इच्छालाई उकुस मुकुसाउँदै....शरीरको थकाइले शिथिल नहोउन्जेलसम्म इत्यादि चित्रण दिन्छन् नेखक। तर प्रकट गर्ने र गोप्य राख्ने वस्तु फरकफरक नै हुनुपर्ने हो। गोपनीयताको महत्त्व गोपनीयताबाटै हुन्छ। त्यस्तै साहित्य सुन्दर, सौम्य, र हितकृत हुन्छ विलनताबाट मात्र, नकि अश्लनताबाट। ठूला कोइरालाले न्याएको साहित्यिक रचना यन्थहरू कोकशास्त्र होलान् चौरासी आसनमा आबद्ध।

अन्तमा आफ्नो अस्वस्थताको कारणले धेरै लेख्न असमर्थ छु। त्यसैले समीक्षा या समालोचना गर्नुपर्ने निकै कुरा यसमा छुटेका छन्, जो सकें मिहनेत नगरी प्रथम पटक पढ्दापढ्दै लेखेको हुँ, तर मेरो अपूरो समीक्षाले उपन्यासको गौरव नघटाओस्, जानीफकारहरूले यसको सम्यक् समीक्षा गरिदिऊन्, म त यति भन्छु कि शङ्कर कोइराला दिवङ्गत भए पनि उनलाई भुवङ्गत गराइराख्ने एक उपन्यास यो पनि हो। आफ्नो अमराव प्रतिपादनको निम्ति धन्यवाद लोक-शङ्कर शङ्करलाई।

मन्थलीय पल्ली, धट्टेकुलो, ढिल्लीबजार

★★★

विजया दशमी २०५८ को पुनित अवसरमा हाम्रा समस्त ग्राहक, शेयरधनी तथा शुभ चिन्तक महानुभावहरूमा हार्दिक मङ्गलमय शभ-कामना

NB Bank

नेपाल बङ्गलादेश बैंक लि.

Nepal Bangladesh Bank Ltd.

Joint Venture Bank with IFIC Bank Ltd. , Bangladesh

✍ भागवत ढकाल

रिमा उपन्यासको औपन्यासिक मूल्य

नेपाली साहित्यको गद्य फाँटमा सशक्त हस्ताक्षर शङ्कर कोइरालाका अनेकन औपन्यासिक कृतिहरू मध्ये एक विशिष्ट पनि हो 'रिमा'। वि.सं.२०५३ सालमा निर्माण प्रकाशन सिक्किमबाट प्रकाशित समीक्ष्य उपन्यासको बाह्य आवरण अमूर्त अवचेतन अवस्थातर्फ इङ्गित गर्न खोजको छ। बाह्य संरचनाकै दृष्टिले हेर्दा ७ परिच्छेदभित्रका १६९ पृष्ठहरूमा आबद्ध प्रस्तुत उपन्यास 'सामाजिक उपन्यास' को विशेषणबाट विभूषित छ। सिक्किमका तत्कालीन मुख्यमन्त्री पवनकुमार चामलिङको 'प्रकाशकीय' टिप्पणी र स्वयं सर्जकको 'कृतज्ञताका दुई शब्द'लाई समेत बहन गरेको विवेचना उपन्यास शीर्षकका कोणबाट चरित्रप्रधान बनेर पाठकलाई झट् आकर्षण प्रदान गर्न सक्षम छ।

शीर्षककै कोणबाट उपन्यासभित्र प्रवेश गर्दा जुनकुनै विवेचक पाठकले कृति समाउनासाथ 'नारीचरित्रप्रधान उपन्यास रहेछ' भनी टिप्पणी गर्न चुक्नेनन् होला र यथार्थ त्यसको नजिक पनि छ। 'रिमा' चारित्रिक दृष्टिले स्वयंमा उपन्यासकार-द्वारा पर्याप्त न्यायप्रदान गर्न नसकिएको चरित्र हो। उसको स्वतन्त्र व्यक्तित्वभन्दा पनि रामुकी श्रीमतीका रूपमा उसको बाह्य व्यक्तित्व परिचित गराइएको छ। अन्तर्हृदयक तहमा अर्थात् अवचेतन मनका पीडाहरूको जटिल भेलाइका दृष्टिले चाहिँ रिमा उपयुक्त पात्र बन्न सक्छे – शीर्षकका लागि। रामुकी द्वितीय पत्नीका रूपमा भित्रिएकी रिमा युवावस्थाका रहर चाहना पूरा नहुँदै विधवा बन्न विवश बनेकी छे। झण्डै आफ्नै उमेरको सौतेली छोरा प्यारेरामको राजनैतिक सक्रियता र सामाजिक प्रतिष्ठाका बावजुद उपन्यासकार म पात्रका रूपमा बढी सन्निकट बन्न पुगेका छन् रिमाका लागि। हरकुमारीको यस उपन्यास चित्रको सामी सहभागिता, म पात्रको अवचेतनमा कुण्ठित मनोभावहरूको समुद्र आदिलाई हेर्दा 'रिमा' शीर्षकले यसभित्रका अन्य चारित्रिक समस्यालाई सङ्केत गर्न असमर्थ भनेको स्पष्ट हुन्छ तर पनि नारी समस्या र भावनालाई प्रतिनिधित्व गर्न शीर्षक सक्षम बनेको छ।

'रिमा' उपन्यासको कथावस्तुका सम्बन्धमा चर्चा धान्दा उपन्यासकारको कृतज्ञतामा व्यक्त भावलाई अघि राख्नु उपयुक्त होला, उनी भन्छन् 'वाराणसीमा छँदा लेखिएको हो। यसमा मुख्य विषय सामाजिक विषमता, आर्थिक दुरावस्था साथै मनोवैज्ञानिक घात-अन्तर्घातका कुरा अनि सहरमा बस्दा देखे-जानेका भोगेका स्थानीय वातावरण परिस्थितिहरूका कुरा नै लेखिएका छन्।' यी भनाइबाट स्पष्ट हुन्छ भने बाह्य विदेशी परिवेशमा उपन्यासका घटना केन्द्रित छन्। उपन्यासको विषयवस्तु समाजकै पृष्ठभूमिमा यहीका आर्थिक एवं मनोवैज्ञानिक घटना प्रतिघटना व्यक्त गर्नमा गतिशील छन्।

उपन्यासकार निद्राबाट ब्युँझिएको प्रसङ्गबाट प्रारम्भ भएको प्रस्तुत उपन्यासको प्रारम्भ भाग दोस्रो परिच्छेदसम्म लम्बिएको छ। जहाँसम्म पुग्दा उपन्यासकारको मनोभाव पत्रकारितासम्बन्धी पेशा, विदेश बसाई, हरकुमारीको पारिवारिक परिचय, रसिवले दिएको दशहजार रुपियाँ र त्यसपछिको उपन्यासकारको अपराध मनोविज्ञान, जँड्याहा साथी चुलबुलरामको व्यवहार, जातीय दङ्गाका कारण कर्फ्यूअन्तर्गत तत्कालीन समाज, कर्फ्यूजन्य सामाजिक विषमताहरू जस्ता पक्षलाई यस उपन्यासको आदि भागअन्तर्गत राख्न सकिन्छ। प्रमुख घटना एवं चरित्रहरूको चिनारीका कोणबाट यो आदिभाग महत्त्वपूर्ण देखिन्छ। उपन्यासको मध्यभाग अर्थात् विकास खण्ड तेस्रो परिच्छेददेखि छैठौं परिच्छेदसम्म फैलिएको छ। उपन्यासकार र उनको साथी चुलबुलराम कर्फ्यू उल्लङ्घनको आरोपमा जेल पर्नु, सुमती र कुन्ता हुनु। यी बाहेक शेष सबै पात्रहरू गौण वर्गमा पर्छन।

दुई ड्राइभर भन्ने शीर्षकअनुसार यो उपन्यास चरित्रप्रधान भई यसमा गीताराम र चक्रबहादुरको विशेष चरित्रङ्कन हुनु पर्ने हो, तर यसको संरचना घटनाप्रधान भएकाले यसमा पात्रभन्दा कथानकले बढी महत्त्व पाएको छ। गीताराम राजालाई मोटरले कुल्चेर मार्ने घटनाबाट डोरिएर अन्तिम नियतिमा पुगी अभियुक्तका रूपमा गिरफ्तार भएको छ भने चक्रबहादुर पनि कञ्चनकुमारीका गहना लुट्ने घटनाबाट डोरिएर अन्तिम नियतिमा पुगी अभियुक्तकै रूपमा गिरफ्तार भएको छ। कृतिमा गीतारामभन्दा बढी नकारात्मक प्रवृत्ति चक्रबहादुरमा देखिन्छ भने यी दुवैभन्दा बढी नकारात्मक प्रवृत्ति ढाँचा औतारेमा देखिन्छ। औतारेको खलनायकीले गीताराम र चक्रबहादुरलाई खलनायकको स्थितिबाट पन्छाई नकारात्मक पात्रका दर्जामा राखेको छ। चरित्रचित्रणका दृष्टिले सबै पात्रहरूको अङ्कन भनै सामान्य ढाँचामा गरिएको छ। अपेक्षाकृत बढी महत्त्व भएका कञ्चनकुमारी तथा मायाजस्ता स्त्रीपात्रको चित्रण पनि नाटकीय सन्कने आइमाईका रूपमा एकआयामी छ।

शङ्कर कोइरालाले **दुई ड्राइभर** मा दुवै ड्राइभरका दृष्टिबिन्दुको प्रयोग गरेका छन्। यसको पहिलो भागमा गीतारामको दृष्टिबिन्दु, दोस्रो भागमा चक्रबहादुरको दृष्टिबिन्दु र तेस्रो भागमा फेरि गीतारामको दृष्टिबिन्दुको प्रयोग गरिएको छ। त्यसैले पहिलो र तेस्रो भागमा आएको म सर्वनामले चक्रबहादुरको प्रतिनिधित्व गरेको छ। यसमा गरिबीका कारण स्वास्नी अर्कासँग हिँडेकी पीडा भोग्ने सोच्ने तथा राम्रो काम दिने आरबासन दिएर पनि काम चाहिँ नदिने कपटीको कपटाचार सहन बाध्य व्यक्ति अर्थात् गीतारामका दृष्टिबाट संसार लाई हेर्ने प्रयास गरिएको छ भने विदेशीलाई पटकपटक केटी पुऱ्याएर पैसा कमाउनुभन्दा एकपटक कञ्चनकुमारीका गहना लुटेर भाग्नु बेस हो भनेर ठान्ने चक्रबहादुरका दृष्टिबाट पनि संसार लाई हेर्ने प्रयत्न गरिएको छ। यसै पृष्ठभूमिबाट गीताराम आफ्नी स्वास्नी भगाएर सैजाने तथा आरबासन दिएर पनि राम्रो काम नदिने राजालाई मोटरले कुल्चेर मार्नु उचित ठहऱ्याउँछ। चक्रबहादुरले पनि पटकपटक यौनदासी गर्नुभन्दा एकपटक कञ्चनकुमारीलाई लुटेर जीवन धान्नु उचित ठानेको हो। यी दुवै पात्रहरूको दृष्टिबिन्दु वा विचार नकारात्मक हुने कारण पनि यही पृष्ठभूमि हो।

यस उपन्यासको थालनी श्रीमान्! भन्ने सम्बोधनबाट गरिएको छ। यो सम्बोधन गीतारामले बयान दिने सन्दर्भमा गरेको हो। उसले यो बयान दिने स्थिति उपन्यासको अन्त्यमा ऊ पक्राउ परेपछि आएको छ, तर उपन्यासको प्रारम्भ यही अन्त्यबाट गरिएको छ। उपन्यासको दोस्रो भागको आरम्भमा चक्रबहादुरले पनि श्रीमान् न्यायाधीशजी भन्ने सम्बोधन गरेर आफ्नो कथा भन्न थालेको छ। यसको तात्पर्य के हो भने गीतारामझैं चक्रबहादुरले पनि आफ्नो समाख्यान अन्त्यबाट सुरु गरेको छ। त्यस्तै तेस्रो भागको थालनीसमेत समान किसिमबाट गरिएको छ। तेस्रो भागको थालनीमा पुनः श्रीमान्! भन्ने सम्बोधन गरेर गीतारामले आफ्नो बयान चालू राखेको छ। प्रत्येक भागको थालनी उपर्युक्त सम्बोधनात्मक ढङ्गमा गरिएको हुँदा यस उपन्यासमा अत्यधिक कौतूहल र रोचकता उत्पन्न भएको छ।

यस उपन्यासको प्रस्तुति अभियुक्तले दिने बयानका ढाँचामा गरिएको छ। सम्पूर्ण उपन्यास नै दुई ड्राइभरले अभियुक्तका रूपमा दिएको बयान हो। बयानैबयान भएकाले यस उपन्यासको मुख्य ढाँचा नै सम्बोधनात्मक छ। सम्बोधन शैलीमा लेखिएको यो कृति गीताराम र चक्रबहादुर दुवैका जीवनको खुला किताब हो। पात्रहरूले सम्बोधनात्मक ढङ्गमा आत्मबयान दिएका हुँदा यो कृति निकै नै दिग्बसनीय भएको छ। यसमा प्रस्तुत बयान कृत्रिम प्रकारको नभई स्वाभाविक किसिमको छ।

प्रस्तुत उपन्यासको थालनी विषम छ भने

प्रा. मोहनराज शर्मा

शङ्कर कोइरालाको दुई ड्राइवर उपन्यासबारे दुई कुरा

शङ्कर कोइराला नेपाली साहित्यका ख्यातिप्राप्त आख्यानकार हुन् । यिनको आख्यानकारिताले नेपाली कथाका साथै नेपाली उपन्यासलाई पनि उँभो उठाउने काम गरेको छ । सरल, सहज र मार्मिक आख्यान रचन सिपालु शङ्कर कोइरालाले प्रसस्त सङ्ख्यामा कथा तथा उपन्यासको निर्माण गरेका छन् । यिनलाई नेपालीमा अत्यधिक सङ्ख्यामा उपन्यासको प्रणयन गर्ने लेखक मानिन्छ । यिनको बैरिनी घाट आन्चलिक उपन्यासका रूपमा कायम गरेको उच्चता र श्रेष्ठतालाई माथि अकी स्थानीय रङ्गप्रधान कृतिले अझै देखाएरको छैन ।

दिवङ्गत भएर पनि बैरिनी घाटका उपन्यासकारको रूपमा बाँचेका शङ्कर कोइरालाका अनेक उपन्यासहरू मध्ये एउटा दुई ड्राइवर पनि हो । यस उपन्यासले बैरिनी घाट को औपन्यासिक अम्माइ प्राप्त नगरे पनि आफ्नै खासको प्रशस्त वैशिष्ट्य अँगालेको छ । यस लेखमा मुख्यतः शङ्कर कोइरालाको दुई ड्राइवर नामक यही उपन्यासलाई केन्द्राउने जमको गरिएको छ ।

दुई ड्राइवर बृहत्काय नभएर लघुकाय उपन्यास हो । जम्मा ८० पानामा फिजिएको यस रचनालाई लघुउपन्यास या उपन्यासिका पनि भन्न सकिन्छ । यो कृति परम्परित उपन्यासझैं डेरै भाग वा परिच्छेदहरूमा विभक्त नभई निम्न दिइएका तीन भागहरूमा विभाजित छ:

भाग	शीर्षक	पृष्ठ सङ्ख्या
(१)	गीताराम	१-१४
(२)	चक्रबहादुर	१५-४६
(३)	गीताराम	४७-८०

भागहरूको सङ्ख्यामा कम र तिनको विस्तार पनि कम भएकाले यस उपन्यासको संरचना छरिएको झानको छ । पहिलो भागमा मुख्यतः गीतारामका तर्फबाट र दोस्रो भागमा मुख्यतः चक्रबहादुरका तर्फबाट कथाको उठान गरिएको छ भने तेस्रो भागमा दुबैको परिणति देखाई कथाको बैठान गरिएको छ । यसको कथानक उठानबाट बैठनतिर क्षिप्र गतिमा दौडेको छ र सहसा समाप्त भएर टुङ्गो लागेको छ । प्रस्तुतिको यस संक्षेपविधिले प्रस्तुत उपन्यासलाई पट्यारलाग्दो हुन दिएको छैन ।

यस उपन्यासका दुई ड्राइभरहरू गीताराम र चक्रबहादुर हुन् । यी दुवै यस उपन्यासका प्रमुख पुरुष पात्र पनि हुन् र तेस्रो महत्वपूर्ण पुरुष पात्रचाहिँ औतारे हो । गीताराम र चक्रबहादुर नायक वर्गमा पर्ने पात्र हुन् भने औतारे खलनायक श्रेणीको पात्र हो । चौथो पात्र राजाचाहिँ उपन्यासमा नदेखिने, तर उपन्यासभरि नै उल्लेख भइरहने चरित्रका रूपमा देखिएको छ । यी चारबाहेक यसमा नियतिनाथ, रामबाबु, आसलाल, रविबहादुर, हर्षजित आदि नाम गरेका अन्य पुरुष पात्र पनि छन्, तर यिनको भूमिका गौण रहेको छ ।

नारी पात्रका रूपमा यसमा कञ्चन-कुमारी, माया, सुमती, कुन्ता, हेरा, मोतीमाया, सुनौली आदि रहेका छन्, तर यिनमा कुनैको पनि भूमिका नायिका तहको छैन । यिनमा अलि बढी भूमिका हुने पात्र कञ्चनकुमारी तथा माया हुन् भने नामोल्लेख मात्र भई अनुपस्थित रहने पात्र

त्यहाँ हमिद नाम व्यक्ति (जसले रसिदको हत्या गरेको थियोर्सँग भेट हुनु, उपन्यासकारमा रसिदको साथ दिएबापत भनी अपराधबोधले जरा गाड्नु, हरकुमारी, उनका पति जयसवाल र छोरी सोनाको चारित्रिक विकास, उपन्यासकारका मित्र रामुको मृत्यु, विधवा मित्र पत्नी रिमासँगको उनको सम्बन्ध, रिमाको जीवनवृत्त, सामाजिक र जागिरेजीवन सोंचाइ एवं व्यवहारजस्ता कुराहरू पनि यसै मध्यमभागमा विकसित भएका छन् । उपन्यासको अन्त्यभागका रूपमा सातौं परिच्छेदलाई लिन सकिन्छ । जहाँ घटना र चरित्रहरू आआफ्नो उद्देश्यमा एकोहोरिएका छन् । विदेशमा मजदुरी गरेर बस्ने बखतबहादुरजस्तो सज्जन व्यक्ति चेलिबेटी बेचबिखनमा थुनिनु, हरकुमारीको परिवार बम्बईतर्फ बसाइ सर्नु र रिमाको जीवनमा भेटिएका नयाँ साथी (उपन्यासकार) म पात्र । पनि रसिदको पैसा राखेबापत एवं साथी बसेबापत जेल हालिनु, प्रवासको जीवनशैलीमा खासै परिवर्तन नदेखिनुजस्ता पक्षमा पुऱ्याएर रिमाको आँसुमा उपन्यासको विकासक्रम अन्त्य भएको छ ।

यसरी आदि, मध्य र अन्यको शृङ्खलामा बाँध्न सकिने प्रस्तुत उपन्यासको कथावस्तुको समग्र समीक्षा गर्दा के स्पष्ट हुन्छ भने उपन्यासकारको कलारस बसाइमा त्यहाँको जीवनशैली, त्यहाँ रहेका नेपाली परिवारका रहनसहन एवं समस्याहरूले जसरी प्रभाव पारे त्यसैको अभिव्यक्ति उपन्यासमार्फत् गरिएको छ । हिन्दू मुस्लिमका नाममा हुने जातीय झडप, त्यसबाट सर्वसाधार जनमा पर्ने पीडा, प्रवासको बसाइमा भोग्नुपर्ने सामाजिक एवं मानसिक अपमान, त्यहाँ रहँदै बस्दै आएका नेपालीहरूको अनिश्चित भविष्य र दुःखेसाहरूलाई उपन्यासकारले केन्द्राउने प्रयत्न गरेका छन् । हुन त हरकुमारीको परिवार, रिमाको परिवार र बखतबहादुरको परिवारले मात्र त्यहाँको सामाजिक प्रतिनिधित्व हुन सक्दैन । अझ त्यसमा पनि रिमा र हरकुमारी दुवै यौनकुण्ठित पात्रा हुन्, जुन तहमा दुवैमा समानता छ । हरकुमारीको परिवार त्यही समाजकै परिवार हो भने रिमाको परिवार नेपालबाट रोजीरोटीका कममा त्यहाँ पुगेको हो । त्यसैगरी उपन्यास त्यहाँको साँस्कृतिक एवं धार्मिक पक्षलाई चिनाउन असमर्थ छ भने राजनैतिक र आर्थिक झल्को पनि सामान्य अवस्थामा छ । जे होस् नेपालबाहिर पनि नेपाली समाज छ, त्यहाँको केही आंशिक झलक प्रदान गर्ने कार्यमा यो उपन्यास सक्षम बनेको छ ।

चारित्रिक दृष्टिले रिमा उपन्यासभित्र प्रवेश गर्दा उपन्यासकार स्वयं म पात्रका रूपमा सक्रिय एवं गतिशील पात्रका रूपमा देखा परेका छन् । स्वतन्त्र पत्रकारका रूपमा आफूलाई चिनाउन र स्थापित गराउन चाहने म पात्र विधुर पात्र हो पत्नीको मृत्युको कारण म्यानेन्जाइटिस बताइए पनि सायद पत्नी मृत्युको अपराधबोधले ऊ ग्रस्त छ र यसै पीडालाई लुकाउन ऊ विदेशिएझैं लाग्दछ । युवावस्थामै पत्नी वियोगबाट उसका अन्तर्हृदयमा 'परस्त्रीगमनम् श्रेयम्' भन्ने कलुषित भावना विकसित भइरहेको देखिन्छ । जुनकुरालाई ऊ स्वयंले व्यक्त नगरे पनि जयसवालको भनाइबाट स्पष्ट पारिएको छ । उपन्यासको म पात्र पतिबाट टाढा रहेकी हरकुमारी, विधवा रिमाजस्ता नारीहरूसँग उसको सम्बन्ध विस्तारले पनि औंल्याउँछ । हरकुमारीका निमित्त त उसले धुपै पैसा पनि खर्च गरेको छ । रिमाचाहिँ आफ्नो पतिको मृत्युमा म पात्रसँगको बढ्दो निकटता पनि हो कि भन्ने अपराधबोधबाट ग्रस्त छे । अन्य केही पुरुष पात्र भए पनि म पात्रका रूपमा रहेका पुरुष पात्रकै जीवनवृत्तमा घटनाहरू घट्दै गएका छन, त्यसैले शीर्षक रिमा भए पनि उपन्यासको प्रमुख गतिशील र सक्रिय चरित्र भने म पात्र नै हो । म पात्रका अतिरिक्त यस उपन्यासमा सरकारी अफिसरका रूपमा सफल तर घरायसी व्यवहारमा असफल व्यक्तिका रूपमा जयसवाल, गरीब बखतबहादुर, जैह्याहा चुनबुलराम, रसिद, हमिद, आदि पुरुष पात्रहरू रहेका छन् भने रिमापति रामु, रिमाका देवरहरू, अन्य केही प्रशासनिक कर्मचारीहरू सूक्ष्म पात्रका रूपमा रहेका छन् ।

नारीपात्रहरूको कुरा गर्दा शीर्ष पात्र रिमालाई नै प्रथमतः सम्झौं । ऊ रामुको घरमा विवाहित द्वितीय पत्नी बनेर प्रवेश गरेकी हो, उसलाई परिवार र रामुको विगतबारे बताइएको थियो थिएन त्यो स्पष्ट छैन तर उमेर नमिलेका

कारण पनि पत्नीमा त्यति धेरै सुमधुर सम्बन्ध पक्कै थिएन । भावुक प्रकृतिको रामु पत्नी रिमाको व्यवहारबाट त्यति सन्तुष्ट पनि देखिँदैन । रामु रिमासँगै नेपाल भ्रमणमा आउँदा पोखराका तलमा झण्डै रामुले आत्महत्या गरिसकेको थियो । उपन्यास र उपन्यासकार मौनजस्ता देखिए पनि रामुलाई रिमा र म पात्रबीचको सम्बन्ध पटक्कै मन परेको थिएन, त्यसैले तपाई भएपछि रिमालाई ख्याल राखिहाल्नुहुन्छ नि भन्ने सन्देहमूलक आशय रामुले प्रकट गरेको थियो । रिमा स्वयंले पनि विधवा जीवनको प्रारम्भमा नै अब तपाई त हो नि मेरो सहारा भन्नु र अन्त्यमा म पात्र जेल पर्दा आएर रुनुकराउनुले पनि ती दुईबीचको अन्तर्मनमा अवस्थित यौनरागलाई औंल्याउँछ । तीनवटा बच्चाकी आमा भएर पनि रिमा पति वियोगलाई जागिरे जीवनका रूपमा परिणत गरेर पारिवारिक दायित्व स्वयं लिन चाहने कर्मठ नारी हो । सामाजिक घोचपेचको पर्वाह नगरी पतिका मित्र म पात्रलाई घरमा स्थान दिनु अतृप्त चाहनालाई अभिव्यक्ति दिनुजस्ता उसका कमजोरीका बावजुद ऊ यस उपन्यासकी सशक्त एवं प्रभावकारी चरित्र हो ।

नारी पात्रकै रूपमा हरकुमारी यस उपन्यासकी अर्की मनोरुग्ण चरित्र हो । ऊ स्वतन्त्र रूपमा पतिसँग हाँसखेल गर्न सके छोरा पाउन चाहन्छे, तर अफिसर पति घरमा नबस्ने छोरी जन्मेपछि परिवार नियोजन गर्ने कार्यले गर्दा पतिप्रतिको सद्भाव उसमा पलाउन सकेन । छोरी सोनाको हेरचाहमा लाग्दालाग्दै पनि एउटै घरमा डेरामा बस्ने म पात्रप्रति उसको झुकाव बढेको छ । मीठो नमिठो पाक्दा उसलाई ख्वाउन चाहने, राति अबेरसम्म उसकै कोठामा गफ गरेर बस्ने, पतिप्रति नकारात्मक टीकाटिप्पणी गर्ने, दमित कुण्ठाहरूको उजगार गर्ने माध्यमका रूपमा उसले पनि म पात्रलाई नै रोजेकी छे । कता-कता स्वतन्त्र र निस्फिक्री रहने स्व.पतिभन्दा म पात्रजस्तो पत्नीकै वरिपरि घुम्ने उसकै हाँसोमा हाँसो मिलाउने पत्नीभक्त पतिको चाहना हरकुमारीको अन्तर्हृदयमा देखिन्छ । यी कुराको पुष्टि पतिको बम्बई सरुवा हुँदा बहाँसँगै जानभन्दा त्यही डेरामा म पात्रसँग बस्ने चाहना प्रकट भएबाट पनि पाउन सकिन्छ । साथै पतिसँग गरिने यावत् स्वगुनासाहरू म पात्रसँग गरेबाट पनि पुष्टि हुन्छ । हरकुमारीले रिमालाई अप्रत्यक्ष रूपमा सौता ठान्न पुगेको देखाइएको छ । म पात्र सुविधाको कारण देखाएर रिमाको घरमा डेरा सर्न खोज्दा हरकुमारी निकै दुःखी बनेकी छे, बाह्रटिङ्गा कुरा गरी उसलाई आफ्नो निर्णयमा पुनर्विचार गर्न बाध्य तुल्याएकी छे । यी यावत् गतिविधिबाट हरकुमारी यौनकुण्ठा, मातृवात्सल्यको अभाव, पतिप्रेमको अभावका कारणले पिल्लिएकी पात्रका रूपमा चित्रित छ । यिनका अतिरिक्त बखतबहादुरकी श्रीमती, म पात्रकै मृतपत्नी, अन्य प्रसङ्गवस सामाजिक सदस्यका रूपमा रहेका सदस्यहरू सुपात्र बनेर देखापरेका छन् जसको औपन्यासिक मूल्यमा खासै भूमिका देखिँदैन ।

यसरी चरित्रका कोणबाट नारी पुरुष दुवै वर्गका पात्रहरू र प्रौढ उमेरका स्वभाव एवं चाहनालाई मनोवैज्ञानिक र सामाजिक पृष्ठभूमिमा उपन्यासकारले सफलतापूर्वक प्रस्तुत गरेका छन् ।

उपन्यासभित्रको अर्को तत्त्व परिवेश हो । लिइएका घटना र चरित्रलाई स्वभाविकता प्रदान गर्ने शक्ति परिवेश हो । यस उपन्यासले विदेशी भूभागलाई घटनाको कार्यस्थल बनाएको छ । सन् १९९२/९३ तिर भारतमा हिन्दू– मुस्लिमबीच नाममा भड्किएको राजनैतिक घटनाक्रममा उपन्यासको बाह्य परिवेश उद्घाटित छ । बनारसभित्रकै स्पष्ट भिन्दा नाउँ नदिइकनै घटना र चरित्र सहरिया जटिलताभित्र गुम्भिएका छन् । आन्तरिक परिवेश मनोवैज्ञानिक उपन्यासको विशेषता हो, जुन यहाँ अन्तःस्करणका अन्तर्द्वन्द्वलाई अभिव्यक्त गर्ने क्रममा प्रकट भएको छ । बाह्य परिवेश बनारस रहे पनि आन्तरिक मनोरुग्णताकै जटिल घनत्व उपन्यासभित्र पाइन्छ ।

द्वन्द्व घटनालाई उपन्यास तुल्याउने सशक्त माध्यम हो । समीक्ष्य उपन्यासमा मुस्लिम-हिन्दूबीचको धार्मिक द्वन्द्व प्रबल रहेको छ भने सहरिया जटिलता र आवश्यकता, गरीबी र जीवनयापनका आधारभूत आवश्यकता, सम्पन्नता र विपन्नता, छलकपट र इमान्दारी, जीवन र मृत्युका सम्बन्ध स्पष्ट बाह्य द्वन्द्वहरू देख्न सकिन्छ भने अन्तर्हृदयका तहबाट प्रयुक्त पात्रहरू प्रायः

भान्दाई पर्ने होइन, साथी बीरा आदि । सबै पात्रले कथानक अगाडि बढाउन महत्त पै पुऱ्याएका छन् । तत्खलीन (२०१०-११) काठमाडौं उपत्यकाको परिवेश र वातावरण उपन्यासमा चित्रित छ । सामाजिक यथार्थलाई अत्यन्त सरस शैलीमा कृतिमा व्यक्तिए पनि भावमा उत्तिकै गहनता हुनु कोइरालाको कृतिगत विशेषता हुन् ।

'माया' को मनस्थितिलाई कोइरालाले विश्लेषण गर्नु भएको छ । ऊ एकातिर परम्परागत सामाजिक नारीको रूपमा देखिन्छे जो बानु आमाले खोजेको केटोसँग कुनै बाधा विरोध विवाह बन्धनमा बाँधिन्छे तर अर्कोतिर उसको मनमा ठूलो 'आँधी बेरी' चल्छ, हिमेकी डेराबाल सुर्जेलप्रति आनायासनै आकर्षित हुन्छे यद्यपि सुर्जेलाल राम्रो मान्छे होइन भन्ने थाहा छ, तर पनि...। यी सबै मनस्थितिको विश्लेषण उपन्यासमा हेरौं-'...कहिले आमा, बाबुको आफूप्रति निश्छल स्नेह देखेर सहानुभूति हुन्थ्यो ऊ पनि आमा-बाबुको खुसीमा खुसी मात्र लाग्दथी । उसलाई विरोध भाव पैदा हुन्थ्यो किन भने सुर्जेलालप्रति ऊ आकृष्ट थिई । ऊ सुर्जेलालको दुष्टात्मा प्रवृत्ति देखि कायल हुन्थी । आफ्नो बदनाम गर्ला भन्ने डर र शङ्का लाग्दथ्यो..' यसरी दुई धारामा बाँडिएको मायाको अवस्था छ । त्यसैगरी जसरी पन्तो घरको भ्यालेमा 'भिसरी' को छ । 'भिसरी' पनि उपन्यासको केन्द्रीय चरित्र हो जसको केन्द्रबिन्दुमा उपन्यास फन्को मार्छ । 'भिसरी' बिहे भएर पनि हीरामानलाई विर्सन सक्दिन । यद्यपि हीरामान नराम्रो छ, बदमास छ जस्तो सुर्जेलाल छ । 'माया' र 'भिसरी' दुवैको मानसिकता प्राकृतिक इच्छा र परम्परागत आदर्शको द्वन्द्वपूर्ण आकुल-व्याकुलमा अगाडि बढ्छ । 'माया' बिहे भई सकेपछि आफ्नो श्रीमान् के.बीरको डेरा महाराजगञ्ज जान्छे तर सुर्जेललाई विर्सन सक्दिन । मायाको श्रीमान्ले मायाकै साथी बिरालाई प्रेम गरेको थाहा पाएपछि माया आफूलाई आश्वास्त पार्छे । किनभने मायाले-'तपाईले कहिल्यै कसैसित प्रेम गर्नुभएको छ ?' सोध्दा । के.बीरले-'प्रेम गरेको छु तिमीसित माया' भनेर वास्तविकता लुकाउँछ । तर यसै प्रश्न के.बीरले मायालाई नगरेकोले माया- 'कस्तो राक्षस नभएको मान्छे' भन्छे । ऊ चाहन्थी लोग्नेले उसलाई प्रश्न माथि प्रश्न सोधेर हैरान पारोस्, उत्तर दिन अनेक बहाना बनाउनु परोस् तर यो सब केही नहुँदा ऊ निराश हुन्छे । जसरी 'पन्तो घरको भ्यालमा' भिसरी हुन्छे- । गोठाले उपन्यासमा यसरी विश्लेषण गछन्-'त्यो लोग्ने मान्छेले मरु कसैलाई हेरेको छ भनेको भए उसलाई सन्तोष हुन्थ्यो । मरु कसैलाई माया गरेको छ र अरूले पनि उसलाई माया गरेको छ भनेको भए सन्तोष हुन्थ्यो । पोइको आँखा खोपडे जस्तो उसलाई लाग्थ्यो आदि ।' यसरी 'माया' र 'भिसरी' एउटै मानसिकताबाट पीडित छन् । अतृप्तिजन्य कुण्ठाहरू अनेक हुन्छन् तर ती सबै कुण्ठाहरू परिस्थितिसित सम्झौता गर्ने क्रममा भित्र-भित्रै गुम्सिएर बस्छन् । यो मानवीय नियति हो । यौनजन्य कुण्ठाले पुरुषलाई भन्दा केही बढी नै नारीलाई पिरल्छन् यो यथार्थ हो ।

उपन्यासको अन्तिर 'माया' बिरामी पर्छे । मायालाई हेर्न जुन डाक्टर आउँछ ऊ सुर्जेलालको दाजु हुन्छ । ऊ के.बीरलाई यसो भन्छ-'उनको रोग मेरो दाइ सुर्जेलाल थिए । उनी मेरो दाइसित प्रेम गर्थिन् । त्सरी प्रेमले विषालुरूप लिएर उनलाई दुःख दिइरहेको छ ।' अर्थात् रोगको उपचार भौतिक नभएर मानसिक हो । यसरी 'माया' को बिगतलाई डाक्टरले उदाइ पार्छ । फलस्वरूप रिक्सा चलाउँदै गरेको अवस्थामा 'माया' ले सुर्जेललाई भेट्छे र डेरासम्म मात्र पुऱ्याएपछि माया यसो भन्छे – 'मलाई बिर्सिदेउ-सुर्जेलाल । यसैमा हामो असल छ ।'

अर्थात् जतिसुकै मानसिक उथल-पुथल भए तापनि सामाजिक परम्परा मर्यादाको अगाडि ती सबै पराजित हुन्छन् तर मानसिक कुण्ठा भने यथावत् नै रहन्छन् यो नै मानवीय नियति हो ।

संक्षेपमा भन्दा यौन-समस्या र बेग्लै परिवेश र वातावरणमा जेलिएको मानिसको इच्छाइएको जीवनको अनिच्छित भोगाइ हो प्रस्तुत उपन्यास । यहाँ वर्णन, परिवेश र वातावरणभन्दा पनि पात्रगत विश्लेषणमा नै बढी केन्द्रित छ भन्दा अत्युक्ति नहोला ।

***

✍ माधव घिमिरे 'टंगाल'

'उसले सम्झला' भित्र घोत्लिँदा

आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियासँग-सँगै उपन्यासमा विविध प्रयोग र त्यसको प्रभाव क्षेत्र पनि फराकिलो हुँदै गएको अनुभव हुन्छ। रुद्रराज पाण्डेको 'रूपमती' १९९१ वि.सं. ले जसरी उपन्यासमा आधुनिकताको सीमा रेखा कोर्न सक्षम भयो, क्रमशः माध्यमिक कालीन प्रवृत्तिहरू उत्तरवर्ती उपन्यासहरूमा हराउँदै गए, त्यसका ठाउँमा विभिन्नवादहरू उपन्यासमा भिँदै गए। आदर्शोन्मुख यथार्थवाद (रूपमती), सामाजिक यथार्थवाद -मुलुक बाहिर), ऐतिहासिक यथार्थवाद -बसन्ती, सत् प्रयास), आलोचनात्मक यथार्थवाद -एक चिह्नान), समाजवादी यथार्थवाद -आशामाया), र मनोविश्लेषणवाद -अनुराधा)।

शङ्कर कोइराला नेपाली उपन्यासको क्षेत्रमा चर्चित नाम हो। जसरी देवकोटा भन्ने बित्तिकै 'मुनामदन' को सम्झना आउँछ, त्यसैगरी शङ्कर कोइराला भन्ने बित्तिकै **बैरिनी घाट** को सम्झना स्वतः आउँछ। हुन पनि संयोग त्यस्तै परेको हो वा के हो कोइरालाको यही उपन्यास (**बैरिनी घाट**) बाहेक अरू उपन्यासहरूको त्यति चर्चा परिचर्चा कम नै भएजस्तो हामी पाउँछौं। सामाजिक यथार्थवादी उपन्यास **बैरिनी घाट** मा यथार्थ वर्णनको सूक्ष्मता, आफ्नै प्रकारको छ, बिना कुनै पूर्वाग्रही भएर कोइरालाले २ नं. रामेछापको गाउँ विशेषको जसरी उपन्यासमा यथार्थ विवरण प्रस्तुत गरेका छन् त्यसले नेपाली उपन्यासमा कोरो दृश्यको काम गरेको छ।

सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा शङ्कर कोइराला नेपाली साहित्यमा स्थापित भएका छन्। यथार्थ भनेको सत्य हो-छ र होको यथार्थ बोधक तर यथार्थवाद भनेको विचार हो। कुनै विशिष्ट चिन्तन वा यथार्थ दृष्टिकोण प्रति आग्रह अथवा समाज सापेक्ष निर्माणरत वास्तविकताप्रति आशक्ति। दृश्य जगतलाई त्यस्तै रूपमा हेर्नुभन्दा त्यहाँका गतिशील रचनात्मक शक्तिलाई भावको अनुभूतिमा बाँधेर नयाँ जीवन सृष्टि गर्ने वातावरणमा योगदान गर्ने कला नै यथार्थवाद हो। यसै पृष्ठभूमिमा विवेच्य उपन्यासको चर्चा गर्नु असान्दर्भिक ठहरिँदैन होला।

'उसले सम्झला' यो उपन्यासको नाम हो। केन्द्रीय चरित्रमा नारी पात्र माया छिन्, जिनको सेरोफेरोमा उपन्यासका सम्पूर्ण घटनाहरू, घुमेका छन्। पूर्वार्धमा मायाको अविवाहित चरित्रको यथार्थ चित्रण भएको छ, भने उत्तरार्धमा विहेपछिको गृहस्थ-जीवननाई उपन्यासले समेटेको छ। विनाकजै वर्णन चित्रण प्रत्यक्ष पात्रहरूबीच हुने संवादबाट कथानक अगाडि बढ्छ। कालिदास र रमादेवीकी छोरी 'माया' उमेर पुगेकी बिहे गर्ने बेला भएकी युवती हो। कालिदास केटो खोज्ने धुनमा लागेका छन्। तर माया अनायासै नै टोलकै मान्छे सुर्जेलाललाई सम्झन पुग्छे, जति नसम्झूँ भने पनि उसलाई सम्झनामा सुर्जेलाल आइहान्छ। अकोंतिर भविष्यको सोग्नेको कल्पनाले ऊ रोमाञ्चित पनि हुन्थी। कालिदास र रमाले छोरी सुर्जेलाल प्रति आकर्षित भएको, उनिहरूबीच कुराकानी भएको थाहा पाउँछन्, त्यसैले अतिसक्दो चाँडो के.बीरसँग बुद्धानीलकण्ठ लगेर मायाको बिहे गरिदिन्छन्। भौतिक रूपमा के.बीरसँग बिहे भए पनि मायाको मानसिकता भने सुर्जेलालप्रति नै समर्पित भएको उसको क्रियाकलापले देखिन आउँछ।

संक्षेपमा कथानक यही हो। उपन्यासमा घटनाक्रम अत्यन्त छिटो-छिटो अगाडि बढ्छ। अन्य सहायक पात्रहरू उपन्यासमा पर्याप्त छन् जस्तै-मायाको मामाको छोरो मोतिराम, फुपूको भदा विजय, साहिँला बाबुको छोरो राधा-कृष्ण, सबै मनोरोगी छन्, जसलाई अन्तर्द्वन्द्वकै रूपमा चित्र सकिन्छ। म पात्रले विदेशमा देखेभोगेका र अनुभव गरेका पीडाजन्य अनुभवहरू, रिमा र हरकुमारीसँग समदूरी राखेर निभाउनुपर्ने सहयोगी भूमिका, समाजबाट बच्नुपर्ने अपरिहार्यता एवं स्वजीविकोपार्जनको जटिलता उसका आफ्नै मनोद्वन्द्व हुन्। यिनका अतिरिक्त रसिदका माध्यमबाट हुन पुगेको अपराधमा उनको समेत अप्रत्यक्ष संलग्नता, रसिदको मृत्युको दायित्वबोध, डेरा सर्ने प्रसङ्गजस्ता कारणले म पात्र प्रशस्त अन्तर्द्वन्द्वमा जेलिएका छन्। हरकुमारी र रिमाले पनि बाह्य रूपमा समाजका अगाडि पतिव्रता बन्नुपर्ने/देखिनुपर्ने बाध्यता आन्तरिक रूपमा यौनचाहनाप्रतिको अभाव, पतिवियोग, पर पुरुषप्रतिको आकर्षणजस्ता अन्तःस्करणगत द्वन्द्वहरू फेल्न विवश छन्। कतिपय प्रसङ्गमा म पात्रसँगको रुवाइमा उनीहरूको अन्तःस्करण केही पखालिए पनि कुण्ठाग्रस्त हृदय भने पूर्णतया विरेचित हुन सकेको छैन। यसरी आन्तरिक एवं बाह्य परिवेशको सफल अङ्कनमा उपन्यासकार सक्षम देखिन्छन्।

भाषा-शैलीको कुरो गर्दा उपन्यासको भाषा सामान्य छ। दुर्बोध्य शब्दावली प्रयुक्त छैनन्। केही संस्कृत, केही हिन्दी र केही नेपाली उखानहरूको प्रयोग, तत्सम, तद्भव झर्रा एवं आगन्तुक शब्दहरूको मिश्रणमा उपन्यास सरल र सहज बनेको छ। शैलीमा कुनै नवीनता छैन। **बैरिनी घाट** जस्तो आञ्चलिक उपन्यासका छाप्टा भएर पनि यसमा स्थान, ध्वनि, भाषासाम्य देखाउन उनी असमर्थ छन्। लामा-लामा सात परिच्छेदभित्र प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुमा आफू रहेर तृतीय पुरुष शैलीमा अन्य केही प्रतिनिधि महिला पात्रहरूको चरित्र चित्रण गरेका छन्। उपन्यासकार प्रायः घटनाका द्रष्टा एवं भोक्ता बनेका छन् भने अन्य केही सहयोगी घटनाहरू अन्य स्रोतबाट जुटाएका छन्। जे होस् शैलीगत वैशिष्ट्य यस उपन्यासमा पाउन सकिँदैन।

उद्देश्यका कोणबाट रिमाभित्र प्रवेश गर्दा धुरै पक्षहरू पाउन सकिन्छ। नारी पुरुषका मनोभाव, एकाङ्गी जीवन व्यतीत गर्नुपर्दा उनीहरूमा पलाउने मनोभाव र विकृति, धार्मिक एवं प्रशासनिक झैझगडा, प्रवासी नेपालीहरूको जीवनस्तर र अवस्था, देखाउनु यस कृतिभित्रका महत्वपूर्ण उद्देश्य हुन्। हुन पनि युवावस्थाका प्रत्येक युवायुवतीमा आआफ्नै रूचि र चाहना हुन्छन्, ती एकअर्काले बुझ्न नसक्दा वैवाहिक सम्बन्ध सुमधुर हुन सक्दैन भन्ने भाव उपन्यासले स्पष्ट रूपमा अघि सारेको छ। रिमाजस्ता युवती विधवाहरूको जीवनगत जटिलता त्यति सहज छैन, सहाराबिना समाजले बक्रदृष्टि राख्ने, सहारा खोज्दा पनि बक्रदृष्टि राख्ने जस्ता समस्याहरूसँग जुझ्नु र आफ्नो पारिवारिक दायित्व आफै निभाउनुपर्ने एउटा उदाहरणीय चरित्र अघि सारिएको छ भने हरकुमारी मातृवात्सल्यबाट ठगिएकी पतिद्वारा पूर्ण समय नदिइएकी जागिरे पतिकी पत्नीका रूपमा प्रतिनिधि बनेर देखापरेकी छ। उपन्यासका एक मात्र सक्रिय पुरुष पात्र 'म' ले पनि परस्त्री सौन्दर्य र व्यहारमा रमाउने कन्याराशि प्रवृत्तिलाई प्रतिनिधित्व गरेका छन्। यिनका अतिरिक्त विदेशको बसाई स्वदेशको सम्झना जीवनगत जटिलताहरूको प्रस्तुतिजस्ता उद्देश्यमा उपन्यास पूर्णतया सक्षम बनेको छ।

समग्रमा रिमाको औपन्यासिक मूल्यलाई खोतन्दा के स्पष्ट हुन्छ भने नेपाली उपन्यास पर म्मरामा यो एक विशिष्ट प्राप्ति हो। नेपाल र नेपालीहरूको समाज नेपालभित्र मात्रै होइन नेपालबाहिर पनि छरिएको छ। त्यसैक्रममा बाराणसीमा बस्ने नेपाली जनमानस त्यहाँको रीतिरिवाज र जीवनपद्धतिलाई खोतन्दै मानवीय मनोभावको चिरफारमा उपन्यास केन्द्रित छ। मन्त्र राजुभाइले भिन्नाएको र विश्वेश्वरले विकसित तुल्याएको आधारमा मनोविज्ञानको प्रयोगलाई शङ्कर कोइरालाले पनि छोएका छन्। अतृप्त मनोभाव र चाहनाहरूले बाह्य सुन्दर परिवार भित्रभित्रै कसरी झमिरा लागेको हुन्छ भन्ने कुराको पुष्टि यहाँ भएको छ। सामाजिक विषयवस्तु र समाजभित्रकै चरित्रलाई टिपेर तिनलाई सार्वभौम समस्या तुल्याई कलात्मक संयोजन गर्ने कार्यमा उपन्यासकार सफल छन्। औपन्यासिक तत्वका आधारमा गरिएको माथिको विवेचनाबाट पनि यस कृतिको औपन्यासिक मूल्य स्पष्ट हुन्छ।

***

✍ भुवन ढुङ्गाना

लघु-उपन्यास : सन्तानको रहर

दायित्व पत्रिकाका सम्पादकले छनोट गरेर मलाई पढ्न दिनुभएको र केही लेखिदिन भनेर आग्रहसमेत गर्नुभएको, स्व.शङ्कर कोइरालाको लघुउपन्यास **सन्तानको रहर** भर्खरै पढिसिध्याएकी छु । लेख्न बस्दा कति कुराहरूले मस्तिष्कमा अतिक्रमण गरिरहेछन् सिलसिलाबद्ध केही सोचन सकिरहेकी छैन । सोचिरहेछु पहिले उपन्यासबारे लेखुँ वा उपन्यासका बारे, स्रष्टाबारे लेखुँ वा सृष्टिबारे । यी कुराहरू सोच्दासोच्दै मेरो आँखा अगाडि दुम्ली पातको, मयलपोस सुरुवाल लगाएर बाटोमा पेटीछेउ एकै केही गम्दै हिँडिरहेको सङ्कोची स्वभावको एउटा मान्छेसँग जम्काभेट हुँदा मधुरो स्वरमा केही सोध्न खोजिरहेझैं लागिरहेछ, बाह्य व्यक्तित्व देख्दा साँचो (टिपिकल) नेपाली निरीह प्राणीको प्रतिनिधित्व गर्ने त्यो व्यक्तिको अर्को नाम हो साहित्यकार, उपन्यासकार स्व.शङ्कर कोइराला ।

उपन्यास लेख्ने, अनवरत लेखिरहने नशामा डुबेका शङ्कर दाइले आफ्नो जीवनकालमै लगभग तीन दर्जन जति उपन्यास लेख्नुभयो होला । पाठक वा समालोचकले वहाँका उपन्यासहरूमा कतै सिपी भेटे होलान र कतै शङ्ख वा बालुवाका कणहरू । आकारमा छोटो भएर पनि वहाँको **बैरिगी घाट** जुन अङ्ग्रेजी भाषामा पनि अनूदित भएको छ निकै चर्चित रह्यो । महाकवि लक्ष्मी प्र. देवकोटाले कुनै बखत 'मुनामदन'बाहेक मेरा सबै कृतिहरू जलाइदिनु भनेका थिए रे ! त्यसो भनेर 'मुनामदन' पछि के उनको कलम रोकियो त ? स्रष्टाको कृतिको मूल्याङ्कन समालोचक र पाठकहरूबाट पनि हुने गर्दछ । यस अर्थमा स्व. शङ्कर कोइरालाको यो लघुउपन्यास **सन्तानको रहर** लाई तुलनात्मक रूपमा **बैरिगी घाट**को उत्कृष्टतासँग गर्न नसकिए तापनि यसको आफ्नै मौलिकता छ, सामाजिक दृष्टिकोणबाट महत्वपूर्ण छ ।

विषयवस्तु:

उपन्यासको विषयवस्तु मैले सोचेभन्दा फरक रहेछ । शीर्षक **सन्तानको रहर** पढ्ने बित्तिकै मलाई लागेको थियो यो कुनै नारीप्रधान उपन्यास हो, नारीको आमा हुने नैसर्गिक हक, अधिकार र इच्छाको कुरा हो, सुषुप्त कुनै यौन चाहनाको कुरा हो । मेरो सोचाइ विपरीत उपन्यासका मुख्य पात्र एकजना पण्डित बाजे रहेछन्, पण्डित नरहरी पौड्याल शास्त्री । उनको जीविका नै पुरेत्याई गरेर र सानीतिनी जागिरको भरमा चलेको रहेछ । ठूलो परिवारको बोझ धान्नपर्ने पण्डित बाजेलाई आफ्नो पुरेत्याई कनाबाट जजमानहरूलाई खुसी पार्नुपर्ने र खर्चको जोडो गरेर दिनानुदिनको समस्या टार्नुपर्ने उनको बाध्यता रहेछ । त्यसमाथि पण्डितबाजेकी धर्मपत्नी जो गर्भवती छिन् र उनले पाउने सन्तान रहरको नभएर बाध्यता भएको पनि उनीहरूबीचको संवाद र धरमा भइरहेका चार ओटा सन्तानबाट नै स्पष्ट हुन्छ । उपन्यासको प्रथम परिच्छेदमा पण्डितबाजेको नित्यकर्म नुहाउनु, पुजापाठ गर्नु, जजमानकहाँ जानु आदि इत्यादिबाट सुरु भएर पण्डित बाजेले बेहोर्नुपरेको आर्थिक समस्या र त्यसबाट आउने परिणाम बारे नै केन्द्रित रहेको छ । सात परिच्छेदमा विभाजित यो लघुउपन्यासले हाम्रो समाजमा विद्यमान कुरीति, संस्कार र त्यसमाथि एउटा परिवारमा सन्तान धेरै र आर्थिक स्थिति कमजोर भयो भने घरको मुख्यकर्ताको के हविगत हुन्छ भन्ने देखाउन खोजिएको छ । हाम्रो समाजमा विद्यमान प्रचलनअनुसार पुरेतले कर्मकाण्डका लागि घरघर धाउनुपर्ने, केटा र केटीको जोडी मिलाइदिन लगीको काम गर्ने, जजमानको चित्त बुझाएर आर्थिक स्रोत जुटाउनुपर्ने र त्यसबाट नै परिवार धान्नपर्ने पुरेतको जीवनशैलीको सजीव चित्रण गरिएको छ । पण्डित बाजेलाई परिवार नियोजन गर्नु सकारात्मक कुरो लागे तापनि लोकलाज र

मित्रभित्रै सुसेलिइरहेको पाइन्छ ।

शङ्कर कोइरालाले रचेको **प्रेम र सपना** कथासङ्ग्रहभित्रका कथाहरूको आकारप्रकारगत लम्बाइ मझौला प्रकारको देखा पर्छ र यसभित्रका कथाहरू दश मिनेटदेखि चालीस मिनेटसम्मका पढिसकिने देखिन्छन् । यस भित्रको **सर्पन** कथा दश मिनेटमै पढिसकिने लम्बाइको आयाममा पूर्ण भएको छ भने **प्रेम र सपना** चाहिँ चालीस मिनेट जतिमा पढिसकिने लम्बाइको आयामसम्म विस्तारित देखा पर्छ । यो दश-चालीस मिनेटका बीचको पढ्ने काल प्रत्येक कथाहरू एक छोटो बसाइमै पढिसकिने लघुकथाहरू नै हुन् ।

शङ्कर कोइरालाले **प्रेम र सपना** भित्रका कथाहरूमा जुन भाषाशैलीको प्रयोग गरेका छन् त्यो वर्णनात्मक र खासो किसिमको नै बढी देखिन्छ सौन्दर्यपूर्ण लालित्यको अन्तर्निवेश त्यसमा कमै भेटिन्छ । केही ठाउँमा यहाँ नेपाली उखान र टुक्काको सुन्दर प्रयोग उनले अवश्य गरेका छन् तर बढीभन्दा बढी तिनको प्रयोग गर्ने र अझ सार पूर्ण सूक्तिहरूको कथनसमेत गरी कथालाई बढी अलङ्कृत एवं कलात्मक पार्ने कौशल उनले उति देखाएका छैनन् । उनका यी कथाहरूको कथन तृतीय पुरुष पात्रहरूकै कोणबाट गरिएको छ र त्यस क्रममा: वर्णनात्मक प्रविधिका साथै संवाद, मनोवाद एवं पात्रका कथन ढाँचाको उपयोग गर्ने प्रवृत्ति पनि उनले यहाँ देखाएका छन् ।

समष्टिमा निचोड खिचेर हेर्दा **प्रेम र सपना**भित्र सङ्कलित कथाहरूमा शङ्कर कोइरालाले २०१९ साल र सोभन्दा अगिको नेपालको काठमाडौंली जीवनका डेरा र प्रेम (**प्रेम र सपना**) छरछिमेकीको खिचलो र बन्धुबान्धवका स्वार्थ (**पर्खाल**), सामन्ती स्वाद, पतिपत्नीका तनाव एवं सासुबुहारीको कलह (**गाथकी**) तथा कृषकका समस्या र खेतीपातीको तनाव (**सर्पन**) जस्ता व्यक्तिगत एवं सामाजिक कुराहरूका साथै काठमाडौं पूर्वको पहाडी जीवनका नारीका समस्या, षड्यन्त्रकारी स्वार्थीयुवकको ध्वंस, सज्जन साहसी युवाका समस्या र सामन्ती शासनको आतङ्क (जुनेली) जस्ता विभिन्न पक्षको कतै विस्तृत र कतै साङ्केतिक रेखाङ्कन निकै राम्रो गर्न सकेको देखिन्छ । उनका यी कथाहरूमा उत्कृष्ट कथाकलाका गुणहरू कमै रूपमा विद्यमान रहे पनि शीर्षकको पुष्टि, कथावस्तुगत कुतूहलता र साधारणीकरण, चरित्रचित्रणको प्रायः प्रतिनिधिमूलक, स्थिर, च्याप्टो एवं इन्द्रशील स्वरूप, सामन्ती सामाजिक परिवेशको सघन अङ्कन र मुख्यतः मनुष्यजीवनका बेदनामय उच्छ्वासको प्रायः प्रसार जस्ता गुण विद्यमान छन् । यी सबै कुराका समष्टि परिप्रेक्ष्यमा प्रेम र सपनाभित्रका कथाहरूमा कथाकार शङ्कर कोइरालाको मध्यमस्तरीय कथा कौशल प्रसारित रहेको छ भन्ने कुराको आकलन हुन आउँछ ।

***

२०५८ सालको बडादशैंले

सबैलाई शक्ति र क्रियाशीलता प्रदान गरोस् । दुर्गा भवानीले सबै नेपालीको रक्षा गरुन् । साथै लक्ष्मीले सबैको घरमा बास गरुन् । सबै नेपालीमा अविश्वास विश्वास समेतको शुभ-कामना ।

अहिले -

किसानहरूलाई बाफूले तिर्नसक्ने क्षतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ ।
- बैंक र किसान बीच बढी भेटघाट हुन सक्ने नयाँ व्यवस्था मिलाइएको छ ।
- बैंकिङ् कार्यालयहरू मार्फत् उत्पादनशील क्षेत्रमा जाने कर्जाहरूलाई प्रोत्साहित गरिएको छ ।
- ऋण र बचतलाई संगसँगै लैजाने नीतिलाई कोडदार रूपमा कार्यान्वयन गरिएको छ ।
- बैंकले २०५४ सालमा लागु गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो बनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागु गरी बैंकलाई दीर्घजीवी बनाउने प्रयत्न गरिएको छ ।

देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन कृषि विकास बैंकको कार्यहरूमा सहभागी होऔं ।

कृषि विकास बैंक

मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं ।

र सपना । त्यस्तै यस सङ्ग्रहमा परेका अरू चार कथाको शीर्षक एकल नामपदमा आधारित देखा पर्छ र तीमध्ये दुई कथा ('पर्खाल' र 'सर्पन') को शीर्षक जातिवाचक नामपदमा र दुई कथा ('जुनेली' र 'गायत्री') को शीर्षक स्त्रीलिङ्गी व्यक्तिवाचक नामपदमा आधारित देखा पर्छ । यसरी व्याकरणका दृष्टिले हेर्दा यसका नामपदावली र नामपदमा आधारित शीर्षकविधानबाट बुझिन आउने स्पष्ट कुरो के हो भने यस सङ्ग्रहका कथाहरू चरित्रप्रधान छन् । भाववाचक, जातिवाचक र व्यक्तिवाचक नामपदको केन्द्रीयता यहाँका कथाहरूमा छ र यसबाट मनुष्यका व्यक्ति चरित्रका साथै प्रतिनिधिमूलक चरित्र एवं मनोगत भावजगत्को चित्रण गर्ने कौशलसमेत कथाकार शङ्कर कोइरालाले यी कथाहरूमा देखाएको कुरो प्रष्ट हुन्छ । त्यस्तै उनका यी कथाहरूका शीर्षकहरूले पाठकीय जिज्ञासा सुरुमै पैदा गर्ने सामर्थ्य राखेकै पाइन्छ र यी कथाहरूलाई पढ्न थाली मध्यभाग हुँदै अन्त्य भागसम्म पुग्दा सुरुमा जागेको शीर्षकीय जिज्ञासा क्रमशः विकसित बन्दै गई कथावस्तुगत निश्चित समाधानका बिन्दुमा विश्रान्त पनि बन्न पुगेकै छ । यी कथाहरूमा प्रयुक्त विषयवस्तुका मूल समस्याकेन्द्र यिनकै शीर्षक रहेका छन् । यहाँ यी कथाका मूल विषयवस्तु र शीर्षकका बीच सोझो सम्बन्ध रहेकै हुनाले कथाकार शङ्कर कोइरालाको शीर्षकविधान सामञ्जस्यमूलक र सार्थक देखापर्छ ।

प्रस्तुत प्रेम र सपना भित्र सङ्कलित सबै कथाहरूको कथावस्तु निकै मसिनो-पातलो छ र चरित्रचित्रण एवं परिवेशचित्रणकै प्रधानता यी कथाहरूमा देखिन्छ । यी कथाहरूमा सामाजिक यथार्थ र यौनमनोविज्ञानको झलक दिने जुन कथावस्तुको उपयोग गरिएको छ, त्यो शुद्धनाद्ध र निकै कुतूहलमा पनि छ र अन्यथा यहाँ खडा गरिएका पात्रको चरित्रचित्रणमार्फत कथावस्तुगत साधारणीकरणको सामर्थ्य पनि प्रकट भएकै देखिन्छ । यी कथाहरूको थालनी आकस्मिक किसिमले भएको देखिए पनि त्यसपछि यी कथाहरूमा कथावस्तुगत विकास शृङ्खलाबद्ध रूपमा हुँदै गएको पाइन्छ र कथावस्तुगत मूल समस्यालाई निश्चित टुङ्गामा पुऱ्याई पाठकलाई आश्वस्त वा आश्चर्यचकित पुऱ्याइदिने कौशल शङ्कर कोइरालाले यहाँ देखाएका छन् । यी कथाहरू कथावस्तुगत मोटा घटनाको वर्णनभन्दा पात्रका व्यक्तित्व, आचरण, स्वभाव र मनोभावको उद्घाटनतर्फ विशेष रूपमा उन्मुख देखा पर्छन् । कथाविधाका अपेक्षाअनुरूप यी कथाहरूमा पात्रहरूको न्यून सङ्ख्याको नै उपस्थिति गराइएको पाइन्छ र ती पात्रहरूमध्ये प्रेम र सपना कथाका पात्रहरूमा वैयक्तिकता र अरू कथाका पात्रहरूमा चाहिँ वर्गीयता पाइन्छ । शङ्कर कोइरालाले आफ्नो वर्गीय प्रतिनिधिमूलक पात्रविधानभित्र सत्-असत् पात्रको सङ्घर्ष पनि देखाएका छन् र त्यसको यथार्थ अङ्कनमै चित्त बुझाउने अनि नैतिक समाधानतर्फ चासो नदिने प्रवृत्ति उनमा देखिन्छ । यसबाट उनी यथार्थवादी कथाकार नै हुन् भन्ने प्रष्ट हुन्छ । त्यस्तै उनले आफ्ना यी कथाहरूमा खडा गरेका पात्रहरू ज्यादा स्थिर र कम गतिशील देखा पर्छन् भने तिनमा अन्तर्मुखीपन र बहिर्मुखीपन प्रायः समान रूपमा विद्यमान देखिन्छन् अनि तिनको चरित्र ज्यादा गोलो-गहिरो नभई प्रायः सतही-ध्याप्टो नै रहेको पाइन्छ । उनको कथाका यी पात्रहरू २०१९ साल र सोभन्दा अगिको नेपालको मध्यभागको सहरिया र पूर्वीभागको ग्रामीण समाजबाट टिपिएका देखिन्छन् । यिनै पात्रहरूका चरित्रचित्रणमार्फत कथाकार कोइरालाले यहाँ सामन्तयुगीन नेपालका सहरिया तथा गाउँले जीवनका मनुष्यका कतिपय व्यक्तिगत एवं सामाजिक समस्याको रेखाङ्कन रोचक एवं मार्मिक ढङ्गले गर्न सकेको पाइन्छ । उनले आफ्ना यी कथाहरूमा उपर्युक्त किसिमको विषयवस्तु योजनामार्फत शृङ्गार, बीभत्स, वीर, भयानक र करुण रसको प्रभावकारी अभिव्यक्ति गरेको पाइन्छ भने यी रसहरूमध्ये पनि मुख्यतः उनले मनुष्यका विरह, तिरस्कार शोषण, दुर्भाग्य, पछौटेपनजस्ता भावदशाकै बढी अभिव्यक्ति गरी करुण रसतर्फको उन्मुखता देखाएका छन् । उनका यी कथाका पात्रहरूका जीवनमा कुनै न कुनै किसिमको सङ्कटको छाया परेकै देखिन्छ र मनुष्यजीवनको वेदनाबोध/पीडाबोध उनका यी कथाहरूमा

अन्धविश्वासको जालो त्यस बखत फाट्दछ जब उनकी श्रीमती गर्भावस्थामै प्राणत्याग गर्दछिन् । पण्डितजीलाई आफू युगअनुसार नहिँडेकामा, समयमै बुद्धि नपुऱ्याएकोमा गहिरो पश्चाताप हुन्छ र उपन्यासको अन्तिम भाग पनि उनको बिलौना र पश्चाताप् सँगसँगै टुङ्गिन्छ ।

उद्देश्य

आजभन्दा लगभग तीस वर्षअगाडि अर्थात् भाद्र २०३०, वर्ष ५ अङ्क २७ को परिवार पत्रिकामा प्रकाशित यो उपन्यास कुनै उद्देश्य प्राप्तिका लागि लेखिएको जस्तो लाग्दछ । यस अर्थमा यो एउटा प्रायोजित उपन्यास हो । धेरै सन्तान हुनेहरूले परिवार नियोजन गर्नुपर्दछ भन्ने तात्कालिक नारा वा जनचेतना जगाउनका लागि सहरिया पृष्ठभूमिमा निम्नमध्यमवर्गीय परिवारमा नियोजनको महत्त्व देखाउने उद्देश्यअनुरूप लेखकले यो विषय चयन गरेको बुझिन्छ । गहिरिएर हेर्दा एकातिर उपन्यासले परिवार नियोजनको वकालत गरेको छ भने अर्कातिर यो नगर्नुको परिणाम के हुँदो रहेछ भन्ने चेतावनी पनि दिएको छ । समग्रमा भन्ने हो भने यो उपन्यास परिवार नियोजनको सन्देश वाहकका रूपमा लिन सकिन्छ ।

महिला पात्रहरू

उपन्यासमा केही महिला पात्रहरू छन्, परिवार नियोजनबारे यिनीहरूको दृष्टिकोण पुरुष पात्रभन्दा बढी सकारात्मक देखिएको छ । मुख्य भूमिका पण्डितली बज्यैको छ , उनी परिवार नियोजनका सम्बन्धमा आफ्नो पण्डित लोग्नेभन्दा बढी प्रगतिशील देखिन्छन्, सानो परिवार, सुखी परिवारको महत्त्व उनले बुझेकी छिन् । बारम्बार दृष्टान्त दिएर उनी लोग्नेलाई परिवार नियोजन गर्नुपर्दछ भन्ने सन्साह दिन्छिन् । चेतनशील भइकन पनि पण्डितली बज्यै स्वयम् आफै नियोजन गर्ने काममा किन अग्रसर भइनन् त्यो अभिव्यक्ति भने उनका संवादहरूमा पाइँदैन । सन्तान जन्माउन उनी विवश देखिन्छिन् र अन्यथा गरिबी, कुपोषणका कारण नै गर्भको शिशु सँगसँगै उनको दुःखद मृत्यु हुन्छ । उपन्यासमा अर्की महिला पात्र छिन् प्रोफेसनी साहेब, जो एक शिक्षित प्रोफेसरकी श्रीमती भए तापनि उमेर ढल्कँदै गएकी आफ्नी छोरी कन्याणीको भार बिसाउन चार पाँच सन्तानका बाबु रणध्वज कार्की जसको पहिली पत्नीको मृत्यु भइसकेको छ उनैसँग आफ्नी छोरीको विवाह गर्न तम्सिन्छिन् । कन्याणीको नामन्जुरीमा विवाह हुन पाउँदैन । यो सब तारतम्य मिलाउने पण्डित बाजे पनि चिकित्सक पर्दछन्, उनको काम आफ्ना जजमानलाई विवाह गराउन केटी जुराउनु थियो , नारीले नारीमाथि नै शोषण गर्ने प्रवृत्ति प्रोफेसनी साहेबको देखिन्छ । असहाय, अशक्त पण्डितली बज्यैलाई धर्मका नाममा श्राद्धका दिन घरायसी काममा जोताएर उनैले शोषण गरेकी छिन् यस्तो परिपाटी धार्मिक कर्मकाण्डमा अहिले पनि चली नै रहेको छ । उपन्यासकारबाट बढो सूक्ष्म ढङ्गले महिला पात्रहरूको स्वभाव, आचरण, आनीबानीबारे सजीव चित्रण गरिएको छ, मध्यमवर्गीय समाजको नारी-मनोविज्ञानलाई उपन्यासका नारी पात्रहरूबाट राम्रो ढङ्गले प्रस्तुत गरिएको छ ।

निष्कर्ष

यो लघुउपन्यास **सन्तानको रहर** पढिसकेपछि र यसबारे माथि धेरबहुत लेखिसकेपछि पनि एउटा प्रश्न बारम्बार मेरा मनमा उम्लिरहेको छ, त्यो हो म पाठकले यसबाट के पाएँ त ? यसमा मैले पाएको एउटै कुरा छ त्यो हो मौलिकता । उपन्यासमा जुन मौलिकता छ, जुन विषयवस्तु छ त्यो अहिले पनि गाउँघरमा विद्यमान छ । समयले फड्को मारे तापनि, कोइरालाले यो उपन्यास लेखेको तीस वर्ष बितिसक्दा पनि, विषयवस्तु भनें ज्यूँदो नै छ, पण्डितली बज्यै गाउँघरभरि नै रहेका छन, पण्डित बाजे परिवार नियोजनबाट त्रसित नै छन । शिक्षा र अज्ञानताको खाडल झन्झन् गहिरिँदो छ । कसले पढिदेला, पढाइदेला यो लघुउपन्यास गाउँघरमा ? विषयवस्तुबाहेक सरल, सहज, बोलीचालीको भाषाशैली यो उपन्यासको अर्को विशेषता हो । साहित्यमा परोक्ष वा प्रत्यक्ष रूपमा साहित्यकारको अनुभव, मनोदशा व्यक्त गरिएको हुन्छ । यस उपन्यासमा पनि त्यस बखतका शङ्कर दाइ लेखनीका भरमा, सानोतिनो जागिरले परिवार धान्नुपर्ने, छोराछोरीको शिक्षादिक्षा लालनपालनमा परिवारको मुख्य कर्ता अर्थात् उपन्यासका पात्र पण्डित नरहरि पौड्यालको जस्तै अवस्था भोग्नुपरेको कटु सत्य स्व. शङ्कर कोइरालालाई नजिकैबाट चिन्ने जोसुकैले पनि सम्झन सक्छ, यो उपन्यास त्यस बखतका सङ्घर्षशील लेखक

शङ्कर कोइराला जस्तै आम नेपाली मान्छे र नेपाली समाजका लागि लेखिएको हो, पत्रिकामा छपाएर पारिश्रमिक पाउने उद्देश्यका लागि मात्र लेखिएको होइन, यद्यपि यो तीतो सत्य र विडम्बना साहित्यकारहरूबीच आइले पनि उस्तै छ जुन तीस वर्ष अगाडि थियो । उपन्यासमा संक्षेपमा सूचना दिनु शङ्कर कोइरालाको शैली हो जुन कुरा यो लघुउपन्यास **सन्तानको रहर** मा पनि पाइन्छ । उपन्यासकारको उद्देश्य समाज, जीवनको वास्तविकता जस्ताको त्यस्तै देखाइदिनु हो । उपन्यास **सन्तानको रहर**मा जे छ सरलता छ, परम्परालाई सामाजिक रीतिथितिलाई रोचक पारामा प्रस्तुत गरिएको छ । मध्यमवर्गीय परिवार र पात्रहरूको सजीव चित्रण गर्न पोख्त स्व. शङ्कर कोइरालाको यो लघुउपन्यास सन्तानको रहर आफ्नै खालको विशेषता बोकेको समय सापेक्ष लेखिएको उपन्यास हुनुका साथै जनसङ्ख्या वृद्धि रोक्न परिवार नियोजनले महत्त्वपूर्ण भूमिका खेलेर्भै उपन्यासका माध्यमबाट जनमानसमा नियोजनसम्बन्धी जनचेतना जगाउनका लागि यो उपन्यास सन्देशवाहकका रूपमा सशक्त माध्यम हुन सक्छ, उपन्यासलाई नाटकीय मञ्चन गरेर पनि गाउँघरमा परिवार नियोजनसम्बन्धी जनचेतना फैलाउनमा महत्त्वपूर्ण विषयवस्तुका रूपमा लिन सकिन्छ ।

स्रष्टा उपन्यासकार र उपन्यासवाहक व्यक्ति विशेषका बारेमा भन्नुपर्दा शङ्करदाइको सम्झना आउँछ । सभा, समारोहमा त्यति नदेखिनु हुने शङ्कर दाइ आपसी भेटघाट र छलफलका क्रममा साहित्य सम्बन्धी कुनै दावीविरोध गर्नु हुन्थ्यो । यद्यपि विदेशी साहित्यको अध्ययन भने बढीले निकैनै गर्नुहुन्थ्यो भन्ने कुरा बढीसँग कुराकानी गर्दा थाहा हुन्थ्यो । कर्म गर्दै जाउ फलको आशा नराख भन्ने धारणाका स्व. शङ्कर कोइराला जति दिन बाँच्नु भयो लेखेर नै बाँच्नुभयो । जस्तोसुकै परिस्थितिमा पनि लेखकमा लेख्ने जिजीविषा कति प्रबल हुँदो रहेछ भन्ने लेखकका रूपमा उदाहरणीय स्व. शङ्कर कोइराला आफ्ना कृतिहरूसहित साहित्यिक जगत्मा सँधै नै बाँची नै रहनु हुनेछ, बढीको कृति **बैरिगी घाट** पढेपछिको मेरो विश्वास हो, सन्देशवाहक उपन्यास सन्तानको रहर पढेपछिको धारणा हो ।

★★★

विजयादशमी तथा शुभ-दीपावली
२०५८ को सुखद् उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्ग एवं
शुभेच्छुकहरूमा हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

लुम्बिनी चिनी कारखाना
लिमिटेड
सुनवल, नवलपरासी

विजया दशमी तथा
दीपावली २०५८ को
सुखद् उपलक्ष्यमा
हार्दिक मङ्गलमय
शुभकामना ।

एभरेष्ट इन्स्योरेन्स
कम्पनी लिमिटेड
सिद्धि भवन, कान्तिपथ
काठमाडौं, नेपाल

विषयवस्तुका रूपमा उपयोग गरिएको छ । काठमाडौं उपत्यकाली समाजलाई विषयवस्तु बनाई रचिएका उपर्युक्त कथाहरूमा त्यहाँका सहरोन्मुख जीवनपद्धति र अर्द्धसहरिया वातावरणको सङ्केत मिल्छ ।

ती कथाहरूमध्ये 'पर्खाल' कथामा अर्द्धसहर काठमाडौंका छरछिमेकीका समस्या, छरछिमेकी नारीहरूमध्ये छुच्ची नारी र सोभ्की नारीका बीचका द्वन्द्व र छुच्ची नारीको उग्ररूप, असहाय विधवा नारीका बन्धुबान्धवको स्वार्थीपन, मुहामिलाका कुराकानी र' आखिर सहरिया छुच्चीपनाकै जितबाजी भएको जस्तो देखाई काठमाडौंली समाजका अर्द्धसहरियापनको यथार्थ चित्र उतारिएको छ । त्यस्तै 'गायत्री' कथामा चाहिँ अर्द्धसहर काठमाडौंको आर्थिक दृष्टिले ओहालो लागिरहेको जस्तो भान पर्ने उच्चवर्गीय पारिवारिकताका साथै ससुराबुहारीका द्वन्द्व र झडप, ससुराबुहारीका आआफ्ना अहम्, बुहारीका विद्रोह एवं विवशता र असहायपनजस्ता कुराको यथार्थ चित्रण पाइनाका साथै काठमाडौं तथा कठिकुँठका स्थानीय वातावरणको सङ्केत पनि मिल्छ । **सर्पन** कथामा चाहिँ काठमाडौं उपत्यकामा परम्परागत कृषिव्यवसाय अपनाई त्यसैमा निर्भर रहेको र आधुनिक कृषिपणाली अपनाउन सबने चेतनास्तरमा पुग्न नसकेको कृषक-जीवनको यथार्थलाई मार्मिकरूपमा प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहको शीर्षक नै बन्न पुगेको जुन **प्रेम र सपना** कथा छ त्यो सामाजिक यथार्थ विषयवस्तुको उपयोगतर्फ उन्मुख नदेखिए पनि त्यसको स्थानगत परिवेशचाहिँ काठमाडौं उपत्यका नै रहेको पाइन्छ । यसरी प्रस्तुत कथासङ्ग्रहका पाँच कथामध्ये चारवटा कथाहरूको विषयवस्तुगत सेरोफेरो नेपालको राजधानी सहर (त्यतिबेला अर्द्धसहर) काठमाडौंकै स्थानीय सामाजिक, सांस्कृतिक र आर्थिक धरातलमै अडेको देखिन्छ र त्यस धरातलमा सामन्ती सभ्यताको पीडाग्रस्त समाजका निरीह पात्रहरूको उपस्थिति नै बढी मात्रामा रहेको पाइन्छ । यस कथासङ्ग्रहमा नेपालका पूर्वी पहाडी भेगतर्फ चियाएर लेखिएको जुन **जुनेली** कथा छ त्यसमा त्यहाँका स्थानीय जात्रामेलातर्फको सङ्केत दिइनाका साथै मुख्यतः गाउँमा बढ्दो गुन्ड्याई र असहाय नारीका बैसालु चेलीबेटीका असुरक्षा, प्रजातन्त्र विरोधी सामन्ती शासनका गुप्तचरी र धरपकड, न्यायप्रेमी युवकका नैतिक चेत, गाउँले गुन्ड्याईका षड्यन्त्रपरक चालबाजी, ग्रामीण मुद्दा मामिला र न्यायपक्षी सङ्घर्षशीलता, व्यक्तिका नैतिक अहम् र कामवृत्तिका बीचको द्वन्द्व आदिको मार्मिक चित्र गरिएको छ अनि अन्त्यमा राजाको वा सरकारी मानो ठान्ने कर्मचारीहरूका मनोवृत्तिमाथि मार्मिको व्यङ्ग्य गर्ने चेष्टा पनि यहाँ प्रभावकारी किसिमले नै प्रकट भएको छ । यसरी हेर्दा यस सङ्ग्रहका कथाहरूमा काठमाडौं उपत्यकाका अर्द्धसहरिया समाजका र नेपालको पूर्वीपहाडी समाजका छरछिमेकीका समस्याका साथै नारीवर्ग, युवकवर्ग र किसानवर्गका समस्याहरूको पनि मार्मिक चित्रण गरिएको पाइन्छ अनि यी समस्याहरूको मूल जड्चाहिँ परम्परागत सामन्ती सामाजिक, आर्थिक ढाँचा र त्यसबाट निर्देशित जनविरोधी अप्रजातान्त्रिक दमकारी शासनपद्धति नै हो भन्ने कुराको व्यञ्जन पनि हुन गएको भेटिन्छ । नेपालका सहरोन्मुख जीवन र ग्राम्यजीवनका बिचै प्रसङ्गको व्याप्ति यस सङ्ग्रहका कथाहरूमा भेटिए पनि **प्रेम र सपना** शीर्षकको कथामा चाहिँ पात्रका यौनमनोविज्ञान विज्ञान र स्वप्नमनोविज्ञानको उद्घाटन गर्ने प्रारम्भिक चेष्टा गरिएको छ अनि कामवृत्ति (इड) मूलक यौनआकर्षण, यौनसंसर्ग र यौनविभ्रमसमेतको रोचक भए पनि तिलस्मी पाराको चित्रण गरिएको हुँदा सो कथा अस्वाभाविक र अपत्यारिलो किसिमको नै रहन पुगेको छ । यसबाट कथाकार शङ्कर कोइराला सामाजिक विषयवस्तुको उपयोग गरिएका कथामा प्रायः सशक्त रूपमा नै प्रकट हुने तर मनोवैज्ञानिक विषयवस्तुको चित्रणमा उनको कथाकला लड्खडाएको अवस्थामा नै रहन पुगेको भेटिनेजस्तो निष्कर्ष प्राप्त हुन आउँछ ।

यस प्रेम र सपना कथासङ्ग्रहभित्रका कथाहरूको शीर्षक हेर्दा व्याकरणका दृष्टिले ती नामप्रधान देखिन्छन् । यसमा सङ्कलित पाँच कथाहरूमध्ये एक कथाको शीर्षक भाववाचक नामपदावलीमा आधारित देखा पर्छ र त्यो हो- प्रेम

✍ डा. महादेव अवस्थी

'प्रेम र सपना' भित्रका कथाकार शङ्कर कोइराला

आधुनिक नेपाली आख्यानका क्षेत्रमा आफ्ना अनेक कृतिमार्फत् प्रचुर सृजनशीलता देखाई स्वतन्त्र पहिचानका साथ आफ्नो उपस्थिति जनाउने एक प्रतिभा हुन् - शङ्कर कोइराला (जीवनकाल वि.सं.१९८७-२०६४)। उनले साढे ६ दशकभन्दा केही लामो आफ्नो जीवनकालमा अरू विभिन्न कार्यहरूसँगै प्रचुर लेखनकार्य पनि गरे र उनका लेखनको मुख्य क्षेत्र भने आख्यानक्षेत्र नै रह्यो। उनले साहित्यिक आख्यानका उपन्यास र कथाजस्ता दुवै उपविधामा आफ्नो सृजनशीलता देखाएका छन् अनि उनी खास गरी एक उपन्यासकारकै रूपमा नेपाली साहित्यका क्षेत्रमा बढी परिचित छन्। उनले आफ्नो जीवनकालमा अरू साहित्यिक कृतिहरूसँगै रचेका दुई कथासङ्ग्रहमध्येको एक कथासङ्ग्रह **प्रेम र सपना** हो र यहाँ यसै कथासङ्ग्रहमा प्रकटित उनका कथाकारिताको सर्वेक्षण गर्ने प्रयास गरिएको छ।

प्रेम र सपना शङ्कर कोइरालाले लेखेका पाँचवटा कथाहरूको सँगालोका रूपमा देखा पर्छ र यसको प्रथम प्रकाशन २०१९ सालमा भएको देखिन्छ। यस सँगालोमा उनका यी पाँच कथाहरू सङ्कलित देखा पर्छन् - **प्रेम र सपना, पर्खाल, जुनेली, गायत्री** र **सर्पन**। उनका यी कथाहरू २०१९ सालमा प्रकाशित भइसकेको देखिने हुनाले यिनको रचनाकाल पनि २०१९ साल वा सोभन्दा अगिको समय नै हो। यी कथाहरूमा नेपालको काठमाडौं उपत्यकाका डेराबासका प्रेमका साथै डेराबास, छिमेकी र किसानका समस्या अनि काठमाडौं र त्यस वरपरको काँठकुँठका सासू बुहारीका द्वन्द्व एवं समस्याजस्ता जनजीवनको केही झलक दिने क्रममा राजाविरोधी गतिविधिमाथि दमन गर्न चलाइएको जुन दमन-आतङ्कसमेतको सङ्केत दिइएको छ, त्यसका समष्टि परिप्रेक्ष्यमा विचार गर्दा यी कथाहरू २०१७ सालमा नेपालमा राजनैतिक परिवर्तन भएपछिको सामन्त शासनकालीन रचना नै ठहर्छन्। यी कथाहरू पढ्दा यिनमा ती व्यक्तिगत, पारिवारिक एवं सामाजिक समस्याहरूको अङ्कन गरिएको पाइन्छ जुन अर्द्धसहरीकरण, पुरातन कृषिपणालीमाथिकै निर्भरता, नारीवर्गले बेहोर्नुपरेका कुदृष्टि एवं दमन अनि सत्ताका चाटुकार का पङ्क्तन्त्र र दमन, आतङ्कसमेतका समष्टिद्वारा सामन्तकालीन सामाजिक, आर्थिक र राजनैतिक ढाँचाको प्रतिबिम्बका रूपमा प्रस्तुत हुन आएका छन्। यस सङ्ग्रहका कथाहरूमा केही मात्रामा जुन यौनमनोविज्ञानको छनक पाइन्छ त्यो पनि नारीलाई भोग्य वस्तु ठान्ने सामन्ती मानसिकताकै द्योतक भनेको छ। अतः यस सङ्ग्रहमा सङ्कलित सबै कथाहरू नेपालको काठमाडौं उपत्यका र काँठकुँठ एवं पूर्वी नेपालका पहाडी भेगको समाजका त्यस सान्तकालीन केही पक्षको सूचना दिन सक्षम छन् जुन मुख्यतः २०१९ साल वरपर र सोभन्दा अगिको कालावधिसँग नै जोडिएका छन्।

प्रेम र सपना कथासङ्ग्रहका पाँच कथाहरूमध्ये **प्रेम र सपना** बाहेक अरू चार कथाहरूमा मुख्यतः सामाजिक यथार्थको अङ्कन पाइन्छ। ती चार कथाहरूमध्ये **पर्खाल** र **सर्पन** कथाहरूमा काठमाडौं उपत्यकाली समाजका कतिपय यथार्थ परिवेशलाई विषयवस्तु बनाइएको छ भने 'जुनेली' कथामा चाहिँ काठमाडौं उपत्यका पूर्वको नेपाली पहाडी समाजको एउटा अंशलाई

✍ भोला रेग्मी

'जनतालाई बकस: भोक, रोग र सकस'मा व्यङ्ग्यचेतना

ढकरप्रसाद कोइरालाका रूपमा वि.सं.१९८७ कार्तिकमा सिन्धुलीमा जन्मेका शङ्कर कोइराला नेपाली साहित्यको फाँटमा नौलो नाम होइन। अत्यन्त धेरै उपन्यास लेखेर पनि खासै सफल बन्न नसकेका शङ्कर कोइरालालाई नेपाली उपन्यासजगत्का अभागी स्रष्टाभन्दा अत्युक्ति नहोला। उपन्यासकार शङ्कर कोइरालालाई उपन्यासकारका रूपमा चिनाउने कृति **बैरिनी घाट** (२०१८) नै हो र यसपछि उनले शङ्कर कोइरालाका नामबाट दर्जनौं सङ्ख्यामा उपन्यास, कथासङ्ग्रह र नाटकहरू लेखेका छन् भने अझबाटे कान्छा उपनामबाट पनि जासुसी उपन्यासहरू लेखेका छन्। ग्रामीण र निम्नवर्गीय सहरिया जनजीवनलाई विषयवस्तु बनाई सामाजिक विसङ्गति, विकृति, शोषण र अन्यायलाई प्रस्तुत गर्ने उपन्यासकार कोइरालाका कृतिहरूको विस्तृत खोज-अनुसन्धान गर्नुपर्ने देखिन्छ।

जनतालाई बकस: भोक, रोग र सकस (२०५२) उपन्यासकार स्वयम्बाट प्रकाशित उपन्यास हो। लेखक स्वयम्ले यसलाई हास्यव्यङ्ग्यात्मक उपन्यासको नामकरण गरेका छन्। मातृकाप्रसाद कोइरालाबाट लेखिएको भूमिका पढ्दा उपन्यासको स्तरीयतामा वास्तविकतामन्दा बढी आशावादी भइए तापनि उपन्यास पढिसकतासम्म पनि यसमा कतै पनि हास्यतत्त्वको उपस्थिति फेला पर्दैन तर व्यङ्ग्यात्मक अभिव्यक्ति भने उपन्यासभरि छरपुष्ट छ। त्यसैले यसलाई हास्यव्यङ्ग्यात्मक उपन्यास भन्नुभन्दा पनि व्यङ्ग्यात्मक उपन्यास भन्नु बढी युक्तिसङ्गत देखिन्छ।

प्रस्तुत उपन्यास देशमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएको एक दशकको अवधिमा राजनैतिक र सामाजिक क्षेत्रमा देखिएका विकृतिमा केन्द्रित छ। अझ भन्नुपर्दा यो पूर्णतः नेपालका पार्टीहरू, निर्वाचन प्रक्रिया र त्यसबाट उत्पन्न विकृतिमा केन्द्रित छ। बहुदलीय प्रजातन्त्रमा पार्टीहरू राष्ट्र र प्रजातन्त्रप्रति पूर्ण इमान्दार हुनुपर्छ। चुनाव निष्पक्ष र धाँधलीरहित हुनुपर्छ तर बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि नेपालका राजनैतिक दलहरू र तिनका नेताहरूमा यो इमान्दारिता देखा परेको छैन। जसले गर्दा राष्ट्र राजनैतिक, सामाजिक र आर्थिक सबै कोणबाट कमजोर र अन्योलग्रस्त बन्न पुगेको छ। राजनैतिक दलहरू इमान्दार नबन्नाले चुनावप्रक्रिया पनि स्वतः प्रभावित बनेको छ। त्यसैले सामान्य जनताको जीवनस्तर माथि उठ्नुको सट्टा झनझन् गिर्दै गइरहेको छ। नेताहरू इमान्दारी र राजनैतिक प्रतिबद्धताका आधारमा भन्दा बढी शक्ति र सम्पत्तिका आडमा चुनाव जितिरहेका छन्। यही विकृतिमाथिको व्यङ्ग्य हो, प्रस्तुत उपन्यास-**जनतालाई बकस : भोक, रोग र सकस**।

यस उपन्यासको 'म' पात्र उर्फ बालकराम 'बारा' आफै एउटा व्यङ्ग्यात्मक पात्र हो। सहरी परिवेशमा बाँचेको बालकराम वा 'म' पात्रको आर्थिक अवस्था कमजोर छ। आम्दानीको कुनै दीरलो स्रोत नभएकाले ऊ चारखालअगाडि बसेर लेखनदासको काम गर्दै ग्राहकहरू कुर्छ। कसैका अगाडि मनसुन गर्न नजाने वा नजान्ने 'म' पात्र आफ्नै बहिनीज्वाईं गुरुबीर खड्का गृहमन्त्री हुँदा पनि उ सँग केही माग्न जाँदैन। आफ्नै स्वाभिमानमा बाँचेको छु भन्ने अहम् बोके पनि 'म' पात्र वास्तवमा स्वाभिमानी बनेर बाँच्न सकेको

छैन । ऊ दरिलो आम्दानीको स्रोत फेला पार्न नसकेको हीनताबोध बोकेर बाँचिरहेको छ। उसकी पत्नी सर्वोरीसँग सँधै डराइरहने र आफ्नै बालछौरी वा बालसखाठि 'आजाद नेपाली' पार्टीको अध्यक्ष सुखवीरको शानशौकत देखेर उसलाई नचिन्ने, थोरै रुपियाँका लागि आफ्नो स्वाभिमान बेचेर कविता लेखिदिने तथा पाँचहजार रुपियाँका लागि आफ्नो मताधिकार बेच्न तयार हुने 'म' पात्रले आफूलाई स्वाभिमानी भनेर आफैमाथि व्यङ्ग्य प्रहार गरिरहेको छ।

उपन्यासको थालनी रेडियो र टेलिभिजनबाट चुनावका बेलामा प्रसारित भइरहने 'भोट हाल्न जानुहोस् आफ्नो सरकार आफै छान्नुहोस्' भन्ने गीति नाराका साथ सुरु हुन्छ। 'म' पात्र सरकार र पार्टीहरूलाई बेचा ठान्दछ र चुनावलाई बेचा छान्ने कार्य मान्दछ। त्यसैले उक्त गीति नारालाई भोट हाल्न जानुहोस् आफ्नो बेचा आफै छान्नुहोस्' भन्ने प्यारोडी बनाउँछ। देशमा च्याउ उम्रेझैं स्थापना भइरहेका नयाँनयाँ पार्टीहरू देखेर ऊ खिन्न छ। ऊ नेताहरूलाई यमदूत मान्दछ र चुनावअघि वा चुनावपछि गोली खानुपर्ने जनताको बाध्यताप्रति पनि निकै चिन्तित छ। देशले अहिले उपभोग गरिरहेको स्वतन्त्रतालाई उसले विकृति मान्छ किनकि देशमा मार्ग, काट्ग, लुट्ग, ठग्ग, चोलीबेटी फकाउन-भगाउन, बेच्न, कमाउन जतातत्र सबै स्वतन्त्र भएको र शान्तिसुरक्षा नभएकोमा ऊ सन्तुष्ट छैन। नैतिकता नभएका नेताहरूप्रति पनि ऊ निकै आक्रामक छ। उसकाँ भोट मान्न सर्वप्रथम ध्रुवु चुनावचिन्ह लिएर उसकै बहिनीज्वाई गुरुवीर खड्का आउँछ। यहाँ चुनावचिन्ह ध्रुवु राखिनु र उसको बहिनीज्वाई पूर्वगृहमन्त्री हुनुमा व्यङ्ग्यात्मक तालमेल छ। ध्रुवु शिकार वा जनहत्याको व्यङ्ग्यात्मक प्रतीक हो।

नैतिकताले सफा गर्न नसकेको नेपाली समाजलाई सफा गर्न 'क्रान्तिकारी समाज निर्माण पार्टी' को जीतकुमार डिटर्जेन्ट टिकिया चुनावचिन्ह लिएर मत माग्न आउँछ। उसले त्यही चुनावचिन्हका माध्यमबाट समाज धुन चाहन्छ। चुनावमा जतातत्र धाँधली र अशान्ति छ। शक्ति र सम्पत्ति हुनैहरू त्यसकै दुरुपयोगबाट चुनाव जित्न चाहन्छन्। यी सबै कुराबाट खिन्न बनेको 'म' पात्र दिक्क बन्दै गीत लेख्छ-

जता जाऊ बनभरि बाँसुरीको धुन
मनको बेथा पोख्नलाई ठाउँ छैन रुन।
(पृ.१६)

त्यस्तै 'म' पात्रमा चुनाव जितेर सरकार बनाउनेहरूप्रति पनि तीव्र वितृष्णा छ। मीठा-मीठा नारा र प्रलोभनका भरमा चुनाव जितेर सरकार बनाउने र त्यसपछि बेवास्ता गर्ने नेताहरु र पार्टीहरूप्रति उसको असन्तुष्टि यसरी पोखिन्छ-

सरकार भन्ने जन्तु सधैं भोट खान्छ चारो
गिद्ध हो वा स्याल हो त्यो छुट्याउनै गाह्रो।
(पृ.१७)

यस उपन्यासको 'म' पात्रले भोगेको दयनीय जीवन भोगाइ वास्तवमै विगत एक दशकका आम नेपालीहरूले भोग्नुपरेको यथार्थ हो। पीडा र असन्तुष्टि पोख्ने नागरिक शासकका दृष्टिमा प्रजातन्त्रविरोधी ठानिन्छ। पाएको बाक् र लेखन स्वतन्त्रताको पनि सही उपयोग छैन। असन्तुष्टि प्रकट नगरून् भने पनि जनता आफ्नो जीवनस्तर सुधारिनुको सट्टा झन् गिर्दै गइरहेको अनुभूतिभित्र उकुमुकुस भइरहेका छन्। नेताहरूको चरम अवरसरवादी प्रवृत्तिले पनि जनतामा घोर निराशा छाएको छ। देशमा व्याप्त हत्या, आतङ्क, मानवाधिकारको हनन्, पदलोलुपता, नैतिकहीनता, भ्रष्टाचार, विकृतिजस्ता कुराले जनता अन्यौल र अराजकताको शिकार बनिरहेका छन्। यही अवस्थाको चित्रण गर्दै उपन्यासकार भन्छन्- 'हत्या गरेर मार्दा मार्ने हत्यारालाई कुनै दोष अपराध लाग्दैन किनकि जनताले हत्या गर्न नै पठाएका आफ्नो भोट हाली सरकार छानी बन्दुक आफैंतिर सोझ्याएका थिए।' (पृ.३१)

नेताहरूको चरित्रपतन पनि चरमबिन्दुमा पुगेको छ। त्यसैलाई व्यङ्ग्य गर्दै उपन्यासकारले विदेशले एड (AID) का रूपमा एड्स (AIDS) दिएका व्यङ्ग्योक्ति प्रस्तुत गरेका छन्। पवकरिताको क्षेत्रमा आचारसंहिताको पालना नहुनु, प्रहरी प्रशासनमा पनि जिम्मेवारी र इमान्दारीबाट पन्छिने रोग लाग्नु, शिक्षक, प्राध्यापकजस्ता शिक्षितवर्गले पनि आफ्नो ज्ञान र विवेकलाई व्यक्तिगत स्वार्थान्धतातिर धकेल्नु र व्यक्तिव्यक्तिका बीचको वा अझ भन्नुपर्दा पति-पत्नीका बीच नै विश्वासको सङ्कट पैदा हुनुबाट जनता साँहै निराश भएर भगवत्शरणमा जानुपरेको यथार्थ सत्य उपन्यासमा प्रकट भएको छ।

धन र शक्तिको प्रयोगबाट चुनावमा विजय प्राप्त गर्ने र गर्न नसक्नेहरू जीत र हारपछि पनि दङ्गाफसाद गरेर जनतालाई अत्याइरहेका छन्। यसैको अभिव्यक्ति उपन्यासकार यसरी गर्छन्।

'भोट हाल्न जानुहोस्
बुझमुढा आफै सानुहोस्' (पृ.४७)

यसरी देशमा एक दशकभन्दा पनि कम समयमा राजनीतिक, आर्थिक, सामाजिक र बौद्धिक क्षेत्रमा आएको चरम पतन र ह्रासलाई विषयवस्तु बनाएर लेखिएको जनतालाई बकसः भोक, रोग र सकस उपन्यासको मूल सन्देश समाजसुधार रहेको छ। हास्यव्यङ्ग्यात्मक उपन्यास भनिए पनि उपन्यासमा हास्य तत्त्व अत्यन्त कमजोर छ भने व्यङ्ग्यको भाषा पनि उत्कृष्ट छैन। यसको सर्वाधिक कमजोर पक्ष भनेको भाषा र शैलीशिल्प नै हो। वर्णविन्यासगत कमजोरीबाहेक उपन्यासको भाषा पनि स्वभाविक नभएर अड्कने र खिर्सिराउँदो खालको छ। व्यङ्ग्यात्मक प्रस्तुतिका लागि उत्कृष्ट मानिने लाक्षणिक र व्यञ्जनात्मक अभिव्यक्तिभन्दा सोझो र नेताहरूकै भाषणजस्तो प्रत्यक्ष अभिव्यक्तिले उपन्यासको साहित्यिक मूल्य खस्काएको छ। यस उपन्यासभित्र हामी बैरिनी घाटका राङ्गर कोइराला भेट्दैनौं वह भाषा, शैली र अभिव्यक्तिमा सर्वरिएका कुनै सिकारु लेखक फेला पार्छौं। जुन क्षेत्रबाट विषयवस्तु टिपिएको छ त्यो अत्यन्त सान्दर्भिक छ तर त्यो विषयवस्तुको उचित समायोजनको अभावले उपन्यास स्तरहीन बन्न पुगेको छ। सामान्यतः उपन्यासकार साहित्यिक रचनाले खारिँदै जाँदा उनको शिल्पमा पनि स्वतः निखार आउनुपर्ने हो तर राङ्गर कोइरालाका हकमा भने यो सिद्धान्त लागू भएको देखिँदैन।

उपन्यास लघु आकारको छ। जम्मा ४९ पृष्ठको उपन्यासको आकार र शिल्प दुवै पक्ष हेर्दा उपन्यासकारले गुणात्मक कृतिको रचनाभन्दा पनि सङ्ख्यात्मकरूपमा कृतिहरू थुपार्ने लोभ गरेझैं लाग्छ। राङ्गर कोइराला सिर्जनशील साहित्यकार को नाम हो तर उनका बैरिनी घाटबाहेक अन्य कृतिहरूमा उनको सिर्जनशीलता गुणात्मकभन्दा बढी सङ्ख्यात्मक दिशातिर गएको आभास हुन्छ। जेहोस् राङ्गर कोइरालाले नेपाली साहित्यमा आफ्नो क्षेत्रबाट आफ्ना कृतिहरूको ईंटा थपी महत्त्वपूर्ण उचाइ दिएका छन् र उनले नेपाली साहित्यको श्रीवृद्धिमा दिएको यो योगदानको उच्च मूल्याङ्कन गर्नुपर्छ।

***

वित्तीय सहयोगका लागि बैंक तथा वित्तीय संस्थाहरू

Himalayan Bank Limited

Standard & Chartered

NEPAL DEVELOPMENT BANK LIMITED

Nepal Bangladesh Bank Ltd

अति अति बचत गरौं, त्यही बचत बैंकमा राख्दा ठुकक होइन्छ, सांवा छुट्टै ब्याज फल्छ।

बैंक प्रवर्द्धन समिति
नेपाल राष्ट्र बैंक